Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लि.

## बैंक समाचार

# ५१औं वर्ष प्रवेश विशेषाङ्क



Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लि.

# विविध गतिविधिहरू



नवनियुक्त प्रमुख कार्यकारी अधिकृत अनिलकुमार उपाध्यायको सपथ ग्रहण तथा पदबहाली






CICTAB Program, 2018



बैंकद्वारा संरक्षित माइतीघर मण्डला

बैंक समाचार
वर्ष ४३, अंक ४, २०७५ माघ

## कृषि विकास बैंक लि.

# ५२औं वर्ष प्रवेश विशेषाङ्क

हामी ५२औं वर्षमा प्रवेश गरेका छौं । यस घडीसम्म आइपुग्न आ-आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याउनुहुने समस्त ग्राहक वर्ग, कर्जाग्राही, शेयरधनी महानुभावहरू, नेपाल राष्ट्र बैंक एवं नियामक निकायहरू, नेपाल सरकार, एसियाली विकास बैंक लगायत सबै शुभेच्छुकहरूमा हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा अझ स्तरीय सेवा दिने प्रण गर्दछौं ।


ADBL
सरल
कृषि कर्जा
कृषि कार्य गर्नुस् हाम्रो भरमा खुसियाली छाउँछ तपाईंको घरमा
रू. १० लाखसम्म
सहज कर्जा प्रक्रिया
न्यूनतम ब्याजदर
नविकरण गर्न सकिने
नेपालको समृद्धिको सुरुवात अब कृषिबाट ...
Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लि.
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था)
www.adbl.gov.np
तपाईं हाम्रो घरआँगनको बैंक
SWIFT : ADBLNPKA

प्रधानमन्त्री

काठमाडौं, नेपाल



# शुभकामना

कृषि विकास बैंक आफ्नो स्थापनाको ५२औं बर्षमा प्रवेश गर्न लागेको सुखद् अवसरमा समस्त बैंक परिवार लगायत सम्वद्ध सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

ग्रामीण इलाकादेखि शहर बजारसम्म बृहत्तर रुपमा आम-जनसमूदायलाई सम्पूर्ण बैंकिङ्ग सेवा उपलब्ध गराउने लक्ष्यका साथ अग्रसर कृषि विकास बैंकले बैंकिङ्ग व्यवसायको माध्यमबाट देशको आन्तरिक स्रोत परिचालन गर्ने कार्यमा अहम् भूमिका निर्वाह गर्दै आएको छ । नेपालको कृषि क्षेत्रको विकासका साथै समग्र वित्तीय क्षेत्रको विस्तारका लागि यस बैंकले पुऱ्याउँदै आएको योगदान प्रशंसनीय छ ।

बैंकले नेपाल सरकारद्वारा सञ्चालन भइरहेका आर्थिक गतिविधिको विकास एवं विस्तारका लागि उपलब्ध गराईदै आएको अनुदान सहितको सहुलियतपूर्ण कर्जालाई आगामी दिनमा पनि उत्पादनशील क्षेत्रमा अझ प्रभावकारी रुपमा प्रवाह गर्दै लैजाने छ भन्ने विश्वास लिएको छु । आमजनताका लागि वित्तीय पहुँचको सुनिश्चितता गर्दै यस बैंकले अन्य बाणिज्य बैंकहरूसँग प्रतिस्पर्धा गरी क्षमता अभिवृद्धि गर्दै सूचना प्रविधिको माध्यमबाट सेवा विस्तार गर्ने कार्यमा अग्रणी भूमिका खेल्नेछ भन्ने कुरामा पनि म विश्वस्त छु ।

अन्त्यमा, आगामी दिनमा बैंकले अझ प्रभावकारी रूपमा निक्षेप परिचालन गर्दै उत्पादन मूलक क्षेत्रमा कर्जा प्रवाह गरी गुणस्तरीय एवं विश्वसनीय सेवा प्रवाह गर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु । वित्तीय अनुशासनको पालना गर्दै रोजगारी सिर्जना, गरिबी निवारण र ग्रामीण क्षेत्रका विपन्न वर्गको उत्थान गर्ने कार्यमा बैंकले सफलता प्राप्त गर्दै जाओस् भन्ने कामना गर्दछु । आफूलाई सर्वसाधारणको घर आँगनको बैंकका रुपमा चिनाउँदै आएको कृषि विकास बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

१ माघ, २०७५

के. पी. शर्मा ओली

नेपाल सरकार

# अर्थ मन्त्रालय


डा. युवराज खतिवडा

अर्थ मन्त्री

सिंहदरबार, काठमाडौं

नेपाल


नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं



## शुभकामना

नेपालको ग्रामीण क्षेत्रको बचत परिचालन, कर्जा प्रवाह र वित्तीय पहुँच अभिवृद्धि गर्दै कृषि तथा ग्रामीण विकासको लागि वित्तीय सेवा सहज बनाउने महत्वपूर्ण उद्देश्यका साथ स्थापना भएको कृषि विकास बैङ्क लिमिटेड ५१औं वर्ष पुरा गरी ५२औं वर्षमा प्रवेशको सुखद् अवसरमा बैङ्क व्यवस्थापन, कर्मचारी, सेवाग्राही तथा सबै सरोकारवालाहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

यस बीच विकास बैङ्कको रुपमा रहेको यस बैङ्कले आफ्नो कार्यक्षेत्रको दायरा विस्तार गरी एक पूर्ण क्षमताको वाणिज्य बैङ्कको रुपमा समेत यो बैङ्क रूपान्तरण भइसकेको छ। तथापि, नेपालको कृषि क्षेत्रमा वित्तीय सेवा प्रवाह गर्ने कार्यमा यो बैङ्क अझै अग्रस्थानमा रहेको मुलुकको ग्रामीण अर्थतन्त्रलाई वित्तीय सेवाका माध्यमबाट गतिशील तुल्याउन र ग्रामीण-शहरी आवद्धता विकास गर्न बैङ्कको ग्रामीण र शहरी दुवै क्षेत्रमा सन्तुलित उपस्थिति महत्वपूर्ण रहेको छ। यसको बाबजुद पनि कृषि क्षेत्रलाई आधुनिकीकरण, व्यवसायिकरण, यान्त्रिकरण गरी आधारभूत खाद्यान्नमा छिटै आत्मनिर्भर हुन र पाँच वर्षमा कृषि क्षेत्रको उत्पादन दोब्बर पार्न कृषि क्षेत्रमा लगानी बढाउनु अझै आवश्यक देखिएको छ।

यस बैङ्कको कृषि तथा ग्रामीण क्षेत्रको लगानी विस्तारमा संस्थागत विशेष अनुभव र क्षमता रहेको सन्दर्भमा बैङ्कले आफ्नो व्यवसायिक क्षमता अभिवृद्धि गर्दै कृषि क्षेत्रमा कर्जा विस्तारको लागि विगतमा झै अग्रणी भूमिका निर्वाह गर्नु आवश्यक देखिएको छ। आगामी दिनमा बैङ्कले संस्थागत सुदृढीकरण, आधुनिक प्रविधियुक्त ग्राहक सेवाको विस्तार र व्यवसायिक दक्षता अभिवृद्धि गर्दै उत्पादनमुखी कर्जा विस्तार सहितको वित्तीय पहुँच अभिवृद्धिमा महत्वपूर्ण स्थान रहने विश्वासका साथ बैङ्कको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु ।

२०७५।१०।०७ गते सोमबार

डा. युवराज खतिवडा

अर्थ मन्त्री

गभर्नर
Governor

# नेपाल राष्ट्र बैंक
# NEPAL RASTRA BANK

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
Central Office
Baluwatar, Kathmandu



## शुभ-कामना

**कृषि विकास बैंक लिमिटेड** ४१ वर्ष पुरा गरी ४२ वर्षमा प्रवेश गरेको अवसरमा यस बैंकलाई आजको अवस्थासम्म ल्याई पुऱ्याउन आ-आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याउनुहुने समस्त ग्राहक वर्ग, शेयरधनी, व्यवस्थापन एवम् कर्मचारी वर्ग लगायत सरोकारवाला सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

देशको आर्थिक एवम् वित्तीय क्षेत्रको विकासमा बैंकले पुऱ्याएको योगदानलाई स्मरण गर्दै कृषि एवम् ग्रामीण क्षेत्रको विकासका निमित्त वित्तीय सेवा उपलब्ध गराउने मुख्य उद्देश्य लिई स्थापना भएको बैंकले हालको बैंकिङ्ग क्षेत्रको प्रतिस्पर्धामा आफूलाई बाणिज्य बैंकको रूपमा समेत सबल बनाउँदै उद्योग, बाणिज्य क्षेत्रमा पनि प्रतिस्पर्धात्मक रूपमा वित्तीय सेवा प्रवाह गर्दै आएकोमा यस बैंकलाई धन्यवाद दिन चाहन्छु । यस बैंकले मुलुकभित्र रोजगारी वृद्धिमा सघाउ पुग्ने खालका उत्पादनशील क्षेत्रमा कर्जा विस्तार गर्नेतर्फ अग्रसर भई मुलुकको आर्थिक विकासमा थप योगदान गर्दै जानेछ भन्ने विश्वास लिएको छु ।

यस बैंकले हासिल गरेको प्रगति र अनुभवलाई बैंकको हीतमा अधिकतम् परिचालन गर्दै आउँदा दिनमा संस्थागत सुशासन मार्फत बैंकको अवस्था मजबुत बनाउन, गुणस्तरीय वित्तीय सेवा प्रवाह गर्न, वित्तीय पहुँच बढाउन र समग्र वित्तीय स्थायित्व हासिल गर्नेतर्फ बैंकको काम कारवाही प्रभावकारी रूपमा अगाडी बढ्दै जाऊन् भन्ने शुभेच्छा व्यक्त गर्दछु ।

(डा. चिरंजीबि नेपाल)

नेपाल सरकार

# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:-
च. नं.:-



## शुभकामना

कृषि विकास बैंक लि.ले आफ्नो सेवाको ५२औं वर्ष प्रवेश गर्न लागेको उपलक्ष्यमा सम्बन्धित सबैमा हार्दिक बधाईसहित शुभकामना दिन चाहन्छु।

नेपालको कृषि क्षेत्रलाई वित्तीय सहयोग गर्ने उद्देश्यसहित स्थापना भएको यस बैंकले कृषि क्षेत्रको विकास र विस्तारमा सहयोग पुऱ्याउनुका साथै वर्तमान सन्दर्भमा वाणिज्य बैंकले प्रदान गर्ने सबै किसिमका सेवा दिन थालेको छ। नेपाल सरकारको नीति र कार्यक्रमलाई प्राथमिकतामा राखी आफ्नो जिम्मेवारीलाई प्रभावकारी एवं कुशलतापूर्वक सम्पन्न गर्नु पर्छ। प्रतिस्पर्धात्मक वजारमा दक्ष जनशक्ति र उत्कृष्ट सेवालाई आफ्नो लक्ष्य बनाई सूचना प्रविधिको प्रयोग, वित्तीय क्षेत्रमा अवलम्वन गरिएका सफल अभ्यास र वित्तीय औजारहरुको माध्यमबाट जनतालाई वढी भन्दा वढी सेवा उपलब्ध गराउन अग्रसर हुनुपर्छ। आम जनतालाई वित्तीय पहुँच पुऱ्याउदै कार्यसम्पादन र सेवा प्रवाहमा खरो प्रतिस्पर्धा गर्ने बैंकको रुपमा स्थापित हुनेछ भन्ने विश्वास लिएको छु।

अन्त्यमा, बैंकले उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धि गरी संस्थागत सुशासन कायम राख्दै बैंकिङ्ग सेवामा ग्राहकको सन्तुष्टी प्रति जिम्मेवार र जवाफदेही रुपमा अग्रणी भूमिका निर्वाह गर्नेछ भन्ने विश्वास राख्दै बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

पौष, २०७५

(राजन खनाल)
सचिव

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, स.स.म. ४२११९९३, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.बि.म. ४२११८२६, अनुगमन तथा मू.म. ४२००४१८, कानून तथा प.म. ४२११८१३, वि.क्षे.व्य.म. ४२११७७०



# सञ्चालक समितिका अध्यक्षको शुभकामना

कृषि विकास बैंक लि. ५१ वर्ष पूरा गरी ५२ वर्षमा प्रवेश गरेको सुखद अवसरमा हाम्रा समस्त ग्राहक वर्ग, शुभचिन्तक र सम्बन्धित सबैमा यो शुभकामना सन्देश दिने अवसर पाएकोमा म अत्यन्त गौरवान्वित भएको छु ।

बहुसंख्यक जनता दुर्गम ग्रामीण इलाकामा बसोबास गर्ने कृषि पेसामा आश्रित भएको कारण यो वर्ग र पेसाको संरक्षण र सम्वर्द्धन नभएसम्म देश विकासले पूर्णता नपाउने यथार्थलाई दृष्टिगत गरी यस क्षेत्र र यसमा संलग्न कृषक, उद्यमीहरूको आर्थिक समुन्नति गर्न आवश्यक पर्ने पुँजी र प्रविधि उपलब्ध गराउने उद्देश्यले २०२४ साल माघ ७ गते यो बैंकको स्थापना भएको कुरा सबैलाई जानकारी भएको विषय हो ।

सहरी क्षेत्रमा रहेको पुँजी संकलन गरी ग्रामीण, कृषि, उद्योग र अन्य वर्गलाई उनीहरूको आर्थिक र सामाजिक विकासका लागि आवश्यक पुँजी व्यवस्थापन गर्न २०४० सालमा नेपालमै पहिलो पटक कम्प्युटर प्रविधिबाट बैंकिङ्ग सेवा सुरूआत गरेको श्रेय पनि यही बैंकलाई नै छ । सुरूआतका दिनमा कृषि, उद्योग र सहकारी संस्थामा लगानी गरे तापनि हाल आएर ग्राहकका आवश्यकता र मागलाई ध्यानमा राखी सबै प्रकारका आधुनिक प्रविधि प्रणालीयुक्त वैकिग सेवा प्रदान गर्ने गरेको छ । आफ्ना २७० भन्दा बढी शाखाहरूबाट सहरी एवं ग्रामीण क्षेत्रमा छरिएर रहेको पुँजी संकलन गरी एकातिर आम नागरिकलाई बैंकिङ्ग सेवा प्रदान गरेको छ भने अर्कोतिर संकलित रकम लाखौं कृषक, उद्यमीहरूलाई लगानी गरी उनीहरू र देशको आर्थिक विकासमा महत्वपूर्ण योगदान दिँदै आएको छ । अति विपन्न वर्गको आर्थिक एवं सामाजिक विकासका लागि साना किसान विकास कार्यक्रम सफलतापूर्वक संचालन गरी सोही कार्याक्रमलाई निरन्तरता र प्रभावकारी ढंगबाट सञ्चालन गर्न साना किसान विकास बैंक स्थापना गर्न अहम् भूमिका निर्वाह गरेको छ भने विश्वव्यापी आर्थिक मन्दीका बेलामा पनि आन्तरिक सुधार कार्यक्रम संचालन गरी बैंकलाई सुदृढ गरेको कुरा यहाँनेर उल्लेख गर्नु सान्दर्भिक ठान्दछु ।

बैंकलाई आज यो अवस्थामा ल्याई पुऱ्याउने हाम्रा समस्त ग्राहक, शेयरहोल्डर, शुभचिन्तक, नेपाल सरकार, दातृ संगठन, पूर्व एवं वर्तमान संचालकज्यूहरू र संलग्न कर्मचारीहरूप्रति आभार व्यक्त गर्दै भविष्यमा पनि यस्तै प्रकारका सहयोग र सद्भावको अपेक्षा गरेको छु । अन्तमा बैंकभित्र रहेका केही कमी कमजोरीहरूलाई सुधार गर्दै आगामी दिनमा छिटो छरितो, भरपर्दो र स्तरीय सेवा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गर्दै यस बैंक र यसमा आबद्ध सबैको उत्तरोत्तर प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।



..............................

**क्षेत्रबहादुर सेंजुवाल**

अध्यक्ष

सञ्चालक समिति

कृषि विकास बैंक लिमिटेड

# प्रमुख कार्यकारी अधिकृतको प्रतिवद्धता



कृषि विकास बैंक लि. ५१ वर्ष पूरा गरी ५२ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा बैंकका समस्त ग्राहक वर्ग, शेयरधनीहरू, नेपाल सरकार, दातृ निकाय, कर्मचारी वर्ग, शुभेच्छुक तथा शुभचिन्तक महानुभावहरूमा हार्दिक आभार एवं शुभकामना व्यक्त गर्दछु ।

तत्कालिन समयमा अर्थात् आजका दिन देशमा कृषि क्षेत्रको माध्यमद्वारा समग्र देशको विकास गर्ने उद्देश्यले स्थापना भएको यस बैंकले एकातर्फ देशका दूर दराजमा रहेका जनतासमक्ष वित्तीय पहुँच विस्तार गर्दै उद्यमशीलताको विकास गरी उनीहरूको आर्थिक स्थितिमा सुधारमार्फत् देशको अर्थतन्त्रमा महत्वपूर्ण योगदान दिँदै आएको छ भने अर्को तर्फ वाणिज्य बैकिङ्ग कारोवारका अतिरिक्त अन्य आधुनिक बैंकिङ्ग सेवा सुविधाहरू सर्वसाधारणको घर दैलोमा पुऱ्याउने र उनीहरूलाई कुनै न कुनै रूपमा बैंकसँग आबद्ध गर्दै ग्राहक वर्गहरूलाई आफ्नै घर आँगनको बैंकको अनुभूति दिन सहरी एवं ग्रामीण क्षेत्रमा छरिएर रहेका यस बैंकका सम्पूर्ण कार्यसञ्जालमार्फत् पुँजी संकलन गर्दै आम नागरिकलाई बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ । यसरी संकलित रकम लाखौं लाख कृषक, उद्यमीहरूलाई लगानी गर्ने मात्र नभई कृषि व्यवसायसँग सम्वन्धित व्यावहारिक ज्ञान, सीप एवं सुझावहरू समेत उनीहरूलाई प्रदान गर्दै कृषिमा व्यावसायिकरण गर्न विशेष योगदान दिँदै आइरहेको छ । पछिल्लो समयमा यस बैंकले अत्याधुनिक प्रविधियुक्त सम्पूर्ण बैंकिङ्ग सेवाका अतिरिक्त नेपाल सरकारको प्राथमिकतामा रहेका क्षेत्र तथा पिछडिएको वर्गलाई लक्षित गरी ल्याइएको कार्यक्रमहरूमा समेत आफ्नो भूमिका प्रभावकारी रूपमा विस्तार गर्दै लगेको छ ।

ग्राहकको सन्तुष्टी एवं शेयरधनीको हितलाई सर्वोपरी महत्व दिएको यस बैंकले गुणस्तरयुक्त सेवा प्रदान गरी आफ्ना ग्राहकहरू लगायत समस्त शेयरधनीहरूको विश्वास जित्न सफल भएको छ । यस ऐतिहासिक घडीमा बैंकले आफ्नो दूरदृष्टि, ध्येय, उद्देश्य एवं दीर्घकालीन लक्ष्यहरूलाई आत्मसात गर्दै उपलब्ध श्रोत र साधनहरूको अधिकतम परिचालन गरी बढीभन्दा बढी ग्राहकहरू समक्ष भरपर्दो बैंकिङ्ग सेवा प्रदान गर्ने कार्यमा निरन्तर रूपमा अघि बढ्दै जानेछ । आर्थिक विकासका तीनवटा महत्वपूर्ण स्तम्भहरू सरकार, निजी क्षेत्र तथा सहकारी क्षेत्रसँग समेत आवश्यक समन्वय र सहकार्य गर्दै दिगो तथा आर्थिक विकासका लागि वातावरण अनुकूल कार्यक्रममा जोड दिई रोजगारमूलक कृषि परियोजना विस्तार एवं उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह गर्न बैंक सधैं तत्पर रहनेछ भने अन्तर्राष्ट्रिय स्तरको उत्तम बैंकिङ्ग अभ्यास एवं संस्थागत सुशासनका सिद्धान्तहरूलाई पूर्ण पालना गरी संघियता कार्यान्वयनलाई सहजीकरण गर्दै समृद्धि हासिल गर्ने कार्यमा आफ्ना संगठनात्मक संरचना एवं कारोवार विस्तारलाई थप फराकिलो बनाउँदै लगिनेछ ।

कृषिको विकास तथा व्यावसायीकरण, गरिबी निवारण तथा वित्तीय पहुँच विस्तार गरी आर्थिक समृद्धि हासिल गर्ने एवं वाणिज्य बैंकिङ्ग कारोवारलाई अझ फराकिलो र गुणस्तरीय सेवा प्रवाहमा थप अभिवृद्धि गर्ने कार्यमा सदाझैं सवैको सहयोग प्राप्तहुनेछ भन्ने विश्वासका साथ विस्तारित एवं सघन तथा दिगो बैकिङ्ग सेवा प्रदान गर्दै नियमनहरूको परिपालनाका साथै सामाजिक अभिमुखीकरणसहितको बैंकको रूपमा आम नेपाली जनतामाझ अग्रणी बैंक बनाउने प्रतिवद्धता व्यक्त गर्दछु । साथै सरकारले उद्घोष गरेको यस समृद्ध नेपाल सुखी नेपालीलाई वित्तीय क्षेत्रबाट साकार पार्न हामी कृतसंकल्पित रहेको व्यहोरा पनि निवेदन गर्न चाहन्छु ।

..............................

**अनिलकुमार उपाध्याय**
प्रमुख कार्यकारी अधिकृत
कृषि विकास बैंक लिमिटेड

# कृषि विकास बैंक लि.

## सञ्चालक समिति



क्षेत्र बहादुर सेंजुवाल
अध्यक्ष



विष्णुप्रसाद नेपाल
सञ्चालक
प्रतिनिधि– नेपाल सरकार



डा. योगेन्द्रकुमार कार्की
सञ्चालक
प्रतिनिधि– नेपाल सरकार



डा. इन्दिरा श्रेष्ठ (मास्के)
स्वतन्त्र सञ्चालक



मनोज बस्नेत
सञ्चालक
सर्वसाधारण



गोविन्दप्रसाद भट्टराई
सञ्चालक
सर्वसाधारण



घनश्याम अवस्थी
सञ्चालक
सर्वसाधारण



निर्मलप्रसाद उपाध्याय
कम्पनी सचिव

# कृषि विकास बैंक लि.
## बैंक समाचार

# ५२औं वर्ष प्रवेश विशेषाङ्क

**सम्पादन समिति**
दीर्घबहादुर अर्याल (अध्यक्ष)
निकु आचार्य (सदस्य)
दीपकप्रसाद लेखक (सदस्य)

**कार्यकारी सम्पादक**
शान्ता सुवेदी

**प्रेस सल्लाहकार**
पुरू रिसाल

**तस्बिर**
तारानाथ न्यौपाने

कृषि विकास बैंक लि., मुख्य कार्यालय, सामान्य सेवा विभागका लागि
सूचना तथा प्रकाशन शाखाद्वारा प्रकाशित तथा वितरित

कृषि विकास बैंक लि. को छापाखानामा मुद्रित

यसमा प्रकाशित सामग्रीहरू लेखकका निजी विचार हुन् ।

# सम्पादकीय

कृषि विकास बैंक लिमिटेडले आफ्ना आदरणीय ग्राहकहरूको उत्कृष्ट सेवा गर्दै ५२ वर्षमा प्रवेश गरेको छ । प्रारम्भमा कृषि र कृषकमा आधारित सेवालाई मूल उद्देश्य मानी स्थापना भएको यस बैंकले देशका कुना कन्दरासम्म पुगी आम जनताको मन जित्न सफलता प्राप्त गरेको थियो भने अहिले समयसापेक्ष वाणिज्य बैंकको रूपमा परिवर्तन गरी सबभन्दा बढी कार्यालय र शेयरहोल्डरयुक्त 'क' वर्गको बैंकको रूपमा उल्लेखनीय सेवा प्रदान गर्दै आएको छ । सरकारको नीति तथा प्राथमिकतालाई आत्मसात गर्दै नेपाल राष्ट्र बैंक लगायत अन्य नियामक निकायका निर्देशन पालना गर्दै कृषिको व्यावसायीकरण, यान्त्रीकरण र औद्योकीकरण गरी राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएको छ । दुर्गम क्षेत्रका सीमान्तकृत वर्गमा पुगी सरल तथा सुलभ वित्तीय सेवा प्रदान गरी जीवनस्तर उकास्न खेलेको भूमिकालाई उल्लेखनीय रूपमा अंगीकार गरिएको छ ।

आफ्नो व्यावसायिक योजनालाई मुख्य आधार मानी सबै क्षेत्रमा बैंकको पहुँच पुऱ्याई सघन बैंकिङ्, दीगो बैंकिङ् र प्रुडेन्ट बैंकिङ्का साथै सामाजिक अभिमुखीकरणसहितको आफ्नो सेवालाई आधारभूत सिद्धान्तको रूपमा लिएर अघि बढेको छ । ग्राहकहरूको चाहना र मागअनुसार उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनका साथै आधुनिक प्रविधिको उचित उपयोग गरी थप सेवा प्रदान गर्दै आएको छ ।

यस बैंकले आफ्नो क्षमता दक्षताको अधिकतम उपयोग गरी सबैभन्दा बढी अधिकृत पुँजी, सबैभन्दा धेरै शेयरधनी, सबैभन्दा धेरै शाखा सञ्जाल भएकोले प्राप्त उपलब्धी बैंकका शेयरधनीहरूलाई उपलब्ध गराउँदै आएको नगद लाभांश, बोनस शेयर, हकप्रद शेयर आदिले स्पष्ट पारेको छ । बैंकले खेलेको भूमिकाले राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुऱ्याएको छ भने संस्थागत सामाजिक उत्तरदायित्व निर्वाहमा पनि बैंक अग्रणी रहेको छ । सबभन्दा महत्वपूर्ण पक्ष आफ्ना ग्राहकहरूलाई सन्तुष्ट राख्नु पर्ने विषयमा बैंक अगाडि नै छ ।

५१ वर्षको परिपक्व सेवामा थप योगदान पुऱ्याउने नियामक निकायहरू, शेयरधनी महानुभावहरू, ग्राहक वर्ग, दातृ निकाय, नेपाल राष्ट्र बैंक, बैंक संचालक समिति, क्रियाशील युनियनहरू र कर्मचारीहरूको योगदान उल्लेखनीय एवं अविस्मरणीय रहेको छ । यसका लागि सबैमा आभार व्यक्त गरिन्छ ।

देशले नयाँ राजनीतिक परिवेशमा आफूलाई अग्रगति दिने बाटोमा लागेकोमा बैंकका तर्फबाट सम्भवतः  सहयोग पुऱ्याउने वचनबद्धताका साथै अझ सक्रिय, स्तरीय र उल्लेखनीय सेवा प्रदान गर्दै जाने प्रतिवद्धता व्यक्त गर्दछौं । ●

# विषयसूची


| सि.नं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १. | समृद्धिको यात्राः गति र गन्तव्य<br>*-प्रा.डा.चन्द्रमणि अधिकारी* | १ |
| २. | आर्थिक विकासमा वित्तीय क्षेत्रको भूमिका र वित्तीय स्थायित्वको प्रसंग<br>-नारायण प्रसाद पौडेल | ७ |
| ३. | बैंक कर्जा व्यवहारका निर्धारक तत्वहरू<br>-नीलम तिम्सिना | १० |
| ४. | समग्र गुणस्तर व्यवस्थापन एवं गुणात्मक परिधिको क्षेत्र र बैंकिङ्ग व्यवसाय<br>-प्रताप सुवेदी | १५ |
| ५. | अर्थतन्त्रका तीन खम्बाः कृषि, पर्यटन र जलविद्युत<br>-प्रा.डा. बिकाश राज सत्याल | १८ |
| ६. | नेपालमा वैदेशिक रोजगारको अवस्था तथा यसको प्रभाव<br>-डा. गम्भीर बहादुर हाडा | २२ |
| ७. | लघुवित्त क्षेत्रको आगामी दशक : ध्यान दिनुपर्ने केही महत्वपूर्ण पक्षहरू<br>-कृष्ण प्रधान | ३० |
| ८. | वित्तीय संघीयताको परिवेशमा सार्वजनिक वित्त व्यवस्थापन<br>-दामोदर रेग्मी | ३५ |
| ९. | नेपालका वाणिज्य बैंकहरूमा कर्मचारी व्यवस्थापन : एक वहस<br>-गुरुप्रसाद पौडेल | ४३ |
| १०. | नेपालको बैंकिङ्ग क्षेत्रको जोखिम न्यूनीकरणमा वासेल-३ को सान्दर्भिकता<br>-राजनविक्रम थापा | ४७ |
| ११. | कृषि उत्पादन बढाउन वित्तीय क्षेत्रको भूमिका मात्रै अपर्याप्त : एक चर्चा<br>-दिपेन्द्र कुमार ऐर | ५४ |
| १२. | मौद्रिक नीति (Monetary Policy)<br>-यज्ञ प्रकाश न्यौपाने | ५८ |
| १३. | कृषि विकास बैंक लि. का आर्थिक, प्रशासनिक र व्यवस्थापकीय चुनौती तथा समाधान<br>-दीर्घबहादुर अर्याल | ६३ |

| सि.नं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १४. | कृषि विकास बैंकमा इलेक्ट्रोनिक चेक क्लियरिङ्ग र इन्टरबैंक पेमेण्ट सिस्टम<br>-सुशिल हुमागाई | ६८ |
| १५. | व्यवसाय सञ्चालन कार्यक्रम तथा व्यवस्थापन<br>-गोपाल रेग्मी | ७३ |
| १६. | कृषि विकास बैंकको काम कार्वाही र मुलुकी देवानी (संहिता) ऐन २०७४ : एक छलफल<br>-पोषणराज लामिछाने | ७५ |
| १७. | शीतघर व्यवसायको विस्तारमा कृषि विकास बैंक लि.<br>-विजय राज पोखरेल | ७९ |
| १८. | सम्पत्ति शुद्धीकरण निवारण प्रणाली र मूल्यांकन आधार<br>-हरिकुमार नेपाल | ८१ |
| १९. | सुशासन तथा संस्थागत उत्तरदायित्व<br>-हिमलाल पौडेल | ८७ |
| २०. | आर्थिक प्रणालीमा बैंकिङ्ग क्षेत्रको बहु-आयामिक प्रभाव<br>-सुरोज टण्डन | ९४ |
| २१. | नेपालमा बैंकिङ्ग कसूरः नीतिगत व्यवस्था<br>-काशीनाथ भट्टराई | १०१ |
| २२. | बजेटको परिभाषा, विशेषता र यसका प्रकारहरु<br>-भोला नेपाल | १०५ |
| २३. | कृषि विकास बैंक लि. मा साना तथा लघुउद्यम विकास कार्यक्रम<br>-प्रेम प्रसाद खनाल | ११० |
| २४. | बढ्दो प्रौढ जनसंख्याः बढ्दो आर्थिक भार<br>-पुरू रिसाल | ११३ |
| २५. | आप्रवासी आयले धानेको अर्थतन्त्र<br>-गजेन्द्र बुढाथोकी | ११६ |
| २६. | राजस्व परिचालनका समस्याहरु<br>-सुकदेव भट्टराई खत्री | १२१ |
| २७. | कृषिको पुनरूत्थानमा व्यावहारिक विमर्श आवश्यक<br>-रत्न प्रजापति | १२४ |
| २८. | तरलता संकट र कर्जा प्रवाहका प्रगतिशील क्षेत्र<br>-रिसव गौतम | १२९ |

| सि.नं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| २९. | ऐतिहासिक परिवेश र अर्थतन्त्रमा प्रभाव<br>-जुनारबाबु बस्नेत | १३१ |
| ३०. | ग्राहक संरक्षण तथा वित्तीय साक्षरता आजको आवश्यकता<br>-खेटराज दाहाल | १३६ |
| ३१. | Implementation of Fiscal Federalism in Nepal: Issues and Challenges<br>-Janak R Shah | १३९ |
| ३२. | Natural Resources and Financial Revenue Sharing in Nepal: Current Issues and Policy Implications<br>-Dr. Chandra Bahadur Adhikari | १४२ |
| ३३. | Approaches to Business Strategy<br>-Keshav Lamsal | १५२ |
| ३४. | Monetary policy in developed and developing country<br>-Basudev Sharma (PHD) | १५८ |
| ३५. | Basic Principles of Public Life<br>-Dr. Hari Datt Pandey | १६२ |
| ३६. | Rationale Of Local Economic Development: An Alternative Bottom Up Model<br>-Bhaba Datta Sapkota | १६७ |
| ३७. | Human Resource Management in Banks<br>-Neeku Acharya | १७१ |
| ३८. | FinTech: Compulsory or Compulsion<br>-Sushil Kumar Das | १७५ |
| ३९. | Bancassurance- An approach to win-win situation<br>-Saurav Subedi | १८१ |

# ‘मेरो अनुभवको सही सदुपयोग गर्ने एउटा सुखद अवसर’



कृषि विकास बैंकका प्रमुख कार्यकारी अधिकृत **श्री अनिल कुमार उपाध्याय**सँग बैंकका प्रवक्ता तथा सूचना अधिकारी हिमलाल पौडेलले लिनुभएको अन्तर्वार्ताः

**बैंकको प्रमुख कार्यकारी अधिकृतमा नियुक्त हुनुभएकोमा हार्दिक बधाई छ, आफूले तीन दशकको लामो समय अवधिसम्म सेवा गरेको संस्थाको प्रमुख कार्यकारी अधिकृतमा नियुक्त हुन पाउँदा कस्तो अनुभूति भएको छ ?**

धन्यवाद, म कृषि विकास बैंकमा अधिकृत (तृतीयस्तर) तहमा सेवा प्रवेश गरी ३० वर्षसम्म अविछिन्न रूपले सेवा गरी करिब २ वर्ष ६ महिना अगाडि उपमहाप्रबन्धक पदबाट अनिवार्य अवकाश लिएको हुँ । बैंकमा सेवारत रहँदा तत्काल मैले निमित्त प्रमुख कार्यकारी अधिकृतको भूमिकामा पनि कार्य गर्ने मौका पाएको थिएँ, कृषि विकास बैंक लि.को समग्र बैकिङ्ग व्यवसायको साथसाथै देशको आर्थिक, बैंकिङ्ग तथा वित्तीय क्षेत्रका बारेमा राम्रो अनुभव हासिल गर्ने मौका प्राप्त गरेको थिएँ । आफ्नो अवकाश जीवन व्यतित गर्दै रहँदा पनि बैंकिङ्ग क्षेत्रमा आएको परिवर्तनलाई निरन्तर रूपमा अध्ययन तथा विश्लेषण गर्दै आएको थिएँ । यस बैंकको प्रमुख कार्यकारी अधिकृतको पदमा खुल्ला प्रतिस्पर्धाबाट छनौट भई सेवा गर्न पाउनु मैले आर्जन गरेको अनुभवको सही सदुपयोग गर्ने एउटा सुखद र गौरव अनुभूतिको विषय पनि हो भन्ने मलाई लागेको छ । समग्रमा यस बैंकको प्रमुख कार्यकारी अधिकृत पदमा मेरो नियुक्तिलाई मैले एउटा राम्रो अवसरको रुपमा लिएको छु ।

> **‘यस बैंकको प्रमुख कार्यकारी अधिकृत पदमा मेरो नियुक्तिलाई मैले एउटा राम्रो अवसरको रुपमा लिएको छु ।’**

**यस बैंकमा लामो समय काम गरेको अनुभवका आधारमा बैंकका चुनौती तथा अवसरहरुलाई कसरी विश्लेषण गर्नुहुन्छ ?**

बैकिङ्ग व्यवसाय सधैँ तरल अवस्थामा रहनुका साथै चुनौतीहरू पनि सँगसँगै आउने गर्दछन् । यसरी देखिने चुनौतीहरूलाई अवसरमा बदल्न मेरो गहन प्रयास हुनेछ । मसँग स्पष्ट खाकासहितको कार्ययोजना र प्राथमिकताक्रमहरू रहेका छन् । मैले यस बैंकमा नै ३० वर्षसम्म सेवारत रहँदा व्यवसाय संचालन स्तरदेखि व्यवस्थापनको उच्च तहसम्म रही काम गरेको अनुभव छ । नेपाल सरकार लगायत विभिन्न दातृ निकायहरूसँग रहेर काम गर्ने अवसर प्राप्त भएका कारणले पनि कृषि विकास बैंक लि.लाई आगामी दिनमा अझ बलियो र सशक्त बैंकको रूपमा अगाडि बढाउने छु । शहरदेखि गाउँसम्म रहेको बृहत कार्य सञ्जाल, धेरै चुक्ता पुँजी, अत्याधुनिक प्रविधिको रूपमा परिचित Core Banking System T24, करिब

१ लाख ४५ हजार कर्जा ग्राहक र करिब ११ लाख ५० हजारको हाराहारीमा रहेका निक्षेपकर्ताहरू एवं झण्डै २ लाख ४८ हजारको संख्यामा रहेका शेयरधनीहरू, अनुभवी जनशक्ति र लगानीको बृहत सम्भावनायुक्त क्षेत्र, दातृ निकायसँगको हाम्रो राम्रो सम्बन्ध, एशियाली विकास बैंकसँगको पुँजी र सूचना प्रविधिको क्षेत्रमा भएको सहकार्य, अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँगको आवद्धताबाट व्यावसायिक क्षमता अभिवृद्धिको लागि प्राप्त हुने एक्सपोजर प्रोग्रामहरू, स्वदेशी तथा वैदेशिक अध्ययन भ्रमण तथा तालिमहरू एवं ग्रामीण र कृषि क्षेत्रमा हामीले हासिल गरेको विशिष्टीकरण आदिलाई मैले यस बैंकको अवसरको रूपमा लिएको छु । आगामी दिनमा श्रोतको अधिकत्तम उपयोग गर्दै उत्पादनमूलक क्षेत्र, व्यावसायिक कृषि, सेवा व्यवसाय लगायत पूर्वाधारमा उल्लेख्य पहुँच पुर्‍याउने गरी हाम्रा कार्यक्रमहरू अगाडि बढ्ने छन् ।

हालको परिवर्तित प्रतिस्पर्धात्मक बैकिङ्ग बजारमा खरो रूपमा उत्रिएर लगानीकर्ताहरूलाई बजारको माग बमोजिम प्रतिफल दिई सुदृढ, स्वस्थ र सक्षम संस्था बनाउने दिशातर्फ अगाडि बढ्दै बैंकप्रतिको जनविश्वासलाई पुँजीकृत गर्दै बैंकको सर्वोत्तम हितमा सम्बद्ध सबै पक्षलाई सम्बोधन गर्नुपर्ने कार्यलाई बैंकले अवसरको रूपमा लिनु बढी उपयोगी हुन्छ भन्ने मलाई लाग्छ ।

**कृषि विकास बैंकको हालको स्थिति के कस्तो रहेको छ ? प्रष्ट गरी दिनुहुन्छ कि ?**

कृषि विकास बैंकको हालको वित्तीय अवस्थालाई यस चालु आ.व. को पहिलो त्रैमासिक प्रगतिको आधारमा समग्र Banking Industry सँग तुलना गरेर हेर्दा क्रमशः निक्षेप वृद्धिदर १४-१५ प्रतिशत हुँदा यस बैंकको १०-११ प्रतिशत वृद्धिदर रहेको, कर्जा १७-१८ प्रतिशत वृद्धि हुँदा बैंकको १४-१५ प्रतिशत वृद्धि रहेको, Banking Industry को औषत नाफा ५५ करोड ६१ लाख हुँदा बैंकको ६६ करोड ३१ लाख रहेको, EPS २६-४९ प्रतिशत हुँदा बैंकको २७-३५ प्रतिशत, Net worth per Share १७५.४७ हुँदा बैंकको २०५.४९, NPL औषत १.४१ प्रतिशत हुँदा बैंकको १.९१ प्रतिशत, Reserve and Surplus औषत ६५२ करोड हुँदा बैंकको १४७० करोड रहेको छ । साथै, २०७५ मंसिर महिनासम्मको तथ्यांक अनुसार बैंकको निक्षेप रकम रू. १ खर्व ९ अर्ब १६ करोड तथा कर्जा लगानी १ खर्व ४ अर्ब ४५ करोड पुगेको छ । चालु आर्थिक वर्षको मंसिर मसान्तसम्म आइपुग्दा बैंकको पुँजी कोष १९.९४ प्रतिशत, निस्क्रिय कर्जा २.२४ प्रतिशत, इक्विटीमा प्रतिफल ६.२५ प्रतिशत तथा प्रतिसेयर आम्दानी १८.९२ रहेको छ । निरन्तर रूपमा प्रतिस्पर्धात्मक प्रतिफल प्रदान गर्दै आएको बैंकले सेयरधनीहरूलाई लगानीको उचित प्रतिफल उपलब्ध गराउने दिशामा बैंक अगाडि बढेको छ । यस वर्ष बैंकको हालसम्मको तथ्यांक विश्लेषण गर्दा बैंकले आफ्नो खुद नाफा लगायतको वित्तीय परिसूचकहरूलाई थप बलियो बनाउन सक्ने देखिन्छ ।

**बैंकको हालको प्रगतिसँग कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**

मैले माथि नै भनिसकें बैंकको हालको स्थितिलाई सिंहावलोकन गर्दा बैंकको समग्र स्थिति सन्तोषजनक नै छ । तर बजारमा आएको परिवर्तनले बैकिङ्ग व्यवसाय प्रत्यक्ष प्रभावित हुने भएकोले बैंकले हाल प्रवाह गर्दै आएको सेवा र प्राप्त गरेको प्रगतिलाई नै सन्तोष मानी चुप लागेर बस्ने स्थिति रहँदैन । समयको माग, ग्राहकको सन्तुष्टि तथा चाहनालाई आत्मसात गरी बैंकको सम्पूर्ण कार्यक्रम एवं गतिविधिहरू सुचारू रूपमा संचालन हुनुपर्छ र हुँदै आएका छन् । आधुनिक प्रविधिको विस्तार, जनशक्ति व्यवस्थापनमा सुधार, जोखिम नियन्त्रण, आन्तरिक नियन्त्रण आदिमा क्रमशः सुधार भएको छ । जनताको अत्यधिक माग अनुरूप सम्भाव्य स्थलमा नयाँ बैकिङ्ग कार्यालय खोल्ने र विगतमा विस्थापित कार्यालयहरू यथास्थानमा स्थापना भईसकेको छ । बैंकको वित्तीय सूचकांकहरूमा क्रमिक रूपमा आएको सुधारले चालु वर्षमा पनि शेयरधनीहरूलाई प्रतिस्पर्धात्मक प्रतिफल उपलब्ध गराउन सक्षम हुने देखिएको छ । बैकिङ्ग व्यवसायमा समय/समयमा आउने चुनौतीहरूको बैंकले सामना गर्दै आफ्ना गतिविधिहरू सक्रिय बनाई अगाडि बढाउन आवश्यक रहेको छ । हामीले सारेको सघन, विस्तृत एवं सामाजिक अभिमुखीकरणसहितको बैंकिङ्गले प्रत्येक नेपाली जनतासँग हामी कहीँ न कहीँ जोडिनुपर्छ भन्ने हाम्रो मान्यतालाई स्थापित गर्न सकेको दिनमा मात्र हामीलाई पूर्ण सन्तुष्टी मिल्न सक्छ भन्ने मलाई लाग्छ ।

**बैंकको मुनाफाको स्थिति र शेयरधनीहरुलाई लाभांश प्रदान गर्ने के कस्तो अवस्था रहेको छ ?**

बैंकले आफ्नो रणनीतिक योजनामा नै समस्त ग्राहक, शेयरधनी लगायत सम्बद्ध सबै पक्षप्रतिको उत्तरदायित्व बहन गर्दै गुणात्मक सेवा प्रवाह गर्ने,

दीगो बैंकिङ्ग सेवा सञ्चालन गरी लगानीकर्ताहरूलाई बजार अनुकुल लगानीको प्रतिस्पर्धात्मक प्रतिफल दिने नीति अनुसार आफ्ना कार्यक्रम र गतिविधिहरू सञ्चालन गरिरहेको छ । बैंकको मुनाफाको स्थिति हेर्दा यस वर्ष पनि आम्दानी, सञ्चालन मुनाफा तथा खूद मुनाफा समेत उत्साहजनक हुने सम्भावना प्रवल देखिएकोले चालु आ.व.मा समेत हामी प्रतिस्पर्धात्मक उचित प्रतिफल दिन सफल हुनेछौं भन्ने विश्वास रहेको छ ।

**प्रमुख कार्यकारी अधिकृत नियुक्ति हुनुपूर्व बैंक संचालनका लागि आफ्नो रणनीति एवं व्यावसायिक योजना पेश गर्नु भएकै होला । बैंक संचालन गर्ने सम्बन्धमा यहाँको मुख्य रणनीति र योजनाका सम्बन्धमा संक्षिप्त प्रकाश पारिदिनुहुन्छ कि ?**

रणनीतिक योजना अनुसार सुशासन कायम गर्दै श्रोत व्यवस्थापनको अधिकत्तम परिचालन गरी बैंकको हालको वासलातको आकारलाई वृद्धि उन्मुख गर्दै बृहत आकारमा पुऱ्याउने, दिगो सम्पत्ति व्यवस्थापन गर्ने, वित्तीय साक्षरता, वित्तीय पहुँच अभिवृद्धि, वित्तीय मध्यस्थता तथा वित्तीय प्रगाढताको संवाहकको रुपमा रहँदै अत्याधिक मुनाफा आर्जन गर्ने । बैंकको विद्यमान सांगठनिक संरचनालाई व्यवसाय र जोखिमका आधारमा संघिय/प्रदेश अनुरूप परिमार्जन गर्दै छिटो छरितो ढंगले गुणात्मक सेवा प्रदान गर्ने गरी बैंकका गतिविधिहरू अगाडि बढाइने छ । साथै बैंकमा प्रयोगमा रहेका नीति, नियम, कार्यविधि, निर्देशिका तथा पद्धतिलाई नियामक निकायको निर्देशन, प्रतिस्पर्धी बजारको माग अनुसार परिमार्जन गर्दै लगिने छ । नेपाल राष्ट्र बैंकबाट भएको निरीक्षण, बाह्य/आन्तरिक लेखा परीक्षणबाट औंल्याइएका कैफियतहरूको समयमा नै सुधार गर्दै आन्तरिक नियन्त्रण प्रणालीलाई अझै मजबुत बनाइने छ । साथै आर्थिक विकासका तीनवटा महत्वपूर्ण स्तम्भहरू सरकार, निजी क्षेत्र तथा सहकारी क्षेत्रसँग समेत आवश्यक समन्वय र सहकार्य गर्दै राज्यले अंगीकार गरेको 'समृद्ध नेपाल, सुखी नेपाली' को अभियानलाई सुदृढ गर्ने उद्देश्य र लक्ष्य हासिल गर्न बैंकको तर्फबाट समेत आवश्यक भूमिका खेल्नेछु भन्नेमा सम्बद्ध पक्षलाई विश्वास दिलाउन चाहन्छु ।

**बाह्य/आन्तरिक लेखा परीक्षणबाट औंल्याइएका कैफियतहरुको समयमा नै सुधार गर्दै आन्तरिक नियन्त्रण प्रणालीलाई अझै मजबुत बनाइने छ**

**बैंकमा रहेको जनशक्ति व्यवस्थापन सम्बन्धी समस्यालाई कसरी व्यवस्थापन गर्ने प्रयास गर्दै हुनुहुन्छ ?**

विगत वर्षहरूबाट नै बैंकको जनशक्ति भर्ना तथा बढुवा लगायतका सम्पूर्ण प्रक्रियामा लोक सेवा आयोगको प्रत्यक्ष संलग्नतामा सम्पन्न हुने भएकोले कर्मचारी भर्ना तथा बढुवामा खासै समस्या देखिएको छैन । तर यो वर्ष पनि गत वर्ष झैं अनिवार्य अवकाशबाट २६१ जना कर्मचारीहरूले अवकाश हुने भएकोले केही कार्यालयहरूमा जनशक्ति अपुगको अवस्था देखिएको छ । व्यवसायलाई विशेष महत्व दिई तत्काल व्यवसायको आधारमा कार्यालय संचालनका लागि मौजुदा रहेकै जनशक्तिबाट कर्मचारी उचित व्यवस्थापन गरिनेछ । कृषि विकास बैंक लि. कर्मचारी सेवा विनियमावली, २०६२ को परिमार्जन गर्ने सन्र्दभमा मौजुदा विनियमावलीका केही व्यवस्थाहरूमा परिमार्जन भई लोक सेवा आयोग पठाइएको छ । आयोगबाट उक्त परिमार्जित विनियमावली प्राप्त भएपश्चात कर्मचारी भर्ना तथा बढुवा प्रक्रियाका कार्यहरू यथाशीघ्र अगाडि बढाई छिटोभन्दा छिटो कर्मचारी अपुग भएको कार्यालयहरूमा कर्मचारीको व्यवस्थापन गरिने छ ।

**बैंकमा प्रयोगमा रहेको** Core Banking Softer System **को हालै मात्र** Is Audit **सम्बन्धी कार्य सम्पन्न भएको भन्ने बुझिएकोले यस सम्बन्धमा प्रष्ट पार्नुहन्छ कि ?**

कृषि विकास बैंक लि. सम्भवतः बैकिङ्ग बजारमा चाँडोभन्दा चाँडो Is Audit गराउने बैंकको रूपमा पहिचान गराउन सफल भएको छ । Is Audit ले अडिट गरी प्रारम्भिक प्रतिवेदन पेश गरिसकेको र Is Audit का क्रममा देखिएका गम्भीर प्रकृतिका जोखिम उत्पन्न गर्न सक्ने कैफियतहरूको हकमा तत्कालै सुधार गरि सकिएको छ । अन्य कैफियतहरूको सम्बन्धमा अन्तिम प्रतिवेदन प्राप्त भइसकेपछि, प्रतिवेदनमा औंल्याइएका कैफियतहरूको अध्ययन गरी समयमै सुधार गर्न बैंक व्यवस्थापन क्रियाशील रहेको छ ।

**हालै बैंकिङ्ग क्षेत्रमा देखिएको तरलता संकट तथा व्याजदर वृद्धिमा देखिएको अस्वस्थ प्रतिस्पर्धाबाट बैंकलाई पर्न सक्ने असरबाट जोगिन कस्तो योजना बनाउनुभएको छ ?**

नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार पछिल्ला केही वर्षदेखि बैंकले पुँजी वृद्धि गरेका कारणले लगानीको

अपेक्षित प्रतिफल अन्य वर्षका तुलनामा थप चाप सृजना भएको कारणले समेत बैंक तथा वित्तीय संस्थाहरूमा आ.व.को शुरूदेखि नै कर्जा प्रवाहमा अत्याधिक मात्रामा वृद्धि हुँदै गएको छ । कर्जा लगानीको तुलनामा निक्षेप संकलन भने न्यून रहेको कारणले केही वित्तीय संस्थाहरूमा विगत वर्षहरूबाट नै कर्जा प्रवाह गर्ने श्रोतको अभाव तथा तरलता व्यवस्थापनमा नै समस्या उत्पन्न भई सोको प्रत्यक्ष प्रभाव निक्षेपको व्याजदर तथा कर्जा व्याजदरमा समेत पर्न गयो । चालु आ.व.मा समेत गत वर्ष जस्तै व्याजदरमा अस्वस्थ प्रतिस्पर्धा हुने संकेत देखिसकेको थियो । परिस्थितिको गम्भीरतालाई दृष्टिगत गरी नेपाल राष्ट्र बैंकबाट समयमा नै सजगता अपनाई व्याजदरमा देखिएको अस्वस्थ प्रतिस्पर्धालाई नियन्त्रण गरिसकेको छ । तर मुलतः निक्षेप र कर्जाको सन्तुलन कायम गर्नु वाणिज्य बैंकहरूको व्यावसायिक धर्म हो । तर यो भनिरहँदा स्थिति पूर्णरूपमा सुध्रेको अवस्था पक्कै होइन । किनभने अझै पनि लगानी योग्य रकमको पर्याप्तता नदेखिनु, निक्षेपमा दिइने व्याजदर र कर्जामा लिइने व्याजदर पूर्ववत अवस्थामा आइनपुगेको अवस्था छ । सरकारको पुँजीगत खर्चको मात्रामा वृद्धि हुँदै गएको अवस्थामा आगामी दिनमा कर्जा निक्षेप व्याजदर लगायतको समस्यामा सुधार आई स्थिति सामान्य हुँदै जान्छ । कृषि विकास बैंक लि. ले उपरोक्त स्थितिबाट जोगिन खासगरी बैंकले स-सानो निक्षेप संकलनलाई अभियानको रूपमा संचालन गर्दै तरलता व्यवस्थापन तथा सन्तुलित कर्जा लगानी लगायतका समग्र बैंकिङ्ग गतिविधिहरूलाई सावधानीपूर्वक अघि बढाउने छौं ।

**बैंकभित्र क्रियाशील कर्मचारी युनियनहरुको भूमिका कस्तो हुनुपर्दछ भन्ने अपेक्षा गर्नुभएको छ ?**

क्रियाशील कर्मचारी युनियनहरूको भूमिका संस्थागत हितका निमित सदैव रचनात्मक र बैंकको लक्ष्य प्राप्तिका निम्ति सदा प्रतिबद्ध रहने भएकोले ट्रेड युनियनप्रतिको मेरो धारणा अत्यन्त सकारात्मक छ । बैंक हिजोका पिढीको सेवामा निरन्तर सेवारत रहँदै आएको र आजका पिँढीको सेवामा पनि सेवारत रहिरहेको सन्दर्भमा हामी बैंक व्यवस्थापन र क्रियाशील युनियन दुवैको प्रयासले भोलिको पिँढीलाई पनि यो बैंक सुरक्षित, भरपर्दो र गुणस्तरीय सेवा प्रदान गर्ने विश्वासिलो बैंक हो भनेर चिनाउने कार्यमा जुटेर अगाडि बढ्ने अपेक्षा गरेको छु । वास्तवमा ट्रेड युनियन व्यवस्थापनको महत्वपूर्ण Stakeholders हुन् । व्यवस्थापनको पनि आफ्नो सोच, योजना, कार्यक्रम र दृष्टि हुने भएकोले यी दुवैको मिलनबिन्दु एउटै हुनुपर्छ, त्यो हो संस्थागत लक्ष्य हासिल गर्नु । युनियनहरू शेयरधनी समेत रहेकोले उचित प्रतिफलको आशा राख्नु स्वाभाविक हुन्छ । त्यसैले संस्थागत लक्ष्य हासिल गर्न क्रियाशील युनियनहरूको भावना र चाहनालाई आत्मसात गर्दै प्रतिष्ठानस्तरका युनियनहरूबाट सदैव रचनात्मक सहयोगको अपेक्षा गरेको छु ।

**५२ औ वार्षिकोत्सवका अवसरमा थप केही सन्देश व्यक्त गर्न चाहनुहुन्छ ?**

समग्र कृषि क्षेत्रको विकास गर्ने प्रमुख उद्देश्य लिई वि.स.२०२४ सालमा स्थापित यस बैंकले ५२ औ वार्षिकोत्सव मनाउन गइरहेको सुभ अवसरमा बैंकलाई यहाँसम्म ल्याउन अमूल्य योगदान दिनुहुने सम्पूर्ण आदरणीय शेयरधनीहरू, ग्राहक महानुभावहरू, नेपाल सरकार, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, बैंक संचालक समिति, क्रियाशील कर्मचारी युनियनहरू र लामो सेवा पूरा गरी बैंक सेवाबाट विश्राम लिनुभएका अग्रज कर्मचारी मित्रहरू र समस्त बैंक परिवार प्रति हार्दिक आभार ज्ञापन गर्दछु । बैंकले लिएका हरेक उद्देश्यहरू परिपूर्ति गर्नका निमित्त प्रत्यक्ष तथा अप्रत्यक्षरूपमा सहयोग पुऱ्याई बैंकको समग्र प्रगतिमा महत्वपूर्ण योगदान गर्नुहुने सम्बद्ध सबैप्रति हार्दिक धन्यवाद एवं व्यक्त गर्न चाहन्छु । भावी दिनहरूमा पनि यसरी नै सम्बद्ध सबै पक्षबाट निरन्तर सहयोग प्राप्त हुनेछ भन्ने अपेक्षा गरेको छु । ●

# समृद्धिको यात्राः गति र गन्तव्य

■ प्रा.डा.चन्द्रमणि अधिकारी

**१. पृष्ठभूमि**

हरेक देशका नागरिकको चाहना सुखी जीवन र समृद्ध जीवन नै हुन्छ तर त्यसका लागि दार्शनिक, राजनीतिक, संवैधानिक तथा प्रशासनिक संरचना पनि त्यसै अनुसार हुनु पर्दछ । अनि अर्थराजनीति तथा विकास नीति पनि त्यही धरातलमा सिर्जना गरिएको हुनु पर्दछ । यस पृष्ठभूमिमा हेर्दा नेपालको संविधानले देशलाई संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा गरेको छ । यस गणतन्त्रात्मक संविधानले सामन्ती, निरंकुश, केन्द्रीकृत र एकात्मक राज्यव्यवस्थाले सृजना गरेका सबैखाले विभेद र उत्पीडनको अन्त्य गर्नुका साथै, आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ ।

यो संकल्प त्यतिबेला पूरा हुन्छ जतिबेला लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने कार्यमा देशका सबै पक्ष, वर्ग र तप्का दत्तचित्त भएर काम गर्दछन् । यस पृष्ठभुमीमा संविधानले राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व सम्बन्धमा उल्लेख गर्दै यस्ता विषयलाई राज्यले मार्ग निर्देशनका रूपमा लिनुपर्ने व्यवस्था गरेको छ । यसले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्नुलाई राज्यको आर्थिक उद्देश्यको रूपमा अंगीकार गरेको विषयलाई मनन गर्न सकिन्छ । यस्तो आर्थिक उद्देश्य हासिल गर्न राजनीतिक तथा सांस्कृतिक उद्देश्य प्राप्तिको विषयले पनि त्यतिकै महत्व राख्दछन् । निर्धारित उद्देश्यहरू हासिल गर्न अबलम्बन गर्नुपर्ने नीतिहरूको सम्बन्धमा पनि संविधान बोलेको छ । यस्ता नीतिहरूमा राष्ट्रिय एकता र सुरक्षा, शासन व्यवस्था, सामाजिक र सांस्कृतिक रुपान्तरण, अर्थ, उद्योग तथा वाणिज्य, विकास, प्राकृतिक साधन स्रोतको प्रयोग र संरक्षण, श्रम र रोजगारी, पर्यटन, समावेशीकरण समेतका विषयहरू समेटिएका छन् । यी कुराका अतिरिक्त नेपाली समाजमा रहेको विभेद र उत्पीडनको अन्त्य गर्नुका साथै, आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न संविधानले ३१ वटा मौलिक हकहरूको व्यवस्था गरेको छ, जसको प्रचलन देशको सर्वोच्च न्यायिक संस्थाबाट समेत गराउन सकिन्छ । यसबाट के निचोड निकाल्न सकिन्छ भने अर्थराजनीतिक दृष्टिबाट हेर्दा राष्ट्रको सर्वाङ्गीण विकासको दर्शन, मोडेल, समृद्धि तथा यसको गन्तव्यका विषयमा अलमलिनु पर्ने अवस्था छैन । यद्यपि संविधानले निर्दिष्ट गरेको अर्थराजनीतिक तथा विकासको दर्शनको परिधिभित्र रहेर समृद्धिको बाटो कसरी पहिल्याउने र गन्तव्यमा कसरी पुग्ने भन्ने पद्धति र प्रक्रियाका बारेमा भने केही अलमल देखिएको छ ।

**अर्थराजनीतिक दृष्टिबाट हेर्दा राष्ट्रको सर्वाङ्गीण विकासको दर्शन, मोडेल, समृद्धि तथा यसको गन्तव्यका विषयमा अलमलिनु पर्ने अवस्था छैन ।**

**२. गन्तव्यतर्फको यात्राको संवैधानिक आधार**

समृद्धिको बाटो पहिल्याउने सम्बन्धमा देखिने अलमललाई छिचोल्ने उपायको खोजीका लागि संविधानका धारा उपधारामा नजर लगाउन सकिन्छ । अर्थात्

संविधानलेने देखाएको बाटो र संरचनाको संस्थागत सुदृढीकरणलाई पहिलो गोरेटो मानेर हिंडदा लक्ष्य प्राप्तिमा सहजता आउने देखिन्छ । यस सन्दर्भमा संविधानले निर्धारित गरेको राज्यको तहगत संरचना तथा राज्यशक्तिको बाँडफाँडको विषयलाई केन्द्रबिन्दुमा राखेर तीनवटै तहका सरकारको भूमिका, दायित्व तथा अधिकार तथा जिम्मेवारीको विषयलाई समन्वय, सहकार्य तथा सहअस्तित्वको सिद्धान्त अनुरूप देशका नागरिक अथवा जनसंख्या, भुगोल एवं उपलब्ध र भविष्यमा उपलब्ध हुने सम्भाव्य स्रोत समेतका आधारभुत सरोकारसँग जोडेर गन्तव्य तर्फको यात्रा अगाडि बढाउन सके संविधानले निर्धारण गरेको गन्तव्यमा सहजै पुग्न सकिन्छ ।

यस्तो ढंगले कार्य गर्न देशभित्रको मात्र होइन, देश बाहिरको अुनभव र अर्थराजनीतिक वातावरणलाई पनि हेर्नुपर्ने हुन्छ । विश्वमा आर्थिक र सामाजिक दृष्टिले सशक्त मानएिका राष्ट्रहरू जस्तै संयुक्त राज्य अमेरिका, चीन, जापान, दक्षिण कोरिया तथा नर्वे एवं फिनलैण्ड समेतका उत्तर युरोपका देशहरूले हासिल गरेका आर्थिक सामाजिक उपलब्धि तथा त्यसबाट प्राप्त अनुभव कतिपय अवस्थामा नेपालको लागि अनुकरणीय हुन सक्दछन् । त्यस्तै गरी विश्वमा चल्ने गरेको तेलको अर्थ राजनीति र त्यसले नेपालजस्ता देशको विकासमा खेल्ने भूमिका तथा पार्ने प्रभावलाई पनि विर्सन मिल्दैन । यसका अतिरिक्त नेपालले संयुक्त राष्ट्रसंघ प्रतिबद्धता जनाएको समष्टिगत विकास दर्शनको मोडेल जसलाई दिगो विकास सम्बन्धी एजेण्डा (सस्टेनेबल डेभलपमेन्ट गोल, एस्डिजि) जस्ता विषयलाई समेत ध्यानमा राखिनु पर्दछ । यस्तो राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पृष्ठभूमि एवं परिवेशलाई ध्यानमा राखेर वर्तमान सरकारले नेपाललाई समृद्ध र प्रत्येक नेपालीलाई सुखी बनाउने विषयलाई दीर्घकालीन उद्देश्यको रूपमा घोषणा गरेको पनि देखिएको छ । संविधानको भावना र नेपालको विद्यमान धरातलमा यो उद्देश्य औचित्यपूर्ण नै छ ।

प्रस्तुत विषयका आधार तथा विषयहरू केन्द्र, प्रदेश तथा स्थानीय तीनवटै तहका ७६१ वटै सरकारको विषयमा आआफ्नो राज्य र अर्थतन्त्रका विशेषता अनुरूप उत्तिकै लागु हुन्छ । आखिर एउटै संविधानभित्र चल्नु पर्ने एउटै अखण्ड र सार्वभौम देशका सरकार तथा उपसरकारहरूले हासिल गर्नुपर्ने लक्षको दर्शन, सिद्धान्त, सरोकार, प्राथमिकता तथा अपनाउनु पर्ने पद्धतिको सन्दर्भ धेरै फरक पर्न सक्दैन । किनभने विकासको लागि चाहिने मूल आधार एउटै हो र सातैवटा प्रदेशका जनताको विकास बारेको आकांक्षा पनि करिब उस्तै छ, बरू विकासको दार्शनिक अवधारणा बारेको बुझाइमा भने नीति निर्मातादेखि कार्यान्वयनकर्ता र नागरिकको बुझाइ पनि नतिजामुखी भन्दा प्रक्रियामुखी छ । तर समयमा गन्तव्यमा पुग्न यात्राको व्यवस्थापन चुस्त र गति तीव्र हुनुपर्छ । विकास बारेका बुझाइले पनि यो कुरा चिनेको हुनु पनि पर्दछ ।

### ३. विकास बारेको बुझाइ

विकास बारेको बुझाइमा हामी कहिलेकाहीं बरालिन्छौं । अनि भन्छौं ठूला महल बने, ठूला सडक बने, हवाई मैदानहरू बने, यसैले विकास भयो । तर विकास त नतिजामा देखिनु पर्दछ । यी बनेका भनिएका कुरा विकास ल्याउने मध्येका केही साधन हुन्, माध्यम हुन् । यस्ता संरचनाको निर्माण आफैँमा विकास होइनन् । विकास त्यतिबेला भएको मानिन्छ जतिबेला नागरिकले खुशी, सुखी र सबै दृष्टिले आफनो जीवनमा परिवर्तन भएको अनुभूति गर्दछ । यो त लक्षको अन्तिम बिन्दु हो । यस्तो लक्ष्य भेदनबाट प्राप्त खुसी फेददेखि टुप्पोसम्म पुगेको हुनु पर्दछ । विकासले मुलतः नागरिक र भुगोलसँग सरोकार राख्दछ, स्रोतको दीगोपना खोज्दछ । विकासको गन्तव्यमा पुग्ने बैज्ञानिक आधार, पद्धति र प्रक्रिया हुन्छन् । यस्ता आधारमाथि बसेर निश्चित पद्धति तथा प्रक्रिया अनुरूप भएका कार्यले विशिष्ट चरित्र भएको नतिजा दिन्छ । *(हेर्नुहोस्, लेखकद्वारा प्रतिपादित मोडेल बक्समा)* ।

*विकास दर्शन : के हो विकास ?*

उत्तर : **मानवको "जीवनस्तरमा गुणस्तरीय परिवर्तन"**

आम नागरिकले जीवनस्तरमा गुणस्तरीय परिवर्तनको अनभूति गर्नु, जुन अनभूति दिगो, फराकिलो, समावेशी र व्यापक होस् ।

सम्मृद्धि (सम+वृद्धि) को लक्ष्यको सार्थकता नै आर्थिक विकास हो । यो त लक्ष्यभेदन हो ।

**सरोकार, आधार, नतिजा**

**क. सरोकार** : जनसंख्या, भूगोल र स्रोतसाधन

**ख. आधार र प्रक्रिया** : स्रोतको वितरण, लगानी र प्रविधि, व्यवसाय-उत्पादन-व्यापार, रोजगारी, आय (हातमा काम, गोजीमा दाम र समाजमा नाम) र राजस्व प्राप्ति

**ग. नतिजा** : आर्थिक वृद्धिको उच्च गति ।

**घ. वृद्धिको चरित्र** : दिगो, फराकिलो र समावेशी ।

स्रोतको समुचित सवितरण, उपयुक्त क्षेत्रमा लगानी, लगानी तथा उत्पादनको प्रकृति अनुरूपको प्रविधि तथा संस्थागत संरचनाले काम गर्ने प्रक्रिया अगाडि बढाउन सकियो भने व्यबसाय फस्टाउँछ, जनताको हातमा काम आउँछ, कामले दाम दिन्छ । यसरी हातमा काम, गोजीमा दाम र समाजमा नाम भयो भने समाज उन्नयनतर्फ बढ्दछ । तसर्थ सबै तहका सरकारको लक्ष्य समाजका हरेक वर्ग, क्षेत्र, समुदाय एवं तह र तप्कामा रहेका जनताको जीवनमा आर्थिक, सामाजिक र सांस्कृतिक रूपले स्पष्ट अनुभूति हुने गरी सकारात्मक र गुणस्तरीय परिवर्तन ल्याउने हुनु पर्दछ, जुन परिवर्तन समन्यायिक र दिगो पनि होस् । यहाँ हेक्का राख्नुपर्ने मुलभूत कुरा के भने हामीले उच्च आर्थिक वृद्धि चाहेका हौं । तर यसको अर्थ दुई चार परिवारलाई अर्ब र खर्बपति बनाएर त्यसबाट औसत रूपमा गणना गर्दा देखिने वृद्धि हाम्रो लक्ष्य होइन । हाम्रो लक्ष्य सन्तुलित उत्पादन र न्यायोचित वितरण हो । जुन वृद्धि जरामा पुगेको, फराकिलो र समावेशी विशेषता भएको होस् । यस्तो लक्ष्य हासिल गर्ने कार्य तुलनात्मक रूपमा संघीय शासन प्रणालीमा नै बढी सहज हुने विश्वास लिएर संविधानले संघीयता अंगीकार गरेको हो । तसर्थ राज्यका तीनवटै तहले यसैभित्र गन्तव्यमा पुग्ने बाटो खोज्नु पर्दछ । संघीयताको सञ्चालन प्रभावकारी, मितव्ययी र कुशल ढंगले गर्नु पर्दछ, ७६१ वटा सरकारबीच समन्वयात्मक रूपमा विकासको लागि प्रतिस्पर्धा गर्ने पद्धति अबलम्बन गरेर त्यसलाई व्यबहारमा ल्याउनुपर्दछ । यसो भनिरहंदा विकासका आधारभुत तत्वहरूलाई भने बिर्सनु हुँदैन ।

### ४. विकासका आधारभूत तत्वहरू

विकास त्यसै हुने विषय होइन । यसका लागि विभिन्न तत्वहरू जिम्मेवार रहन्छन् । परिवार तथा व्यक्तिको विकासका लागि उनीहरूले चाहेको सेवा सुविधा पर्याप्त, उपयुक्त र गुणस्तरयुक्त ढंगले यथोचित समयमा हुने उपलब्धत हुन पर्दछ । जीवनलाई सफल बनाउन आवश्यक पर्ने अवसरमा पनि न्यायसंगत पहुँच हुनु पर्दछ । यस्ता सुविधा र अवसर प्राप्त हुने अवस्था सिर्जना गर्नु राज्यको प्रमुख दायित्व हो । परिवार तथा व्यक्तिको बहुआयामिक विकासको लागि खाद्य सुरक्षा, सुरक्षित आवास, यथोचित रोजगारी तथा आय आर्जनका अवसरहरू, गुणस्तरीय स्वास्थ्य सेवा, सुरक्षित खानेपानी, जीवन उपयोगी एवं गुणस्तरीय शिक्षा र सिप विकास, प्राकृतिक विपद्बाट सुरक्षा दिने आधुनिक वस्ती तथा बजारहरू, औद्योगिक क्षेत्रहरू, पैदल यात्री, साइकल यात्री र अशक्तहरूलाई समेत अनुकुल हुने फराकिला सडक तथा पुल पुलेसासमेतबाट सहज र सुरक्षित बनाइएका यातायात सेवा, स्थानीय उत्पादनमा आधारित उद्योगधन्दा, बैज्ञानिक र व्यावसायिक कृषि प्रणाली र सुशासन एवं सुरक्षा समेत नभई नहुने विषय हुन् । यो कुराको सुनिश्चितता पछि मात्र संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख समतामुलक समाज निर्माण गर्न सकिन्छ ।

यो कार्य सम्पन्न गर्नको लागि राज्यको साझेदारका रूपमा चिनिएका सरकार, निजी क्षेत्र र सहकारीमा आधारित समुदायको संयुक्त प्रयासको आवश्यकता पर्दछ, तीनवटै पक्षको पुँजी, प्रविधि, सीप र श्रमलाई एक ठाउँमा ल्याएर उच्चतम प्रयोग गर्न सक्नु पर्दछ । यद्यपि यसमा प्रमुख भूमिका भने सरकारले नै खेल्नु पर्दछ । यस सन्दर्भमा राज्यको संरचना र शक्तिको बाँडफाँडको दृष्टिले केन्द्र वा संघको भूमिका नीतिगत वातावरण निर्माण तथा साधनको जोहो गर्नमा हुन्छ भने प्रदेशले प्रादेशिक तहको नीति निर्माण एवं संघ तथा स्थानीय तहहरूको कार्यलाई समन्वय, संयोजन र सहजीकरण गर्ने कार्यमा अहं भूमिका निर्वाह गर्न सक्दछ । सेवाको प्रवाहमा कार्यान्वयनगत भूमिका भने स्थानीय तहको बढी हुन्छ । सातवटै प्रदेशहरूको समृद्धि र विकासका सन्दर्भमा पनि यी सबै कुराहरू समान रूपमा लागु हुन्छन् । यद्यपि सातैवटा प्रदेशका आआफ्नै भूबनोट, जनसंख्या, प्राकृतिक स्रोत साधनको उपलब्धता, भौतिक तथा सामाजिक पूर्वाधारको उपलब्धता र सम्भाव्यता तथा अन्तर्राष्ट्रिय सीमानासँगको पहुँच, सम्भाव्य बजार, सांस्कृतिक तथा भाषिक विविधताको समेतका दृष्टिले सबै प्रदेश तथा स्थानीय तहले विशेष चरित्रहरू पनि बोकेका हुन सक्दछन् । सबैका सम्भाव्यता र सम्भावना पनि होलान् । सबल र दुर्बल पक्ष पनि होलान् ।

उदाहरणको लागि चर्चामा बढी आउने गरेको प्रदेश नम्बर २ का सम्बन्धमा कुरा राख्न उपयुक्त नै होला । यो प्रदेश समथर भूभागको बाहुल्यता, बजारको दृष्टिबाट छिमेकी देश भारतसँग तुलनात्मक दृष्टिले लामो सीमा रहनु, केन्द्रीय राजधानीसँगको निकटता, भाषा, धर्म संस्कृतिका अत्यधिक विविधता, हवाई, सडक तथा रेलमार्गको उपलब्धता, निर्माणाधीन तथा निकट भविष्यमा निर्माण हुने संरचनाहरूको बाहुल्य समेतको दृष्टिकोणबाट सबभन्दा अघि रहेको देखिन्छ । जंगल, जडिबुटी, जल र जमिन तथा जनशक्ति समेतका दृष्टिले यो प्रदेश धनी छ । वागमती, नारायणी तथा कोशी सबै नदीले

यसलाई छोएको छ । प्राकृतिक सम्पदाको अनुपम भन्डार चुरे श्रृङ्खलाको ठूलो भाग यहीँ अवस्थित छ । हिमाली क्षेत्रमा बोलिने शेर्पा भाषादेखि पहाडी भेगमा विकसित खस भाषा, नेवारी भाषा, तामाङ, गुरूङ, मगर समेतका भाषा र मैथिली, भोजपुरी, थारू, अवध, बज्जिका समेतका भाषाभाषीहरू बोल्ने जातजाति अनि तीसँगै जोडिएका धार्मिक तथा सांस्कृतिक पर्व, त्योहार तथा महोत्सव यहाँ मनाइन्छन् । जन्म, मृत्यु, विवाह, पास्नी, उपनयन समेतका संस्कारमा पनि अनुपम विविधता पाइन्छ । यसै प्रदेशमा छिन्नमस्ता छ, अनि नेपाललाई चिनाउने चार प्रमुख सम्पदा सगरमाथा, लुम्बिनी, पशुपति र जानकी मन्दिरमध्येको जानकी मन्दिर एवं यससँग जोडिएको विदेह संस्कृति छ । अनि आर्थिक, सामाजिक तथा सम्पन्नताको दृष्टिले यो प्रदेश केही सूचकमा पछि परेको देखिन्छ । सात प्रदेशमध्ये जनसंख्याको दृष्टिले यो माहिलो प्रदेश हो भने कुल गार्हस्थमा योगदानका दृष्टिले साहिँलो हो । प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन र क्रयशक्तिको दृष्टिले यो राष्ट्रिय औसतभन्दा तल मात्र होइन, कर्णाली तथा सुदूरपश्चिम प्रदेशलाई छोड्दा पुछारमा छ । बहुआयमिक गरिबीलाई हेर्दा पनि राष्ट्रिय औसतभन्दा माथि मात्र होइन कर्णाली छोडेर सबभन्दा बढी गरिवी भएको र मौद्रिक आधारमा तलबाट तेश्रो प्रदेशमा पर्छ । यी सबै कारणले मानव विकास सूचकलाई आधार लिँदा तलबाट साईंलो स्थानमा छ । यो त एउटा प्रदेशको कुरा भयो ।

यसरी हेर्दा सातैवटा प्रदेशले आफनो प्रदेशको विशेष चरित्र के हो, सबल पक्ष के छन्, असल र आम नागरिकले मन पारउने कुराहरू के छन्, आर्थिक सामाजिक पक्षका र पूर्वाधार विकासको दृष्टिले कमजोरी र दुर्बलताहरू के छन्, चुनौतीहरू के रहेछन् र सम्भाव्यता तथा सम्भावना के छन् भन्ने सम्बन्धमा केलाएर हेर्नु पर्दछ । यसरी विविध पक्षको विश्लेषण गरी यथार्थ चित्र खिच्न सकेमा गन्तव्यमा पुग्ने उपयुक्त आधारसमेतको खाका तयार गर्न सजिलो हुन्छ । अनि समृद्धिको यात्रालाई तीव्र बनाएर निर्धारित अवधिमा गन्तव्यमा पुग्न पनि सकिन्छ । यस्तो चित्र खिचिसकेपछि आउँदा दिनमा प्रदेश तथा स्थानीय तहले आफु अघि बढने मार्गचित्र तयार गर्न सक्दछन् ।

### ५. आउँदा दिन र अघि बढ्ने सरल उपाय

### ५.१ सोचगत अवधारणा र गन्तव्यमा स्पष्टता

देश, प्रदेश वा स्थानीय तहलाई समुन्नत तथा समृद्ध बनाउन सर्वप्रथम त नेतृत्वको सोच दूरदर्शी र परिकल्पित गन्तव्य स्पष्ट हुनु पर्दछ । आउँदो पच्चीस वा तीस वर्षमा कहाँ पुऱ्याउने? पचास वर्षमा त्यो ठाउँको आर्थिक सामाजिक अवस्था कस्तो होला? जनताले कस्तो अनुभूति गर्न सक्लान्? त्यो अवस्थामा पुग्ने यात्रा पद्धति र मार्गचित्र के हुन सक्छ? भन्ने कुरामा नेतृत्व स्पष्ट हुन सकेन भने त्यस राज्य वा राज्य इकाईको दिगो विकास हुँदैन । तसर्थ सर्वप्रथम नेतृत्वले यो कुराको परिकल्पना बैज्ञानिक धरातलमा बसेर गर्नु पर्दछ । त्यस्तो चित्रको परिकल्पना गर्दा विश्वका सुखी र समुन्नत देश र तिनका उपराज्यहरूलाई पनि मानसपटलमा ल्याएर अक्षरमा उतार्नु उपयुक्त हुन्छ । स्थानीय तह हो भने आफ्नो पालिकालाई सुदूर भविष्यमा कस्तो शहर वा नगरको रूपमा विकास गर्ने सोच छ ? आधुनिक कृषि प्रणालीमा आधारित हरित उत्पादन शहर बनाउने हो ? वा कृषि र उद्योगमा आधारित मिश्रित विशेषता बोकेको शहर ? वा वाणिज्य तथा व्यापारको केन्द्र ? वा पूर्ण औद्यागिक शहर ? स्मार्ट सिटीको कुरा आउँदा, के विषयमा पालिकालाई केमा स्मार्ट बनाउने ? सुशासनमा कि, विद्युतीय प्रविधिको प्रयोगमा कि, शिक्षामा कि, स्वास्थ्यमा वा वैदेशिक लगानीमा अथवा स्वच्छ वातावरणमा ? कि यातायात प्रणाली तथा यसको व्यवस्थापनमा ? केमा स्मार्ट बनाउने ? त्यसका मापदण्ड के हुन् ? आदि विषयमा नेतृत्व छर्लंग हुनु पर्दछ । विकासको सरोकार नागरिकसँग हुन्छ, जनसंख्या सँग हुन्छ । नागरिकको जीस्वनस्तरमा आमुल परिवर्तनको अनुभूति गर्नु नै असली विकास हो भन्ने आधारमा सरोकार र गन्तव्यबीच समायोजनको आवश्यकता पर्दछ । दीर्घकालीन सोच र गन्तव्य स्पष्ट भएसँगै योजना तथा रणनीतिक योजनाको प्रारूप तयार गरेर कार्यन्वयनको यात्रा अगाडि बढाउनु पर्ने हुन्छ । त्यसको लागि काम गर्ने वातावरणलाई पनि सहज बनाउने रणनीतिको आवश्यकता पर्दछ ।

### ५.२ काम गर्ने सहज वातावरण निर्माणको कार्य

जब आफ्नो राज्य र उपराज्यका सबलता, दुर्बलता, चुनौती तथा सम्भावनाहरूको पहिचान गरी सोच र गन्तव्य स्पष्ट भएसँगै प्रदेश र स्थानीय तहले आर्थिक सामाजिक विकासका काम थालनीको वातावरण निर्माण गर्नुपर्दछ, जसका लागि जनताको मनोविज्ञान अध्ययन र तत्कालीन अपेक्षा पहिचान गर्ने, मनोविज्ञान र तत्कालीन अपेक्षा सम्बोधनलाई प्राथमिकता दिएर नीति तथा कार्यक्रम तयार गर्ने, जनताले पाउने सेवा सुविधामा हिजोभन्दा आज बढोत्तरी भएको छ भन्ने अनुभूति दिलाउने, यस्तो अनुभूति दिलाउन प्रदेश वा पालिकाका जनताको आँखा र मन

टक्क जाने प्रकृतिका केही विशेष काम गरेर देखाउने र सरकार नागरिकबाट थप कर लिनुभन्दा पनि सेवा सुविधा दिनेतर्फ आतुर छ भन्ने अनुभूति दिलाउने जस्ता कार्यलाई प्राथमिकतामा राखेर अघि बढ्नु उपयुक्त हुन्छ । समुन्नतिको गन्तव्यमा पुग्न पूर्वाधार तथा संरचना नभै नहुने कुरा हुन् । त्यसको लागि आफनो तह र केन्द्रीय तहबाट निर्माण भैरहेका र भविष्यमा निर्माण हुने सम्भावित संरचनाबारे लेखाजोखा गर्नु आवश्यक हुन्छ ।

### ५.३ संरचनासम्बन्धी रणनीति निर्माण

प्रदेश तथा स्थानीय तहले आफ्नो तर्फबाट निर्माण गर्ने संरचनाको खाका त आवश्यक छ नै त्यस बाहेक केन्द्रबाट पनि संरचना निर्माण भैरहेको छ र हुने सम्भावना छ । हो पनि सातैवटा प्रदेशमा केन्द्र सरकारको तर्फबाट विभन्नि विषय र क्षेत्रका ठूला, राष्ट्रिय प्राथमिकतामा परेका र राष्ट्रिय गौरव नामाकरण गरिएका आयोजनाहरू निर्माण भैरहेका छन् । उदहरणको लागि सातैवटा प्रदेशमा औद्योगिक क्षेत्रको निर्माण हुँदैछ । पूर्व पश्चिम विद्युतीय रेलमार्ग कर्णालीबाहेक सबै प्रदेशले जोड्दैछ । सिंचाइ र जलविद्युत् क्षेत्रमा पनि धेरै प्रदेशलाई प्रभाव पार्ने योजना बन्दैछन् । सडक मार्गहरू पनि बन्दैछन् । भविष्यमा निर्माण हुने गरी पनि घोषणा भएका छन् । स्वाभाविक रूपले यस्ता संरचनाको प्रभाव प्रदेश तथा स्थानीय तहहरूको विकासमा पर्छ नै । त्यसमा पनि थप प्रयास गर्न सकेमा त्यसै अनुरूप नीति तथा कार्यक्रम बनाएर उत्पादन, बजार, पुँजी, प्रविधि तथा सीपसग जोड्न सकेमा यसले प्रदेश र स्थानीय तहको समृद्धिमा थप योगदान दिन गराउन सकिन्छ । सुदूरपश्चिम प्रदेशको धनगढी देखि डोटीसम्म र तीन नम्बर तथा दुई नम्बरलाई जोड्ने गरी काठमाडौं तराई द्रुतमार्ग बन्दैछन् । हुलाकी राजमार्ग र भोलिका दिनमा बन्ने चीन काठमाडौं र विरगंज काठमाडौं रेलमार्गले पनि प्रदेशहरूको आर्थिक सामाजिक विकासमा दूरगामी प्रभाव पार्छन् नै । यी कुराहरूका विषयमा अहिले देखिनै सोचेर नीति तथा कार्यक्रम बनाउनु उपयुक्त हुन्छ । प्रदेश १ मा निर्माण हुने भनी चर्चामा रहेका कोशी उच्च बांध निर्माण भएमा यस प्रदेशलाई र देशको समग्र जलस्रोत सम्बन्धी नीतिमा पर्ने सकारात्मक र नकारात्मक प्रभाव एवं भारतको विहार राज्यको, आर्थिक सामाजिक सूचकको अवस्था, पूर्वाधार तथा बजारको अवस्थाको उपयोग गर्ने विषयमा ध्यान जानु पर्दछ । तर विकासको लागि स्रोत चाहिन्छ र त्यस्ता स्रोतमध्ये जनशक्ति तथा जलशक्तिको महत्व सर्वोपरि छ । तसर्थ विर्सन नहुने अर्को विषय जनशक्ति र जलशक्तिको प्रवर्द्धन र विकासलाई प्राथकितामा राख्ने कार्य नै हो ।

### ५.४ केन्द्रबिन्दुमा मानव संसाधन

दक्ष जनशक्ति नै आर्थिक विकासको इन्जिन हो भन्ने कुरा विश्वको अनुभवबाट पुष्टि भएको विषय हो । अतःपहिलो प्राथमिकता जीवनोपयोगी शिक्षालाई दिन सके विकासको गन्तव्यमा पुग्ने यात्राले गति पाउँछ । किनभने विद्या भनेको नै शिक्षा हो र शिक्षा नै ज्ञान सीप र प्रविधि सबै हो । जुन मानिससँग ज्ञान, सीप र प्रविधि छ त्यही व्यक्ति योग्य र दक्ष बन्दछ । अनि त्यो व्यक्ति कर्मशील तथा उद्यमी पात्र बन्दछ । त्यस्तो पात्रले मात्र धन, आय र सम्पत्ति आर्जन गर्न सक्छ । उसले प्राप्त धन वा स्रोतसाधनको कुशल प्रयोग गर्छ, विकास, जन कल्याण, उद्योग र व्यबसायमा लगाउँछ । यस्तो असल काम नै यथार्थमा धर्म हो । यो यात्रा र कार्यालय, व्यक्ति, परिवार अनि देश नै देश समृद्ध हुन्छ । नागरिकको जीवन गुणस्रीय बनी सुखको अनुभूति हुन्छ । व्यबहारिक रूपले पनि स्थान देश र विशेषको आधारमा शिक्षालाई उत्पादन, प्रविधि तथा रोजगारीसँग जोडन सकिन्छ । युवाहरूलाई स्थान विशेषको आर्थिक सामजिक विकासको लागि परिचालन गर्ने दिगो मोडेल बोकेको शिक्षा नीति पनि त्यसै अनुरूप निर्माण गर्न सकिन्छ जसले आवश्यक जनशक्ति उत्पादनको उत्पादन गर्ने र प्राप्त गर्ने आधार खडा हुन्छ । त्यसैले भनिएको छः

**विद्या ददाति विनयं, विनयं याति पात्रताम् ।**
**पात्रताम् धन माप्नोति, धनात् धर्म ततः सुखम् ।**

तसर्थ विकासको इन्जिन दक्ष जनशक्ति नै भएको सन्दर्भमा यस विषयलाई पहिलो प्राथमिकतामा राखी नागरिकलाई जीवनोपयोगी शिक्षा दिने मुल कार्यलाई केन्द्र बिन्दुमा राखेर विकासको खाकाको तयारी गर्नु उपयुक्त हुन्छ, जुन अहिलेसम्म भएको छैन ।

### ५.४ पानीसँग मोहनी लगाउने

अर्को बुझ्नु पर्ने कुरा हो जल वा पानीको महत्व । पानी प्रणाली पर्यावरणीय उर्जाको रूपमा समेत उपलब्ध हुन्छ । पानीको उपयोग मुलतः कृषि, औद्योगिक र यातायात प्रयोजन, घरेलु प्रयोजन, मनोरञ्जन र पर्यावरणीय उपयोगको क्षेत्रमा गरिन्छ । अब पानीको प्राप्ति तथा संरक्षण विश्वको सर्वोपरि प्राथमिकता बन्दैछ । नेपालमा अधिकांश पानी ताजा छ र त्यो ताजा पानी

हिमाल समेतका पहाडी क्षेत्रका मुहानबाट प्राप्त हुन्छ । पछिल्ला दिनमा विकसित तथा शक्ति राष्ट्रहरूको आँखा तेलबाट पानीका स्रोतहरू कब्जा गर्ने दिशातर्फ जांदैछ । भारतको नदी मिलान योजना पनि जल रणनीतिकै एउटा पाटो हो । तसर्थ समृद्धीको बाटोलाई सहज बनाउन पानीको संरक्षण र दिगो प्रयोगलाई प्राथमिकतामा राखी पानी अल्मल्याउने, पानीसँग मोहनी लगाउने र यसलाई टुनामुना गर्ने काम गरिनु पर्दछ । किनभने वैदिक शास्त्रले पनि भन्दछ, जल नै जीवन हो- कृषि हो, उद्यम हो, औषधि हो, स्वास्थ्य हो । यी कुरा तलको श्लोकको सार हो ।

**अप्स्वअन्तरमृतमप्सुभेषजमपामुतप्रशस्तये ॥**
**देवाभवतवाजिनः ॥**

तर पानीसँग त्यसै मोहनी लाग्दैन, राम्रो गीत वा कविता रचेर पनि त्यो सुस्ताउँदैन । पानी अड्याउन र चिस्यान बढाउन खास किसिमका कार्य गर्नु पर्दछ । साना र बृहत्तर परियोजनाहरूको तयार गरी कार्यान्वयनमा लैजानु पर्दछ । परियोजनाहरूमार्फत यसको बाटोलाई घुमाउरो बनाई बसाई लम्ब्याउनु पर्दछ । पानीलाई जहाँ जहाँ सकिन्छ त्यहीं अड्याउने र कम्तीमा पनि दौडाइको गति कम गराउनु पर्दछ । नदी मिलान, विद्युत् उत्पादन, सिंचाइ, खानेपानी, मत्स्यपालन, जलयातायात, पर्यटन समेतका क्षेत्रमा ठूला तथा बहुमुखी योजना निर्माण गर्नसके पानीलाई आफ्नै भूमिमा घुमाउने र बढी समय अड्याउन सकिन्छ । तसर्थ पानीको संरक्षण, उपयोग, वितरण र व्यवस्थापनलाई प्रामिकतामा राखिनु पर्दछ, किनभने पानी नै सुखी र समुन्त जीवनको आधार हो ।

**५. निष्कर्ष**

अन्त्यमा, माथि धेरै कुरा गरियो । धेरैमध्ये सर्वोपरी स्रोतमा जनशक्ति र जलशक्ति हो भन्ने किटान पनि भयो । विशिष्टिता र सबल तथा दुर्बल पक्षहरू एवं चुनौतीहरूको पनि चर्चा भयो । आउँदा दिनमा गर्नुपर्ने प्रमुख कार्यहरूको प्रारूप पनि प्रस्तुत भयो । अब यी विषयलाई कसरी सम्बोधन र कार्यान्वयनमा लगी नतिजमा रूपान्तरण गर्ने भन्ने प्रश्न हामीसामु छ । यसको लागि सर्वप्रथम त गन्तव्य वा लक्ष्यमा कहिलेसम्म पुग्ने भन्ने आधारमा समृद्धिको यात्राको व्यवस्थापनलाई चुस्त बनाउनु पर्छ, गतिलाई पनि तीव्र बनाउनु पर्छ । अनि उपयुक्त नीति, नीति अनुसारका कार्यक्रम र कार्ययोजना पनि त्यसै गतिलाई समात्ने गरी बनाउनु पर्दछ । योजना तथा कार्यक्रम तयार गर्दा जिल्लागत र स्थानीयगत विशषेता, विशिष्टता र तुलनात्मक लाभका क्षेत्र पहिचान गरी सो अनुरूप नीति तथा योजना तयारी, पूर्वाधारको विकास र बजार विस्तार कार्यको थालनी गर्नु पर्दछ । साथै राष्ट्रियस्तरबाट भविष्यमा निर्माण हुने संरचनाहरूबाट बढी फाइदा लिनको लागि क्षेत्रगत उत्पादन बढाएर दोहोरो फाइदा लिनको लागि अन्तरसम्बन्धित (क्रस कटिङ) विषयका योजनालाई पनि यसमा जोडिनु पर्दछ । अनि यी कुरालाई बजेटमा ढाल्नु पर्दछ । किनभने बजेट भनेको आवधिक नीति, कानुन तथा स्रोत साधनको जोहो गर्ने वैज्ञानिक उपकरण पनि हो । यस्ता कार्यहरू गर्दा, सोच निर्माण गर्दा, योजना र कार्यक्रम बनाउँदा, महिला बालबालिका, पिछडिएका वर्ग तथा समुदायको आर्थिक सामाजिक समुन्नति हुने विषयलाई भने बिर्सनु हुँदैन । हरेक क्षेत्रमा सुशासन र पारदर्शिताले स्थान पाउनु पर्दछ जसले गर्दा साधन र स्रोतको, दक्षता, प्रभावकारिता र उपयागिता बढ्दछ । थोरै साधनले धेरै काम गर्न सकिन्छ, अनि सरकारप्रति जनताको विश्वास पनि बढेर जान्छ । ●●

*(प्रा.डा. अधिकारी राष्ट्रिय योजना आयोगका पूर्व सदस्य हुनुहुन्छ ।)*

# आर्थिक विकासमा वित्तीय क्षेत्रको भूमिका र वित्तीय स्थायित्वको प्रसंग

■ नारायण प्रसाद पौडेल

१. **विषय प्रवेश**

वित्तीय संस्था, वित्तीय उपकरण र वित्तीय मध्यस्थताको सामूहिक स्वरूप नै वित्तीय प्रणाली हो र नेपालको वित्तीय प्रणालीलाई पनि अन्य मुलुकको जस्तै मुद्रा बजार र पुँजीबजारमा विभाजन गर्न सकिन्छ । सामान्यतः एक वर्ष वा सोभन्दा कम अवधिको वित्तीय उपकरणहरू जस्तै मुद्धति निक्षेप, निक्षेप प्रमाणपत्र, ट्रेजरी विल आदि मुद्रा बजारका उपकरणहरू हुन् भने दीर्घकालीन वा एक वर्षभन्दा बढी अवधिका वित्तीय उपकरणहरू जस्तै पुँजीबजारका उपकरणहरू हुन् । पुँजी बजारलाई प्राथमिक र दोश्रो गरी दुई भागमा विभाजन गरिएको हुन्छ । वित्तीय संस्था, वित्तीय उपकरण र वित्तीय मध्यस्थताको सामूहिक स्वरूपलाई वित्तीय प्रणाली भनिन्छ । वित्तीय संस्थाहरूले अर्थतन्त्रमा वचत गर्ने क्षेत्र र लगानीयोग्य साधनको माग गर्ने क्षेत्रलाई आवश्यक वित्तीय सेवाहरू वित्तीय बजारमार्फत उपलब्ध गराउँछन् । वचत गर्ने क्षेत्र र लगानीको लागि वित्तीय साधन माग गर्ने क्षेत्रलाई संस्थागत माध्यमद्वारा आवश्यकतानुरूपको वित्तीय सेवासुविधा पुऱ्याउने कार्यलाई वित्तीय मध्यस्थताको सेवा भनिन्छ ।

२. **नेपालको वित्तीय प्रणाली**

नेपालको वित्तीय प्रणालीलाई बैंकिङ्ग र गैर-बैंकिङ्ग वित्तीय संस्थाहरू गरी दुई भागमा विभाजन गरी हेर्न सकिन्छ । वाणिज्य बैंकहरूलाई बैंकिङ्ग र अन्य वित्तीय संस्थाहरूलाई गैर- बैंकिङ्ग प्रकृतिका संस्थाहरू अन्तर्गत राख्न सकिन्छ । विकास बैंक र वित्त कम्पनी नेपाल राष्ट्र बैंकको प्रत्यक्ष नियमन र सुपरीवेक्षणको दायराभित्र वित्तीय संस्थाहरू हुन् । यी संस्थाहरूका अतिरिक्त अन्य गैर-वित्तीय संस्थाहरूमा बीमा कम्पनी, कर्मचारी संचयकोष, नागरिक लगानी कोष, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, निक्षेप तथा कर्जा सुरक्षण निगम कोष, कर्जा सूचना केन्द्र जस्ता संस्थाहरू पर्दछन । यी विभिन्न प्रकृतिका संस्थाहरूले अर्थतन्त्रमा वित्तीय साधनको परिचालनमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट मद्दत पुऱ्याइरहेका हुन्छन् । नेपाल राष्ट्र बैंकको प्रत्यक्ष नियमन र सपुरीवेक्षणको दायराभित्र पर्ने बैंक तथा वित्तीय संस्थाहरूको संख्यात्मक उपस्थितिलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति**

| | वाणिज्य बैंक | विकास बैंक | वित्त कम्पनी | लघुवित्त | कुल |
|---|---|---|---|---|---|
| २०४० असार मसान्त | २ | २ | - | - | ४ |
| २०५० असार मसान्त | ८ | २ | ८ | २ | २० |
| २०६० असार मसान्त | १७ | ११ | ५७ | ११ | ९६ |
| २०७० असार मसान्त | ३१ | ८६ | ५९ | ३१ | २०७ |
| २०७१ असार मसान्त | ३० | ८४ | ५३ | ३७ | २०४ |
| २०७२ असार मसान्त | ३० | ७६ | ४८ | ३८ | १९२ |
| २०७३ असार मसान्त | २८ | ६७ | ४२ | ४२ | १७९ |
| २०७४ असार मसान्त | २८ | ४० | २८ | ५३ | १४९ |
| २०७५ असार मसान्त | २८ | ३३ | २५ | ६५ | १५१ |
| २०७५ असोज मसान्त | २८ | ३३ | २४ | ६८ | १५३ |

*स्रोतः नेपाल राष्ट्र बैंक*

वि.सं. २०४० सालसम्म सरकारी स्वामित्वमा स्थापित दुईवटा वाणिज्य बैंकहरू र दुईवटा विकास बैंकहरू कार्यरत रहेकोमा सन् १९८० को दशकपछि अवलम्बन गरिएको उदार, बजारमुखी एवं खुला अर्थ नीतिका कारण बैंक तथा वित्तीय संस्थाहरूको उपस्थितिमा उल्लेख्य विस्तार आई २०७० असार मसान्तसम्ममा २०७ पुगेको थियो । वि.सं. २०६८ मा बैंक तथा वित्तीय संस्था एकआपसमा गाभ्ने गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी व्यवस्था अख्तियार गरिएपछि २०७५ असोज मसान्तसम्ममा कुल १६४ वटा बैंक तथा वित्तीय संस्थाहरु मर्जर/प्राप्ति प्रक्रियामा सामेल भएका छन् । यसमध्ये १२२ वटा संस्थाहरूको इजाजत खारेज हुन गई कुल ४२ संस्था कायम भएका छन् । परिणामस्वरूप २०७५ असोज मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाको कुल संख्या १५३ कायम रहन गएको छ ।

### ३. केन्द्रीय बैंकको उद्देश्य र वित्तीय स्थायित्वको प्रसंग

मुलुकमा मौद्रिक स्थायित्व, वित्तीय स्थायित्व एवम् भुक्तानी प्रणालीको स्थायित्व कायम गर्ने गराउने जस्ता महत्वपूर्ण उद्देश्यहरूको प्राप्तिमा केन्द्रीय बैंकको भूमिकालाई स्थापित गरिएको हुन्छ र नेपालको सन्दर्भमा पनि नेपाल राष्ट्र बैंकको उद्देश्यहरूलाई यसरी नै लिइएको तथ्य प्राथमिक नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा उल्लेखित निम्न उद्देश्यहरूबाट स्पष्ट हुन्छ ।

- आर्थिक स्थायित्व र अर्थतन्त्रको दिगो विकासको निमित्त मूल्य र शोधनान्तर स्थिरता कायम गर्नको लागि आवश्यक मौद्रिक तथा विदेशी विनिमय नीति निर्माण गरी सोको व्यवस्थापन गर्ने,
- वित्तीय सेवाको पहुँच अभिवृद्धि र बैंकिङ्ग तथा वित्तीय क्षेत्रको स्थायित्व कायम गरी बैंकिङ्ग तथा वित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्ने, र
- सुरक्षित, स्वस्थ तथा सक्षम भुक्तानी प्रणालीको विकास गर्ने ।

सुदृढ, सबल र सक्षम वित्तीय मध्यस्थताको सेवाबाट बचत गर्ने क्षेत्र, लगानीका लागि वित्तीय साधनको माग गर्ने क्षेत्र र यी दुबै क्षेत्रहरूमा वित्तीय सेवाको आवश्यकता पूर्ति गरिदिने वित्तीय मध्यस्थकर्ता आदि सबै पक्षहरू लाभान्वित हुन पुग्दछन । चुस्त, सुसंगठित, सुदृढ, सुरक्षित र अनुशासित वित्तीय मध्यस्थताको सेवाबाट अर्थतन्त्रमा लगानी प्रवर्द्धन गर्न सहयोग पुग्ने, आर्थिक क्रियाकलापहरूमा विस्तार हुने, आय, रोजगारी एवम् उत्पादनका थप अवसरहरूको सिर्जना हुन गई राज्यले परिलक्षित गरे बमोजिमको उच्च आर्थिक वृद्धिदर हासिल गर्न सघाउ पुग्दछ । वित्तीय क्षेत्रको सुधार अन्तर्गत मुलुकको वित्तीय प्रणालीलाई कसरी सुरक्षित स्वस्थ्य र सक्षम बनाई राख्ने र प्रभावकारी नियमन, निरीक्षण एवम् सुपरीवेक्षणको माध्यमबाट कसरी अनुशासित र मर्यादित ढंगबाट सञ्चालन गराउन सकिन्छ भन्ने जस्ता विषयहरू समेटिएको हुन्छ । ईजाजत प्रक्रिया, उपयुक्त नियमन व्यवस्थाको अवलम्बन, प्रभावकारी निरीक्षण, अनुगमन तथा सुपरीवेक्षण, उपयुक्त कानुनी व्यवस्था र प्रभावकारी कार्यान्वयन, संस्थागत सुशासन, पारदर्शिता, अन्तर्राष्ट्रियस्तरको लेखा र लेखाप्रणाली जस्ता पक्षहरू नै वित्तीय सुधार कार्यक्रम अन्तर्गत समेटिने विक्षयहरू हुन् । निक्षेप स्वीकार गर्ने तथा कर्जा लगानी गर्ने जस्ता बैंकिङ्ग/वित्तीय कारोवारमा संलग्न बैंक/वित्तीय संस्था स्वयं आफैमा सुस्वस्थ्य र वित्तीय अनुशासनमा हुनु पर्दछ । एउटा बैंक/वित्तीय संस्थाको असफलताले पनि वित्तीय क्षेत्रमा ठूलो हलचल ल्याउन सक्दछ । यसले गर्दा जनसाधारणमा बैंक/वित्तीय संस्था प्रतिको विश्वसनीयतामा पनि ह्रास आउँदछ ।

### ४. वित्तीय क्षेत्र विकास रणनीति

नेपाल सरकार, मन्त्रिपरिषद्बाट वि.सं. २०७३ पुस २२ गते वित्तीय क्षेत्र विकास रणनीति (२०७३/७४-२०७७/७८) स्वीकृत भई कार्यान्वयन हुँदै आएको छ । यस रणनीतिले बैंकिङ्ग क्षेत्र, बीमा क्षेत्र, पुँजीबजार क्षेत्र, गैर-बैंकिङ्ग वित्तीय संस्थाहरु, सहकारी क्षेत्र, वित्तीय बजारका पूर्वाधार र क्षमता विकास जस्ता पक्षहरू समेटेको छ । यो रणनीतिपत्र कार्यान्वयनमा आएको पाँच वर्ष अर्थात् आ.व. २०७७/७८ को अन्त्यसम्मा केही निश्चित रणनीतिक/परिमाणात्मक लक्ष्यहरु हासिल हुने अपेक्षा समेत गरिएको छ । बैंकिङ्ग क्षेत्रसँग सम्बन्धित लक्ष्यहरूमा बैंक तथा वित्तीय संस्था एकआपसमा गाभिने तथा प्राप्त गर्ने प्रक्रियाका माध्यमबाट संस्थाको संख्यामा उल्लेखनीय रूपमा कमी आउने, कुल गार्हस्थ्य उत्पादनमा वित्तीय क्षेत्रको योगदान बढेर ८ प्रतिशत पुगेको हुने, निक्षेप र कर्जामा वृद्धि भई कुल गार्हस्थ्य उत्पादनको अनुपातमा क्रमशः १०० र ८० प्रतिशत पुगेको हुने, कुल गार्हस्थ्य उत्पादनको अनुपातमा निजी क्षेत्र तर्फ ८० प्रतिशत र कृषि क्षेत्रमा प्रवाहित कर्जा १० प्रतिशत पुगेको हुने, कुनै बैंक वा वित्तीय संस्थाको शाखाबाट ३० मिनेटको दुरीमा बसोबास गर्ने जनसंख्या ५० प्रतिशत पुगेको हुने, निक्षेप खाताको संख्या २ करोड र कर्जा खाताको संख्या १५ लाख पुगेको हुने

र कर्जा खाताको संख्या १० लाख ९६ हजार रहेकोमा निक्षेप तथा कर्जाबीचको ब्याजदर अन्तर ४.४ प्रतिशतभन्दा कम भएको हुने, वाणिज्य बैंकहरूलाई अन्तर्राष्ट्रिय क्रेडिट रेटिङ्ग एजेन्सीबाट रेटिङ्ग गर्ने र निक्षेप स्वीकार गर्ने अन्य बैंक तथा वित्तीय संस्थाहरूलाई राष्ट्रिय वा अन्तर्राष्ट्रिय क्रेडिट रेटिङ्ग एजेन्सीबाट रेटिङ्ग गर्ने व्यवस्था भएको हुने जस्ता विषयहरू रहेका छन् ।

**५. वित्तीय समावेशीकरण**

आम जनतालाई लक्षित गरी यथोचित मूल्यमा बचत, कर्जा, भुक्तानी र बीमा जस्ता आधारभूत वित्तीय सेवा-सुविधाहरू सर्वसुलभ ढंगबाट उपलब्ध गराउनु नै वित्तीय समावेशीकरण हो र यसका लागि माग र आपूर्ति दुवै पक्षमा ध्यान दिनुपर्ने हुन्छ । माग पक्षले वित्तीय सेवामा पहुँच र वित्तीय सेवाको प्रयोगमा जोड दिएको हुन्छ । बैंक तथा वित्तीय संस्थाहरूको बजार प्रवेश एवम् वित्तीय सेवाको विस्तार आपूर्ति पक्षका अंगहरू हुन । अतः वित्तीय समावेशीकरणका लागि बैंक तथा वित्तीय संस्थाहरूको संस्थागत उपस्थिति एवम् वित्तीय सेवाको विस्तार तथा वित्तीय सेवामा सर्वसाधारणको पहुँच एवम् सेवाको उपयोग बढाउनु आवश्यक हुन्छ । वित्तीय समावेशीकरण मार्फत सर्वसाधारणलाई वित्तीय सेवाको मुलधारमा ल्याई आर्थिक वृद्धि, वित्तीय स्थायित्व एवम् सामाजिक संरचनामा सकरात्मक प्रभाव ल्याउनु पर्ने आवश्यकता महशुस गरी तदनुरूपका नीति, योजना, कार्यक्रम तथा संस्थागत संरचना निर्माणमा जोड दिइएको पनि पाइन्छ ।

कुल वयस्क जनसंख्यामध्ये बैंकिङ्ग सुविधा पुगेको जनसंख्याको प्रतिशतले मुलुकको वित्तीय समावेशीकरण अवस्थालाई संकेत गरेको हुन्छ । २०७५ असोज मसान्तसम्ममा "क" वर्गका वाणिज्य बैंकका ३१०४ "ख" वर्गका विकास बैंकका १०५७ "ग" वर्गका वित्त कम्पनीका १८६ र "घ" वर्गका लघुवित्तका २६५१ गरी कुल शाखा संख्या ६९९८ पुगेको छ । नेपालमा वित्तीय समावेशीकरणको अवस्था बारेमा औपचारिक तवरबाट विस्तृत अध्ययन भएको छैन । एक अध्ययन अनुसार नेपालमा कुल वयस्क जनसंख्याको ४० प्रतिशतलाई बैंक सेवा, २१ प्रतिशतलाई अन्य औपचारिक वित्तीय सेवा, २१ प्रतिशतलाई अनौपचारिक वित्तीय सेवा पुगेको र बाँकी १८ प्रतिशतलाई औपचारिक एवम् अनौपचारिक कुनै पनि किसिमको बैंकिङ्ग तथा वित्तीय सेवा नपुगेको अवस्था देखिन्छ । नेपाल सरकारले ७५३ वटा स्थानीय निकायहरूमा कम्तीमा एउटा वाणिज्य बैंकको शाखा पुऱ्याउने नीति अवलम्बन गरेपश्चात् २०७५ मंसिरसम्ममा कुल ६८८ स्थानमा वाणिज्य बैंक शाखाको उपस्थिति पुगेको अवस्था छ भने बाँकी ६५ स्थानमा शाखा खुल्ने क्रममा रहेको छ । यसबाट पनि वित्तीय पहुँचमा विस्तार भई वित्तीय समावेशीकरणको स्तरमा बढावा ल्याउन मद्दत पुगेको छ ।

**६. निष्कर्ष**

नेपाल राष्ट्र बैंकमा गरिएको पछिल्लो संशोधनमा वित्तीय समावेशीकरण र वित्तीय पहुँचलाई केन्द्रीय बैंकको उद्देश्यको रूपमा कानुनमा नै स्पष्टतः उल्लेख गरिएको छ । मुलुकमा व्याप्त उच्च गरिबीको अवस्थालाई विचार गर्दा वित्तीय पहुँच विस्तार गरी गरिबीको अवस्थामा सुधार ल्याउने खालका नीति तथा कार्यक्रमहरूको तर्जुमा एवम् कार्यान्वयनमा अझै पनि जोड दिनुपर्ने अवस्था छ र यसमा केन्द्रीय बैंकको यो भूमिकामा अहम् हुन आउँदछ । मौद्रिक नीतिमार्फत् पनि वित्तीय पहुँच विस्तार, वित्तीय साक्षरता एवम् समावेशी आर्थिक वृद्धि जस्ता मुद्धाहरू अगाडि सारिएको अवस्था छ । वित्तीय समावेशीकरणको माग पक्ष सेवाग्राहीसँग सम्बन्धित हुन्छ भने आपूर्ति पक्ष बैंकिङ्ग सञ्जालसँग सम्बन्धित हुन्छ । मुलुकको अर्थिक विकासमा वित्तीय प्रणालीको महत्वपूर्ण भूमिका हुने हुँदा वित्तीय समावेशीकरणलाई अर्थपूर्ण रूपमा लिने गरिन्छ । यसका लागि वित्तीय स्थायित्व पनि त्यत्तिकै महत्वपूर्ण हुन आउँदछ । ●●

*(लेखक नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक हुनुहुन्छ ।)*

# बैंक कर्जा व्यवहारका निर्धारक तत्वहरू

■ नीलम तिम्सिना

मुलुकको आर्थिक विकास, आर्थिक स्थिरता र वित्तीय स्थायित्व हासिल गर्नको लागि कर्जाको महत्वपूर्ण भूमिका हुने गर्दछ । बैंक कर्जा भन्नाले वाणिज्य बैंकहरूबाट व्यक्ति, व्यावसायिक संगठन र सरकार आदिलाई प्रवाह गरिने कुल रकम भन्ने बुझिन्छ । वाणिज्य बैंकहरूले वित्तीय मध्यस्थताको कार्यबाट अर्थतन्त्रको बचत गर्नसक्ने क्षेत्रबाट निक्षेपको रूपमा पैसा संकलन गरी अर्थतन्त्रका विभिन्न क्षेत्रहरूमा कर्जा प्रवाह गर्ने गर्दछन् । बैंकहरूको यही वित्तीय मध्यस्थताको कार्यबाट नै मुलुकको आर्थिक विकास, आर्थिक स्थिरता र वित्तीय क्षेत्र स्थायित्व प्रभावित हुनेगर्दछ ।

आर्थिक विकास हुनका लागि मुलुकमा भौतिक पूर्वाधार क्षेत्र, उद्योग, कलकारखाना, कृषि, जलविद्युत, स्कूल, कलेज, अस्पताल आदिमा लगानी हुनुपर्दछ । यस्तो लगानी व्यक्तिले गर्ने सानो लगानीबाट मात्र सम्भव हुँदैन । ठूलो लगानी गर्न बैंकबाट कर्जा प्रवाह हुनैपर्दछ । तसर्थ आर्थिक विकासमा बैंक कर्जाको महत्वपूर्ण भूमिका हुनैपर्दछ ।

आर्थिक स्थिरता हासिल गर्नका लागि पनि बैंक कर्जाको महत्वपूर्ण भूमिका हुनेगर्दछ । बैंकहरूले ज्यादा कर्जा प्रवाह गरे भने त्यसले मुद्राप्रदाय बढाउने, जसले मूल्यमा चाप पार्ने गर्दछ । यसले मूल्य स्थिरता र आर्थिक स्थिरता हासिल हुनसक्दैन । त्यसमाथि पनि बैंकहरूले अर्थतन्त्रको कुन कुन क्षेत्रमा कर्जा प्रवाह गरेका छन् ? भन्ने कुराले समेत आर्थिक स्थिरता हासिल गर्ने दिशामा महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ ।

हिजोआज अति नै चलनचलतीमा आएको शब्द हो वित्तीय स्थायित्व । वित्तीय स्थायित्व हासिल गर्ने सन्दर्भमा त झन् बैंक कर्जाको अझ ठूलो भूमिका हुन्छ । बैंक कर्जाकै माध्यमबाट विश्वमा ठूलाठूला आर्थिक तथा वित्तीय संकटहरू आएका छन् । बैंकहरूले स्वार्थवश कर्जा दिँदा, कमसल धितोमा कर्जा दिँदा, अनुत्पादनशील र सट्टेबाजी क्षेत्रमा कर्जा दिँदा रियल स्टेटको मूल्यमा आएको गिरावटले बैंकबाट प्रवाह भएको कर्जाको धितोमा कमी आउँदा, विभिन्न कारणले कर्जा खराब हुँदा, असूली हुननसक्दा बैंक वित्तीय संस्थाहरूमा तरलताको समस्या पर्ने, ग्राहकहरू निक्षेप झिक्न लाइन लाग्ने, त्यसको संक्रमण असर अरू बैंक वित्तीय संस्थाहरू र समग्र बैंकिङ्ग प्रणाली एबं अर्थतन्त्रमा पर्नसक्ने हुन्छ । यसैलाई वित्तीय अस्थायित्व भनिन्छ । वित्तीय अस्थायित्व आउनमा सबभन्दा ठूलो हात बैंक कर्जाको अप्रभावकारी व्यवस्थापनबाट सिर्जित कर्जा जोखिम नै हो ।

**वित्तीय अस्थायित्व आउनमा सबभन्दा ठूलो हात बैंक कर्जाको अप्रभावकारी व्यवस्थापनबाट सिर्जित कर्जा जोखिम नै हो ।**

कर्जाले बैंकको कुल सम्पत्तिको महत्वपूर्ण हिस्सा ओगटेको हुन्छ र बैंक कर्जाबाट प्राप्त व्याज आम्दानी नै बैंकको आम्दानीको महत्वपूर्ण हिस्सा हुनआउँछ । बैंक कर्जामा ठूलो जोखिम निहित हुन्छ, जसले बैंकको मुनाफा, तरलता र सक्षमतामा ठूलो प्रभाव पार्दछ । बैंक कर्जाको गुणस्तरले बैंकको सुदृढता र स्थायित्वको साथै निक्षेपकर्ता र साहूहरूले व्यहोर्नुपर्ने जोखिमलाई पनि औंल्याइरहेको हुन्छ । कर्जाको कमसल व्यवस्थापन नै विश्वव्यापी रूपमा बैंक असफलता र तरलता जोखिमको मुख्य कारण हो । तसर्थ बैंक कर्जा व्यवहारका निर्धारक तत्वहरूको बारेमा बैंकहरू स्वयं, केन्द्रीय बैंक, सरकार, ग्राहक, अनुसन्धाता र अन्य सरोकारवालाहरू सबैले राम्रो जानकारी हासिल गर्नु जरूरी छ ।

**बैंकको कर्जा व्यवहारका निर्धारक तत्वहरू**

बैंकको कर्जा व्यवहारले आर्थिक विकास, आर्थिक स्थिरता र वित्तीय क्षेत्र स्थायित्वलाई प्रभाव पार्ने हुनाले

त्यसको अध्ययन गर्नु आवश्यक छ भन्ने कुरा प्रष्ट भइसकेपछि आखिर बैंकको कर्जा व्यवहारलाई के कस्ता तत्वहरूले प्रभाव पार्दछन् त ? तिनको विश्लेषण गर्नु समेत अति जरूरी छ । मूलतः बैंक कर्जा व्यवहारका निर्धारक तत्वहरूलाई देहायबमोजिम प्रस्तुत गर्नसकिन्छ :

१. निक्षेप आधार : बैंकको कर्जा व्यवहार बैंकमा जम्मा भएको निक्षेपमा आधारित हुन्छ । निक्षेप बढी छ भने कर्जा पनि बढी नै दिने प्रवृत्ति हुन्छ भने निक्षेप कम भएको अवस्थामा कर्जा पनि कम नै दिने प्रवृत्ति हुन्छ ।

२. पूँजी आधार : बैंकको पुँजी आधारले पनि बैंकको कर्जा व्यवहारलाई निर्धारण गर्दछ । पुँजी व्यावसायिक बैंकिङ्को कुशन हो । बढी पुँजी भयो भने त्यहीअनुसार बढी नै कर्जा प्रवाह र व्यवसाय विस्तार हुने गर्दछ । त्यही भएर बैंकहरूको पुँजीकोष अनुपात निर्धारण गर्दा कुल जोखिम भारित सम्पत्तिको १० प्रतिशत भनी निर्धारण गरिएको हुन्छ । कुल जोखिमभारित सम्पत्तिको ठूलो अंश बैंक कर्जाकै रहेको हुन्छ ।

३. व्याजदरः बैंक कर्जा व्यवहारको अर्को महत्वपूर्ण निर्धारक तत्व व्याजदर हो । व्याजदर कम हुँदा ऋणीहरूले कर्जाको माग बढी गर्ने हुनाले बढी कर्जा प्रवाह हुन्छ भने व्याजदर बढी हुँदा कर्जाको माग कम हुने हुँदा कर्जा प्रवाह पनि कम हुने हुन्छ । तर बैंकहरूले कर्जा प्रवाह गर्ने इच्छा चाहिँ बढी व्याजदरमा बढी र कम व्याजदरमा कम नै हुने गर्दछ ।

४. तरलताः बैंकहरूसँग पर्याप्त तरलता छ भने उनीहरूले बढी नै कर्जा प्रवाह गर्दछन् र तरलता पर्याप्त छैन भने उनीहरूले कम कर्जा प्रवाह गर्दछन् । तरलता बढी हुने बैंकहरूले तरलताको लागि केन्द्रीय बैंकमा भर पर्नुनपर्ने हुनाले मौद्रिक कामकारवाहीप्रति त्यति धेरै रेस्पोन्स नजनाउने व्यवहार व्यक्त गर्दछन् भने तरलता कम हुने बैंक मौद्रिक अधिकारीको क्रियाकलापबाट छिट्टै नै प्रभावित हुने गर्दछन् । बैंक सर्वसाधारणको बचतलाई धरोहरको रूपमा सुरक्षित राख्ने र उपयुक्त प्रतिफल दिने उद्देश्यले स्थापना भएको संस्था भएको हुनाले बचतकर्ताले मागेको बखतमा उक्त रकम व्याजसहित फिर्ता दिनुपर्ने हुन्छ । यस्तो अवस्थामा यदि बैंकले आफूसँग भएको निक्षेप सबै कर्जाको रूपमा प्रवाह गरी तरलता कायम गरेन भने बचतकर्ताले माग गरेको बखत फिर्ता दिन नसक्ने हुन्छ । यसरी आफ्नो दायित्व बैंकले पूरा गर्न नसक्दा उसको ख्याति र दीर्घकालीन अस्तित्वमा नै असर पर्दछ । यस्तो अवस्थामा बैंकमा बचतकर्ताहरूको पैसा झिक्ने लाइन नै लाग्दछ । एउटा बैंकमा बचतकर्ताको लाइन लागेपछि त्यसको संक्रमण असर अन्य बैंकमा समेत सर्दछ र वित्तीय प्रणाली नै असुरक्षित हुन्छ । तरलता नभए पछि कर्जा दिँदा धितोको रूपमा राखेको सम्पत्तिहरू कौडीको मूल्यमा बिक्री गर्नुपर्दछ । एउट बैंकले आफ्नो कर्जा असुल गर्न सम्पत्तिहरू सस्तोमा बिक्री गर्दै जाँदा आखिर समग्र बैंकहरूकै बीचमा सम्पत्ति सस्तोमा बेच्ने प्रतिस्पर्धा जस्तै चल्नथाल्दछ । यसले सम्पत्तिको मूल्य तीव्र गतिमा घट्ने क्रम शुरू हुन्छ । यस्तो भयावह स्थिति नआओस् भन्नाका लागि बैंक वित्तीय संस्थाहरूले आफूसँग भएको निक्षेपको सबै भाग कर्जाको रूपमा लगानी गर्नहुँदैन । केही आवश्यक रकम तरलताको रूपमा राख्नु पर्दछ । केन्द्रीय बैंकले यही उद्देश्यका लागि वाणिज्य बैंकहरूका लागि तरलता अनुपात न्यूनतम २० प्रतिशत तोकिदिएको छ । कर्जा निक्षेप अनुपात ८० प्रतिशत तोकिदिएको छ । वाणिज्य बैंकहरूको कर्जा व्यवहारमा यसप्रकार तरलताको महत्वपूर्ण भूमिका हुन्छ ।

५. बैंकको आकार : बैंकको आकार ठूलो छ भने कर्जा प्रवाह पनि बढी हुन्छ र आकार सानो छ भने कर्जा प्रवाह पनि कम हुने गर्दछ । बैंकको कुल सम्पत्ति र दायित्वको अवस्थाले बैंकको आकार निर्धारण गर्दछ । अर्को कुरा बैंकको आकार ठूलो छ भने मौद्रिक अधिकारले लिएका नीतिगत निर्णयप्रतिको बैंकको रेस्पोन्स पनि कमजोर हुने गर्दछ । यसको विपरीत सानो आकारका बैंकहरू मौद्रिक अधिकारीको मौद्रिक नीतिबाट बढी नै प्रभावित हुने गर्दछन् ।

६. कुल गार्हस्थ्य उत्पादन : मुलुकमा आर्थिक वृद्धिदर उच्च छ, कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर सन्तोषजनक छ भने आर्थिक क्रियाकलापले गति लिइरहेका हुन्छन् । उद्योगधन्धा, कलकारखाना आदि फस्टाएका हुन्छन् । पूर्वाधार, मानव संसाधनको विकासमा पर्याप्त लगानी भइरहेको हुन्छ । जनताको प्रतिव्यक्ति आयमा वृद्धि भइरहेको हुन्छ । आम्दानीमा वृद्धि हुँदा बचतमा वृद्धि हुने र यसले लगानीमा वृद्धि हुने गर्दछ । यी आर्थिक क्रियाकलापहरूमा लगानी गर्नका लागि बैंकबाट धेरै नै कर्जा प्रवाह हुने गर्दछ । पुनः कर्जा प्रवाहमा वृद्धि हुन्छ ।

आर्थिक क्रियाकलापहरूले गति लिएको बेलामा बैंक कर्जाहरू पनि खराब हुने सम्भावना हुँदैन । तसर्थ कुल गार्हस्थ्य उत्पादन र बैंक कर्जाको सकारात्मक सम्बन्ध हुन्छ ।

७. मौद्रिक नीति : मौद्रिक अधिकारीले अवलम्बन गर्ने मौद्रिक नीति, मौद्रिक नीतिका उपकरणहरू, मौद्रिक व्यवस्थापन प्रक्रिया र मौद्रिक नीतिका प्रसारण मार्ग आदिले बैंकको कर्जा व्यवहारमा प्रत्यक्ष र परोक्ष दुबै किसिमको प्रभाव पार्दछ । वाणिज्य बैंकहरू भनेका मौद्रिक नीति कार्यान्वयनका समकक्षीहरू हुन् । यिनको माध्यमबाट नै मौद्रिक नीतिको कार्यान्वयन हुने गर्दछ । वित्तीय प्रणाली कुशल र विकसित भएको ठाउँमा मौद्रिक नीतिको कार्यान्वयन प्रभावकारी हुने गर्दछ । केन्द्रीय बैंकले मुद्राप्रदायलाई लक्ष्यमा राख्नको लागि मौद्रिक व्यवस्थापन गर्दा वाणिज्य बैंकको अधिक तरलतालाई सञ्चालन लक्ष्यको रूपमा लिएको हुन्छ । अनिवार्य नगद मौज्दात, बैंक दर, खुला बजार प्रक्रिया आदिको माध्यमबाट केन्द्रीय बैंकले वाणिज्य बैंकहरूको कर्जा प्रवाह क्षमतामा प्रभाव पारी मुद्राप्रदायमा प्रभाव पार्दछ । केन्द्रीय बैंकले खुला बजारमा प्रतिभूतिहरू बिक्री गर्दा वाणिज्य बैंकहरूको ऋणयोग्य कोषमा कमी हुन्छ र उनीहरूको कर्जा प्रवाह क्षमता संकुचित हुन्छ । त्यस्तै अनिवार्य नगद अनुपातमा वृद्धि गर्दा पनि बैंकहरूले थप रकम केन्द्रीय बैंकमा राख्नुपर्ने हुनाले उनीहरूको लगानीयोग्य कोषमा कमी भई ऋण प्रवाह क्षमता कम हुन्छ ।

तर मौद्रिक नीतिको बैंकको कर्जा व्यवहारमा कस्तो प्रभाव पर्दछ भन्ने कुरा बैंकको आकार, तरलता, र पुँजी संरचनाले समेत निर्धारण गर्दछ । सामान्यतयाः सानो, कम तरलता र कम पुँजी भएको बैंक, जो ज्यादातर तरलताको लागि केन्द्रीय बैंकमा भर पर्दछन्, तिनीहरू केन्द्रीय बैंकको मौद्रिक नीतिबाट ज्यादा प्रभावित हुन्छन् । बैंकहरूमा तरलता संकट हुँदा केन्द्रीय बैंकले उपलब्ध गराउने अन्तिम ऋणदाता सुविधाले वाणिज्य बैंकहरूको कर्जा व्यवहारमा ठूलो राहत प्रदान गर्दछ । यसले बैंकहरूको कर्जा व्यवहार मात्र होइन, उनीहरूको अस्तित्वा र स्थायित्व नै सुनिश्चित गर्दछ । केन्द्रीय बैंकले बैंक दरमा वृद्धि गर्दा वाणिज्य बैंकहरूले केन्द्रीय बैंकसँग लिने ऋणको व्याजदर महँगो पर्नजाने र त्यसको प्रभाव क्रमशः बैंकले ग्राहकलाई दिने कर्जामा लिने व्याजदरमा पर्ने हुँदा बैंक दरमा वृद्धि हुँदा कर्जाको मागमा अन्ततोगत्वा कमी हुने गर्दछ । अर्को कुरा महँगो बैंकदरमा वाणिज्य बैंकहरूले केन्द्रीय बैंकसँग कम नै कर्जा लिने हुँदा उनीहरूको कर्जा प्रवाह क्षमता समेत कम हुन जान्छ ।

बैंकहरूको कर्जा व्यवहारमा मौद्रिक नीतिको प्रसारण संयन्त्रको समेत उल्लेख्य प्रभाव हुने हुनाले सो विषय पनि यहाँ केही उल्लेख गर्नु सान्दर्भिक हुनआउँछ । मौद्रिक नीतिका संयन्त्रहरू धेरै किसिमका छन्, जस्तैः बैंक कर्जा मार्ग, वासलात मार्ग, विनिमय दर मार्ग, व्याज दर मार्ग, सम्पत्ति मार्ग, जोखिम बहन मार्ग आदि । यी प्रसारण मार्गहरूले आ–आफ्नै किसिमले बैंकको कर्जा व्यवहारलाई प्रभावित पारी अन्ततोगत्वा वास्तविक आर्थिक चरहरूलाई प्रभावित पारिरहेका हुन्छन् । मौद्रिक नीतिको बैंक कर्जा मार्गअन्तर्गत मौद्रिक अधिकारीले लिएका मौद्रिक व्यवस्थापनसम्बन्धी कदमले वाणिज्य बैंकहरूको ऋणयोग्य कोष प्रभावित हुने र अन्ततोगत्वा उनीहरूको कर्जा प्रवाह प्रभावित भई त्यसको असर आर्थिक क्रियाकलापहरूमा पर्ने हुन्छ । जस्तो कि केन्द्रीय बैंकले मुद्रा प्रदाय बढाउनका लागि अनिवार्य नगद अनुपात घटायो भने वाणिज्य बैंकहरूको ऋणयोग्य कोषमा वृद्धि हुन्छ, किनकि उनीहरूले पहिले आफ्नो कुल निक्षेप दायित्वको जति प्रतिशत रकम केन्द्रीय बैंकमा अनिवार्य नगद मौज्दात वापत राख्नुपर्थ्यो, अब त्योभन्दा कम रकम राखे पुग्ने भयो । यस्तो अवस्थामा उनीहरूले कर्जा प्रवाह गर्न पाउने रकम वृद्धि हुन्छ । फलस्वरूप कर्जा लगानी बढ्छ । यसबाट अर्थतन्त्रका विभिन्न क्षेत्रहरूमा लगानी बढ्छ । यसले उत्पादन र आम्दानी बढाउँछ । यसको विपरीत अनिवार्य नगद अनुपात बढाउँदा बैंकहरूको ऋणयोग्य कोषको रकम घट्छ, लगानी कम हुन्छ र उत्पादन पनि घट्छ ।

मौद्रिक नीतिको वासलात मार्गबाट बैंकहरूको कर्जा व्यवहार र आर्थिक गतिविधिमा पर्ने प्रभाव भने बैंकका ऋणीहरूको वासलाततर्फबाट हेर्नुपर्ने हुन्छ । केन्द्रीय बैंकले मुद्राप्रदाय घटाउने प्रयास गर्दा व्याजदर बढ्छ । बढेको व्याजदरले स्टक, रियल इस्टेट, बण्ड आदिको मूल्य घटाउँछ । यी सम्पत्तिहरूको मूल्य घट्दा बैंकका ऋणीहरूको सम्पत्तिमा कमी आउँछ । उनीहरूको वासलात कमजोर हुन्छ । बैंकमा ऋण लिँदा राखेको धितोको मूल्यमा समेत भारी गिरावट आउँछ । यस्तो अवस्थामा बैंकको ऋण नतिर्ने

नियत भएका ऋणीहरूले अझ कर्जा थप्दै जान्छन् । उनीहरूको नियतबारेमा बैंक जानकार नहुनसक्छ । प्रतिकूल छनौटको स्थिति हुँदै जान्छ । लिएको ऋणभन्दा धितोको मूल्य कम हुनगएपछि ऋणीले ऋण नतिर्ने नैतिक खतरापूर्ण व्यवहार देखाउँछ । फलस्वरूप कर्जा खराब हुन्छ । बैंक फस्किन्छ । उसले अब कर्जा प्रवाह गर्दा कडा शर्तहरू राख्ने, कर्जा राशनिंग गर्ने, कर्जा प्रवाहमा कमी ल्याउने आदि क्रियाकलापहरू गरी कर्जा प्रवाहमा संकुचन ल्याउँछ । फलस्वरूप लगानीमा कमी, उत्पादनमा समेत कमी हुन्छ ।

त्यस्तै, व्याजदर मार्गलाई हेर्दा मौद्रिक अधिकारीले मुद्रा प्रदायमा वृद्धि गर्दा व्याजदरमा कमी हुन्छ । व्याजदर कम हुँदा कर्जाको माग बढ्न गई लगानी बढ्ने र उत्पादन बढ्ने हुन्छ ।

विनिमय दर मार्गलाई हेर्ने हो भने मुद्राप्रदायमा वृद्धि गर्दा व्याजदरमा कमी हुन्छ । व्याजदरमा कमी हुँदा पुँजी खाता पूर्ण परिवर्त्य भएको अवस्थामा बढी प्रतिफलको लागि पुँजी वाहिरिने प्रवृत्ति बढ्छ । यसले स्वदेशी मुद्राको माग घट्ने र विदेशी मुद्राको माग बढ्ने भई स्वदेशी मुद्राको विनिमय दर अवमूल्यन हुनजान्छ । यसबाट आयात हतोत्साहित र निर्यात प्रोत्साहित हुन्छ । बढी निर्यात गर्नको लागि बढी नै लगानी र उत्पादन गर्नुपर्छ जसका लागि बैंक कर्जा पनि बढी नै प्रवाह गर्नुपर्दछ ।

मौद्रिक नीतिको सम्पत्ति मार्गलाई विश्लेषण गर्दा मुद्राप्रदाय बढाउँदा आएको व्याजदरको कमीले जसले स्टक, बण्डको मूल्य बढाइदिन्छ । एक निश्चित सीमासम्म बढेको स्टक, बण्डको मूल्यले ऋणी र बैंकको वासलात समेत राम्रै हुन्छ । तर सो मूल्य वास्तविक धरातललाई ध्यानै नदिई सट्टेवाजी उद्देश्यले वृद्धि हुनथाल्यो भने यसबाट फोका फुट्न गई वित्तीय अस्थायित्व सृजना हुन्छ । तर एक निश्चित सीमासम्म बढेको स्टक, बण्डको मूल्यले बैंकको वासलातमा उपयुक्त प्रभाव पार्नाले एक त बैंकहरू कर्जा प्रवाह विस्तार गर्न इच्छुक हुन्छन् । अर्कातिर ऋणीको धन र उपभोग गर्ने प्रवृत्ति पनि बढ्नाले त्यसलाई पूरा गर्न लगानी र उत्पादन पनि वृद्धि हुनेगर्दछ, जसका लागि बैंक कर्जा समेत वृद्धि गर्नुपर्ने हुन्छ ।

मौद्रिक नीतिको जोखिम बहन मार्गले के भन्दछ भने केन्द्रीय बैंकले व्याजदरमा कमी गरिदिंदा बैंकहरूले कर्जा प्रवाह खुकुलो बनाउने, अविवेकशील रूपले कर्जा दिने, जथाभावी कर्जा प्रवाह हुने, अनुत्पादनशील क्षेत्रमा कर्जा प्रवाह हुने, कर्जाको दुरूपयोग हुने आदि सम्भावना हुनाले ठूलो कर्जा जोखिम उत्पन्न हुन्छ, जसले अन्ततोगत्वा वित्तीय अस्थायित्व समेत निम्त्याउँछ भने अर्कातिर आर्थिक विकास पनि अपेक्षित रूपमा प्राप्त हुँदैन ।

८. बैंकहरूको कर्जा नीति : बैंकहरूको कर्जा प्रवाह स्वयं उनीहरूको कर्जा नीतिबाट प्रभावित हुनेगर्दछ । कर्जा नीतिमा कर्जा कुनकुन क्षेत्रमा प्रवाह गर्ने, कर्जाका शर्तहरू, अवधि, व्याजदर, अख्तियारी आदि कुराहरू उल्लेख गरिएको हुन्छ । बैंकहरूको कर्जा व्यवहार यिनै विषयवस्तुको धुरीको वरिपरि घुम्दछ ।

९. बैंकको ऋण दिने इच्छा : बैंकमा पर्याप्त तरलता भएर पनि कर्जा दिने इच्छा छैन भने कुनै ग्राहक विशेषलाई कर्जा नदिन पनि सक्दछ । धेरै जोखिमपूर्ण, वातावरणीय दृष्टिकोणले प्रतिकूल, कम प्रतिफलयुक्त क्षेत्रमा बैंकहरूले कर्जा नदिन पनि सक्दछन् ।

१०. कर्जाको माग : बैंकहरूले अर्थतन्त्रका विभिन्न क्षेत्रहरूमा कर्जा प्रवाह गर्नका लागि ती ती क्षेत्रहरूबाट कर्जाको माग पनि हुनुपर्दछ । कर्जाको माग नभई कर्जा दिने कुरो आउँदैन । अहिले कतिपय कृषि क्षेत्रमा जानुपर्ने कर्जा तोकिएको अनुपातमा जाननसक्नुका पछाडि कर्जाको माग नै नहुनु पनि मुख्य कारणको रूपमा रहेको छ । बैंकहरूले कर्जा दिंदा लगाउने प्रशासनिक झन्झट आदिका कारण कृषकहरू ग्रामीण क्षेत्रका अनौपचारिक स्रोतहरू (साहू महाजन, आफन्त) आदिबाटै ऋण लिएर काम चलाउने गरेको पनि पाइन्छ ।

११. नियामक निकायको निर्देशन : बैंक तथा वित्तीय संस्थाहरूको कर्जा व्यवहारलाई नियामक निकायको नीति, निर्देशनले प्रत्यक्ष प्रभाव पार्दछ । केन्द्रीय बैंकले दिएका नियमनकारी निर्देशनहरू, जस्तैः प्रति ग्राहक कर्जा सीमा, पुँजीकोष अनुपात, क्षेत्रगत कर्जा सीमा, रियलस्टेट क्षेत्रमा लगानी गर्नसकिने सीमा, अनिवार्य नगद मौज्दात, लोन टु भ्यालु अनुपात, कर्जा/ निक्षेप अनुपात, उत्पादनशील कर्जा अनुपात, तरलता अनुपात, निष्क्रिय कर्जा अनुपात, संस्थागत सुशासन आदि सम्बन्धी निर्देशनहरूले वाणिज्य

बैंकहरूको कर्जा व्यवहारलाई प्रत्यक्ष र परोक्ष प्रभाव पार्ने गर्दछन् ।

१३. निष्क्रिय कर्जा : बैंकहरूको निष्क्रिय कर्जा अनुपात धेरै हुनगयो भने उनीहरूले धेरै रकम कर्जा नोक्सानी व्यवस्थावापत् राख्नुपर्ने हुन्छ । फलस्वरूप बैंकको पुँजीकोष कम हुनजाने, ऋणयोग्य कोष पनि कम हुनजाने भई कर्जा प्रवाहमा कमी हुनआउँछ भने अर्कातिर बारम्बार कर्जा निष्क्रिय हुने डरले बैंकहरूले कर्जा प्रवाहमा कडाई गर्न थाल्दछन् ।

१४. कर्जाको हरितीकरणः कतिपय बैंक वित्तीय संस्थाहरूले प्रायः कर्जाको हरितीकरण गर्ने गरेको पाइन्छ । खास गरी अधिविकर्ष कर्जामा निश्चित समयमा ब्याजदर असुल गर्ने, सो ब्याज असुल गर्न अर्को कर्जा दिने जस्ता प्रवृत्तिहरूले गर्दा कर्जा सधैँ हरियो देखिने, तर त्यसको साँवा तिर्ने सन्दर्भमा सन्देह पैदा हुन जस्ता प्रवृत्तिहरू समेत देखिनाले बैंकिङ्ग व्यवसायमा जोखिम उत्पन्न भइरहेको हुन्छ ।

१५. कृषि, औद्योगिकीकरण र पूर्वाधारको विकासको अवस्था : बैंकहरूको कर्जा लगानी मुलुकको कृषि क्षेत्रको अवस्था, औद्योगीकरणको अवस्था, भौतिक पूर्वाधारहरूको अवस्था आदिमा भर पर्दछ । कृषि क्षेत्रमा लगानी गर्नका लागि कृषि बीमा हुनुपर्ने, प्रशासनिक झैझमेलाहरू कम हुनुपर्ने, कृषि कर्जाको माग हुनुपर्ने, सरकारले उत्प्रेरणात्मक भूमिका खेल्नुपर्छ । त्यस्तै, मुलुकमा औद्योगीकरण भएको छ, मजदूर व्यवस्थापन सम्बन्ध सुमधुर छ, भौतिक पूर्वाधारको राम्रो विकास भएको छ भने बैंक कर्जा पनि सुरक्षित हुने र बढी कर्जा जाने गर्दछ ।

१६. एकापसको अन्तर्सम्बन्ध र प्रणालीगत जोखिमको अवस्था : बैंक वित्तीय संस्थाहरूबीचको एकापसको जेलिएको सम्बन्ध र प्रणालीगत जोखिमको अवस्थाले समेत बैंकको कर्जा व्यवहारलाई प्रभाव पार्दछ । यदि अन्य बैंक वित्तीय संस्थाहरूको बीचमा गएको अन्तर बैंक कर्जा उठ्न नसक्ने, जोखिम हुने हुन्छ भने बैंकहरूको बीचमा हुने अन्तरबैंक कारोवार निरूत्साहित हुने हुन्छ । ब्याजदर महँगो पर्ने हुन्छ । त्यस्तै समग्र बैंकिङ्ग प्रणालीमा प्रणालीगत जोखिम छ भने बैंक वित्तीय संस्थाहरू कर्जा प्रवाहमा कमी ल्याउने, कर्जा रासनिङ्ग गर्ने जस्ता व्यवहारहरू प्रस्तुत गर्न थाल्दछन् ।

**निष्कर्ष**

वाणिज्य बैंकहरूले वित्तीय मध्यस्थताको कार्यबाट अर्थतन्त्रको बचत गर्नसक्ने क्षेत्रबाट निक्षेपको रूपमा पैसा संकलन गरी अर्थतन्त्रका विभिन्न क्षेत्रहरूमा कर्जा प्रवाह गर्ने गर्दछन् । बैंकहरूको यही वित्तीय मध्यस्थताको कार्यबाट नै मुलुकको आर्थिक विकास, आर्थिक स्थिरता र वित्तीय क्षेत्र स्थायित्व प्रभावित हुनेगर्दछ ।

कर्जाले बैंकको कुल सम्पत्तिको महत्वपूर्ण हिस्सा ओगटेको हुन्छ र बैंक कर्जाबाट प्राप्त ब्याज आम्दानी नै बैंकको आम्दानीको महत्वपूर्ण हिस्सा हुनआउँछ । बैंक कर्जामा ठूलो जोखिम निहित हुन्छ, जसले बैंकको मुनाफा, तरलता र सक्षमतामा ठूलो प्रभाव पार्दछ । बैंक कर्जाको गुणस्तरले बैंकको सुदृढता र स्थायित्वको साथै निक्षेपकर्ता र साहूहरूले व्यहोर्नुपर्ने जोखिमलाई पनि औँल्याइरहेको हुन्छ । कर्जाको कमसल व्यवस्थापन नै विश्वव्यापी रूपमा बैंक असफलता र तरलता जोखिमको मुख्य कारण हो । तसर्थ बैंक कर्जा व्यवहारका निर्धारक तत्वहरूको बारेमा बैंकहरू स्वयं, केन्द्रीय बैंक, सरकार, ग्राहक, अनुसन्धाता र अन्य सरोकारवालाहरू सबैले राम्रो जानकारी हासिल गर्नु जरूरी छ ।

बैंक कर्जाका मुख्य निर्धारक तत्वहरू बैंकको निक्षेप आधार, पुँजी आधार, तरलता, बैंकको आकार, मौद्रिक नीति, नियमक निकायको नीति निर्देशन, निष्क्रिय कर्जा, कर्जा हरितीकरण, एकापसको सम्बन्ध र प्रणालीगत जोखिमको अवस्था, आर्थिक वृद्धिदरको अवस्था, कृषि, औद्योगिकीरण र पूर्वाधारको अवस्था, कर्जाको माग, बैंकहरूको कर्जा नीति आदि हुन् । यी तत्वहरूमा उपयुक्त ध्यान पुऱ्याएर गरिएको कर्जा व्यवहारले वाणिज्य बैंकहरूको तरलता, लाभदायकता, लगानीको सुरक्षा, विविधता र समष्टिगत स्थायित्व प्रवर्द्धन गर्दछ भने उच्च आर्थिक वृद्धिदर हासिल गर्नमा समेत मद्दत पुग्दछ । बैंकहरूको कर्जा व्यवहारका निर्धारक तत्वहरूको बारेमा सही विश्लेषण गर्नसक्ने हो भने केन्द्रीय बैंक र सरकारले लिने बैंकसम्बन्धी नीति निर्णयहरू समेत सही रूपमा कार्यान्वयन हुन सक्दछन् । ●●

*(लेखक नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक हुनुहुन्छ ।)*

# समग्र गुणस्तर व्यवस्थापन एवं गुणात्मक परिधिको क्षेत्र र बैंकिङ्ग व्यवसाय

■ प्रताप सुवेदी

**विषय प्रवेश**

अहिलेको युग व्यवस्थापनको युग हो । सामान्य अर्थमा व्यवस्थापन भन्नाले अरूलाई काम लगाउन सक्ने व्यक्ति खुवी वा कला बुझ्न सकिन्छ र स्रोतको अभावमा समेत अरूद्वारा कुशलतासाथ काम गर्न सक्नुलाई व्यवस्थापनको सफलता मानिन्छ । बैंक तथा वित्तीय संस्थाहरू एकातर्फ व्यावसायिक अर्कोतर्फ ग्राहक संरक्षण सिद्धान्तबाट समेत कार्यहरू सम्पादन गर्नुपर्ने हुन्छ । यस्ता संस्थाहरूको सफलतामा निरन्तर सुधार व्यवस्थापनको महत्वपूर्ण भूमिका रहेको हुन्छ । आजभोलि यो एउटा सर्वव्यापी कार्य (Pervasive function) हो र संस्थाका विभिन्न तहहरू जस्तै : उच्च, मध्यम र निम्न तह सबै ठाउँमा आवश्यक पर्ने गर्दछ । बैंक तथा वित्तीय संस्थाको सबै क्षेत्रमा आवश्यकता अनुसारको सबै क्षेत्रमा सम्पूर्ण गुणस्तर सुधार र गुणात्मक परिधिलाई प्रयोग र विकास गर्न सकेमा व्यवस्थापन मैत्री भई उत्पादकत्व वृद्धि गर्न ठूलो योगदान पुग्ने देखिन्छ । व्यवस्थापनको अंग्रेजी शब्द Management लाई तीन भाग लगाएर यसको अर्थ लगाउँदा Management अर्थात Manage = To manage, Men = By men, T = With tactfully त्यसैले Management लाई स्रोतहरू (4M +I अर्थात् Men, Material, Money, Machine + Information system) लाई चलाखीपूर्ण रूपबाट उपयोग गरी अरूद्वारा काम सम्पन्न गराउने कलालाई बुझ्न सकिन्छ । यसमा गुणस्तर सुधारका साथसाथै गुणात्मक परिधिको प्रयोगबाट गुणस्तरीय वस्तु वा सेवा उपलब्ध गराउन ठूलो मद्दत पुग्ने देखिन्छ । निरन्तर गुणस्तर सुधारका साथसाथै गुणात्मक परिधिको अभावले गर्दा संगठनमा विभिन्न प्रकारका समस्याहरू र असहजता सृजना हुने हुँदा आजभोलि यसलाई विशेष महत्व दिएको पाइन्छ ।

**समग्र गुणस्तर व्यवस्थापन** (TQM)

कुनै पनि संगठनमा वस्तु तथा सेवामा मात्र गुणस्तर कायम गरेर संगठनका सम्बद्ध पक्षहरूलाई सन्तुष्ट बनाउन सकिंदैन । संगठनका सरोकारवालाहरू जस्तैः शेयरधनी, कर्मचारी तथा ग्राहकहरूलाई सन्तुष्ट बनाउन गुणस्तर प्रतिफल, गुणस्तर सुविधा तथा कार्य जीवनको गुण तथा गुणस्तरीय वस्तु र सेवा प्रदान गर्नु पर्दछ । एक पटक तय गरेको गुणस्तर (Standard) सधैँभर उच्चस्तरकै रहन्छ भन्ने हुँदैन । त्यसैले संगठनले हरेक क्षेत्रमा गुणस्तरमा सुधार ल्याउनु पर्दछ र हरेक क्षेत्रमा गुणस्तर कायम गर्नुपर्दछ भन्ने अवधारणा नै समग्र गुणस्तर व्यवस्थापन हो । यसलाई व्यवस्थापनको नवीनतम अवधारणाको रूपमा लिइएको छ ।

यो अवधारणाले वस्तु तथा सो उत्पादन गर्दा प्रयोग हुने सामग्री देखि उत्पादन वा प्रशोधन प्रक्रिया लगायत उत्पादित वस्तुको ढुवानी, कर्मचारीको समग्र कार्य जीवनको गुणस्तर सम्मका सबै क्षेत्रमा नियमित रूपमा गुणस्तरमा सुधार ल्याउने प्रतिबद्धता व्यक्त गर्दछ ।

यस अर्थमा समग्र गुणस्तर व्यवस्थापन निरन्तर सुधारका निम्ति व्यवहारमा नै लागू गर्ने मान्यताको रूपमा बुझ्न सकिन्छ । निरन्तर सुधारका लागि संगठनले बेञ्चमार्किङ outsourcing, speed, ISO 9000, तथ्याङ्कीय गुणस्तर नियन्त्रण जस्ता विभिन्न विधिहरू अपनाउन सकिन्छ ।

Robbins र Coulter का अनुसार "समग्र गुणस्तर व्यवस्थापन व्यवस्थापनको एउटा दर्शन हो, जुन ग्राहकको आवश्यकता र अपेक्षाद्वारा मार्गदर्शित हुन्छ र कार्य प्रक्रियाको निरन्तर सुधारमा केन्द्रित हुन्छ ।"

ISO का अनुसार "समग्र गुणस्तर व्यवस्थापन भनेको गुणस्तर प्रति केन्द्रित सम्पूर्ण संगठनका लागि

व्यवस्थापन दृष्टिकोण हो । यो दुष्टिकोण सबै सदस्यहरूको सहभागितामा आधारित भई ग्राहकको सन्तुष्टि मार्फत दिर्घकालीन सफलता र सम्पूर्ण सदस्यहरू तथा समाजको हित चाहने सम्पूर्ण संगठनहरूका लागि एउटा व्यवस्थापन दृष्टिकोण हो ।"

तसर्थ समग्र गुणस्तर व्यवस्थापनले एउटा संस्थाका समग्र पक्षहरूमा सुधार अनि निरन्तर सुधार गर्दै सम्पूर्ण सरोकारवालाहरूलाई पूर्ण सन्तुष्टी हुने गरी गुणस्तरीय सेवा र सुविधा प्रदान गर्नसँग सम्बन्धित छ ।

TQM **का प्रचलित केही विधिहरू** :

(१) बेञ्च मार्किङ - यो आफ्ना प्रतिस्पर्धीहरूको गुणस्तर अवलम्बनका लागि गरेका प्रयासहरू हेरेर सबैभन्दा राम्रो प्रयास वा तरिकालाई अवलम्बन गर्ने विधि हो ।

(२) बाह्यस्रोत (Out sourcing) - आफूले राम्रो गर्न सक्ने आफैले गरेर, राम्रो गर्न नसक्ने बाह्य पक्षलाई जिम्मा लगाउने विधि हो ।

(३) तीव्रता - छिटो जसले बजारमा सामान पुर्‍याउँछ उसैले सफलता पाउँछ । त्यसैले JIT (Just in Time) को नीति अवलम्बन गर्ने विधि हो ।

(४) ISO 9000 - गुणस्तर निर्धारणका लागि अन्तर्राष्ट्रिय संगठन ISO ले तयार पारेको तालिकालाई ISO9000 भनिन्छ । सेवा तथा उत्पादन क्षेत्रका निम्ति अलग अलग मापदण्डहरू हुन्छन् । यसमा वस्तु तथा सेवाको स्वीकार्य गुणस्तरमा के के पर्दछन् भन्ने हेरिन्छ । यसले Product testing employee training, Record keeping, supplier relation तथा Maintenance Policy & Procedure लाई समेटेको हुन्छ । यी विभिन्न चरणका त्भकत पास भएपछि मात्र प्रमाणपत्र जारी हुन्छ ।

(५) तथ्याङ्कीय गुणस्तर - यस अन्तगरत वस्तुको अनुगमन गर्न Acceptance sampling र in Process sampling गरिन्छ । Acceptance sampling मा उत्पादित वस्तुमध्ये केहीको नमूना लिएर परीक्षण गरिन्छ र कमसल गुणस्तर भएको वस्तु बजारमा जादैनन भने In process sampling मा उत्पादनको क्रममा भएका वस्तुहरूको गुणस्तर परीक्षण गरिन्छ जसबाट बिग्रिएका वस्तु उत्पादन हुँदैन भन्नेमा विश्वस्त हुन सकिन्छ ।

(६) अन्य ।

- Research & Development
- Use of Modern Technology
- Continuous of feedback

(Quality Circle) **गुणात्मक परिधि**

समूह कार्यको एउटा दृष्टिकोण Quality Circle हो । यो सर्वप्रथम सन् 1960 मा जापानमा Union of Japanese Scientist & Engineers हरूद्वारा विकास गरिएको हो । USA मा सन् 1974 मा प्रयोग भएको थियो । जापानमा सन् 1980 मा ८० लाख workersहरू यसमा सहभागी थिए भने USA मा ३ लाख मात्र सहभागी थिए ।

Quality Circle भनेको कर्मचारीहरूको एउटा यस्तो समूह हो, जो आफ्नो सुपरीवेक्षकहरूसँग नियमित रूपमा भेट्छन् र उत्पादन समस्याको पहिचान गरी समाधानका लागि सिफारिस गर्दछन् । त्यसपछि यी सिफारिसहरू कार्यान्वयनका लागि उच्च व्यवस्थापन (Top level Management) कहाँ प्रस्तुत गरी कर्मचारीहरूको सहभागितामा कार्यान्वयन गरिन्छ ।

Stress का अनुसार "Quality Circle भनेको कर्मचारीहरूको कार्य समूह हो, जहाँ नियमित भेटघाट गरी आफ्ना गुणसम्बन्धी समस्यामा छलफल गर्दछन् र सुधारात्मक कदम चाल्दछन् ।" यसलाई समस्या समाधानको एउटा उत्तम उपायको रूपमा लिइन्छ ।

तसर्थ गुणात्मक परिधि एकै कार्य क्षेत्रमा १०/१२ जना कर्मचारीहरूको समूह हो, जहाँ प्राय हप्ताको एकपटक कम्पनीको समय र भावनामा नियमित भेटघाट गर्दछन् । उत्पादनलाई प्रभाव पर्ने आफ्ना समस्याको पहिचान र विश्लेषण गर्दछन् । समय एवं पैसाको उचित बचत वा गुणात्मक सुधार गर्नका लागि समाधानको सिफारिस गरी उच्च व्यवस्थापन समक्ष पठाइन्छ । त्यहाँबाट समूहको सिफारिसमा समस्याको पुनरावलोकन गर्दै अन्तिम निर्णय लिई कार्यान्वयन गरिन्छ । यसलाई निम्न चित्रबाट देखाउन सकिन्छ ।



**गुणात्मक परिधिका विशेषताहरू :**

१. सबैको सहभागिता
२. प्रत्येक सदस्यले क्रियाकलाप तथा कार्यक्रम विकासमा सहयोग गर्दछन् ।
३. संगठनले सृजनशीलताको अभ्यास पाउँछ ।
४. गुनासो कम हुन्छ ।
५. एकता र सहयोगमा सुधार आउँछ ।
६. गुणको विचलनमा देखिने दोषहरू सुधारमा केन्द्रित ।
७. कामदारमा गुणप्रतिको सचेतता र अनुभूतिमा आधारित बनाउने ।
८. सेवालाई गुणस्तरीय बनाउन सहयोग
९. सहभागितात्मक व्यवस्थापनको अंग
१०. कामदारलाई संस्थाप्रति आबद्ध बनाउने ।

यसरी गुणात्मक परिधि (Quality Circle) आधुनिक एवं Result Oriented व्यवस्थापनको एउटा अभिन्न अंग बनिसकेको छ । कुनै पनि कार्यलाई उत्पादनमुखी बनाउँदै चारैतर्फ देखिएका चुनौतीको सामना गर्दै प्रतिस्पर्धी भन्दा राम्रो रणनीति लिएर सधैँ सुधारिएर innovative हुँदै कार्य सम्पादन गर्न quality circle एउटा उत्तम विधि हो ।

**बैंकिङ व्यवसाय र समग्र गुणस्तर व्यवस्थापन एवं गुणात्मक परिधिको क्षेत्र**

बैंक/वित्तीय क्षेत्र अत्यन्त संवेदनशील व्यवसाय हो । अर्कोतर्फ यो क्षेत्रमा विश्वास, ख्याति, प्रतिष्ठा र गुणस्तरीय व्यवस्थापनबाट प्रतिस्पर्धामा अगाडि आउने संस्थाहरूले मात्र सफलता हासिल गर्न सक्दछन् । खासगरी आफ्नो व्यवसाय र कारोबारको बिस्तार एवं अभिवृद्धि गर्दै भइरहेका ग्राहकहरूलाई यथास्थानमा सन्तुष्टी प्रदान गर्ने, प्रतिस्पर्धी संस्थाका ग्राहकहरू भित्र्याउने र बिल्कुलै नयाँ ग्राहकहरूलाई बैंकमा भित्र्याउने रणनीतिलाई सार्थक बनाउने बजार रणनीति सफल बनाउन पनि बैंक वित्तीय संस्थाहरूले समग्र गुणस्तर व्यवस्थापनलाई उच्च महत्व दिनुपर्ने हुन्छ । यसका लागि बैंक वित्तीय संस्थाहरूले आफ्नो व्यवस्थापकीय क्षमता, प्राविधिक क्षमता, व्यवसाय प्रवर्द्धन र नवीनता, वित्तीय व्यवस्थापन, भौतिक व्यवस्थापन, कर्मचारी कार्यकुशलता, सामग्री व्यवस्थापन, ग्राहक सम्बन्ध व्यवस्थापन, कर्जा लगानी एवं असुली व्यवस्थापनका साथ साथै समग्र कारोबारमा गुणस्तर कायम हुने गरी उपयुक्त व्यवस्थापन गर्नु जरूरी छ । यसलाई प्रभावकारी बनाउन सकेमा सेवा/सुविधामा गुणस्तरीयता आउने, ग्राहकलाई पूर्ण सन्तुष्टी प्राप्त हुने, व्यवस्थापनलाई कम Stress पर्ने, कर्मचारीहरूमा एक खालको सन्तुष्टी प्राप्त भई उत्पादकत्व अभिवृद्धि भई बैंकको दिगो भविष्य समेत सुनिश्चित हुने हुँदा यसलाई विशेष महत्व दिने गरेको पाइन्छ । यसका लागि बेन्चमार्किङ, आउट सोर्सिंग, तत्काल सुधार वा तथ्याङ्कीय सुधार वा अन्य कुनै पनि विधिको माध्यमबाट निरन्तर सुधार गर्नुका साथै गुणात्मक परिधिको प्रयोग गरिरहनु पर्दछ । बैंकिङ्ग क्षेत्रमा निम्न विषयहरूलाई गुणस्तर व्यवस्थापन एवं गुणात्मक परिधिको महत्वपूर्ण क्षेत्र मानिएको छ ।

- नीति, योजना एवं कार्यक्रमको निर्माण
- उच्च व्यवस्थापनको प्रतिबद्धता,
- जनशक्ति व्यवस्थापन र कर्मचारी आचरण,
- प्राविधिक एवं अभिलेख प्रणाली,
- व्यवसाय एवं विभिन्न प्रोडक्टहरू,
- लेखा प्रणाली,
- ग्राहक सन्तुष्टी व्यवस्थापन,
- सेवा प्रवाह प्रणाली,
- सामाजिक उत्तरदायित्व,
- भौतिक सेवा सुविधा,
- खुद्रा कार्यको Outsourcing,
- कर्जा तथा सम्पत्तिको गुणस्तर

**निष्कर्ष**

बैंकिङ्ग व्यवसाय अन्यन्त संवेदनशील र प्रतिस्पर्धी व्यवसाय समेत भएकाले यसमा ग्राहकहरूले सदैव नयाँ नयाँ एवं स्तरीय सेवा सुविधाको अपेक्षा गरिरहेका हुन्छन् । प्रविधिको उच्चतम प्रयोग गरी बैंक वित्तीय संस्थाहरूले सम्पूर्ण गुणस्तरीय व्यवस्थापन र गुणात्मक परिधिको प्रयोगबाट व्यवस्थापनका हरेक क्रियाकलापमा निरन्तर सुधार गर्दै गुण सुधार, गुण विकास र गुण सम्भारका लागि संगठनात्मक प्रयासलाई एकत्रित गर्ने, ग्राहकको सन्तुष्टीलाई मितव्ययी ढंगबाट सम्पादन गर्ने, व्यवस्थापनको कार्य संगठन, उत्पादकत्व, विश्वसनीयता, तालिम तथा विकास, संगठनको छवि जस्ता समग्र पक्षहरूमा गुणस्तरीय व्यवस्थापन कायम गर्नु पर्दछ । ●●

*(लेखक बैंकका का.मु. उपमहाप्रबन्धक हुनुहुन्छ ।)*

# अर्थतन्त्रका तीन खम्बाः कृषि, पर्यटन र जलविद्युत

■ प्रा.डा. बिकाश राज सत्याल

सम्वृद्धि अचेल हरेकको मुखमा झुण्डिएको शब्द बनेको छ । प्रदेश र केन्द्रमा जितेका सबै प्रतिनिधिको एउटै चाहना सुनिन्छ, आफ्नो क्षेत्रमा सम्वृद्धि ल्याउने । तर सम्वृद्धि ल्याउने कसरी, भन्ने थोरैले मात्र सोचेका होलान् । सम्वृद्धिको हाम्रो मार्ग अर्थतन्त्रका तीन खम्बा अर्थात कृषि, पर्यटन र जलविद्युतको विकास नै हो ।

देशको अर्थतन्त्रको कुरागर्दा अहिलेको स्थिति भयाबह देखिन्छ । राष्ट्र बैंकले हालै प्रस्तुत गरेको प्रतिवेदन अनुसार आर्थिक वर्ष २०७४/७५ को एघार महिनामा चालु खाता घाटा रू. २०९ अर्ब नाघेको छ, जुन कुल गार्हस्थ्य उत्पादनको ७ प्रतिशत हुन आउँछ र गएको एघार महिनामा व्यापार घाटा रू. १०३३ अर्ब नाघेको छ जुन कुल गार्हस्थ्य उत्पादनको ३४.४ प्रतिशत हुन आउँछ । यी केही नराम्रा संकेत हुन् । यो भन्दा भयाबह संकेत पहिलेदेखि नै बिद्यमान थिए। भनिन्छ अहिले सरकार सँग लगानीयोग्य पैसा छैन केवल कर्मचारीको तलब–भत्ताको जोहो गर्नसम्म पुग्छ । स्वयम् अर्थमन्त्रीले स्वीकार गर्नु भएको छ आन्तरिक राजस्वले खर्च धान्न कठिन छ (कारोबार दैनिक मङ्सिर १९, २०७५) । राजस्व लगायतका आफ्ना स्रोतको कमीले सरकार धमाधम आन्तरिक र बाह्य ऋण उठाउँदै छ, वैदेशिक सहयोग माग्दै छ । राष्ट्र बैंकको अर्को प्रतिवेदन अनुसार गत असारसम्ममा सरकारले झण्डै ६ खर्ब ९७ अर्बको ऋण लिइसकेको छ । यो ऋणको हिसाब गर्दा कुल गार्हस्थ उत्पादनको झन्डै २७ प्रतिशतमा हुन्छ भने प्रति नेपालीको हिसाबमा झन्डै २४ हजार हुन आउँछ ।

माथि प्रस्तुत विवरणले पनि देखिन्छ नेपाल अहिले आर्थिक रूपले एक दुर्बल राष्ट्र बन्न पुगेको छ । हाम्रो आर्थिक दूरावस्था देखिन्छ– बजेट घाटा, भुक्तानी असन्तुलन, ब्यापार घाटा, मुद्रास्फीति, बेरोजगारी, विकास बजेटको दुर्बल स्थिति–जस्ता आर्थिक सूचकांकमा देखिने कमजोरीहरूको चपेटोमा परेर । यी सबै आर्थिक सूचकांक अहिले डरलाग्दो सँग बिग्रिएका छन् । सानो बजार, भूपरिवेष्ठित, अझ भारत परिवेष्ठित र अर्को छिमेकी चीन पट्टि दुर्गम हिमाली भूगोलले हामीलाई वैदेशिक दृष्टिछायाँमा धकेलेको छ । त्यसमाथि, हामी आफै भित्रका कमजोरीहरूले पिल्सिएका छौ । अल्पशिक्षा, स्वास्थ्य सेवामा सबैको पहुँच नपुग्ने, कृषि या उद्योगबारे प्राविधिक ज्ञान कम हुनु, बाटो घाटोको असहजताले ठूलो जनसंख्या सरकारी सेवा र बजारको पहुँचबाट बन्चित हुनु - जस्ता दीर्घकालीन हाम्रा समस्याहरूले हामीलाई पिल्साएको छ । अझ, अचेल बढ्दै गएको हाम्रो विकराल रोग बनेको छ - भ्रष्टाचार, अनुशासनहिनता र काम ठग प्रवृत्ति । अर्थ मन्त्रालयको आर्थिक सर्वेक्षण, तथ्यांक विभागको जीवनस्तर सर्वेक्षण, राष्ट्र बैंकको आर्थिक बुलेटिन, एशियाली विकास बैंक र विश्व बैंकहरूका आर्थिक प्रतिवेदनहरू, ट्रान्सपरेन्सी इन्टरनेसनलको भ्रष्टाचार बारेको विश्व प्रतिवेदन र युएनडिपी जस्ता संस्थाहरूबाट प्रकाशित हुने मानव विकास सूचकांकहरूमा देशको यही दूरावस्थाको चित्रण गरिएको देखिन्छ ।

**अल्पशिक्षा, स्वास्थ्य सेवामा सबैको पहुच नपुग्ने, कृषि या उद्योग बारे प्राविधिक ज्ञान कम हुनु, बाटो घाटोको असहजताले ठूलो जनसंख्या सरकारी सेवा र बजारको पहुँचबाट बन्चित हुनु - जस्ता दीर्घकालीन हाम्रा समस्याहरूले हामीलाई पिल्साएको छ ।**

यस आर्थिक र भौतिक पूर्वाधारको स्थिति हेर्दा हामी विश्वका गरीब मध्येका गरिवतम राष्ट्र हौँ । हामी गरिव हुनुको पछाडि हामीसँग पुँजी नभएर मात्र होइन नीतिनिर्माता एवम नेतृत्व गर्ने वर्ग, कथित प्रबुद्ध वर्ग लगायत हामी सबै आम जनताको सोच नै गरीब भएर पनि हो। अर्थशास्त्रमा पुँजी केवल कागजी नोट, स्वर्ण भण्डार आदि मात्र ठानिन्न, देशको श्रमशक्ति, प्राकृतिक संसाधन आदि पनि पुँजी हुन् जो यो देशमा पर्याप्त राम्रो स्थितिमा छन्। हाम्रा देशका युवाले जापान, कोरिया, बेलायत अमेरिका, खाडी, मलेसियामा सम्वृद्धि ल्याउन रगत पसिना बगाएका छन् । यहाका उता गएर राम्रा अनुसन्धान गरेर सम्मान पाएका छन् । फेसन डिजाइनर, आईटी प्राविधिक, पाइलट, पत्रकार, कृषक, ब्यांकर - भएर सफलताका उदाहरण बनेका पनि छन् । तर देशमा काम नपाएर हरेक दिन १५ सयको संख्यामा युवाहरू विदेशिने बाध्य छन् ।

दैनिक २० रूपैयाँभन्दा कम कमाउनेहरूको जनसंख्या २५ प्रतिशतभन्दा बढी भएको नेपाल, आर्थिक हिसाबले दक्षिणपूर्वका राष्ट्रहरूमा सबैभन्दा गरीब र विश्वका झन्डै २०० देशहरूमध्ये २३औं स्थानको गरीब राष्ट्र भनेर विश्व बैंकले भन्छ । हामी भन्दा तल परेका अधिकांश गरीब राष्ट्रहरू लामो समय युद्धको चपेटामा परेका अफगानिस्तान जस्ता या अशिक्षा, कुशासन आदिका कुचक्रमा परेका अफ्रिकाका साना राष्ट्रहरू मात्र छन्। तर, बिशाल प्राकृतिक स्रोत, जैविक विविधता, गौरवशाली इतिहास बोकेका हामी, राजनैतिक र सामाजिक खुलापन, आधुनिकता र परिवर्तनको युगमा प्रवेश गरेको भए पनि विश्वका अन्य विकसित राष्ट्रभन्दा पछौटे हुँदै गएका छौं । शिक्षा, स्वास्थ्य, प्रविधिमा विगतभन्दा केही प्रगति देखिए पनि तुलनात्मक रूपमा अन्य विकसित राष्ट्रभन्दा ज्यादै तल पर्दै गएका छौं ।

देशको हालको स्थिति हेर्दा सम्वृद्धिको उपयुक्त र सहज मार्ग केवल तीन क्षेत्रमा देखिन्छ । पहिलो मार्ग हो कृषिमा प्रविधिको प्रयोग र ब्यबसायिकरणको साथै सिँचाइका लागि पानीको उपलब्धता, उन्नत बिउ र आधुनिक औजार । दोस्रो मार्ग हो, हिमाललाई जोगाउँदै गरिने जलको अत्यधिक सदुपयोग, मुख्यतः मध्य पहाडी क्षेत्रमा जलाशययुक्त विद्युत् परियोजनामा निर्मित जलाशयको सिँचाइका नहरहरूबाट मध्य-पहाडी र तराईका क्षेत्रको कृषिमा टेवा र उत्पादित विद्युतबाट वातावरणीय बिनाश रोक्ने डिजेल, पेट्रोलमा आधारित यातायात र उद्योग प्रविधिको प्रयोग । समृद्धिको तेस्रो मार्ग हो, पर्यटनको उचित प्रर्वद्धन र होमस्टेको व्यवस्थापन ।

**कृषिको आवश्यकताः प्रविधि र व्यावसायीकरण**

नेपाल कृषिप्रधान देश हो, किनकि अहिले पनि देशको ७१ प्रतिशत जनताको संलग्नता कृषिमा नै भएको देखिन्छ । सन् १९७१ मा यो संलग्नता ९४ प्रतिशत थियो, जो ४० वर्षपछि २०११ को जनगणनामा ७१ प्रतिशतमा झरेको देखिन्छ छ । हुनत, कृषिमा मान्छेको संलग्नता घट्नु नै अवकाश होइन, कृषिबाट गैर-कृषिमा रूपान्तरित हुँदैजानु प्रगति नै मानिन्छ। तर हाम्रो देशमा कृषिको लागि आधार जति सजिलो छ त्यति उद्योग, व्यापार या सेवाको लागि छैन । कृषि हाम्रो धर्म, संस्कृति, दर्शन, साहित्य, भाषा, प्रेम, क्रान्ति लगायत जीवनका हरेक तत्वमा मिलिसकेको छ । उन्नत कृषिबारे सामान्य ज्ञान दिदा या केही प्राविधिक शिक्षा दिंदा पढलेख नगरेका नेपालीले समेत राम्ररी बुझ्न र उपयोग गर्न सक्छन किनकि उनीहरूमा प्राकृतिक रूपमा कृषिबारे केही पूर्वज्ञान छ। भाग्यबश हामीलाई भूगोलले पनि सघाएको छ । हिमाल र तराईको जुन भौगोलिक स्थितिमा नेपाल छ त्यहाँ संसारको दुर्लभ हावापानी र जैविक विविधता हामीलाई प्राप्त छ, जहाँ सयकडौं प्रकारका कृषि उपज सम्भब छ जो नजिकका अन्य छिमेकी देशहरूमा सम्भव हुँदैनन्। तसर्थ कृषिमा थोरै लगानी थप्दा पनि यस क्षेत्रको विकास हुन सजिलो र यसले भबिष्यको लागि ठूलो क्षमता बोकेको देखापर्छ। तर वस्तुगत स्थिति यति अनुकुल देखिए पनि कृषि क्षेत्र लगातार बिग्रिदै गएको तथ्यांकले देखाउँछ ।

हाल कुल गार्हस्थ्य उत्पादनको ३५ प्रतिशत भन्दा केहीबढी कृषिबाट नै पूर्ति हुन्छ । तर साथ साथै, तीस वर्ष पहिलेसम्म चामल विदेशमा निर्यात गर्ने नेपालले यस आर्थिक वर्षमा झण्डै रू. ९ अर्बको त चामल मात्रै आयात गरेको छ। खाद्यान्नमा हाम्रो परनिर्भरता हरेक वर्ष यति बढ्दै गएको छ कि हरियो तरकारी नै नेपालले गत छ महिनामा रू २ अर्ब ५ करोडको भारतबाट आयात भयो जो अघिल्लो वर्षको भन्दा ६१ प्रतिशत ले बढी हो र जसको उत्पादनक्षेत्र सबैभन्दा बढेको (४१५ बढेको) यो कृषि प्रतिवेदनले देखाएको छ। आर्थिक सर्वेक्षण २०७५ अनुसार, कृषिबाट गार्हस्थ्य उत्पादनमा २९ प्रतिशतको योगदान पुगेको देखाउँछ भने कृषि उत्पादनको वृद्धिदर २.७ प्रतिशत । कृषिबाट गार्हस्थ्य उत्पादनमा हुने योगदान निरन्तर घट्दै गएको छ । पाँच वर्ष पहिले २०७० मा यो योगदान ३४ प्रतिशत थियो र वृद्धिदर ४.९ प्रतिशत। यस सर्वेक्षण अनुसार हाम्रो व्यापार घाटा ११ खर्ब पुगेको छ जो गत वर्षभन्दा २१.२ प्रतिशतले बढेको हो । यस घाटाको प्रमुख जिम्मेवार, खाद्यान्नको आयात हो जो गत वर्ष हामीले करिब १३० अर्बको गरेको देखिन्छ। यसको

अर्थ हो हाम्रो उत्पादनको वृद्धिदर मागको वृद्धिदर भन्दा अत्यन्त न्यून छ ।

अचेल गाउँघरमा पुग्ने हो भने पहिला खेती गरिएका जमिनहरू बाँझै बसेका दृश्यहरू जताततै देखिन्छन् र सयौ मुरी अन्न फल्ने खेतहरू कित बाँझै, कित तीन बाली उब्जनेमा एक बाली मात्र लगाएको भन्ने सुनिन्छ। कृषि मजदूर नपाइने, ज्याला ज्यादै महगो भएको, आफ्नो परिवारको रेखदेख गर्ने बलिया मान्छे विदेश या शहर पसेका, मल-बिउ लिन गाह्रो भएको, गुनासो नै यो कृषिको निराशजनक हुनुको कारणहुन् भन्ने जताततै सुनिन्छ। खेती गरिने ग्रामीण भेगहरूमा मजदुरको कमी भएको र त्यहाँका स्थानीय युवाहरू शहर या विदेश पलायन गरेको यथार्थ हो ।

यस जनशक्तिको पलायन र विप्रेषणको पैसाले कृषिमा रूचि घट्दै गएको पनि सत्य हो। तर यो युवाशक्तिको पलायन र कृषिमा निराशाको एक प्रमुख कारण कृषि क्षेत्रमा सरकारको उदासिनता र अक्षमता पनि हो उत्पादकत्वमा कमी र धेरै समय दिँदा पनि १२ महिना खान नपुग्नु निराशाको प्रमुख कारण हो कृषिगणना २०६८ को प्रतिवेदन अनुसार कृषिमा संलग्न परिवार मध्ये ६० प्रतिशतलाई आफ्नो उब्जनीले पुग्दैन जसमध्ये ४४ प्रतिशतलाई ४-६ महिना र २३ प्रतिशतलाई ७-९ महिना खान पुग्दैन समयमा बिउ-मल नपाउने, आकासे सिंचाइमा नै निर्भर, नयाँ प्रविधिका कृषि औजार नभएको, कृषि बजारको अभाव, संकलन प्रणालीको अभाव तथा नयाँ बिउ-बिजन, खेतिका प्रविधि, माटोको अम्लियताको अनुसन्धानको प्रभावहिनता-यी कमजोरीहरू दसौ वर्षदेखि अनुसन्धानकर्ताहरूले औलाइरहेका कृषिमा बिद्यमान समयहरू हुन् तर यो क्षेत्रमा लगातार भइरहेको अधोगतिले देखाउछ कि सरकारले कृषि प्रति बेग्लै ढंगले सोच्नुपर्ने आवश्यकता छ, औपचारिकता भन्दा धेरै माथि उठेर । नेपाल सरकारले बजेटको राम्रो हिस्सा कृषिलाई दिदै आएको छ॰। प्रायः बजेटको ५-७ प्रतिशत (सिंचाइ जोड्दा) हिस्सा पाउने कृषि क्षेत्रको बजेट, गत वर्षबाट दोब्बर बढाएर बार्षिक २१ अर्ब ४० करोड पुऱ्याइएको छ यसरी योजनाबद्ध विकाश शुरू भएदेखिको ५० वर्षको हिसाबगर्दा कृषिमा करिब १०-१५ खर्बको लगानी भइसकेको छ । यो तथ्यांक हेर्दा राज्यले कृषिमा गरेको खर्च अब्यबस्थित वा भनौ बालुवामा पानि खन्याएको जस्तो मात्र देखिएको छ ।

यसरी हेर्दा, कृषिमा सरकारी सेवा अत्यन्त कमजोर देखिन्छ जसलाई अबको बदलिएको सन्दर्भमा स्थानीय तहको जिम्मा दिएर त्यहाँको हावापानी र माटोको प्रकृति अनुसार कस्ता बिउ, औजार र प्रविधि चाहिने हो त्यसको खोजी र सम्बर्धन गर्न जरूरी देखिन्छ केन्द्रीय बैंकले बैंक तथा वित्तीय संस्थालाई कुल लगानीको २५ प्रतिशत उत्पादनशील र प्राथमिकता प्राप्त क्षेत्रमा गर्नुपर्ने नीतिगत व्यवस्था गरेको छ जसमध्ये १५ प्रतिशत हाइड्रो र कृषिमा गर्नुपर्छ । पछिल्ला वर्षहरुमा सरकारको नीतिअनुरूप राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई कृषिमा लगानी गर्न प्रोत्साहन गर्दै आएको छ । यस नीतिले राम्रो लगानी कृषिमा गरिएको देखिन्छ जसको प्रतिफल आउँदा वर्षहरूमा देखिने छ गत असारसम्मको तथ्यांक अनुसार बैंक तथा वित्तीय संस्थाले कृषिमा झन्डै ४६ अर्ब रूपैयाँ थप लगानी गरेका छ। २०७४ असारसम्मको तुलनामा गत असारमा यस्तो लगानी करिब ५१ प्रतिशतले बढेको थियो । अघिल्लो आर्थिक वर्षको अन्त्यमा कृषि क्षेत्रमा बैंक तथा वित्तीय संस्थाको लगानी ९० अर्ब रूपैयाँ थियो जो गत असारमा बढेर १ खर्ब ३५ अर्ब ७५ करोड रूपैयाँ पुगेको छ। तर अझै यो लगानी राष्ट्र बैंकको निर्देशनअनुसार पुग्न सकेको छैन। यो लगानी बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कुल लगानीको करिब ५.६ प्रतिशत मात्र हो, जवकी राष्ट्र बैंकको निर्देशनअनुसार यो १० प्रतिशत पुग्नुपर्छ ।

**जलविद्युत जलाशययुक्त नै चाहिन्छ**

फर्पिंगमा स्थापित एशियाको दोश्रो जलबिद्युत योजनाबाट १०० वर्ष पहिले बिजुली निकालेर काठमाडौँ उज्यालो हुँदा अधिकांश दक्षिण र पूर्वी एशिया खनिज तेलको टुकी बालेर बसेका थियो । तर अहिले अधिकांश छिमेकी राष्ट्रहरूमा बिद्युत पर्याप्त उत्पादन हुँदा समेत हामी उर्जा संकटमा छौ । नेपालमा जलविद्युत विकासको ठूलो सम्भावना छ । सदाबहार नदी र भिरालो भूबनोटले गर्दा संसारकै ठूला मध्येका जलविद्युत आयोजनाहरूको विकास नेपालमा गर्न सकिन्छ । सबैभन्दा पछिल्लो अनुमानमुताविक आर्थिक हिसाबले विकास गर्न सकिने सम्भावना भएको नेपालको जलविद्युत ४० हजार मेगावाट देखिएको छ । यस्तो अपार जलविद्युतको सम्भावना भएता पनि नेपालले हालसम्म केवल ६०० मेगावाट जलविद्युत मात्र उत्पादन गर्न सकेको छ र बाकि आयात गर्नु परेको छ । नेपालमा हालसम्म निर्मित प्रायः सम्पूर्ण जलविद्युत आयोजनाहरू बहावमा आधारित (रन अफ द रिभर) प्रकारका छन् र तिनीहरूबाट हुने विद्युत उत्पादन वर्षायाममा केही बढी हुने भए पनि सुख्खायाममा अत्यन्त घटी हुने गर्दछ । कृषिको लागि समेत सिंचाइको अत्यन्त अभाव भोगिरहेको हाम्रो देशमा बहुउपयोग गर्न सकिने

जलाशययुक्त जलविद्युत् आयोजना नै हाम्रो अहिलेको आवश्यकता हो, जसमा अबको लगानी केन्द्रित हुनुपर्छ ।

**पर्यटनमा होमस्टे**

संसारभरि अहिले घुमन्ते संस्कृति बढेको छ। आफ्नो जुनीमा हिमाल शृंखला हेर्ने, सगरमाथा चढ्ने, नेपालका मनोरम ताल, डाँडाकाँडा हेर्ने या लुम्बिनी, मुक्तिनाथ, पशुपतिनाथ, जनकपुरको धार्मिक पर्यटन गर्ने धोको संसारका धेरै धनाढ्यहरूको भएको बुझिन्छ। तर हाम्रो क्षमता सीमित छ । आउन खोज्ने जति पर्यटकलाई ल्याउन सक्ने क्षमता नै हामीसँग छैन। जब कि, यो क्षमता र वातावरण बढाउन हाम्रो देशमा सहज छ जसमा ध्यान पुर्‍याइएको छैन । सहज यसकारण कि बैंकक, सिंगापुर जस्तो हामीले कृत्रिम मनोहरता बनाउनुपरेको छैन। प्रकृतिले दिएको सम्पदा हामीसँग यथेष्ट छ । केवल बस्ने बास र पुग्ने बाटो, यातायातका साधनको व्यवस्था गर्नु जरूरी छ । अनि जरूरी छ, सञ्चार र सुरक्षाको व्यवस्था, जो त्यति गाह्रो कुरा होइन । तथ्यांकले देखाउँछ गएको झन्डै तीन दशकमा पर्यटनको स्थिति सुधार्न हामीले धेरै गर्नसकेका छैनौ । पर्यटकको संख्या सन् १९९१ मा झन्डै तीन लाख थियो जो अहिले करिब तीन गुना थपिएर नौ दश लाख पुगेको देखिन्छ तर राष्ट्रिय उत्पादनमा (जीडीपीमा) यसको योगदान संधै २ देखि ३ प्रतिशतबाट माथि उठेको छैन ।

हाम्रामा पर्यटक झोले, स्टोभे (आफ्नो खाना आफै बनाउन बसमा स्टोभ नै बोकेर आउने खालका) बढी देखिन्छन् । अझ विदेशीले भन्दा अन्तरिकले विदेश घुम्नजाँदा दुई गुना बढी खर्च गरेको देखिन्छ । आन्तरिक पर्यटन वृद्धि हुनु पनि राम्रै हो तर विदेशी मुद्रा र आयको लागि हामीलाई चाहिने विदेशी र स्तरीय पर्यटक नै हुन् ।

हाम्रो पर्यटन उद्योगको ज्यादै राम्रो पक्ष 'होमस्टे' हो । यसबाट जनता पर्यटनमा सोझै जोडिन्छन् । यसले गरिबी निवारणमा ठूलो सहयोग पुग्राउछ । आफ्ना घर अथितिलाई दिनेले कोठा बाहेक उसको करेसावारीको तरकारी, छिमेकीको अन्न र स्थानीयका हस्तकलाबाट समेत आय आर्जन गर्नसक्छन् । यसबाट केही ठूलो होटल ब्यबसायिको हातमा परेको ठूलो रकमको सट्टा धेरै सामान्य ग्रामीण परिवारको जीवनस्तरमा ठूलो असर गर्छ । तर यस्ता होमस्टेको संख्या नगण्य छ। पर्यटन मन्त्रालयको २०७५ को तथ्यांक अनुसार हाल सामुदायीक र निजी गरेर जम्मा २८३ घरमा ९४८ कोठाहरू पर्यटकलाई स्वागत गर्नसक्ने स्थितिमा रहेको देखिन्छ । मन्त्रालयको यसै तथ्यांकलाई हेर्दा गत एक वर्षमा यस्ता ५० कोठा पनि थप्न सकिएको रहेनछ । सरकारले यस्ता होमस्टे थलोहरूको बिस्तारको लागि स्थानीय सरकार सँग हातेमालो गर्न जरूरी छ । विदेशी पर्यटकले न्यूनतम कस्ता सुविधा खोज्छन् र केमा रमाउछन् भन्ने ज्ञान पर्यटन मन्त्रालयले स्थानीय सरकारको माध्यमबाट सम्भाव्य गाउँ-बस्तीमा पुर्‍याउनु पर्छ र आवश्यक सहयोग गर्नुपर्छ । यस्ता होमस्टे चलाउनेलाई सरसफाई र सुरक्षित शौचालयको बारेमा जानकारी दिनुपर्छ र त्यहाँ सौर्यउर्जाबाट बत्ती बाल्ने, पानी तताउने र इन्टरनेट चलाउने सुविधा पर्यटकलाई दिनसक्नु पर्छ । यस्को लागि स्थानीय सरकारलाई जागरूप गराउन जरूरी छ । प्राकृतिक छठाले भरिपूर्ण हाम्रो देशको लागि कम लगानीमा तुरून्तै गर्न सकिने र स्वरोजगारीको ठूलो सम्भावना बोकेका छन् यस्तै होमस्टेले र केही मध्यम लगानीका स्तरीय पर्यटन ब्यबसायले । त्यसैले संवृद्धिको हाम्रो आशा यतैबाट सम्भव हुने देखिन्छ ।

**निष्कर्ष**

निष्कर्षमा देशको सम्वृद्धिका लागि कृषि, जलविद्युत र पर्यटनको सम्बर्धन गर्नु जरूरी छ । कृषिमा, कृषकसम्म पुग्नेगरी लगानी गर्न जरूरी छ । प्रविधि, बिउ-बिजन, सिंचाइ र बजारको व्यवस्था कृषकको आवश्यकता हो । कृषिको प्रवर्द्धनको लागि बैंक तथा वित्तीय संस्थाहरूको ठूलो भूमिका आवश्यक देखिन्छ । बहुउपयोग गर्न सकिने जलाशययुक्त जलविद्युत आयोजना हाम्रो अहिलेको आर्को आवश्यकता हो, जसमा अबको लगानी केन्द्रित हुनु पर्छ । बहावमा आधारित भन्दा जलाशययुक्त आयोजनाले विद्युतको उत्पादन वर्षभरी एकनासे क्षमताको र सिंचाइको लागि सहयोग पुर्‍याउँछ प्राकृतिक शौन्दर्यले भरिएको हाम्रो देशमा पर्यटन सहज छ तर यसकोलागि होमस्टे जस्ता सोझै गाउँका जनताको उत्पादनमा जोडिने र ठूलो संख्यामा रोजगारी दिने व्यवस्थालाई प्रवर्द्धन गर्न स्थानीय सरकारलाई सवल बनाउनु जरूरी छ । ●●

*(लेखक त्रिभुवन विश्वविद्यालय, तथ्यांक विभागमा कार्यरत हुनुहुन्छ ।)*

# नेपालमा वैदेशिक रोजगारको अवस्था तथा यसको प्रभाव

■ डा. गम्भीर बहादुर हाडा

देशको जनशक्तिलाई नयाँ प्रविधि र बजार सुहाउँदो गुणस्तर र सीपयुक्त बनाई स्वदेश तथा अन्तर्राष्ट्रिय बजारमा रोजगारीका अवसरहरू प्रवर्द्धन गर्नु आजको प्रमुख आवश्यकता हो । बेरोजगारीलाई घटाउन रोजगारदाता र कामदारको हितमा सामञ्जस्य ल्याई औद्योगिक सम्बन्धमा सुधार र लगानीमैत्री वातावरण कायम गर्नुका साथै राज्य श्रमजीवी कामदारहरूको आधारभूत हक अधिकारको संरक्षण तथा सुरक्षित कार्यव्यवस्थाको प्रवर्द्धन गर्दै उत्पादन र उत्पादकत्वको वृद्धिका साथै श्रम, कानुन र प्रशासनलाई सक्षम र समयसापेक्ष बनाउनुपर्ने भएको छ । मानव संसाधनको रोजगार सामर्थ्यमा वृद्धि गरी क्षमता न्यूनताको कारणबाट लाभान्वित हुन नसकेका युवा, महिला, मधेसी, जनजाति, अपाङ्ग, दलित, द्वन्द्वबाट प्रभावित एवं सीमान्तकृत समुदायहरूलाई समेत स्वेदश एवं नेपाल सरकारले लिने उल्लेख गरिएको छ । वैदेशिक रोजगारको शिलशिलामा पुरूषहरू औधोगिक कामदारको रूपमा बढी र महिलाहरू घरेलु कामदारको रूपमा वैदेशिक रोजगारमा जाने गरिएको देखिन्छ । करिब २३ लाख नेपाली कामदारहरू आप्रवासी कामदारको रूपमा विभिन्न देशहरूमा कार्यरत रहेको तथ्यांकले देखाउँदछ । यी देशहरूमध्ये ९० प्रतिशत कामदारहरू अदक्ष कामदारका रूपमा मात्रै जाने गरेको र केवल २ प्रतिशत दक्ष, २३ प्रतिशत अर्धदक्ष र ७५ प्रतिशत अदक्ष कामदारको रूपमा वैदेशिक रोजगारीमा जाने गरेको तथ्य देखिन्छ । त्यसैगरी विभिन्न अध्ययनअनुसार आप्रवासी कामदारहरूको वास्तविक तथ्यांक अद्यावधिक नभएको र छिमेकी देश भारतको बाटो हुँदै अबैधरूपमा वैदेशिक रोजगारसम्म जाने कामदारको संख्या अत्यधिक रहेका अनुमान गरिन्छ । औपचारिक र अनौपचारिक रूपमा गरी अहिले करिब ३० लाख नेपाली युवा विदेशी भूमिमा आफ्नो पसिना चुहाइरहेका छन् । यही पसिनाले साटिरहेको रेमिटान्सले नेपाली अर्थतन्त्रको कुल ग्रार्हस्थ्य उत्पादनमा २० प्रतिशतको योगदान गरिरहेको छ ।

**करिब २३ लाख नेपाली कामदारहरू आप्रवासी कामदारको रूपमा विभिन्न देशहरूमा कार्यरत रहेको तथ्यांकले देखाउँदछ ।**

रेमिट्यान्सको सदुपयोग गर्ने सम्बन्धमा सरकारको स्पष्ट नीति नहुँदा अरबको खाडीमा नेपालका युवाले रगत पसिनासँग साटेको रकम उत्पादन मूलक क्षेत्रमा भन्दा पनि विलासितामै खर्च भएको छ । नेपाली युवाले कमाएर पठाएको विदेशि मुद्रा विलासिताका सामान खरिदमा उतै फर्केको छ । गाउँका किसानले दुध बेचेर कोकाकोला किने जस्ता उदाहरण धेरै छन् । यदि राज्यसँग सदुपयोग गर्ने उचित नीति र कार्यक्रम भएको भए वैदेशिक रोजगारिमा गएका कामदारका परिवारले विलासिताको सट्टा उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने थिए देश गरिव भए पनि नेपाली गरिव छैनन् र प्रतिफल आउँने अवसर पाएमा लगानी गर्न तयार छन् भन्ने कुरा केही समय पहिले २५ मेगावाटको एउटा निजी जलविद्युत आयोजनाले प्राइमरी सेयर निष्काशन गर्दा लगानीका लागि देखिएको लाइन र मागेभन्दा कैँयौं गुणा बढी आवेदन परेकोबाट पनि पुष्टि हुन्छ ।

आर्थिक वर्ष २०७४/७५ को साउन र भदौमा वैदेशिक रोजगारीका लागि २६ हजार चार सय ७२ युवा मलेसिया गएका छन् । वैदेशिक रोजगार विभागका अनुसार भदौमा मात्रै म्यानपावरमार्फत् नयाँ भिसामा १२ हजार ५० युवा रोजगारी गर्न मलेसिया पुगेका छन् । यसमा ११ हजार सात सय ७१ पुरूष र दुई सय ७९ महिला छन् । यसैगरी

भदौ महिनामै व्यक्तिगत श्रम स्वीकृति लिएर १९ सय ६६ युवा मलेसिया गएका छन् ।संस्थागत (म्यानपावर) र व्यक्तितर्फ गरी भदौमा मात्रै श्रम स्वीकृति लिँदै मलेसिया पुग्नेको संख्या १४ हजार १६ पुगेको विभागले सार्वजनिक गरेको तथ्यांकले देखाउँछ । यसैगरी साउनमा १२ हजार चार सय ५६ युवा रोजगारीका लागि मलेसिया पलायन भएका थिए । चालु आवको भदौ महिनामा मात्रै ५१ हजार ७६ युवा रोजगारीकै लागि विश्वका विभिन्न मुलुक पुगेका छन् । चालु आवको सुरूसँगै मलेसिया जाने युवाको संख्याका ह्वात्तै बढेको छ । खाडीको आन्तरिक द्वन्द्व र कतारलाई एक्ल्याउन खोज्दा युवाको रोजाइ मलेसिया बन्न पुगेको छ । खाडीमा जाने युवाले विकल्पका रूपमा अहिले मलेसिया रोज्न थालेका छन् । गत वर्षको साउन महिनामा म्यानम्यारमार्फत् ६ हजार सात सय एकजना र भदौ महिनामा सात हजार दुई सय ९२ युवा मलेसिया गएका थिए । चालु आवको दुई महिनामा म्यानपावरमार्फत् मलेसिया जाने युवाको संख्या गत आवको दुई महिनाभन्दा नौ हजारभन्दा बढी छ । गत आवको दुई महिनामा म्यानपावरमार्फत् १३ हजार नौ सय ९३ युवा रोजगारीका लागि मलेसिया पुगेका थिए भने चालु आवको दुई महिनामा २३ हजार दुई सय १७ युवा मलेसिया पुगेका छन् । गत आ.व. मा मासिक सरदर ११ देखि १२ हजार युवाको रोजाइमा परेको कतार जानेको संख्या भने चालु आवको सुरूसँगै झण्डै ५० प्रतिशतले गिरावट आएको छ । चालु आवको दुई महिनामा १३ हजार दुई सय ६६ युवा रोजगारीका लागि कतार पुगेको विभागले जानकारी दिएको छ । तर गत आवको सोही अवधिमा ३१ हजार पाँच सय ६ युवा कतार पुगेका थिए । भदौमा मात्रै श्रम स्वीकृति लिँदै मलेसिया पुग्नेको संख्या १४ हजार १६ पुगेको विभागको तथ्यांक छ । साउदी, दुबई, ओमन र बहराइन जाने युवाको संख्या पनि गत आवभन्दा चालु आ.व. मा ५० प्रतिशतले गिरावट आएको देखिन्छ । मलेसिया जानेको संख्या ह्वात्तै बढे पनि समग्रमा म्यानपावरमार्फत् रोजगारीका लागि विदेश जानेको संख्यामा भने गिरावट आएको छ । गत आवको साउन र भदौमा म्यानपावरमार्फत् ६५ हजार पाँच सय २१ युवा विश्वका विभिन्न मुलुकमा रोजगारीका लागि पुगेका थिए । तर चालु आवको साउन र भदौमा गरी ५९ हजार दुई सय सात युवा रोजगारीका लागि विदेश पलायन भएका छन् । यो सँगै चालु आ.व.को दुई महिनामा कोरिया जानेको संख्या एक हजार तीन सय ३८ छ । यसमध्ये २७ जना महिला छन् ।

पछिल्लो श्रमशक्ति सर्वेक्षण अनुसार नेपालमा बेरोजगारी दर २.३ प्रतिशत र अर्धबेरोजगारी दर ३.० प्रतिशत रहेको अनुमान छ । युवा अर्धबेरोजगारी दर ३५.८ प्रतिशत रहेको छ हाल दैनिक करिब १ हजार युवाहरू वैदेशिक रोजगारीको सिलसिलामा विदेशिने गरेका छन् । रोजगार सूचना केन्द्रमार्फत आर्थिक वर्ष २०७३/२०७४ मा १७३१८ जनाको बेरोजगार लागत संकलन गरिएकोमा चालु आर्थिक वर्षको प्रथम आठ महिनामा सो संख्या ७३२१ रहेको छ । आर्थिक वर्ष २०७४/२०७५ को प्रथम आठ महिनामा १६६ संख्यामा श्रम विवाद समाधान गरिएको छ । गत आर्थिक वर्षमा सो संख्या २१३ थियो । आर्थिक वर्ष २०७४/२०७५ को प्रथम आठ महिनामा ३५०९ जना महिला र ९५५० जना पुरूष गरी कुल १३०५९ जनाले सीप विकास तालिम प्राप्त गरेका छन् । सो संख्या गत आर्थिक वर्ष २००६६ रहेको थियो ।

नेपालमा काम गर्ने गैरनेपाली नागरिक मध्ये चालु आर्थिक वर्षको प्रथम आठ महिनामा १०३५ जनालाई श्रम स्वीकृति प्रदान गरिएको छ । गत आर्थिक वर्षमा आर्थिक वर्ष २०७४/२०७५ सो संख्या १२४५ रहेको थियो । गत आर्थिक वर्षमा ५७१ जनाको श्रम स्वीकृति नवीकरण गरिएकोमा आर्थिक वर्षको प्रथम आठ महिनामा सो संख्या ५८८ रहेको छ । आर्थिक वर्ष २०७४/२०७५ को प्रथम आठ महिना सम्ममा वैदेशिक रोजगारमा कामदार पठाउने प्रयोजनको लागि मात्र १५२४ संस्था दर्ताभई इजाजतपत्र लिएका थिए । यसमध्ये ११४० वटा मात्र क्रियाशील रहेका छन् । वैदेशिक रोजगारमा जाने कामदारलाई अभिमुखीकरण तालिम दिने संस्था १५८ रहेका छन् । काठमाडौं उपत्यकाभित्र मात्र सो संख्या ११६ रहेको छ । साथै वैदेशिक रोजगारमा जाने कामदारको स्वाथ्य परीक्षण गर्ने संस्थाको संख्या २३४ पुगेको छ । वैदेशिक रोजगारसँग सम्बन्धित आर्थिक कारोवार गर्ने प्रयोजनका लागि हालसम्मम ८ वटा बैंक विद्युतीय प्रणालीमा आबद्ध भएका छन् । आर्थिक वर्ष २०७३ /२०७४ सम्ममा ४० लाख ३ हजार ४ सय ७४ जना कामदार वैदेशिक रोजगारीमा गएका छन् यसमध्ये ३८ लाख २८ हजार १ सय ७२ जना पुरूष र १ लाख ७५ हजार ३ सय २ जना महिला रहेका छन् । आर्थिक वर्ष २०७३/२०७४ मा ३६३३४० जना पुरूष र २०१८९ जना महिला गरी ३८३४९३ जना वैदेशिक रोजगारीमा गएकामा आर्थिक वर्ष २०७४/२०७५ को प्रथम आठ महिनामा सो संख्या २४३३४३ रहेको छ । श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा जाने कामदरको संख्या पछिल्ला वर्षहरूमा घटदो क्रममा रहेको छ ।

आर्थिक वर्ष २०७४/२०७५ मा मलेसिया र खाडी मुलुकहरूमा १० वटा श्रमिक सचेतना कार्यक्रम सञ्चालन

गरिनुका साथै विदेशमा मृत्यु भएका श्रमिकहरूको क्षतिप्रति दाबीका लागि कानुनी र प्रक्रियागत सहजीकरण भएको छ । गत आर्गिक वर्षको रोजगारीका सिलसिलामा विदेशमा निधन भएका ७५५ जना मृतकका परिवारलाई आर्थिक सहायता रकम उपलब्ध गराइएकोमा चाले आर्थिक वर्षको प्रथम आठ महिनामा सो संख्या ५५२ रहेको छ । वैदेशिक रोजगारीका शिलशिलामा चालु आर्थिक वर्षको प्रथम आठ महिनामा विदेशमा बिरामी र अंगभंग भएका २२४ जनालाई आर्थिक सहायता उपलब्ध गराइएको छ । गत आर्थिक वर्षमा सो संख्या २०६ रहेको थियो । आर्थिक वर्ष २०७४/२०७५ को प्रथम आठ महिना सम्ममा ८२ प्रतिशत सरकारी क्षेत्र र १८ प्रतिशत गेरसरकारी क्षेत्रका करिब ३ हजार बढी संगठित संस्थाहरू सामाजिक सुरक्षा करको दायरामा आई योगदानकर्ताको संख्या २० लाख नाघेको छ । आर्थिक वर्ष २०७३/२०७४ सम्ममा सामाजिक सुरक्षा कर वाफत रू १६ अर्ब ९० करोड संकलन भएकोमा चालु आर्थिक वर्षको प्रथम आठ महिनासम्ममा सो रकम २० अर्ब ११ करोड पुगेको छ । सामाजिक सुरक्षा योजना संकलनको लागि स्थापना भएको कोषमा आर्थिक वर्ष २०७४/२०७५ को प्रथम आठ महिनासम्ममा रू ६७ करोड पुगेको छ । कर्णाली प्रदेशका ५ जिल्ला र बाजुरा जिल्लाका साबिकका ५ गाविसमा कर्णाली रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ ।

नेपालको संविधान २०७२ को मौलिक हक अन्तर्गत धारा ३४ मा श्रम गर्न पाउने नागरिकको रूपमा स्थापित गरेको छ । नेपालका युवाहरूले गर्ने कामको विवेचना गर्दा कल जनसंख्याको अधिकांश निर्वाहमखी कृषि २६.७ प्रतिशत, घरयासी धन्दा १९.४ प्रतिशत र केवल २२.७ प्रतिशत युवा शिक्षा सम्बन्धी आर्जनमा संग्लग्न भए पनि ती मध्ये अत्यन्त कमले मात्र सीपमुलक र प्राविधिक शिक्षा पाएको अवस्था छ । फलस्वरूप २९ प्रतिशत युवाले मात्र रोजगारीको अवसर पाएको देखिन्छ । २०६८ को जनगणना अनसार नेपालमा १६ देखि ४० वर्षका युवाहरूको संख्या ४०.३५ प्रतिशत रहेको छ । जनसंख्याको ठूलो हिस्सा ओगटेको युवा क्षेत्रको विकासका लागि कुनै एउटा विकासबाट मात्र कार्यक्रम सञ्चालन गर्न सम्भव र व्यावहारिक नभएकोले सम्पूर्ण सम्बन्धित क्षेत्रबाट राष्ट्रिय योजना नीतिलाई आत्मसात गरी, कार्यान्वयन, अनुगमन, समन्वय र मूल्यांकनलाई प्रभावकारी बनाउन विशेष ध्यान दिन जरूरी छ । नेपाल अधिराज्यको संविधान २०७२ ले व्यवस्था गरेको समानता तथा सामाजिक न्यायको सिद्धान्तलाई आत्मसात गर्दै नेपाल जस्तो बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक राज्यमा जातीय विभेद, छुवाछुत, हिंसा, पिछडिएको वर्गको अपहेलनालाई पूर्णरूपमा हटाई समताको रूपमा संरक्षण र सहभागिताको वातावरण तयार पार्नुपर्दछ ।

युवा राष्ट्रिय नीति २०७२ र युवा भिजन २०२५ ले परिलक्षित गरेका कार्यक्रमलाई कार्यान्वयनका लागि केन्द्रीय तहमा, युवा सम्बद्ध मन्त्रालय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था सहकारी, राजनैतिक संगठन आदि जस्ता क्षेत्रहरूका पहल गर्नुपर्दछ । दैनिक १५०० जसो संख्यामा युवा विदेशिने अवस्थाले गर्दा एकातिर देशको विकास र सम्वृद्धिका अभियन्ता युवाहरूको श्रमशक्ति पलायन भएको छ भने अर्कोतिर श्रमशक्तिकै अभावमा हाम्रो कृषि पेशा अन्योलमा परी गाउँघरतिर खेतबारी बाँझो रहेको अवस्था छ । यिनै कुरालाई आधार मानी नेपाली युवाको अवस्था विश्लेषण र जिल्लादेखि राष्ट्रिय तहसम्मका युवा सरोवारवालाको सल्लाह र सुझावलाई मनन गरी युवा भिजन २०२५ मा युवालाई १६ देखि २५ वर्षसम्म र २५ देखि ४० वर्ष उमेर समूहमा विभाजन गरी युवा विकासका ५ आधारतत्व निर्धारण भएका छन् जस अनुसार १६ देखि २४ वर्ष उमेर समूहकालाई व्यावसायिक शिक्षा, सिपमूलक तालिम र स्वाथ्य तथा विकासमा जोड दिइएको छ भने २४ देखि ४० वर्षको उमेर समूहलाई पेशा व्यवसाय, उद्यमशीलता, सहभागिता तथा नेतृत्व विकास आदिमा मुख्य जोड दिइएको छ ।

विदेशमा रहेका नेपालीहरूले कमाएर स्वदेश पठाउने रेमिट्यान्स रकमको आकारले बजेटको सीमा नाघेको छ । चालु आर्थिक वर्षको १० महिनामै वार्षिक बजेटको आकारलाई देशमा भित्रिने रेमिट्यान्स रकमले नाघेको हो । आर्थिक वर्षको १० महिनामै वार्षिक बजेटको आकारलाई देशमा भित्रिने रेमिट्यान्स रकमले नाघेको हो आर्थिक वर्ष २०७०/०७१ को १० महिनामा वार्षिक बजेटलाई रेमिट्यान्सले करिब ६ अर्बले नाघेको छ । नेपाल राष्ट्र बैंकले दिएको जानकारी अनुसार चालु आर्थिक वर्षको वैशाख मसान्तसम्ममा देशमा ४ खर्ब ४४ अर्ब ४८ करोड रेमिट्यान्स रकम भित्रिएको छ यो गत वर्षभरिको भन्दा १० अर्बले बढी हो । सरकाले आर्थिक वर्ष २०७०/०७१ मा जम्मा ४ खर्ब ३८ अर्ब ५१ करोड ७२ लाख ७ हजारको वार्षिक बजेट सार्वजनिक गरेको थियो । हाल दैनिक सरदर १५ सयको हाराहारीमा नेपालीहरू कामको खोजीमा विदेशी भूमिमा पुग्ने गरेका छन् भने मासिक ५० अर्बको हाराहारीमा रेमिन्ट्यान्स भित्रिने गरेको छ । रेमिट्यान्सको भरमा देशको आर्थिक क्षेत्र अगाडि बढेको छ । भोलि विदेशी मुलुकले कामदार फिर्ता पठाउने नीति लियो र सबै विदेशमा काम गर्ने नेपालीहरू नेपालमा आए

भने के हुन्छ देशको हालत ? चालु आर्थिक वर्षमा गत वर्षभन्दा २९ दशमलब ७ प्रतिशत बढी रेमिट्यान्स रकम नेपामा भित्रिएको छ । मासिक रूपमा नेपालमा भित्रिने रेमिट रकममा वृद्धि भइरहेको छ। आर्थिक वर्ष२०६९/ ०७० मा वर्षभरमा ४ सय ३४ अर्ब ५८ करोड नेपाली रूपैयाँ बराबरको रेमिट्यान्स रकम नेपालमा आएको थियो । उक्तसीमालाई ०७० /०७१ को १० महिनामै पछि पारेको छ । केन्द्रीय बैंकको अनुमान अनुसार यस वर्ष ६ सय अर्ब नजिक रेमिट्यान्स आय पुग्नेछ ।

देशमा भित्रिने रेमिट्यान्सको करिब ९० प्रतिशत उपभोगमा खर्च हुनेगरेको केन्द्रीय बैंकको तथ्यांकले देखाएको छ । केन्द्रीय तथ्यांक विभागले भने कुल भित्रिने रेमिट्यान्सको ७९ प्रतिशत उपभोगमा खर्च हुने जनाएको छ । लत्ता कपडा खानपिन तथा शिक्षा क्षेत्रमा रेमिट्यान्सको देशको आम्दानी त बढाएको छ तर यसले परनिर्भरतालाई पनि उत्तिकै प्रोत्साहन दिएको छ । ९० प्रतिशतसम्म खर्च गर्नेमा समेत आयातित सामग्रीमै धेरै खर्च हुने गरेको कारण रेमिट्यान्सका कारण देशलाई खासै फाइदा हुने गरेको छैन केन्द्रीय बैंकका अधिकारी भन्छन् । जति रकम विदेशबाट आउँछ उत्तिनै रकम विदेशी सामान आयातमा खर्च हुने गरेको छ । चालु आर्थिक वर्षको १० महिनामा नेपालमा विदेशबाट ५ खर्ब ८० अर्ब ९३ करोडको वस्तु आयात भएको छ कुल निर्यात भने ७५ अर्ब १२ करोडको वस्तु आयात भएको छ कुल निर्गात भने ७५ अर्ब १२ करोडमात्र छ । वैदेशिक रोजगारीको सिलसिलामा विदेशमा रहेका धेरैजसो जिल्लाहरूको ग्रामीण क्षेत्र अहिले सुनसान छ धेरैजस्तो कामका लागि नेपालीले विदेश गएको १ वर्षको कमाई ऋण तिर्न खर्च गर्ने र दोस्रो वर्षदेखि परिवारहरू समेत शहरी क्षेत्र स्थानान्तरण हुने क्रम उच्च छ । शहरमा बसेर बालबच्चा पठाउने तथा शहरी रहनसहनमा खर्च बढेको हुन्छ । यसमा सरकारले दीर्घकालका लागि अदक्ष कामदारलाई रोकेर बैंकबाट सरल रूपमा कर्जा उपलब्ध गराउने र कृषिमा गाउँमै रोजगारीको सिर्जना गर्ने काम गर्नु आवश्यक छ । हाल विदेशमा गएर कमाएको रकम विदेशमै सक्ने क्रम बढेसँगै सामाजिक रूपमा समेत अस्थिरता बढेकोमा चिन्तित छन् ।

हाल नेपालबाट प्रतिदिन करिव १ हजार ५ सय व्यक्ति रोजगारिका लागि विदेशिने गरेको अनुमान छ । आन्तरिक रोजगारीका अवसर नपाएर विदेशिनेहरूमा ७४ प्रतिशत अदक्ष श्रमिक रहेका छन् । त्यसैगरी २५ प्रतिशत अर्धदक्ष र १ प्रतिशत मात्र दक्ष जनशसक्त रहेको छ । करिब ४ लाखभन्दा कढी जनशक्ति वार्षिक रूपमा श्रम बजारमा प्रवेश गर्ने भएता पनि रोजगार वृद्धि दर २.९ प्रतिशत रहेको छ । वैदेशिक रोजगारीका लागि हालसम्म १ सय ९ मधलधक खुल्ला गरिएको छ । बाह्रौं योजना अवधिमा ११ लाख ९२ हजार १ सय २४ जना श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा भारतबाहेक गएको मध्ये महिलाहरूको संख्या ६१ हजार ८७ रहेको छ । ११ वटा गन्तव्य मुलुकहरूमा श्रम सहचारीको दरबन्दी व्यवस्था भएकोमा हाल ५ वटा मुलुकहरू साउदी अरब, दक्षिण कोरिया युएई, कतार र कुवेतमा पदपूर्ति भएको छ । यसैगरी ४ वटा गन्तव्य मुलुकहरू साउदी अरब कतार कुवेत र युएईमा सुरक्षित गृह स्थापना गरिएको छ । यस आर्थिक वर्षको फागुन मसान्तसम्म ५ लाख ८५ हजार ६ सय ६२ जनालाई वैदेशिक रोजगारीका लागि पूर्व स्वीकृति दिइएको छ । वैदेशिक रोजगारीमा गई फर्किएका कामदारहरू पुनः श्रम स्वीकृति नविकरण गरी १ लाख ९ हजार ४ सय २७ जना सोही देशमा वैदेशिक रोजगारमा गएका छन् । वैदेशिक रोजगारीमा जाने कामदारहरूको संख्या करिब ३५ लाख पुगिसकेको छ ।

वैदेशिक रोजगारीले देशमा फाइदा मात्र पु¥याएजस्तो देखिए पनि केही समययता यो क्षेत्र फाइदासँगै अनेक खाले चुनौती र विकृतिहरूको चाङले घेरिन पुगेको देखिन्छ । वैदेशिक रोजगारीमा जानेहरूमध्ये ७५ प्रतिशत अदक्ष छन् । यसकै कारणले थ्रिडी अर्थात कठिन, खतरनाक र फोहोरी काम गर्न बाध्य छन् । वैदेशिक रोजगारीमा जाने अधिकांश महिला अशिक्षित, अदक्ष र ग्रामीण क्षेत्रका छन् जसका कारणले गर्दा यस क्षेत्रसँग सम्बन्धित समस्या बढ्दै गएको छ । कुल गार्हस्थ उत्पादन (जिडिपि) मा योगदानका आधार सन् २०१४/१५ मा मात्रै नेपाल विश्वका प्रमुख रेमिट्यान्स भित्र्याउने देशमध्ये तेश्रो ठूलो देश भएको थियो । त्यसको मतलब नेपालको समग्र आर्थिक विकासमा रेमिट्यान्सले ठूलो योगदान पु¥याउँदै छ भन्न सकिन्छ । किनभने यस्तो आर्थिक फड्को मराइले व्यक्ति परिवार समाज र समग्र देशलाई नै योगदान पुगीरहेको हुन्छ । देशमा सहरीकरण बढिरहेको छ । आम मानिसको क्रयशक्ति पनि त्यसरी नै बढेको छ फलतः उपभोक्ताबादी संस्कृति पनि बढेकै छ । त्यसको फलस्वरूप उद्योगधन्दा फष्टाएको छ ।

नेपालले औपचारिक माध्यमबाट भित्र्याउने रेमिट्यान्स बढेर वार्षिक ७ खर्ब ५५ खर्ब रूपैयाँ पुगिरहेका बेला यहाँबाट बाहिरिने रेमिट्यान्स पनि बढेर ३ खर्ब ३७ अर्ब १० करोड रूपैयाँ नाघेको छ । विश्व बैंकद्वारा हालै अद्यावधिक गरिएको द्विपक्षीय रेमिट्यान्स आप्रवाह तथ्यांकअनुसार सन् २०१७ मा नेपालबाट रेमिट्यान्स ३ अर्ब २२ करोड ५९ लाख अमेरिकी डलर बाहिरिएको

छ । गत वर्ष अमेरिकी डलरसँग औसत विनिमयदर १०४ रूपैयाँ ५० पैसा थियो । यो सन् २०१६ को तुलनामा २९ अर्ब ६० करोड मा नेपालबाट २ अर्ब ९४ करोड २५ लाख अमेरिकी डलर बाहिरिएको छ , उक्त वर्ष अमेरिकी डलरको औसत विनिमयदर १०६ रूपैयाँ थियो । विनिमयदरमा हुने उतारचढावले रेमिट्यान्सको प्रवाहमा समेत असर पार्छ । यो वर्ष अमेरिकी डलरसँगको विनिमयदर ११७ रूपैयाँ नाघेको छ, यसले नेपालमा भित्रने रेमिट्यान्स बढाए पनि यहाँबाट बाहिरिने रेमिटयान्स, नेपालीले विदेश भ्रमणमा गर्ने खर्च तथा आयातको भुक्तानीमा बढी तिर्नुपर्ने हुन्छ । गत वर्ष पनि नेपालबाट पाँच देशले नै रेमिटयान्स लगेका छन् । नेपालबाट रेमिटयान्स लैजाने देशहरूमा भारत (३ अर्ब १ करोड अमेरिकी डलर), चीन (१३ करोड ९० लाख डलर), भुटान (३ करोड ५० लाख डलर) , पाकिस्तान (३ करोड ३० लाख डलर), श्रीलंका (२० लाख डलर) र बंगलादेश (१० लाख डलर) रहेका छन् । भारत र चीनले नेपालबाट लाने रेमिट्यान्स बढेको भए पनि पाकिस्तान लैजाने रेमिट्यान्स घटेको तथा अन्य दुई मुलुकको रेमिट्यान्स स्थिर रहेको विश्व बैंकको तथ्यांकले देखाएको छ । विगतमा भारतबाट नेपालमा प्राप्त हुने रेमिट्यान्स बारेमा औपचारिक अभिलेख नभए पनि गत वर्षको तथ्यांकअनुसार गत वर्ष भारतबाट नेपालले १ अर्ब २ करोड १० लाख अमेरिकी डलर (१ खर्ब ६ अर्ब ३८ करोड रूपैयाँ बराबर) को रेमिट्यान्स प्राप्त गरेको विश्व बैंकको तथ्यांकमा उल्लेख छ । सन् २०१६ मा भारतबाट ९७ करोड डलर बराबरको रेमिट्यान्स प्राप्त भएको थियो । नेपालमा कवाडी संकलन गर्ने, कपाल काट्नेजस्ता ससाना कामदेखि औद्योगिक क्षेत्रमा समेत ठूलो संख्यामा भारतीयहरू कार्यरत छन् । यस्तै, विभिन्न निर्माण परियोजनादेखि चिनियाँ संयुक्त लगानीका सेवामूलक व्यवसायहरूमा समेत चिनियाँ कामदारको संख्या बढ्दै गएको छ । त्यसैले, यी दुवै मुलुकतर्फ जाने रेमिट्यान्स लगातार बढेको हो । नेपालमा श्रम विभागको अनुमति लिएरमा विदेशीले रोजगार गर्न पाउने भए पनि सन् १९५० को नेपाल भारतबीचको मैत्री सन्धिअनुसार दुवै देशका नागरिकले एकअर्काको देशमा गएर स्वतन्त्र रूपमा व्यापार तथा पेशा गर्न पाउने भएकाले यहाँ कति भारतीय कार्यरत छन् भन्ने स्पष्ट अभिलेख छैन । नेपालमा अहिले ७२ देशका साढे २ हजार विदेशीले श्रम स्वीकृति लिएर काम गर्दै आएका छन्, तीमध्ये सबैभन्दा ठूलो संख्या चिनियाँहरूको छ । श्रम विभागका अनुसार करिब २२ सय सय चिनियाँ नागरिकले श्रमस्वीकृति लिएर काम गर्दै आएका छन् । श्रम स्वीकृति लिएर काम गर्न भारतीयको संख्या १ सय पनि छैन ।

श्रम स्वीकृति नलिईकन ठूलो संख्यामा विदेशीहरूले नेपालमा काम गर्दै आएको श्रम विभागका अधिकारीहरूको अनुमान छ । नेपालमा रहेका म्यानमारका रोहिंग्यासहित ११ देशका शरणार्थीहरू पनि यहाँ जीविकोपार्जनका लागि विभिन्न काममा संलग्न हुँदै आएका छन् । विगतमा भारत नै मुख्य रोजगार गन्तव्य रहँदै आए पनि बढी पारिश्रमिक प्राप्त हुने मलेसियादेखि गल्फ मुलुकहरूमा ऋण काढेर नै भए पनि जाने नेपालीहरूको संख्या बढेसँगै भारतबाट प्राप्त हुने रेमिट्यान्स आय पनि घटेको हो । यद्यपि, प्रदेश नं ६ र ९ का दुर्गम तथा उच्च पहाडी क्षेत्रबाट अहिले पनि मौसमी रोजगारीका लागि भारतका विभिन्न प्रान्तमा जाने नेपालीहरूको संख्या उल्लेख्य छ । राष्ट्र बैंकले गरेको एक अनुमानअनुसार अहिले भारतका विभिन्न सहरहरूमा करिब १० लाख नेपाली कार्यरत छन् । नेपालीले घुमफिरमा खर्चे साढे ७९ अर्ब नेपालीहरूले विदेश घुमफिरमा गत वर्ष ७९ अर्ब ५९ लाख रूपैयाँ खर्च गरेका छन् । यो रकम विगता केही वर्षदेखि निरन्तर बढ्दै गएको छ । आर्थिक वर्ष २०७३/७४ मा पनि नेपालीहरूले विदेश घुमफिरमा ७९ अर्ब ९२ करोड रूपैयाँ खर्च गरेका थिए । यो देशले भ्रमण शीर्षकमा प्राप्त गर्ने आयभन्दा बढी हो । देशले भ्रमण शीर्षकमा ६७ अर्ब रूपैयाँमात्र कमाउँदै आएको छ । यो विदेशी पर्यटकहरूले नेपालमा आएर गरेको खर्च हो । नेपालीहरू घुमफिरका लागि थाइल्यान्ड, सिंगापुर, मलेसियालगायतका मुलुकहरूमा जाने क्रम बढेसँगै यसका लागि हुने खर्च पनि बढ्न थालेको हो । आर्थिक वर्ष २०७२/७३ मा नेपालीहरूले भ्रमणमा ५६ अर्ब रूपैयाँमात्र खर्च गरेका थिए । विशेषगरी नेपालीहरूले सेप्टेम्बरदेखि नोभेम्बरसम्म घुमफिरमा बढी खर्च गर्ने गरेको नेपाल राष्ट्र बैंकको विवरणबाट देखिन्छ । अन्य महिनाहरूमा औसत ५ देखि ७ अर्ब रूपैयाँ नेपालीहरूले घुमफिरमा खर्च गर्ने गरेकोमा सेप्टेम्बरदेखि नोभेम्बरसम्म २० देखि २० अर्ब रूपैयाँ खर्च गर्ने गरेका छन् ।

वैदेशिक रोजगारमा गएका कामदारहमध्ये पछिल्लो नौ महिनामा ६०७ को मृत्यु भएको छ । सबैभन्दा बढी मलेसियामा दुई सय नौ को मृत्यु भएको हो । मृत्यु भएकामध्ये एक सय ४८ को मृत्यु हृदयघातकै कारण हो । पछिल्लो नौ महिनामा मृत्यु भएका कामदारमध्ये पाँच सय १२ जना पुरूष र १५ जना महिला रहेको बोर्डका कार्यकारी निर्देशक रघुराज काफ्लेले बताए । काफ्लेका अनुसार यो अवधिमा ९९ सयले आत्महत्या गरेका छन् भने प्राकृतिक कारणले प्राकृतिक कारणले ९८ को मृत्यु भएको छ । आत्महत्या गर्नेमा मलेसिया गएका

कामदार बढी छन् । बोर्डका अनुसार साउदीमा एक सय ५४, मलेसियामा २०९, ओमनमा ९२, युएईमा ६९, कुवेतमा ९४, दक्षिण कोरियामा १८ को मृत्यु भएको छ । वैदेशिक रोजगारीमा गएर नेपाली फर्किएपछि नेपालमै २५ जना कामदारले ज्यान गुमाएका छन् । मृत्यु भएका ७ सय मध्ये ट्राफिक दुर्घटनामा ९३, विभिन्न रोगका कारण ४७, कार्यस्थल दुर्घटनामा ४४, प्राकृतिक दुर्घटनामा ९८, हृदयघातका कारण १४७, अन्य कारण, ३६ मृत्यु भएको हो । एकको हत्या भएको हो भने ३१ को मृत्यु कारण अनुसन्धान जारी छ । सबै मृतकका आफन्तले वैदेशिक रोजगार प्रवर्द्धन बोर्डबाट आर्थिक साहयताबापत रकम लिइसकेका छन् । काफ्लेका अनुसार ६ सय सात मृतकका लागि बोर्डले शक्रवारसम्म ३२ करोड ७० लाख ८० हजार रूपैयाँ आर्थिक सहायता वापत प्रदान गरिसकेको छ । गत वर्ष असार मसान्तसम्म वैदेशिक रोजगारीका क्रममा सात ५५ नेपालीको मृत्यु भएको थियो । गत वर्षको तुलनामा अहिले एरिया र कामदारले करार अवधि बढेको देखिएको हो ।

सूचना प्रविधिको क्षेत्रमा एक लाखभन्दा बढी रोजगारी सिर्जना हुने देखिएको छ । सूचना प्रविधिका क्षेत्रमा रोजगारीका बारे अध्ययन गर्न गठित कार्यदलले सरकारलाई बुझाएको प्रतिवेदनमा यस्तो उल्लेख छ । प्रतिवेदनमा हाल करिब १४ हजार पाँच सय जनशक्ति सूचना प्रविधिको क्षेत्रमा कार्य गरिरहे पनि केही सुधार गर्न सके थप ८५ हजार रोजगारी सिर्जना हुन सक्ने आँकडा प्रस्तुत गरिएको छ । प्रतिवेदनमा स्थानीय कम्पनी, 'सेवाप्रदायक कम्पनी र ती दुवै खाले काम समावेश भएका कम्पनीसमेत गरी एक हजार भन्दाबढी दर्तावाला कम्पनी रहेको उल्लेख छ । वेभ इनाबेल्ड सर्भिस, सफ्टवेयर डभलपमेन्ट, व्यवस्थापन सूचना प्रणाली, डाटा प्रशोधन, कल सेन्टर, एभियसन प्रोसेसिङलगायत कार्य हाल सञ्चालनमा छन् । श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री गोकर्ण विस्टले गत साउन ९ गते मन्त्रालयका सहसचिव प्रकाश दाहालको संयोजकत्वमा कार्यदल गठन गरेका थिए । उक्त कार्यदलले सूचना प्रविधि तथा विजनेस प्रोसेस आउटसोर्सिङको क्षेत्रमा रोजगारीका अवसरको अध्ययन गरी मन्त्री बिष्टसमक्ष प्रतिवेदन पेश गरेको हो । प्रतिवेदनमा सूचना प्रविधिका क्षेत्रमा रोजगारी सिर्जना गर्ने सम्बन्धमा हालका नीतिगत तथा संस्थागत व्यवस्थाको अध्ययन, रोजगारी सिर्जना रहेका मुख्य समस्या, रोजगारीको सम्भावित अवसर र रोजगारी सिर्जनका लागि सुझाव समेटिएको छ । विश्वमा सन् २०२५ सम्ममा जम्मा ५.९ विलियन टन फोहोर मैला उत्पादन हुन सक्ने अनुमान गरिएको छ र विश्वका सबै राष्ट्रहरूले आफ्नो बजेटको ठूलो हिस्सा शहरी फोहर मैला व्यवस्थापनमा खर्च गर्दै आइरहेको सन्दर्भमा सहरी फोहरमैला व्यवस्थापन सबै राष्ट्रहरूको मुख्य एजेण्डाको रूपमा रहेको छ । दिगो विकास लक्ष्य (SDGS) र नयाँ शहरी एजेण्डाले फोहरमैला व्यवस्थापनलाई मुख्या मुद्दाको रूपमा समेटेको छ । दिगो विकास लक्ष्य (SDGS) को बुँदा नं. ङ्ङ।ट ले वायु प्रदुषण र फोहरमैला व्यवस्थापनमा विशेष ध्यान दिई शहरको कारण वातावरणमा पर्न सक्ने प्रतिकुल असरलाई न्यूनीकरण गर्ने लक्ष्य दिइएको छ । सन् २०१६ को क्योटो घोषणापत्रसहित सम्पन्न तेस्रो संयुक्त राष्ट्र संघीय बसोबास सम्मेलन (HABITAT III) मा नेपालले नयाँ शहरी एजेण्डाको रूपमा गरिबी न्यूनीकरण, समावेशी र दिगो विकासको लक्ष्य हासिल गर्ने माध्यमको रूपमा शहरलाई लिइएको छ । (HABITAT III) को अवधारणा अनुरूप तयार गरिएको राष्ट्रिय प्रतिवेदनमा समावेश गरिएका मुख्य ६ विषयहरूः शहरी जनसंख्या, भूमि तथा शहरी योजना, वातावरण तथा शहरीकरण, शहरी शासन प्रणाली, शहरी अर्थतन्त्र र आवास तथा अन्य आधारभूत सेवाहरू सम्बन्धी कार्ययोजना समेत तयार गरी सरकारी तथा गैर सरकारी तथा संघ संस्थाहरूको सहकार्यमा कार्यान्वयन भइरहेको छ । साथै राष्ट्रिय शहरी विकास रणनीति, २०७४ पनि कार्यान्वयनमा ल्याइसकेको छ । यस वर्षको नाराले देशका ७५३ वटै स्थानीय तहहरूमध्ये २९३ वटा नगरपालिकाहरूको शहरी क्षेत्रमा जल्दोबल्दो चुनौतीको रूपमा रहेको फोहरमैलाको उचित र बैज्ञानिक तवरले व्यवस्थापनको लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह लगायत सबैको तर्फबाट आ–आफ्नो प्रयास हुनुपर्ने सन्देश दिएको छ ।

वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या घट्दै गए पनि नेपालको रेमिट्यान्स आय भने उच्चदरमा बढेको छ । नेपाल राष्ट्र बैंकका अनुसार चालू आर्थिक वर्षको पहिलो महिनामा वैदेशिक रोजगारीमा जानेको संख्या ३३.३ प्रतिशतले घटेको छ । तर, रेमिट्यान्स आय भने ३३ प्रतिशतले बढेको छ । राष्ट्र बैंकका अनुसार समीक्षा अवधिको साउनमा मात्र नेपालमा ७३ अर्ब ९५ करोड रूपैयाँ रेमिट्यान्स भित्रिएको छ । यो रकम अघिल्लो आवको भन्दा ३३.१ प्रतिशतले बढी हो । अघिल्लो वर्षको सोही महिनामा रेमिट्यान्स वृद्धिदर ७ प्रतिशत मात्रै रहेको थियो । खाडीमा रहेका नेपालीको पारिश्रमिक बढेको र डलरको भाउ पनि बढेका कारण रेमिट्यान्स आय उच्चदरमा बढेको छ । अहिले रेमिट्यान्स आय ३३ प्रतिशतले बढेको छ, जबकि अघिल्लो आवमा यस्तो आय वृद्धिदर ७ प्रतिशत मात्रै

थियो, 'डलर मूल्य बढ्नु विश्व अर्थतन्त्रमा सुधार आउनु, औपचारिक माध्यमबाट विप्रेषण प्रवाह बढ्नु र खाडीमा रहेका नेपालीको ज्याला बढ्नुले रेमिट्यान्स आय उच्चदरले बढाएको हो । राष्ट्र बैंकका अनुसार अमेरिकी डलरमा विप्रेषण आप्रवाह २४ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको यस्तो आप्रवाह ११.८ प्रतिशतले बढेको थियो । तर, विदेश जाने नेपालीको संख्या भने घटिरहेको छ । अन्तिम श्रमस्वीकृतिका आधारमा वैदेशिक रोजगारीमा जाने नेपालको संख्या समीक्षा अवधिमा ३३.५ प्रतिशतले घटेको राष्ट्र बैंकको तथ्यांक छ । विदेश जाने नेपालीको संख्या घटिरहँदा रेमिट्यान्स आय वृद्धिदरले निरन्तरता पाउला? 'नेपालीहरूले जापान, अस्ट्रेलिया, कोरियालगायत मुलुकबाट औपचारिक माध्यमबाट रेमिट्यान्स पठाउन थालेका छन्, त्यसैले पनि रेमिट्यान्स वृद्धिदरले निरन्तरता पाउने देखिन्छ ।' अर्कोतर्फ विदेशमा नेपालीहरूको स्टक नै पर्याप्त भइसकेको छ । 'वैदेशिक रोजगारी स्याचुरेसनमा गइसकेको छ, यसर्थ रोजगारीमा विदेश जानेको संख्या घट्दै जाने नै हो । तर, दक्ष कामदार जाने क्रम बढेको छ, औपचारिक माध्यमबाट रकम पठाउने प्रवृत्ति बढेको छ र ज्याला पनि बढिरहेकै छ, जसले गर्दा रेमिट्यान्स आयसमेत बढ्नेछ ।

माथि उल्लेखित कुरा वैदेशिक रोजगारीले सिर्जना गरेका पारिवारिक विचलनका केही दृष्टान्त हुन् । यसरी वैदेशिक रोजगारीले छोरा छोरीलाई आमा बुबाबाट टाढा बनाएको छ श्रीमान् श्रीमतीको माया, ममता र समर्पण घटाएको छ जुन क्षतिको परिपूर्ति अरू कुनै कुराले गर्न सक्दैन ।

**वैदेशिक रोजगारीको क्षेत्रमा रहेका मुख्य समस्या**

मुलुकभित्र रोजगारीका अवसरको कमि । स्वदेशमै श्रम गर्नुपर्छ भन्ने सकारात्मक सोचाइको न्यूनता । श्रम बजार सूचना प्रणाली (LMIS) को अभाव । स्वदेशमा नै ठगी तथा अनियमिताका घटनाहरूमा वृद्धि, भारतसँगको खुल्ला सीमानाको कारण अनौपचारिक मार्गबाट अवैधरूपमा हुने आप्रवासन, बेचबिखन र ओसारसार जस्ता घटनाहरू । विप्रेषणको उत्पादनमुलक क्षेत्रमा लगानी हुन नसक्नु । मुख्य गन्तव्य मुलुकको कुटनीतिक उपस्थिति स्वदेशमा हुन नहुनु । वैदेशिक रोजगार व्यवस्थापनको क्षेत्रमा राज्यको न्यून लगानी, कमजोर समन्वय संयन्त्र महिला रोजगारीलाई हेर्ने नकारात्मक सामाजिक दृष्टिकोण, शारिरीक शोषण एवम् यौन दुर्व्यवहार । सामाजिक लागतमा वृद्धि पारिवारिक बिछोड, विखण्डन, महिलाहरूको जिम्मेवारी, कार्यचापमा वृद्धि, बालबच्चाले अभिभावकबाट पाउने वात्सल्यता गुम्ने, प्रौढहरूको रेखदेमा कमी, परिवारका सदस्यहरूमा देखिने मनोवैज्ञानिक असर । अनिवार्य अभिमुखीकरण तालिम प्रभावकारी नहुनु । कामदारले करार बमोजिम प्राप्त हुनुपर्ने तलब तथा अन्य सुविधा नपाउनु, तोकिएको काम भन्दा फरक एवम् खतरायुक्त काम गर्न बाध्य पारिनु । अनाधिकृत एजेन्टको प्रभाव, पारदर्शिताको कमी, एजेन्टहरू कानुनी दायरामा नआउनु ।

वैदेशिक रोजगारमा गएका कामदारहमध्ये पछिल्लो नौ महिनामा ६०७ को मृत्यु भएको छ । सबैभन्दा बढी मलेसियामा दुई सय नौ को मृत्यु भएको हो । मृत्यु भएकामध्ये एक सय ४८ को मृत्यु हृदयघातकै कारण हो । पछिल्लो नौ महिनामा मृत्यु भएका कामदारमध्ये पाँच सय १२ जना पुरूष र १५ जना महिला रहेको छ । यो अवधिमा ९९ सयले आत्महत्या गरेका छन् भने प्राकृतिक कारणले प्राकृतिक कारणले ९८ को मृत्यु भएको छ । आत्महत्या गर्नेमा मलेसिया गएका कामदार बढी छन् । बोर्डका अनुसार साउदीमा एक सय ५४, मलेसियामा २०९, ओमनमा ९२, युएईमा ६९, कुवेतमा ९४, दक्षिण कोरियामा १८ को मृत्यु भएको छ । वैदेशिक रोजगारीमा गएर नेपाली फर्किएपछि नेपालमै २५ जना कामदारले ज्यान गुमाएका छन् । मृत्यु भएका ७ सयमध्ये ट्राफिक दुर्घटनामा ९३, विभिन्न रोगका कारण ४७, कार्यस्थल दुर्घटनामा ४४, प्राकृतिक दुर्घटनामा ९८, हृदयघातका कारण १४७, अन्य कारण, ३६ मृत्यु भएको हो । एकको हत्या भएको हो भने ३१ को मृत्यु कारण अनुसन्धान जारी छ । सबै मृतकका आफन्तले वैदेशिक रोजगार प्रवर्द्धन बोर्डबाट आर्थिक सहायता वापत रकम लिइसकेका छन् । ६ सय सात मृतकका लागि बोर्डले शुक्रबारसम्म ३२ करोड ७० लाख ८० हजार रूपैयाँ आर्थिक सहायता वापत प्रदान गरिसकेको छ । गत वर्ष असार मसान्तसम्म वैदेशिक रोजगारीका क्रममा सात ५५ नेपालीको मृत्यु भएको थियो । गत वर्षको तुलनामा अहिले एरिया र कामदारले करार अवधि बढेको देखिएको हो ।

वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या घट्दै गए पनि नेपालको रेमिट्यानस आय भने उच्चदरमा बढेको छ । नेपाल राष्ट्र बैंकका अनुसार चालू आर्थिक वर्षको पहिलो महिनामा वैदेशिक रोजगारीमा जानेको संख्या ३३.३ प्रतिशतले घटेको छ । तर, रेमिट्यान्स आय भने ३३ प्रतिशतले बढेको छ । राष्ट्र बैंकका अनुसार समीक्षा अवधिको साउनमा मात्र नेपालमा ७३ अर्ब ९५ करोड रूपैयाँ रेमिट्यान्स भित्रिएको छ । यो रकम अघिल्लो आवको भन्दा ३३.१ प्रतिशतले बढी हो । अघिल्लो वर्षको सोही महिनामा रेमिट्यान्स वृद्धिदर ७ प्रतिशत मात्रै रहेको थियो । खाडीमा रहेका नेपालीको पारिश्रमिक बढेको र डलरको भाउ पनि बढेका कारण

रेमिट्यान्स आय उच्चदरमा बढेको छ । 'अहिले रेमिट्यान्स आय ३३ प्रतिशतले बढेको छ, जबकि अघिल्लो आवमा यस्तो आय वृद्धिदर ७ प्रतिशत मात्रै थियो, 'डलर मूल्य बढ्नु विश्व अर्थतन्त्रमा सुधार आउनु, औपचारिक माध्यमबाट विप्रेषण प्रवाह बढ्नु र खाडीमा रहेका नेपालीको ज्याला बढ्नुले रेमिट्यान्स आय उच्चदरले बढाएको हो । राष्ट्र बैंकका अनुसार अमेरिकी डलरमा विप्रेषण आप्रवाह २४ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको यस्तो आप्रवाह ११.८ प्रतिशतले बढेको थियो । तर, विदेश जाने नेपालीको संख्या भने घटिरहेको छ । अन्तिम श्रम स्वीकृतिका आधारमा वैदेशिक रोजगारीमा जाने नेपालको संख्या समीक्षा अवधिमा ३३.५ प्रतिशतले घटेको राष्ट्र बैंकको तथ्यांक छ । विदेश जाने नेपालीको संख्या घटिरहँदा रेमिट्यान्स आय वृद्धिदरले निरन्तरता पाउला? 'नेपालीहरूले जापान, अस्ट्रेलिया, कोरियालगायत मुलुकबाट औपचारिक माध्यमबाट रेमिट्यान्स पठाउन थालेका छन्, त्यसैले पनि रेमिट्यान्स वृद्धिदरले निरन्तरता पाउने देखिन्छ ।' अर्कोतर्फ विदेशमा नेपालीहरूको स्टक नै पर्याप्त भइसकेको छ । 'वैदेशिक रोजगारी स्याचुरेसनमा गइसकेको छ, यसर्थ रोजगारीमा विदेश जानेको संख्या घट्दै जाने नै हो । तर, दक्ष कामदार जाने क्रम बढेको छ, औपचारिक माध्यबाट रकम पठाउने प्रवृत्ति बढेको छ र ज्याला पनि बढिरहेकै छ, जसले गर्दा रेमिट्यान्स आयसमेत बढ्नेछ ।

सूचना प्रविधिको क्षेत्रमा एक लाख भन्दा बढी रोजगारी सिर्जना हुने देखिएको छ । सूचना प्रविधिका क्षेत्रमा रोजगारीका बारे अध्ययन गर्न गठित कार्यदलले सरकारलाई बुझाएको प्रतिवेदनमा यस्तो उल्लेख छ । प्रतिवेदनमा हाल करिब १४ हजार पाँच सय जनशक्ति सूचना प्रविधिको क्षेत्रमा कार्य गरिरहे पनि केही सुधार गर्न सके थप ८५ हजार रोजगारी सिर्जना हुन सक्ने आँकडा प्रस्तुत गरिएको छ । प्रतिवेदनमा स्थानीय कम्पनी, 'सेवाप्रदायक कम्पनी र ती दुवै खाले काम समावेश भएका कम्पनीसमेत गरी एक हजार भन्दाबढी दर्तावाला कम्पनी रहेको उल्लेख छ ।

**नेपालको वैदेशिक रोजगारीको समस्या समाधानका उपाय**

१. वैदेशिक रोजगारी सम्बन्धी स्पष्ट नीति तर्जुमा तथा सोको कार्यान्वयन गर्ने ।
२. कस्ता खालका श्रमशक्तिको आपूर्ति गर्ने हो सो अनुसारको शिक्षा तथा तालिम दिएर मात्र मानिसलाई वैदेशिक रोजगारीका लागि पठाउने ।
३. वैदेशिक रोजगारीमा संलग्न सरकारी निकाय, एजेन्सीहरूमा हुने गरेको लापरवाही तथा अनियमितताको अन्त्य गर्ने ।
४. वैदेशिक क्षेत्रमा काम गर्ने राजदुतावास, नियोग तथा श्रमसहचारीहरूलाई प्रभावकारी रूपमा परिचालन गरी वैदेशिक रोजगारीमा गएका नेपालीहरूको सम्पूर्ण विवरण संकलन गर्न लगाउने ।
५. वैदेशिक रोजगारीको सिलसिलामा हुने दुर्घटना तथा क्षतिको उचित क्षतिपूर्ति दिने नेपाली श्रम बजारमा प्रत्येक वर्ष करिब ५ लाख १३ हजारको हाराहारीमा श्रमशील युवाहरूको प्रबेश हुने गरेको र आन्तरिक बजारमा खपत गर्न सक्ने गरी रोजगारीका अवसरहरू सृजना हुने गरेको देखिदैन । आर्थिक वर्ष २०७२/७३ मा श्रम बजारमा रोजगार वृद्धिदर भने २.९ प्रतिशत मात्र रहेको छ । आन्तरिक रूपमा रोजगारीको अवसरहरू पर्याप्त मात्रामा उपलब्ध हुन नसकेको कारण दैनिक रूपमा १ हजार ३ सय श्रमशील युवाहरू रोजगारीका लागि वैदेशिक रोजगारमा जान बाध्य भएका छन् । एकातिर राष्ट्रिय अन्तर्राष्ट्रिय माग बमोजिम अपेक्षित स्तरमा दक्ष नेपाली श्रमशक्ति तयार गर्न नसकिरहेको अवस्था एकातिर छ भने अर्कोतिर देशको अर्थतन्त्रको एक ठूलो हिस्सालाई वैदेशिक रोजगारीले मात्र सहयोग पुऱ्याइरहेको अवस्थामा यस क्षेत्रको उचित व्यवस्थापन समेत आवश्यक भएको देखिन्छ । नेपाली श्रम बजारमा रोजगारका अवसरहरूको कमी न्यून पारिश्रमिक, बढ्दो महंगी, निश्चित श्रमको कदर नगर्ने नेपाली संस्कार आर्थिक रूपमा असुरक्षाको स्थिति साथै शिक्षा, सूचना र प्रविधिको विश्वव्यापी विकासका कारण नेपालीमा देखिएको बढ्दो आकांक्षा र वैदेशिक रोजगारप्रतिको बढ्दो मोहको कारण नेपालबाट वैदेशिक रोजगारमा जाने नेपालीको संख्या दिनहुँ बढ्दै गइरहेको छ । विभिन्न देशमा कार्यरत कामदारहरूलाई संचयकोष कट्टीको व्यवस्था समेत रहेको छैन भने केही देशमा कट्टी गर्ने व्यवस्था रहेतापनि कामबाट फर्कदा सो रकम फिर्ता लिन समेत ठूलो समस्या भोग्नु परेको छ । सिंगापुर जस्तो विकसित देशमा समेत सामाजिक सुरक्षामा कट्टी गरेको रकम फिर्ता दिन विभिन्न शर्त तथा अवस्था पूरा गर्नुपर्ने बाध्यकारी व्यवस्थाका कारण आफ्नो रकम फिर्ता लिन नसकेर यसै फर्कनु परेको तथ्य हाम्रो सामु रहेको छ ।

यी तथ्यांक विभिन्न प्रकाशन, प्रतिवेदन आदिबाट लिइएको छ ।

*(लेखक भक्तपुर बहुमुखी क्याम्पसमा अर्थशास्त्रका सह-प्राध्यापक हुनुहुन्छ ।)*

# लघुवित्त क्षेत्रको आगामी दशक : ध्यान दिनुपर्ने केही महत्त्वपूर्ण पक्षहरू

■ कृष्ण प्रधान

नेपालमा लघुवित्तीय सेवा बिस्तार हुन थालेको अढाई दशकभन्दा बढी समय (२०४९-२०७५) भएको छ । खासगरेर, बङ्गलादेशीय ग्रामीण प्रणालीको अवलम्बनपश्चात् यो क्षेत्रले नेपालमा बिस्तारित हुने अवसर प्राप्त गऱ्यो । हाल (२०७५ असोजसम्म) केन्द्रीय बैंकबाट ईजाजतप्राप्त लघुवित्त वित्तीय संस्थाहरू ('घ' वर्गका वित्तीय संस्था) को संख्या ६६ वटा पुगेको छ । आगामी केही समयमै फिङ्गोज (वित्तीय मध्यस्थता गर्ने गैरसरकारी संस्थाहरू) समेत 'घ' वर्गमा परिणत हुने भएकाले लघुवित्त वित्तीय संस्थाहरूको संख्या करीब सयको हाराहारी पुग्ने देखिन्छ । अरू केहीले समेत केन्द्रीय बैंकबाट स्थापनाको लागि सहमति (LOI) लिइसकेका हुँदा लघुवित्त वित्तीय संस्थाहरूको संख्या एकसय पच्चीस पुग्ने निश्चित छ । यो संख्या निश्चय नै धेरै हो ।

अझै साठी प्रतिशत जनसंख्या संस्थागत वित्तीय सेवाको पहुँचबाहिरै रहेको तथ्य समेत सार्वजनिक भैरहेको अवस्थामा बैंक तथा वित्तीय संस्थाहरूको आवश्यकताको खाँचो रहेकै हो कि ? भन्न नसकिने पनि होइन । तथापि, त्यस्तो सेवा कहाँ र कुन वर्गमा कसरी पुऱ्याउने भन्ने चासो चाँही प्रमुख मुद्दा हुने हुँदा संस्थागत उपस्थिति नै सबै कुरा भने होइन । संस्थागत उपस्थितिको घनत्व (concentration of financial institutions) ले पनि यस कुरालाई प्रभाव पार्ने हुन्छ । हालको स्थिति के रहेको देखिन्छ भने जिल्ला सदरमुकाम र त्यसका वरिपरि वित्तीय संस्थाहरू केन्द्रित छन् भने सडक सञ्जाल बिस्तारका कारण निर्माण हुन थालेका शहर/बजारमा नै ती बढी केन्द्रित देखिन्छन् । तराईको समथर भूमिमा पूर्व-पश्चिम राजमार्ग निर्माणको साथसाथै पहाडतिरबाट तराईमा बसाइँ सराईको चाप बढेपछि ती स्थानहरूमा नयाँ शहर/बजार बढेको सत्य हामीबीच ताजै छ । जनसंख्याको चापसितै बढन थालेको आर्थिक/ व्यापारिक कारोबारका लागि बैंक/ वित्तीय संस्थाहरूको उपस्थिति बढ्दै जानु कुनै अनौठो होइन पनि । किनभने बैंक/ वित्तीय संस्थाको उपस्थिति शून्य पूर्वाधारमा अप्ठ्यारै हुन्छ । जिल्ला सदरमुकाममा त्यस खाले संस्थाहरूको उपस्थिति कुनै बेला राज्यले नै गराएको हो । अर्थात् सरकारी कारोबारका लागि तिनका अनिवार्य उपस्थितिसितै बैंकहरू बिस्तार भएका हुन् । त्यसपछि तत्कालीन पञ्चायती सरकारले निश्चित जनसंख्यालाई बैंकिङ्ग सेवा पुऱ्याउने रणनीति लिएपछि पनि बैंकहरू बिस्तारित हुन पुगेका हुन् । तर, पछि द्वन्द्वकालीन समयमा भने पहिले विस्तारित भएका बैंकहरू समेत सुरक्षाको कारण जिल्ला सदरमुकाम वा कुनै सुरक्षित ठानिएका शहरमा खुम्चिन पुगेका/ कतिपय गाभिएका र कतिपय बन्द नै भएको पनि हो । यो तथ्य हामीबीच आलै रहेको छ । यहाँनेर स्मरणीय कुरा के छ भने वित्तीय पहुँच भनेको नीतिबाट पेलेर लानुले मात्र पुग्ने विषय होइन ।

**तराईको समथर भूमिमा पूर्व-पश्चिम राजमार्ग निर्माणको साथसाथै पहाडतिरबाट तराईमा बसाइँ सराइको चाप बढेपछि ती स्थानहरूमा नयाँ शहर/ बजार बढेको सत्य हामीबीच ताजै छ ।**

वित्तीय संस्थाहरूमा नगद/पैसाको कारोबार हुने हुँदा त्यसको सुरक्षाको प्रत्याभूति पहिलो कुरा हुन्छ भने अन्य पूर्वाधारहरूको उपस्थिति पनि सँगसँगै जानु पर्दछ भन्ने हो । अहिले पनि सत्तरी प्रतिशत वित्तीय संस्थाहरू काठमाडौं उपत्यका केन्द्रित नै छन् । त्यसबाहेक पनि

जे जति वित्तीय संस्थाहरू छन् ती या त जिल्ला सदरमुकामकेन्द्रित छन् वा केही प्रमुख शहरकेन्द्रित छन् । यसैगरी अधिकांश वित्तीय संस्थाहरू पूर्व-पश्चिम राजमार्ग आसपासका शहर/ बजारमा साँगुरिएका पनि देखिन्छन् । यसैले वित्तीय पहुँच बढाउने भनेर मात्र पुग्दैन, त्यस्तो पहुँचका लागि न्यूनतम पूर्वाधारको उपस्थिति पनि आवश्यक हुन्छ भन्ने कुरा नीति निर्माताहरूले बिर्सन मिल्दैन ।

संघीय राज्य प्रणालीको अवलम्बनपश्चात् प्रत्येक स्थानीय निकायमा कमसेकम एक वटा वित्तीय संस्थाको उपस्थितिलाई अनिवार्य गरिएको भए पनि अझै दुई सय पचासभन्दा बढी स्थानमा तिनको उपस्थिति शून्य देखिन्छ । केन्द्रीय बैंकको दबावपछि पनि सबै वित्तीय संस्थाहरू त्यहाँ जान रूचाएका देखिदैनन् । माथि भनिएका पूर्वाधारहरूको न्युनतम उपस्थिति एक पक्ष हो भने निजी क्षेत्रका वित्तीय संस्थाहरूले आफ्ना साधनको लागतलाई पनि बिशेष ध्यान दिनुपर्ने हुन्छ । घाटा नै सहेर वित्तीय सेवा दिने कुरा सँधै सहज हुन्न । आर्थिक कारोबारका लागि वित्तीय संस्थाको उपस्थिति आवश्यक हो तथापि तिनको उपस्थितिका लागि पनि न्युनतम पूर्वाधारको उपस्थिति जरूरी हुन्छ । जस्तोः यातायात, सञ्चार र सुरक्षा यस्तै न्युनतम पूर्वाधारभित्र पर्ने कुरा हुन्, कुनै पनि वित्तीय संस्थाको भौतिक उपस्थितिका लागि आवश्यक पर्ने कुरा । लगानीका लागि सम्भावना नै नभएका स्थानमा बैंक/वित्तीय संस्थाहरू जाने कुरा पनि हुँदैन । भनाईको अर्थ के हो भने मनाङ्, मुस्ताङ्जस्तो पाँच हजार पनि जनसंख्या नभएको स्थानमा बैंक पुऱ्यउने कुरा सहज देखिन्न । उपस्थितिका लागि उपस्थिति भिन्नै कुरा हो । यसैले वित्तीय पहुँचको कुरा गर्दा नीति निर्माताहरूले यो पक्षमाथि पनि ध्यान पुऱ्याउनु जरूरी छ । यो कुरा लघुवित्तीय संस्थाहरूका लागि पनि उत्तिकै लागू हुन्छ ।

हो, तुलनात्मक रूपमा लघुवित्तीय सेवा प्रणाली अन्य वित्तीय संस्थाहरूको भन्दा केही भिन्न छ । त्यसैले अहिलेको अवस्थामा पनि ती विकट, ग्रामीण र स्थानीय गाउँमा पुगेका छन् । तर लघुवित्तीय सेवाले बजारको उपस्थिति पनि खोज्छ । यसैले जहाँ बजारको सम्भावना बढी हुन्छ, जहाँ स-साना आर्थिक कारोबारहरूको सम्भावना बढी हुन्छ त्यहाँ यसको उपस्थिति हुनु अन्यथा होइन । अहिले ग्रामीण क्षेत्रमा जाने हो भने अधिकांश पुरूषहरू वैदेशिक रोजगारीमा गएका भेटिन्छन् । तिनका परिवार भने शहर/ बजारकेन्द्रित छन् । शिक्षा, स्वास्थ्य र सुरक्षाका लागि र केही सुविधा उपभोगहेतू तिनका परिवार बजारकेन्द्रित/ राजमार्गका आसपास बढेका बजारतिर केन्द्रित छन् । यो सामाजिक बाध्यता पनि हो । काठमाण्डुको करीब छ सय पच्चीस वर्ग किलोमिटर क्षेत्रफल भएको स्थानमा करीब चालीस पचास लाखको जनसांख्यिक उपस्थिति देखिन्छ । गाउँका मानिस शहर पलायन हुनु वैदेशिक रोजगारीको सामाजिक/ आर्थिक प्रभाव हो । यो सरकारको चासोको विषय हुनपर्ने हो । वित्तीय संस्थाहरू गाउँ गएनन् भनेर चासो राख्नुभन्दा पनि शहर पलायन भएका जनसंख्यालाई गाउँमै बसाइराख्ने वातावरण बनाउने काम भनेको सरकारको हो । सरकार भनेको अहिले तीन खाले सरकार (संघ, प्रदेश र स्थानीय) छन् । मुल कुरा के हो भने लघुवित्तीय संस्थाहरूको उपस्थिति पनि जहाँ जनसांख्यिक घनत्वको चाप हुन्छ, जहाँ स-साना आर्थिक कारोबारहरूको सम्भावना बढी हुन्छ, जहाँ बजारको उपस्थिति बढी छ त्यहाँ त्यहाँ हुनुलाई कुनै आश्चर्य मान्नु हुँदैन ।

यतिञ्जेलसम्म पनि हाम्रो लघुवित्तीय सेवा बिस्तारको नीति ग्रामीण क्षेत्रकेन्द्रित रहेको छ । अब शहर/ बजारको गरिबी (urban poverty) लाई ध्यानमा राखेर लघुवित्तीय सेवा बिस्तार गर्नुपर्ने आवश्यकता देखिएको छ । अहिले पनि गाउँमा खोलिएका भनिएका लघुवित्तीय संस्थाहरूले कुनै न कुनै रूपमा शहरतिर लगानी बढाएका छन् । त्यसलाई अन्यथा लिनु हुन्न । वैदेशिक रोजगारीले गर्दा हाल विप्रेषण आयको क्षेत्र कुल गार्हस्थ उत्पादनमै पहिलो खम्बा भएर देखिनु झट्ट हेर्दा राम्रो देखिए पनि त्यसको दीर्घकालीन स्थायित्व हुन्न नै । अहिले पनि यो आयको उत्पादनशील प्रयोगभन्दा उपभोगमा बढी खर्चिएको कुरा त सबैलाई विदित भएकै सत्य हो ।

लघुवित्तीय सेवा बिस्तारको अढाई दशकको अवधिमा संस्थागत उपस्थिति मनग्गे देखिन्छ । यो उपस्थिति लघुवित्त वित्तीय संस्थाहरूको मात्र होइन गैरसरकारी संस्थाहरू, सहकारी संस्थाहरू र कतिपय परियोजनाद्वारा प्रवर्द्धित समूहमार्फत् पनि यस्तो सेवा बिस्तार भएको देखिन्छ । लघुवित्त वित्तीय संस्थाहरू बाहेकको तथ्यांक उपलब्धता निकै जटील भएकाले ती संस्थाहरूले पुऱ्यउँदै आएको सेवाको अनुमान मात्र गर्न सकिन्छ । रह्यो, प्रतिस्पर्धाको कुरा प्रतिस्पर्धा स्वस्थभन्दा पनि अस्वस्थपट्टि जान थालेको देखिन्छ । यसको पुष्टि केन्द्रीय बैंकले हालै (२०७५ असार) सार्वजनिक गरेको लघुवित्तको बिस्तार र पहुँच सम्बन्धी आन्तरिक अध्ययनबाट मिल्छ । उसका अनुसार ६९ प्रतिशत लगानीमा दोहोरो र बहुल बैंकिङ्ग (mutiple financing) भेटिएको छ । यसलाई एउटा तथ्यको उजागर मान्ने हो भने भोलि यो स्थितिले भयावह रूप धारण नगर्ला भन्न सकिन्न । यसले विगतमा सुनिदै आएको लोन डुप्लिकेशन/मल्टिपल फाइनान्सिङ्ग को

समस्या निकै जटिल रूपले अगाडि आउँदैछ भन्ने पनि हो । यसलाई बेलैमा नीतिगत/ व्यबहारगत रूपले सम्बोधन गर्नुपर्छ ।

पक्कै पनि लघुवित्तीय संस्थाहरूको वासलातको आकार वृद्धि र मुनाफाको आकार वृद्धि मात्र उपलब्धिमुलक सूचकांक होइन । लघुवित्तीय संस्थाहरूकै कारण देशको विपन्नता कम भएको कुरालाई तथ्यांकले पनि पुष्टि गर्नुपर्ने समय आएको छ । तर, यो कार्य हुन सकिरहेको देखिन्न । खासमा सरकार र सरोकारवाला निकायहरूले यतापट्टि ध्यान दिनुपर्ने हो । हिजो केही पनि नभएको स्थितिबाट हेर्दा अहिलेको लघुवित्त वित्तीय संस्थाहरू को वासलातको आकार (६२ वटाको मात्र) १६३ अरब ४३ करोडको (२०७४ चैत मसान्त) छ । तिनले करीब ४५ अरबको लघुवचत (जसमध्ये २ अरब सर्वसाधारणको निक्षेप) परिचालन/ संकलन गरेका छन् । ७९.४ अरबको पुँजीकोष जुटाएका छन्, जसमध्ये १० अरब २५ करोडको चुक्ता पुँजी रहेको देखिन्छ । कुल साधनमध्ये ७९ अरब ३४ करोडको कर्जा सापट (borrowings) रहेको छ । यो विपन्न वर्ग कर्जा व्यवस्था अन्तर्गत बैंक र वित्तीय संस्थाहरूबाट प्राप्त भएको हो । हाल ती संस्थाहरूको सबैभन्दा ठूलो र प्रमुख साधनको स्रोत भनेकै वित्तीय संस्थाहरूबाट प्राप्त हुने सापट नै हो जसले अझै पनि पचास प्रतिशतको हिस्सा ओगटेको देखिन्छ । यिनै साधनबाट ती संस्थाहरूले १३६ अरब २० करोडको लघुकर्जा (micro credit) प्रवाह गरेका छन् । यस्ता कर्जा पाउनेहरूको संख्या १७ लाख ८० हजार २१० जना छन् । लघुवित्तीय सेवासित आबद्ध रहेका कुल सदस्य संख्या भने २७ लाख २४ हजार ३०२ रहेको छ । यो भनेको १० लाखभन्दा बढीलाई लघुकर्जा प्रवाह गर्न बाँकी नै रहेको तथ्य पनि हो । कार्यक्षेत्रका हिसाबले संघीय नेपालको ७७ वटै जिल्लामा लघुवित्तीय संस्थाहरूको उपस्थिति देखिन्छ । सेवा बिस्तारकै कुरा गर्दा पनि सत्ताइस लाखभन्दा बढीसित यसको आबद्धता भनेको नेपालमा रहेका विपन्न वर्गको जनसंख्याभन्दा पनि बढीमा यसको सेवा पुगेको देखिन्छ । अर्थात् लक्षीत भनिएको विपन्न वर्गमा हाल करिब ६५ लाख जनसंख्या रहेको अनुमान छ । विपन्न वर्गमा एकपटकको लघुवित्तीय सेवा (लघुकर्जा र लघुबचत) पुगेको हिसाब गर्ने हो भने माथि उल्लेखित लघुकर्जा प्रवाहित ऋणीको संख्या भनेको करीब ८२ लाखको जनसंख्या (प्रति परिवार औसत ४.६ जना सदस्य) हो । यस अवधिसम्म आईपुगेको लघुवित्तीय सेवामा भाखा नाघेको कर्जाको अनुपात भने करीब एक प्रतिशत रहनु निश्चय नै लघुवित्तीय सेवाको अब्बल र सुन्दर पक्ष हो । यसैले अबको लघुवित्तीय सेवा भनेको अभियानमुखी (movement/ campaign) सेवा नभएर दीगो, भरपर्दो र बलियो लघुवित्तीय सेवा प्रवाह हुपर्दछ । यसलाई रणनीतिक ढङ्गले अगाडि बढाउन सबै सहभागी (नीति निर्माता, नियमनकारी निकाय, रणनीतिक साझेदार, वित्तीय लगानीकर्ता र शेयरधनीहरू समेत) हरूले मनसा बचना कर्मणाले आत्मसाथ गर्ने समय आएको छ ।

हाल ईजाजत बन्द/ रोकिएको अवस्था भए पनि नेपालको लघुवित्तीय क्षेत्रले अभियानमुखी र प्रचारमुखी स्टेज पार गरिसकेको छ । यसैले लघुवित्त क्षेत्रको आगामि दशकलाई भरपर्दो, दीगो, स्वस्थ, बलियो र उत्पादनमुलक बनाएर लानसकियो भने मात्र यो क्षेत्र सबल र सक्षम हुनेछ । विगत अढाई दशक (२०४९-२०७५) को अवधिमा यो क्षेत्रमा उल्लेख्य कामहरू भएका छन् । लघुवित्त क्षेत्र कानुनी संरचना र अन्य व्यवस्थाका कारण निकै फराकिलो भैसकेको छ । लघु वित्तीय संस्थाहरूको ईजाजत प्रणालीलाई व्यबस्थित गरिनुका साथै त्यसको नियमित सुपरीवेक्षण र अनुगमन केन्द्रीय बैंकले गर्दै आएको छ । व्यबस्थित हुन बाँकी केही फिङ्गोजहरू पनि अब चाँडै नै 'घ' वर्गको वित्तीय संस्थामा परिणत हुने भएका छन् । त्यसबाट हालसम्म कायम रहेको फिङ्गोज (२५ वटा) अवतरणको अन्योल पनि समाप्त हुने देखिएको छ । नेपाल राष्ट्र बैंकले केही सहकारीहरूलाई पचासको दशकमा प्रदान गरेको सीमित बैंकिङ्को रेखदेख र नियन्त्रण पनि हाल फुकुवा गरेको अर्थात् अब केन्द्रीय बैंकले ती सहकारीलाई निगरानी नगर्ने भएको हुँदा अब वाफिया मातहतका चार प्रकारका वित्तीय संस्थाहरूको नियमन र सुपरीवेक्षणमा मात्र उसले आफूलाई केन्द्रित गर्ने भएको छ । सीमित बैंकिङ्का नाममा केही थोरै सहकारी (हाल १६ वटा) लाई केन्द्रीय बैंकले सुपरीक्षण गरेको कुरा नीतिगत र कानुनी रूपमा पहिलेदेखि नै नमिलेको विषय थियो । ढिलै भए पनि हाल उसले चालेको यो कदमलाई राम्रो मान्नु पर्छ ।

लघुवित्तीय कारोबारमा हाल छ प्रकारका संस्थाहरू संलग्न छन् । केन्द्रीय बैंकको ईजाजतबाट सञ्चालित 'घ' वर्गका वित्तीय संस्थाहरू, जसलाई लघुवित्तीय संस्था भनिन्छ, फिङ्गोज, बचत तथा ऋण सहकारी संस्थाहरू, वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरू यो कार्यमा संलग्न छन् । वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरू विपन्न वर्गका माध्ममले यसमा सरीक छन् भने वाणिज्य बैंक र केही विकास बैंकहरू लघुवित्तमा प्रत्यक्षरूपमा समेत सरीक छन् । सहकारी संस्थाहरूको अनुगमन केन्द्रीय बैंकको नभएकाले तिनले गर्नेगरेका लघुवित्तीय कारोबारका बारेमा यसै भन्न सकिन्न । अर्कातिर, नेपालमा

विभिन्न किसिमका गैरसरकारी संस्थाहरू पनि लघुवित्तीय सेवामा संलग्न भएको पाइएको छ । तिनका कारोबारको आँकडा सजिलै प्राप्त हुने व्यवस्था भने छैन । यसैले केन्द्रीय बैंकबाट इजाजतप्राप्त लघुवित्त वित्तीय संस्थाहरू नै हाल लघुवित्तीय सेवा प्रवाह गर्ने प्रमुख सम्बाहक हुन भन्न हिच्किचाउनु परोइन । माथि उल्लेखित अवधिसम्ममा लघुकर्जाका १७ लाख ८० हजार ऋृणीको आकार भनेको अन्य तीन खाले वित्तीय संस्थाका ऋणीको आकार (१२ लाख ८७ हजार कर्जाको खाता संख्या/ मौद्रीक नीति बुँदा नं. ४१) भन्दा पनि ठूलो हो । लघुवित्तीय क्षेत्रले अढाई दशकको अनबरत प्रयत्नस्वरूप यति धेरै सेवाग्राहीमा पुग्नसक्नु एउटा गर्व गर्ने विषय त हुँदै हो । यद्यपि, लघुवित्तका क्षेत्रमा उत्पादनमुलक प्रयोग के कस्तो रहेको छ भन्ने कुरा अन्धकारमै छ । यसैले, आगामी समयमा यिनै सेवाग्राहीमध्ये केही प्रतिशतलाई मात्र पनि उत्पादनमूलक क्षेत्रमा सरीक गराएर लान सकियो भने यो क्षेत्रले ठूलै फड्को मार्न सक्छ । ती सेवाग्राहीलाई वाणिज्य बैंकहरूले पनि स्तरोन्नती (Graduation) गरेर लान सक्ने वातावरण तयार गरिनु पर्छ ।

लघुवित्तीय सेवामा पहुँचको पहिलो आधार संस्थागत विकास नै हो । हिजो नीतिगत अलमलमा रहेको क्षेत्रमा आज संस्थागतरूपमा धेरै कामहरू भएका छन् । त्यसै क्रममा कानुनी संरचना, ईजाजत प्रणाली, नियमन, अनुगमन र सुपरीवेक्षण व्यवस्थाका अतिरिक्त पुँजी बजारमा समेत लघुवित्त क्षेत्र संस्थागत भएको छ । अढाई दशकअघिको समयलाई फर्केर हेर्दा यो क्षेत्र तुलनात्मकरूपले निकै व्यबस्थित मात्र भैसकेको देखिन्न यसमा निजी क्षेत्र र आम नागरिकहरू पनि लगानीका लागि आकर्षित हुन थालेको देखिन्छ । निश्चय नै यो राम्रो कुरा हो । लघुवित्तीय संस्थाहरूलाई 'घ' वर्गको वित्तीय संस्थाका रूपमा केन्द्रीय बैंकले ईजाजत दिने व्यवस्था हुनु एउटा फड्को नै हो भने पब्लिक लिमिटेड कम्पनीका रूपमा सञ्चालीत यस्ता संस्थाहरू पुँजी बजारमा सूचीकृत हुनु एस क्षेत्रको आर्को महत्वपूर्ण छलाङ् हो । पछिल्लो समयमा लघुवित्त कम्पनीहरूको दोश्रो बजारको शेयर कारोबार उँचो दरमा हनुले यसप्रति सर्वसाधारण लगानीकर्ताको आकर्षण पनि बढ्न थालेको भन्न सकिन्छ । यसलाई स्थिरता प्रदान गर्ने हो भने यो क्षेत्रको दीगोपनाको पत्याभूति दिनुपर्छ, जुन हुनसकिरहेका छैन । दिगो र सुलभ लघुवित्तीय सेवा प्रदान गरी सस्थागत बलियोपना कायम गर्ने भन्ने कुरा लघुवित्तीय संस्थाहरू एक्लैले मात्र गर्न सक्ने कुरा होइन । तर, संस्थागत सु-शासनको उपस्थिति भने संस्था स्वयमले स्थापित गर्नसक्नु पर्छ । हाल केही लघुवित्त वित्तीय संस्थाहरूमा संस्थागत सु-शासनको प्रश्न गम्भीररूपले उठ्न थालेको छ । यसमा नयाँ मात्र होइन पुराना लघुवित्त वित्तीय संस्थाहरू समेत तानिन थालेका छन् । एउटा संस्थाको प्रमुख कार्यकारी अधिकृतलाई यसै विषयमा केन्द्रीय बैंकले पाँच लाखको जरिवाना नै गरेको पहिलो घटना पनि ताजै छ । संस्थागत सु-शासनको आरोपित संस्थाकै आईपिओ अत्यधिक रूपमा बिक्री हुनु पनि यो क्षेत्रको आर्को महत्वपूर्ण घटना हो । तत्काललाई यसबाट मुलतः नियमनकारी निकायको कारबाहीबाट , संस्थागत सु-शानमा सुधार हुने आशा लगानीकर्ताले गरेको अनुमान त गर्न सकिन्छ । तर पनि यो क्षेत्रको बढ्दो आकर्षणलाई स्थिरता दिने वातावरण बनाउने काम भने अझै हुनसकेको छैन ।

यसका लागि सरकार, केन्द्रीय बैंक, स्वयम लघुवित्तीय संस्थाहरू र लक्षित वर्गको अन्तर समन्वयको आवश्यकता हुन्छ ।

अहिले यो क्षेत्रमा एकभन्दा बढी संस्थाहरू कार्यरत भएकाले यो सेवामा प्रशस्त प्रतिस्पर्धा त छँदैछ, त्योभन्दा पनि पर मल्टिपल फाइनासिङ्ग र लोन डुप्लिकेशन को समस्याले भित्रभित्रै जर्जर पार्नथालेको हालैको अध्ययनबाट अनुमान गर्न देखिन्छ । नेपालमा यो समस्या बाहिर भने आइनसकेकाले यसको बिस्फोटक स्थितिबारे अहिले नै केही भन्न सकिदैन । तर पनि, यो समस्या नै आउन नदिनका लागि तत्कालै लघुवित्तीय कर्जा सूचना केन्द (microfinance credit information center) को स्थापना गर्नुपर्छ । यो खाले समस्याबाट लघुवित्तीय संस्थाहरू स्वयम् नै जिम्मेवार भएर आउनु पर्छ । हाल एकै स्थानमा धेरै लघुवित्तीय संस्थाहरू केन्द्रीकृत (overcrowded) भएर बस्नाले र संस्थागत सु-शासनको अभावमा यो खालेसमस्या निम्तिएको अनुमानसहजै गर्न सकिन्छ । भुसको आगोजस्तै भित्रभित्रै सल्किने यस्तो समस्या आउन नदिनुमा नीति निर्माताभन्दा पनि स्वयम् लघुवित्तीय संस्थाहरू जिम्मेवार बन्ने संस्कार विकसित हुनुपर्छ ।

दिगो लघुवित्तीय सेवा प्रवाहका लागि वित्तीयरूपले संस्था पनि बलियै हुनु जरूरी छ । यसो भनेको पुँजीगत रूपमा पनि बलियै हुनुपर्छ भनिएको हो । यसका लागि लघुवित्त वित्तीय संस्थाहरू हालको पुँजीगत आकारले होइन कि अलिक ठूलै आकारले अगाडि उभिन सक्नुपर्छ भन्ने हो । त्यसका लागि अहिलेको थोरै पुँजीमा खोलिएका लघुवित्त वित्तीय संस्थाहरूले कसरी आफूलाई पुँजी ठूलो बनाउने भन्नेपट्टि लाग्नुपर्छ । यो कार्य आजको भोलि सम्भव नभए पनि असम्भव भने छैन । यो क्षेत्रमा सेवा

प्रवाह गर्ने लघुवित्त वित्तीय संस्थाहरूको हालको संख्या (निकट भविष्यमा १२५ पुग्नेलाई समेत ध्यान दिँदा) धेरै नै हो । हालका सबै लघुवित्त वित्तीय संस्थाहरूको कुल चुक्ता पुँजीको आकार कुनै एक 'क' वर्गको वित्तीय संस्था (वाणिज्य बैंक) को जति मात्र रहेकाले त्यसलाई बढाउँदै लान सक्नु पर्छ । त्यो कार्य थप पुँजी प्रवाह वा मुनाफाबाट सम्भव छ । थप पुँजी प्रवाह भनेको केन्द्रीय बैंकले नभनेकै अवस्थामा पनि बोनस शेयरका माध्यम (महत्वाकांक्षी अग्राधिकार होइन) ले बढाउन सकिन्छ । हालको अवस्थामा मुनाफा दिइरहेका संस्थाहरूलाई केही प्रतिशतले बोनस शेयरको व्यवस्था गर्न केन्द्रीय बैंकको पुँजी वृद्धिको नीति कुरिरहनु पर्दैन । केही प्रतिशत नगद लाभांश र बढी प्रतिशतको बोनस लाभांश दिने नीति लिने हो भने यो कार्य सम्भव छ ।

लघुवित्तीय संस्थाहरूको संख्यागत उपस्थिति अधिक बनाउनुभन्दा तिनलाई मर्जर (स्वैच्छिक वा फोर्स्ड) का माध्यमबाट बलियो बनाएर लानु उचित हुन्छ । त्यसो भयो भने पुँजी जुटाउन पनि सजिलो पर्ने हुन्छ । आगत दिनमा लघुवित्त वित्तीय संस्थाहरूको पुँजी वृद्धिमा केन्द्रीय बैंकले नीतिगत व्यवस्था गर्ने सङ्केतहरू बाहिर आउन थालेका पनि छन् । त्यसो भइहालेको अवस्थामा, उदाहरणका लागि मानौ केन्द्रीय बैंकले आगत दिनमा लघुवित्तीय संस्थाको पुँजी पाँच गुणाले बढायो भने कमसेकम पनि हालका पाँच वटा लघुवित्तीय संस्थाहरू परस्परमा मर्ज हुनैपर्ने अवस्था आउँछ । यो कार्य सम्बन्धित निकायबाट फोर्स्ड मर्जरको नीति आउनुभन्दा अगाडि नै लघुवित्तीय संस्थाहरूले थाल्न नसक्ने भने होइनन् । यो क्षेत्रमा स्वतस्फूर्त रूपले आउने मर्जरलाई केन्द्रीय बैंकले पनि सकारात्मक रूपमा लिनसक्नु पर्छ । अर्थात् फोर्स्ड मर्जरमा भन्दा स्वतस्फूर्तरूपको मर्जरलाई प्रोत्साहित गरेर लानुपर्छ भन्न खोजिएको हो । लघुवित्तीय सेवालाई गुणस्तरीय र दिगो गरेर लाने हो भने वित्तीयरूपले बलियो लघुवित्तीय संस्थाको आवश्यकता पर्छ । अबको लघुवित्तीय सेवा भनेकै सेवाग्राहीका हिसाबले दिगो र भरपर्दो हुन आवश्यक छ भने लगानीकर्ताका हिसाबले वित्तीय रूपमा बलियो र नियमनकर्ताका आँखामा संस्थागत सु-शासनले अब्बल लघुवित्त वित्तीय संस्थाको उपस्थिति नै हो ।

लघुवित्त वित्तीय संस्थाहरूको लघु कर्जा लगानीका लागि विद्यमान स्रोत पर्याप्त नभइरहेको अवस्था छ । यो स्रोत पनि कुनै नीतिगत व्यवस्थाको टेकाको भरमा रहेको छ । अर्थात् विपन्न वर्ग कर्जा व्यवस्थाका कारण प्राप्त भैरहेको स्रोतले हाल पचास प्रतिशतभन्दा बढीको हिस्सा ओगटेको छ । यो नीतिगत व्यवस्थामा तलवितल हुने परिस्थिति आयो भने लघुकर्जाको कुलो कुनै पनि बेला सुक्ने अवस्था आउँछ । त्यसैले स्रोत व्यवस्थापनका लागि बेलैमा सचेत हुन जरूरी छ । यसका लागि सरकार र केन्द्रीय बैंक नै अगाडि आउनु पर्छ ।

●●

*(लेखक नेपाल राष्ट्र बैंकका पूर्व कार्यकारी निर्देशक हुनुहुन्छ ।)*

# वित्तीय संघीयताको परिवेशमा सार्वजनिक वित्त व्यवस्थापन

■ दामोदर रेग्मी

**संघीय शासन प्रणाली**

संघीयता उच्चतम प्रजातान्त्रिक आचरणलेय युक्त शासन प्रणाली हो । राज्यसत्ताको अधिकारको प्रयोग राज्यका बहु सरकारहरूबीच विनियोजन गरी शासकीय क्रियाकलापमा बढीभन्दा बढी जनतालाई संलग्न गराउने राजनीतिक प्रक्रिया संघीयताको मूल मर्म हो । यसैले पनि संघीय शासन प्रणाली बढी प्रजातान्त्रिक र सहभागितामूलक हुन्छ । यसै पृष्ठभूमिमा संघीयताले लोकतन्त्र र शासकीय अभ्यासमा सर्वसाधारणको सहभागिता र अवसरको सुनिश्चितता गर्ने संयन्त्र मात्र मात्र होइन समाजमा विद्यमान सामाजिक, आर्थिक, सांस्कृतिक विविधतालाई पनि सम्बोधन गरी शासन प्रणालीप्रति जन अपनत्व जुटाउने उद्देश्य राखेको हुन्छ ।

संघीयताको सफल कार्यान्वयन गर्न वित्तीय संघीयता आवश्यकीय शर्त हो । संघीयता भन्नु नै राज्य सञ्चालन र निर्णय प्रक्रियालाई समाजको तल्लो तह वा जनताको आधारभूत तहसम्म पुऱ्याउनु हो । संघीयताको सफल कार्यान्वयन गर्न सबै तहका सरकारहरू बीच स्वस्थ, पारदर्शी तथा सन्तुलित वित्तीय व्यवस्था आवश्यक छ । अन्तरसरकारी वित्त व्यवस्थापन अन्तर्गत संघीय इकाइहरूबीच वित्त हस्तान्तरण, खर्च, ऋण, अनुदान, बजेट, राजस्व व्यवस्थापन, वितीय सुशासन लगायतका आर्थिक विषयहरु पर्दछन् । अन्तरसरकारी वित्त व्यवस्थापनलाई अन्तरसरकारी वित्त हस्तान्तरण पनि भनिन्छ ।

यस्तो हस्तान्तरण संघीय सरकारबाट प्रदेश तथा स्थानीय सरकारमा, प्रदेश सरकारबाट प्रदेश तथा स्थानीय सरकारमा र स्थानीय सरकारबाट स्थानीय सरकारमा हुन सक्छ । संविधानको परिधिभित्र रही राजस्वसम्बन्धी कानुनको निर्माण, करको दर तथा दायरा निर्धारण, राजस्व परिचालन, राजस्व परिचालन सम्बन्धी क्षमता विकास तथा राजस्वको उचित व्यवस्थापन लगायतका विषयहरू र सम्बन्धित सरकारले आफूलाई प्राप्त भएको कार्यहरु सम्पन्न गरी जनताको माझ सुशासनको अनुभूति दिलाउनको लागि आफूलाई वित्त हस्तान्तरणको माध्यमबाट प्राप्त हुने स्रोतसाधन, आफ्नै राजस्व परिचालनबाट प्राप्त हुने रकम मात्र नभएर आन्तरिक तथा वैदेशिक ऋण लिन सक्ने वा परिचालन गर्न सक्ने विषयहरू मुख्य रुपमा अन्तरसरकारी वित्त व्यवस्थापनको क्षेत्रअन्तर्गत पर्ने विषयहरु हुन् । तीनै तहका सरकारको व्यवस्थाले तत् तत् सरकारले आफ्नो योजना बजेट तर्जुमा गर्ने पारित गर्ने र कार्यान्वयन गर्ने दायित्व पनि तत् तत् तहको कार्यक्षेत्रभित्र पर्न गएको छ ।

नेपालको वर्तमान संविधानले संघीय, प्रादेशिक र स्थानीय तह गरी ३ तहको सरकारको परिकल्पना गरेको छ र समग्र राष्ट्र एउटा संघीय सरकारको रूपमा रहेको छ भने ७ वटा प्रादेशिक सरकार र ७५३ वटा स्थानीय सरकारहरू अस्तित्वमा रहेका छन् । संविधानको अनुसूची ५ ले संघको एकल अधिकार, अनुसूची ६ ले प्रदेशको एकल अधिकार र अनुसूची ८ ले स्थानीय तहको एकल अधिकारको व्यवस्था गरेको छ । यी अनुसूचीहरू तत् तत् तहका स्वशासनका क्षेत्रहरू हुन् । त्यस्तै अनुसूची ७ ले संघ र प्रदेशको साझा अधिकार र अनुसूची ९ ले संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारहरूको व्यवस्था गरेको छ यी अनुसूचीहरू संघ र प्रदेश तथा संघ, प्रदेश र स्थानीय तहका साझा शासनका क्षेत्रहरू हुन् । यसै आधारमा तीन तहका सरकारहरूबीचका लागि राजनैतिक, वित्तीय र प्रशासनिक अधिकारको विनियोजन हुने गर्दछ । सार्वजनिक वित्त व्यवस्थापन पनि यिनै आयामहरूको परिवेशमा केन्द्रित रहने गर्दछ ।

**प्रभावकारी वित्त व्यवस्थापन संयन्त्र**

सरकारका वित्तीय गतिविधिहरूको समग्र व्यवस्थापन नै सार्वजनिक वित्तीय व्यवस्थापन हो । सरकारका आर्थिक गतिविधिहरूमा स्रोतको प्राप्ति, स्रोतको वितरण, उपयोग र त्यसको परीक्षण आदि पक्षहरू रहेका हुन्छन् । यी सबै पक्षको समुचित व्यवस्थापनले एकातर्फ साधन स्रोतको विवेकपूर्ण उपयोगको सुनिश्चितता गर्दछ भने अर्को तर्फ उत्तरदायित्व, पारदर्शिता, समग्र वित्तीय अनुशासन जस्ता पक्षहरूको उपस्थितिले सुशासन अभिवृद्धिमा थप उर्जा प्रदान गर्दछ । प्रजातान्त्रिक शासन प्रणालीमा सार्वजनिक वित्त व्यवस्थापनका सबै पक्षहरूको व्यवस्थापन पारदर्शी हुनु आवश्यक छ। यसर्थ सार्वजनिक स्रोतको प्राप्ति देखि लिएर परिचालनका समग्र पक्षको प्रतिफल प्राप्त गर्ने किसिमबाट व्यवस्थापन गरिनु पर्दछ । प्रभावकारी वित्तीय व्यवस्थापनले:

- व्यवस्थित सार्वजनिक वित्त प्रणालीले सरकारको स्रोत प्राप्ति, परिचालन र विवेकपूर्ण उपयोगमा सहयोग पु¥याउँदछ ।
- सरकारका प्रथामिकता प्राप्त तथा रणनीतिक महत्वका क्षेत्रहरूमा साधनको परिचालनमा सहयोग पु¥याउँदछ ।
- उपलब्ध स्रोत साधनको विवेकपूर्ण वितरण र प्रयोगमा सहयोग पु¥याउँदछ ।
- समग्र वित्तीय अनुशासन कायम गर्नमा सहयोग पु¥याउँदछ।
- साधन स्रोतको वितरण क्षमता र खर्च गर्ने क्षमता मा प्रभावकारिता ल्याउछ ।

प्रभावकारी वित्त व्यवस्थापनले आम्दानीका स्रोतहरूको भरपूर उपयोग गर्ने, वितरणमा प्रभावकारिता ल्याउने र प्रभावकारी खर्च गर्न सक्ने क्षमतामा वृद्धि ल्याउनुको अतिरिक्त वित्तीय जोखिमहरूको पूर्वानुमान गरी जोखिमहरूबाट निम्तिन सक्ने नकारात्मक प्रभावहरूको न्यूनीकरण गर्नमा सहयोग पु¥याउँदछ । सार्वजनिक वित्त व्यवस्थापनका निम्न क्षेत्रहरूमा प्रभावकारिता आवश्यक देखिन्छ ।

- करारोपण तथा राजस्व व्यवस्थापन
- आम्दानीका अन्य स्रोतहरूको व्यवस्थापन
- प्रभावकारी न्यून वित्त परिचालन : सार्वजनिक ऋण व्यवस्थापन
- राजस्व, ऋण तथा वैदेशिक सहायता लगायतका स्रोतहरूको प्राप्ति र प्रयोगमा प्रभावकारिता वृद्धि ।
- प्राप्त स्रोतको मितव्ययी, दक्षतापूर्वक, प्रभावकारी एवम् पारदर्शी रूपमा खर्च गर्ने क्षमता ।
- आन्तरिक र वाह्य निगरानीलाई सशक्त बनाउँदै पारदर्शिता र उत्तरदायित्वमा अभिवृद्धि गर्नु ।

**सरकारी वित्तहरूको हस्तान्तरण**

वित्तीय संघीयतामा सरकारी वित्तहरूको हस्तान्तरण, राजस्व संकलन गर्ने क्षेत्रहरूको हस्तान्तरण र राजस्वको आपसी बाँडफाँड मूल क्षेत्रहरूको रूपमा रहेका हुन्छन् । माथिल्लो तहका सरकारले तल्लो तहका सरकारहरूलाई विभिन्न अनुदानहरू दिने गर्दछ ।

**वित्तीय समानीकरण अनुदान**

नेपाल सरकारले प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजश्वको क्षमताको आधारमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा प्रदेश र स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान दिने गर्दछ । यसै गरी प्रदेशले नेपाल सरकारबाट प्राप्त अनुदान र उठेको राजश्वलाई प्रदेशभित्रका स्थानीय तहको खर्चको आवश्यकता र राजश्वको क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान दिने गर्दछ ।

**सशर्त अनुदान**

नेपाल सरकारले प्रदेश वा स्थानीय तहलाई कुनै योजना कार्यान्वयन गर्नका लागि आवश्यक शर्त तोकि अनुदान दिने गर्दछ । यसै अनुरूप प्रदेशले पनि प्रदेश कानुन बमोजिम स्थानीय तहलाई सशर्त अनुदान दिने गर्दछ ।

**समपूरक अनुदान**

नेपाल सरकारले प्रदेश वा स्थानीय तहलाई पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न देहायका आधारमा समपुरक अनुदान दिने गर्दछ ।

- योजनाको सम्भाव्यता
- योजनाको लागत
- योजनाबाट प्राप्त हुने प्रतिफल वा लाभ
- योजना कार्यान्वयन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता वा जनशक्ति
- योजनाको आवश्यकता र प्राथमिकता
- प्रदेशले आफ्नो कानुन बमोजिम स्थानीय तहलाई समपुरक अनुदान दिन सक्दछ ।

**विशेष अनुदान**

नेपाल सरकारले देहायको उद्देश्य प्राप्तिको लागि प्रदेश वा स्थानीय तहबाट सञ्चालन हुने कुनै खास योजनाको लागि विशेष अनुदान प्रदान गर्न सक्दछ ।

- शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाको विकास र आपूर्ति गर्ने
- अन्तर प्रदेश वा अन्तर स्थानीय तहको सन्तुलित विकास गर्ने
- आर्थिक सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेको वर्ग वा समुदायको उत्थान वा विकास गर्ने
- प्रदेशले स्थानीय तहलाई प्रदेश कानुन बमोजिम विशेष अनुदान प्रदान गर्न सक्दछ ।

**राजस्व संकलनको क्षेत्राधिकार**

नेपालको संविधानको धारा ६० ले राजस्व संकलन र परिचालनको अधिकार संघ प्रदेश र स्थानीय तहको हुने व्यवस्था गरेको छ । संघ, प्रदेश र स्थानीय तहले आफ्नो आर्थिक अधिकारक्षेत्र भित्रको विषयमा कर लगाउन र ती स्रोतहरूबाट राजस्व उठाउन सक्ने व्यवस्था गरेको छ तथा साझा सूचीभित्रको विषयमा र कुनै पनि तहको सूचीमा नपरेका विषयमा भने कर लगाउने र राजस्व उठाउने व्यवस्था नेपाल सरकारले निर्धारण गरे बमोजिम हुने व्यवस्था छ । नेपाल सरकारले संकलन गरेको राजस्व संघ, प्रदेश र स्थानीय तहलाई न्यायोचित वितरण गर्ने व्यवस्था मिलाउनु पर्ने र संघ, प्रदेश र स्थानीय तह बीच राजस्वको बाँडफाँड गर्दा सन्तुलित र पारदर्शी रूपमा गर्नुपर्ने व्यवस्था संविधानको अर्को राम्रो पक्षको रूपमा रहेको छ । यी प्राबधानहरूले संघीय संरचनाका हरेक तहमा स्रोतको सुनिश्चितता हुन पुगेको छ ।

- नेपाल सरकारले लगाउन सक्ने करः भन्सार महशुल, अन्त शुल्क, मूल्य अभिवृद्धि कर, संस्थागत आयकर, व्यक्तिगत आयकर, पारिश्रमिक कर
- नेपाल सरकारले लगाउन सक्ने गैरकर : राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर, सेवा शुल्क दस्तुर, जुवा चिट्ठा, क्यासिनो, दण्ड जरिवाना
- प्रदेशले लगाउन सक्ने कर : घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयमा कर
- प्रदेशले लगाउन सक्ने गैरकर : सेवा शुल्क दस्तुर, पर्यटन शुल्क दण्ड जरिवाना
- स्थानीय तहले लगाउन सक्ने कर : सम्पत्ति कर, घर वहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, भूमिकर (मालपोत), मनोरञ्जन कर, विज्ञापन कर, व्यवसाय कर
- स्थानीय तहले लगाउन सक्ने गैर करः सेवा शुल्क दस्तुर, पर्यटन शुल्क दण्ड जरिवाना
- नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले प्रचलित कानुनबमोजिम लागेको आफ्नो अधिकार क्षेत्र भित्रको दण्ड जरिवाना उठाउन सक्ने
- प्रदेश तथा स्थानीय तहले कर लगाउँदा राष्ट्रिय आर्थिक नीति वस्तु तथा सेवाको ओसार पसार, पुँजी तथा श्रम बजार, छिमेकी प्रदेश र स्थानीय तहलाई प्रतिकूल नहुने गरी लगाउनु पर्नेछ ।
- नेपाल सरकारले संघीय कानुन बमोजिम प्राकृतिक स्रोतमा रोयल्टी लगाउन र उठाउन सक्नेछ ।
- गैरकर निर्धारणका आधार - नेपाल सरकार, प्रदेश र स्थानीय तहले वस्तु वा सेवाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मानी गैर करका दर निर्धारण गर्नुपर्नेछ ।

**राजस्व प्रशासन व्यवस्थापनका लागि निर्धारित विविध व्यवस्थाहरू**

**एकल कर प्रशासन सम्बन्धी व्यवस्था**

संघीय संरचनामा राजस्व संकलनको अधिकार संघ, प्रदेश र स्थानीय तहमा रहेको र केही करहरू एक भन्दा बढी तहले उठाउन सक्ने प्राबधान रहेकोले कर प्रशासनलाई सरल, सहज र करदाता मैत्रीय बनाउन निम्नानुसार एकल कर प्रशासन सम्बन्धी व्यवस्था गरिएको छ :

- प्रदेशले सवारी साधन कर उठाउँदा स्थानीय तहले सवारी साधनमा लगाएको कर समेत उठाउने ।
- स्थानीय तहले घर जग्गा रजिष्ट्रेशन शुल्क उठाउँदा प्रदेशले लगाएको घर जग्गा रजिष्ट्रेशन शुल्क समेत उठाउने ।
- स्थानीय तहले विज्ञापन कर उठाउँदा प्रदेशले लगाएको विज्ञापन कर समेत उठाउने ।
- स्थानीय तहले मनोरंजन कर उठाउँदा प्रदेशले लगाएको मनोरंजन कर समेत उठाउने ।
- यसरी उठेको करको रकम प्रशासनिक खर्चवापत बढीमा दुई प्रतिशत रकम कर उठाउने तहले आफ्नो

संचित कोषमा जम्मा गरी वाँकी रकम जुन तहको कर उठाएको हो सोही तहको संचित कोषमा जम्मा गरिदिने ।

**सवारी साधन कर र घर जग्गा रजिष्ट्रेशन शुल्कको अन्तरिम प्रशासन**

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिमको सवारी साधन कर र घर जग्गा रजिष्ट्रेशन शुल्क उठाउन प्रदेश तथा गाउँपालिका वा नगरपालिकामा साधन, स्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारको तोकिएको कार्यालयले प्रदेशले निर्धारण गरे बमोजिमको दर अनुसारको कर तथा शुल्क उठाई सोही ऐनले व्यवस्था गरे बमोजिमको सम्बन्धित विभाज्य तथा सञ्चित कोषमा दाखिल गर्ने व्यवस्था रहेको छ ।

**एकीकृत सम्पत्ति कर व्यवस्थापन**

गाउँपालिका/नगरपालिकालाई स्थानीय स्रोतको परिचालनमा सक्षम र प्रभावकारी बनाउन तथा संविधान तथा कानुनद्वारा प्रदत्त राजस्व अधिकारको उपयोग गर्दै स्थानीय कर संकलन र व्यवस्थापनमा आत्मनिर्भर बनाउनको लागि नेपालको संविधानको अनुसूची ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ ले गाउँपालिका/नगरपालिकालाई आफ्नो क्षेत्रभित्र एकीकृत सम्पत्ति कर लगाउनसक्ने गरी अधिकार प्रदान गरेको छ । एकीकृत सम्पत्ति कर व्यवस्थापन प्रक्रियालाई स्पष्ट, पारदर्शी तथा व्यवस्थित गर्न सम्बन्धित गाउँपालिका/नगरपालिकाले एकीकृत सम्पत्ति कर व्यवस्थापन कार्यविधि स्वीकृत सो अनुरूप एकीकृत सम्पत्ति कर लगाउन र संकलन गर्न सक्नेछन् ।

**स्रोत परिचालनका अन्य वैकल्पिक व्यवस्थाहरू**

वैदेशिक सहायता : वैदेशिक सहायता, अनुदान, ऋण लिने अधिकार नेपाल सरकारमा रहेको छ । प्रदेश तथा स्थानीय तहले नेपाल सरकारको स्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन सक्दछन् ।

आन्तरिक ऋण : नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्दछन। तर प्रदेश वा स्थानीय तहले आन्तरिक ऋण लिनु पूर्व नेपाल सरकारको सहमति लिनु पर्दछ ।

घाटा बजेट : नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले बजेट घाटा पूर्ति गर्ने स्रोतको स्पष्ट आधार समेत खुलाई सम्बन्धित व्यवस्थापिकामा आवश्यकता अनुसार घाटा बजेट पेश गर्न सक्दछ । तर प्रशासनिक खर्च व्यहोर्न घाटा बजेट पेश गर्न पाइदैन ।

**बहुसंचित कोषहरूको प्राबधान**

संविधानले संघीय, प्रदेश र स्थानीय संचितकोषको व्यवस्था गरेको छ । आआफ्नो संचित कोषको परिचालन गर्न संघ, प्रदेश र स्थानीय तह अधिकार सम्पन्न छन् ।

- प्रत्येक गाउँपालिका र नगरपालिकामा एक एक स्थानीय संचितकोष रहनेछ । त्यस्तो कोषमा गाउँपालिका वा नगरपालिकालाई प्राप्त हुने सबै प्रकारको राजश्व नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा गाउँपालिका वा नगरपालिकाले लिएको ऋण रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम जम्मा हुनेछ । स्थानीय सञ्चित कोषबाट गर्ने सकिने सम्बन्धी व्यवस्था स्थानीय कानुन बमोजिम हुनेछ ।
- त्यस्तै प्रदेश सरकारलाई प्राप्त हुने सबै प्रकारका राजश्व, राजश्वको धितोमा लिइएका सबै कर्जा, प्रदेश ऐनको अधिकार अन्तर्गत दिइएको जुनसुकै ऋण असुलद्वारा प्राप्त भएको सबै धन र नेपाल सरकारबाट प्राप्त हुने अनुदान एवं ऋण रकम प्रदेश ऐनद्वारा अर्को कुनै व्यवस्था नगरिएमा एक प्रदेश सरकारी कोषमा आम्दानी बाँधिने ।
- नेपाल सरकारलाई प्राप्त हुने सबै प्रकारका राजस्व, राजस्वको धितोमा लिइएका सबै कर्जा, ऐनको अधिकार अन्तर्गत दिइएको जुनसुकै ऋण असुल हुँदा प्राप्त भएको सबै धन र नेपाल सरकारलाई प्राप्त हुने अन्य जुनसुकै रकम संघीय ऐनद्वारा अर्को कुनै व्यवस्था नगरिएमा संघीय सञ्चित कोष नामक एक सरकारी कोषमा आम्दानी बाँधिने ।

**विभाज्य कोषहरूको व्यवस्था**

- मूल्य अभिवृद्धि कर तथा आन्तरिक उत्पादनबाट उठेको अन्तःशुल्कको रकम तीनै तहमा बाँडफाँड हुने ।
- यी दुवै प्रकारका कर तथा शुल्कको बाँडफाँड गर्न संघीय विभाजन कोष खडा गरी शुरूमा सो कोषमा जम्मा गर्ने ।
- संघीय विभाजन कोषमा जम्मा भएको मूल्य अभिवृद्धि कर तथा आन्तरिक उत्पादनबाट उठेको अन्तःशुल्कको रकम मध्ये सत्तरी प्रतिशत नेपाल सरकारलाई र वाँकी पन्ध्र-पन्ध्र प्रतिशत स्थानीय तहमा बाँडफाँड हुने

- नेपाल सरकारले प्राप्त गर्ने रकम संघीय संचित कोषमा जम्मा हुने ।
- प्रदेश र स्थानीय तहले प्राप्त गर्ने रकम प्रदेश र स्थानीय विभाज्य कोषमा जम्मा हुने ।
- प्रदेश र स्थानीय विभाज्य कोषमा जम्मा भएको रकम प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको ढाँचा बमोजिम सम्बन्धित प्रदेश र स्थानीय तहमा बाँडफाँड हुने ।
- यस्तो रकम प्रदेश र स्थानीय संचित कोषमा मासिक रूपमा जम्मा हुने ।
- प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीको बाँडफाँड ।
- संघीय कानुन बमोजिम प्राकृतिक स्रोतको रोयल्टी संकलन हुने ।
- यसरी प्राप्त रोयल्टी संघीय विभाज्य कोषमा जम्मा हुने ।
- शुरूमा सम्बन्धित विभाजन कोषमा जम्मा भई पछि सम्बन्धित संचित कोषमा जम्मा हुने ।
- प्राकृतिक स्रोतको रोयल्टी अन्तर्गत पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज, पानी तथा अन्य प्राकृतिक स्रोत पर्दछन् । यी प्राकृतिक स्रोतहरूबाट प्राप्त रोयल्टी शुरूमा संघीय विभाज्य कोषमा जम्मा हुने र तत्पश्चात नेपाल सरकारलाई ५० प्रतिशत, सम्बन्धित प्रदेशलाई २५ प्रतिशत र सम्बन्धित स्थानीय तहलाई २५ प्रतिशत बाँडफाँड हुनेछ ।
- नेपाल सरकार, प्रदेश र स्थानीय तहलाई गरिने प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँड राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा नेपाल सरकारले प्रत्येक पाँच वर्षमा पुनरावलोकन गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गरी हेरफेर गर्न सक्नेछ ।

**बजेट तर्जुमाका आधारहरू**

संघीयताको सफल कार्यान्वयनको लागि वित्तीय संघीयता आवश्यक शर्त हो । संघीयता भन्नु नै राज्य सञ्चालन र निर्णय प्रक्रियालाई समाजको तल्लो तह वा आधारभूत तहसम्म पुऱ्याउनु नै हो । त्यसैले वित्तीय संघीयताको विषय नेपालले परिकल्पना गरेको संघीयताको आधार स्तम्भ हो । स्थानीय तहले कर संकलन गर्ने, संघ र प्रदेशबाट विभिन्न अनुदान पाउने, आफ्नो संचित कोषको सञ्चालन आफैले गर्न पाउने, आफ्नो बजेट आफै बनाउन पाउने व्यवस्था यसको अनुपम उदाहरण हो ।

- नेपालको संविधानको धारा ५९ को आर्थिक अधिकार, भाग १०, १६, १९ को आर्थिक कार्य प्रणाली
- राज्यका निर्देशक सिद्धान्त र नीतिहरू
- सहकारिता, समन्वय र सहअस्तित्वको अवधारणा
- नेपालको संविधानको अनुसूची ५, ६ र ८ बमोजिमका कर लगाउन पाउने क्षेत्र साथै अनुसूची ७ र ९ बमोजिम साझा अधिकारका क्षेत्रहरू
- राजस्व परामर्श समितिको प्रतिवेदन
- स्रोत तथा बजेट सीमा निर्धारण समितिको स्रोत र बजेट अनुमान
- सामाजिक र आर्थिक विकास तथा समृद्धिका संघीय, प्रादेशिक र स्थानीय प्राथमिकता र नीतिहरू

**स्थानीय तहमा बजेट तर्जुमाका महत्वपूर्ण चरणहरू**

पहिलो चरण : संघ तथा प्रदेशबाट वित्तीय हस्तान्तरणको खाका र मार्गदर्शन प्राप्त गर्ने

दोश्रो चरण : स्रोत अनुमान र कुल बजेट सीमा निर्धारण

तेश्रो चरण : बस्ती र टोल स्तरबाट आयोजना र कार्यक्रम छनौट गर्ने

चौथो चरण : वडा स्तरीय योजना प्राथमिकीकरण

पाचौं चरण : बजेट तथा कार्यक्रम तर्जुमा समितिद्वारा एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा

छैठौं चरण : गाउँ र नगरकार्यपालिकाको बैठकबाट बजेट तथा कार्यक्रम स्वीकृत गर्ने

सातौं चरण : गाउँनगर सभाको बैठकमा बजेट तथा कार्यक्रम स्वीकृति र कार्यान्वयन

**राजश्व र व्ययको अनुमान प्रस्तुतिको पूर्वनिर्धारित तिथि**

- नेपाल सरकारको अर्थमन्त्रीले प्रत्येक वर्ष जेठ १५ गतेभित्र संघको दुवै सदनको संयुक्त वैठकमा राजश्व र व्ययको अनुमान पेश गर्नुपर्दछ ।
- प्रदेशको अर्थमन्त्रीले प्रत्येक आ.व. को लागि प्रत्येक वर्ष असार १ गतेभित्र प्रदेश सभासमक्ष राजश्व र व्ययको आर्थिक अनुमान पेश गर्नु पर्दछ ।
- गाउँपालिका र नगरपालिकाले प्रत्येक आ.व. को राजश्व र व्ययको अनुमान स्थानीय कानुन बमोजिम प्रत्येक वर्ष असार १ गतेभित्र गाउँ सभा वा नगर सभामा पेश गरी पारित गराउनु पर्दछ ।

**वित्तीय स्रोतको न्यायोचित वितरण**

संवैधानिक व्यवस्था अनुरूप नेपालमा संघ, प्रदेश र स्थानीय तहमा तत् तत् तहका सरकारहरू गठन भैसकेको छ । यी बहु सरकारहरूबीच भएको राज्य शक्तिको बाँडफाँडलाई सार्थक रूपमा प्रयोग गर्ने वित्तीय स्रोतको बाँडफाँडले महत्वपूर्ण भूमिका खेल्दछ । राष्ट्रिय वित्तीय स्रोतको न्यायोचित वितरणले संघ, प्रदेश र स्थानीय तहले आफ्ना आवश्यकताहरूलाई खर्चको माध्यमद्वारा प्राथमिकतामा रूपान्तरण गर्न सक्दछन् । प्रदेश र स्थानीय तहहरूको आवश्यकता, साधन स्रोतको उपलब्धता र क्षमतामा एकरूपता नभएको र निर्दिष्ट जिम्मेवारी पूरा गर्न आफ्नो आन्तरिक स्रोत मात्र पर्याप्त नहुने भएकोले संघीय सरकारले प्रदेश तथा स्थानीय तहलाई राजस्व बाँडफाँड र वित्तीय हस्तान्तरण को व्यवस्था मिलाइदिनु पर्ने हुन्छ ।

**सूत्रगत आधारमा राजस्व बाँडफाँड**

नेपालको संविधानको धारा २५० तथा २५१ को मर्मलाई स्पष्ट रूपमा कार्यान्वयन गर्नका लागि तर्जुमा भएको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४ ले राजस्व बाँडफाँडमा सूत्रगत व्यवस्थाको लागि मूल आधारहरू र तिनको मापनको लागि सूचकांकहरूको व्यवस्था गरेको छ ।

**मूल आधार**

- जनसंख्या र जनसांख्यिक वितरण
- क्षेत्रफल
- मानव विकास सूचकांक
- खर्चको आवश्यकता
- राजस्व संकलनमा गरेको प्रयास
- पूर्वाधार विकास
- विशेष अवस्था
- गरिवी सूचकांक पूर्वाधार सूचकांक
- न्यून विकास सूचकांक

**पूर्वाधार सूचकांक**

क. प्रदेश तह

- सडक घनत्व ८० प्रतिशत
- विद्युतको उपलब्धता १० प्रतिशत
- सूचना तथा सञ्चार प्रविधिको पहुँच १० प्रतिशत

ख. स्थानीय तह

सडक घनत्व ५० प्रतिशत
विद्युतको उपलब्धता ३० प्रतिशत
सूचना तथा सञ्चार प्रविधिको पहुँच २० प्रतिशत

ग. सामाजिक आर्थिक विभेद सूचकांक

- आर्थिक विभेदको अवस्था ५० प्रतिशत
- सामाजिक विभेद ४५ प्रतिशत
- जलवायु परिवर्तनको जोखिम ५ प्रतिशत

घ. न्यून विकास सूचकांक

- पूर्वाधार विकास ७० प्रतिशत
- सेवा प्रवाहको लागत २० प्रतिशत
- आर्थिक सामाजिक विभेद १० प्रतिशत

**आन्तरिक र वाह्य नियन्त्रण प्रणाली**

- आम्दानी र खर्चको व्यवस्थित अभिलेख प्रणाली गर्ने
- बजेट स्वीकृतिपश्चात मात्र खर्च गर्ने प्रणालीको विकास गर्ने
- खर्च गर्दा सम्बन्धित आर्थिक प्रशासन सम्बन्धी कानुन, सार्वजनिक खरिद सम्बन्धी कानुन बमोजिमको प्रक्रिया पूरा गरेर मात्र खर्च वा खरिद गर्ने
- खर्चको व्यावसायिक योजना, खरिद योजना बनाउने अनावश्यक खर्च नियन्त्रणका लागि आवश्यक निर्देशिकाहरू बनाउने
- प्रत्येक चार चार महिनामा आन्तरिक लेखा परीक्षण गर्ने
- वार्षिक रूपमा प्रत्येक तहले आ आफ्नो आर्थिक विवरणहरूको प्रतिवेदन तयार गर्ने
- अन्तिम लेखा परीक्षण गर्ने
- बेरूजु फछ्र्यौट गर्ने

**व्यवस्थित लेखा प्रणाली**

भिन्न तहका सरकार र अन्तर्गतका निकायहरूले राजस्व, आम्दानी, खर्च लगायतका विवरणहरू लेखा प्रणालीमा समावेश गर्नु पर्दछ । हाल नेपाल सरकारका निकायहरूको लागि एकल खाता कोष प्रणाली कार्यान्वयन भैरहेको छ । भर्खरै स्थानीय तहको आर्थिक कार्यप्रणाली, लेखांकनको आधार एबं ढाँचा र पद्धतिमा एकरूपता कायम गरी सरल र ब्यवस्थित गराउने उद्देश्यले प्रदेश र स्थानीय संचितकोष व्यवस्थापन प्रणाली विकास भएको छ । यसको लागि महालेखा परीक्षकबाट स्वीकृत एकीकृत खाता सूची र लेखा ढाँचा (मलेप फारामहरु) का आधारमा लेखा राख्ने गर्नु पर्दछ ।

**संघीयतामा राजस्व व्यवस्थापनका चुनौतीहरू र दायित्व**

- अनौपचारिक आर्थिक गतिविधिलाई औपचारिक बनाउँदै करको दायरामा ल्याउने,
- कर सहभागितामा गुणात्मक अभिवृद्धि ल्याउने,
- कर संकलन लागत र करदाताको कर परिपालन लागत घटाउने
- कर प्रशासनलाई पारदर्शी,करदाता मैत्रीय र सदाचारयुक्त बनाउने
- राजस्व चुहावटको नियन्त्रण, कारोबार मूल्यमा आधारित भन्सार जाँचपास प्रणालीको आधार बनाउने,
- बजारमा बिल दिने-लिने पद्धतिको विकास गर्ने
- अन्तरसरकारी कर प्रणालीबीच सामन्जस्य र अन्तरमा करको अनावश्यक भार पर्न नदिने
- यसका लागि चाल्नुपर्ने कदमहरू
  - कर प्रणालीलाई लगानीमैत्री वातावरण बनाउने संयन्त्रको रूपमा विकास गर्ने ।
  - स्वच्छ, तटस्थ एवम् पारदर्शी कर प्रणालीको विकास गर्ने ।
  - स्वेच्छिक कर सहभागितामा अभिवृद्धि गर्ने ।
  - कुल गार्हस्थ्य उत्पादनसँग कर राजस्वको अनुपात बढाउने ।
  - संघीय संरचनाअनुसार राजस्व संरचनाको निर्माण गर्ने ।
  - करको आधार र दायरा विस्तार गर्ने ।
  - करका दरहरूलाई पारदर्शी एवं समन्यायिक बनाउने ।
  - संघीय संरचना अनुकूल कर तथा गैरकरका क्षेत्रहरूको पुनरावलोकन गर्ने ।
  - कर प्रणालीलाई लगानी तथा व्यवसायमैत्री बनाउने
  - करको जोखिम व्यवस्थापन गर्न कर प्रशासनको सबलीकरण गर्ने ।
  - सबै किसिमका करसम्बन्धी विवरणहरु विद्युतीय प्रणालीमार्फत पेश गर्ने व्यवस्था मिलाउने ।
  - संघ, प्रदेश र स्थानीय तहको नमूना कर कानुनको ढाँचा विकास गरी प्रयोगमा ल्याउने ।
  - राजस्व चुहावटका जोखिम क्षेत्रहरूको पहिचान गर्ने
  - राजस्व चुहावट नियन्त्रणमा साझा प्रयास परिचालन गर्ने ।
  - कर प्रणालीको सरलीकरण र पारदर्शिताको लागि सूचना प्रविधिको विकास र विस्तार गर्ने ।
  - राजस्व संकलनमा विद्युतीय भुक्तानी प्रणालीको व्यवस्था गर्ने ।
  - राजस्व प्रशासन अन्तर्गतका निकायहरू बीच विद्युतीय सूचना प्रणालीहरु बीच अन्तर आबद्धता विकास गर्ने ।
  - संघ, प्रदेश र स्थानीय तहबीच राजस्व प्रशासन लाई विद्युतीय सूचना प्रणालीमा रूपान्तरण गर्ने र अन्तर आबद्धता विकास गर्ने ।
  - राजस्व चुहावट नियन्त्रणका लागि साझा प्रयास परिचालन गर्ने ।

**वित्तीय अनुशासन**

सबै प्रकारका वित्तीय गतिविधिहरूको समग्र व्यवस्थापन नै सार्वजनिक वित्तीय व्यवस्थापन हो यसमा सरकारका आर्थिक गतिविधिहरूमा स्रोतको प्राप्ति, स्रोतको वितरण, उपयोग र त्यसको परीक्षण आदि पक्षहरू रहेका हुन्छन् । यी सबै पक्षको समुचित व्यवस्थापनले एकातर्फ साधन स्रोतको विवेकपूर्ण उपयोगको सुनिश्चितता गर्दछ भने अर्कोतर्फ उत्तरदायित्व, पारदर्शिता, समग्र वित्तीय अनुशासन जस्ता पक्षहरूको उपस्थितिले सुशासन अभिवृद्धिमा थप उर्जा प्रदान गर्दछ । प्रजातान्त्रिक शासन प्रणालीमा सार्वजनिक वित्त व्यवस्थापनका सबै पक्षहरूको व्यवस्थापन पारदर्शी हुनु आवश्यक छ । यसर्थ सार्वजनिक स्रोतको प्राप्ति देखि लिएर परिचालनका समग्र पक्षको प्रतिफल प्राप्त गर्ने किसिमबाट व्यवस्थापन गरिनु पर्दछ । व्यवस्थित तथा प्रभावकारी सार्वजनिक वित्त प्रणालीले सरकारको स्रोत प्राप्ति, परिचालन र विवेकपूर्ण उपयोगमा सहयोग पुऱ्याउँदछ, सरकारका प्रथामिकता प्राप्त तथा रणनीतिक महत्वका क्षेत्रहरूमा साधनको परिचालनमा सहयोग पुऱ्याउँदछ, उपलब्ध स्रोत साधनको विवेकपूर्ण वितरण र प्रयोगमा सहयोग पुऱ्याउँदछ, समग्र वित्तीय अनुशासन कायम गर्नमा सहयोग पुऱ्याउँदछ र साधन स्रोतको वितरण क्षमता र खर्च गर्ने क्षमतामा प्रभावकारिता ल्याउछ । स्रोतको प्राप्ति, स्रोतको वितरण, उपयोग, परीक्षण , पारदर्शिता उत्तरदायित्व, समग्र वित्तीय अनुशासन जस्ता पक्षहरूको उपस्थितिले सुशासन अभिवृद्धिमा थप उर्जा प्रदान गर्दछ । वित्तीय संघीयताले पनि यसै मूल आदर्शलाई वोकेको हुन्छ । प्रभावकारी वित्तीय व्यवस्थापनले साधन स्रोतको विवेकपूर्ण उपयोगको सुनिश्चितता को साथसाथै उत्तरदायित्व र पारदर्शितामार्फत संघीय शासन प्रणालीलाई मजवुत बनाउनमा सहयोग गर्दछ ।

स्वअनुशासनद्वारा वित्तीय अनुशासन कायम गर्ने मान्यता सार्वजनिक वित्तीय व्यवस्थापनको मूल आदर्श हो । यसका लागि आवश्यक आन्तरिक र वाह्य नियन्त्रण प्रणालीको व्यवस्था गरिनु पर्दछ । यसमा सबै तहका सरकारहरूले नेपाल सरकारको आर्थिक र वित्तीय नीति

अनुशरण गर्नुपर्ने, आफ्नो सबै आय सम्बन्धित संचित कोषमा दाखिला गर्नुपर्ने, खर्च गर्नुपर्ने रकम बजेटमा व्यवस्था हुनुपर्ने सम्बन्धित व्यवस्थापिकाबाट बजेट स्वीकृत भएपछि मात्र खर्च गर्नुपर्ने, जुन प्रयोजको लागि अनुदान प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्नुपर्ने, पूजीगत खर्चमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर गर्न नपाइने, वित्तीय व्यवस्थापन सम्बन्धी काम कारवाही प्रचलित कानुन बमोजिम पारदर्शी रूपमा गर्नुपर्ने, आय विवरणको लेखा परीक्षण गरी पन्ध्र दिनभित्र विवरण सार्वजनिक गरिनु पर्ने, बजेट कार्यन्वयनको वार्षिक समीक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक वर्षको कार्तिक मसान्त भित्र सार्वजनिक गरिनुपर्ने, उपलब्ध साधन स्रोतको वितरण र खर्च गर्ने सामर्थ्यतामा सन्तुलन कायम गर्नुपर्ने, प्रभावकारी आन्तरिक नियन्त्रण र पारदर्शितामा वृद्धि गर्ने प्रणालीको विकास गरिनु पर्ने, संचित कोषको यथार्थ अवस्थाको सामयिक पारदर्शिता वृद्धि गर्नुपर्ने, मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने विषयहरू पर्दछन् ।

त्यस्तै गरी आम्दानी र खर्चको व्यवस्थित अभिलेख प्रणाली तयार गर्ने र प्रयोग गर्ने, बजेट स्वीकृति मात्र पश्चात खर्च गर्ने प्रणालीको विकास गर्ने, खर्च गर्दा सम्बन्धित आर्थिक प्रशासन सम्बन्धी कानुन, सार्वजनिक खरिद सम्बन्धी कानुन बमोजिमको प्रक्रिया पूरा गरेर मात्र खर्च वा खरिद गर्ने, खर्चको व्यावसायिक योजना, खरिद योजना बनाउने अनावश्यक खर्च नियन्त्रणका लागि आवश्यक निर्देशिकाहरू बनाउने, प्रत्येक चार चार महिनामा आन्तरिक लेखा परीक्षण गर्ने र आन्तरिक लेखा परीक्षणले देखाएका त्रुटीहरूमा सुधार गर्ने, वार्षिक रूपमा प्रत्येक तहले आ आफ्नो आर्थिक विवरणहरूको प्रतिवेदन तयार गर्ने र पेश गर्ने,अन्तिम लेखा परीक्षण गर्ने, बेरूजु फर्छ्यौट गर्ने जस्ता विषयहरू वित्तीय अनुशासन कायम गर्ने संयन्त्रहरू हुन् । वित्तीय व्यवस्थापनको यो अनुशासनले वित्तीय साधन स्रोतको परिचालन, उपभोग र परिणाम प्राप्तिमा सहयोग गर्नुको साथसाथै सरकारको प्रभावकारिता र विश्वसनीयतामा वृद्धि गराउँदछ । ●●

*(लेखक अर्थ मन्त्रालयका सहसचिव तथा नेपाल सरकारका प्रशासन र संघीयताका विश्लेषक हुनुहुन्छ ।)*

**सन्दर्भ सामग्री**

- रेग्मी, दामोदर (२०७५), संघीय शासन प्रणाली, सुशासन र विकास, ऐश्वर्य प्रकाशन नयाँ बानेश्वर काठमाण्डौ
- रेग्मी, दामोदर (२०७५), नेपालमा संघीयताका अवसर र चुनौतीहरू, ऐश्वर्य प्रकाशन नयाँ बानेश्वर काठमाडौं
- रेग्मी, दामोदर (२०७५), वित्तीय संघीयतामा स्वअनुशासनसहितको वित्तीय व्यवस्थापन http://www.prasashan.com/2018/11/14/89550/
- रेग्मी, दामोदर (२०७५), संघीय संरचनामा राजस्व व्यवस्थापनमा नवीनतम प्रयोग, http://www.prasashan.com/2018/07/04/73574/
- रेग्मी, दामोदर (२०७५),वित्तीय संघीयताका सफलताका औजारहरू, http://www.prasashan.com/2018/06/13/71180/
- नेपालको संविधान २०७२, कानुन किताब व्यवस्था समिति
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, कानुन किताब व्यवस्था समिति
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४, कानुन किताब व्यवस्था समिति
- The Dilemma of Fiscal Federalism: Grants and Fiscal Performance around the World Jonathan Rodden Assistant Professor Department of Political Science MIT E53-433 77 Massachusetts Avenue Cambridge, MA 02139
- Fiscal Discipline In The Federal System: National Reform And The Experience Of The States Advisory Commission on Intergovernmental Relations 1111-20th Street, NW Washington, DC 20575
- INTERGOVERNMENTAL FISCAL RELATIONS AND THE SOFT BUDGET CONSTRAINT PROBLEM1 By Marianne Vigneault Department of Economics Bishop's University

# नेपालका वाणिज्य बैंकहरूमा कर्मचारी व्यवस्थापन : एक वहस

■ गुरुप्रसाद पौडेल

**बहसको विषय :**

१. संगठन सञ्चालनका लागि विभिन्न स्रोत आवश्यक पर्दछ । नभै नहुने स्रोतको रूपमा जनशक्ति/मानव संसाधनलाई लिइन्छ । त्यसैले संगठनमा कस्तो जनशक्ति कति मात्रामा र कसरी व्यवस्थापन गर्ने भन्ने विषयमा प्रशस्त वहस गर्न सकिएला तर यसको अपरिहार्यता निशर्त छ ।

२. बैंकहरूको वासलातमा विभिन्न वित्तीय सम्पत्तिहरूको उल्लेख भएको हुन्छ । तर बैंकको प्रमुख सम्पत्ति मध्येको मानवीय सम्पत्तिलाई त्यसमा समावेश गरिएको हुँदैन । त्यसैले भनिन्छ बैंकको वासलातले संगठनको कुल सम्पत्तिको सही तस्बीर दिएको हुँदैन ।

२. परिवर्तित सन्दर्भमा संगठनका रणनैतिक उद्देश्यहरू परिवर्तित हुन्छन् । त्यस्ता रणनैतिक उद्देश्यहरू प्राप्तिका लागि संगठनमा कर्मचारी व्यवस्थापन पनि सोही अनुरूप नै समायोजन गरिनु पर्दछ । संगठनका उद्देश्य प्राप्तिमा त्यहाँ कार्यरत जनशक्तिको अपरिहार्यता अति आवश्यक हुन्छ ।

४. नेपालले सन् २०३० सम्म दिगो विकासका लक्ष्य प्राप्तिका लागि सन् २०१६ देखि औसतमा ७ प्रतिशतको आर्थिक वृद्धि गरी प्रतिव्यक्ति आय २५०० अमेरिकी डलर पुऱ्याउने पर्ने लक्ष्य लिएको छ । जसका लागि वार्षिक १८ खर्ब लगानी आवश्यक हुन्छ । त्यसमा निजी क्षेत्रको योगदान कम्तिमा पनि ५० प्रतिशत आवश्यक हुने र निजी क्षेत्रको ठूलो हिस्साको आपूर्ति बैंकिङ्ग क्षेत्रबाट हुने हुनाले पनि यस क्षेत्रको कर्मचारी व्यवस्थापन चुस्त र जुझारू हुन आवश्यक छ ।

**सन्दर्भ नेपालको बैंकिङ्ग क्षेत्र**

नेपालको औपचारिक बैंकिङ्ग वि.सं. १९९४ मा नेपाल बैंक स्थापना भएपछि मात्र भएको हो । आजभन्दा करिब ८० वर्ष अगाडि नै पब्लिक र प्राइभेट मोडालिटीमा नेपाल बैंक स्थापना भएर नेपालले सुन्दर बैंकिङ्ग इतिहास रचेको थियो । त्यसपछि करिव ५० वर्षसम्म हाम्रो बैंकिङ्ग सरकारी नियन्त्रणमै रह्यो । सरकारी नियन्त्रणको बेलामा गुणात्मक बैंकिङ्गभन्दा पनि वित्तीय पहुँचलाई मात्र प्राथमिकतामा राखियो । अधिकांश जनता कृषिमा आश्रित र गरिवीको आयतन ज्यादै बढी भएकोले निक्षेप परिचालनमा सरकारी बैंकहरूको ज्यादै जोड थिएन भने ठूला कर्जातर्फ पहुँचवालाकै बोलवाला थियो । तथापि सरकारले बेलाबेलामा कृषि तथा प्राथमिक क्षेत्रका कर्जाहरू कार्यान्वयनमा नल्याएको भने होइन । त्यतिबेला (वि.सं. १९९४ देखि वि.सं. २०४०) को नेपालको बैंकिङ्ग क्षेत्रमा रोजगारीको उल्लेख्य उपलब्धता पनि थिएन । बैंक तथा वित्तीय संस्थाको संख्यात्मक उपस्थिति नै ज्यादै थोरै भएकाले रोजगारी पनि कम हुने नै भयो । जव नेपाल सरकारले अर्थतन्त्रमा खुलापन र वित्तीय क्षेत्रमा उदारीकरणको नीति अंगाल्न पुग्यो त्यसपछि संयुक्त लगानीमा बैंकहरू खुल्न पुगे । वित्तीय प्रणालीमा संयुक्त लगानीका बैंकहरूको उपस्थितिसँगै वैदेशिक पुँजी मात्र भित्रिएन त्यसले वैदेशिक प्रविधि र मानव संसाधन समेत भित्र्यायो । वि.सं.

**करिव ५० वर्षसम्म हाम्रो बैंकिङ्ग सरकारी नियन्त्रणमै रह्यो । सरकारी नियन्त्रणको बेलामा गुणात्मक बैंकिङ्गभन्दा पनि वित्तीय पहुँचलाई मात्र प्राथमिकतामा राखियो ।**

२०४१ सालमा संयुक्त पुँजी लगानीमा वाणिज्य बैंकहरूको स्थापनासँगै बैकिङ्ग क्षेत्रमा थप रोजगारीका अवसरहरू सृजना हुन पुगे ।

समग्रमा नेपालका वाणिज्य बैंकहरूमा कर्मचारीको उपस्थिति यस्तो रहेको छ :

| | | | |
|---|---|---|---|
| २००४/०५ | १०४२२ | ३६५४ | १४०७६ |
| २००९/१० | ९२६३ | ९००५ | १८२६८ |
| २०१४/१५ | ७८६५ | १४६०० | २२४६५ |
| २०१५/१६ | ७३७५ | १७१२१ | २४४९६ |
| २०१६/१७ | ६८६६ | २१०४२ | २७९०८ |




*स्रोत : नेपाल राष्ट्र बैंक, बैंक सुपरीवेक्षण विभाग ।*

नेपालका वाणिज्य बैंकहरूमा उपलब्ध रोजगारी अथवा कर्मचारीको संख्यालाई हेर्दा दुई विषयहरू प्रधानतासाथ देखा पर्दछन् । सरकारीस्तरका तीनवटा वाणिज्य बैंकमा कर्मचारी संख्या क्रमशः घट्दै गइरहेको र अन्य वाणिज्य बैंकमा क्रमशः बढ्दै गइरहेको देखिन्छ । यही स्थितिलाई मनन गर्ने हो भने अब एक दुई वर्षमा सरकारी बैंकमा करिव सातहजार (करिव २५ प्रतिशत) र अन्य वाणिज्य बैंकहरूमा तीसहजारको हाराहारीमा कर्मचारी रहने देखिन्छ । नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकले मुलुकका सबै स्थानीय तहमा कम्तिमा एउटा वाणिज्य बैंकको शाखा पुर्‍याउने रणनीति लिएको र सोही व्यवस्थालाई मनन गरी वाणिज्य बैंकहरूले समेत आफ्नो व्यवसाय ग्रामीण क्षेत्रतर्फ पनि ध्यान दिएको पाइएकाले यी बैंकहरूमा कर्मचारी संख्या अरू थपिने देखिन्छ । यसका अलवा वाणिज्य बैंकहरूले आफ्ना सेवाहरू विविधिकरण गरेकाले समेत यी बैंकहरूमा अरू थप जनशक्ति भित्रिने सम्भावना छ ।

**वाणिज्य बैंकहरूमा जनशक्ति व्यवस्थापनमा नीतिगत व्यवस्था :**

१. हुन त एउटा संगठनका लागि कस्तो जनशक्ति आफूलाई आवश्यक पर्ने हो र त्यो कसरी आपूर्ति गर्ने भन्ने विषय संस्था स्वयंले निर्धारण गर्ने विषय हो । तर सरकार तथा नियमनकारी निकायहरूले कर्मचारी व्यवस्थापन सम्बन्धमा नीति निर्देशन जारी नगर्ने हो भने भने मुनाफामुखी संस्थाहरूले नाफालाई सर्वोपरी मान्दा कर्मचारीका हकहितहरू कुण्ठित हुन सक्छन् । यही विषयलाई मध्यनजर गरी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ११३ ले बैंक तथा वित्तीय संस्थालाई राष्ट्र बैंकले तोकिदिएको शर्त, सीमा तथा मापदण्डको अधीनमा रही कर्मचारी विनियमावली तर्जुमा गरी लागु गर्नसक्ने व्यवस्था गरेको छ । यसरी बैंक तथा वित्तीय संस्थाको सञ्चालक समितिबाट तयार पारिएको कर्मचारी विनियमावली नेपाल राष्ट्र बैंकको स्वीकृति लिई लागु गर्नु पर्ने व्यवस्था रही आएको छ । यही विषयलाई मनन गरी नेपाल राष्ट्र बैंकले वाणिज्य बैंक तथा वित्तीय संस्थाका कर्मचारीको व्यवस्थापन सहज होस र सबै संस्थाहरूमा कर्मचारी व्यवस्थापनका सैद्धान्तिक विषयहरू समान होउन भनी नमूना कर्मचारी सेवा विनियमावली आफ्नो वेवसाइटमा राखेको छ । बैंक तथा वित्तीय संस्थाहरूले आफ्ना कर्मचारीको व्यवस्थापनका लागि विनियमावली तयार गर्दा यही नमूना विनियमावलीलाई आधार मान्ने व्यवस्था रहीआएको छ । नमूना कर्मचारी विनियमावलीमा विशेष गरी कर्मचारीको छनौट, नियुक्ति, बढुवा, सरूवा, बर्खास्ती, तलब, भत्ता, उपदान, निवृत्तभरण, विदा, आचरण, अनुशासन तथा सेवाका शर्तहरू उल्लेख गरिएको छ ।

२. बैंक तथा वित्तीय संस्थाका कर्मचारी व्यवस्थापनका लागि उक्त नमूना विनियमावली मात्र सबैथोक होइन । नमूना विनियमावली जारी भैसकेपछि श्रमिक तथा कामदारहरूका सेवा सुविधा सम्बन्धमा प्रभाव गर्ने गरी केही नयाँ ऐन तथा प्रावधानहरू कार्यान्वयनमा आएकाले ती प्रावधानरू समेत समेटिनु जरूरी छ । श्रमिकहरूका हकहित तथा सेवा सुविधाको व्यवस्था गर्न एवं असल श्रम सम्बन्धको विकास गरी उत्पादकत्व वृद्धि गर्न नेपाल सरकारले वि.सं. २०७४ भदौदेखि नयाँ श्रम ऐन लागु गरेको छ । ऐनले "श्रमिक" भन्नाले पारिश्रमिक लिई रोजगारदाताको लागि शारीरिक वा बौद्धिक कार्य गर्ने कामदार वा

कर्मचारी वा जुनसुकै पदनाम दिई काममा लगाइएको व्यक्ति सम्झनु पर्छ भन्ने व्यवस्था गरेकाले बैंक तथा वित्तीय संस्थामा काम गर्ने कर्मचारीलाई समेत यो परिभाषाले समेटेको देखिन्छ । ऐनमा कामदार कर्मचारीका लागि रोजगारदाताले सञ्चयकोष, उपदान तथा बिमा सम्बन्धी स्पष्ट व्यवस्था गरेको छ । बीस वा सोभन्दा बढी कामदार रहेको संगठनले श्रमिकको समेत प्रतिनिधित्व हुने गरी सुरक्षा तथा स्वास्थ्य समिति गठन गर्नुपर्ने व्यवस्था गरेको छ । यो बाहेक ऐनले व्यवसायजन्य सुरक्षा र स्वास्थ्यका सम्बन्धमा रोजगारदाताको श्रमिकप्रति विभिन्न कर्तव्यहरूको व्यवस्था समेत गरेको छ ।

समग्रमा वाणिज्य बैंकका कर्मचारीहरूका लागि बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनमा भएका प्रावधानहरू, नेपाल राष्ट्र बैंकबाट स्वीकृत कर्मचारी विनियमावली, श्रम ऐन, बोनस ऐन, ट्रेड युनियन सम्बन्धी ऐन लगायतका प्रचलित ऐन तथा नियमहरू लागु हुन्छन् । यसका साथै नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थाहरूका लागि जारी एकीकृत निर्देशन नम्बर ६ को संस्थागत सुशासन सम्बन्धी व्यवस्थाहरूका सम्बन्धमा समेत वाणिज्य बैंकका कर्मचारीहरूले विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

**वाणिज्य बैंकमा कर्मचारी व्यवस्थापनका अभ्यासहरू :**

वाणिज्य बैंकमा मात्र हैन, नेपालका अधिकांश संगठित संस्थानमा कर्मचारी व्यवस्थापनलाई त्यति महत्वका साथ हेरिँदैन । कर्मचारी व्यवस्थापनको जिम्मा कर्मचारी प्रशासन/जनशक्ति व्यवस्थापन विभागलाई दिइए पनि त्यस्ता विभागमा जनशक्ति व्यवस्थापन विज्ञ कर्मचारीको व्यवस्था गरिएको पाइँदैन । कर्मचारीको सरूवा वा बढुवा गर्दा जुनसुकै विभागमा स्थानान्तरण गर्ने प्रचलन छ । HR Officer कै रूपमा सोही क्षेत्रका जानकारलाई भर्ना गरी सोही विभागको जिम्मा लगाउने परम्परा ज्यादै नगण्यमात्रामा देखिन्छ । न त Line Manager ले सिफारिस गरेको कर्मचारीको योग्यता तथा सिपको आधारमा कर्मचारी भर्ना तथा छनौट नै गरिन्छ, नत Line Manager को सिफारिसमा तालिम प्रदान गरिन्छ । कार्यसम्पादन मूल्यांकन नाममात्रको हुने गरेको पाइन्छ । तथापि वार्षिक रूपमा कर्मचारीहरूको बढुवा भइरहेकै हुन्छ । यी यस्ता अभ्यासहरूका बाबजुद नेपालका वाणिज्य बैंकहरूमा कर्मचारी व्यवस्थापनका क्षेत्रमा देहाय बमोजिमका केही राम्रा अभ्यासहरू पनि सुरूवात भइरहेका छन् :

१. नेपालको वैंकिंग उद्योग तुलनात्मक रूपमा पारदर्शी, कर्मचारीका लागि उच्च सेवा सुविधा उपलब्ध गराउने निकायको रूपमा मानिन्छ त्यसैले हजारौं युवाहरूको आकर्षण बैंकिङ्ग क्षेत्र हुने गरेको छ । यही विषयलाई मनन गरी विश्वविद्यालयहरूले बैंकिङ्ग उद्योगलाई सामन्जस्य हुने गरी पाठ्यक्रमहरूको डिजाइन गरेका छन् । निश्चित रूपमा यसले बैंकिङ्ग क्षेत्रप्रति आकर्षण र क्षमतावान युवाहरूलाई यस क्षेत्रप्रति आपूर्ति गर्न सघाउँछ ।
२. अहिले नेपालको श्रमबजारमा वर्षेनी लाखौं शिक्षित युवाहरू थपिने गर्दछन् । बैंक तथा वित्तीय संस्थाहरूले अनलाइन निवेदन माग गरी हजारौं निवेदकहरूबाट Short listing गर्ने परम्पराको शुरूवात भएको छ । कर्मचारी माग गर्दा नै शुरूमा निश्चित शर्तहरू तोकेर विज्ञापन गर्ने र उत्कृष्टहरूलाई Short listing गर्ने परम्पराले बैंकिङ्ग क्षेत्रप्रति पारदर्शिता बढेको पाइएको छ ।
३. कर्मचारी भर्ना तथा छनौटका लागि व्यावसायिक छनौट कम्पनीहरूलाई परीक्षा सञ्चालन गर्न लगाएर कर्मचारी व्यवस्थापनमा व्यावसायिकता अंगाल्दै गएको पाइन्छ ।
४. बैंकिङ्ग क्षेत्रका कर्मचारीहरूका लागि उचित तालिम तथा विकासको व्यवस्था गर्न नेपाल राष्ट्र बैंकले अनिवार्य रूपमा निश्चित बजेट व्यवस्था गर्न निर्देशन दिएका कारण धेरै कर्मचारीले तालिम प्राप्त गर्न सफल भएका छन् ।
५. नेपाल राष्ट्र बैंक समेतको सहभागितामा तालिम प्रदायक संस्थाको स्थापना गरेर बैंकिङ्ग कर्मचारीलाई अन्तर्राष्ट्रियस्तरका तालिम दिने व्यवस्थाको शुरूवात भएको छ ।
६. नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाका कर्मचारीहरूको व्यवस्थापनका समग्र पक्षलाई समावेश गरी नमूना कर्मचारी विनियमावलीको व्यवस्था गरी यो क्षेत्रको कर्मचारी व्यवस्थापनमा एकरूपता ल्याउने प्रयास गरेको छ । जसअनुसार समग्र सांगठानिक संरचना तथा पूर्ति गरिने पदको संख्या निर्धारण सञ्चालक समितिले स्वीकृत गरे बमोजिम हुने व्यवस्था गरेको छ । परीक्षा प्रणाली तथा छनौट प्रक्रियामा निश्चित आधारहरू लिई गैर कार्यकारी संचालकको संयोजकत्वमा कम्तिमा तीनदेखि बढीमा पाँचजना सदस्यहरू रहने कर्मचारी सेवा सुविधा समिति गठन गर्न सक्ने व्यवस्था गरेको छ । पदपूर्ति गरिने कार्यलाई पारदर्शी बनाउन नायव कार्यकारी

प्रमुखको संयोजकत्वमा पदपूर्ति समिति गठन गरी सोही समितिले निश्चित मापदण्डको आधारमा पदपूर्ति गरिने व्यवस्था गरेको छ । यसका अलावा कर्मचारीको सेवाको सुरक्षा लगायतका विषयहरू उक्त नमूना विनियमावलीमा व्यवस्था भएको छ ।

७. रोजगारदाता तथा कामदार कर्मचारीबीचको सम्बन्धलाई सुमधुर बनाउन नेपाल सरकारले हालसालै नयाँ श्रम ऐनको व्यवस्था गरेको छ जसका कारण कर्मचारीका सेवा सुविधा तथा सुरक्षा सम्बन्धी विषयहरू सम्बोधन हुने अपेक्षा गर्न सकिन्छ ।

८. प्रमुख कार्यकारी अधिकृत तथा अन्य कर्मचारीहरूको बीचको तलव भत्तामा ज्यादै असमनता भएको विषयलाई सम्बोधन गर्न व्यवस्थापनका प्रमुख पदाधिकारीहरूको तलवभत्ताका सम्बन्धमा निश्चित मापदण्ड सहितको निर्देशिका जारी भएको छ ।

९. नेपाल सरकारको लगानी रहेका सरकारी वाणिज्य बैंकहरूमा कर्मचारीका सेवा सुविधा जस्ता विषयहरू लोकसेवा आयोगको सिफारिसमा कर्मचारी सेवा विनियमावली तर्जुमा गरी आयोगकै सिफारिसमा पदपूर्ति गरिने व्यवस्था गरेको छ ।

**कर्मचारी व्यवस्थापनमा आगामी चुनौती** :

१. मुलक संघीय संरचनामा आबद्ध भई तीन तहका सरकारहरूको निर्माण भैसकेको छ । यस्तो बेलामा सरकारले जुनसुकै बेला नेपालको बैंकिङ्ग प्रणालीमा संरचनागत परिवर्तन गर्न सक्छ । त्यो सम्भावित परिवर्तनलाई आत्मसात गरी समायोजन गर्न सक्ने क्षमता बैंकिङ्ग क्षेत्रमा हुनु जरूरी छ ।

२. विश्व गतिशील छ । गतिशीलतालाई अवलम्बन गर्न सकिएन भने हाम्रो सान्दर्भिकता समाप्त हुन सक्छ भन्ने यथार्थलाई मनन गरी अन्तराष्ट्रिस्तरमा बैंकिङ्ग क्षेत्रमा अवलम्बन गरिने नयाँ नयाँ पद्धति एवं वित्तीय उपकरणहरूको प्रयोग र विकास गर्न सक्षम हुन जरूरी छ ।

३. पूर्वाधार विकासका लागि ठूलो पुँजीआधार सहितका विकास बैंकहरू खुलिनसकेको अवस्थामा नेपाल सरकारले आर्थिक विकासका लागि भरपर्दो वित्तीय लगानीको स्रोतको रूपमा वाणिज्य बैंकलाई लिने गरेको छ । दिगो विकास लक्ष्यहरूको अवधि (२०१६-२०३०) मा वर्षेनी गर्नुपर्ने लगानीको प्रारम्भिक अनुमानअनुसार कुल गार्हस्थ्य उत्पादनको ४२ देखि ५४ प्रतिशतसम्म लगानी गर्नुपर्दा वाणिज्य बैंकहरूले कर्मचारी व्यवस्थापनमा खेलाची गर्नु हुँदैन ।

४. अमौद्रिकृत अर्थतन्त्र क्रमशः मौद्रिकृत हुँदै गइरहेको र वित्तीय समावेशीकरणले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमै प्राथमिकता पाइरहेको अवस्थामा वाणिज्य बैंकहरूले आफ्नो कार्यदायरा फराकिलो बनाउँदा बैंकहरूबीच नै तीव्र प्रतिस्पर्धा हुने र कर्मचारीको टर्नओभर बढ्न जान्छ । अतः कर्मचारीलाई उचित तालिम, सेवा सुविधा तथा उपयुक्त रिटेन्सन नीति अवलम्बन गर्न जरूरी देखिन्छ ।

**निष्कर्षः**

नेपालको कुल गार्हस्थ उत्पादनको करिव १२० प्रतिशत वाणिज्य बैंकहरूको कुल सम्पतिको आकार रहेको छ । यति ठूलो आकारको सम्पत्ति व्यवस्थापन गर्ने कार्यमा खटिने वाणिज्य बैंकहरूका कर्मचारीको व्यवस्थापन गहन तवरले गरिनु पर्दछ । नेपाल सरकारले समेत नेपालका वाणिज्य बैंकबाट पूर्वाधार लगायतका क्षेत्रमा लगानीका भरपर्दो स्रोत सुनिश्चितताका लागि ठूलो अपेक्षा गरेको हुनाले वाणिज्य बैंकका कर्मचारीहरूको व्यवस्थापन सुदृढ र मजवुत हुन जरूरी देखिन्छ । ●●

*(लेखक नेपाल राष्ट्र बैंकका निर्देशक हुनुहुन्छ ।)*

# नेपालको बैंकिङ्ग क्षेत्रको जोखिम न्यूनीकरणमा वासेल-३ को सान्दर्भिकता

■ राजनविक्रम थापा

**विषय प्रवेश**

बैंक तथा वित्तीय संस्थामा निहित सम्भावित जोखिमका कारण संस्थाले ठूलो नोक्सानी समेत व्यहोनुपर्ने हुनसक्छ र सोही कारणबाट संस्था टाट उल्टिएमा सर्वसाधारणको निक्षेप समेत फिर्ता नहुने खतरा रहन्छ । साथै, कुनै एउटा संस्था धराशायी हुँदा त्यसले समग्र वित्तीय प्रणालीमा नै नकारात्मक धक्का पु-याई प्रणालीप्रतिको विश्वास गुम्दा समग्र अर्थतन्त्रले नै क्षति व्यहोर्नुपर्ने अवस्था आउन सक्छ ।

अतः बैंक तथा वित्तीय संस्थाहरूको नियमन तथा सुपरीवेक्षकीय निकायको हैसियतले नेपाल राष्ट्र बैंकले ती संस्थाहरूको प्रभावकारी नियमन तथा सुदृढ सुपरीवेक्षणको लागि वासेल कमिटीद्वारा तयार गरिएको २५ बुँदे (हाल यसमा ४ वटा थप गरी २९ पु-याइएको) सिद्धान्तहरूलाई अपनाउँदै आएको छ । उक्त कमिटीले सन् १९८८ देखि नै कार्यान्वयनमा ल्याएको पुँजीकोष मापन विधि-(वासेल १) लाई नेपालले पनि अनुसरण गर्दै आएको छ । वासेल-१ मा भएका विभिन्न कमी कमजोरीहरू (जस्तै कर्जा जोखिमबाहेक अन्य जोखिलाई महत्व नदिनु, सबैलाई एकै रूपमा हर्नु अर्थात विकल्पहरू प्रदान नगरिनु) सुधार गरी परिमार्जन सहित वासेल-२ को प्रवर्तन भई अन्य विकसित मुलुकहरूले त्यसलाई परीक्षण गरी कार्यान्वयन समेत गरेपश्चात् नेपाल राष्ट्र बैंकले पनि वासेल-२ को मापदण्ड अनुसार पुँजीकोष संरचना तयार गरी कार्यान्वयनमा ल्याएको हो ।

बासेल वानले सम्पत्ति सिर्जनाका आधारमा कर्जा सम्बन्धी जोखिमलाई मात्र पुँजी मापनको आधार बनाएकोमा बैंकिङ्ग व्यवसायमा निहित बजार जोखिम तथा सञ्चालन जोखिमका लागि समेत पुँजीको आवश्यकता महसुस गरी सो समेत समावेश गरिएको, पिलार दुईबाट सुपरिवेक्षकीय पुनरावलोकन पद्धति (Supervisory Review Process) मार्फत सुपरिवेक्षकलाई अधिकार सहित उत्तरदायी बनाइएको, पिलार तीन बजार अनुशासन (Market Descipline) मार्फत सूचना सम्प्रेषण र सरोकारवालाहरूप्रति बढी संवेदनशील तुल्याइएको, देश, काल परिस्थिति अनुरूप समय सापेक्ष परिमार्जन र विकल्प प्रयोग गर्न सक्ने अवस्था रहेको लगायतका कारण वासेल वानको तुलनामा वासेल टू को संरचना मजबूत र संवेदनशील मानिएको थियो ।

बैंक तथा वित्तीय संस्थामा निहीत समग्र जोखिमका आधारमा पुँजी कोषको गणना गर्न प्रस्तुत गरिएको वासेल कमिटीको उक्त दस्तावेजमा भएका विकल्पहरू मध्ये सरल र नेपालको लागि उपयोगी विधिहरू : कर्जा जोखिमका लागि (Simplified Standerized) सञ्चालन जोखिमका लागि (Basic Indicatore) र बजार जोखिमका लागि (Net open Position) अवलम्बन गर्दै आ.व. २०६३।०६४ देखि वाणिज्य बैंकहरूका लागि र आ.व. ०६७।०६८ देखि नै राष्ट्रिय स्तरको विकास बैंकहरूमा समेत पुरानो व्यवस्थासँगै समानान्तर रूपमा लागू हुने गरी जारी गरिएको Capital Adequacy Framework, 2007 कार्यान्वयनमा ल्याइएको थियो ।

यसै परिप्रक्ष्यमा विद्यमान पुँजीकोष संरचनामा आधारित भई नियमनको पालना गर्दागर्दै पनि सन् २००८ मा विश्वका शक्तिशाली मुलुकहरूका बैंक तथा वित्तीय संस्थाहरूले ठूलै बज्रपातको सामना गर्नु पर्‍यो । जसका कारण सयौं वित्तीय संस्थाहरूको अस्तित्व सदाको लागि मेटियो ।

सोही विश्व्यापी वित्तीय संकटबाट पाठ सिक्दै वासेल कमिटीले प्रस्तुत गरेको विद्यमान पुँजीकोष संरचनामा पुँजीको वर्गीकरण, लिभरेज अनुपात तथा उच्च स्तरीय तरलता अनुपात लगायतका विषयहरू थप व्यवस्था गरी क्रमशः कार्यान्वयनको बाटोमा लागि रहेको बेला नेपाल राष्ट्र बैंकले पनि यी विषयको अध्ययन गरी आफ्नो निर्देशनमा समायोजन गर्ने सन्दर्भमा साविकको फमेवर्कमा केही परिमार्जन गरी Capital Adequacy Framework, 20015 वाणिज्य बैंकहरूलाई कार्यान्वयनमा ल्याएको छ भने राष्ट्रिय स्तरका विकास बैंकलाई पनि सो लागु गर्ने घोषण गरिएको छ ।

प्रस्तुत सन्दर्भमा वासेल-३ अन्तर्गत गरिएका थप प्रावधान र नेपालमा सोको कार्यान्वयनको आवश्यकता र सम्भावनाको बारेमा यस लेखमा संक्षिप्त चर्चा गर्ने जमर्को गरिएको छ ।

**वासेल-३ ले थप तथा परिमार्जन गरेका प्रमुख विषयहरू**

वासेल-२ को आधारभूत संरचनालाई नै वासेल-३ ले निरन्तरता दिएको छ । यसमा पनि तीन आधारभूत पिलारहरू (Three Pillar of Basel II) को आवधारणालाई कायमै राखिएको छ । सन् २००८ मा विकसिलत मुलुकहरूले बेहोर्नु परेको अनपेक्षित वित्तीय संकटका वखत वित्तीय क्षेत्रमा देखिएका कमी कमजोरीलाई सुधार गर्न तथा भविष्यमा त्यस्ता आर्थिक तथा वित्तीय संकटहरूलाई समाना गर्न पूर्वतयारीका लागि वासेल-३ को अवधारणा विकसित भएको हो । बैंकहरूले बेहोर्नुपर्ने जोखिम तथा जोखिम समायजित सम्पत्तिको आधारमा निश्चित मात्रामा पुँजीको व्यवस्था गर्नुपर्ने वासेल-२ का प्रावधानमा केही Macro-Prudential नियमनहरू थप गरी बैंकिङ्ग क्षेत्रलाई स्थायित्व प्रदान गर्ने अपेक्षा गरिएको छ । वासेल-३ मा गरिएका परिमार्जन तथा थप व्यवस्थालाई निम्न बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

**वासेल ३ का प्रमुख पक्षहरू**

**पुँजी पुनर्संरचना**

- पुँजीको गुणस्तर, नियमितता र पारदर्शिता
- सबै प्रकारका जोखिमलाई समेटने
- लिभरेज नियन्त्रण
- थप पुँजी (बफर)

**तरलता मापदण्ड**

- अल्पकालीन तरलता अनुपात (Liqudity Coverage ratio)
- दीर्घकालीन खुद स्थायी तरलता अनुपात
- Net stable funding ratio)
- तरलताको गुणस्तर निर्धारण

**प्रणालीगत जोखिम तथा अन्तर्सम्बन्ध**

- डेरिभेटिभ, अन्तरवित्तीय कारोवारका लागि अधिक पुँजी
- सुरक्षात्मक अवस्था तथा चक्र प्रतिरोधत्मक पुँजीको व्यवस्था
- (CapitalConservation and Countercyclical Buffer)
- प्रणालीगत जोखिम संस्थाको पहिचान र थप पुँजी

१. **पुँजीको गुणस्तरमा अभिवृद्धि** (Better Quality of Capital):

वासेल ३ को प्रमुख विशेषता भन्नु नै पुँजीको पूर्व परिभाषालाई अझै बढी स्पष्ट पारिनु तथा कडाइ गरिनु हो । बैंकको पुँजीको गुणस्तरमा अभिवृद्धि भन्नाले नोक्सानी बहन गर्नसक्ने क्षमतालाई उच्च बनाउनु भन्ने बुझिन्छ । जसले गर्दा भविष्यमा बैंकले अनेपक्षित रूपमा नोक्सानी बहन गर्नुपर्ने अवस्था सिर्जना भएमा वा कुनै पनि Stress बेहोर्नुपर्ने अवस्था आइलागेमा बैंकको नियमित क्रियाकलापमा नकारात्मक असर पर्न दिदैंन । नेपालको सन्दर्भमा चर्चा गर्दा वासेल

२ को मापदण्ड अनुरूपको पुँजीकोष व्यवस्था लागू हुनु अघि नै बैंकहरूलाई नियमनकारी पुँजी ११ प्रतिशत तोकिएको कारण समग्र प्रणालीबाट पुँजीगत क्षमता घटन नदिन वासेल २ ले निर्धारण गरेभन्दा दुई प्रतिशत बढी अर्थात १० प्रतिशत कायम गरिएको थियो भने चुक्ता पुँजी पनि केन्द्रीय बैंकले समय सापेक्ष वृद्धि गर्दै लगेको थियो । नेपालमा पनि साविकको पुँजीकोष सम्बन्धी व्यवस्थामा परिवर्तन गरी देहाय बमोजिम पुँजीकोष कायम गर्नु पर्ने व्यवस्था लागू गरिएको छ ।

| **Requirements** | **Required** |
|---|---|
| Minimum Common Equity Tire 1 Ratio To RWAs | 4.5 |
| Capital Conservation Buffers to RWAs | 2.50% |
| Minimum Common Equity Tier 1 Ratio plus Capital Conservation Buffer [(i)+(ii) | 7 |
| Minimum Tier I capital to RWAs | 6.00% |
| Minimum Total Capital Ratio plus Capital Conservation Buffer | 11% |
| Countercyclical Buffer | NA |
| Minimum Liquidity Coverage Ratio (Jan 2018 and 2019 | NA |

२. **सुरक्षात्मक अवस्थाका लागि थप पुँजी** (Capital Conservation Buffer):

बैंकहरूले अनकुल समयमा बढी मुनाफा गरी लाभांशको रूपमा शेयरधनीहरूलाई नगद वितरण गर्ने र प्रतिकूल समयमा पुँजीको अभाब भई वित्तीय संकट व्यहोर्न पर्ने अवस्थालाई दृष्टिगत गरी वासेल ३ मा Capital Conservation Buffer शीर्षकमा अधिकतम २.५ प्रतिशत पुँजीकोष थप गर्नु पर्ने प्रावधान राखिएको छ । नेपालमा यो व्यवस्थालाई बैंकहरूले कायम गरेको न्युनतम साधारण पुँजीकोष अर्थात Minimum Common Equity को अवस्थालाई हेरेर थप गर्नुपर्ने प्रावधान राखिएको छ । पाँच प्रतिशतदेखि सात प्रतिशतसम्म MCE कायम गरेका बैंकहरूले आफनो आम्दानीको निश्चित प्रतिशतको दरले यस्तो अनुपात कायम गर्नु पर्ने व्यवस्था गरिएको छ भने ७ प्रतिशतभन्दा बढी MCE कायम भएको अवस्थामा थप गर्नु नपर्ने व्यवस्था रहेको छ ।

३. **चक्र प्रतिरोधात्मक पुँजीको व्यवस्था** (Countercyclical Buffer)

वासेल-२ ले सबै अवस्थामा समान पुँजीकोषको परिकल्पना गरी जोखिमभारित सम्पत्तिको ८ प्रतिशत पुँजीकोष राख्नुपर्ने व्यवस्था गरेको थियो । तर व्यापारचक्र उच्च अवस्थामा रहेको बेला बैंक तथा वित्तीय संस्थाहरूले अधिक कर्जा प्रवाह गर्ने र त्यस्ता बेला प्रवाह गरिएका कर्जाको गुणस्तर समेत कमजोर हुन सक्ने भएकोले व्यापारचक्र प्रतिकूल अवस्थामा फर्कदा बैंकहरूको कारोवार घटने तथा अन्य जोखिमहरूको सामना गर्नुपर्ने हुन सक्छ । यस्तो अवस्थामा थप पुँजी आवश्यकता पर्ने आँकलन गरी वासेल-३ मा तनाव परिस्थिति Stress Situation को सामना गर्न थप Countercyclical Buffer को लागि थप २.५ प्रतिशत पुँजीकोष राख्नुपर्ने व्यवस्था गरिएको छ । यसको लागि पुँजी गणना गर्न अर्थतन्त्रमा एउटा अवधिमा भएको कर्जाको वृद्धिदर र कुल गार्हस्थ उत्पादन (Gross Domestic Product) बीचको अन्तरलाई आधार लिने प्रावधान गरिएको छ । यस्तो अन्तर ५ प्रतिशत बिन्दुदेखि ९ प्रतिशत बिन्दुसम्म रहँदा ०.५ प्रतिशत देखि अधिकतम २.५ प्रतिशतसम्म थप पुँजीकोष कायम गर्नुपर्ने प्रावधान रहेको छ । नेपालको सन्दर्भमा यो व्यवस्थाललाई लागू गर्न आवश्यक तथ्यांकको अभाव, संरचनागत अस्पष्टता लगायतका विभिन्न समस्याहरू रहेका कारण यस वापत थप पुँजी तोकिएको छैन ।

**४. न्यूनतम साधारण शेयर पुँजी तथा प्राथमिक पुँजीमा थपः** (Minimum Common Equity1and Tier 1 Capital Requirements):

वासेल १ र २ मा प्राथमिक पुँजीकोषमा समावेश हुने आइटमहरूलाई धेरै पृथक रूपमा हेरिएको थिएन । प्राथमिक पुँजीमा समावेश हुने रकमहरूमध्ये शेयरधनीको अधिकार स्थापित हुने शेयर पुँजी, साधारण जगेडा जस्ता रकमलाई उच्चस्तरीय पुँजीको रूपमा पहिचान गरी वासेल-२ मार्फत गरिएको कम्तीमा जोखिमभारित सम्पत्तिको दुई प्रतिशत कायम गर्नुपर्ने व्यवस्थालाई परिमार्जन गरी वासेल-३ मा क्रमशः ४.५ प्रतिशत पुऱ्याउनु पर्ने प्रावधान राखिएको छ । यसका अतिरिक्त प्राथमिक पुँजीलाई पनि ४ प्रतिशतबाट बढाएर ६ प्रतिशत गरिएको छ । सुरक्षात्मक अवस्था तथा चक्र प्रतिरोधात्मक पुँजीको व्यवस्था (Capital Conservation) समेतलाई समायोजन गरी कुल पुँजीकोष ११ प्रतिशत कायम गर्नुपर्ने व्यवस्था गरिएको छ ।

**४. लिभरेज अनुपातः** (Leverage Ratio):

सन् २००८ को वित्तीय संकटको बेलामा अधिकांश सम्पत्तिको मूल्यमा अपेक्षा गरिएको तुलनामा निकै द्रुतगतिमा गिरावट आयो । कतिपय अन्तर्राष्ट्रिय सक्रिय बैंकहरूको लिभरेज अनुपात ५० गुणाभन्दा बढी रहेका कारण संकट व्यवस्थापनमा कठिनाई देखियो । अतः जोखिमभारित सम्पत्तिको आधारमा मात्र पुँजीको व्यवस्था गर्दा बैंकहरू आर्थिक मन्दी तथा वित्तीय संकटको बेला झनै समस्यामा पर्ने स्थिति देखिएका कारण लिभरेज अनुपातलाई सुरक्षाकवच Safety Net को रूपमा प्रस्तुत गरिएको छ । जस अनुसार बैंकको प्राथमिक पुँजी र वासलातमा रहेको सम्पत्ति र गैर वासलातको कुल सम्पत्तिको अनुपात कम्तीमा ३ प्रतिशत रहनुपर्ने व्यवस्था गरिएको छ । जसबाट बैंकहरूले प्राथमिक पुँजीको बढिमा ३३ गुणासम्म मात्र सम्पत्ति सिर्जना गर्न सक्ने अवस्था रहन्छ । लिभरेज अनुपात गणना गर्ने सूत्र यस प्रकार छ । नेपालको सन्दर्भमा यस्तो अनुपात चार प्रतिशत कायम गरिएको छ ।

$$\text{Leverage ratio} = \frac{\text{Tier 1 Capital}}{\text{Assets+ Off B/S Items}}$$

**५. तरलता अनुपातः** (Liquidity Ratio):

वासेल-३ ले उच्च स्तरीय तरलता अनुपातको व्यवस्था गरेको छ । जसबाट प्रतिकूल समयमा बैंक तथा वित्तीय संस्थाहरूमा आईपर्ने अल्पकालीन दायित्व भुक्तानीको समस्यालाई तत्काल सम्बोधन गर्नु मद्दत पुग्ने देखिन्छ । उच्चस्तरीय तरल सम्पत्तिलाई तह १ र तह २ गरी दुई तहमा वर्गीकरण गरिएको छ । पहिलो तह अन्तर्गत बजार मूल्यको शतप्रतिशत रकम प्राप्त हुनसक्ने सम्पत्तिहरू समावेश हुन्छन् भने दोस्रो तहमा ८५ प्रतिशतसम्म रकम प्राप्त हुन सक्ने सम्पत्तिहरू पर्दछन् । तरलता अनुपातको सूत्र यस प्रकार छ ।

$$\text{LCR} = \frac{\text{Stock of high quality liquid assets}}{\text{Total net cash outflow over 30-day period}} >=100\%$$

यसरी गणना गरिएको अनुपात १०० प्रतिशतभन्दा बढी भएको बैंकलाई सवल बैंक मानिन्छ । नेपालको सन्दर्भमा अल्पकालीन तरलता अनुगमनको लागि प्रयोग गरिदै आएको विधिसँग नै मिल्दोजुल्दो रहेकोले त्यसकै अनुगमनमा निरन्तरता दिने सुझाव गरिएको छ भने दीर्घकालीन स्थायी तरलता अनुपात Net Stable Funding Ratio (NSFR) का लागि भने थप व्यपस्था गर्नु पर्ने देखिन्छ ।

1 This includes stock held by common shareholders, as well as a corporation's retained earnings and any contributions that exceed the stock's normal value, which is called additional paid-in capital.

**६. प्रणालीगत हिसाब महत्वपूर्ण वित्तीय संस्थाहरू** (Systemiccally Important Financial Intstitution) **सम्बन्धी व्यवस्थाः**

वासेल-२ को कार्यान्वयनको क्रममा बैंक तथा वित्तीय संस्थाहरूको Individual Risk लाई बढी मात्रामा ध्यान दिइएकोमा वासेलको पुँजीकोष व्यवस्थालाई सुदृढ बनाउनको लागि कुनै पनि वित्तीय प्रणालीमा विद्यमान बैंक तथा वित्तीय संस्थाहरूमध्ये समग्र प्रणालीमा नै असर पुऱ्याउन सक्ने बैंक वित्तीय संस्थाहरूको पहिचान गरी तिनीहरूलाई अझै बढी Buffer राख्न प्रोत्साहन गर्ने नीति वासेल-३ ले लिएको देखिन्छ । वासेल-२बाट ३ मा पुग्नका लागि परिवर्तन गरिएका एवम् थप गरिएको उल्लिखित विषयहरूलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| Requirements | Under Basel II | Under Basel III | In case of Nepal Purpose |
|---|---|---|---|
| Minimum Common Equity Tire 1 Ratio To RWAs | 2% | 4.50%to 7.00% | 4.5 |
| Capital Conservation Buffers to RWAs | None | 2.50% | 2.50% |
| Minimum Common Equity Tier 1 Ratio plus Capital Conservation Buffer [(i)+(ii) | None | | 7 |
| Minimum Tier I capital to RWAs | 4% | 6.00% | 6.00% |
| Minimum Total Capital Ratio | 2% | 8 | 8.5 |
| Minimum Total Capital Ratio plus Capital Conservation Buffer | | | 11% |
| Leverage Ratio | None | 3.00% | 4% |
| Countercyclical Buffer | None | 0% to 2.50% | |
| Minimum Liquidity Coverage Ratio (Jan 2018 and 2019 | None | 90% and /100% | NA |
| Minimum Net Stable Funding Ratio | None | more than 100% | NA |
| Systemically important Financial Institutions | | | |

**नेपालको सन्दर्भमा वासेल ३ को औचित्य एवम् सान्दर्भिकता**

वासेल कमिटीले यसअघि तयार गरेको पुँजीगत संरचनाहरूलाई पूर्णतः विस्थापित गरी नयाँ संरचना लागू गर्दै गएको होइन । साविकको संरचनामा देखिएका कमी कमजोरीलाई परिमार्जन गर्दै नयाँ संरचना विकास गर्दै लगेको हो । अतः वासेल १,२ र ३ मध्ये हामी कुन पद्धतिमा छौ भनेर अल्मलिनु भन्दा पनि बैंकिङ्ग क्षेत्रमा विद्यमान जोखिमहरूलाई हाम्रो संरचनाले कति मात्रामा समेटन सकेको छ भन्ने विषय प्रमुख हो । निश्चय नै हाम्रो जस्तो कमजोर अर्थतन्त्र भएको र बैंकिङ्ग क्षेत्रको इतिहास लामो नभैसकेको मुलुकमा बैंकिङ्ग क्षेत्रको जोखिमहरूमध्ये कर्जा जोखिमकै अंश बढी देखिइरहेको अवस्थामा वासेल १ ले गरेको प्रावधान हाम्रा लागि निष्प्रभावी छन् भनेर भन्न सकिन्न । सन् २००८ को विश्व्यापी वित्तीय संकटबाट पाठ सिकेर वासेल कमिटीले विद्यमान पुँजीकोष संरचनामा पुँजीको वर्गीकरण, लिभरेज अनुपात तथा उच्चस्तरीय तरलता अनुपात लगायतका विषयहरू थप व्यवस्था गरी क्रमशः कार्यान्वयनमा ल्याउन लागेको

वासेल-३ का प्रावधानहरू उपर नेपाल राष्ट्र बैंकले पनि तत्काल सम्बोधन गर्न पर्छ कि पर्दैन ? भन्ने कुरा बहसको विषय हुन सक्छ । तर विश्वव्यापी रूपमा बैंकिङ्ग क्षेत्रको लागि स्वीकार गरिएको उपयुक्त सिद्धान्त र व्यावहारिक पक्षमा केन्द्रीय बैंक अन्जान बस्न पनि मिल्दैन । त्यसका राम्रा र आवश्यक पक्षहरूलाई तत्काल लागू गर्ने र सम्भावित जोखिमको सामना गर्न सक्ने प्रणालीको विकासमा ध्यान केन्द्रित गर्नु नियमनकारी निकायको उत्तरदायित्व हो । यसै सन्दर्भमा नेपाल राष्ट्र बैंकले नेपालको बैंकिङ्ग क्षेत्रको जोखिम र पुँजीगत क्षमताको अध्ययन गरी सरोकारवालाहरूको सुझाव समेत लिएर मिति २०७०।८।२५ को परिपत्रमार्फत (A Study on Basel III and Nepalese Banking An Assessment of Capital Regulation in Nepal) सार्वजनिक गरेको थियो । सोही अध्ययन समेतको आधारमा नेपाल राष्ट्र बैंकले साविकको पुँजीकोष सम्बन्धी व्यवस्थालाई परिमार्जन गरी New Capital Adequacy Framework 2015 जारी गरी नेपालको बैंकिङ्ग क्षेत्रमा देहाय अनुसार कार्यान्वयन गरिएको छ ।

| क्र.सं | लक्षित पुंजीगत शीर्षक | कार्यान्वयन अवधि | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | हाल | २०७२ | २०७३ | २०७४ | २०७५ | २०७६ |
| १ | न्यूनतम शेयरधनी पुँजी प्रतिशतमा | | ४.०० | ४.५० | ४.५० | ४.५० | ४.५० |
| २ | पुँजीगत सुरक्षण वफर, प्रतिशतमा | १.०० | १.०० | १.२५ | १.५० | २.०० | २.५० |
| ३ | कुल (१ र २), प्रतिशतमा | ६.०० | ५.०० | ५.७५ | ६.०० | ६.५० | ७.०० |
| ४ | न्युनतम प्राथमिक पुँजीकोष, प्रतिशतमा | १०.०० | ६.०० | ६.५० | ७.०० | ७.०० | ६.०० |
| ५. | न्यूनतम कुल पुँजी, प्रतिशतमा | ११.०० | ११.०० | ११.२५ | ११.५० | १२.०० | ११.०० |
| ६. | चक्र प्रतिरोधत्मक पुँजीको व्यवस्था, प्रतिशतमा | | ०-२.५ | ०-२.५ | ०-२.५ | ०-२.५ | ०-२.५ |

*स्रोत : नेपाल राष्ट्र बैंक*

नेपालको बैंकिङ्ग प्रणालीमा क वर्गको वाणिज्य बैंकहरू र राष्ट्रिय स्तरका विकास बैंकहरूलाई वासेलको मापदण्ड अनुरूपको पुँजीगत संरचना लागू गरिएको भएतापनि विकास बैंकतर्फको पुँजीगत क्षमता, सूचना प्रणाली, जनशक्ति र कारोवारको दायरा आदि तुलनात्मक रूपमा कमजोर हुने भएकोले अझै स्पष्ट मार्गमा आउन सकेको देखिदैन । नेपालले वासेल २ को मापदण्डलाई अनुसरण गरी कार्यान्वयनमा ल्याएको पुँजीगत संरचनामा पहिले नै वासेल कमीटीले तोके भन्दा दुई प्रतिशत बढी पुँजीकोष तोकेको तथा नगद लाभांश वितरण गर्न थप एक प्रतिशत जगेडा पुँजी राख्नु पर्ने व्यवस्था गरिसकेको छ । हालै बैंक तथा वित्तीय संस्थाको चुक्ता पुँजीमा उल्लेख्य वृद्धि गरिसकिएको हुँदा बासेल ३ कार्यान्वयनबाट समग्र बैंक तथा वित्तीय संस्थाको पुँजीकोषको अवस्था कायम समस्याको विषय देखिँदैन । अर्कोतर्फ, वासेलको नयाँ व्यवस्थामा शेयरधनीको साधारण पुँजी र जोखिम सम्पत्तिको अनुपातमा साविकको दुई प्रतिशतले वृद्धि गरी ४.५ प्रतिशत कायम गरेको भएता पनि नेपालको सन्दर्भमा केन्द्रीय बैंकले इजाजतपत्र नीतिमा नै न्युनतम पुँजीको प्रावधान राखेका कारण सबै जसो बैंकहरूको यस्तो पुँजीकोषको अवस्था तोकेभन्दा बढी नै रहेको देखिन्छ । पुराना र उल्लेख्य आकार ग्रहण गरिसकेका केही नपुग देखिए पनि मुनाफाबाट वोनस जारी गर्ने हैसियतका कारण तोकिएको समयावधिमा सो दायराभित्र आउने देखिन्छ ।

पछिल्लो समयमा नेपालको बैंकिङ्ग क्षेत्रमा निकै कम समयको अन्तरालमा देखिने गरेको तरलता उतार चढाव र निक्षेप वृद्धिका तुलनामा कर्जाको वृद्धिमा देखिएको अत्यधिक अन्तरका कारण वित्तीय संकट आउन सक्नेतर्फ सरोकारवाला सबैको ध्यान पुग्नु जरूरी छ । लामो समयसम्म राजनैतिक स्थिरता कायम हुन नसकेको, स्थानीय निकाय निश्कृय

रहेको,विद्युत आपूर्तिमा अवरोध रहेको लगायतका अवस्थाबाट अर्थतन्त्र सकारात्मक परिवर्तनतर्फ मोडिएको देखिन्छ । यस्तो समयमा देशको कुल गार्हस्थ उत्पादनमा पनि तुलनात्मक रूपमा वृद्धि हुने र कर्जाको माग पनि बढने अवस्था सृजना भई बैंक तथा वित्तीय संस्थाको लगानीमा जोखिमको मात्रा बढ्न जाने अवस्था देखिएको छ । यस्तो अवस्थामा वासेल ३ ले व्यवस्था गरेबमोजिमको Capital Conservation Buffer and Counter Cyclical Buffer को सान्दर्भिकता बढ्ने देखिन्छ । नेपालको बैंकिङ्ग क्षेत्रमा हुने तरलता उतारचढाबको समस्यालाई पनि दीर्घकालीन रूपमा समाधान गर्न दीर्घकालीन स्थायी तरलता अनुपात Net Stable Funding Ratio (NSFR) को व्यवस्था लागू गर्दै जानु आवश्यक देखिन्छ ।

**निष्कर्ष**

स्वच्छ प्रतिस्पर्धाको माध्यमबाट जनतामा वित्तीय प्रणालीप्रतिको विश्वास कायम गराउनु तथा वित्तीय स्थायित्व कायम गर्नु नेपाल राष्ट्र बैंकको प्रमुख जिम्मेवारी हो । यो जिम्मेवारी बैंक तथा वित्तीय संस्थाहरूको प्रभावकारी नियमन तथा सुपरीवेक्षणबाट मात्र सम्भव हुन्छ । यसका लागि नेपाल राष्ट्र बैंकले सुपरिवेक्षकीय प्रभावकारिता वृद्धि गर्दै लैजाने वासेल कमिटीले प्रतिपादन गरेको अन्तर्राष्ट्रिय सुपरिवेक्षकीय पद्दती वासेल-२ तथा वासेल ३ का विभिन्न प्रावधानहरू कार्यान्वयनमा ल्याएको छ ।

वासेल कमिटीले तयार गरेको मूल संरचनामा भएका धेरै विकल्पहरू मध्ये सबैभन्दा सरल र नेपालको वित्तीय वातावरण सुहाउने संरचनामा तयार गरी नेपालका वाणिज्य बैंकहरूमा लागू समेत भैसकेको छ । विभिन्न फरक फरक क्षमता र विशेषता बोकेको नेपालका वाणिज्य बैंकहरूमा विद्यमान संरचनाको व्यवस्थाहरू समान र पूर्ण रूपमा पालना गराउनु केन्द्रीय बैंकको लागि निकै चुनौतीपूर्ण देखिए तापनि वासेल कमिटीले प्रस्तुत गरेको पुँजीकोष संरचना कार्यान्वनसँगै नेपालका बैंकहरू जोखिम व्यवस्थापनप्रति सजग र सचेत देखिनु र सूचना प्रणालीलाई विशेष महत्व दिनु निकै सकारात्मक पक्षको रूपमा लिन सकिन्छ । यसै परिप्रेक्ष्यमा सन् २००८ को विश्व्यापी वित्तीय संकटपछि वासेल कमिटीले कार्यान्वयनमा ल्याएको वासेल-३ का प्रावधानहरूलाई सुक्ष्म अध्ययन गरी त्यसका सैद्धान्तिक पक्षहरूलाई विस्तारै विद्यमान संरचनामा समायोजन जानु समग्र बैंकिङ्ग प्रणाली कै लागि लाभदायक हुन सक्छ । वासेल कमिटीले वासेल ३ मार्फत सुझाव गरेका कतिपय विषयलाई नेपाल राष्ट्र बैंकले पनि क्रमशः कार्यान्वयनमा ल्याउँदै गएको छ ।

वासेल तीनले परिकल्पना गरेको व्यवस्थाहरू मध्ये Macroprudential Regulation र समग्र वित्तीय प्रणालीलाई असर पार्न सक्ने बैंक तथा वित्तीय संस्थाहरू (SEFI) पहिचान गर्न संयन्त्र लागू गदै जानु आवश्यक देखिन्छ । नेपालमा विकसित मुलुकहरूको बैंकिङ्ग कारोवार, बजार, सञ्जाल, प्रविधि, परिमाण आदिलाई दृष्टिगत गरी परिमार्जन गरिएको पुँजीकोष व्यवस्थालाई हुबहु अनुशरण गर्नु नेपाल राष्ट्र बैंक र समग्र बैंकिङ्ग क्षेत्रलाई फलदायी नहुन सक्छ । नेपालको बैंकिङ्ग व्यवसाय परम्परागत कर्जा लगानीमा केन्द्रित रहेको, बजारयोग्य उपकरण र डेरिभेटिभ उपकरणको सहज उपलब्धता नभएको तथा अन्तर्राष्ट्रिय सञ्जालमा पनि तत्काल विस्तार हुन नसक्ने वास्तविकतालाई दृष्टिगत गर्दा पुँजीकोषको न्यूनताको समस्या हाललाई देखिदैंन । अतः वासेल कमिटीले सार्वजनिक गरेका सबै दस्तावेजहरूबाट नेपालको बैंकिङ्ग प्रणालीलाई उपयुक्त हुन सक्ने व्यवस्थालाई विश्लेषण गरी क्रमशः पुँजीकोष संरचनामा समायोजन गर्दै इजाजतपत्र प्राप्त सबै प्रकारका वित्तीय संस्थाहरूलाई बैंकिङ्ग व्यवसायमा निहित जोखिमको बारेमा समय मै सचेतना फैलाउने र पर्याप्त पुँजीकोष कायम गर्न उत्प्रेरकको भूमिका निर्वाह गर्नतर्फ नै नेपाल राष्ट्र बैंकको प्रयास केन्द्रित हुन आवश्यक देखिन्छ । बैंक तथा वित्तीय संस्थाहरूले पनि सम्भाव्य जोखिमको पहिचान र समयमै व्यवस्थापन गरी निर्देशनको पालनातर्फ गम्भीर हुन आवश्यक देखिन्छ । ●●

*(लेखक नेपाल राष्ट्र बैंकका निर्देशक हुनुहुन्छ ।)*

# कृषि उत्पादन बढाउन वित्तीय क्षेत्रको भूमिका मात्रै अपर्याप्त : एक चर्चा

■ दिपेन्द्र कुमार ऐर

**विषय प्रवेश**

नेपालको जनसंख्याको करिब ७४ प्रतिशत जनताको आयको मुल स्रोत कृषि उत्पादन हो । देशको जनसंख्याको करिब ७० प्रतिशत ग्रामीण क्षेत्रमा र ३० प्रतिशत शहरी क्षेत्रमा बस्दछन । देशको कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको करीब २८.२ प्रतिशत, उद्योगको १४.२ प्रतिशत र सेवा तथा अन्य क्षेत्रको ५७.६ प्रतिशत प्रभाग रहेको छ । कृषि क्षेत्रको कुल ग्राहस्थ उत्पादन घटदो क्रममा रहेकोछ । देशमा ब्यापक बेरोजगारी भएको अवस्थामा देशको जनशक्ति र श्रमिकलाई कृषि क्षेत्रले आकर्षित गर्न सकेको छैन बरू रोजगारीका लागि विदेश जाने अवस्थाको सृर्जना भएको देखिएकोछ । यसरी नेपालबाट रोजगारी तथा अध्ययनका लागि करिब ५० लाख जनशक्ति भारत लगायत विश्वका विभिन्न देशमा जाने गरेका छन् ।

नेपालमा कृषिलाई आधुनिकीकरण, विविधिकरण, यान्त्रिकिकरण तथा ब्यावसायिकिकरण गरी कृषि उत्पादन बढाउन, रोजगारी बढाउन, कृषिजन्य उत्पादनको निर्यात बढाउन आयात प्रतिस्थापन गर्न र व्यापार घाटा कम गरी समग्र देशको आर्थिक क्रियाकलाप बढाई लक्ष्यित आर्थिक वृद्धि गर्न राज्यको उद्देश्य र दायित्व हो ।

नेपालको आ.व.२०७४।०७५ मा कुल आयात रकम रू.१२ खर्ब ४५ अर्ब र निर्यात रू. ८१ अर्ब ३५ करोड तथा कुल ब्यापार घाटा ११ खर्ब ६३ अर्ब रहेको छ । त्यस्तै आ.व.२०७४।०७५ मा कृषि तथा कृषिजन्य वस्तुको आयात २ खर्ब ३ अर्ब तथा निर्यात रू. २३ अर्ब मात्रै भएकोले कृषि उत्पादन अपेक्षाकृत बढन सकेको छैन । व्यापार घाटाको सन्तुलन, राजस्व, विप्रेषण, वैदेशिक अनुदान, सरकारी ऋण र अन्य स्रोतबाट विदेशी परिबर्तित मुद्रामा गरिदै आएको छ । कृषिजन्य वस्तुको उत्पादन बढाउन नसक्दा आयात बढीरहेको र व्यापार घाटा समेत बढिरहेको छ । व्यापार घाटा कम गर्नका लागि आन्तरिक कृषि उत्पादन बढाउनु भन्दा अर्को विकल्प छैन । कृषि उत्पादनका लागि नेपाल सरकारका निकाय, सरकारी संस्थान, प्रतिष्ठान,अनुसन्धान केन्द्र, नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था, सहकारी संस्था, कृषक ,उद्योगी, ब्यापारी र स्थानीय निकायको प्रत्यक्ष तथा परोक्ष रूपमा संलग्नता हुने भएकोले यिनीहरूको भूमिका र जिम्मेवारी महत्वपूर्ण रहेको छ ।

चालु आ.व.को लक्षित आर्थिक वृद्धिदर ८ प्रतिशत, मुद्रास्फीति ६.५ प्रतिशतभित्र कायम राख्न, कृषि क्षेत्रको योगदान बढाउन आवश्यक र अपरिहार्य देखिन्छ । यस आर्थिक वर्षको ४ महिनामा मात्र रू. ३ खर्ब १२ अर्ब बरावर विप्रेषण आएको छ । यसले तत्काल अर्थतन्त्रलाई केही सहज भए पनि दीर्घकालमा नकारात्मक प्रभाव पार्दछ ।

**कृषि विकासका लागि संलग्न पक्षहरू**

सरकारी क्षेत्र : कृषि विकासका लागि कृषि मन्त्रालय अन्तर्गतका विभिन्न विभाग तथा महाशाखा, केन्द्र हरूले नीति नियम, कार्यविधि, प्रक्रिया अनुसार योजना निर्माण, कार्यक्रम कार्यान्वयन गरी सेवा उपलब्ध गराई रहेका छन् । सहकारी विभाग, वाणिज्य तथा उद्योग विभाग, व्यापार तथा निर्यात प्रवर्द्धन केन्द्र, भूमि सुधार तथा व्यवस्था मन्त्रालयले प्रत्यक्ष तथा परोक्ष रूपमा कृषक, कृषि उद्योग, कृषि व्यवसायलाई सहयोग तथा सेवा प्रदान गरिरहेका छन् ।

स्थानीय तहमा कृषि तथा पशु सेवा केन्द्रले सेवा प्रदान गरी रहेकाछन् । कृषि उत्पादनलाई बजारसम्म लैजान स्थानीय तहमा बिक्री केन्द्र तथा बजार स्थापना गरिएका छन् साथै थप स्थानहरूमा बजार विस्तार

गर्दै जानु पर्दछ । सहकारी संस्थाले उत्पादित वस्तुहरू सहकारी मार्फत नै बजारसम्म पुऱ्याउँदा वस्तुको उपयुक्त मोल पाउने हुँदा थप सहकारीले पनि संयुक्त रूपमा सहकार्य गर्नुपर्ने देखिन्छ । नेपालको कृषियोग्य भूमि २६४१ हजार हेक्टर रहेको, सिंचाइ गर्न सकिने १७६० हजार हेक्टर मध्ये ११९० हजार हेक्टरमा सिंचाइ सुविधा प्राप्त छ । त्यस्तै १०६९ मेगावाटका विद्युत प्लान्ट जडान भएका छन् । कृषि अध्ययनका लागि कृषि तथा बन विश्वविद्यालय र निजी विश्वविद्यालय रहेका छन् ।

**गैह्रसरकारी, निजी क्षेत्र र अन्य क्षेत्र**

कृषि विकासका लागि नेपाललाई विश्व खाद्य संगठन, विश्व बैंक, एशियाली विकास, गैह्रसरकारी तथा अन्तराष्ट्रिय गैह्र सरकारी संस्थाहरूले प्राविधिक तथा आर्थिक सहयोग तथा विभिन्न राय, सल्लाह, अध्ययन, अनुसन्धान र अनुदानमार्फत सहयोग दिँदै आएका छन् । त्यस्तै कृषि अनुसन्धान र कृषि उत्पादन तथा कृषि ब्यापारमा संलग्न निजी क्षेत्रले पनि योगदान गर्दै आएका छन् । कृषि तथा व्यावसायिक कृषि गर्ने कृषि उद्यमी ब्यापारीलाई प्रोत्साहन तथा प्रेरित गराउन विश्व बैंकको सहयोगले ब्यावसायिक कृषि तथा ब्यापार आयोजना PACT मार्फत् अनुदान समेत प्रदान गदै आएको छ ।

**वित्तीय सेवा तथा कर्जा व्यवस्था**

नेपाल राष्ट्र बैंकले मौद्रिक नीति र विभिन्न निर्देशन मार्फत बैंक तथा वित्तीय संस्था र बैकिग प्रणालीमा कर्जा व्यवस्थापन, ब्याजदर, वित्तीय पहुँच बढाउन, अनुगमन, निर्देशन, लघु वित्त व्यवस्थापन, मौद्रिक क्षेत्र सुदृढीकरण, विदेशी विनिमय व्यवस्थापन र मौद्रिक व्यवस्थापन सम्बन्धी कार्य गर्न गराउन नियमन निकायको रूपमा कार्य गरी रहेकोछ । यसरी वित्तीय प्रणाली र बैंकिङ्ग प्रणाली प्रभावकारी भएको अवस्थामा नेपाल सरकारका कृषि तथा कृषि सम्बन्धी योजना, कार्यक्रम, कार्यान्वयन गर्न सहज हुन्छन् ।

नेपालमा वित्तीय कारोबार गर्न नेपाल राष्ट्र बैंकबाट ईजाजत पाएका 'क' 'ख' 'ग', वित्तीय संस्था र माइक्रो फाइनाईन्स कम्पनी क्रमशः २८, ४०, २८ र ५३ रहेको छन् । तिनका जम्मा ४०२४ शाखा कार्यरत रहेका छन् । उपरोक्त बैंक तथा वित्तीय संस्थाका शाखामार्फत निक्षेप रू. २९ खर्ब ५३ अर्ब र कर्जा रू. २६ खर्ब २५ अर्ब रहेको छ । कृषि क्षेत्रमा भने रू. ६ खर्ब ६ अर्ब ९२ करोड लगानी गरेको छ । यसरी स्थापित शाखामध्ये प्रति शाखाबाट औसत ५८०० जनाले वित्तीय सुविधा प्राप्त गरेका छन् । सहकारी विभागमा दर्ता भएका करीब ३४५१२ को-ओपरेटिभ्सले करिब रू. ३ खर्ब २ अर्ब निक्षेप र रू. २ खर्ब ७३ अर्ब कर्जा प्रवाह गरी वित्तीय सेवा प्रदान गरिरहेको छन् । सहकारी क्षेत्रबाट कृषि क्षेत्रमा लगानी बढ्दै गएको छ । सहकारीले करीब ६३ लाख कृषकलाई सहकारीमा आबद्ध गराएको छ ।

नेपालको भौगोलिक परिवेश, पूर्वाधारको अवस्था र वित्तीय साक्षरताको कमीले लक्षित वर्गमा वित्तीय पहुँच पुग्न बाँकी नै छ । कृषिमा संस्थागत कर्जाको हिस्सा कम भएकोले यसलाई बढाउँदै जानुपर्ने अवस्था छ भने सहकारीको नियमनमा परिमार्जन गर्नुपर्ने देखिन्छ । हाल ७५३ बटा स्थानीय निकायमा कम्ती पनि एक बैंकको स्थापना गर्नुपर्ने व्यवस्था रहेकेमा ६७२ स्थानमा बैंक तथा वित्तीय संस्थाका शाखा संञ्चालन भइरहेका छन् । नेपाल राष्ट्र बैंकले नगरपालिका र गाउँपालिकामा शाखा खोल्न स्वीकृति लिनु नपर्ने व्यवस्था समेत गरेकाले बैंक तथा वित्तीय संस्थाले ग्रामीण क्षेत्रमा सहज तरिकाले वित्तीय पहुँच पुऱ्याउन सकिन्छ ।

नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार आ.व. २०७५।०७६ मा 'क' वर्गका बैंकले कुल कर्जा तथा सापटको १० प्रतिशत कृषिमा लगानी गर्नुपर्ने र 'क' 'ख' 'ग' वर्गका बैंकले विपन्न वर्गमा ५ प्रतिशत कर्जा लगानी गर्नुपर्ने निर्देशन दिएको छ । स्प्रेड दर ४.५ प्रतिशतले कायम गर्नुपर्ने व्यवस्था गरेको छ । बैंक तथा वित्तीय संस्थाहरूले कर्जा प्रभाव गर्दा नेपाल राष्ट्र बैंकले दिएको निर्देशन अनुसार गर्नु पर्दछ ।

कर्जा ग्राहकलाई कर्जा लिन आवश्यक गर्ने कागजातहरू समावेस गराउनु पर्दछ । नेपाल सरकारबाट प्राप्त हुने ब्याजमा अनुदान प्राप्त हुने व्यावसायिक कर्जा लगानी गर्दा नेपाल राष्ट्र बैंकले तयार पारेको व्यावसायिक कृषि तथा पशुपन्छी कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०७३ अनुसार लगानी तथा अनुगमन गर्नु पर्दछ । तसर्थ व्यवस्थापकीय क्षमता भएका संभाव्य र सम्पूर्ण नम्स र प्रक्रिया पुऱ्याएका ग्राहकहरूलाई सरल तरिकाले कर्जा उपलब्ध गराइँदै आएको छ ।

कृषि कर्जा योग्य फण्डको स्रोत आम नागरिकको निक्षेप भएकोले निक्षेपको सुरक्षा गर्ने जिम्मेदारी र दायित्व वित्तीय संस्थाहरूको हुने हुँदा यसलाई अति सुरक्षित र उपयुक्त सम्भाव्य भएमा मात्रै बैंकहरूले कर्जा प्रवाह गर्ने गरेका छन् । वित्तीय संस्थाले कर्जा लगानी गर्दा कर्जा सम्बन्धी जानकारी जानकारी कृषि क्षेत्रमा लागेका कृषक र कृषि उद्यमीहरूलाई प्रत्यक्ष भेटेर वा वित्तीय साक्षरता भेला गरी आम नागरिकलाई गराउँदै आएका

छन् । यसको प्रचार प्रसार प्रभावकारी तरीकाबाट गरिएकोछ । हालै मात्र वित्तीय बजारमा कर्जाको माग र निक्षेप ब्याजदरमा भएको उताव चढावले आर्थिक क्षेत्र प्रभावित भयो । त्यस्तै कर्जाको ब्याजदर वृद्धि हुँदा कृषि वस्तुको उत्पादन लागत र व्यवस्थापन लागत बढदै जादा उत्पादित वस्तुको यथोचित मूल्य नपाउने, न्यून नाफामा बेच्नु पर्ने, घाटा सहनु पर्ने जस्ता अवस्थाबाट उत्पादक निरूत्साहित हुने भएकाले समयमा नै यस्ता परिस्थितिको आकलन, अनुमान अध्ययन गर्नु पर्दछ ।

**कृषि कर्जाका लागि अग्रणी कृषि विकास बैंक**

बैंक कृषि विकास र कृषि उत्पादन बढाउने उद्देश्यका लागि २०२४ साल स्थापना भएको बैंक, २०४१ सालदेखि निक्षेप संकलन गदै २०६२ सालमा कम्पनीमा दर्ता भए पछि बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ (परिमार्जित २०७३) अन्तर्गत एक वाणिज्य बैंकको रूपमा देशभरका २७३ कार्यालय मार्फत गुणस्तरयुक्त कृषि कर्जा र आधुनिक बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ ।

बैंकले स्थापना कालदेखि नै कृषि विकास, विकास कार्यक्रम, बैंकल्पिक उर्जा, उपयुक्त प्रविधि, गरिवी निवारण कार्यक्रम, लघुवित्त सेवा मार्फत वित्तीय सहयोग र प्राविधक सहयोग प्रदान गरी कृषि उत्पादनको क्षेत्रमा योगदान पुऱ्याउँदै आएको छ । उक्त बैंकले कुल कर्जाको करिब २५ प्रतिशत कर्जा कृषि क्षेत्रमा लगानी गरेको छ । बैंक तथा वित्तीय संस्थाले कृषि क्षेत्रमा कुल रू ६ खर्ब ६ अर्ब ९२ करोड लगानी गरेको मध्ये कृषि विकास बैंकको करिब २५ अर्ब १८ करोड लगानी गरेको छ । बैंकले साना, मभ्रौला, ठुला कृषक तथा कृषि उद्यमीलाई साना तथा व्यावसायिक कर्जा प्रदान गरी कृषिको विकास, उत्पादन तथा व्यावसायीकरणमा योगदान पऱ्याएको छ भने वित्तीय पहुँच विस्तारमा निरन्तर दिइरहेको छ ।

**कृषि क्षेत्रसंग सम्वन्धित पक्ष विचका गुनासाहरू**

कृषि क्षेत्रबाट कृषक र कृषि उद्यमीले आर्थिक लाभ लिई देशलाई नै फाइदा गरेका थुप्रै समाचारहरू वेला बेलामा आइरहन्छन । त्यसले कृषि क्षेत्रलाई हौसला प्रदान गर्दछ । तर हाल सालै विभिन्न माध्यमबाट कृषि क्षेत्रलाई प्रभाव पार्ने समाचार जनसमक्ष पुगे त्यस्ता अवस्थाले कृषि क्षेत्रको पेशालाई द्विविधामा पार्दछ ।

त्यसमध्ये कृषि तथा पशु सम्बन्धीको क्याम्पस ३ महिना देखि बन्द रहेको छ । स्थानीय निकायमा हडताल भएको तीतो अनुभव छ । बैंकको ब्याजदरहरूमा छिटो परिबर्तन भइरहेको छ । भारतबाट सस्तो चिनी नेपाल आइरहदा नेपाली चीनी महङ्गो हुँदा कारखाना केही दिन बन्द गर्नु परेका छ । कहि उखुको मूल्य नपाई उखु विकेन केही कारखानाले उखु नपाएको देखिन्छ । कृषिसँग सम्वन्धित राष्ट्रिय गौरवका योजनाहरू सिक्टा, बबई, भेरी डाइभर्सन, रानीजमराको काम सन्तोषजनक नभएको तथा कार्य प्रगति सुस्त भएको र लागत बढदै गएको छापाहरूमा आएको छ । कृषिसँग परोक्ष सरोकार राख्ने विद्युत उत्पादन तथा प्रसारण लाइन मध्य पहाडी मार्ग, पुर्व पश्चिम रेलमार्ग, उत्तर दक्षिण लोक मार्ग, काठमाण्डौ तराई मधेश द्रुतमार्ग निर्माणमा ढिलो भएको तथा अवरोध भएको देखिन्छ । कृषि व्यावसायिक कृषि क्षेत्रका लागि प्रदान गरिने अनुदान थौरेले मात्र पाएको जनगुनासो छ । निर्यात हुने कृषि वस्तुको गुणस्तर परिक्षण गर्न सरल भए हुने संलग्न पक्षको आकांक्षा छ । दाल चामलको ४० देखि ६० प्रतिशत कच्चा पदार्थ विदेशबाट आउने गरेको, २२ अर्बको चामल आयात गरिएको, यस वर्ष धानको उत्पादन बढे पनि ५ लाख टन नपुन हुने, सामानमा गुणस्तर, उत्पादन मिति ब्याचको व्यवस्था कडाईका साथ हुनु पर्ने, बजार नियन्त्रण गर्न आपूर्ति व्यवस्थापन विभागबाट कडाईका साथ पालन गर्नुपर्ने, खुला सीमानाबाट नेपाल प्रबेश गर्न नियन्त्रण हुनुपर्ने, कोदो तथा फापर जस्ता यस देशका रैथाने खाद्यान्न आयात गरिएको देखिएको, गुणस्तरीय विउ विजन, मलखाद समयमा नपाईएको, कृषि कर्जा भने जति नपाएको जस्ता समाचार र भोगाईले कृषि उत्पादन क्षेत्रमा लाग्ने किसान उद्योगीलाई हतोत्साही नपारोस ।

**कृषि उत्पादन बढाउने उपाय**

कृषि विकास तथा उत्पादन वृद्धिका लागि सरकारी क्षेत्र मन्त्रालयहरू, गैह सरकारी क्षेत्र,नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था, सहकारी संस्थाहरू, किसान,कृषि वस्तु उत्पादक कृषि उद्योगी,निकाय पक्षहरूको जिम्मेबारी र योगदान अहम रहेको छ । कृषि तथा पशुपक्षि विकासका लागि नीति, नियम, कार्यविधि बनाई कार्यन्वयन भइरहेका छन तथापि हालको अवस्थामा अनुमान गरे अनुसारको नतिजा आएको देखिदैन यसको कार्यान्वयन पक्षलाई थप प्रभावकारी र जिम्मेबार बनाउनु पर्ने देखिन्छ ।

कृषिको उत्पादकत्व बढाउन उर्वरा जमीन, हावापानी, सिंचाइ सुविधा, बिजुली, यातायात, आधुनिक प्रविधि, प्राविधिक सेवा, गुणस्तरीय मल बिउ, भण्डारण खर्च, वितरण खर्च, कृषि उपकरण तथा कृषि मेशीनरी, इन्धन, बीमा शुल्क, कर र अन्य खर्च तालिम प्राप्त श्रमिकको आवश्यकता पर्ने हुँदा त्यसको प्राप्तीको

बातावरण बनाई दिने र सेवा पुऱ्याउने काममा राज्यका संयन्त्र अझ प्रभावकारी ढंगले लाग्नुपर्दछ । त्यस्तै कृषिमा यान्त्रीकरण, विबिधिकरण, साझेदारी, कन्टेक्ट फार्मिङ्ग र सहकारीकरणको माध्यमबाट ब्यावसायिक खेती गर्दा उत्पादन लागत कम हुने र बजारको पहुँच बढाउन सकिन्छ । कृषि कार्य गर्न लाग्ने पूँजीको बैंक तथा वित्तीय संस्थाबाट कम ब्याजदरमा प्राप्त गर्ने अवस्था हुनु पर्दछ ।

उत्पादित वस्तुको गुणस्तर परिक्षण, अनुगमन,लागत अनुमानका लागि नेपाल सरकार बजार नियन्त्रण वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागबाट गरिएका कार्यहरूलाई थप प्रभावकारी बनाउँदा उत्पादन र निर्यातमा प्रोत्साहन हुन जान्छ । उत्पादित कृषि तथा कृषिजन्य वस्तुको उत्पादकले नै मूल्य निर्धारण गर्न सक्ने अवस्था नहुँदा ब्यापारी तथा संकलनकर्ताहरूले बजारको अवस्था तथा मनपरि तरीकाबाट कृषकबाट खरिद गरी उपभोक्ताका पुऱ्याइने विद्यमान अवस्थालाई नियन्त्रणका सयन्त्रलाई प्रभावकारी पार्नु पर्दछ । यसरी उत्पादन हुने सिजनमा कृषकले पाउने मूल्य उत्पादन लागतभन्दा कम हुन सक्दछ र उपभोक्ताले तिर्ने मूल्यको फरक धेरै हुन जाँदा यो बीचको लाग्ने लागत कम गर्न भरपर्दो सप्लाई चेनेलको विकास गर्नुका साथै सिजनमा उत्पादनमा भएका वस्तुहरूका थप शीत भण्डार तथा भण्डारण व्यवस्थापन गर्न सहकारी र निजी क्षेत्रको लगानी भएमा कृषकहरूलाई यस क्षेत्रमा लाग्न प्रेरित हुनेछन् ।

**कृषिका लागि आ.व.को बजेटमा भएका कार्यक्रम**

आ.व.को कुल बजेट १३ खर्ब १५ अर्ब १६ करोडको बजेट मध्ये कृषिका लागि करीब ४.५ प्रतिशत छुट्याइएको छ । कृषिको उत्पादन ५ वर्षमा दोब्बर बनाउन कृषि आधुनिकिकरण, व्यावसायीकरण, यान्त्रीकरण, मूल्य श्रृंखला विस्तारको माध्यमबाट प्रधानमन्त्री कृषि आधुनिक परियोजना अन्तर्गत, कृषि र कृषि उद्योगमा ५ अर्ब अनुदानको व्यवस्था गरिएको छ । कृषि उत्पादनको मूल्य तोक्ने, गुणस्तर नियन्त्रण गर्ने, मल कारखाना खोल्ने,कृषि केन्द्र र अनुसन्धान केन्द्रको व्यवस्था गर्ने, कृषिमा आधारित उद्योग खोल्न प्रोत्साहन गर्ने, नगदे बाली उत्पादनमा प्रोत्साहन तथा सेवा, कृषि योग्य जग्गाको व्यवस्थापन जस्ता अन्य कार्यक्रमहरू समावेश गरिएका छन् ।

**निष्कर्ष**

नेपालमा कृषि तथा कृषिसँग सम्वन्धित क्षेत्रको उत्पादन बढाउनु पर्दछ । उत्पादित वस्तुको लागत घटाउनु पर्दछ । यस क्षेत्रमा रोजगारी बढाउनु गर्दछ । सुशासन कायम राख्नु पर्दछ । कृषि क्षेत्रको उत्पादन बढाउन सिंचाइ, उत्पादनका साधन, बजार तथा बजारीकरण, अन्तिम उपभोक्तासम्म पुग्ने वितरण माध्यमहरू, मूल्य तथा आपूर्तिको सुचना प्रणाली संयन्त्र, पूर्वाधार सडक यातायात, बैंक वितीय संस्था, सहकारी संस्था, उद्योगी, ब्यापारी, साना, मझौला, ठुला किसान, लघु र कृषि उद्यमीहरूको संयुक्त समन्वय र सहकार्यबाट मात्रै यो पेशा आर्कषक हुन्छ । कृषिमा न्यून ब्याजदरमा अनिबार्य लगानी बढाउनु आवश्यक छ । कृषि क्षेत्रमा लगानी गर्ने कृषि विकास बैंक,साना किसान बैंक र सहकारीको भूमिकालाई निरन्तरता दिइनु पर्छ । कृषिलाई लगानीको सुरक्षित क्षेत्र बनाउनु पर्दछ । जनताको निक्षेप सुरक्षित क्षेत्रमा मात्रै लगानी गर्नु पर्छ । वित्तीय क्षेत्रले लगानी गर्दैमा उत्पादन बढदैन भन्ने जनमानसमा पुग्न आवश्यक छ । कृषि उत्पादनका लागि आवश्यक पर्ने नीति, कानुन, कार्यविधिलाई समयानुकुल माथि उल्लेख भएका संलग्न सबै पक्षबाट परिमार्जन गर्दै लैजानु पर्दछ । ●●

**स्रोत**


- नेपाल राष्ट्र बैंक Banking & Financial Statistics मासिक ।
- कृषि विकास बैंक web Site
- विश्व बैंक web Site
- नेपाल सरकार कृषि तथा पशु मन्त्रालय web Site
- Trade & Export Promotion center web Site
- नेपाल सरकार अर्थ मन्त्रालय web Site
- The Kathmandu post ,18 Dec, 2018.
- नेपाल सरकार नेपाल विद्युत प्राधिकरण ।
- लेखकका निजी विश्लेषण भएको ।


*(लेखक कृषि विकास बैंक लि. मा विभागीय प्रमुख हुनुहुन्छ ।)*

# मौद्रिक नीति
# (Monetary Policy)

■ यज्ञ प्रकाश न्यौपाने

सरकारले हरेक आर्थिक वर्षमा आफ्नो बजेट मार्फत वित्तीय नीतिको तर्जुमा गरी लागु गर्ने गरेको हुन्छ । वित्तीय नीतिले निर्देशित गरेको उद्देश्यहरू प्राप्त गर्न मुलुकको केन्द्रीय बैंकले मौद्रिक नीतिको तर्जुमा गरी कार्यान्वयन गर्ने गर्दछ । केन्द्रीय बैंकले सरकारको आर्थिक सल्लाहकार तथा वित्तीय एजेन्टको रूपमा काम गर्नुका अतिरिक्त मुलुकको समग्र आर्थिक अवस्थाको मूल्यांकन एवं बिश्लेषण गर्ने, वित्तीय तथा मौद्रिक अवस्थाको विश्लेषण गरी मूल्य स्थिरता तथा विदेशी बिनिमय कायम गर्न मौद्रिक नीति जारी गर्ने, मुद्रा निष्कासन साथै वैकिङ्ग तथा वित्तीय प्रणालीको स्वस्थ विकासको उपयुक्त नियमन, निरीक्षण तथा सुपरीवेक्षण गर्ने तथा विदेशी विनिमय प्रणाली स्थापित गर्नुका साथै सँचिती व्यवस्थापन गर्ने लगाएतका प्रमुख कार्य गर्ने गर्दछ । बैंकको उद्देश्यको रूपमा अर्थतन्त्रको दिगो विकासको निमित्त मूल्य र सोधनान्तर स्थिरता कायम गर्नको लागि आवश्यक मौद्रिक तथा विदेशी विनिमय नीति निर्माण गरी सोको व्यवस्थापन गर्ने रहेको छ ।

वित्तीय नीतिले निर्दिष्ट गरेका उद्देश्यहरू प्राप्त गर्न सघाउ पुऱ्याउने अभिप्रायले मुद्राको मात्रा उपभोग र लगायतलाई प्रभाव पार्न अपनाउने नीति नै मौद्रिक नीति हो । वित्तीय साधन परिचालन गर्ने अर्थतन्त्रको एक महत्वपूर्ण उपकरण मौद्रिक नीति जहाँ मुद्राको परिणाम, ब्याजदर, मुद्राको उपलब्धता तथा विनिमयदर आदि समावेश गरिएका हुन्छन् । मौद्रिक उपकरणहरूको माध्यमबाट मूल्य स्थिरता कायम गर्नु पर्दछ । अर्थतन्त्रमा मुद्रा बजारका औजार प्रयोग गरी मुद्राको प्रदाय (Money Supply)बाट मुद्राको मूल्य (Value of Money) बजारमा ब्याजदरको अवस्था, वस्तु तथा सेवाको मूल्यमा परेको/पर्ने प्रभावहरूलाई अध्ययन गर्दै अर्थतन्त्रलाई स्वतन्त्र,दिगो र स्थायी रूपले संचालित गर्न मौद्रिक नीति केन्द्रिकृत रहेको हुन्छ ।

**वित्तीय नीतिले निर्दिष्ट गरेका उद्देश्यहरू प्राप्त गर्न सघाउ पुऱ्याउने अभिप्रायले मुद्राको मात्रा उपभोग र लगायतलाई प्रभाव पार्न अपनाउने नीति नै मौद्रिक नीति हो ।**

**मौद्रिक नीतिका प्रमुख उद्देश्यहरू**

मौद्रिक नीतिका प्रमुख उद्देश्यहरू निम्न बमोजिम रहेका छन् :

- मूल्य स्थिरता कायम गर्ने
- भुक्तानी सन्तुलन कायम गर्ने
- वित्तीय स्थायित्व कायम गर्ने
- उच्च तथा दिगो आर्थिक वृद्धिका लागि सघाउ पुऱ्याउने
- रोजगारीका स्तरका वृद्वि गर्नुपर्ने

उल्लेखित उद्देश्य प्राप्तिका लागि अर्थतन्त्रको अवस्थालाई दृष्टिगत गरी अर्थतन्त्रको अनुकुल हुने गरी मौद्रिक नीति निर्धारण गर्दछ । मुख्यतया मौद्रिक नीति दुई किसिमको अबलम्बन गरेको पाइन्छ ।

- विस्तारयोग्य नीति (Expansionary Monetary Policy)
- संकुचित मौद्रिक नीति ( Tight Monetary Policy)

उल्लेखित मौद्रिक नीतिमा कुन किसिमको मौद्रिक नीति अपनाउने सम्बन्धमा त्यस देशको त्यस समयको आर्थिक अवस्था र सरकारको वित्तीय नीतिमा निर्भर गर्दछ । बिस्तारित मौद्रिक नीतिले मुद्राको आपूर्तिमा वृद्धि गर्दछ । जसले बेराजगारी कम गर्न, निजी क्षेत्रको खर्च

बढाउँदछ, उपभोक्ताको खर्च बढाउँछ र आर्थिक वृद्धिमा सहायता पुऱ्याउँछ । विभिन्न उपकरणहरूको उपयोग गरी केन्द्रीय बैंकले आफ्नो लक्ष्य हासिल गर्दछ । मुद्रा संकुचनको अवस्था भएमा विस्तारयोग्य मौद्रिक नीति उपयुक्त मानिन्छ भने मुद्रास्फीतिको अवस्था विद्यमान भएमा विस्तारयोग्य मौद्रिक नीति उपयुक्त मानिन्छ । संकुचित मौद्रिक नीति अन्तर्गत मुद्राको आपूर्तिमा कमी गरिन्छ ।

यस अन्तर्गत मुद्रास्फिति नियन्त्रण गर्नको लागि यस प्रकारको मौद्रिक नीति प्रयोग गरिन्छ । संकुचित मौद्रिक नीतिले विकासको गति ढिलो गर्दछ र बेरोजगारी वृद्धि गर्दछ । केन्द्रीय बैंककले देशको आर्थिक अवस्था, अर्थतन्त्रको साईज हेरी विभिन्न किसिमको उपकरणहरूको प्रयोग गर्दछ ।

**मौद्रिक नीतिको महत्व** (Importance of monetary policy)

- वित्तीय संस्थाहरूको विकास र सवलीकरण गर्न
- बजारमा ब्याजदर नियन्त्रण गर्न
- मुद्राको माग र आपूर्ति विचको सन्तुलन कायम गर्न
- सरकारको ऋण पत्र व्यवस्थापन गर्न
- मुद्रा स्फीतिको प्रभावलाई नियन्त्रण गर्न
- भुक्तानी सन्तुलन कायम गर्न ।

**मौद्रिक नीतिको आवश्यकता**

(Need of Monetary Policy)

समष्टिगत आर्थिक उद्देश्यहरू, आर्थिक वृद्वि, मूल्य स्थिरता, बाह्य क्षेत्र स्थिरता तथा वित्तीय क्षेत्र स्थिरता लगाएतका लक्ष्यहरू हासिल गर्नका लागि मौद्रिक नीतिको उपयोग गरिन्छ ।

मौद्रिक नीतिले आफ्नो उद्देश्यहरू हासिल गर्नको लागि बैंकदर, खुला बजार कार्य, अनिवार्य नगद मौज्दात अनुपात, बैधानिक तरलता अनुपात, निक्षेप बोलकबोल जस्ता उपकरण प्रयोग गर्दै, तरलता अर्थात लगानी योग्य पुँजीको उपलब्धतामा परिबर्तन ल्याउँदछ । तरलतामा आएको परिवर्तनले व्याजदरमा परिवर्तन ल्याउँदछ । यसबाट हुनसक्ने जोखिम नियन्त्रणको लागि पूर्व सचेतना प्रणाली, शिघ्र सुधारात्मक कारवाही, दबाब परीक्षण, ग्राहक पहिचान नीति, Capital Adequacy Ratio, आकस्मिक योजना जस्ता प्रक्रियाहरू अपनाउँदछ ।

**(क) मूल्य तथा आर्थिक स्थिरता कायम गर्न**

अर्थतन्त्रमा वस्तु तथा सेवाको मूल्यमा अनपेक्षित रूपमा उतार चढाव नहुने वा नभएको अवस्थालाई मूल्य स्थिरताको रूपमा लिने गरिन्छ । निश्चित प्रतिशत सम्मको मूल्यस्तरको बृद्विलाई बान्छनीय मानिन्छ । उल्लेखित भन्दा बढी दरमा मूल्यको घट/बढ भएमा मुद्रा संकुचन वा मुद्रा स्फीति हुने हुँदा यसको नियन्त्रण गर्न मौद्रिक नीति केन्द्रित रहन्छ । यसरी वित्तीय बजारलाई चलायमान राख्न, मुद्रा स्फीतिलाई नियन्त्रण राख्न, वित्तीय बजारमा हुनसक्ने जोखिमलाई समयमा नियन्त्रण गरी मूल्य स्थिरता हासिल गर्ने मौद्रिक नीतिको प्रमुख उद्देश्य रहेको छ ।

मुल्य स्थिरता कायमको लागि केन्द्रीय बैंकले मुद्रा आपूर्ति (Money Supply) लाई नियन्त्रण गर्दछ । यसका लागि Cash Reserve Ratio (CRR), Statuatory Liquidity Ratiov (SLR), CCD ratio,CD ratio, Net Liquidity Ratio, Sectoral Loan Limit, interestrate corridor जस्ता उपकरणहरूको प्रयोग गर्ने ।

**(ख) शोधानान्तर स्थितिमा स्थायित्व एवं बाह्य क्षेत्र स्थिरता हासिल गर्न :**

विश्व अर्थतन्त्रको क्रियाकलापबाट आफ्नो अर्थतन्त्रमा हुनसक्ने प्रभावलाई आफ्नो अनुकुल हुने गरी नीतिहरू तर्जुमा एवं कार्यान्वयन गर्न मौद्रिक नीतिको अर्को प्रमुख उद्देश्य रहेको विदेशी विनिमय दरमा स्थायित्व कायम गर्नको लागि स्वदेशी मुद्राको मूल्यमा स्थायित्व कायम राख्न आवश्यक नीतिको तर्जुमा गर्ने, विदेशी वस्तु तथा सेवा आयात गर्नको लागि विदेशी मुद्रा सँचिती कायम राख्न चालु खाता सञ्चालनका लागि नीतिहरू निर्धारण गर्न, विदेशी मुद्रा भुक्तानीमा दिशानिर्देश गर्दछ । यसका लागि केन्द्रीय बैंकले विदेशी मुद्राको विनिमय दर तोक्ने, आवश्यकता अनुसार विनिमयदरको अबमूल्यन र पुनरमूल्यांकन गर्ने गर्दछ । विश्व अर्थतन्त्रको प्रभावबाट आफ्नो अर्थतन्त्रमा हुनसक्ने प्रभावलाई पहिचान गरी सोको सकारात्मक उपायहरू अबलम्बन गर्ने, मुद्रास्फीतिलाई नियन्त्रण राख्न, वित्तीय बजारमा हुनसक्ने जोखिमलाई समयमा नियन्त्रण गरी विदेशी विनिमयदर स्थिरता कायम गर्नु मौद्रिक नीतिको प्रमुख उद्देश्य रहेको छ । यसरी राज्यको समग्र मौद्रिक क्रियाकलापहरू सञ्चालनका लागि मौद्रिक नीति केन्द्रित रहन्छ ।

**(ग) आर्थिक वृद्धि हासिल गर्ने**

मौद्रिक नीतिमार्फत उच्च : दिगो तथा फराकिलो आर्थिक स्थिरता कायम हुन सकेमा स्वदेशी लगानी

आकर्षित भई आर्थिक क्रियाकलापहरू वृद्वि हुन्छन् । त्यसका लागि केन्द्रीय बैंकले बैंकिङ्ग उद्योगमा बचत परिचालन, कर्जा प्रभाव सीमा निर्धारण, आधार ब्याजदर, राज्यका आन्तरिक तथा बाह्य ऋणको सीमा अस्त्रहरूको साहारा लिने गर्दछन् तसर्थ मौद्रिक नीति समग्र अर्थतन्त्रको सम्बृद्विको लागि महत्वपूर्ण औजारको रूपमा रहेको हुन्छ ।

**नेपालको केन्द्रीय बैंकले लिएको मौद्रिक लक्ष्यः**

- मुद्रास्फीतिलाई सीमित प्रतिशत भित्र सीमित गर्ने ।
- बाह्य क्षेत्रको स्थायित्वका लागि वस्तु तथा सेवाको आयात धान्न पर्याप्त हुने विदेशी विनिमय सञ्चिति कायम गर्ने ।
- नेपाल सरकारले तय गरेको आर्थिक वृद्धिदरलाई सहयोग पुऱ्याउने गरी आवश्यक तरलता व्यवस्थापन गर्ने ।
- भारतीय मुद्रासँगको स्थिर विनिमय दरलाई मौद्रिक अंकुशको रूपमा यथावत राखी सोको व्यवस्थापनका लागि मौद्रिक तथा कर्जा योगांकहरूलाई वाञ्छित स्तरमा राख्ने ।
- विस्तृत मुद्राप्रदाय वृद्धिदरलाई उचित सीमाभित्र कायम गर्ने ।
- नेपाल सरकारको बजेटसँग तादात्म्य हुने गरी आन्तरिक कर्जा वृद्धिको लक्ष्य निर्धारण गर्ने
- निजी क्षेत्रतर्फको कर्जा विस्तारको सीमा कायम गर्ने।

**मौद्रिक नीतिको सञ्चालन लक्ष्य तथा उपकरण र वित्तीय क्षेत्रसँग सम्बन्धित व्यवस्था**

- ब्याजदर करिडोर पद्धतिलाई समय सापेक्ष परिमार्जन गर्ने गरी लागु गरेको ।
- स्थायी तरलता सुविधा दरलाई ब्याजदर करिडोरको माथिल्लो सीमाको रूपमा लिइने पद्धतिलाई यथावत् कायम गरिएको
- स्थायी तरलता सुविधाको व्यवस्था ।
- बैंक तथा वित्तीय संस्थाहरूले कायम गर्नुपर्ने अनिवार्य नगद मौज्दात प्रतिशत तथा बैधानिक तरलता अनुपात सम्बन्धी व्यवस्था ।
- बैंक तथा वित्तीय संस्थाहरूलाई तोकिएका सुरक्षणपत्रको धितोमा प्रदान गरिने स्थायी तरलता सुविधाको समयावधि सम्बन्धी व्यवस्था
- पुनरकर्जा सुविधा प्रदान गर्ने व्यवस्था ।
- पुनरकर्जा कोष स्थापना गर्ने ।
- जलविद्युत लगायतका रणनीतिक महत्वका क्षेत्रमा सहुलियतपूर्ण बैंक कर्जा प्रवाह गर्न सहयोग पुग्ने विश्वास गरेको ।
- जलविद्युत, कृषि, पर्यटन, निर्यात, साना एवम् मझौला उद्योग, औषधी उत्पादन, सिमेन्ट, गार्मेन्ट लगायतका उत्पादनशील क्षेत्रलाई समावेश गरी प्राथमिकता प्राप्त क्षेत्रको रूपमा परिभाषित गरेको ।
- बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा भएको व्यवस्था बमोजिम पूर्वाधार विकास बैंक स्थापनाका लागि आवश्यक इजाजत नीति, नियमन र सुपरीवेक्षण सम्बन्धी नीति ।
- विभिन्न संगठित संस्थाहरूमा रहेको यस बैंकको सेयर लगानी क्रमशः विनिवेश गर्ने गरेको ।
- सबै स्थानीय तहमा नेपाली मुद्राको सहज आपूर्तिका लागि यस बैंकका कार्यालयहरूले सम्बन्धित प्रदेशमा नोटकोषको उचित व्यवस्थापन गर्ने । समष्टिगत विवेकशील नियमन बैंक तथा वित्तीय संस्थाहरूको पुँजी एवम् तरलता अनुपात सम्बन्धी विवेकशील नियमनहरूको व्यवस्था
- राष्ट्रिय स्तरका विकास बैंक र वित्त कम्पनीहरूमा समेत चरणवद्ध रूपमा वासल-३ लागू गर्ने गरेको ।
- बैंक तथा वित्तीय संस्थाहरूमा तोकिएको "सूचना तथा गुनासो सुनुवाई डेस्क" स्थापना ।
- बैंक तथा वित्तीय संस्थाहरूले मुद्दती निक्षेप खाता खोल्ने ग्राहकलाई सो मुद्दती निक्षेप रसीदको धितोमा कर्जा प्रदान गर्दा खाता खोल्दाकै वखत कर्जामा लाग्ने ब्याजदर तय गर्नुपर्ने र यसरी तय भएको ब्याजदरभन्दा बढी लिन नपाइने व्यवस्था गरेको ।
- हाल बैंक तथा वित्तीय संस्थाहरूले कर्जा प्रवाह गर्ने प्रयोजनका लागि ऋणीबाट लिने धितो सम्पत्तिको मूल्यांकन, धितो सकार र धितो लिलामी गर्ने सम्बन्धमा आवश्यक मापदण्ड तयार गरेको

**विदेशी विनिमयसँग सम्बन्धित व्यवस्थाहरू :**

- विदेशी सेवा प्रदायकहरूबाट नेपालभित्र हुने इलेक्ट्रोनिक कार्ड कारोबारको फछ्र्यौट नेपालमै गरी खुद रकम मात्र भुक्तानी हुने व्यवस्था मिलाएको ।

- निश्चित मापदण्ड पूरा गरेका इजाजतप्राप्त संस्थाहरूलाई प्वाइन्ट अफ सेलमार्फत् सटही दिन सक्ने तथा आफ्नो सेवाको भुक्तानी लिन सक्ने व्यवस्था गरेको ।
- होटलमा बस्ने आफ्ना ग्राहकलाई आवश्यक परेमा प्रतिग्राहक सटही दिन सक्ने व्यवस्था गर्ने ।
- नेपाली वायुसेवा प्रदायक कम्पनीहरूमा काम गर्ने विदेशी नागरिकको श्रम स्वीकृति र सम्झौताको अवधि वहाल रहेको अवस्थामा प्रचलित कानुन बमोजिम बढीमा १ वर्षको पारिश्रमिक पठाउने गरी एकैपटक स्थायी सटही सुविधा प्रदान गर्ने व्यवस्था मिलाइने छ । नेपाली नागरिक, फर्म तथा संस्थाहरूले आफ्नो व्यवसाय गर्न वा भइरहेको व्यवसाय विस्तार गर्न यस बैंकको पूर्व स्वीकृति लिई विदेशमा रहेका आफ्ना नातेदार, अन्य व्यक्ति, गैर-आवासीय नेपाली वा संघ संस्थाबाट बैंकले तोकेको शर्तको अधिनमा रही अमेरिकी डलर २ लाखसम्म ऋण लिने व्यवस्था रहेकोमा सोलाई वृद्धि गरी अमेरिकी डलर ५ लाखसम्म र भारतको हकमा ५ करोड भारतीय रूपैयाँसम्म ऋण लिन सक्ने व्यवस्था गर्ने ।
- विद्यमान व्यवस्था बमोजिम इजाजत प्राप्त बैंकहरूले आफूसँग भएको विदेशी मुद्रा विदेशस्थित बैंकमा लगानी गर्दा अधिकतम २ वर्षसम्म लगानी गर्न सक्ने व्यवस्था रहेकोमा पूर्ण तरल सरकारी सुरक्षणपत्रमा बढीमा ५ वर्षसम्मका लागि लगानी गर्न सक्ने व्यवस्था गरिनेछ । नेपालमा सञ्चालन भइरहेका विभिन्न पूर्वाधार विकास निर्माणका आयोजनाहरूले आयोजना निर्माणका क्रममा चालू खर्चलाई धान्न अल्पकालीन सुविधा आवश्यक परी विदेशबाट ल्याउनुपर्ने भएमा त्यस्तो ऋण सहज रूपमा लिन सक्ने व्यवस्था गर्ने ।
- विदेशी लगानीकर्ताहरूलाई लाभांश फिर्ता लैजाने वर्तमान व्यवस्थामा सरलीकरण गर्दै जाने नीति लिइनेछ । यसअन्तर्गत वार्षिक रू. १० करोडसम्मको लाभांश वितरण गर्ने फर्म, कम्पनी, संस्थाहरूले तोकिएको कागजात पेश गरी वाणिज्य बैंकमार्फत् सोझै सटही पाउन सक्ने व्यवस्था गर्ने ।

**अर्थिक वर्ष २०७५/७६ को मौद्रिक नीतिमा मुख्य व्यवस्थाहरू :**

- वाणिज्य बैंकहरूका लागि CRR ६%,बाट ४% कायम गर्ने व्यवस्था गरिएको छ ।
- वाणिज्य बैंकिङ्का लागि SLR १०% बनाइएको छ जुन पहिले १२% मा राखिएको थियो ।
- व्यापारिक बैंकहरूले ल्याउने विदेशी ऋणहरूका लागि हेज कोषलाई NRB द्वारा सुविधा प्रदान कायम गर्ने व्यवस्था गरिएको छ ।
- व्यक्तिगत ओभरड्राफ्टको ऋण ७५ लाख रूपैयाँबाट ५० लाख रूपैयाँ कायम गर्ने व्यवस्था गरिएको छ ।
- वाणिज्य बैंकहरूले आफ्नो मुख्य पुँजीको २५% विदेशी ऋण ल्याउन सक्दछन् । यस्तै प्रावधान विस्तार गर्दै बैंकहरूले भारतीय मुद्रामा २५% को Core Capital पुँजीको थप ऋण लिन सक्ने व्यवस्था गरिएको छ ।
- प्राथमिकता क्षेत्रहरूलाई ऋण दिने क्रमशः वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरूको लागि २५%, १५%, १०% मा राखिएको छ ।
- संस्थागत निक्षेप जम्मा कुल निक्षेपको ४५% कायम गर्ने व्यवस्था गरिएको छ ।
- बैंकहरूको ब्याजदर अन्तर अघिल्लो ५% देखि ४.५% बनाइएको छ ।
- BFIs हरूलाई एकल संस्थाको कुल १५% निक्षेप संकलन गर्न अनुमति दिइएको छ, जुन पहिले २% थियो ।
- प्रत्येक वाणिज्य बैंकका सबै प्रदेशमा क्षेत्रीय कार्यालय खोल्ने व्यवस्था गरिएको छ ।
- वाणिज्य बैंकहरूले अब नेपाल राष्ट्र बैंकबाट मेट्रोपोलिटन वा मेट्रोपोलिटन शहरमा नयाँ शाखाहरु खोल्न पूर्व अनुमतिको आवश्यकता पर्दैन ।
- विलय र अधिग्रहणलाई प्रोत्साहित गरिने ।
- अचल सम्पत्ति मूल्य सूचकांक विकास गर्ने प्रावधान ।
- BFIs हरूको बीचमा अस्वस्थ व्यवहारहरु हटाउन उपायहरु लिइने छ ।
- वाणिज्य बैंकहरूको सहायक कम्पनीहरूले शेयर दलाल लाइसेन्स प्राप्त गर्न नेपाल राष्ट्र बैंकबाट अनुमोदनको अनुरोध गर्न सक्नेछन् ।
- Borrowers ले ५० करोड रूपैयाँभन्दा माथि Credit Rating आवश्यक छ र २५ करोड रूपैयाँमाथि आवेदन गर्नुअघि तेस्रो पक्षबाटबाट डीडीए गर्न आवश्यक छ ।

- जबसम्म शेयरको मूल्य १८० दिनभन्दा कम मानिन्छ, BFIs हरूले मार्जिन कलहरु गर्न सक्दैनन ।
- BFIs मा ऋणको लागि आवेदन गर्दा आयकर क्लियरेन्स प्रमाणपत्र अनिवार्य बनाइयो ।
- मार्जिन लेन्डिङ अब BFIs' हरूको मुख्य पुँजीको २५% मा आधारित गरिएको छ जुन गत वर्ष ४०% थियो ।
- Lender of Last Resort (LOLR) १२%बाट १०% मा घटाइएको छ ।
- अवधारणात्मक विकास परियोजनाहरूमा विदेशी लगानीहरु, नेपाल राष्ट्र बैंकमा छुट्टै कोषमा एकत्रित गरिने छ, जसको लागि नेपाल राष्ट्र बैंकले हेडिङ्ग सुविधा प्रदान गर्नेछ । यस्ता परियोजनाहरूमा हाइड्रोपावर परियोजनाहरु, विद्युत टेलिभिजन लाइनहरु, सडक र यातायात विकास परियोजनाहरु र त्यसमा पनि समावेश छन् । यसको लागि आवश्यक परिमार्जन तयार रहेको छ र नेपाल राष्ट्र बैंकले यो आशा गर्दछ कि यो विदेशी लगानीकर्ताहरूलाई प्रोत्साहित गर्नेछ ।
- नेपाल सरकारले शैक्षिक प्रमाणपत्र धितो राखेर ५% ब्याज सब्सिडी र महिला उद्यम विकासको लागि प्रदान गरेको ऋणको लागि ६% ब्याज सब्सिडी प्रदान गर्न ।
- BFIs' हरूलाई Fixed Deposits मा प्रकाशित ब्याज दरभन्दा १% बढी माथि जाने अनुमति दिइएको छ ।
- BFIs लाई CCD अनुपात गणनामा Long-Term Credit Instruments and Bonds हरू समावेश गर्नका लागि अनुमति दिइएको छ ।
- निक्षेप सुरक्षण रू. २ लाख रूपैयाँबाट रू. ३ लाख रूपैयाँ बनाउन आवश्यक समन्वय गरिनेछ ।
- तेस्रो देशबाट USD ४० हजार र भारतबाट IC ६ करोडभन्दा बढीको आयात गर्दा LC मार्फत लेनदेन गर्नुपर्ने व्यवस्था गरिएको छ ।

••

*(लेखक कृषि विकास बैंकमा विभागीय प्रमुख हुनुहुन्छ ।)*

# कृषि विकास बैंक लि. का आर्थिक, प्रशासनिक र व्यवस्थापकीय चुनौती तथा समाधान

■ दीर्घबहादुर अर्याल

**विषय प्रवेश :**

देशको आर्थिक विकासमा सरकारका नीतिगत कार्यक्रमहरूमा सहकार्य गर्दै कृषि विकास बैंक लिमिटेडले सेवा अवधिमा कैयन उकाली, ओराली र मोडहरू छिचोलेर वि.सं. २०७५ माघ ७ गतेसम्म आइपुग्दा ५२औं वार्षिकोत्सव धुमधामका साथ मनाइरहेको छ । वि.सं.२०२४ माघ ७ गतेदेखि विकास बैंकको रूपमा कार्य शुरूगरेको यस बैंकले वि.सं.२०३२ - २०५४ सम्म लघु वित्त क्षेत्रमा "साना किसान विकास आयोजना" कार्यक्रम र वि.सं. २०४१ देखि वाणिज्य बैंकिङ्ग कारोवार शुरू गरेर आफ्नो व्यवसायमा वृद्वि गर्दै जांदा वि.सं. २०६२।०३।३१ गते कम्पनीमा र मिति २०६२।१२।०३ गते नेपाल राष्ट्र बैंकबाट "क" वर्गको वाणिज्य बैंकको रूपमा दर्ता भई बैंकिङ्ग सेवा सुविधालाई ग्राहकको घर आंगनसम्म पुऱ्याउने निर्दीष्ट लक्ष्यउन्मुख छ । नेपाल सरकारको ५१ प्रतिशत शेयर रहेको यस बैंकले वाणिज्य बैंकिङ्ग प्रतिस्पर्धात्मक बजारमा अग्रता लिँदै लघुवित्त र विकास बैंकिङ्ग कार्यमा समेत सकृयताका साथ सेवा पुऱ्याउँदै आएको यथार्थतालाई कम आंकलन गर्न मिल्दैन । आ.व. २०७१/७२ देखि २०७५/७६ सम्मको "रणनीतिक व्यावसायिक योजना (Strategic Business Plan)" र आ.व. २०७३/७४ देखि २०७७/७८ सम्मको "रणनीतिक जनशक्ति योजना (Strategic Human Resource Plan)" तयार गरी योजना अनुरूपको लक्ष्य प्राप्तिका निम्ति शहरदेखि पिछडिएका दूर्गम गाउँ वस्तीसम्म कार्य सञ्जाल फिँजाई "गुणस्तरीय बैंकिङ्ग सेवा उपलब्ध गराउने, वित्तीय बजारको मांग अनुरूपको रणनीति अवलम्बन गर्ने र मुलुकको एक असल र विश्वासिलो बैंकको रूपमा दिगो प्रतिफल हासिल गर्ने" उदेश्यकासाथ अत्याधुनिक प्रविधिसहित गन्तव्यतर्फ लम्किरहेको यस बैंकमा देखिएका आर्थिक, प्रशासनिक तथा व्यवस्थापकीय चुनौती (Threat) र सोको समाधानका उपायहरूका सम्बन्धमा प्रकाश पार्नु सान्दर्भिक हुनेछ ।

**बैंकका आर्थिक चुनौती र समाधानका उपायहरू :**

आफ्ना सामुका भीमकाय पहाडलाई हिउँले ढाकेको देखेर अत्ताल्लिनुभन्दा हिउँ खोस्रेर क्रमशः पाइला बढाउँदै जानु पर्ने कुरालाई मनन् गरी कर्तव्यपथमा लाग्नैपर्ने हुन्छ । बैंकको पञ्चवर्षीय "रणनीतिक व्यावसायिक योजना" ले मार्गदर्शन गरेका लक्ष्य प्राप्तिका निम्ति हिजोका कमजोरीहरूमा सुधार, हालका उपलब्धीहरूको संरक्षण र आगामी दिनमा निम्न चुनौतीहरू पार गर्नुपर्ने देखिन्छ ।

१) आशानुरूप रूपमा बैंकको पुँजी बजार वृद्धि हुन नसकेकोले पुँजी बजारको दिगो वृद्धितर्फ जोड दिने ।

२) यो वा त्यो रूपमा बैंक ठगी नरोकिएकोले शून्य सहनशिलताको नीति लिई सम्बद्व पक्षलाई विगतमा हुँदै आएको कारवाहीलाई निरन्तरता दिई यस सम्बन्धमा बैंकर्स एशोसियसन मार्फत सरकारलाई ठोस कानुन बनाउन सिफारिस गर्ने ।

३) CBS बाट लिन सकिने जति सेवा लिने कार्यमा कमी हुन नदिन उक्त सेवा अत्यधिक उपयोगमा जोड दिने ।

४) बैंकमा वित्तीय अनुशासन कायम राख्न निरीक्षण तथा आकस्मिक सुपरीवेक्षणमा कमी हुन नदिन यसको भूमिकामा वृद्धि गर्ने ।

५) संस्थागत सुशासनमा कमी आउन नदिई वित्तीय तथा संस्थागत सुशासन कायम राख्न chain of Command लाई थप बलियो बनाउने ।

६) बैंकको वित्तीय साक्षरता अभिवृद्धि कार्यक्रमले गतिलिन नसकेकोले सबै कार्यालयहरूले बजेट तथा कार्यक्रम अनुसारको कार्यक्रम सञ्चालन गर्ने ।

७) बैंकिङ्ग सेवा सुविधा प्रदान गर्न कार्यरत जनशक्तिलाई सेवामुखी र ग्राहकमुखी बनाउन "ग्राहक हाम्रा रोजगारदाता हुन्" भन्ने भावनाको विकास गराउने ।
८) बैंकमा अधिक तरलता हुँदा पुँजीलाई समयमै स्वस्थ ढंगले सदुपयोग गर्ने कार्यमा सम्बद्ध सबै पक्ष चनाखो रहने ।
९) उत्पादनशील क्षेत्रमा पर्याप्त लगानी वृद्धि गर्न यस क्षेत्रलाई उच्च प्राथमिकतामा राखी अघि बढ्ने ।
१०) वैदेशिक रोजगारीबाट प्राप्त हुने रेमिट्यान्सलाई दिगो निक्षेपको रूपमा बचाई राख्न थप प्रयास गर्ने ।
११) आम्दानीको झण्डै ९० प्रतिशत हिस्सा व्याज आम्दानी नै भएकोले गैरकोष आम्दानी वृद्धि गर्ने उपायको खोजी गर्ने ।
१२) निष्कृय कर्जा र शंकास्पद व्यवस्थामा हुने वृद्धिलाई न्यून गर्ने उपायको खोजी गरी सोको कार्यान्वयनलाई निरन्तरता दिने ।
१३) कर्मचारी तथा कार्यालय खर्च समयानुसार वृद्धि हुँदै जाने भएकोले सो खर्च न्यून गर्ने उपायको खोजी गर्ने वा आम्दानीको स्रोत पहिल्याउंने ।
१४) व्यवस्थापकीय ज्ञान अनि दक्षतालाई सहज र स्वतन्त्र ढंगले कार्यान्वयन गर्न नियामक निकायसँग सुमधुर सम्बन्ध कायम राखी कार्यक्रम कार्यान्वयन गर्ने ।

**बैंकमा प्रशासनिक अवस्थाः**

कुनै पनि जीवन्त संस्था प्रतिस्पर्धात्मक बजारमा खरो र दह्रो रूपमा उभिनका लागि आर्थिक, प्राविधिक र मानवस्रोतको अधिक महत्व हुने भएकोले यी स्रोतहरूमा तलमाथि भयोभने संस्था सहजै माथि उठ्न सक्दैन । "ढुंगाको भर माटो, माटोको भर ढुंगो" भनेझैं आर्थिक र प्राविधिक स्रोत राम्रो छ तर सञ्चालन गर्ने जनशक्ति सक्षम नहुँदा पनि संस्था धसिन्छ उठ्न सक्दैन । यसर्थ, संस्थालाई जीवन्त राख्न कार्यरत जनशक्ति कूशल अनि उर्जावान हुनुका साथै संस्थाको प्रशासनिक संरचना चुस्त, दुरूस्त र चलायमान हुन त्यत्तिकै आवश्यक छ । "आमाबाट पिटिएको बालक आमाकै पछि लागेर रोएजस्तै" कार्यरत जनशक्तिलाई पीरमर्का पर्दा प्रशासनिक संयन्त्र समक्ष आफ्नो दुखेसो पोख्नै पर्ने हुन्छ, यसको विकल्प छैन । बैंक, नेपाल सरकारबाट प्राप्त हुने नीति निर्देशन, कम्पनी ऐन, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,नेपाल राष्ट्र बैंक ऐन र इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको लागि एकीकृत निर्देशिका, प्रबन्धपत्र तथा विनियमावली, संचालक समितिबाट स्वीकृत कार्यविधि तथा निर्देशिकाहरू, कर्मचारी सेवा विनियमावली, प्रचलित नेपाल कानुनका र प्राकृतिक न्यायको सिद्धान्तलाई पूर्णरूपमा पालना गरी सञ्चालन हुँदै आएको छ । २०७२ असोज ३ गते आइतवारदेखि संघीय संरचनासहितको "नेपालको संविधान २०७२" लागु भएकोले यस बैंकको पनि छिटोछरितो संविधान कार्यान्वयनमा अग्रसर हुनु प्रमुख कर्तव्य हुन आउँछ । यसर्थ बैंकको बजेट तथा कार्यक्रम मार्फत संघीय संरचना अनुरूप आफ्नो प्रशासनिक संरचनामा परिवर्तन गर्न ढिला गर्नु हुँदैन जसको अब आवश्यकता महशुस भइसकेको छ । विद्यमान ढांचालाई परिवर्तन गरी अघि बढ्ने कार्य पक्कै पनि सहज छैन तर समयमै परिवर्तनलाई आत्मसात गरी आइपर्ने अप्ठ्यारोहरूमा विचार पुऱ्याई अघि बढ्नु श्रेयस्कर हुनेछ ।

**बैंक प्रादेशिक संरचनामा जाँदा ध्यान दिनुपर्ने कुराहरू :**

१) बैंकको विद्यमान प्रशासनिक संरचनाभन्दा प्रादेशिक संरचना केही फरक हुने भएकोले पदीय अधिकार र जिम्मेवारी सहितको नीति तर्जुमा गरी कार्यान्वयनमा जोड दिने ।
२) प्रादेशानुसार आर्थिक, प्राविधिक र प्रशासनिक कार्यको गहन जिम्मेवारी दिइ वित्तीय प्रतिष्पर्धात्मक क्षमतामा थप वृद्धि गर्न सक्षम बनाउने ।
३) प्रदेशको भौगोलिक बनोट, व्यावसायिक आकार र सम्भावना अनुरूपको आवश्यक जनशक्ति पहिचान गरी लक्ष्य हासिल गर्न कार्यशैलीमा सुधार गर्ने ।
४) संघीय, प्रदेश र स्थानीय कार्यालयहरू वीचको अन्तर सम्बन्ध बलियो बनाउँदै नीति/विधि सहित कार्यालयको स्थापना, स्थानान्तरण, कार्यक्षेत्र र पदीय जिम्मेवारीमा संशोधन र परिमार्जन गर्ने ।
५) संघीय सरकारको नीति र प्रदेश सरकारको भावना अनुरूपको वित्तीय सेवा र सुविधामा विस्तार तथा सहजीकरण गर्ने ।
६) भौगोलिक बनोट, भौतिक स्रोतसाधनको मांग र अवस्था, कर्मचारीको योग्यता, क्षमता र आवश्यकता अनुसारको सेवा सुविधा व्यवस्था गरी कर्मचारी खर्च र कार्यालय खर्चको अनुपात मिलाउने ।
७) संघीय र प्रदेश सरकारको नीति, स्थानीय उत्पादन तथा वितरणबीचको समन्वय कायम राखी ग्राहकको चाहना बुझेर व्यवसाय सञ्चालन गर्ने ।
८) सरकारको नीतिगत प्राथमिकता, बैंकिङ्ग व्यवसायको अवस्था, भौतिक सम्पत्तिको उपलब्धता, साधनस्रोतको अवस्था र कार्यालयको उपस्थितिका आधारमा विश्लेषण गरी विद्यमान सम्पत्ति र दायित्वको व्यवस्थापन गर्ने ।
९) प्रदेशानुसार आर्थिक कारोवारको अवस्था र volume

मा उतारचढाव हुने तथा बैंकिङ्ग कारोवारमा भाषागत जटिलता आइपरेमा अनेकतामा एकताको खोजी गर्ने ।

१०) एकातिर विद्यमान सुविधायुक्त भौतिक संरचना प्रयोग विहिन हुने र अर्कोतिर प्रयोगविहीन भौतिक संरचनाको मर्मत संभार गर्दा चालु पुँजीमा व्ययभार बढ्ने भएकोले आम्दानीमा वृद्धि हुने उपायको खोजी गर्ने ।

११) ग्राहकको आर्थिक अवस्थामा भिन्नता आउने, दक्ष प्राविधिक जनशक्तिको अभाव हुने र ग्राहकको चाहना समान नहुँदा लगानीको Potentiality मा समेत फरक पर्नसक्ने भएकोले सो को सन्तुलन मिलाउने ।

**आ.व. २०७५/७६ को जनशक्ति विवरण** :

| क्र.सं. | पदको विवरण | कर्मचारी संख्या |
|---|---|---|
| १ | विशिष्ट श्रेणी | ५ |
| २ | अधिकृत प्रथम श्रेणी | ३७ |
| ३ | अधिकृत द्वितीय श्रेणी | २१६ |
| ४ | अधिकृत तृतीय श्रेणी | ८६१ |
| ५ | सहायक प्रथम श्रेणी | ७६४ |
| ६ | सहायक द्वितीय श्रेणी | ६६३ |
| ७ | सहायक तृतीय श्रेणी | ४३ |
| ८ | सहयोगी कर्मचारी | १४९ |
| जम्मा कर्मचारी संख्या | | २७३८ |

**आ.व.२०७५/७६ को सांगठनिक अवस्था र कार्यालय विवरण** :

| क्र.सं | कार्यालयको विवरण | कार्यालय संख्या |
|---|---|---|
| १ | मुख्य कार्यालय | १ |
| २ | क्षेत्रीय कार्यालय | १० |
| ३ | क्षेत्रीय तालिम केन्द्र | ५ |
| ४ | विकास बैंकिङ्ग कार्यालय | १६ |
| ५ | बैंकिङ्ग मुख्य शाखा कार्यालय | ६ |
| ६ | बैंकिङ्ग शाखा कार्यालय | ९७ |
| ७ | बैंकिङ्ग उपशाखा कार्यालय | १३८ |
| | जम्मा | २७३ |

**बैंकको प्रशासनिक चुनौती र समाधानका उपायहरू** :

बैंकले आफ्ना गतिविधिहरूलाई ग्राहकको चाहना अनुरूप सक्षम, सवल, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउन विगतदेखि प्रयास गर्दै आएको तर आशानुरूप चुस्त दुरूस्त हुन नसकेको यथार्थलाई नकार्न मिल्दैन । विकास र सुधार जादुको छडी झैं एकै पटकमा हुने कुरा पनि होइन, इच्छाशक्ति र सम्बद्ध सबैको साथ सहयोग रहे सुध्रिँदै जान्छ, यसको प्रक्रिया पनि यही हो । विगतका वर्षहरूको तुलनामा खुला तथा आन्तरिक परीक्षा प्रणाली, कर्मचारीको कार्यसम्पादन मूल्यांकन, सरूवा र वैदेशिक अवसरका सन्दर्भमा क्रमशः सुधार हुँदै आएको सबैसामु छर्लङ्ग छ । अब वैदेशिक तालिम नीति निर्माण, कर्मचारी सरूवा नीतिमा परिमार्जन र कार्य सम्पादन मूल्यांकन पद्धतिमा सम्बद्ध पक्षको सुझाबका आधारमा संशोधन गरी अघि बढ्नसके बैंकको प्रशासनिक क्षेत्र सुदृढ हुने आशय आम कर्मचारीहरूले व्यक्त गरेको पाइन्छ । यसका अतिरिक्त बैंकले निम्नलिखित कुराहरूलाई समेत विचार पुर्‍याउनुपर्ने देखिन्छ ।

१) कर्मचारी सेवा विनियमावली २०६२ मा परिमार्जन र संशोधन गरी कर्मचारीहरूको कार्य सम्पादन मूल्यांकन फारमलाई समयसापेक्ष बनाउने ।

२) विद्यमान कर्मचारी सरूवा नीतिलाई संशोधन गर्नुपर्ने भए कुन कर्मचारी कुन क्षेत्रमा कति बस्नु पर्ने हो ? एकीन हुनेगरी नीति बनाई कार्यान्वयन गर्ने ।

३) बैंकको प्रबन्धकीय जिम्मेवारी दिंदा योग्यता,कार्यक्षमता र आचरणका आधारमा अधिकार सहित जिम्मेवारी दिनेतर्फ थप विचार पुर्‍याउने ।

४) बैंकमा नेपाल सरकार र सर्वसाधारण शेयरधनीहरूको बढी शेयर भएको कुरालाई मनन् गरी उच्च प्रतिफल दिने तरिकाले कार्य सम्पादन गर्ने र सेवाप्रदान गरे वापत प्राप्त मुनाफालाई सदुपयोग गर्दै बैंक र ग्राहकको हितलाई मूलमन्त्र बनाएर अघि बढ्ने ।

५) कर्मचारीले पालना गर्नुपर्ने पदीय अनुशासनमा कमी हुन नदिई संस्थागत सुशासन कायम गर्न थप जोड दिने ।

६) कर्मचारीहरूको व्यावसायिकतामा वृद्धि गर्ने उद्देश्यले तालीम नीतिमा परिमार्जन गरी सकारात्मक भावना जागृत गराउन थप प्रयास गर्ने ।

७) समयसापेक्ष नीति नियम निर्माण हुँदै गएको सन्दर्भमा सोको पूर्णपालना गर्ने गराउनेतर्फ समेत थप जोड दिने ।

८) ग्राहकप्रतिको जिम्मेवारी र जवाफदेहितामा कमी आउन नदिन कर्मचारीलाइ समयानुकूल उत्पेरित बनाई राख्ने उपायहरूको खोजी गर्दै जाने ।

९) कर्मचारी परिचालन र व्यवस्थापन गर्दा परेका पिरमर्काको समाधानलाई थप प्राथमिकतामा राखी, कार्य सम्पादनका आधारमा सेवा सुविधा प्रदान गर्ने पद्धतिको विकास गर्ने ।

१०) बैंकको सूचना प्रविधिलाई उच्च प्राथमिकतामा राखी व्यवस्थापन सूचना प्रणालीलाइ थप चुस्त दूरूस्त राख्ने ।

११) कुन उपायले कर्मचारीलाइ कामप्रति उत्तरदायी, सेवामूलक र अनुशासित बनाउन सकिन्छ ? भन्ने सम्बन्धमा कार्यपत्रमाथि छलफल, सेमिनार र गोष्ठीहरूको आयोजना गरी उत्प्रेरणा जगाउनेतर्फ थप प्रयास गर्ने ।

१२) नीति नियमहरूको पूर्ण पालना गर्दै बैंकको हितभन्दा व्यक्तिगत हितसंग तुलना गर्ने प्रवृत्तिमा सुधार ल्याउने उपायको खोजी गर्ने ।

१३) बैंक व्यवस्थापन र प्रतिष्ठानस्तरका कर्मचारी युनियनबीचको दूरी नजिक बनाई राख्न सम्बद्ध सबै पक्ष थप सचेत रहने ।

**बैंक व्यवस्थापनको विशेषता र महत्व** :

बैंकको उद्देश्य हासिलका निम्ति उपलब्ध स्रोतसाधनको व्यवस्थित तरिकाले परिचालन र प्रयोग गर्न अपनाइने व्यवस्थापकीय रणनीतिलाई व्यवस्थापन भनिन्छ । एउटै शब्दमा भन्नुपर्दा बैंकमा उपलब्ध स्रोत र साधनको अत्यधिक प्रयोग गरी अरूबाट काम लिइ लक्ष्य प्राप्त गर्नसक्ने कला नै व्यवस्थापन हो ।

ईजिप्टको पिरामिड निर्माण गर्दा दैनिक एक लाख कामदारले २० वर्षसम्म काम गरे भने, Geeat wall of china निर्माण गर्दा होस् वा सिंहदरबार बनाउँदा हजारौं श्रमिकले वर्षौं काम गरेपश्चात कार्य सम्पन्न भयो यसलाइ कुशल व्यवस्थापनको एक उदाहरण मान्न सकिन्छ । व्यवस्थापन एक पेशा, गतिशील प्रक्रिया र अरूद्वारा कार्य सम्पादन गराउन सक्ने कार्य कुशलता पनि भएकोले एक सफल व्यवस्थापक तपशिलका कुराहरूमा विचार पुऱ्याई क्रमशः अघि बढ्दै गरेको पाइन्छ । जस अनुसार-

१) व्यवस्थापनले निर्दिष्ट उद्देश्य र लक्ष्य लिएर अघि बढ्ने हुनाले उद्देश्य प्राप्त गर्न तोकिएको कार्य तोकिएको समयभित्र सम्पन्न हुने वातावरण श्रृजना गरेको हुन्छ ।

२) व्यवस्थापन व्यक्तिगत वा समूहगत सोंचमा आधारित हुने र निर्धारित कार्य अर्कैबाट सम्पन्न गराउंने भएकोले प्रत्यक्ष/अप्रत्यक्ष Watch dog को भूमिकामा रहेको हुन्छ ।

३) व्यवस्थापन Team spirit लाई प्रोत्साहित गर्दै संस्थागत लक्ष्य र उद्देश्य हासिलका निम्ति संस्थागत मूल्य चुकाउन तयार रहेको हुन्छ ।

४) व्यवस्थापन नीति विधि र पद्धति अनुरूप सतर्कतापूर्वक आफ्नो संस्थाको नेतृत्व लिई अघि बढेको हुन्छ ।

५) व्यवस्थापन सर्वव्यापी भएकोले सबै खाले निकायमा यसको उपस्थिति अपरिहार्य हुन्छ र निर्दिष्ट लक्ष्य प्राप्तिका लागि व्यावसायिक प्रतिस्पर्धामा अग्रपंक्तिमा उभिई Team spirit बनाएर अघि बढेको हुन्छ ।

६) व्यवस्थापनले निर्दिष्ट बजेट अनुसार नीति, कार्यक्रम र लक्ष्य हासिल गर्न संस्थागत आम्दानी र खर्चको संतुलन मिलाइरहेको हुन्छ ।

७) व्यवस्थापनले प्राप्त मार्ग निर्देशानुसार संस्थाको काम कारवाही उचित ढंगले अघि बढे/नबढेको सम्बन्धमा आफ्ना संयन्त्र परिचालन गरी प्राप्त Feed Back का आधारमा संस्थालाई Track मा हिंडाइ रहेको हुन्छ ।

८) सिंगो समाज र संस्थालाई भविष्यका लागि सही बाटोमा हिंडाउन सक्ने दक्ष व्यवस्थापक र सक्षम प्रशासक तयार गर्न समेत पनि ध्यान पुऱ्याइरहेको हुन्छ ।

**बैंकका व्यवस्थापकीय चुनौती र समाधानका उपायहरूः** :

१) कर्मचारीहरूमा काम, कर्तव्य र अधिकार बोधको भावना जगाउँदै जिम्मेवारी बहन गर्न सक्ने क्षमता अभिवृद्धि गराउँदै लैजाने ।

२) बैंकको बाह्य तथा आन्तरिक कारणले बैंकिङ्ग कसुर र ठगी गर्ने प्रवृत्तिलाई न्यूनीकरण गर्दै अन्तत शून्य गराउने उपाय र प्रविधिको खोजी गर्ने ।

३) कारोवारको नियमित अनुगमन र Fraud activity को कडा निगरानी र जानाजान गलत कार्य गर्ने कर्मचारीलाई सजाय दिने कार्यलाई निरन्तरता दिई थप कडा कानुनको व्यवस्था गर्ने गराउने ।

४) भाखा नाघेको कर्जा बृद्धि हुन र शंकास्पद व्यवस्थामा वृद्धि हुन नदिनुका साथै न्यून गर्ने उपायको खोजी गरी कर्मचारी खर्च र कार्यालय खर्चलाई कम गर्ने ।

५) कार्यरत कर्मचारीलाई जिम्मेवारी बहन गर्नेतर्फ जागरूक बनाइ बैंकको लक्ष्य पूरा गर्ने कार्यमा क्रियाशील गराउने वातावरण प्रदान गर्ने ।

६) अधिकांश कार्यालयहरूमा CBS लागु भईसके पनि Non fund business आशानुरूप वृद्धि हुन नसकेकोले गैर कोष आम्दानी बढाउँदै जाने ।

७) विगतमा जस्तै कर्मचारीहरू आफ्नो दैनिक कार्यबाहेक अतिरीक्त समय बैंकलाई दिन थप उत्प्रेरित हुने गरी सेवा सुविधामा वृद्धि गर्ने ।

८) बैंकिङ्ग बजारमा रहेको तीब्र प्रतिस्पर्धाको सामना गर्दै अघि बढ्नु पर्ने भएकोले आर्थिक, प्राविधिक र प्रशासनिक संयन्त्रलाई थप बलियो बनाउने ।

९) लघुवित्त, कृषि कर्जा तथा वाणिज्य बैंकिङ्ग सेवा समेत प्रदान गर्दै, दिगो सञ्चालन मुनाफा आर्जन गर्ने अग्रणी बैंक हो भन्ने चिनाउन बैंकका सबैखाले औंजारमा धार लगाउने ।

१०) सरकारी नीति अनुशरण गर्दै बैंकिङ्ग सेवाको पहुँच (out reach) सबै स्थानीय निकायसम्म पुर्‍याउनुपर्ने भएमा जिम्मेवारी बहन गर्न ढिला नगर्ने ।

११) छरिएका स-साना निक्षेप संकलन गर्न "एक परिवार एक बैंक खाता" को नीति कार्यान्वयन गरी निक्षेप वृद्धिलाई जोड दिने ।

१२) नेपाल सरकारको ५१ प्रतिशत शेयर, करिव दुईलाख सर्वसाधारण शेयरधनी, लाखौंको संख्यामा रहेका ग्राहकलाइ सेवा सुविधा दिंदै आएको यस बैंकलाइ कालान्तरसम्म बचाई राख्नकोलागि सेवाबाट आर्जित मुनाफालाई सन्तुलित ढंगले परिचालन गर्ने ।

१३) निक्षेपकर्ताको संख्या, कर्जा ग्राहक संख्या, मासिक व्याज बुझाउने ग्राहक संख्या र असल ग्राहक संख्यामा गुणात्मक वृद्धि गर्दै जाने ।

१४) पुरूषको तुलनामा महिला ग्राहकको संख्या न्यून भएकोले महिला ग्राहकलाई प्राथमिकतामा राखी उल्लेख्य संख्यामा वृद्धि गर्ने ।

१५) निक्षेप संकलन वृद्धि गर्न विविध प्रकारका Equipment को खोजी गर्दै मासिक र असल ग्राहकहरूलाई Role model को रूपमा विकास गर्ने ।

उपरोक्त बमोजिमका आर्थिक, प्रशासनिक र व्यवस्थापकीय चुनौती रुपी ऐंजेरू छिमल्दै यसको उचित व्यवस्थापन गर्नका लागि व्यवस्थापकीय सोंच,विस्तृत कार्ययोजना र कुशल Team Spirit अनुसार कार्य सम्पादन हुँदै जाने हो भने, बैंकको दायरा दिनानुदिन फराकिलो, विश्वासिलो र भरपर्दो हुनुका साथै शहरदेखि गाउँ वस्तीसम्मका शुभचिन्तक सेवाग्राही र Stake holders समेतको मुहार रसिलो अनि हँसिलो हुने कुरामा दुईमत हुनेछैन । ●●

*(लेखक कृषि विकास बैंकमा विभागीय प्रमुख हुनुहुन्छ ।)*

# कृषि विकास बैंकमा इलेक्ट्रोनिक चेक क्लियरिङ्ग र इन्टरबैंक पेमेण्ट सिस्टम

■ सुशिल हुमागाई

बैंक तथा वित्तीय संस्था भनेको कुनै व्यक्ति तथा संस्था संग रहेको निक्षेप संकलन गर्ने र त्यसको परिचालन गरी देशको अर्थतन्त्रलाई सवल बनाउन मद्दत गर्ने प्रमुख संस्था हो । वर्तमान परिपेक्षमा बैंकले ग्राहकको सहजता तथा सरलताका लागि विभिन्न आधुनिक उपकरण तथा माध्यम प्रयोग गरी ग्राहक वर्गलाई सेवा प्रदान गर्दै आइरहेको छ । जसमध्ये चेक clearing रकम जम्मा तथा भुक्तानीको साधन हो । क्लियरिङ्ग कार्य भन्नाले कुनै एउटा बैंक वा वित्तीय संस्थाको भुक्तानीका साधन (चेक, ड्राफ्ट, बिल) हरू जस्ता कागजातहरू अर्को बैंक वा वित्तीय संस्थामा पेश भएमा सोको फरफारक गरी भुक्तानीको व्यवस्था मिलाउने कार्य हो । कुनै पनि देशको केन्द्रीय बैंकको एउटा महत्वपूर्ण कार्य समाशोधन गृहको (Clearing house) कार्य हो । नेपालको सन्दर्भमा केही समय पहिलेसम्म यस कार्य तोकिएको समयभित्र बैंक तथा वित्तीय संस्थाहरू नेपाल राष्ट्र बैंकमा जम्मा भएर चेक साटासाट गरी गर्दै आएको थियो । त्यस बेलासम्म क्लियरिङ्ग गर्दा ती कागजातहरू भौतिक रूपमै नेपाल राष्ट्र बैंक हुँदै सम्बन्धित बैंक वा वित्तीय संस्थामै पुग्नु पर्दथ्यो । यसरी क्लियरिङ्गका लागि ती कागजातहरू सम्बन्धित बैंक तथा वित्तीय संस्थासम्म पुग्दा सम्बन्धित ग्राहकले भुक्तानी प्राप्त गर्न ढिलो हुने, कागजातहरू हराउन सक्ने, नष्ट हुन सक्ने वा च्यातिने इत्यादि जोखिमहरू रहन्थे ।

समयको गतिसँगै सूचना प्रविधिमा आएको परिवर्तनले गर्दा त्यस प्रकारको क्लियरिङ्ग कार्य समेत विद्युतीय माध्यमबाट गरिने प्रणालीको विकास भएको छ । जसले गर्दा त्यस्ता चेक, ड्राफ्ट वा बिल्सहरूलाई विशेष चेक स्क्यानरबाट स्क्यानिङ गरी वा ग्राहकको भुक्तानी आदेश अनुसार भरपर्दो विद्युतीय प्रणालीमार्फत सोझै सम्बन्धित बैंक वा वित्तीय संस्थामा पठाउने र सम्बन्धित बैंक वा वित्तीय संस्थाले प्राप्त गरेको चेकलाई वा भुक्तानी आदेशलाई नियमानुसार जाँच गरी भुक्तानीको निम्ति स्वीकृत वा अस्वीकृत गरी फिर्ता पठाउने गरिन्छ । यसरी MICR Cheque मार्फत गरिने कारोवारलाई Electronic Cheque Clearing (ECC) र ग्राहकको भुक्तानी आदेश अनुसार एक बैंक तथा वित्तीय संस्थाबाट अर्को बैंक तथा वित्तीय संस्थामा रकमको आदान प्रदान गर्ने कार्यलाइ Inter Bank Payment System भनिन्छ । नेपालमा नेपाल क्लियरिङ्ग हाउस लिमिटेड (NCHL) को माध्यमबाट यस्तो चेक क्लियरिङ्ग र अन्तर बैंक भुक्तानी प्रणालीको कारोवार हुने गर्दछ ।




ECC Clearing process

वि.सं. २०६५ पौष ८ मा NCHL स्थापना भई हाल यसैमार्फत उक्त क्लियरिङ्को कार्य हुँदै आएको छ । कुनै पनि बैंक तथा वित्तीय संस्थाले यस प्रणालीमार्फत चेक क्लियरिङ् गर्नको लागी अनिवार्य रूपमा NCHL-ECC / NCHL-IPS को सदस्यता लिनुपर्ने हुन्छ । नेपाल राष्ट्र बैंकले यस व्यवस्थाको नियमन, निर्देशन तथा सुपरिबेक्षण सम्बन्धी कार्य गर्दछ । नेपाल क्लियरिङ् हाउस लिमिटेडको ई.सि.सि. प्रणालीमा २०७५ मंसिर मसान्तसम्ममा नेपाल राष्ट्र बैंक, २७ वटा वाणिज्य बैंकहरू, २८ वटा विकास बैंकहरू र १९ वटा वित्त कम्पनीहरू गरी ७५ वटा वित्तीय संस्थाहरू आवद्ध रहेका छन् ।

कृषि विकास बैंक लि.ले पनि मिति २०६८ असार २९ मा NCHL को सदस्यता लिई मिति २०६८ चैत २८ गते देखि कर्पोरेट बैंकिङ् कार्यालय, रामशाहपथबाट यो कारोवार शुरू गरेको हो । सदस्यता वापत बैंकले अन्य बैंक तथा वित्तीय संस्थाहरू सरह सदस्यता शुल्क, वार्षिक रूपमा मर्मत र कनेक्टीभिटी शुल्क र प्रत्येक शाखाहरूमा Outward ECC System जडानका लागि आवश्यक पर्ने Digital Certificate वापतको प्रत्येक Certificate को बार्षिक शुल्क तिर्नुपर्ने हुन्छ । हाल कृषि विकास बैंक लि. मा Outward Cheque Clearing १६८ वटा शाखाहरूले गरिरहेको छ र Core Banking System जडान भएका सबै शाखाहरूमा क्षेत्रीय कार्यालय र सम्बन्धित शाखाले माग गरेको खण्डमा Cheque Scanner machine पुगेको अवस्थामा ३ कार्य दिनभित्र ECC जडान गर्ने गरिएको छ भने Inward Cheque Clearing चाहीँ Centralized गरिएको हुँदा CBS प्रणाली जडान भएका सबै शाखाहरूको Inward Cheque Clearing कार्य मुख्य कार्यालयस्थित कर्पोरेट बैंकिङ् कार्यालय, रामशाहपथले गर्दै आएको छ । गत आ.ब. २०७४/०७५मा शाखाहरूले एक लाख पचास हजारभन्दा बढी संख्यामा चेक राफसाफ गरी एक खर्ब २० अर्ब जति रकमको outward cheque clearing कारोवार गरेका छन् । त्यस्तै Inward cheque clearing तर्फ Corporate Banking Office रामशाहपथले लगभग २ लाख सख्ंयामा चेक राफसाफ गरी एक खर्ब पचास अर्ब जति रकमको कारोबार भएको छ ।

हाल MICR (Magnetic Ink Character Recognition) चेक मात्रै क्लियरिङ्मा प्रयोग गर्नुपर्ने हुन्छ । MICR चेक भनेको विशेष प्रकारको सुरक्षा प्रणाली अपनाइएको चेक हो, जसलाई चेक स्क्यानरले चेकका आवश्यक Parameter हरू Automatically Read गर्दछ । भुक्तानी तथा फछर्यौट प्रणालीलाई व्यवस्थित गर्न क्लियरिङ् हाउसले राष्ट्र बैंकको नियमन एवम निर्देशनको अधीनमा रही कार्य गर्दछ । चेक क्लियरिङ् कारोबारको अन्तिम फछ्र्यौट गर्ने कार्य नेपाल राष्ट्र बैंकले गर्दछ । क्लियरिङ् हाउसले चेक पेश गर्ने समय फेरबदल गर्नुपर्ने अवस्थामा आएमा नेपाल राष्ट्र बैंकको स्वीकृति लिएर मात्र गर्ने गर्दछ ।

ECC पूर्णतया Image Based र कम खर्चिलो प्रणाली हो । जसमा सक्कल चेकलाई Scanning गरी विद्युतीय प्रणाली मार्फत सम्बन्धित बैंक तथा वितीय संस्थामा क्लियरिङ्का लागि पठाइन्छ । क्लियरिङ्को Settlement गर्ने कार्य नेपाल राष्ट्र बैंकले नै गर्दछ । यस प्रणालीमार्फत रू. ३० करोडसम्मको चेक क्लियरिङ् गर्न सकिन्छ । रू. ३० करोड भन्दा माथिको चेक आएको खण्डमा सक्कल चेक नै नेपाल राष्ट्र बैंक लगेर क्लियरिङ् गर्ने गरिन्छ । तोकिएको समय भित्रै चेक क्लियरिङ् भई आउने हुनाले यो पूर्णतया सुरक्षित र भरपर्दो हुन्छ ।

ECC अन्तर्गत हाल नेपाली रूपैया (NPR), अमेरिकी डलर (USD), पाउण्ड स्टर्लिङ् (GBP) र युरो (Euro) गरी चार वटा मुद्राको Clearing को कार्य गरिन्छ । नेपाली मुद्रामा नियमित समय आइतवारदेखि विहिवारसम्म रहेको छ भने Foreign Currency तर्फ सोमबार देखि बिहिबार सम्म नियमित Session रहेका छन् भने Express र High Value सोमबारदेखि शुक्रबारसम्म हुने गर्दछ । जसमा ५ वटा Session हरू उपलब्ध गराईएको हुन्छ । High-Value Clearing Session, 1st Express Session, 2nd Express Session, 3rd Express Session / Regular Session गरी ५ वटा Session हरू रहन्छन् भने शुक्रवार दुई वटा Express Session र High-Value Session मात्र उपलब्ध हुन्छन् । रू. २० करोडदेखि माथि रू. ३० करोडसम्मको चेक High-Value Session मार्फत क्लियरिङ् गर्ने गरिन्छ ।

यस्ता Session हरू ग्राहकको आवश्यकता अनुसार प्रयोग गर्न सकिन्छ । सबै Session हरूको निश्चित समय तोकिएको हुँदा सोही समयअनुसार कार्य सम्पन्न गनुपर्ने हुन्छ । ती Session हरूका समय सामान्यतया निम्न बमोजिम तोकिएका हुन्छन् । ECC कारोवार गर्दा मुख्यतया निम्न ३ वटा Timing लाई बुझ्नुपर्ने हुन्छ ।

1. Presentment Time
    a. Normal Presentment Time
    b. Late Presentment Time
2. Reply Time
3. Settlement Time

| Sessions | Presentment Starts | Late Presentment | Presentment Ends | Reply Time Ends | Settlement Time From |
|---|---|---|---|---|---|
| Regular Clearing Session | 2:00 (T-1) | 1:30 (T) | 2:00 (T) | 3:00 (T) | 3:10 (T) |
| 1st Express Session | 10:00 (T) | 10:45 (T) | 11:00 (T) | 11:30 (T) | 11:40 (T) |
| 2nd Express Session | 11:00 (T) | 11:45 (T) | 12:00 (T) | 12:30 (T) | 12:40 (T) |
| 3rd Express Session | 12:00 (T) | 12:45 (T) | 1:00 (T) | 1:30 (T) | 1:40 (T) |
| High Value Session | 10:00 (T) | NA | 11:30 (T) | 12:30 (T) | 12:40 (T) |

नोट : (T) भनेको आज मान्ने हो भने (T-1) भन्नाले बितेको कार्य दिन हुन्छ ।

| Sunday to Thrusday | Presentment Time Starts | Presentment Time Ends | Timing and Charges |
|---|---|---|---|
| **First Express** | 10:00AM | 11:00 AM | Up to 10:45 fee is Rs 100 per transaction |
| | | | 10:45 to 11:00 AM fee is Rs 200 Per Transaction |
| **Second Express** | 11:00AM | 12:00 PM | Up to 11:45 fee is Rs 100 per transaction |
| | | | 11:45to 12:00 PM fee is Rs 200 Per Transaction |
| **Third Express** | 12:00AM | 1:00 PM | Up to 12:45 fee is Rs 100 per transaction |
| | | | 12:45 to 01:00 PM fee is Rs 300 Per Transaction |
| **Regular Session** | For Sunday, Session Starts from Thursday 02:00 PM other Day Yesterday's 2 PM to Today's 1:30 PM for | Sunday 1:30:00 PM for Sunday other subsequent Day for Monday to Thursday | Up to 1:15 fee is Rs 30 per transaction for amounted equal or more than 2 lakh cheque |
| | | | 1:30 to 02:00 PM fee is Rs 200 extra charge Per Transaction |
| **For Friday** | | | |
| **First Express** | 10:00AM | 11:00 AM | Up to 10:45 fee is Rs 100 per transaction |
| | | | 10:45 to 11:00 AM fee is Rs 200 Per Transaction |
| **Second Express** | 11:00AM | 12:00 PM | Up to 11:45 fee is Rs 100 per transaction |
| | | | 11:45 to 12:00 PM fee is Rs 200 Per Transaction |

यसरी चेकहरू क्लियरिङ्ग गर्दा केही कुराहरूमा विशेष ध्यान दिनुपर्ने हुन्छ । Outward Cheque Clearing गर्दा सबैभन्दा महत्वपूर्ण कुरा पेश गरिएको चेक NCHL-ECC को सदस्य बैंकहरूमध्येकै हुनुपर्दछ र उक्त चेकमा कुन शाखाबाट भुक्तानी हुने हो स्पष्ट हुनुपर्दछ । साथै, चेक भुक्तानी पाउने ग्राहकको अनिवार्य रूपमा खाता हुनुपर्दछ । चेकको पछाडिपट्टि भुक्तानी पाउने व्यक्तिले Endorse गरी दस्तखत गरेको हुनुपर्दछ र पेश हुन आएको चेकको मिति भुक्तानी गर्न मिल्ने समयभित्रको छ छैन यकीन गर्नुपर्दछ । चेकसँगै रकम जम्मा हुने खाताको जम्मा भौचर समेत भरेको हुनुपर्दछ ।

चेक पूर्ण रूपमा ठीक भएको यकिन भएपछि सो चेकलाई बैंकको नियमानुसार ओ.बि.सि. (Outward Bills Collection) दर्ता रजिष्टरमा दर्ता गरी भौचरमा दर्ता नं. लेखेर ग्राहकलाई सोको अर्धकट्टी दिनु पर्ने हुन्छ । त्यस पछी सो चेकमा बैंकको छाप लगाई चेकको पछाडिपट्टि बैंकको तर्फबाट Endorsement गरी Presentment time भित्र ECC मार्फत सम्वन्धित बैंकमा पठाउनु पर्दछ । हामीले यसरी OBC मा पठाएको चेक अब खाता रहेको बैंकको निम्ति IBC (Inward Bills Collection) हुन जान्छ । उक्त बैंकले सर्वप्रथम चेकमा लेखिएको मिति र भुक्तानी योग्य मिति जाँच्छन । साथै, प्राप्त चेकको भुक्तानी रोक्का वा अन्य कुनै निर्देशन भए/नभएको यकिन गर्दछन् ।

सो चेकमा अंक र अक्षरमा लेखिएको रकम मिलेको छ/छैन, चेकमा नियमानुसार Endorsement गरिएको छ/छैन भन्ने कुरा जाँच्नुपर्दछ । साथै चेक Posting Date र Presentment Date चेकमा बैंकले Endorse गरे अनुसार छ/छैन, प्राप्त चेकको खातामा पुग्ने रकम भए/नभएको हेर्नुपर्दछ । चेकमा गरेको दस्तखत बैंकमा रहेको दस्तखत नमुना अनुसार मिलेको/नमिलेको हेर्नुपर्दछ । चेकमा कुनै केरमेट भएको भए सो स्थानमा खातावालाको पूरा दस्तखत भएको हेर्नुपर्दछ । चेकमा दस्तखत बाहेक अन्य व्यहोरामा एउटै भाषा तथा मसीको प्रयोग भएको हुनुपर्दछ ।

उक्त चेक पूर्णरूपमा ठीक भएको अवस्थामा सम्बन्धित खाताबाट चेकको रकम Debit गरी सो सम्बन्धी जानकारी ECC को प्रणालीबाट तत्काले सम्बन्धित बैंकलाई गराउनु पर्दछ । यदि प्राप्त चेकहरू कुनै कारणले अस्वीकार्य हुने भएमा कारणसहित निर्धारित समयभित्रै ECC को प्रणालीबाट चेक फिर्ता पठाउनु पर्दछ । यस्ता कारणहरू ग्राहकको कारणबाट अस्वीकार्य भएमा कुनै पनि Penalty तिर्नु नपर्ने हुन्छ भने Presenting Bank को कारणबाट अस्वीकार्य भएमा बैंकले नै Penalty Charge तिर्नुपर्ने हुन्छ । यसरी यस प्रणालीबाट कारोवार गर्दा निकै ध्यान दिनुपर्ने देखिन्छ । यस Eloctronic Cheque Clearing मार्फत सही तरीकाले कारोवार गर्दा क्लियरिङ्को काम अत्यन्तै छिटो छरितो हुन गई समयको बचत हुन जान्छ र ग्राहकहरूले पनि नगद बोकेर हिंड्नुपर्ने अप्ठेरोपनबाट छुटकारा पाउँछन् ।

## How does NCHL-IPS work?




समयको तीव्र गतिसँगै साथै नयाँ प्रविधिको आगमन तथा विकास स्वरूप यस प्रतिष्पर्धी बैंकिङ्ग क्षेत्रमा नगद रहित कारोबार सञ्चालन सहज र सरल तरिकाले छिटो छरितो तथा विश्वसनीय ढङ्गले सञ्चालन गर्न NCHL ले नयाँ प्रविधि स्वरूप IPS (INTER BANK PAYMENT SYSTEM) भित्र्याएसँगै कृषि विकास बैंक पनि यसको सदस्य भएकाले मिति २०७२ माघ ४ गतेदेखि निरन्तर यसमार्फत दैनिक कारोवार हुँदै आएको छ । हाल आएर manual गर्ने कार्यलाई सहजीकरण गर्नका लागि CONNECT IPS/NCHL-IPS PARTICIPANTS प्रणालीबाट यो कार्य गरिएको छ ।

IPS को कार्य पनि INWARD र OUTWARD माध्यमबाट हुने गर्दछ, यसको माध्यमबाट एक बैंकको रकम अर्को बैंकमा कम समयमा रकमान्तरण हुने गर्दछ । Inward Transaction मा Direct Debit र Direct Credit साथै Outward Transaction मा Direct Debit र Direct Credit का कारोवार हुन्छ ।

**Direct Credit Overview**




यसका प्रक्रियाहरू निम्न तरिकाले गर्न सकिन्छ :

पहिलो EXCHANGE 0 जसको Presentment Time अघिल्लो कार्यदिनको १:०० बजेदेखि सुरू भई भोलिपल्ट बिहान १०:०० बजे सम्मको हुने गर्दछ र जसको Reply Time ११:३० बजेसम्म हुन्छ । यो प्रक्रिया दुबै INWARD/OUTWARD मा हुने गर्दछ । दोस्रो EXCHANGE 2 जसको Presentment Time सोही दिन १०:०० बजेदेखि सुरू भई सोही दिन बिहान ११:०० बजेसम्मको हुने गर्दछ र जसको Reply Time ११:३० बजेसम्म हुन्छ । यो प्रक्रिया पनि दुबै INWARD/OUTWARD मा हुने गर्दछ । तेस्रो EXCHANGE 3 जसको Presentment Time सोही दिन ११:०० बजेदेखि सुरू भई सोही दिन बिहान १२:०० बजेसम्मको हुने गर्दछ र जसको Reply Time १२:३० बजेसम्म हुन्छ । यो प्रक्रिया दुबै INWARD/OUTWARD मा हुने गर्दछ । चौथो EXCHANGE 4 र 1 जसको Presentment Time सोही दिन १२:०० बजेदेखि सुरू भई सोही दिन बिहान १:०० बजेसम्मको हुने गर्दछ र जसको Reply Time ०१:३० बजेसम्म हुन्छ । यो प्रक्रिया दुबै INWARD/OUTWARD मा हुने गर्दछ ।

TREASURY SESSION EXCHANGE छ सोही दिन दिउँसो २:४५ सम्ममा रकमान्तरण रू. ५० करोड LIMIT भित्र रही Presentment गरिन्छ र EXCHANGE 6,7 हरू पनि हुने गर्दछ । जस अन्तर्गत रकमको सीमा रू १,००,०००।- सम्मको हुन्छ ।

यसरी दिनभर सबै कार्यालयहरूबाट भएको ECC र IPS कारोवार Transaction को विवरण NCHL बाट SETTLEMET Report आउँदछ । Inward Cheque Clearing कार्य मुख्य कार्यालयस्थित कर्पोरेट बैंकिङ्ग कार्यालय, रामशाहपथले गर्ने हुँदा Settlement पनि यसै कार्यालयबाट हुन्छ । NCHL को report सँग कर्पोरेट बैंकिङ्ग कार्यालय, रामशाहपथले आफ्नो T24 को रिपोर्ट भिडाई कर्पोरेट बैंकिङ्ग र TREASURY विभागको NRB को खातासँगको कारोवार भिडाई पुनः लेखा विभागसँग हिसाब पठाई दैनिक Settlement को कार्य गरिन्छ । ●●

*(लेखक कृषि विकास बैंकका मुख्य प्रबन्धक हुनुहुन्छ ।)*

# व्यवसाय सञ्चालन कार्यक्रम तथा व्यवस्थापन

■ गोपाल रेग्मी

कृषि विकास बैंकको आ. ब. २०७५।७६ को व्यावसायिक योजना अन्तर्गत १११५३.८७ करोड कर्जा लगानी पुऱ्याउने जसबाट १४२५.०९ करोड व्याज असुली गर्ने, स्रोत बापत ११६६३.७१ निक्षेप संकलन गर्ने, तत्पश्चात ५५९.४७ करोड सञ्चालन खर्च गरी ८४९.१४ करोड सञ्चालन आम्दानी गरेर २८९.६७ सञ्चालन मुनाफा तथा ५०२ करोड खुद मुनाफा गर्ने लक्ष्य राखिएको छ । उक्त लक्ष्य हासिल गर्न स्रोतको रूपमा निक्षेप संकलन गर्नुपर्ने र आधुनिक बैंकिङ्ग सेवाको साथमा प्रमुख व्यवसायको रूपमा कर्जा लगानी तथा गैर कोष व्यवसायको रूपमा मुख्य गरेर जमानत र प्रतीतपत्र व्यवसायलाई विस्तार गर्नु जरूरी देखिन्छ ।

आपूर्ति प्रणालीमा आएको सुधार, उर्जाको सहज उपलब्धता, उत्पादन क्षेत्रको विस्तार र द्रुत निर्माण कार्य, सुदृढ विप्रेषण आप्रवाह तथा प्रत्यक्ष वैदेशिक लगानीमा वृद्धिका कारण अ.ब. २०७५।७६ मा बैंकको लागि प्रशस्त अवसरहरू सृजना हुने कुरा बैंकको बजेट कार्यक्रम सञ्चालन गर्ने क्रममा उल्लेख गरिएको छ ।

सञ्चालन खर्चमा मितव्ययिता, संगठनात्मक ढाँचामा सुधार संस्थागत सुशासनको व्यवस्था, प्रभावकारी अनुगमन निरिक्षण, संस्थागत क्षमतामा अभिवृद्धि, प्रविधि अनुकूल दक्ष जनशक्ति, ग्राहक लक्षित गुणस्तरीय आधुनिक बैंकिङ्ग सेवा विस्तार, कृषि क्षेत्रमा कर्जा प्रवाहमा जोड, सूचना प्रविधि व्यवस्थापन, साधन व्यवस्थापन तथा परिचालन, संस्थागत सामाजिक उत्तरदायित्व तथा वित्तीय साक्षरता लगायतका विशेषता बताइएको कृषि विकास बैंकको बजेट तथा कार्यक्रममा आ.व. २०७५।७६ मा कोष तथा गैर कोष व्यवसाय सञ्चालनका लागि निम्न बमोजिम आफ्ना नीति तथा कार्यक्रम लागु गर्नका लागि आवश्यक वार्षिक कार्यक्रम तय गरेको छ ।

**क) कर्जा व्यवसाय विस्तार**

१) आ.व. २०७४/७५ को असार मसान्तमा हुने लगानीमा रहिरहेको रकम (ल.र.र.) समग्रमा ११.७० प्रतिशतले वृद्धि हुने गरी गुणस्तरीय कर्जा प्रवाह गर्ने ।

२) कर्जाको गुणस्तर कायम गर्न जोड दिने ।

३) कर्जा कार्यक्रम सञ्चालनमा सहजता ल्याउने ।

४) नेपाल सरकारले निर्दिष्ट गरेका कार्यक्रमहरू सञ्चालन गर्ने ।

**ख) साना, लघुउद्यम तथा कृषि कर्जा**

कृषि क्षेत्रमा कर्जाको पहुँच वृद्धि गर्न यस आर्थिक वर्षमा निर्धारण गरिएको कर्जा प्रवाह लक्ष्य बमोजिम खुद कर्जा वृद्धिमध्ये न्यूनतम १० प्रतिशत कृषि क्षेत्रमा कर्जा प्रवाह गर्ने ।

**ग) गैर-कोषमा आधारित व्यवसाय विस्तार**

प्रतीत-पत्र तथा बैंक जमानत कारोवारलाई सुदृढ गर्दै २०७५ असार मसान्तमा हुने कारोवारमा २५ प्रतिशतले वृद्धि हुने गरी कार्यक्रम सञ्चालन गर्ने ।

उपरोक्त बमोजिम तय गरिएका वार्षिक कार्यक्रम सम्पन्न गर्नको लागि निम्नानुसार रणनीति अपनाई कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।

- ०७४।७५ आषाढ मसान्तमा बाँकी रहेको निष्क्रिय कर्जाको आधारमा लगानीमा रहिरहेको रकम वृद्धि गर्न नीति तथा कार्यक्रममा समेत उल्लेख भइसकेको छ । यसलाई व्याज आम्दानीमा रूपान्तरण गर्नको लागि प्रथम अर्द्धवार्षिक भित्रमा ८०% प्रगति हासिल गर्ने गरी कार्य गर्नुपर्ने देखिन्छ भने अर्कोतर्फ बैंकको हालको

सुदृढ तरल अवस्थाको अवसरबाट फाईदा उठाउन लगानीको राम्रो सम्भावना भएका तथा असुलीमा उत्साहजनक प्रगति हासिल गर्ने कार्यलयहरूको लगानीमा रहिरहने कर्जा रकमको लक्ष्य परिमार्जन गरी बढेको लक्ष्य हासिल गर्न उन्मुख गराउनु पर्दछ ।

- बैंकको हालको सुदृढ तरल अवस्थाको कारणले नयाँ ग्राहकहरूलाई सेवा उपलब्ध गराउन सकिने अवस्थामा गैर कोष कारोबार गर्ने ग्राहकहरूलाई कर्जा सुविधा उपलब्ध गराएर जमानत, प्रतीतपत्र जस्ता गैर कोष कारोबार समेत गर्ने अवसर उपलब्ध गराई एकीकृत कारोबारको थलो उपलब्ध गराउनु पर्दछ ।

- परियोजना तथा धितो, मौज्दात तथा लिनुपर्ने दिनुपर्ने हिसाब, कर्जा आवेदकको आम्दानीको स्रोत, परियोजना कर्जा भुक्तानी अवधिमा हुने नगद आय तथा समग्र जोखिम विश्लेषणको आधार लिई बैंक बेनेफिसियरी हुने गरी धितो तथा स्टकको बीमा गर्ने गरी लगानी गरी कर्जाको गुणस्तर कायम राख्न नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ ।

- Account Loan Module को प्रभावकारी कार्यान्वयन गर्ने, CBS मा धितो तथा Limit लाई अद्यावधिक गर्ने सुन कर्जाको लागि Gold Tester को व्यवस्था गर्ने, Document Management System जस्तो Software प्रयोगमा ल्याई कर्जा कार्यक्रममा सहजता ल्याउने कुरा नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ ।

- भूकम्पपीडितलाई पुननिर्माण कर्जा प्रवाह, नेपाल सरकारका राहत कार्यक्रमहरू सञ्चालन, अनुदान रकमबाट सिपमुलक तालिम कार्यक्रम सञ्चालन, कृषि व्यवसाय तथा लघुउद्यम सम्बन्धी तालिम सञ्चालन गर्ने गरी नेपाल सरकारले निर्दिष्ट गरेका कार्यक्रमहरू सञ्चालन गर्ने कुरा पनि नीति तथा कार्यक्रममा उल्लेख छ ।

- व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा प्रवाह, कृषि आधुनिकीकरण अन्तर्गत कर्जा प्रवाह, बैंकको आन्तरिक स्रोतबाट नै कृषि तथा लघुउद्यम कर्जा प्रवाह, प्रत्येक कार्यालयबाट कृषिमा आधारित परियोजनामा कर्जा प्रवाह, लघुउद्यमीहरूलाई थोक कर्जा प्रवाह गर्ने गरी कृषि क्षेत्रमा कर्जाको पहुँच वृद्धि गर्न यस आर्थिक वर्षमा निर्धारण गरिएको कर्जा प्रवाह लक्ष्य बमोजिम खुद कर्जा वृद्धिमध्ये न्यूनतम १० प्रतिशत कृषि क्षेत्रमा कर्जा प्रवाह गर्ने कार्यक्रम पनि नीति तथा कार्यक्रममा उल्लेख छ ।

- गैर कोषमा आधारित व्यवसाय विस्तारको लागि प्रचार प्रसार गर्ने, ग्राहकसँग अन्तरक्रिया गर्ने, तालिम सञ्चालन गर्ने, सम्भाव्यताका आधारमा व्यवसाय विस्तार गर्ने, ठूला व्यवसायीलाई आकर्षित गर्न प्रमुख कार्यकारी अधिकृतबाट थप सुविधा उपलब्ध गराउने, Public Procurement Monitoring Office (PPMO) ले लागु गरेको eGp प्रणाली कार्यन्वयन गर्ने तथा जमानत कारोबारलाई केन्द्रीकृत रूपमा सञ्चालन गर्ने गरी प्रतीत-पत्र तथा बैंक जमानत कारोवारलाई सुदृढ गर्दै २०७५ असार मसान्तमा हुने कारोवारमा २५ प्रतिशतले वृद्वि हुने गरी कार्यक्रम सञ्चालन गर्ने कार्यक्रम पनि नीति तथा कार्यक्रममा उल्लेख छ ।

- कर्जा कारोवार गर्ने कार्यालयहरूले कर्जा/सुविधा स्वीकृत, थप स्वीकृत, नवीकरण, कर्जा पुनरतालिकीकरण तथा पुनरसंरचना गर्नु अगावै तोकेअनुसार कर्जा सूचना केन्द्रबाट अनिवार्य रूपमा साख सूचना लिने व्यवस्था मिलाउने एवं कर्जा सूचना केन्द्रबाट प्राप्त विवरण एवं जानकारीहरू अद्यावधिक गरी कर्जा सूचनाको विवरण तथा कर्जाको तथ्यांक अद्यावधिक गर्न उल्लेख गरिएको छ । यसका लागि हालसम्म कार्यालयहरूले ग्राहकको साख सूचना विवरण Upload मात्र गरिरहेको र CIC Search केन्द्रीकृत रूपमा गरिँदै आएकोमा कार्यालयको दक्षता अभिवृद्धि गर्दै CIC Search कार्यालयस्तरमै गर्न मिल्ने व्यवस्था मिलाइएकोले उक्त व्यवस्था सम्पूर्ण शाखाहरूमा लागु हुन सकेमा साख सूचना विवरण कार्यालय आफैले समयमै निकाल्न सक्ने भई लगानी र नवीकरणमा शीघ्रता हासिल हुन्छ ।

- ग्राहकहरूले कारोबार प्रमाणित गर्न सकिने कागजात उपलब्ध गराउन नसक्दा वा नचाहँदा ग्राहकको आवश्यकता बमोजिम कर्जा उपलब्ध गराउन तथा नवीकरण गर्न नसकिने हुनाले यस सम्बन्धी वित्तीय साक्षरता तथा ग्राहक अन्तरक्रिया कार्यक्रम कार्यलय स्तरमै सञ्चालन गर्नुपर्ने देखिन्छ ।

●●

*(लेखक कृषि विकास बैंक लि. मा विभागीय प्रमुख हुनुहुन्छ ।)*

# कृषि विकास बैंकको काम कार्वाही र मुलुकी देवानी (संहिता) ऐन २०७४ : एक छलफल

■ पोषणराज लामिछाने

**विषय प्रवेश**

साविकको कृषि विकास बैंक ऐन, २०२४ अन्तर्गत २०२४ साल माघ ७ गते स्थापित कृषि विकास बैंकले सो ऐन अन्तर्गत रही कृषि विकासका लागि विभिन्न ऋण तथा प्राविधिक सहयोग प्रदान गर्दै आएकोमा वि.सं २०४१/०४२ सालबाट तत्कालीन वाणिज्य बैंक ऐन अन्तर्गत केही सीमित बैंकिङ्ग कारोवारहरू पनि यस बैंकले प्रारम्भ गऱ्यो ।

२०६० सालमा मुलुकमा रहेका सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरू सबैका लागि सुरूमा अध्यादेशको रूपमा आएको बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुनले कृषि विकास बैंक ऐन लगायतका ५ वटा विशेष ऐनहरू खारेज गर्दै सबै बैंक तथा वित्तीय संस्थाहरू दुई वर्षभित्रमा उक्त बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुन अन्तर्गत काम गर्ने गरी प्रचलित कम्पनी कानुन अन्तर्गत पब्लिक लिमिटेड कम्पनीमा दर्ता हुनुपर्ने बाध्यात्मक कानुनी व्यवस्था गरेको कारण मिति २०६२/०३/३१ गतेका दिन यो बैंक पब्लिक लिमिटेड कम्पनीका रूपमा तत्कालीन कम्पनी ऐन २०५३ अन्तर्गत दर्ता भई मिति २०६२/१२/०३ मा तत्कालीन बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून बमोजिम नेपाल राष्ट्र बैंकबाट "क" वर्गको कारोवार गर्ने इजाजत प्राप्त गरी हाल मुलुकमा सबैभन्दा ठूलो पुँजी भएको र हरेक जिल्लाहरूमा सेवा पुऱ्याइरहेको बैंकको रूपमा रहेको छ ।

यस बैंकले बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, कम्पनी कानुन, बैंकको प्रबन्धपत्र तथा नियमावली अन्तर्गत रही विभिन्न बैकिङ्ग कारोवारहरू गर्दै आएको र त्यसको अलावा मुलुकमा प्रचलनमा रहेका अन्य कतिपय विशेष ऐन तथा सामान्य कानुन मुलुकी ऐन समेतका आधारमा आफ्ना काम कार्वाही गर्दै आएकोमा साविकको मुलुकी ऐन लगायत र तेह्र वटा ऐन तथा दुई वटा ऐनका केही दफा तथा अनुसूची एवं ३६ वटा ऐनका दफाहरू खारेज/संशोधन गर्दै २०७५ साल भदौ १ गतेदेखि लागु हुने गरी सामान्य कानुनका रूपमा मुलुकी देवानी (संहिता) ऐन २०७४, मुलुकी देवानी कार्यविधि (संहिता) ऐन २०७४ र मुलुकी अपराध (संहिता) ऐन २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन २०७४ र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन २०७४ लागु भएको अवस्था छ । यस परिप्रेक्ष्यमा बैंकले आगामी दिनमा नयाँ आएका ऐन कानुन बमोजिम आफ्ना काम कार्वाहीहरू गर्नु गराउनु पर्ने भएकोले प्रस्तुत लेखमा बैंकको काम कार्वाहीमा मुलुकी देवानी (संहिता) ऐन २०७४ ले पार्ने प्रभावका बारेमा केही चर्चा गर्ने प्रयास गरिएको छ ।

**१. विशेष कानुनी व्यवस्थालाई असर नपर्ने सम्बन्धमा**

मुलुकी देवानी (संहिता) ऐन २०७४ (यसपश्चात् संहिता भनिएको) मा उक्त ऐनले नियमित गरेका विषयमा प्रचलित कानुनमा छुट्टै व्यवस्था गरेको रहेछ भने त्यस्तो विषयमा यस ऐनको व्यवस्थाले कुनै असर पार्ने छैन भन्ने व्यवस्था भएकोले बैंकले आफ्नो काम कार्वाही गर्दा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७४ लगायतका विशेष ऐनमा भएका व्यवस्थाको हकमा सोही अनुसारकै गर्नुपर्ने र विशेष ऐनमा नभएका कुराहरूको हकमा संहिता बमोजिम गर्नुपर्ने देखिन्छ ।

जस्तै संहिताको दफा २३९ मा अपुताली पाउने हकवालाको प्राथमिकताको क्रम तोकिएको छ भने बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ का दफा १११

मा निक्षेप उपरको हकदाबी सम्बन्धी व्यवस्थाका सम्बन्धमा प्राथमिकता तोकिएकोले निक्षेप भुक्तानीका सम्बन्धमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम र सोबाहेक कर्जा तथा अन्य बैकिङ्ग सुविधाका हकमा र कर्मचारीको मृत्युपछि निजका हकवालालाई रकम भुक्तानी गर्ने सम्बन्धमा यसै संहितामा व्यवस्था भए अनुरूप बैंकले काम कारबाही गर्नुपर्ने देखिन्छ ।

**२. बालिग/नाबालिग सम्बन्धमा**

संहिताको दफा ३२ मा १८ वर्ष उमेर पूरा भएको प्रत्येक व्यक्ति बालिग भएको मानिने र सोही हैसियतमा निज कानुनी रूपमा सक्षम भएको मानिने व्यवस्था छ । ऐ. को दफा ३३ (१) मा १० वर्ष उमेर पूरा नभएको वा त्यस्तो उमेर पुगेको भए पनि होस ठेगानमा नरहेको कारण आफ्नो हक र हित संरक्षण गर्न नसक्ने व्यक्ति कानुनी रूपमा असक्षम मानिने व्यवस्था छ भने ऐ. को दफा ३४(१) ले १० वर्ष पूरा भई १८ वर्ष पूरा नगरेको व्यक्ति अर्धसक्षम मानिने व्यवस्था हुँदा असक्षम र अर्धसक्षम व्यक्तिको कुनै कागज गराउँदा संरक्षक वा माथबरको रोहबरमा गराउनु पर्ने व्यवस्था छ । संरक्षकत्व सम्बन्धी विभिन्न व्यवस्था परिच्छेद ६ मा गरेको हुँदा उल्लेखित व्यक्तिहरूसँग बैंकले कागज गराउँदा उल्लेखित कानुनी व्यवस्था अनुसार गर्नुपर्ने देखिन्छ ।

**३. नीतिनियम, कार्यविधिमा समावेश गर्ने सम्बन्धमा**

संहिताको दफा ४० मा कुनै व्यक्ति बिना सूचना लगातार १२ वर्षदेखि वेपत्ता भएमा वा त्यस्तो व्यक्तिको सम्बन्धमा स्वाभाविक रूपमा जानकारी पाउने व्यक्तिले १२ वर्षदेखि कुनै जानकारी नपाएमा त्यस्तो व्यक्ति जीवित रहेको प्रमाण प्राप्त भएकोमा वाहेक त्यस्तो व्यक्तिको मृत्यु भएको मानिनेछ तर देहायको अवस्थामा देहायको अवधि समाप्त भएपछि त्यस्तो व्यक्तिको मृत्यु भएको मानिने व्यवस्था छ ।

१. ८० वर्ष उमेर पूरा भएको व्यक्ति भए ५ वर्ष,

२. युद्धस्थलमा खटिएको सैनिक भए युद्ध समाप्त भएको मितिले ४ वर्ष,

३. दुर्घटना भएको वायुयान, पानी जहाज वा अन्य सवारी साधनमा यात्रा गरेको व्यक्ति भए त्यसरी दुर्घटना भएको मितिले ३ वर्ष

उपर्युक्त खण्ड (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै व्यक्तिको कुनै दुर्घटनामा परी मृत्यु भएकोमा त्यस्तो दुर्घटनामा पर्ने अर्को व्यक्ति जीवित रहेको प्रमाण प्राप्त नभएमा त्यस्तो व्यक्तिको पनि सोही वखत मृत्यु भएको मानिने भन्ने व्यवस्था भएकोले बैंकले सोही अनुसार आफ्ना नीति नियम कार्यविधिमा समावेश गर्नुपर्ने देखिन्छ ।

**४. कानुनी व्यक्ति सम्बन्धमा**

संहिताको परिच्छेद २ को दफा ४२(१) मा कानुन बमोजिम स्थापना भएको संगठित संस्थाले कानुनी व्यक्तित्व प्राप्त गर्ने र सोही हैसियतामा कानुनी सक्षमता प्राप्त गर्ने छ भन्ने व्यवस्था छ । ऐ को उपदफा (५) मा कानुनी ब्यक्तिको कर्पोरेट पर्सनालिटी हुने र आफ्नो काम कार्बाहीका लागि छुट्टै छाप हुने, ऐ उपदफा (६)मा संस्था अबिछिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुने र कानुनको अधिनमा रहि सोही हैसियतमा ब्यक्ति सरह उल्लेखित विभिन्न कार्यहरू गर्न सक्ने र ऐ.को उपदफा (७)मा कानुनी व्यक्तिले आफ्नो नामबाट नालिस वा अन्य कानुनी कारबाही गर्न सक्ने र सो उपर पनि गर्न सकिने व्यवस्था छ । दफा ४३ मा कानुनी ब्यक्तिको स्थापना भएपछि त्यस्तो ब्यक्तिले दफा ४२ मा उल्लेखित कामका अतिरिक्त देवानी तथा वाणिज्य सम्बन्धी काम कारबाही गर्न कानुनी सक्षमता प्राप्त गर्नेछ भन्ने कानुनी व्यवस्था भएको पाइन्छ । दफा ४६ मा कानुनी ब्यक्तिको व्यवस्थापन तथा सञ्चालन, दफा ४७ मा कानुनी व्यक्तिको कार्य सम्पादन, दफा ४८ मा कानुनी व्यक्ति गाभिएमा हक वा दायित्व सर्ने, दफा ४९ मा कानुनी ब्यक्ति प्रतिनिधि हुन सक्ने, दफा ५० मा स्वार्थ बाझिएमा निर्णयमा भाग लिन नहुने, दफा ५१ मा कानुनी ब्यक्तिको काम कारबाहीबाट भएको हानी नोक्सानी कानुनी व्यक्तिले व्यहोर्नु पर्ने समेतका विविध व्यवस्था भएकोले यस बैंकले उल्लेखित व्यवस्थाहरूको पालना एवं कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

**५. अपुताली खानेबाट ऋण तथा दायित्व भराउने सम्बन्धमा**

संहिताको दफा २४७ मा साहुले अपुताली पाउनेबाट ऋण तथा दायित्व भराई लिन सक्ने व्यवस्था भएकाले ऋण असुल गर्ने सम्बन्धमा बैंकले सोही दफा अनुसार अपुताली खानेबाट पनि बैंकको बाँकी ऋण असुल उपर गर्न सक्ने देखिन्छ ।

### ६. सम्पत्ति धितो लिने सम्बन्धमा

बैंकले कर्जा प्रवाह वा बैंकिङ्‌ सुविधा ग्राहकलाई प्रदान गर्दा सुरक्षण वापत सम्पत्ति धितो लिने गरिन्छ । संहिताको भाग ४ परिच्छेद १ मा निजी सम्पत्ति, संयुक्त सम्पत्ति, सामुदायिक सम्पत्ति, सार्वजनिक सम्पत्ति, सरकारी सम्पत्ति, गुठीको सम्पत्ति भनी स्वामित्वको आधारमा सम्पत्तिको वर्गीकरण गरिएको हुँदा कस्तो सम्पत्ति धितो लिने ? कस्तो सम्पत्ति धितो नलिने ? सो सम्बन्धमा सोही अनुसार बैंकको विद्यमान कर्जा कार्यविधिमा मिलान गर्नुपर्ने वा सोही अनुसारको निती बैंकले अख्तियार गर्नुपर्ने देखिन्छ । परिच्छेद ६ को दफा ३१५ मा सार्वजनिक गुठी तथा निजी गुठी सम्बन्धी व्यवस्था छ । सोही परिच्छेदको दफा ३२२ (२) मा सम्बन्धीत पंजिकाधिकारीको पूर्व स्वीकृति बिना गुठीको नाउँका सम्पत्ति बिक्री गर्न, बन्धकी दिन वा अन्य कुनै किसिमले हक हस्तान्तरण गर्न सकिने छैन भन्ने व्यवस्था रहेकोले त्यस्तो सार्वजनिक तथा निजी गुठी जग्गा धितो नलिने सम्बन्धमा बैंकको कर्जा कार्यविधिमा स्पष्ट उल्लेख गर्नुपर्ने देखिन्छ ।

### ७. फलोपभोग, बहाल वा बन्धकी सम्बन्धमा

संहिताको भाग ४ परिच्छेद ७ मा फलोपभोग (usufruct) सम्बन्धी विविध व्यवस्था छ । सोको दफा ३५२(१) मा कसैले आफ्नो हक र स्वामित्वमा रहेको सम्पत्ति, त्यसबाट प्राप्त हुने प्रतिफल, लाभ, आम्दानी वा सुविधा अर्को व्यक्तिले प्रयोग गर्न सक्ने गरी निशुल्क रूपमा दिएको मा फलोपभोगको व्यवस्था भएको मानिने र ऐ को उपदफा (२) ले फलोपभोगको व्यवस्थासम्बन्धी ब्यक्तिहरूबीच भएको करार बमोजिम हुने छ भन्ने व्यवस्था भएको पाइन्छ । ऐ.को दफा ३५८ मा फलोपभोग अन्तर्गत सम्पत्ति बहाल, लिज वा बन्धकी दिन सक्ने कानुनी व्यवस्था छ । ऐ. को दफा ३६४ (१) मा उल्लेखित अबस्थामा सम्बन्धीत स्वामित्ववालाले जुनसुकै बखत फलोपभोगको व्यवस्था रद्द गर्न सकिने भन्ने समेत उल्लेख भएको हुँदा त्यस्तो सम्पत्ति बैंकले बहाल वा बन्धकी नलिने सम्बन्धमा बैंकको कर्जा /घरबाहाल सम्बन्धी कार्यविधिमा स्पष्ट गरिनुपर्ने वा सो अनुसारको नीति बैंकले अख्तियार गर्नुपर्ने देखिन्छ ।

### ८. घर वहाल सम्बन्धमा

संहिताको परिच्छेद ९ मा घर वहाल सम्बन्धी विविध व्यवस्था गरेको पाइन्छ । यस बैंकले घर भाडामा लिँदा उल्लेखित कानुनी व्यवस्थाको परिपालना गर्नुका साथै बैंकमा विद्यमान घरभाडा सम्बन्धी कार्यविधिमा पनि उल्लेखित कानुनी व्यवस्था अनुसार हुने गरी मिलान गर्नुपर्ने देखिन्छ ।

### ९. करार सम्बन्धी व्यवस्था

संहिताको भाग ५ को परिच्छेद ९ मा धितो वा धरौट करार सम्बन्धी व्यवस्था छ । त्यसै गरी परिच्छेद ७ मा जमानत करार सम्बन्धी व्यवस्था छ । त्यस्तै अन्य करार सम्बन्धी विविध व्यवस्था भाग ५ को परिच्छेद १ देखि परिच्छेद १५ सम्म भएको र साविकको करार ऐन २०५६ खारेज भएको परिप्रेक्ष्यमा ति सबै व्यवस्थालाई बैंकले आफ्ना नीति तथा कार्यविधिमा सोही अनुसार समावेश गर्दै जानुपर्ने देखिन्छ ।

### १०. अचल सम्पत्ति लिने दिने सम्बन्धमा

संहिताको परिच्छेद १० को दफा ४२६ मा संगठित संस्थाले सम्पत्ति लिँदा वा दिँदा पूरा गर्नुपर्ने कार्यविधि बारे उल्लेख गर्दै संस्थाको संचालक समितिले निर्णय गरी संचालक समितिको सदस्य वा संस्थाका कर्मचारी लाई अधिकार दिई गर्नुपर्ने व्यवस्था छ जुन व्यवस्था बैंकले हाल प्रयोग गर्दै आएको छ ।

### ११. दृष्टि बन्धकको ५ वर्षे भाखाका सम्बन्धमा

संहिताको परिच्छेद १२ मा अचल सम्पत्तिको बन्धकी सम्बन्धी विविध व्यवस्था गरेको पाइन्छ सोको दफा ४४३ (१) मा दृष्टिबन्धक लिँदा वा दिँदा पाँच वर्षभन्दा बढीको भाखा राख्न नसकिने भन्ने व्यवस्था रहेको पाइन्छ भने ऐ उपदफा (२) मा, उपदफा (१) बमोजिमको अबधी पूरा नभई साहुले आसामीबाट दृष्टिबन्धकमा राखेको सम्पत्ति चलन चलाई लिन वा त्यस्तो सम्बन्धी ऋण असुल गराउने कारबाही गर्न सक्ने छैन भनी उल्लेख गरेको पाइन्छ ।

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ११९(२) मा कर्जा र निक्षेपको भाखा बैंक वा वित्तीय संस्थाले तोके बमोजिम हुने छ भनी बैंक तथा वित्तीय संस्थालाई छुट सुविधा दिएको परिप्रेक्ष्यमा देवानी संहिताको दफा ३ बमोजिम उल्लेखित पाँच वर्ष अवधि बैंक तथा वित्तीय संस्थाका हकमा लागु हुने देखिँदैन ।

**१२. लिखत पारित सम्बन्धमा**

संहिताको परिच्छेद १४ मा लिखत पारित सम्बन्धी विविध व्यवस्था गरेको पाइन्छ । सोको दफा ४६४ (१)को खण्ड (क) देखि (ञ) सम्म कस्ता कस्ता प्रकृतिका लिखत पारित गर्ने लिखतका सम्बन्धमा उल्लेख भएको पाइन्छ । खण्ड (ख) मा दृष्टिबन्धकको लिखत पारित गराउनु पर्ने व्यवस्था छ । सो सम्बन्धमा पनि बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ११९ले बैंक तथा वित्तीय संस्थालाई दिएको छुट सुविधा अन्तर्गत कृषि घरेलु, सिँचाइ, जलविद्युत लगायत तोकिएका उद्देश्यमा दश लाखसम्म कर्जा प्रवाह गर्दा दृष्टिबन्धक लिखत पारित गर्नु नपर्ने व्यवस्था भएकोले उक्त विशेष ऐनले दिएको छुट सुविधा अनुसार बैंकले उल्लेखित उद्देश्यमा उल्लेखित रकमसम्म दृष्टि बन्धकको लिखत पारित नगरी नगराई धितो रोकुवासम्म गरी गराई कर्जा प्रवाह गर्न सकिने देखिन्छ । ऐ. को खण्ड (ज) अनुसार मासिक एक लाखभन्दा बढी घरबाहाल लिनुदिनु गरेको लिखत पारित गर्नुपर्ने कानुनी व्यवस्थाअनुसार बैंकले पनि आगामी दिनमा त्यस्ता लिखत पारित गर्ने तर्फ आवश्यक प्रबन्ध गर्नुपर्ने देखिन्छ ।

त्यसै गरी डोर मार्फत लिखत पारित हुन सक्ने व्यवस्था दफा ४६६ मा र अन्य जिल्लाबाट लिखत पारित गराउन सक्ने व्यवस्थासमेत दफा ४६७ मा उल्लेख भएको हुँदा बैंकले पनि आफ्नो सुविधा र अनुकुलता हेरी उपर्युक्त व्यवस्था अंगीकार गर्न सक्ने देखिन्छ ।

**निश्कर्ष**

मुलुकमा यसअघि प्रचलनमा रहेका सामान्य कानुन अन्तर्गतको मुलुकी ऐन तथा केही विशेष ऐन खारेज गरेर २०७५ भाद्र १ गते देखि लागु हुने गरी आएको सामान्य कानुन मुलुकी देवानी (संहिता) ऐन, २०७४, मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४, मुलुकी अपराध (संहिता) ऐन, २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ तथा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन २०७४ आएको परिप्रेक्ष्यमा साविकका ऐन अनुसार बैंकबाट हुँदै आइरहेका कामकार्वाहीहरू अव उप्रान्त संशोधित कानुनी व्यवस्था अनुसार गर्नुपर्ने हुँदा सोही अनुसार बैंकले आफ३ना निती नियम र कार्यविधिहरूमा पनि थपघट, संसोधन एवं परिमार्जन गर्दै चुस्त दुरूस्त एवं समय सापेक्ष तवरले अघि बढाउँदै लैजानु पर्ने यस कृषि विकास बैंकको प्राथमिकताभित्र पर्ने विषय हो भन्नु अत्युक्ति नहोला । ●●

*(लेखक वरिष्ठ अधिवक्ता, कृषि विकास बैंक लिमिटेड मुख्य कार्यालयका कानुनी सल्लाहकार एवं पूर्व विभागीय प्रमुख हुनुहुन्छ ।*

# शीतघर व्यवसायको विस्तारमा कृषि विकास बैंक लि.

■ विजय राज पोखरेल

नेपालमा कृषकहरूले कृषिजन्य उत्पादनको संरक्षण तथा भण्डारणका लागि प्रारम्भदेखि नै परम्परागत तरिका अपनाउँदै आएका छन् । कृषिजन्य उत्पादनमा आएको वृद्धि तथा कृषिको ब्यावसायिकरण सगै आधुनिक शीत भण्डार प्रविधिले नेपालमा पनि प्रवेश पाएको छ । कृषि विकास बैंकले आफ्नो स्थापनाकालदेखि नै कृषि तथा पशुपालन व्यवसायको आधुनिकीकरण तथा विस्तारका लागि कर्जा प्रवाह गर्दै आएको छ । कृषिजन्य उत्पादन विशेष गरी फलफूल तथा तरकारीको ब्यापक ब्यावसायिकरण र उत्पादन वृद्धिसँगै कृषि विकास बैंकले आधुनिक शीतघर निर्माण तथा सञ्चालनको लागि समेत कर्जा प्रवाहको थालनी गरेको हो ।

नेपाल सरकारले आवधिक योजना तथा वार्षिक कार्यक्रममा कृषि क्षेत्रलाई विशेष प्राथमिकता दिदै आएको छ । जनसंख्या वृद्धि र बढ्दो शहरीकरणको कारण माग अनुसार खाद्य पदार्थ तथा अन्य कृषिजन्य उत्पादनहरू आपूर्ति गर्न प्रति इकाई उत्पादन बढाउने उद्देश्यले नेपालमा पछिल्ला वर्षहरूमा ब्यावसायिक रूपमा खेति गर्ने प्रचलन बढी रहेको छ । कृषिजन्य बालीको प्रति इकाई उत्पादन मात्र हैन यसको संरक्षण तथा भण्डारण पनि महत्वपूर्ण पक्ष हो ।

**कृषिजन्य बालीको प्रति इकाई उत्पादन मात्र हैन यसको संरक्षण तथा भण्डारण पनि महत्वपूर्ण पक्ष हो ।**

विशेष गरी फलफूल तथा तरकारी जस्ता उत्पादनहरू लामो समयसम्म साधारण अवस्थामा भण्डारण गर्न नसकिने हुँदा यसको लागि शीतगृह एक विकल्पको रूपमा रहेको छ । उत्पादित वस्तुको भण्डारण अवधि लम्ब्याउन सकिएमा उत्पादन बढी भएको समयमा संचित गर्न सकिने र उत्पादन कम हुने मौसमा आपूर्ति सहज गर्न सकिन्छ ।

यस बैंकले पूर्वमा मेची अंचलको बिर्तामोडदेखि पश्चिममा महेन्द्रनगरसम्म सम्भाब्य स्थानहरूमा शीतघर निर्माण तथा सञ्चालनको लागि कर्जा प्रवाह गरेको छ । यस बैंकको कर्जा सहयोगमा संचालित शीतघरहरूले विशेष गरी आलुको वीउ भण्डारणबाट कृषकलाई आलुको वीउ आपूर्ति गर्न सहयोग पुर्‍याएको छ । नेपालका शीतघरहरूमा भण्डारण हुने कृषि उत्पादनहरूमा प्रमुखरूपमा आलु नै देखिएको छ । आलुबाहेक अन्य विभिन्न फलफूल तथा ताजा तरकारीहरू थोरै परिमाणमा मात्र भण्डारण गर्ने प्रचलन रहेको छ ।

शीतघर कृषि विकासको लागि अत्यावश्यक पूर्वाधार हो । बैंकको कर्जा सहयोगबाट एकातिर देशको औद्योगिकीरणमा टेवा पुगेको छ भने अर्को तर्फ कृषकहरूलाई कृषि उत्पादन अधिक हुने समयमा भण्डारण गरी आपूर्ति कम हुने समयमा विक्री वितरण गरी कृषि उपजको अधिक मूल्य प्राप्त गर्ने अवसर प्रदान गरेको छ । यसका साथै यसबाट बाली विशेषमा उत्पादन केन्द्रित गरी ठूलो परिमाणमा उत्पादन गर्न कृषकलाई अभिप्रेरित गरेकोले माग अनुसारको आपूर्ति गर्न सहयोग पुगेको छ । नेपालको वर्तमान परिप्रेक्ष्यमा आलुको वीउको सहज आपूर्ति र उत्पादन भए लगत्तै उत्पादन सस्तोमा बेच्नुपर्ने मारबाट थोरै कषकहरू भए पनि जोगिएका छन् । यसरी नेपालमा पछिल्लो समयमा भएको शीतघरको विस्तारबाट उद्यमी कृषक तथा आम उपभोक्ता सबै पक्षलाई लाभान्वित

गराउने कार्यमा कृषि विकास बैंकले उल्लेखनीय भूमिका खेलेको छ ।

शीतघरबाट कृषक र कृषि उत्पादनमा पुग्ने फाइदालाई मनन गरी कृषि विकास बैंकले मूलत कृषि उत्पादन तथा उपभोग हुने क्षेत्रको आधारमा शीतघर व्यवसायमा कर्जा लगानीलाई प्राथमिकता दिएको छ । कृषि उत्पादन प्रचुर मात्रामा हुने क्षेत्रमा भण्डारण गर्न सहयोग पुगोस् र उत्पादन गर्ने कृषकहरूलाई समेत प्रत्यक्ष फाइदा पुगोस् भन्ने उद्देश्यले उत्पादन हुने क्षेत्र विशेषमा सम्भाब्यताका आधारमा शीतघर व्यवसायमा कर्जा लगानी गरिन्छ । अर्कोतर्फ शहरी क्षेत्रका जनताको लागि आवश्यक उत्पादन निरन्तर आपूर्तिमा सघाउ पुर्‍याउन सहरी क्षेत्रमा पनि सम्भाब्यताको आधारमा शितघर व्यवसायमा कर्जा लगानी गरिन्छ ।

आफ्नो स्थापना कालदेखि नै कृषि क्षेत्रको विकासको लागि कर्जा सेवा प्रदान गर्दै आएको कृषि विकास बैंकले शुरुमा कृषि उत्पादनको भण्डारणको लागि स्थानीय प्रविधिका साथै गोदाम निर्माणको लगि समेत कर्जा उपलब्ध गराएको पाइन्छ । बैंकको कर्जा सहयोगमा निजी क्षेत्रमा निर्मित पहिलो आधुनिक शीतघर भने आ.व. २०४४/४५ देखि सञ्चालनमा आएको पाइन्छ । हालसम्ममा बैंकको सहयोगबाट जम्मा २१ शीतघरहरू सञ्चालनमा आएका छन् भने जसको कुल क्षमता ४५,४०० मे.ट. रहेको छ । अधिकांश शीतघरको क्षमता २००० मे.ट. रहेकोमा दुई वटाको क्षमता ४००० र एउटाको क्षमता ६००० मे.ट.रहेको छ । यसरी विद्यमान निजी क्षेत्रका शितघरहरूको औसत क्षमता २४६६ मे.ट रहेको देखिन्छ ।

बैंकका १० वटा क्षेत्रीय कार्यालय अन्तर्गत कुल शीतघर संख्या मध्ये क्षेत्रीय कार्यालय विराटनगरमा सबैभन्दा बढी ५ परियोजना सञ्चालनमा रहेका छन् भने काठमाडौंमा २ एवं राजविराज, पोखरा, भैरहवा र धनगढीमा १-१ परियोजना रहेको छ । यसै गरी भौगोलिक क्षेत्रको आधारमा अधिकांश शीतघरहरू तराई क्षेत्रमा केन्द्रित रहेका छन् ।

नेपाल सरकार मार्फत कृषि विकास बैंकले शीतघर परियोजनाहरूलाई अनुदान उपलब्ध गराउने कार्य हुँदै आएको छ । नेपाल सरकार (तत्कालीन श्री ५ को सरकार) को मन्त्री परिषको मिति २०५४।३।२३ को निर्णयबाट शीत भण्डारमा वित्तीय संस्थाहरू मार्फत हुने लागानीलाई प्राथमिकता क्षेत्र अन्तर्गत पार्ने र ब्याजदरमा सहुलियत दिने व्यवस्था गरे अनुसार आ.व. २०५५/५६ पश्चात निर्माण हुने शीतघरहरूलाई बैंकबाट प्रवाह भएको स्थिर तर्फको कर्जामा ब्याज अनुदान प्रदान गर्ने कार्यको शुरूवात भएको थियो । त्यसै गरी अर्थ मन्त्रालयको आ.व. २०५६/५७ को व्यवस्था अनुसार आ.व. २०५५/५६ अगाबै निर्माण भएका शीतघरहरूलाई अघिल्लो ३ वर्षको हुन आउने कुल बाँकी ब्याजमा एकमुष्ट ५० प्रतिशत ब्याज अनुदान उपलब्ध गराइएको थियो । ततपश्चात आ.व. २०६३/६४ मा पुराना शीतघरहरूलाई पुन थप २५ प्रतिशत गरी जम्मा ७५ प्रतिशत ब्याज अनुदान दिने व्यवस्था गरिएको थियो । यसरी आ.व. २०५५/५६ अगाबै सञ्चालनमा आएका ५ शीतघरलाई मात्र कुल जम्मा रू.१७७४६ ब्याज अनुदान उपलब्ध गराइएको थियो । आ.व. २०६१/६२ देखि आ.व. २०७२/७३ सम्म यस बैंकमार्फत कुल रू. ५०३२७ हजार ब्याज अनुदान सुविधा सम्बन्धित शीतघर कम्पनीहरूलाई उपलब्ध गराइएको देखिन्छ ।

कृषि क्षेत्रको आधुनिकीकरण गर्ने क्रममा शीतघर पनि कृषि क्षेत्रको पूर्वाधार विकासको अत्यावश्यक पक्ष भएकोले यसको विस्तार गरिनु अपरिहार्य छ । कृषि विकास बैंकले पनि कृषि तथा ग्रामीण क्षेत्रको विकासमा महत्वपूर्ण योगदान पुर्‍याउँदै आएकोमा शीतघर जस्तो दिर्घकालीन परियोजनामा समेत कर्जा प्रवाह गरी कृषि क्षेत्रको आधुनिकीकरणमा समेत गहन भूमिका निर्वाह गरेको छ । यसबाट कृषक र व्यवसायी दुवै लाभान्वित भएका छन् । नेपाल सरकारले समेत शीतघर निर्माणको कर्जामा ब्याज अनुदानको व्यवस्था गरेर यसको विस्तारलाई प्रथमिकता दिएको देखिन्छ । शीतघर उद्देश्यको कर्जा आकारमा ठूलो र अवधिको आधारमा लामो हुने हुँदा कर्जा संतोषप्रद नहुना साथै बैंकको समस्त कर्जा सम्पत्तिको गुणस्तर नै प्रभावित हुन सक्दछ । तसर्थ विगतमा भएका कमी कमजोरीलाई समेत दृष्टिगत गरी आगामी दिनमा सबै सरोकारवाला पक्षहरू लाभान्वित हुन किसिमले शीतघर विस्तारको कार्यक्रम आगाडि बढाइनु अपरिहार्य देखिन्छ । ●●

*(लेखक कृषि विकास बैंकका पूर्व विभागीय प्रमुख हुनुहुन्छ ।)*

# सम्पत्ति शुद्धीकरण निवारण प्रणाली र मूल्यांकन आधार

■ हरिकुमार नेपाल

**परिचय**

विकास र वित्तीय अपराध नियन्त्रण एउटै सिक्काका दुई अभिन्न पाटा हुन । भिन्न गरे विकास, स्थायित्व र सुशासन भन्ने कुराको अर्थ रहदैन । जतिपनि विकसित र सुशासन उन्मुख देशहरू छन यो मान्यताले जरो गाडेको छ । फरक तवर वा अन्य सोचले मार्ग निर्देशित भएका मुलुक पछौटेपन, अस्थितरता वा द्वन्दका निरन्तर शिकार छन् । वित्तीय अपराधको इतिहासमा अपराधको आर्जनको मात्रा पनि त्रसित हुने खालको छ । UNODC Report, October, 2011 अनुसार विश्वमा राजश्व छली बाहेकको अन्य सम्पूर्ण गैर कानुनी आर्जनको मात्रा विश्वको कुल ग्राहस्थ उत्पादनको ३.६ प्रतिशत रहेको देखिन्छ । तर अचम्म लाग्दो तथ्यांक के छ भने राजश्व छली मात्रको मात्रा अन्य सम्पूर्ण आपराधिक आर्जन बराबर रहेको अनुमान छ । साथै विकासशील देशहरूमा सोको अनुपात विकसित देशको तुलनामा दोब्बर हुने अुनमान रहेको छ । माथि उल्लिखित अनुमानले विश्वका सरकारहरूको सोचमा ऐतिहासिक तरङ्ग सिर्जना गरिदिएको छ ।

नेपालमा हुने अपराधको तथ्यांक हेर्दापनि विगत २०/३० वर्ष र हालको अवस्थामा आमूल परिवर्तन देखिएको छ । अनुसन्धानकारी निकायको अनुभवमा विगतमा २०/३० प्रतिशत आर्थिक अपराध र ७०/८० प्रतिशत परम्परागत अपराध रहेकोमा हाल सो प्रतिशत ठ्याक्कै उल्टो जस्तो देखिएको छ । यसले आर्थिक अपराधको मात्रा अस्वभाविक मात्र होइन अनौठौ ढङ्गले वृद्धि भएको बुझिन्छ । समयमै तुलनात्मक रूपमा प्रतिरोधात्मक व्यवस्था नगरिएमा मुलुकले ठूलै मूल्य चुकाउनु पर्ने अवस्थामा पुगेको छ ।

पछिल्लो चरणमा चासो दिइएको वित्तीय अपराध हो राजश्व छली । राजश्व छली, यसका लागि हुने प्रपञ्च, सम्लग्न हुने संस्था/पात्रको हैसियत, पहुँच र आन्तरिक/वाह्य अन्तरकथाले विश्वलाई चकित बनाउन थालेको छ । राज्यको हैसियतमा नै तलमाथि पार्ने यस्ता विषयले राज्यको क्षमता कसरी सीमित गरेको रहेछ र राज्यको अथाह स्रोत साधनको कसरी विचलन गरिएको रहेछ भन्ने ज्ञान प्राप्त भएको छ । हालसम्म अपराध र अपराधीप्रतिको राज्यको धारणा पुनरावलोकन गर्न र जोखिम अनुकुलका नीति र कार्य अगाडि बढाउन दृष्टिकोणमा नै आमूल परिवर्तन गर्नु गराउनु पर्ने विश्वले महशुस गरेको छ । यसै कारण राजश्व छली सम्बन्धी अपराधलाई सन २०१२ देखि सम्पत्ति शुद्धीकरणको सम्बद्ध कसूर मान्नु पर्ने अन्तर्राष्ट्रिय मापदण्ड बनाइएकोले एक खालको हलचल विश्वमा देखिन थालेको छ । हालै सन २०१८ मा भारतका प्रधानमन्त्रीले जी २० देशको सम्मेलनमा प्रस्ताव गरेको Fugitive Economic Offender लाई परिभाषित गरी अपराधको दायरामा ल्याउने वा अन्य देशका प्रमुखहरूले राजश्व छलीविरूद्ध छेडेको जेहाद यस सन्दर्भमा महत्वपूर्ण छ । संयुक्त राज्य अमेरिकाको Foreign Account Tax Compliace Act (FATCA), EU को Tax evasion विरूद्धको अन्तर्राष्ट्रिय सहयोग आदान प्रदान प्रणाली लगायतका Initiatives यसैप्रति लक्षित छन् ।

**वित्तीय अपराध नियन्त्रणको पूर्वाधार**

वित्तीय अपराध नियन्त्रणका विविध उपाय मध्ये हाल विश्वमा शसक्त थप माध्यमको रूपमा आएको उपाय हो सम्पत्ति शुद्धीकरण निवारण । कालो धनलाई सेतो बनाउने कार्य सम्पत्ति शुद्धीकरण हो । त्यस्तो कार्य पहिचान गर्ने, रिपोर्टिङ गर्ने, विश्लेषण गर्ने र कारवाही गर्ने संयन्त्र सम्पत्ति सुद्धीकरण निवारण हो । कालो धन सर्वथा बिष हो । बिष रोपेर अमृत फल्दैन । चाहे त्यो व्यक्तिगत होस वा संस्थागत । राज्यको हकमा त यो थप भयानक हुन जान्छ । यसले कालो धनलाई सेतो बनाउने मात्र होइन अपराधको चक्रव्यूह नै चलाउछ । मुलतः वित्तीय प्रणाली र पारदर्शिता ध्वस्त पार्छ । वित्तीय अस्थिरता सिर्जना गर्छ । राजश्व छली, भ्रष्टाचार र अन्य अपराधमा व्यापकता ल्याउँछ । अन्ततः राज्यलाई अपराधको क्रिडास्थल बनाई समग्र राज्य संयन्त्र नै कमजोर बनाउँछ ।

सम्पत्ति शुद्धीकरण निवारण प्रणाली वित्तीय अपराध नियन्त्रण गर्ने विश्वको एक महत्वपूर्ण औजार सावित भएको छ । यसको इतिहास करिब करिब एक शताब्दीको रहेको छ । शुरूमा यस्तो सोच र कानुनको अभावमा कर छलीमा कारवाही शुरू गरिएपछि कालो धन विदेशिन थालेको इतिहास समेत पाइन्छ । १९६० को दशकमा बैंकिंङ क्षेत्रमा पहिचानका मापदण्ड शुरू गर्ने कानुन बन्न थालेतापनि १९७० को दशक देखि मात्र समग्र क्षेत्र समेट्ने गरी कानुन तथा अभ्यास हुन शुरू भएको पाइन्छ । १९८० को दशकमा वित्तीय संस्थाहरूले नियामक निकाय वा वित्तीय जानकारी इकाईमा सूचना दिनुपर्ने व्यवस्थाहरू भएको पाइन्छ ।

संयुक्त राष्ट्र संघको लागु औषध तथा मनोद्विपक पदार्थ विरूद्धको महासन्धी १९८८ ले सम्पत्ति शुद्धीकरणको परिभाषामा स्पष्टता ल्याए पछि यसमा थप उर्जा आएको देखिन्छ । साथै, एक देश वा केही देशले मात्र निवारणको प्रयास गर्दा त्यस्तो सम्पति अन्य देशमा पलायन हुने गरेको र अन्तर्राष्ट्रिय वित्तीय प्रणालीलाई समेत प्रयोग गरेको पाइएपछि यसको लागि वृहद आम संयन्त्र आवश्यक छ भन्ने महशुस भएको पाइन्छ ।

उल्लिखित समस्याको निदानको सिलसिलामा जी-मुलुकहरूले यस विषयको सिद्धान्त निर्माताको रूपमा सन १९८९ मा Financial Action Task Force (FATF) को स्थापना गरेकोमा हाल यसमा प्रत्यक्ष र अप्रत्यक्ष गरी विश्वका १८६ देश र करिव सबै विश्व संस्था आबद्ध भइसकेका छन् । यसले सम्पत्ति शुद्धीकरण निवारणका लागि सन १९९० मा ४०, २००१ मा आतंककारी कार्यमा वित्तीय लगानी रोक्ने ९ मापदण्ड विकास गरेको थियो । उक्त मापदण्डका आधारमा विश्वका अधिकांश मुलुकहरूको मूल्यांकन भई अत्यन्त कमजोर प्रणाली भएका र सोमा सुधार नगर्ने मुलुकहरू कालोसूचीमा समेत परेको अवस्था छ ।

सन २०१२ मा उपरोक्त ४९ मापदण्ड परिमार्जित र शसक्त गरी FATF Recommendations on Money Laundering, Terrorism Financing and Proliferation 2012 नामक मापदण्ड तथा मूल्यांकनका लागि Methodology २०१३ जारी भई केही मुलुकहरूको मूल्यांकन समेत सम्पन्न भैसकेको छ । नयाँ मापदण्डले यस प्रणालीको समग्र स्वरूप कायम गरेको छ । यस क्रममा ४० प्राविधिक मापदण्ड र ११ कार्यान्वयनको प्रभावकारिताका क्षेत्रको तय भई सोही बमोजिम मूल्यांकन गरिन्छ । साथै UN Conventions (basically Anti-drug, Anti- Organized crime, Anti Terrorism and Anti-Corruption), SAARC, EU and other regional organizations, Basel Committee on Banking Supervision, International Association of Insurance Supervisors, International Organization of Securities Commissioners, Egmont Group of FIU, International Monetary Fund, World Bank जस्ता संस्था र त्यस्ता संस्थाले जारी गरेका उपकरणहरूलाई यसै प्रणालीलाई समेत अङ्गको रूपमा स्वीकार गरिएको छ ।

**सम्पत्ति शुद्धीकरण निवारण प्रणालीका मुख्य क्षेत्र**

सम्पत्ति शुद्धीकरण निवारण प्रणालीमा कुनै पनि मुलुकका न्यूनतम पनि १५ देखि २५ सरकारी निकाय र सो मातहतका व्यावसायिक संस्थाले कार्य गर्दछन । सामान्यतया क्षेत्रगत अवस्था देहाबमोजिम हुन्छ । सूचक संस्थाका रूपमा रहेका वित्तीय तथा गैर वित्तीय क्षेत्र वा पेशाकर्मीको संख्या गणना गर्दा नेपालका बैंक वित्तीय संस्था लगायत मुद्रा विप्रेषण तथा सटही, बीमा, धितोपत्र, सहकारी, सुनचाँदी वा बहुमूल्य धातु, क्यासिनो, स्वतन्त्र लेखा तथा कानुन, घरजग्गा, कम्पनी वा ट्रष्ट सेवा प्रदायक जस्ता व्यवसायी तथा पेशकर्मी यस संरचनाभित्र रहेका छन् ।




**मूल्यांकन पद्धति**

चालु अन्तर्राष्ट्रिय मूल्यांकन प्राविधिक तथा कार्यान्वयनको प्रभावकारितामा आधारित रहेको छ । प्राविधिक क्षेत्र अन्तर्गत सन २०१२ मा आएका ४० मापदण्डको कानुनी तथा संस्थागत व्यवस्थाको स्वरूपको मूल्यांकन गरिने छ । प्रभावकारिता अन्तर्गत देहायका ११ क्षेत्रमा भएका कार्यान्वयन वा प्रगतिको प्रभावकारिता हेरिने छ, जुन Outcomes (not only outputs) मा केन्द्रित हुनेछ ।

<table>
<tr><td colspan="2">High-Level Objective: Financial systems and the broader economy are protected from the threats of money laundering and the financing of terrorism and proliferation, thereby strengthening financial sector integrity and contributing to safety and security.</td></tr>
<tr><td>Intermediate Outcomes</td><td>Immediate Outcomes</td></tr>
<tr><td>Policy, coordination and cooperation<br><br>mitigate the money laundering and<br><br>financing of terrorism risks</td><td>1. Money laundering and terrorist financing risks are understood and, where appropriate, actions coordinated domestically to combat money laundering and the financing of terrorism and proliferation.<br>2. International cooperation delivers appropriate information, financial intelligence, and evidence, and facilitates action against criminals and their assets.<br>3. Supervisors appropriately supervise, monitor and regulate financial institutions and DNFBPs for compliance with AML/CFT requirements commensurate with their risks.<br>4. Financial institutions and DNFBPs adequately apply AML/CFT preventive measures commensurate with their risks, and report suspicious transactions.</td></tr>
</table>

<table>
<tr><td></td><td rowspan="3">5. Legal persons and arrangements are prevented from misuse for money laundering or terrorist financing, and information on their beneficial ownership is available to competent authorities without impediments.<br>6. Financial intelligence and all other relevant information are appropriately used by competent authorities for money laundering and terrorist financing investigations.<br>7. Money laundering offences and activities are investigated and offenders are prosecuted and subject to effective, proportionate and dissuasive sanctions.<br>8. Proceeds and instrumentalities of crime are confiscated.<br>9. Terrorist financing offences and activities are investigated and persons who finance terrorism are prosecuted and subject to effective, proportionate and dissuasive sanctions.<br>10. Terrorists, terrorist organisations and terrorist financiers are prevented from raising, moving and using funds, and from abusing the NPO sector.<br>11. Persons and entities involved in the proliferation of weapons of mass destruction are prevented from raising, moving and using funds, consistent with the relevant UNSCRs.</td></tr>
<tr><td>Proceeds of crime and funds in support of terrorism are prevented from entering the financial and other sectors or are detected and reported by these sectors.</td></tr>
<tr><td>Money laundering threats are detected and disrupted, and criminals are sanctioned and deprived of illicit proceeds. Terrorist financing threats are detected and disrupted, terrorists are deprived of resources, and those who finance terrorism are sanctioned, thereby contributing to the prevention of terrorist acts.</td></tr>
</table>

प्राविधिक मूल्यांकनको Rating Scale देहाय बमोजिम हुनेछ ।

**Technical (Legal and Institutional) Compliance**

| | |
|---|---|
| **Compliant** (C) | There are no shortcomings. |
| **Largely compliant** (LC) | There are only minor shortcomings. |
| **Partially compliant** (PC) | There are moderate shortcomings. |
| **Non-compliant** (NC) | There are major shortcomings. |
| **Not applicable (NA)** | A requirement does not apply, due to the structural, legal or institutional features of a country. |

कार्यान्वयनको प्रभावकारिताको मूल्यांकनको Rating Scale देहाय बमोजिम हुनेछ ।

**Rating on Effectiveness**

| | |
|---|---|
| High level of effectiveness | The Immediate Outcome is achieved to a very large extent. Minor improvements needed. |
| Substantial level of effectiveness | The Immediate Outcome is achieved to a large extent. Moderate improvements needed. |
| Moderate level of effectiveness | The Immediate Outcome is achieved to some extent. Major improvements needed |
| Low level of effectiveness | The Immediate Outcome is not achieved or achieved to a negligible extent. Fundamental improvements needed. |

उपरोक्त मूल्यांकनमा देहायबमोजिमको कुनै अवस्था आएमा कुनै पनि देश देहाय बमोजिमका विभिन्न प्रकृतिको अन्तर्राष्ट्रिय अनुगमनमा पर्ने छ ।

**Follow up/Monitoring**

| Types | Grounds |
|---|---|
| **Regular** | |
| Enhanced | 1. 8 or more NC/PC Recs, or<br>2. NC/PC on 1 or more out of R 3, 5, 10, 11, 20, or<br>3. L or M on 7 or more IOs, or<br>4. L on 5 or more IOs |
| Enhanced [Expedited] | 1. NC/PC on 10 or more out of Recs: R 3, 5, 10, 11, 20 and 1, 4, 6, 26, 29, 36, 37, 40, or<br>2. L or M on 9 or more IOs |
| ICRG | 1. 20 or more NC/PC Recs, or<br>2. NC/PC on 3 or more of R 3, 5, 6, 10, 11, 20, or<br>3. L on 6<br>4. Non-participation in FSRB<br>5. Nomination by FSRB/FATF delegation |

**नेपालको अवस्था**

सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी आधारभूत व्यवस्था नभएका कारण सन २०१० देखि विश्वको निगरानी सूचिमा परेकोमा नेपाल सन २०१४ को मध्यमा आएर बाहिरिन सफल भएको छ । आधा दशकको कठोर प्रयासबाट नेपालले प्राविधिक क्षेत्र खासगरी कानुनी र संस्थागत पक्षमा निकै ठूलो फड्को मारेको छ । मुलुकमा वित्तीय अनुशासन कायम गर्न, वित्तीय प्रणालीमा स्थायित्व ल्याउन र अपराधबाट आर्जित सम्पत्ति जफत गरी राष्ट्र सम्वृद्ध बनाउने यो विषय ढिलो चाडो राज्यका हरेक क्षेत्रमा फैलदै गएको छ ।

यद्यपि नितान्त आफ्नो आन्तरिक कारणले यस्तो परिस्थिति आएको, वित्तीय अपराध नियन्त्रण र विकास एकै सिक्काका दुई अभिन्न पाटा भएकाले राज्यको लागि अति आवश्यक कुरा भएको भन्ने कुरामा चाँही अझै मतभेद हुनु मुलुकको हितमा छैन । जसले पनि एक अर्काका उत्कृष्टता अनुशरण गर्ने हो । तर राजनैतिक प्रणालीदेखि ससाना गृह आवश्यकता वस्तु र सेवा समेत अन्यत्रबाट पूर्ति हुने हाम्रो देशमा सामूहिक रूपमा निर्माण गरिएको विश्वकै उत्कृष्ट वित्तीय अपराध नियन्त्रण प्रणाली अवलम्बन गर्ने क्रममा रहेका मतभेत सामान्य होइन । आम नागरिकले बुझ्न जरूरी छ । केही भ्रम र केही यथार्थ हुन् । जसका कारण हुन सक्छन । केही भ्रम डरले छरिएको पनि छ । केहीमा समग्र प्रणाली नै जिम्मेवार छ । यो विषय आम सर्वसाधारण विरूद्ध होइन मुलतः गलत कार्य गरी आर्जन गर्ने सुकिला मुकिला जस्तो देखाउने विरूद्ध हो भन्ने बुझ्न बुझाउन अझै बाँकी छ । गैरकानुनी सम्पत्तिको आडमा इज्जत प्रतिष्ठा र साम्राज्य खडा गर्ने विरूद्ध हो र त्यस्तो सम्पत्ति जफत गरी राज्य सबल र सम्वृद्ध बनाउन हो भन्ने अभ्यास स्थापित गर्ने बाँकी छ । असीमित प्राकृतिक साधन स्रोतले सम्पन्न हुँदाहुँदै दुनियाँको तन्नम हुनु र नियमितरूपमा अस्थिरता, द्वन्द्व, पछौटेपन, दण्डहीनता भोग्नु यसैका उपज हुन् कि भनी सोच्नै बाँकी छ ।

जे जस्तो परिस्थिति विद्यमान रहे पनि नेपालले सम्पत्ति शुद्धीकरण निवारण ऐन २०६४ मा वृहद संशोधन गऱ्यो । कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन २०७०, पारस्परिक कानुनी सहायता ऐन २०७०, संगठित अपराध निवारण ऐन २०७० र सपुर्दगी ऐन २०७० लगायत केही नियमहरू पारित भए । संयुक्त राष्ट्र संघका संगठित अपराध, भ्रष्टाचार र आतंकबादी कार्यमा हुने वित्तीय लगानी दमन सम्बन्धी महासन्धीहरू अनुमोदन भए । सम्पत्ति शुद्धीकरण र आतंकबादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी पाँच बर्षे राष्ट्रिय रणनीति तथा कार्ययोजना लागू भयो । नेपाल राष्ट्र बैंक लगायतका नियमनकारी निकायले कैयौ नियमनकारी निर्देशनहरू जारी गरी नियमन सुपरीवेक्षण शुरू गरे । बैंक वित्तीय संस्था लगायतले Preventative क्षेत्रहरूमा आफ्ना कार्यहरू शुरू गरे । अनुसन्धानकारी निकायहरूले केही भए पनि अनुसन्धानका कार्य अगाडि बढाए । संभवत नेपालको राजनैतिक विकासको तिव्रता कै हाराहारी आर्थिक र अपराध नियन्त्रणका क्षेत्रमा अभूतपूर्व काम भए । फलस्वरूप नेपाल विश्वको निगरानी सूचिबाट हट्यो । जटिल राजनैतिक र संवैधानिक संक्रमणका समयमा पनि नेपालले अपराध विरूद्ध काम गर्ने र गरेको सन्देश विश्वलाई दियो ।

तर नेपालको वर्तमान कानुन केही विषय बाहेक मुलतः २०१२ अगाडिका ४९ मापदण्डमा आधारित रहेको र अन्य धेरै मापदण्ड र सन २०१२ मा आएका नयाँ मापदण्ड बमोजिम नेपालले गर्नुपर्ने कानुनी र संस्थागत अन्य धेरै प्रारम्भिक काम बाँकी नै छन् । कानुन र संस्थागत व्यवस्था नै पूरा हुन नसकेको वर्तमान अवस्थामा कार्यान्वयन र प्रभावकारिता जटिल नै मान्नु पर्छ । मूल्यांकनमा प्रभावकारिताको भारांकमा बढी जोड हुनेछ । यस अवस्थामा हालको प्रगति, संस्थागत कार्य सबलता र क्षमतालाई अध्ययन गर्दा नेपालले कार्यान्वयन पक्षलाई हालैदेखि तिव्रता दिन नसकेमा मूल्यांकनको परिणाम सन २०१० को भन्दा कमजोर देखिने सम्भावना प्रवल छ । जसको नकारात्मक प्रभाव कस्तो पर्न सक्छ भन्ने कुराको सामान्य संकेत हामीले विगत सन २०१० देखि २०१४ सम्म महशुस गरेका छौ ।

**उपसंहार**

सम्पत्ति शुद्धीकरण निवारण संयन्त्र नेपालको स्थयित्व, विकास र संवृद्धिको एक नयाँ आयाम हो । वित्तीय अनुशासन कायम गर्न, वित्तीय प्रणालीमा स्थायित्व ल्याउन र अपराधबाट आर्जित सम्पत्ति जफत गरी इमान्दारीलाई प्रोत्साहित गर्न र राष्ट्र सम्वृद्ध बनाउन यस प्रणालीले महत्वपूर्ण भूमिका निभाउने कुरा जगजाहेर छ । नेपालको समस्या भनेको कैयौं वर्षअघि स्वविवेकले गर्नुपर्ने काम नगरेर मात्र आएको हो । आखाँ अगाडिको कुरा मात्र नहेरेर नेपालको १०० वर्षको इतिहास, राजनैतिक परिर्वतन, विस्थापन र आगमन, अस्वभाविक युवा आकाक्षा, Mind and Muscle को व्यापक निराशा र पलायन यही गैर कानुनी सम्पत्तिको दवदवा र प्रवृतिको निरन्तरता हो भन्न पनि समस्या नहोला ।

उपरोक्त परिस्थिति नेपालले थाहा नै नपाएर आएको होइन । १९६०/७० कै दशकमा यस विषयमा कामहरू शुरू भएका थिए । ८० को दशकमा संयुक्त राष्ट्र संघले केही महासन्धी र अन्य कार्यक्रम नै अगाडि ल्याइ विशिष्टीकृत विश्वव्यापी संस्था र मापदण्ड बनिसकेको थियो । दुर्भाग्य राष्ट्रको लागि सुनको अण्डा पार्ने कुखरी समय मै भित्र्याउन र प्रणालीको विकास गर्न सकेनौ । विदेश भ्रमणको ज्ञान राज्य प्रणालीको विकासमा रूपान्तरण गर्न सकेनौ । आगामी दिनमा पुनः यस्तो नहोस् ।

जे जस्तो भए पनि नेपालले हालसम्म गरेका कार्यबाट एकातिर नेपाल अन्तर्राष्ट्रिय अनुगमन र कालो सूचिको त्रासबाट केही अवधिका लागि मुक्त भएको छ भने अर्कातिर आर्थिक काम कारोवारमा पारदर्शिता ल्याउने, वित्तीय प्रणालीमा स्थायित्व कायम गर्ने, वित्तीय अपराध नियन्त्रण गर्ने एवम् राजश्वमा व्यापक वृद्धि ल्याई राष्ट्रको आर्थिक विकासमा रणनैतिक आम सुधार ल्याउने विषयमा काम गर्ने मजबुत कानुनी आधारशीला समेत प्राप्त भएको छ । जसको आधारमा आगामी मूल्यांकन समेतमा ठूलै सहयोग पुग्नेछ । तर कार्यान्वयन र प्रभावकारितामा आधारित आगामी मूल्यांकनमा सकुशल उत्रन आजै देखि कठिन बाटो अवलम्बन हुन आवश्यक छ । अन्यथा नेपाल पुनः विगतकै चक्रमा फस्न सक्नेछ र सोको अर्थतन्त्र र खासगरी वित्तीय क्षेत्रले गंभीर मूल्य चुकाउनु पर्ने छ ।

यसका लागि मुलतः मौजुदा कानुनको कार्यान्वयन, वित्तीय क्षेत्रको सघन प्रभावकारिता, थप कानुन निर्माण तथा संशोधन, सशक्त नियमन सुपरीवेक्षण र अनुसन्धान तथा कार्यान्वयन क्षेत्रमा परिणाममुखी उच्च सक्रियता अपरिहार्य छ । अन्त्यमा, पुनः, विकास र वित्तीय अपराध नियन्त्रण एउटै सिक्काका दुई अभिन्न पाटा हुन, भिन्न गरे विकास, स्थायित्व र सुशासन भन्ने कुराको अर्थ रहदैन भन्ने बुझ्न बुझाउन जरूरी छ । जसको नेपालले ऐतिहासिक रूपमा नै खाँचो महसुश गरिरहेको छ । ●●

*(लेखक नेपाल राष्ट्र बैंकका उपनिर्देशक साथै, हाल AML Cell अर्थ मन्त्रालयसँग सम्बद्ध हुनुहुन्छ ।)*

# सुशासन तथा संस्थागत उत्तरदायित्व

■ हिमलाल पौडेल

**विषय प्रवेश**

सुशासन शव्दको अर्थलाई केलाउँदा "सु" भनेको असल, उत्तम राम्रो र "शासन" भनेको सञ्चालन दुवैको अर्थ मिलाउँदा असल रूपमा संचालित शासन व्यवस्था भन्ने बुझिन्छ । असल शासनका विशेषताको रूपमा सामान्यतय कानुन, नीति नियमभित्र रही विधिसम्मत ढंगले जवाफदेही, पारदर्शिता कायम गर्दै संचालित शासन व्यवस्था नै सुशासन हो ।

सुशासनको अवधारणालाई इतिहासको पानाबाट केलाउँदा यसको उदय सन १९८० को दशकको अन्त्यतिरबाट व्यापकता पाएको पाइन्छ । त्यस बेला विश्वबैंकले अफ्रिकी महादेशको साहारा उपक्षेत्रमा विद्यमान व्यापक गरिवी र आर्थिक दूरावस्थाबाट सिर्जित समस्याको कारण पत्ता लगाउन एक अध्ययन टोली गठन गरेको थियो । उक्त अध्ययन टोलीको गहनतम अध्ययनपछि पत्ता लाग्यो कि उल्लेखित क्षेत्रमा व्यापक अनियमितता भ्रष्टचार मानव अधिकार हनन जस्ता घटनाहरू मौलाएको कारणले त्यहा सुशासनको खडेरी छ भन्ने लागिसकेपछि सहयोग गर्ने संघ, संस्था र मुलुकले सर्वप्रथम उक्त क्षेत्रमा सुशासन कायम गर्नुपर्ने पूर्वशर्त राखेर मात्र सहयोगी हात फैलाउने सकिने प्रचलनले व्यापकता पायो ।

**सुशासनका सम्बन्धमा गरिएका केही परिभाषाहरू:**

नेपाली शव्दकोष अनुसार मुलकमा आर्थिक विकास सँगसँगै छिटो छरितो सेवा उपलब्ध गराउँदै भ्रष्टाचारबाट मुक्त शासन प्रणाली नै सुशासन हो ।

संस्थागत सुशासन सम्बन्धमा परिभाषाहरू मध्ये OECD ले प्रस्तुत गरेको परिभाषाले संस्थागत सुशासनका हरेक मूल्य मान्यता आत्मसात गरेको पाइन्छ : Corporate Governance is the system by which business corporation are directed and controlled. The corporate governance structure specifies the distribution of right and responsibilities among different participants in the corporation, such as the board, managers, shareholders and other stake holders and spell out of the rules and procedures for making decisions on corporate affairs. By doing this it also provides the structure through which the compony objectives are set and the means of attaining those objective and monitoring performance OECD april 1999

The Oxford Business Dictionary अनुसार "Corporate governance is the manner in which organizations, particularly limited companies are managed and the nature of accountability of managers to the owners" यसैगरी एक नेपाली अध्ययन कार्यदलका अनुसार "Corporate governance is the distribution of rights and responsibilities among different participants in the organization, such as the board managers, shareholders and other stakeholders"

उपरोक्त उल्लेखित विभिन्न क्षेत्रबाट गरिएका परिभाषालाई अध्ययन गर्दा विधिसम्मत ढंगल संचालित शासन व्यवस्थाभित्र सुशासन कायम रहेको हुन्छ भने सुशासन कायम रहेको संघ, संस्था, मुलुकले समग्र क्षेत्रमा उन्नति हासिल गर्दै संस्थाको स्थायित्वलाई कायम गर्न सफल भएको हुन्छ ।

यसरी संस्थागत सुशासनलाई राज्यका प्रत्येक अंगहरू, संघसंस्थाले मुटुको, रूपमा हेर्नु पर्दछ जसले राज्यका हरेक अंगहरू, कम्पनी, संस्था वा संगठनलाई नैतिक धरातलमा रहेर व्यावसायिक रूपमा मर्यादित ढंगले, पारदर्शिता, जवाफदेहिता कायम राख्दै उपलब्ध स्रोत र

साधनको उच्चतम प्रयोग गर्न प्ररित गर्दछ । यसरी हेर्दा विधिको शासन व्यवस्थाभित्र मात्र सुशासन कायम रहन सक्छ । कुनै मुलुकका जनता र समग्र राज्यको समुन्नतिका लागि सुशासन हुनु अपरिहार्य छ त्यसैले भन्ने गरिन्छ जनता माथि राज्यले गर्भदेखि चिहान (Womb to tombs) सम्म विधिसम्मत ढंगले कानुनी व्यवस्था कायम गरेको हुन्छ । कुनै पनि संघ संस्थाले सुशासन कायम गर्न कम्तीमा पनि आफूले उपलब्ध गराउने वस्तु तथा सेवाका आधारमा न्युनतम रूपमा देहायका विषयहरूलाई समेटेको हुनुपर्दछ ।

- संस्थाको दिर्घकालीन लक्ष्य, मूल्यांकन तथा नियन्त्रण प्रक्रिया स्पष्ट रूपमा निर्धारण गर्नुपर्दछ ।
- आन्तरिक नीति, नियमहरू संस्थाको दिर्घकालीन लक्ष्य हासिल गर्न सक्ने गरी स्पष्टरूपमा लिपिवद्ध हुनुपर्ने र संस्थामा पारदर्शिता, जवाफदेहिता कायम गर्नुपर्ने ।
- संस्थाको बनौट, सञ्चालन प्रक्रिया, नियन्त्रण पद्धती, संस्थाको दिर्घकालीन रणनीति तोकिएको लक्ष्य हासिल गर्नमा सघाउ पुऱ्याउने खालको हुनु पर्दछ ।
- संस्थाका कार्यरत कर्मचारीहरू कानुनसम्मत ढंगले सरोकारवाला, स्थानीय समुदाय तथा नियामक निकाय समेतको चाहनाअनुरूप चल्नुपर्ने ।
- ग्राहकसँग सुमधुर सम्बन्ध कायम राख्दै नियमित रूपमा सम्पर्क राख्नु पर्दछ ।
- प्रचलित नियम, कानुन, कार्यविधि, नियमक निकायबाट प्राप्त निर्देशन तथा परिपत्रहरूको पूर्ण पालना हुनुपर्ने ।
- लगानीकर्ताको चाहना अनुरूप विधिसम्मत ढंगले कार्य गर्नुपर्ने ।
- संस्थाबाट सम्पादित कार्यको नियमित अनुगमन, निरीक्षण तथा लेखापरीक्षण कार्य समयमा सम्पन्न गराई संस्थाको वास्तविक स्थितिको विवरण नियमित रूपमा सरोकारवालाको पहुँच पुग्ने गरी प्रकाशन गर्ने ।
- संस्थाका हरेका क्रियाकलाहरू नैतिक धरातलमा टेकेर विधिसंवत ढंगले पारदर्शिता, जवाफदेहिता, मितव्ययिता प्रदान गर्दै व्यावसायिक रूपमा संचालित हुनु पर्दछ ।

कुनै पनि सिंगो मुलुकको समग्र विकास (राजनीतिक, आर्थिक, सामाजिक) का लागि राज्यका हरेका अंगमा सुशासन आवश्यक छ । सुशासन कायम गर्नका निमित्त नै राज्यले आवश्यकता अनुसार ऐन, नियम, कानुन, कार्यविधि, निर्देशिका लगायतका कानुनको निर्माण गरेको हुन्छ जसको पालना सो क्षेत्रमा बस्ने जनताले मात्र होइन कि राज्यका प्रत्येक अंग निकायहरूले पालना गर्नु पर्दछ । यसरी कुनै पनि संस्थामा ऐन, नियम र कानुनका दायराभित्र रही विधिसम्मत तरिकाले पारदर्शी र उत्तरदायीपूर्ण ढंगबाट संस्थागत उद्देश्य प्राप्तिका लागि गरिने सम्पूर्ण गतिविधि कार्य नै संस्थागत सुशासन हो । एउटा संगठन अमूर्त, अदृश्य भएर पनि व्यक्ति सरहको भूमिकामा रहन्छ तर त्यहाँभित्र पालना गरिने नीति नियम पद्धती र निमार्ण गरिने कानुनी व्यवस्थाले त्यसलाई अगुवाइ गरिरहेको हुन्छ । यो कति उत्तरदायीपूर्ण र पारदर्शी छ भन्ने कुरा त्यसभित्र रहेका कानुनी व्यवस्था र सोको परिपालनाले स्पष्ट गरेको हुन्छ । तसर्थ पारदर्शी र उत्तरदायीपूर्ण ऐन, नियमहरूको माध्यमद्वारा प्रभावकारी, जवाफदेही, जनसहभागितात्मक, सामाजिक न्याय, पर्यावरणीय स्थिरताका साथै Fair Play आदि जस्ता विशेषणबाट सुसज्जित शासन पद्धति वा संस्थाको कुशल व्यवस्थापन नै संस्थागत सुशासन हो जसले संस्थाको उद्देश्य प्राप्तिका निमित्त बत्तीले दिए जस्तो उज्यालो देखाउन सक्नु पर्दछ ।

नेपालमा पनि संस्थागत सुशासन कायम राख्नका निमित्त नियामक निकायको स्थापना लगायत महत्वपूर्ण ऐनहरूः अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, भ्रष्टाचार निवारण ऐन, राष्ट्रिय सतर्कता केन्द्र, बालबालिकाको हकहितका निमित्त बाल श्रमिक नियमावली र ततक्षेत्र तथा संस्थाका कर्मचारीका लागि बनाइएको कर्मचारी सेवा विनियमावली लगायत बैंकहरूको हकमा नेपाल राष्ट्र बैंकबाट समयसापेक्ष परिमार्जन गर्दै जारी गरिएको एकीकृत निर्देशन मार्फत जारी गरेका निर्देशन, नेपाल राष्ट्र बैंक ऐनलगायत सम्बन्धित संस्थाका कार्यविधि, नियम, नीति/निर्देशनले संस्थागत सुशासन कायम गर्ने कार्यमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।

**संस्थागत सामाजिक उत्तरदायित्व** (Corporate Social Resposibility)

संस्थागत सामाजिक उत्तरदायित्वलाई आजभोलि संस्थागत सुशासनको अवयवको रूपमा लिने गरिन्छ आज हरेक संस्थामा सुशासन सँगसँगै CSR भन्ने शब्द जोडिएर आएको देखिन्छ । समाज भित्रबाट नै

व्यवसायको जन्म हुने भएको हुँदा समाजमा नै संचालित व्यवसाय तथा विविध किसिमको सेवा पुऱ्याउने अभिप्रायले स्थापना भएका संस्थाले सामाजिक मर्यादालाई ख्याल राखी समाजप्रति उत्तरदायी तथा जवाफदेहि भई आफ्ना वस्तु सेवाहरू निरन्तर उपलब्ध गराउनु नै संस्थागत सामाजिक उत्तरदायित्व हो । CSR लाई यसरी बुझिन्छ कि It efforts will guarantee the prosperity of all concerned भन्ने अवधारणामा कार्य गरिन्छ । जहाँ CSR लाई महत्व दिई कार्य सञ्चालन हुन्छ तहां संस्था र समाज दुवैले win win को अवस्था प्राप्त गर्दछन । CSR लाई सजिलोसँग बुझ्नका लागि दुग्ध व्यवसायलाई लिन सकिन्छ, जस्तो दुध लिन शहरबाट दुधका ट्यांकर ग्रामीण क्षेत्रमा जांदा उनिहरूले उल्लेखित क्षेत्रमा आवश्यक पर्ने भेटनरी डाक्टर, आवश्यक औषधी र अन्य सामग्री लगायतका प्राविधिक विज्ञहरू सँगै लैजाने उनीहरूले आवश्यकता अनुसार सबै कृषकहरूलाई आफ्ना सेवाहरू उपलब्ध गराउने र भविष्यमा आवश्यकता अनुसार नै दुग्ध कम्पनीबाट थप सेवाहरू निरन्तर रूपमा उपलब्ध गराई कृषकहरूलाई विश्वस्त पार्न सकेको अवस्थामा कृषकहरू ढुक्क भई आफ्नो पेशालाई उत्साहजनक रूपमा अगाडि बढाउनुका साथै पेशाले स्थायित्व प्राप्त गरी समाज र राष्ट्रको आर्थिक उन्नतिमा उल्लेखनिय प्रगति हासिल गर्न सफल हुन्छ भने अर्कोतिर CSR का कारणले कृषक लगायत दुग्ध कम्पनी दुवैले ख्याति कमाउनुका साथै लाभान्वित हुन सक्दछन् । यसरी सरोकारवाला संस्थाले प्रभावित तथा सम्बद्ध पक्षलाई सदैव Assurance दिनुपर्दछ ।

**समाज प्रतिको संस्थागत सामजिक उत्तरदायित्व** (CSR towards community)

व्यवसाय समाजमा नै रहने र समाज कै लागि स्थापना गरिएको महत्वपूर्ण अंग समेत भएको हुनाले आफु रहने समाजका लागि महत्वपूर्ण योगदान पुऱ्याउनु पर्दछ । त्यसो भएमा मात्र सामाजिकीकरणको माध्यमबाट व्यवसाय दिगो हुन सक्दछ । जसका लागि विशेषरूपमा उल्लेखित विषयहरूमा ख्याल पुऱ्याउनु जरूरी हुन्छः वातावरण (सामाजिक, आर्थिक, राजनैतिक) पर्यावरण जोगाउने, सामाजिक सांस्कृतिक मूल्य मान्यताको जगेर्ना, राष्ट्रिय एकताको भावना जगाउने क्रियाकलाप, स्थानीय रोजगारी र विकासमा ध्यान, प्राकृतिक स्रोतको उच्चतम प्रयोग, जगेर्ना, स्थानीय ठाउँहरूको प्रबर्द्धन लगायत सामाजिक विकास आदि विषयहरू प्रमुख रूपमा पर्दछन् ।

**सरकार प्रतिको संस्थागत सामाजिक उत्तरदायित** (CSR towards Government)

समग्र मुलुकमा सरकारको उपस्थितिको हैसियतले प्रयोग हुने कानुनको निर्माण र परिपालना गराउने कार्य राज्यको हुन्छ । राज्यले जारी गरेका कानुन, ऐन, नीति, नियम एवं निर्देशनको परिपालना सदैव सबै क्षेत्रबाट पालना भएको हेर्न चाहन्छ । सामान्यतया सरकारप्रतिको संस्थागत उत्तरदायित्व अन्तर्गत नियमित कर तिर्नु, नीति नियमको कडाइका साथ पालना, सरकारी कार्यक्रमलाई सहयोग, समर्थन गरी कार्यन्वयनमा ल्याउने, बेरोजगारी समस्या हटाउन सरकारलाई सहयोग गर्ने, क्षेत्रीय विकासका लागि सरकालाई सहयोग, आफुबाट संचालित व्यवसाय, संघ, संस्था तथा संगठनको हिसाब किताब र अभिलेख स्पष्ट रूपमा इमान्दारीपूर्वक राखिनु पर्ने, देश विकासमा राज्यलाई Facilitation गर्नु आदि विषयहरू प्रमुख रूपमा पर्दछन् ।

**सेवाग्राही तथा ग्राहक प्रतिको संस्थागत सामाजिक उत्तरदायित्व** (CSR Towards customer)

बास्तवमा कुनै पनि संघ/संस्था तथा व्यवसाय समाजका लागि स्थापना गरिएको हुन्छ र समाज भित्र नै ग्राहकहरू रहेका हुन्छन् त्यसैले भन्ने गरिन्छ Without Them we should close our door ग्राहक तथा सरोकारवालाको उपस्थिति रहेन भने व्यवसाय वा संघ/संस्थाको कुनै अस्तित्व रहंदैन । त्यसैले हरेक संघ/संस्था समाज प्रति उत्तरदायी हुनु पर्छ भनिएको हो । व्यवसाय तथा संघ/संस्थाको स्थायित्वका निमित्त आधुनिक व्यवसायमा ग्राहकलाई King or God को रूपमा लिई आफ्ना गतिविधिहरू अगाडि बढाउनु वृद्धिमत्ता पूर्ण हुन्छ । साथै ग्राहकको इच्छा चाहना र आवश्यकता बुझी सोही अनुरूप वस्तु तथा सेवा तयार गर्नु पर्दछ, समान्यतया यस अन्तर्गतः गुणस्तरीय वस्तु र सेवाको आपूर्ति, सस्तो वा उपयुक्त मूल्य, उपयोगी वस्तुको नियमित आपूर्ति, ग्राहक गुनासो र समस्या समाधान,जनउपयोगी सन्देशको प्रचार प्रसार, वस्तुको अभाव हुन नदिनु, उपभोक्तालाई केन्द्र बिन्दुमा राख्नु, समयको माग अनुसार वस्तुको अनुसन्धान र खोज गुणस्तरमा सुधार गर्दै लैजाने, Innovative Product, उपयोगी वस्तुको निमार्ण, उत्पादकत्व अभिवृद्धि मूल्य कम गर्न सक्दो प्रयास, बैकिङ् क्षेत्रमा निक्षेपको उचित व्याज सहित पूर्ण सुरक्षा हुने प्रत्याभुति एवं ग्राहक चाहना अनुरूपको वस्तु तथा सेवाहरू समयमा उपलब्ध गराउने विषयहरू प्रमुख रूपमा पर्दछन् ।

**कर्मचारीप्रतिको संस्थागत सामाजिक उत्तरदायित्व** (CSR Towards Employee)

कर्मचारीहरूलाई कार्यरत संस्थाको मेरूदण्डको रूपमा लिइने हुनाले कर्मचारीलाई संस्थाको महत्वपूर्ण सम्पत्तिको रूपमा लिइन्छ । कर्मचारीकै माध्यमबाट संस्थाले सफलता हासिल गर्ने हुँदा उनिहरू प्रति व्यवसायको महत्वपूर्ण सामाजिक दायित्व रहेको हुन्छ । जस अन्तर्गतः कर्मचारीको निष्पक्ष भर्ना एंव छनौट, नियमित रूपमा तलब भत्ता सुविधा प्रदान, जीवनयापन गर्न मिल्ने ज्याला र अतिरिक्त सुविधा लगायत जागीरको सुरक्षा, सामाजिक सुरक्षा र कल्याणको व्यवस्था, नियमित बृति विकास, उत्प्रेरणा र नेतृत्व विकासको अवसर, राम्रो युनियन सम्बन्ध, सहभागिता मुलक व्यवस्थापन, गुनासो व्यवस्थापन, तालिम तथा विकास, अध्ययनको अवसर, वैदेशिक भ्रमणको अवसर, न्यायिक र पारदर्शीपूर्ण प्रशासन प्रणाली आदि विषयहरू प्रमुख रूपमा पर्दछन् ।

**लगानीकर्ताप्रतिको संस्थागत सामाजिक उत्तरदायित्व** (CSR Towards Investor)

कुनै पनि व्यवसायको सञ्चालन केही प्रतिफल प्राप्त गर्ने आशा र सम्भावनाले नै लगानीकर्ताहरूद्वारा व्यवसायको स्थापना र सञ्चालन हुने गर्दछ । उनिहरूलाई उपयुक्त प्रतिफल दिनु पनि व्यवसायको महत्वपूर्ण सामाजिक उत्तरदयित्व हुन आउँछ । सामान्यतया यस अन्तर्गतः खाता तथा हिसाब राम्रोसँग राख्नु पर्ने, लगानी सुरक्षित रहेको प्रत्याभुति हुनुपर्ने, नियमित रूपमा नियमक निकायमा विवरण उपलब्ध गराउनका निमित्त Reporting System राम्रो हुनु पर्छ, Maximization of Wealth, Resources को उच्चतम प्रयोग, Decision Making मा पूर्ण सहभागी गराउने, सबै लगानीकर्तालाई बराबरीको रूपमा व्यवहार गर्नुपर्ने आदि विषयहरू प्रमुख रूपमा पर्दछन् ।

**प्रतिस्पर्धीप्रतिको संस्थागत सामाजिक उत्तरदायित्व** (CSR Towards Competitor)

प्रतिस्पर्धाभित्र नै व्यवसाय रहने हुनाले जहाँ व्यवसाय हुन्छ त्यहाँ प्रतिस्पर्धा जोडिएको हुन्छ त्यसैले आजभोलि व्यवसाय भनेकै प्रतिस्पर्धाको अर्को पर्यायवाची शव्द हो भन्ने गरिन्छ । व्यवसायमा सुशासन तथा सामाजिक उत्तरदायित्व कायम गर्नका निमित्त व्यवसाय सञ्चालनकर्ताले स्वस्थ प्रतिस्पर्धा गर्न जान्नु पर्दछ । स्वस्थ प्रतिस्पर्धाले नै व्यवसायको भविष्य उज्वल र स्थायित्व कायम हुन जान्छ । सामान्यतया यस अन्तर्गतः प्रतिस्पर्धीहरूसँग मैत्रिपूर्ण सम्बन्ध, प्रतिस्पर्धीहरूसँग सेवामा मात्र प्रतिस्पर्धा, मित्रवत व्यवहार गर्दै हामी सबै एउटै डुंगामा यात्रा गरिरहेको कुरालाई कहिलै नविर्सने, सुमधुर सम्बन्ध, कागजातको सत्य तथ्य एकिन विवरण उपलब्ध गराउने आदि विषयहरू प्रमुख रूपमा पर्दछन ।

यसरी समाजमा लामो समयसम्म आफ्नो अस्तित्व चाहने कुनै पनि संस्थाले आजभोलि Corporate Social Rsposnbility अन्तर्गत समाज र व्यवसायको सम्बद्ध अर्थात सरोकारवाला पक्षहरूले आशा राखेका क्षेत्रहरूलाई संवोधन हुनेतर्फ सजग हुँदै आफ्नो उद्देश्यका साथसाथै CSR प्रति पनि उत्तिकै ध्यान दिंदै संस्थाका कृयाकलाप अगाडि बढाउनु पर्छ । आफ्ना वस्तु तथा सेवाको वितरण न्यायोचित ढंगले व्यवस्थित गर्न सकेको अवस्थाले नै संस्थागत सामाजिक उत्तरदायित्व कायम रहेको अनुभूति समेत गराउँछ ।

**कृषि विकास बैंक लि.मा संस्थागत सुशासन र सामाजिक उत्तरदायित्व**

कृषि विकास बैंक लि. ले पनि संस्थागत सुशासन सामाजिक उत्तरदायित्वलाई उच्चत्तम महत्व राखी यस विषयलाई वार्षिक रूपमा प्रकाशित हुने बजेट तथा कार्यक्रम पुस्तिकामा स्पष्ट रूपमा व्यवस्था गरी सोही अनुसार आफ्ना कार्यक्रम तथा सेवाहरू सञ्चालन गर्दै आएको छ ।

**संस्थागत सामाजिक उत्तरदायित्वतर्फ**

(क) शाखा कार्यालयहरूबाट आ-आफ्नो कार्यक्षेत्र भित्रका स्कूल कलेज लगायतका उपयुक्त संघ संस्थाहरूमा ग्राहक जागरण कार्यक्रम (Banking Awareness Program) सञ्चालन गरिदै आएको ।

(ख) ग्रामीण क्षेत्रसम्म वित्तीय पहुँच अभिवृद्धि गर्न Financial Inclusion/ Financial Literacy जस्ता कार्यक्रम संञ्चालन गरिदै आएको ।

(ग) बैंकले भूकम्पबाट प्रभावित जिल्लाहरूलाई प्राथमिकता दिई सामाजिक सामुदायिक लगायतका कार्यक्रमहरू सञ्चालन गर्दै आएको ।

(घ) नेपाल सरकारको स्रोतबाट प्राप्त हुने अनुदान कार्यक्रमसँग आबद्ध हुने गरी ग्रामीण क्षेत्रमा बसोवास गर्ने गरीव र विपन्न वर्गका किसानहरूलाई विभिन्न सीपमूलक तालिम क्षेत्रीय तालिम केन्द्रहरू र केन्द्रीय तालिम प्रतिष्ठानबाट प्रदान गरिदै आएको ।

(ङ) महानगरपालिका क्षेत्रभित्र निश्चित स्थानहरूमा बगैंचा तथा पार्क व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता

दिइएको ।

(च) बैंकको ५० औं वार्षिकोत्सव मा विशेष कार्यक्रम गरी CSR अन्तर्गतको दायित्वलाई प्रभावकारी रूपमा पूरा गर्ने नीति लिईदै आएको छ ।

**संस्थागत सुशासनतर्फ**

(क) बैंकको कामकारवाहीमा आईपरेको कानुनी द्विविधा, बैंकिंग व्यवसायमा आईपर्ने विभिन्न जोखिम तथा कानुनी समस्याहरूलाई समाधान गरी बैंकिङ्ग व्यवसायलाई प्रभावकारी बनाउने कार्यका लागि मुख्य कार्यालय स्तर र क्षेत्रीय कार्यालयमा छिटो छरितो रूपमा राय परामर्श उपलब्ध गराइने छ ।

(ख) बैंकको नीति नियम विपरीत काम गर्ने कर्मचारी उपर विभागीय कारवाही सम्बन्धी कार्यलाई प्रभावकारी ढंगले सञ्चालन गर्ने र विभागीय कारवाहीउपर परेका पुनरावेदनलाई यथासम्भव छिटो टुंगो लगाइने छ ।

(ग) प्रचलित नेपाल कानुन बमोजिम तोकिएका अड्डा, अदालत न्यायाधीकरणमा बैंकका तर्फबाट गर्नुपर्ने निवेदन, गैह्र मुद्दा मामिला र फैसला वा निर्णय कार्यान्वयनका लागि मुख्य कार्यालय र मातहतका कार्यालयमार्फत प्रभावकारी व्यवस्थापन गरिने छ ।

(घ) बैंकका केही शाखाहरूमा बाहेक धेरै जसो शाखाहरूमा CBS जडान भइसकेको परिप्रेक्ष्यमा प्रविधिमार्फत् हुने सम्भावित कानुनी जोखिम न्यून गर्न र Good Corporate Governance को अवस्था कायम राख्न कानुनी परीक्षण (Legal Audit) को व्यवस्थापन गर्न सूचना प्रविधि विभागसँग समन्वय गरी निर्देशिका बनाइने छ ।

(ङ) बैंकको नीति, नियम, कार्यविधिको मस्यौदा तयार गर्दा आवश्यकता अनुरूप कानुन विभागको प्रतिनिधित्व गराई कानुन मस्यौदालाई व्यवस्थापन गर्ने र विभिन्न समिति, उप-समितिले सम्पादन गर्ने कार्यमा समेत आवश्यकता अनुसार कानुन विभागको प्रतिनिधित्व गराइने छ ।

(च) बैंकबाट सम्पादन हुने समसामयिक कानुन सम्बन्धी विषयमा कानुनी सल्लाहकार तथा कानुनी जनशक्ति समेतलाई सहभागी गराई आवश्यकतानुसार गोष्ठी सञ्चालन गर्ने र छलफलमा उठेका विषय वस्तुहरूलाई प्रतिवेदनको रूप दिई कार्यान्वयनको लागि सम्बन्धित विभागमा पठाइने छ ।

(छ) नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन, वाह्य लेखापरीक्षक लगायतका अन्य नियमनकारी निकाय, बैंकको कानुनी कार्यव्यवस्था, कार्यविधि र नेपाल राष्ट्र बैंकले स्थलगत सुपरीवेक्षणका क्रममा दिइएका निर्देशनहरू मध्ये बैंकको कानुनी व्यवस्थासँग सम्बन्धित अन्य विषयहरू पूर्णरूपमा पालना गराउन कार्य योजना बनाई कार्यान्वयन गरिने छ ।

(ज) बैंकबाट तयार गरिएका नीति नियम कार्यविधि र परिपत्रको स्थायी अभिलेख राख्ने व्यवस्था गरिने छ ।

बैंकले लिएका उपरोक्त रणनीति तथा कार्यक्रमको कार्यन्वयन नियमित रूपमा हुँदै आएको देखिन्छ । यसै सिलसिलामा चालु आ.व.मा धुर्मुस सुन्तली फाउण्डेशनलाई ५१औं बैंक दिवसको उपलक्ष्यमा रू. १५ लाख आर्थिक सहयोग गरिसकेको छ भने बैंकका फिल्डस्थित कार्यालयबाट निरन्तररूपमा यस्तै प्रकृतिका सहयोग पुऱ्याउँदै आइरहेको छ ।

**नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशनमा सुशासन सम्बन्धी गरिएको व्यवस्था**

नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थामा सुशासन कायम गर्नका निमित्त न्यूनतम आचरणहरूको स्पष्ट किटानी गरी बैंक तथा वित्तीय संस्थाको गिता पुराणको रूपमा चिनिएको एकीकृत निर्देशनहरू सँगालोको निर्देशन नं. ६ मार्फत कुनै पनि बैंक तथा वित्तीय संस्थाको संचालक सदस्य, प्रमुख कार्यकारी अधिकृत, कार्यरत कर्मचारीहरू सम्बन्धीत संस्थाहरूमा सुशासन कायम गर्नका लागि पालना गर्नुपर्ने न्यूनतम आचरण र काम कर्तव्यको देहाय बमोजिम स्पष्टरूपमा व्यवस्था गरेको छ । जसलाई छोटकरीमा प्रस्तुत गरिएको छ ।

**संचालकले पालना गर्नुपर्ने आचरण सम्बन्धी व्यवस्था**

- इजाजतपत्रप्राप्त संस्थाका सञ्चालकले यस बैंकले जारी गरेको आचरण सम्बन्धी व्यवस्था पालना गर्ने वचनबद्धतापत्रमा हस्ताक्षर गर्नुपर्नेछ र आफ्नो संस्थासँग वित्तीय स्वार्थ भए नभएको कुरा सञ्चालक समितिलाई लिखित रूपमा जानकारी गराउनुपर्ने, व्यवस्थापनको दैनिक कामकारवाहीमा हस्तक्षेप गर्न नहुने साथै सञ्चालकले आफ्नो अधिकार क्षेत्र नाघी गरेको कामकारवाहीप्रति सञ्चालक स्वयं जवाफदेही हुनु पर्नेछ ।
- इजाजतपत्रप्राप्त संस्थाको हित विपरितका गतिविधिमा संलग्न हुन नहुने ।
- एकभन्दा बढी इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक, सल्लाहकार वा कार्यकारी अधिकार प्रयोग गर्ने अन्य कुनै पदमा रहन नपाइने ।

- संरक्षकको हैसियतमा रहन नहुने ।
- पदको दुरूपयोग गर्न नहुने ।
- अभिलेख र प्रतिवेदन पूर्ण एवम् दुरूस्त राख्नुपर्ने ।
- गोपनीयता कायम राख्नु पर्ने ।
- निष्पक्ष र समान व्यवहार गर्नुपर्ने ।
- लिखित रूपमा जानकारी दिनुपर्ने ।
- तोकिएका आचरणहरूको पालना भए नभएको विवरण पेश गर्नुपर्ने ।
- सञ्चालक समितिको सदस्य समितिको बैठकमा नियमित रूपमा उपस्थिति हुनु पर्नेछ ।
- एकभन्दा बढी व्यक्ति इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक/कार्यकारी प्रमुख हुन नपाइने तर नेपाल सरकारबाट नियुक्ति पाएका कुनै पनि ओहोदाका व्यक्ति वा नेपाल सरकारको स्वामित्व भएका संघ संस्था वा नेपाल सरकारको अनुदानप्राप्त विद्यालय वा शैक्षिक संस्था लगायतका सार्वजनिक संस्थानमा पूर्णकालीन रूपमा कार्यरत रहेका व्यक्ति/कर्मचारीहरू नेपाल सरकार वा सम्बन्धित संघ/संस्थाको तर्फबाट प्रतिनिधित्व हुनेदेखि बाहेक अन्य कुनै किसिमले सञ्चालक समितिमा निर्वाचित वा मनोनित हुन पाइने छैन ।
- कालो सूचीबाट हटेको ३ वर्ष व्यत्तित भए पश्चात मात्र संचालक सदस्यमा नियुक्ति तथा मनोनयन हुन योग्य मानिन्छ ।
- इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाका अध्यक्ष तथा सञ्चालक लगातार दुई पटकभन्दा बढी उक्त पदमा निर्वाचित, मनोनीत वा नियुक्त हुन नसक्ने गरी सम्बन्धित संस्थाले आफ्नो नियमावलीमा व्यवस्था गर्नुपर्ने छ । यो निर्देशन जारी हुँदा कुनै बैंक तथा वित्तीय संस्थाको नियमावलीमा सो व्यवस्था नभएको भए आगामी साधारण सभाले सो सम्बन्धी प्रस्ताव पारित गरी नियमावली संशोधन गर्नुपर्ने छ ।

संचालक सदस्य वा अध्यक्षले उल्लेखित आचरणको अलावा निजहरूले पालना गर्नुपर्ने कर्तव्य तथा उत्तरदायित्व सम्बन्धी स्पष्ट रूपमा उल्लेखित निर्देशनमा व्यवस्था गरिएको र सोको पालना अनिवार्य रूपमा हुनुपर्ने भनी किटानी समेत गरेको छ ।

**इजाजतपत्र प्राप्त संस्थामा कार्यरत कर्मचारीले पालना गर्नुपर्ने आचरण सम्बन्धी व्यवस्था**

- संस्थामा कार्यरत कर्मचारीले संस्थाबाट जारी गरिएका आचरण सम्बन्धी निर्देशन तथा विनियमावलीमा व्यवस्था गरिएका पालना गर्नुपर्ने आचरण तथा अनुशासन सम्बन्धी व्यवस्थाको पूर्ण पालना गर्नु पर्दछ ।
- कर्मचारीहरूले इजाजतपत्रप्राप्त संस्थाको हित विपरितका गतिविधिमा संलग्न हुन पाइने छैन ।
- आंशिक रूपमा अन्यत्र काम गर्नका लागि स्वीकृति लिनु पर्ने ।
- संरक्षकको हैसियतमा रहन नहुने ।
- पदको दुरूपयोग गर्न नहुने ।
- सूचनाको दुरूपयोग गर्न नहुने
- अभिलेख र कारोबारको प्रतिवेदन राख्नु पर्ने
- गोपनीयता कायम राख्नुपर्ने
- निष्पक्ष र समान व्यवहार गर्नुपर्ने
- लिखित रूपमा जानकारी दिनुपर्ने
- आचरण सम्बन्धी व्यवस्था पालना भए/नभएको जानकारी वार्षिक रूपमा नेपाल राष्ट्र बैंकलाई जानकारी गराउनु पर्दछ ।
- इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरूले आफ्ना कर्मचारीलाई कर्मचारी विनियमावलीमा उल्लिखित सापटी/सुविधाका अतिरिक्त आफ्नै वा अन्य कुनै बैंक तथा वित्तीय संस्थामा राखिएको मुद्दती रसिद, सुनचाँदी तथा नेपाल सरकार/नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र/बचत पत्रको धितोमा बाहेक अन्य अवस्थामा कर्जा प्रदान गर्नु हुँदैन ।
- इजाजतपत्रप्राप्त संस्थाका संस्थापक वा सञ्चालकका एकाघर परिवारका सदस्य वा १ प्रतिशत भन्दा कम संस्थापक सेयर धारण गर्ने सेयरधनीले सोही संस्थामा कर्मचारीको रूपमा कार्य गरेको अवस्थामा त्यस्तो कर्मचारी कुनै पनि कर्मचारी युनियनको पदाधिकारी भई कार्य गर्नु हुँदैन ।
- कुनै पनि बैंक तथा वित्तीय संस्था र ऋण असूली न्यायाधिकरण लगायत अन्य निकायहरूबाट गरिने लिलाम बढाबढ लगायत ऋण असूली सम्बन्धी कार्यहरूमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाका

कर्मचारी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहभागी हुन पाउने छैनन् । बैंक तथा वित्तीय संस्थाले आफ्नो कर्मचारी सेवा विनियमावलीमा समेत सोही अनुरूप परिमार्जन गर्नुपर्नेछ ।

- सञ्चालन जोखिम (Operational Risk) न्यूनीकरणका लागि इजाजतपत्र प्राप्त संस्थाले शाखा प्रमुख लगायत व्यवस्थापन तहका पदाधिकारीलाई जिम्मेवारी सुम्पदा निश्चित योग्यता तथा अनुभव पुगेकाहरूबाट कार्यसम्पादन हुने गरी स्पष्ट कार्यविवरण (Job Specification) तयार गरी लागू गर्नुपर्नेछ र कर्मचारी सम्बन्धी विवरण नियमित रूपमा अद्याबधिक गरी अभिलेख राख्नुपर्नेछ ।

नेपाल राष्ट्र बैंकले जारी गरेको उल्लेखित निर्देशनका अलावा संस्थागत सामाजिक उत्तरदायित्वलाई उच्चतम महत्व दिई मिति २०७३।१०।१२ को परिपत्र मार्फत हरेक इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाले हरेक वर्ष आफूले प्राप्त गरेको खूद नाफाको कम्तीमा १ प्रतिशत रकम छुट्याई संस्थागत सामाजिक उत्तरदायित्व कोष खडा गरी सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्ने भनी स्पष्ट निर्देशन सहितको परिपत्र समेत गरेको छ ।

**निष्कर्ष**

संस्थागत सुशासन र सामाजिक उत्तरदायित्वलाई एक सिक्काका दुई पाटाका रूपमा हेर्न सकिन्छ त्यसैले भनिन्छ असल तथा सुशासनभित्र मात्र सामाजिक उत्तरदायित्व कायम रहेको हुन्छ । सोही अनुसार आजभोलि संस्थागत सुशासन र सामाजिक उत्तरदायित्वलाई एकै ठाउँमा राखेर हेर्ने गरिन्छ । कुनै पनि संघ, संगठन, संस्था र स्वयं सरकारको आधारशीला भनेको यसका नीति, नियम, कार्यविधि, कानुनहरू हुन भने यिनको परिपालनामा नै संस्थाको दिर्घजीवन समुन्नत र सुनिश्चित भविष्य हुन सक्छ । सामान्यतया प्रभावकारिता, कार्यदक्षता, जवाफदेहिता, पारदर्शिता, सामाजिक न्याय, निर्मल खेल (Fair Play) जनसहभागितामुलक व्यवस्थापन आदि जस्ता विषयहरू संस्थागत सुशासनका आधार स्तम्भहरू हुन । त्यसैले भन्ने गरिन्छ हरेक संस्थामा संस्थागत स्थायित्वका लागि Less governance वा More governance नगरीकन Good governance हुनुपर्दछ भन्ने अवधारणा आइसकेको छ । बैंक वित्तीय संस्था जस्तो संवेदनशील क्षेत्रमा यससँग सम्बद्ध सम्पूर्ण पक्षहरूले आ आफ्नो उत्तरदायित्व वहन गरेको खण्डमा मात्र प्रतिस्पर्धामा सफलता पाउनुका साथै संस्थागत उद्देश्य हासिल हुन सक्दछ । यसका लागि स्रोतको उच्चतम र मितव्ययीपूर्ण उपयोग चुस्त सांगठनिक संस्था, स्तरीय सेवा सुविधा र Corporate Socilal Responsibility जस्ता महत्वपूर्ण पक्षहरूमा सुशासनको अहम् भूमिका रहन्छ । यो कार्य कुनै पनि व्यक्ति, समिति, उपसमिति वा कर्मचारी विशेषले मात्र गरेर पुग्दैन । जब यसका सम्बद्ध सम्पूर्ण पक्षहरू र मुलुक हाँक्ने जिम्मा लिएका सरकार र राजनीतिक पार्टीले सुशासनको मर्मलाई आत्मसात गर्न अग्रसर हुन्छन् तब मात्र त्यहाँ सुन्दर, उन्नत र सुसंस्कृतिले सम्पन्न योग्य सुशासनको छनक पाउन सकिन्छ ।

●●

**सन्दर्भ सामग्री:–**

१ नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशन तथा परिपत्र
२ कृषि विकास बैंक लि. बजेट तथा कार्यक्रम
३ बैकिङ्ग व्यवस्थापन तथा कृषि विकास बैंक

*(लेखक कृषि विकास बैंकमा शाखा प्रमुख हुनुहुन्छ ।)*

# आर्थिक प्रणालीमा बैंकिङ्ग क्षेत्रको बहु–आयामिक प्रभाव

■ सुरोज टण्डन

**सारांशः**

नेपालको अर्थतन्त्रको सन्तुलित आर्थिक विकास गर्न, आय तथा रोजगारी बढाउन, गरिबी तथा बेरोजगारी घटाउन र बैंकिङ्ग सेवा, पहुँच तथा वित्तीय शिक्षा बढाउन बैंकिङ्ग क्षेत्रको अहम् भूमिका रहेको छ । बैंकिङ्ग क्षेत्रले आर्थिक प्रणालीमा बहु–आयामिक दबाब र प्रभावसँगै सम्पूर्ण आर्थिक गतिविधि बढाउन समेत महत्वपूर्ण सहयोग पुराइरहेको छ । नेपाललाई मध्यम–आय भएको अर्थतन्त्रमा स्तरोन्नति गर्न बैंकिङ्ग क्षेत्रले महत्वपूर्ण भूमिका खेल्न सकोस् भन्ने उद्देश्यले "वित्तीय क्षेत्र विकास रणनीति २०७३।७४ देखि २०७७।७८" लाई प्रभावकारी कार्यान्वयनमा ल्याउन जरूरी छ । वित्तीय क्षेत्र अन्तर्गत बैंकिङ्ग, बीमा, पुँजी बजार, गैर–बैंकिङ्ग वित्तीय संस्था र सहकारी क्षेत्र पर्ने भए पनि बैंकिङ्ग क्षेत्रले देशको वित्तीय र आर्थिक प्रणालीमा महत्वपूर्ण भूमिका खेलेको छ । तसर्थ नेपालको वित्तीय क्षेत्रलाई परम्परागत भन्दा फरक युनिभर्सल अर्थात एकीकृत संरचना तर्फ उन्मुख गराउन योजना, बजेट तथा कार्यक्रम र नेपालको संविधान, २०७२ ले समेत मार्ग प्रदान गरे अनुसार बैंकिङ्ग क्षेत्रले लक्ष्य र योजना अनुरूप कार्य गर्नु पर्दछ । समग्र बैंकिङ्ग बजारलाई स्वस्थ, पारदर्शि, सुरक्षित र जोखिम रहित बनाउन नियमनकारी निकायबाट जारी भएका ऐन, नीति, नियम, निर्देशन र मापदण्डहरूको पूर्णपालना गर्दै संस्थागत सुशासन, ग्राहक सचेतना, वित्तीय सेवा बढाउँदै आर्थिक प्रणालीमा परिरहेको बहु–आयामिक प्रभाव, समस्या र चुनौतीलाई अवसरमा बदल्न सक्नु पर्दछ । यसरी बैंकिङ्ग क्षेत्रका सम्पूर्ण औजारले आर्थिक प्रणालीमा निरन्तर बहु–आयामिक चाप पारिरहेको हुँदा राष्ट्रमा समान अवसर सृजना गर्न, गरिबी घटाउन, आय तथा आर्जन र आर्थिक गतिविधि बढाउन बैंकिङ्ग क्षेत्रलाई आर्थिक विकासको मेरूदण्ड मानिन्छ ।

**विषय प्रवेशः**

नेपालमा विक्रम संवत १९९४ साल कार्तिक ३० गते नेपाल बैंक लिमिटेडको स्थापना भए पश्चात बैंकिङ्ग इतिहास सुरु भएको मानिन्छ । सुरूको केही समय नेपालमा उक्त बैंकले देशको केन्द्रीय बैंकको रूपमा कार्य गर्दै आएको भए पनि नेपाल राष्ट्र बैंक ऐन, २०१२ बमोजिम नेपाल राष्ट्र बैंक वि.सं. २०१३ सालमा विधिवत स्थापना भएपछि सो काम केन्द्रीय बैंकको रूपमा नेपाल राष्ट्र बैंकले गर्दै आएको छ । तत्पश्चात राष्ट्रिय वाणिज्य बैंक (वि.सं. २०२२), कृषि विकास बैंक लि. (वि.सं. २०२४), नेपाल अरब बैंक लि. (वि.सं. २०४१), ईण्डोस्वेज बैंक लि. (वि.सं. २०४२) को स्थापना हुँदै हाल क वर्गका वाणिज्य बैंकहरूको संख्या २८, ख वर्गका विकास बैंक ३३, ग वर्गका वित्त कम्पनी २४ र घ वर्गका लघु वित्त कम्पनी ६६ गरी कुल १५१ वित्तीय संस्थाका ६९८९ शाखाहरू देशभर सञ्चालनमा रहेको (नेपाल राष्ट्र बैंक, २०७५ कार्तिक मसान्तको तथ्यांकमा) देखिन्छ । सन् १९८० को दशकदेखि नेपालले आर्थिक उदारीकरणको अवधारणा कार्यान्वयनमा ल्याए पश्चात बैंकिङ्ग व्यवसायसँगै निजीक्षेत्रलाई अर्थतन्त्रका अन्य क्षेत्रमा सहजै प्रवेश गराउँदै आएको छ । नेपाली बजारले धान्न नसक्ने गरी स्थापना भएका बैंक तथा वित्तीय संस्थाहरूको पुँजी वृद्धि, सेवा बिस्तार, व्यवसाय, गुणस्तर र नियमनकारी निकायका विभिन्न नीति, नियम, निर्देशनहरूका कारण वित्तीय क्षेत्रमा मर्जरको लहर चलेको छ । मर्जर अवधारणालाई एक प्रकारको 'कर्पोरेट म्यारिज' पनि भनिने हुँदा धेरैजसो बैंक तथा वित्तीय संस्थालाई सवल र सक्षम बनाउन, पुँजी वृद्धि, बजार बिस्तार, नाफा बढाउन नियमनकारी निकायको ऐन, नीति, नियमको कारण यस क्षेत्रमा एकीकरणको वातावरण

बनिरहेको छ । नेपालमा बैंकिङ्ग क्षेत्रको सेवा, सुविधा र दायरा दिनप्रतिदिन बढ्दै गएकोले अर्थतन्त्रको हरेक क्षेत्रमा यस क्षेत्रको आवश्यकतासँगै बहु-आयामिक प्रभाव र दबाब बढिरहेको छ । नेपालको अर्थतन्त्रमा श्रम सम्बन्ध, राजनैतिक अवस्था, मुद्रास्फीर्ति, ऐन तथा नियमको परिवर्तन, प्रक्रियागत जटिलता, बेरोजगारी जस्ता यावत चुनौती भए पनि बैंकिङ्ग बजारको हालको उपलब्धिलाई राम्रो मान्नु पर्दछ । चौधौ त्रि-वर्षिय योजनाले नेपालमा गरिबीको रेखामुनी रहेको जनसंख्या २१.६ प्रतिशतबाट चालु योजनाको अन्तसम्म १७ प्रतिशतमा ल्याउने, ९० प्रतिशत मानिसको पहुँचमा खानेपानी सुविधा पुऱ्याउने, २ हजार ३ सय एक मेगावाट विद्युत उत्पादन गर्ने, ८७ प्रतिशत मानिसमा विद्युतको पहुँच पुग्ने, १५.२० लाख हेक्टर जमिनमा सिंचाइ सुविधा पुग्ने, ६५ प्रतिशत मानिसमा इन्टरनेट सुविधा पुऱ्याउने, नेपालीको सरदर आयु ७२ वर्ष पुग्ने, प्रतिव्यक्ति आम्दानी ११६.५० हजार पुऱ्याउने, मानव विकास सूचकांक शून्य दशमलव ५७ प्रतिशत र लैङ्गिक सशक्तीकरण सूचकांक शून्य दशमलव ५८ प्रतिशत पुऱ्याउने प्रक्षेपण गरेको छ । लक्षित उद्देश्य पूरा गर्नको लागि नेपालको बैंकिङ्ग क्षेत्रलाई अझ सक्षम, प्रभावकारी र गुणस्तरीय बनाउँदै पुँजीसँगै व्यवसाय, वित्तीय साक्षरतासँगै सेवा र निक्षेपसँगै लगानी बढाउन जरूरी छ । बैंकिङ्ग क्षेत्रको निक्षेप रू.२८ खर्ब ७५ अर्ब २० करोड, कर्जा तथा सापट रू.२४ खर्ब ९४ अर्ब ४३ करोड (असोज, २०७५) रहनुका साथै कोष र गैह्र-कोषको कारोबारले आर्थिक प्रणालीमा बहु-आयामिक दबाब पारिरहेको छ । तसर्थ नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई नियमन र सुपरिवेक्षेण गर्न आधार रेट, अनिवार्य नगद मौज्दात, वैधानिक तरलता अनुपात, कर्जा सूचना, क्षेत्रगत र सीमान्तकृत लगानी जस्ता बैंकिङ्ग औजारलाई प्रभावकारी बनाउँदै प्रवर्द्धनात्मक वातावरण र जोखिम न्यूनीकरण संस्कृतिको विकास गरी बैंकिङ्ग क्षेत्रलाई सुरक्षित र भरपर्दो बनाउन आवश्यक छ ।

**अर्थतन्त्रको मेरुदण्डः**

नेपालको अर्थतन्त्रलाई सक्रिय, चलायमान र गतिशील बनाउन वित्तीय क्षेत्रलाई आर्थिक पांग्रा (Economic Wheel) भनिन्छ भने वित्तीय क्षेत्र अन्तर्गत पर्ने बैंकिङ्ग क्षेत्रलाई वित्तीय क्षेत्रको इन्जिनको रूपमा स्वीकार गरिएकोले आर्थिकका साथै वित्तीय प्रणालीमा बैंकिङ्ग क्षेत्रको बहु-आयामिक प्रभाव देखिन्छ । नेपालको अर्थतन्त्रमा बैंकिङ्ग क्षेत्रले ठूलो जनशक्तिलाई प्रत्यक्ष र अप्रत्यक्ष रोजगार प्रदान गरेको, लगानीकर्तालाई निरन्तर प्रतिफल दिएको, कर लगायतमा राष्ट्रलाई महत्वपूर्ण योगदान पुऱ्याएको, निक्षेप र कर्जामा सहजता ल्याएको, जनताको आर्थिक समस्या समाधानको माध्यम बनेको, नियमनको परिधिमा रहेको र नेपालीको आकर्षक पेशा पनि बनिरहेकोले बैंकिङ्ग क्षेत्रलाई आदर्श र सम्मानित पेशा तथा व्यवसाय मान्न सकिन्छ । प्रविधि, ज्ञान, सीप, पुँजी, अनुभव र प्रतिस्पर्धाले ग्राहकलाई वस्तु तथा सेवामा छनोट, ग्यारेण्टी, र्मंमत सम्भार, सेवा लगायतमा थप सुविधा प्रदान गरेपनि एकीकृत बैंकिङ्ग सेवा प्रदान गर्न नसक्नु, प्रक्रियागत समस्या रहनु, आन्तरिक तथा बाह्य ग्राहक पहिचान गर्न नसक्नु, वित्तीय पहुँच बढाउन नसक्नु, ग्राहक अनुसारको सेवा र सेवा अनुसारको शुल्क नलिनु यस क्षेत्रको चुनौती तथा समस्या मान्न सकिन्छ । त्यसैगरी बैंकिङ्ग क्षेत्रले आर्थिक वर्षको पहिलो छ महिनामा लगानीलाई जोड दिने र बाँकी अवधिमा लगानीयोग्य पुँजीको अभाव गराउने, रेमिट्यान्सको अस्थिर आगमन हुने, न्यून पुँजीगत खर्च गर्ने, अनुत्पादक क्षेत्रमा लगानी बढाउने जस्ता कारणले अर्थतन्त्रमा कहिले अधिक र कहिले न्यून तरलताको अवस्था देखिरहने हुँदा यस अवस्थालाई बैंकिङ्ग क्षेत्रको परम्परागत समस्या मान्न सकिन्छ ।

नेपालको बैंकिङ्ग क्षेत्रले मौद्रिक नीतिमा व्यवस्था गरे अनुसार नियम, कानुनको पूर्ण पालना गर्न नसक्नु, आफु अनुकूल नीति तथा नियमको व्याख्या तथा विश्लेषण गर्नु, संस्थागत सुशासन र वित्तीय शिक्षा तथा पहुँच बढाउन नसक्नु जस्ता कारण अल्पकालीन नाफा बढाएपनि दीर्घकालीन प्रभाव र महत्व बढाउन विशेष ध्यान दिन जरूरी छ । बैंकिङ्ग क्षेत्रलाई व्यवस्थित गर्न नेपाल राष्ट्र बैंकले पुँजी वृद्धि, शाखा वृद्धि, बजार विस्तार, खर्चमा न्यून, निष्कृिय कर्जा अनुपात, सिडि तथा सिसिडि रेसियो, आधार दर जस्ता नीति तथा रणनीति मार्फत व्यावसायिकता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायी बनाउन लागिरहेको छ । बैंकिङ्ग क्षेत्रले कोष तथा गैह्र-कोषको व्यवसायलाई प्राथमिकता दिँदा सम्पूर्ण अर्थ व्यवस्थालाई थप क्रियाशील बनाउन अझ सहयोग पुग्दछ । तसर्थ अर्थतन्त्रमा बैंकिङ्ग क्षेत्रले उत्पादनमूलक क्षेत्रको लगानीलाई प्राथमिकता दिँदै सरकारको लक्ष्य बमोजिमका क्षेत्रमा लगानी वृद्धि गरी आफ्नो महत्व, भूमिका र दायरा फराकिलो बनाउन आवश्यक छ । सरकारले कृषि, पर्यटन, उर्जा लगायत औद्योगिक व्यवसायको लागि सहुलियतका विभिन्न कार्यक्रम ल्याएको हुँदा ती क्षेत्रमा बैंकिङ्ग क्षेत्रले आफ्नो उपस्थिति बढाउन जरूरी छ । बैंकिङ्ग क्षेत्र अर्थतन्त्रको मेरूदण्ड भएकोले यस क्षेत्रसँग रहेको पुँजी, प्रविधि, अनुभव र विशेषज्ञता ग्रामीण क्षेत्रमा पुराई राष्ट्रको सन्तुलित आर्थिक विकास, रोजगारी सृजना, खेर गएको शिप र श्रमको उपयोगमा सहयोग गर्न आवश्यक छ ।

त्यसैले नेपालको अर्थतन्त्रमा रोजगारउन्मूख लगानी, लगानीमैत्री वातावरण, बचतमुखी आम्दानी, वितरणमुखी उत्पादन, साधन तथा स्रोतको प्रभावकारी उपयोग र आर्थिक प्रणालीलाई चलायमान बनाउन बैंकिङ्ग क्षेत्रलाई अर्थतन्त्रको मेरूदण्ड मानिन्छ । बैंकिङ्ग क्षेत्र अर्थव्यवस्थामा आर्थिक र वित्तीय क्रियाकलाप बढाउने महत्वपूर्ण आधार भएकोले बैंकिङ्ग बजारको संरक्षण गर्दै वित्तीय क्षेत्रको प्रर्वद्धन, नियमन र व्यवस्थापनद्वारा अर्थतन्त्रलाई गतिशील बनाउन जरूरी छ । हाल बैंकिङ्ग बजारमा रहेको कुल निक्षेपको करिब ७० प्रतिशत र कुल कर्जा तथा सापटको करिब ६० प्रतिशत हिस्सा वाणिज्य बैंकिङ्ग क्षेत्रले लिएको देखिन्छ । त्यसैगरी बैंकिङ्ग बजारले केन्द्रीय बैंकको नीति, नियम र निर्देशनको पूर्ण पालनाद्वारा सञ्चालन मुनाफा बढाउँदै, खराब कर्जा, निष्क्रिय सम्पत्ति, अपलेखित कर्जाको अवस्थालाई न्यूनतम बिन्दुमा राख्दै आर्थिक प्रणालीलाई सवल, सक्षम र प्रभावकारी बनाउँदै लगेको छ । तसर्थ अर्थतन्त्रमा कार्यसञ्जाल, पुँजी, प्रविधि, सीप, ज्ञानसँगै सामाजिक उत्तरदायित्व समेत बहन गर्दै आधुनिक बैंकिङ्ग बजारले नेपालको आर्थिक प्रणालीमा बहु-आयामिक प्रभाव पारिरहेको छ । नेपालको वित्तीय प्रणालीको विकास विगत आठ दशकदेखि क्रमिक रूपमा भए पनि वि.सं. २०४२ साल देखि वित्तीय उदारीकरणको थालनी पश्चात वित्तीय संस्थाहरूको संख्या र प्रकारमा समेत वृद्धि हुँदै गएको छ । आज बैंकिङ्ग बजारको आकार, संख्या, गहिराइ र मुनाफाको दृष्टिकोणमा प्रगति देखिएपनि आर्थिक वृद्धि तथा प्रवर्द्धन र अझ बढी सुरक्षित, सुदृढ एवं भरपर्दो हुन जरूरी छ । अहिले नेपालमा रहेको वित्तीय प्रणाली र त्यस अन्तर्गतका विभिन्न बैंकिङ्ग तथा गैह्र-बैंकिङ्ग क्षेत्रको विद्यमान संरचनालाई देहायको तस्विरमा देखाउन सकिन्छ ।

**नेपालको वित्तीय प्रणालीको विद्यमान संरचना**




*स्रोतः नेपाल सरकार, अर्थ मन्त्रालय*

नेपालको आर्थिक विकासको लागि वित्तीय शिक्षा, पहुँच र समावेशीकरण आजको आवश्यकता हो । वित्तीय प्रणालीका विद्यमान कमी-कमजोरीलाई सम्बोधन गर्न सरोकारवालाहरूबाट विभिन्न योजना, नीति, रणनीति तथा कार्यक्रमहरू तयार भए पनि समग्र वित्तीय प्रणाली र अर्थतन्त्रको विकास तथा बिस्तारको लागि अझ बढी जोड दिन आवश्यक छ ।

**बैंकिङ्ग बजारमा हालका प्रयासः**

नेपालको बैंकिङ्ग बजार निरन्तर बिस्तार हुँदै गएकोले यस बजारका विभिन्न औजारहरू जस्तोः निक्षेप, कर्जा तथा लगानी, असुली, ग्राहक संख्या, आम्दानी, तरलता, कार्यसञ्जाल आदिको नियमित अध्ययन, अनुसन्धान, विश्लेषण र समीक्षा गरी समग्र बजार व्यवस्थापनको लागि असल नीति, रणनीति, योजना तथा कार्यक्रम बनाउन आवश्यक छ । संवत् २०७५ भाद्र मसान्तसम्म बैंकिङ्ग बजारमा झण्डै २ करोड ३६ लाख निक्षेपकर्ता, १३ लाखको हाराहारीमा कर्जाग्राही,

ए.टी.एम. संख्या २७९१, मोबाइल बैंकिङ्गका ग्राहक संख्या झण्डै ५१ लाख, इन्टरनेट बैंकिङ्ग ग्राहक ८ लाख ३४ हजार, जारी डेबिट कार्डको संख्या ५५ लाख ४४ हजार र क्रेडिट कार्डको संख्या १ लाख ५ हजार रहेको नेपाल राष्ट्र बैंकको तथ्यांकले देखाएको छ । नेपाल सरकारले जनताको बैंकिङ्ग पहुँचलाई सुनिश्चित गर्न वित्तीय समावेशीकरण, शिक्षा एंव वित्तीय साक्षरता अभियान तथा कार्यक्रमलाई उच्च प्राथमिकता दिएपनि कुल जनसंख्याको झण्डै ४२ प्रतिशत जनतालाई मात्र बैंकिङ्ग प्रणालीले समेटेको तथ्यांकले देखाएको छ । नेपाली बजारका बहुसंख्यक उपभोक्ता अशिक्षित, बेरोजगार, सूचनाको अभाव, गरिबी, न्यून साक्षरता जस्ता कारण आफ्नो आवश्यकता, माग, स्वाद र चाहना अनुसारका वस्तु तथा सेवाको उपभोगबाट वञ्चित छन् । नेपालमा कुल १५४ बैंक तथा वित्तीय संस्थाहरु रहेपनि अधिकांश वित्तीय संस्थाको सेवा शहरी क्षेत्रमा केन्द्रित हुँदा शहरको पुँजी, सीप, प्रविधि र ज्ञान ग्रामीण क्षेत्रमा पुग्न सकेको छैन । त्यसकारण नियमनकारी निकायले आफ्नो नीति, नियमलाई प्रभावकारी कार्यान्वयन गराउँदै समग्र वित्तीय संस्थाहरुको नाफा केन्द्रित सोच र कर्मचारी तथा व्यवस्थापकमा जागिरे मानसिकतालाई परिवर्तन गराई सेवा तथा सुविधालाई दूरदराजसम्म पुऱ्याउन जरूरी छ । नेपालको संघीय व्यवस्था अन्तर्गत गठित ७५३ स्थानीय तहमध्ये २०७५ असोज मसान्तसम्म ६७७ तहमा वाणिज्य बैंकहरूको उपस्थिति भए पनि बैंकिङ्ग सेवा तथा पहुँच लक्ष्य बमोजिम विकास र बिस्तार हुन सकेको देखिदैन ।

त्यसैगरी बैंक तथा वित्तीय संस्थाहरूमा २०७५ भाद्र मसान्तसम्म कुल निक्षेप रकम झण्डै रू.२८ खर्ब ७५ अर्ब र कर्जातर्फ रू.२४ खर्ब ९५ अर्बसँगै वाणिज्य बैंकहरूको शाखा संख्या ३०९३, विकास बैंकहरूको १०४३, वित्त कम्पनीहरूको १८६ र लघुवित्त संस्थाहरूको २६६७ शाखा सञ्चालनमा रहेकोले बैंक तथा वित्तीय संस्थाको प्रति शाखाबाट औसतमा करिब ४१७९ जनताले बैंकिङ्ग सेवा प्राप्त गरेको नेपाल राष्ट्र बैंकको तथ्यांकले देखाएको छ । नेपालको बैंकिङ्ग क्षेत्रको कुल निक्षेप (दायित्व) झण्डै अर्थतन्त्रको आकार बराबर हुन लागेको हुँदा यस बजारको समस्या, चुनौती र जोखिमको पहिचान, मापन, नियन्त्रण र व्यवस्थापन गर्न प्रभावकारी संयन्त्र बनाउन जरूरी छ । सबै स्थानीय तहमा वाणिज्य बैंकहरूको उपस्थिति पुगि नसकेकोले बैंकिङ्ग सेवाको पहुँच थप सरल र सहज बनाउनको लागि नयाँ शाखा कार्यालय खोल्ने नीतिमा परिवर्तन गरी महानगरपालिका र उपमहानगरपालिका बाहेकका स्थानमा शाखा कार्यालय खोल्न केन्द्रीय बैंकको स्वीकृति लिनु नपर्ने व्यवस्थालाई कार्यान्वयन गरी अवसरको सदुपयोग गर्न सक्नु पर्दछ ।

नेपालको विगत एक दशकको औसत आर्थिक वृद्धि दर ४.२ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७३।७४ को वृद्धि दर ७.४ प्रतिशत पुगेको र सोही आर्थिक वर्षदेखि राष्ट्रको आर्थिक वृद्धि दरले लक्ष्य समात्न खोजेको देखिन्छ । आर्थिक वृद्धिमा आएको सुधारसँगै अर्थतन्त्रको आकार अहिले रू. ३० खर्ब ७ अर्ब पुग्नुका साथै आर्थिक वर्ष २०७४/७५ मा आर्थिक वृद्धि दर ५.९ प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएको छ । नेपालको आर्थिक वृद्धिदरको महत्वपूर्ण आधार नै बैंकिङ्ग क्षेत्र भएकोले यस क्षेत्रको विकास तथा बिस्तारले अर्थतन्त्रको शूक्ष्म र बृहत्त चरहरूमा निरन्तर बहुआयामिक प्रभाव परिरहेको हुन्छ । अहिले नेपाल राष्ट्र बैंक र नेपाल सरकारका नियमनकारी निकायबाट हालै बैंकिङ्ग क्षेत्रको व्यवस्थापन र नियमनको लागि गरिएका विभिन्न प्रयासहरू अप्रयाप्त हुँदै गएको देखिन्छ । देशमा संविधान जारी भएपश्चात चुनाव सम्पन्न हुनु, बहुमतको सरकार गठन हुनु, ठूला योजनाले प्राथमिकता पाउनु, पुर्ननिर्माण कार्य बढ्नु, मुद्रास्फीति दरमा सुधार आउनु जस्ता कारण बैंकिङ्ग क्षेत्र फैलिदै गएकोले यस क्षेत्रको प्रभाव राष्ट्रको आर्थिक प्रणालीमा परेको छ । आर्थिक उदारीकरणको अवधारणा नेपालले कार्यान्वयन गरेपश्चात निजी, सार्वजनिक र साझेदारी क्षेत्रको लगानी अर्थतन्त्रमा स्वीकार गरेपनि आन्तरिक र बाह्य वातावरण (आर्थिक, सामाजिक, सांस्कृतिक, प्राविधिक, कानुनी तथा राजनीतिक अवस्था र प्रतिस्पर्धा) का कारण बैंकिङ्ग बजारले अपेक्षा अनुरूप प्रगति हासिल गर्न सकेको पाइँदैन । जसकारण नेपाल सरकारको बजेट, योजना, कार्यक्रम लगायत केन्द्रीय बैंकले लिएका सबै लक्ष्यहरु पूरा हुन सकेको देखिँदैन । बैंकिङ्ग क्षेत्रले लिएका अल्पकालीन (एक वर्ष), योजना, नीति तथा कार्यक्रम अनुसारका उद्देश्यहरु पूर्णरूपमा हासिल गर्न नसकेपनि यो बजार नाफा आर्जन गर्ने, बढी कर तिर्ने, छिटो तथा छरितो सेवा प्रदान गर्ने, आधुनिक प्रविधि प्रयोग गर्ने, प्रतिष्ठित र आर्कषक पेशाका साथै व्यवसाय बनिरहेको छ । नेपालमा बैंक तथा वित्तीय संस्थाहरूको सम्भावना, आवश्यकता र खाँचो प्रशस्त रहेकोले लक्ष्य अनुरूप यस क्षेत्रको विकास गरी आर्थिक वृद्धि दर र कुल गार्हस्थ उत्पादन बढाउन महत्वपूर्ण भूमिका रहन्छ ।

प्रविधिको विकास र बिस्तारले बैंकिङ्ग सेवा २४ सै घण्टा सञ्चालन भैरहने हुँदा यस क्षेत्रको निरन्तर विकास तथा बिस्तारसँगै सम्भावना र चुनौती पनि दिनप्रतिदिन बढ्दै गएका छन् । तसर्थ अर्थतन्त्रलाई गतिशील बनाउन बैंकिङ्ग बजारको सन्तुलीत विकास र बिस्तार गर्न, परम्परागत र आधुनिक बैंकिङ्ग सेवालाई सवल, सक्षम र जोखिमरहित बनाउन सक्नु पर्दछ । बैंकिङ्ग बजारले वित्तीय साक्षरता, शिक्षा र चेतना वृद्धि गर्न आर्थिक, मौद्रिक, सामाजिक, सांस्कृतिक, प्राविधिक र व्यवहारीक पक्षमा परिवर्तन गरी ग्राहक, व्यवसाय, कर्मचारी र लगानीकर्ताको हित संरक्षण गर्नु पर्दछ ।

त्यसैले बैंकिङ्ग क्षेत्रको विकास र विस्तारका लागि स्कुल, कलेज र विश्वविद्यालयका पाठ्यसामग्रीमा यस प्रकारको शिक्षा समावेश गर्दै विविध चुनौती तथा जोखिमहरूको व्यवस्थापन, नियन्त्रण र न्यूनीकरण सम्बन्धी ज्ञान प्रदान गर्दै जानु आजको आवश्यकता बनेको छ । नेपालको आर्थिक प्रणालीमा बैंकिङ्ग क्षेत्रको निरन्तर दबाब बढिरहेकोले यस क्षेत्रको बहु-आयामिक प्रभावबाट केही चुनौती तथा समस्या र उपलब्धि तथा सम्भावनाहरू रहेका छन् । जसलाई देहायमा देखाउन सकिन्छ :

| **चुनौतीः** | **उपलब्धिः** |
|---|---|
| ● बैंकिङ्ग क्षेत्रमा प्रविधिको निरन्तर परिवर्तन भैरहनु । | ● बढिरहेको नाफा, ग्राहक संख्या र बजारक्षेत्र । |
| ● नीति, नियम र निर्देशनमा परिवर्तन । | ● लगानीकर्तालाई बजार प्रवेशमा सहज वातावरण । |
| ● प्रक्रियागत जटिलता, गरिबी र बेरोजगारी । | ● पुँजी वृद्धिसँगै व्यवसाय वृद्धि । |
| ● राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिष्पर्धा । | ● नयाँ प्रविधिको विकास, बिस्तार र परिवर्तन । |
| ● ग्राहकको नयाँ वस्तु तथा सेवा प्रति आर्कषण । | ● ग्राहकमा बढिरहेको माग, चाहना र आवश्यकता । |
| ● दक्ष तथा विशेषज्ञ जनशक्तिको अभाव । | ● सहज बन्दै गएको राजनैतिक प्रणाली । |
| ● युनियनहरूको दबाब र राजनीतिक प्रभाव । | ● बढिरहेको रेमिट्यान्सको आम्दानी । |
| ● अनुगमन, मूल्यांकन, सुपरीवेक्षण र निरिक्षण प्रभावकारी नहुनु । | ● बैंकिङ्ग क्षेत्रमा घटिरहेको निष्क्रिय कर्जा । |
| ● बढ्दो (विभिन्न प्रकारका) जोखिम । | ● बढिरहेका नियमनका प्रयासहरु । |
| ● न्यून आर्थिक वृद्धि र वित्तीय साक्षरता । | ● विभिन्न संघ, संस्थाहरूको स्थापना र विकास । |
| ● संकुचित लगानी र ग्राहक पलायन । | ● खुला बैंकिङ्ग अवधारणा । |

**बैंक, वित्तीय संस्थाको वर्गीकरणः**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले व्यवस्था गरे अनुसार वित्तीय कारोबार सञ्चालन गर्न दिने इजाजत पत्रको लागि बैंक तथा वित्तीय संस्थाको न्यूनतम चुक्ता पुँजी र त्यस्तो बैंक तथा वित्तीय संस्थाले सञ्चालन गर्ने कारोबार तथा कार्य क्षेत्रको आधारमा नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूलाई 'क', 'ख', 'ग' र 'घ' वर्गमा वर्गीकरण गरेको छ । तर पूर्वाधार विकास बैंकलाई भने कुनै पनि वर्गमा समावेश गरेको पाईदैन । वर्गीकरण गरिएका इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरूको न्यूनतम चुक्ता पुँजी नेपाल राष्ट्र बैंकले तोके बमोजिम हुने व्यवस्था गरेको छ ।

संस्थाहरूको वर्गीकरण र न्यूनतम चुक्ता पुँजी सम्बन्धी हाल गरेको व्यवस्थालाई देहायमा देखाउन सकिन्छ ।

| बैंक तथा वित्तीय संस्थाको वर्ग | राष्ट्रियस्तर | क्षेत्रीयस्तर | ४-१० जिल्ला* | १-३ जिल्ला* |
|---|---|---|---|---|
| "क" (वाणिज्य बैंक) | रू. ८०० करोड | - | - | - |
| "ख" (विकास बैंक) | रू. २५० करोड | | रू. १२० करोड | रू. ५० करोड |
| "ग" (वित्त कम्पनी) | रू. ८० करोड | - | रू. ८० करोड | रू. ४० करोड |
| "घ" (लघु वित्त संस्था) | रू. १० करोड<br>रू. ६० करोड◆ | रू. ६ करोड | रू. २ करोड | रू. १ करोड |

स्रोतः नेपाल राष्ट्र बैंक

* काठमाडौं उपत्यका बाहेक (त्यस्ता वित्तीय संस्थाहरूको कार्य क्षेत्र/परियोजना तोकिएका जिल्लाहरूमा सीमित रहने)

◆ थोक कर्जा प्रदान गर्ने लघु वित्त ।

यसरी नेपालका बैंक तथा वित्तीय संस्थालाई नेपाल राष्ट्र बैंकले पुँजी र व्यवसाय अनुसार वर्गीकरण गरेको हुँदा वित्तीय क्षेत्रमा मर्जर र मेगा मर्जरको अवधारणा जोडदार रूपमा उठेको छ । मर्जरले दुई वा दुई भन्दा बढी संस्थालाई

एक आपसमा गाभ्न नाम, ब्राण्ड, लोगो लगायत आवश्यकताका आधारमा अन्य पक्षमा समेत परिवर्तन गरी अझ ठूलो संस्था निर्माण गरी क्षमता तथा रणनीतिक लाभ सृजना गर्दै बजार अंश वृद्धि गर्ने, व्यवसाय अभिवृद्धि गर्ने र खर्च घटाउन सहयोग गर्ने हुँदा मर्जरले बैंकिङ्ग बजारमा महत्वपूर्ण सुधार गर्ने अपेक्षा गरिएको छ । नेपालमा मर्जरप्रतिको धारणा सकारात्मक देखिएकोले बैंक तथा वित्तीय संस्थाहरू सोचेभन्दा धेरै मर्जरमा गएको हुँदा यस अवधारणालाई केही हदसम्म सफल नै मानिएको छ । नेपालमा अहिले मेगा मर्जरको विषयले प्रवेश पाउनु नै वित्तीय संस्थाहरूको संख्या न्यून तर गुणस्तर, व्यवसाय, पहुँच, वित्तीय शिक्षा र साक्षरता बढाउनको लागि पुँजीवृद्धि योजनालाई पूर्णरूपमा कार्यान्वयनमा ल्याउन महत्वपूर्ण औजार मान्न सकिन्छ । मर्जर सम्बन्धी निर्देशिका २०६८ (विनियमावली, २०७३) जारी भएपछि हरेक आर्थिक वर्षमा वित्तीय संस्थाहरू गाभिदै संख्यात्मक कम भए पनि लक्ष्य बमोजिम गुणात्मक वृद्धि अझ हुन सकेको देखिदैन । नियमनकारी निकायबाट धेरै बैंक तथा वित्तीय संस्थाहरूले मर्जरका लागि सैद्धान्तिक सहमति पाइसकेको भए पनि व्यवहारीक रूपमा कार्यान्वयन गर्न समय लागिरहेको छ । मर्जर पश्चात एकीकृत कारोबार सञ्चालन हुँदा हतारमा विवाह गरी फुर्सदमा पछुताउनु जस्तो नभै मर्जरलाई व्यवस्थित, दीर्घकालीन र भरपर्दो बनाउन विज्ञ तथा प्राज्ञिक समूह बनाई मर्जरमा जादाँ दीर्घकालीन प्रभाव सकारात्मक हुने देखिन्छ । यसरी केन्द्रीय बैंकले एकातिर नयाँ बैंक तथा वित्तीय संस्थालाई इजाजत दिने कार्यलाई रोकिरहेको छ भने अर्को तिर भएका वित्तीय संस्थाहरूको संख्यालाई घटाउने रणनीति अनुसार मर्जरको नीति कार्यान्वयनमा ल्याएको छ । त्यसैगरी सञ्चालनमा रहेका संस्थाहरूलाई सक्षम, सवल र बलियो बनाउँदै केन्द्रीय बैंकको अनुगमन, मूल्यांकन र सुपरीवेक्षणलाई प्रभावकारी बनाउन मर्जरको नीति अबलम्बन गरेको देखिन्छ । अहिले नेपालका बैंक तथा वित्तीय संस्थाहरूमा पुँजी वृद्धिको चटारोले संचालक तथा प्रर्वद्धकहरू मर्जरप्रति बढी आर्कषित देखिएको र सरोकारवालामा त्रास तथा आशंकासँगै चेतनाको पनि विकास भैसकेकोले बढी जिम्मेवार पनि बन्दै गएको देखिन्छ । वित्तीय क्षेत्रमा मर्जरको अवधारणाले संख्या घटाएको र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनले संचालक समितिको संख्या (बढिमा सात) पनि घटाएको छ ।

**अबको बाटोः**

नेपालमा बैंकिङ्ग शिक्षा, पहुँच र साक्षरताको प्रभावकारी कार्यान्वयन नभएसम्म आर्थिक वृद्धि र विकास लक्ष्य बमोजिम हासिल गर्न सकिदैन । तसर्थ यसका लागि सरोकारवाला निकायले बैंकिङ्ग क्षेत्रको विकास र बिस्तार गर्न माध्यमिक विद्यालय र विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई बैंक खाता खोल्ने वातावरणको सृजना गरी वित्तीय साक्षरता अभियान सञ्चालन गर्न जरूरी छ । अहिले नेपालको कुल जनसंख्याको झण्डै ५८ प्रतिशत जनता बैंकिङ्ग सेवाले नसमेटेको हुँदा अति दुर्गम तथा भौगोलिक रूपमा पिछडिएको क्षेत्रमा वित्तीय सेवा पुऱ्याउन आवश्यक छ । अहिले पनि नेपालमा अनौपचारिक क्षेत्रबाट कर्जा लिने घर परिवारको संख्या करिब २१ प्रतिशत रहेको छ भने समग्रमा वित्तीय पहुँच नै नपुगेको जनताको अंश करिब १९ प्रतिशत रहेको विभिन्न तथ्यांकहरूले देखाउँछ । तसर्थ सन्तुलीत आर्थिक विकास, रोजगारमा समानता, दीर्घकालीन आय, गरिबी घटाउन, संस्थागत सुशासन र वित्तीय सेवा बढाउन बैंकिङ्ग क्षेत्रलाई विशेष ध्यान दिदै आर्थिक प्रणालीमा यस क्षेत्रको बहु-आयामिक प्रभावलाई अवसरमा बदल्न सक्नु पर्दछ । आज बैंकिङ्ग सेवाहरु धेरै हदसम्म निक्षेप र कर्जामा सीमित रहेकोले कार्ड (डेबिट/क्रेडिट) तथा ई-बैंकिङ्ग व्यवसायलाई अभिवृद्धि गरी अर्थतन्त्रलाई टेवा पुऱ्याउन सक्नु पर्दछ । न्यून जनघनत्व रहेको वा वित्तीय पहुँच पुऱ्याउन असुविधा रहेको क्षेत्रमा बढी उपयोगी हुनसक्ने सेलफोन वा अन्य मोवाइल बैंकिङ्ग सेवा व्यापक रूपमा प्रयोगमा ल्याई बैंकिङ्ग सेवा सहज र सरल बनाउनु पर्दछ । त्यसैगरी कृषि, ऊर्जा, पर्यटन र पूर्वाधार जस्ता क्षेत्रमा लगानीलाई प्रोत्साहन गर्न बैंकिङ्ग प्रणालीलाई संस्थागत रूपमा विकास, बिस्तार, संवर्द्धन र प्रर्वद्धन गरी आर्थिक प्रणालीमा बहु-आयामिक अवसर तथा सम्भावनाको खोजि गर्नु पर्दछ ।

नेपाललाई मध्यम-आय भएको अर्थतन्त्रमा स्तरोन्नति गर्न बैंकिङ्ग क्षेत्रले महत्वपूर्ण भूमिका खेल्न सकोस् भन्ने उद्देश्यले "वित्तीय क्षेत्र विकास रणनीति २०७३।७४ देखि २०७७।७८" तयार गरी यस क्षेत्रका विद्यमान चुनौती तथा कमी-कमजोरीलाई सम्बोधन गर्न एक समन्वयात्मक पद्धतिको योजना कार्यान्वयन भैरहेकोले यसको उद्देश्य पूरा गर्न सक्नु पर्दछ । वित्तीय क्षेत्र अन्तर्गत बैंकिङ्ग, बीमा, पुँजी बजार, गैर-बैंकिङ्ग वित्तीय संस्था र सहकारी क्षेत्र पर्ने भए पनि बैंकिङ्ग क्षेत्रका योजना तथा कार्यक्रम प्रभावकारी कार्यान्वयनमा ल्याई राष्ट्रको आर्थिक प्रणालीलाई गतिशील बनाउनु आजको आवश्यकता हो । बैंकिङ्ग सेवाको पहुँच थप सरल र सहज बनाउनका लागि बैंक तथा वित्तीय संस्थाहरूले शाखा खोल्ने नीतिमा परिवर्तन गरी महानगरपालिका र उपमहानगरपालिका बाहेकका स्थानमा शाखा वा सेवा काउन्टर खोल्न केन्द्रीय बैंकको स्वीकृति

लिनु नपर्ने व्यवस्थालाई अझ सहज व्यवस्था बनाउनु पर्दछ । त्यसैगरी संघीयताको प्रभावकारी कार्यान्वयनबाट वित्तीय पहुँच र शिक्षा अभिवृद्धि गर्न सहयोग पुऱ्याउन राष्ट्रिय स्तर बाहेकका वित्तीय संस्थाहरूको कार्यक्षेत्रलाई प्रादेशिक संरचना अनुसार समायोजनको लागि नीतिगत व्यवस्था गर्न आवश्यक छ । संस्थागत क्षमता, ग्राहक संख्या, शाखा सञ्जाल, पुँजी तथा भौतिक पूर्वाधार आदिको विश्लेषणका आधारमा लघुवित्त वित्तीय संस्थाहरूलाई समेत भुक्तानी सेवा प्रदायकको अनुमतिपत्र प्रदान गरी वित्तीय पहुँच बढाउँदै शहरमा केन्द्रित पुँजी, शिप, अनुभव र प्रविधिलाई ग्रामीण तहसम्म पुऱ्याई राष्ट्रको सन्तुलीत आर्थिक विकासमा सहयोग पुग्ने प्रणालीको निर्माण गर्नु पर्दछ ।

**अन्तमाः**

नेपालमा आधुनिक बैंकिङ्ग प्रणालीको विकास भएको धेरै लामो समय नभए पनि यसक्षेत्रले आर्थिक प्रणालीमा बहु–आयामिक प्रभाव पारिरहेको छ । विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष र डेभलपमेन्ट फर इन्टरन्यास्नल डिपार्टमेन्ट (डिएफआईडि) को सहयोगमा नेपालमा शुरू भएको वित्तीय क्षेत्र सुधारको कार्यक्रमले नेपालका केही बैंकहरूको व्यवस्थापन, व्यवसाय, प्रविधि, निष्कृय कर्जा र जनशक्तिमा आमूल सुधार गरी बैंकहरूलाई पूर्नजिवन दिएको भए पनि आर्थिक प्रणालीमा सहयोग तथा अवसर सृजना गर्ने बैंकिङ्ग सेवा आजको आवश्यकता हो । नेपालमा बैंकिङ्ग क्षेत्रको इतिहास राणा कालदेखि शुरु भई आजको खुला तथा आधुनिक बैंकिङ्ग व्यवसायसम्म आउँदा निकै परिवर्तन र फराकिलो भएकोले यस क्षेत्रको असल व्यवस्थापन, नियन्त्रण र नियमन गर्न सक्नु पर्दछ । ठूलो संख्याका कारण बैंक तथा वित्तीय संस्थाहरूबीच हुने अस्वस्थ प्रतिस्पर्धा रोक्न र वित्तीय क्षेत्र स्थायित्वलाई थप सुदृढीकरण गर्न आवश्यक देखिएको हुँदा बैंकहरूबीच गाभ्ने/गाभिने तथा प्राप्ति प्रक्रियालाई थप प्रोत्साहित गर्दै गतिशील र सुदृढ आर्थिक प्रणालीको श्रृजना गर्नु पर्दछ । बैंक तथा वित्तीय संस्थाहरूमा कार्यरत कर्मचारीहरूका लागि बैंकिङ्ग सेवा प्रवाह सम्बन्धी तालिमलाई व्यवस्था मिलाउँदै कार्यसम्पादन र प्रगतिको आधारमा सेवा तथा सुविधा बढाउँदै कर्मचारीहरूलाई बैंकिङ्ग क्षेत्र वा संस्थाको साझेदार बनाउन जरूरी भैसकेको छ । अबको बैंकिङ्ग क्षेत्र विगत वर्षहरूमा भन्दा राम्रो मात्रभएर पुग्दैन अन्य मुलुकको बैंकिङ्ग प्रणाली जस्तो नीति, नियम, निर्देशनको पूर्ण परिपालना गर्दै प्रविधियुक्त, सवल, सक्षम र पूर्ण बैंकिङ्ग सेवा सहित नेपालको सम्पूर्ण क्षेत्रमा सेवा पुराई सन्तुलीत आर्थिक विकासको लागि कोसेढुंगा बन्न सक्नु पर्दछ । ●●

**सन्दर्भ सामग्रीहरूः**


१. नेपाल राष्ट्र बैंकको आर्थिक वर्ष २०७५।७६ को मौद्रिक नीति ।

२. नेपाल राष्ट्र बैंक (२०७५)बाट "क", "ख" र "ग" वर्गको इजाजतपत्रप्राप्त संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन ।

३. नेपाल सरकार, अर्थ मन्त्रालयको आर्थिक वर्ष २०७५।७६ को लागि सार्वजनिक गरेको बजेट तथा कार्यक्रम ।

४. नेपाल सरकार, अर्थ मन्त्रालयको आर्थिक वर्ष २०७४।७५ को आर्थिक सर्वेक्षण ।

५. नेपाल सरकार, अर्थ मन्त्रालयको वित्तीय क्षेत्र विकास रणनीति २०७३।७४-२०७७।७८

६. नेपाल सरकार राष्ट्रिय योजना आयोगको चौधौं त्रि-योजना (आर्थिक वर्ष २०७३/७४-२०७५/७६)

७. टण्डन सुरोज (२०७४), आधुनिक बैंकिङ्ग व्यवस्थापन र अर्थव्यवस्था, उत्सव बुक्स प्रकाशन, काठमाडौं ।


*(लेखक कृषि विकास बैंक लिमिटेडमा शाखा प्रमुख हुनुहुन्छ ।)*

# नेपालमा बैंकिङ्ग कसूरः नीतिगत व्यवस्था

■ काशीनाथ भट्टराई

बैंकिङ्ग तथा वित्तीय प्रणालीको कारोबारमा हुन सक्ने कसूरजन्य कार्यबाट बैकिङ्ग तथा वित्तीय प्रणालीमा पर्ने असर र जोखिमलाई न्यून गरी बैकिङ्ग तथा वित्तीय प्रणालीप्रति विश्वसनीयता अभिवृद्धि गर्न र बैकिङ्ग कसूर तथा सजायका सम्बन्धमा कानुनी व्यवस्था गर्न भनि बैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ मिति २०६४।१०।२३ प्रमाणीकरण र प्रकाशित भएको हो । बैंकिङ्ग प्रणालीमा आएको प्रतिस्पर्धात्मक तथा प्रविधिगत परिवर्तनका कारण सृजित चुनौतीहरूको सामना गर्न यसमा भएका व्यवस्थामा थप सूधारको आवश्यकता महसूस गरी मिति २०७३/०६/१८ मा पहिलो संशोधन समेत भएको छ ।

**ऐनका उद्देश्यहरू**

- बैकिङ्ग प्रणालीको कारोबारमा हुन सक्ने कसूरजन्य कार्यबाट बैकिङ्ग तथा वित्तीय प्रणालीमा पर्ने असर र जोखिमलाई न्यूनीकरण गर्ने ।
- बैकिङ्ग प्रणालीप्रति विश्वसनीयता अभिवृद्धि गर्ने ।
- बैकिङ्ग कसूर तथा सजायका सम्बन्धमा कानुनी व्यवस्था गर्ने ।
- बैकिङ्ग कसूर गर्ने ब्यक्तिलाई कानुनको दायरामा ल्याई कडाभन्दा कडा सजायको व्यवस्था गर्ने ।
- बैंक तथा वित्तीय संस्थाका पदाधिकारी, कर्मचारी तथा सम्बद्ध पक्षहरूलाई बढी जिम्मेवार तथा जवाफदेही बनाउने र उनिहरूको कार्यमा पारदर्शिता ल्याउने ।

**बैकिङ्ग कसूर**

- बैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ अनुसार निम्नानुसारका कार्यलाई बैकिङ्ग कसूर मानिएको छ ।
- बैंक तथा वित्तीय संस्थामा नक्कली कागजात पेश गरी खाता खोल्ने वा त्यस्तो कागजात पेश गरी खाता खोल्न लागेको छ भन्ने जानी जानी खाता खोलिदिने वा त्यस्तो खातामा रकम जम्मा गर्ने, गराउने वा त्यस्तो खाताबाट रकम निकाल्ने वा सो कार्यमा सहयोग गर्ने,
- काल्पनिक वा अन्य व्यक्ति वा संस्थाको नाममा खाता खोल्ने वा खाता खोलिदिने वा
- आफ्नो खातामा मौज्दात रकम नभएको जानीजानी चेक काटी दिने,
- अनधिकृत रूपमा अन्य व्यक्तिको खाताबाट रकम निकाल्ने तथा ग्राहकको खाताबाट रकम रकमान्तर गर्ने वा नगद भुक्तानी दिने ।
- क्रेडिट कार्ड, डेबिट कार्ड, अटोमेटेड टेलर मेशिन (एटीएम) कार्ड वा अन्य विद्युतीय माध्यमको दुरूपयोग वा अनधिकृत प्रयोग गरी भुक्तानी लिने वा दिने,
- गलत, झुट्टा वा नरहे नभएको वित्तीय विवरण पेश गरी वा कृत्रिम व्यवसाय खडा गरी कर्जा लिने वा दिने,
- धितोको अस्वाभाविक रूपमा बढी मूल्यांकन गरी कर्जा लिने वा दिने,
- परियोजनाको लागत अस्वाभाविक रूपमा बढाई बढी कर्जा लिने वा दिने,
- स्वीकृत सीमाभन्दा बाहिर गई कर्जा, सुविधा वा सहुलियत प्राप्त गर्ने वा उपलब्ध गराउने
- कर्मचारी सापटी बाहेक अन्य तवरले आफ्नो बैंक वा वित्तीय संस्थाबाट कर्जा वा सापटी लिने,
- धितो सुरक्षण रीतपूर्वक फुकुवा नभई सोही सुरक्षण अर्को बैंक वा वित्तीय संस्थामा राखी वा बेरितले कर्जा दिने वा लिने,

- नक्कली ऋणी खडा गरी त्यस्तो ऋणी मार्फत कर्जा लिने दिने,
- ग्राहकको कारोबारको तुलनामा आवश्यकताभन्दा बढी कर्जा दिने, अनुचित लाभ लिने वा दिने,
- आफ्नो वित्तीय स्वार्थ गाँसिएको कुनै व्यक्ति वा संस्थाको नाममा कुनै प्रकारको ऋण प्रवाह गर्ने,
- बैंक वा वित्तीय संस्थाबाट जुन प्रयोजनको लागि कर्जा सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरी वा गराई कर्जाको दुरूपयोग गर्ने वा गराउने,
- बैंक वा वित्तीय संस्थाका संस्थापक, सञ्चालक, प्रचलित कानुन बमोजिम वित्तीय स्वार्थ रहेको मानिने शेयरधनी, प्रमुख कार्यकारी अधिकृत, कर्मचारी, मेनेजिङ्ग एजेण्ट वा सम्बद्ध व्यक्ति वा संस्था वा त्यस्तो व्यक्तिका परिवारका सदस्यले बैंक वा वित्तीय संस्थाबाट कर्जा वा सुविधा लिने,
- कुनै पनि तरिकाले बैंक वा वित्तीय संस्थाको स्रोत र साधनको दुरूपयोग गर्ने,
- निक्षेपकर्ता वा बैंक वा वित्तीय संस्थाको हित प्रतिकूल हुने गरी बैंक वा वित्तीय संस्थाको सम्पत्ति खर्च गर्ने गराउने,
- सम्पत्ति लिलाम बिक्री गर्दा वा अन्य कुनै कारोबार गर्दा कुनै आर्थिक अनियमितता गर्ने,
- बैंक वा वित्तीय संस्थालाई तिर्नु पर्ने ऋणको भाखा नाघी कालो सूचीमा परेको ऋणीले आफूले तिर्नु पर्ने कर्जा नतिरी खाता खोली रकम राख्ने,
- चल वा अचल सम्पत्ति खरिद गर्ने वा त्यस्तो सम्पत्ति उपर कुनै तरिकाले हकभोग प्राप्त गर्ने,
- बैंक वा वित्तीय संस्थाले ऋणीको कुनै परियोजनाको लागि कर्जा वा सुविधा स्वीकृत गरी पहिलो किस्ता प्रदान गरिसकेपछि पर्याप्त आधार र मनासिब कारणविना कर्जा वा सुविधा दिन बीचमा रोक्ने,
- कागजात वा खाता बहीमा लेखिएको कुनै कुरा कुनै तरिकाले हटाई वा उडाई अर्कै मतलव निस्कने व्यहोरा पारी मिलाई लेख्ने कीर्ते गर्ने वा मिति, अंक वा व्यहोरा फरक पारी सहीछाप गरी गराई कागजात बनाई वा बनाउन लगाई जालसाजी गर्ने,
- बैंक वा वित्तीय संस्था वा सहकारी संस्था वा संघको स्वामित्वमा रहेको चल अचल सम्पत्ति मिलोमतो वा जाल परिपञ्च गरी बैंक वा वित्तीय संस्था वा सहकारी संस्था वा संघको हकको चल अचल सम्पत्ति लिने, दिने, दिलाउने,
- बैंक वा वित्तीय संस्था वा सहकारी संस्था लाई हानी नोक्सानी पुऱ्याउने,
- नियन्त्रण वा संरक्षण वा स्वामित्वमा रहेको चल, अचल सम्पत्ति हानी नोक्सानी पुऱ्याउने,
- गलत वा झुट्टा विवरण वा प्रतिज्ञाको आधारमा बैंक वा वित्तीय संस्था वा सहकारी संस्था वा संघलाई कुनै पनि तवरले हानी नोक्सानी पुऱ्याई आफू वा अरू कसैलाई लाभ हुने कार्य गर्ने,
- धितोस्वरूप बैंक वा वित्तीय संस्थामा राखिने चल अचल सम्पत्ति वा गैर बैंकिङ्ग सम्पत्तिको रूपमा रहेको बैंक वा वित्तीय संस्थाको चल अचल सम्पत्ति लिलाम बिक्री वा बैंक वा वित्तीय संस्थाको अन्य प्रयोजनको लागि मूल्यांकन गर्दा सम्बन्धित मूल्यांकनकर्ताले बढी, कम वा गलत मूल्यांकन गर्नु,
- मूल्यांकनकर्ताले आफ्नो वित्तीय स्वार्थ गाँसिएको कुनै व्यक्ति वा संस्थाको सम्पत्तिको मूल्यांकन गर्नु,
- कुनै व्यक्ति, फर्म वा कम्पनी वा संस्थाले एउटै मिति वा अवधिको अलग अलग वित्तीय विवरण तयार गर्ने, वा गर्न लगाउने
- वा एउटै मिति वा अवधिको वित्तीय विवरणमा आफ्नो राय तथा व्यहोरा नखुलाई वित्तीय विवरणहरू फरक पर्ने गरी प्रमाणित गर्ने,
- बैंक वा वित्तीय संस्थालाई हानी नोक्सानी पुऱ्याउने उद्देश्यले कसैले पनि कुनै काम गराउन वा नगराउन, मोलाहिजा गर्ने वा नगर्ने, कुनै किसिमको रकम लिने वा दिने, बिना मूल्य वा कम मूल्यमा कुनै माल, वस्तु वा सेवा लिने वा दिने, दान, दातव्य, उपहार वा चन्दा लिने वा दिने, गलत लिखत तयार गर्ने वा गराउने, अनुवाद गर्ने वा गराउने वा गैर कानुनी लाभ वा हानी पुऱ्याउने बदनीयतले कुनै कार्य गर्ने वा गराउने,
- ढुकुटीको कारोवार गर्ने /गराउने,
- प्रचलित ऐन बमोजिम दर्ता नगरी वा नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त नगरी बैकिङ्ग कारोबार गर्ने वा गराउने ।

**दण्ड सजाय**

बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ अनुसार कसूर बमोजिमको दण्ड तथा सजाय सम्बन्धी व्यवस्था निम्नानुसार रहेको छ ।

| कसूर | दण्ड तथा सजाय |
|---|---|
| दफा ३. अनाधिकृत रूपमा खाता खोल्ने वा रकम भुक्तानी माग गर्ने | बिगो खुलेकोमा बिगो भराई बिगो बमोजिम जरिवाना र तीन महिनासम्म कैद |
| दफा ११. ऋणीको चालू परियोजनालाई नोक्सान हुने गरी ऋण वा सुविधा रोक्ने | बिगो भराई बिगो बमोजिमको जरिवाना । |
| दफा ७. क) गलत, झुट्टा वा नरहे नभएको वित्तीय विवरण पेशगरी वा कृत्रिम व्यवसाय खडा गरी कर्जा लिने वा दिने, (ख) धितोको अस्वाभाविक रूपमा बढी मूल्यांकन गरी कर्जा लिने वा दिने, (ग) झुट्टा विवरणको आधारमा परियोजनाको लागत अस्वाभाविक रूमपा बढाई बढी कर्जा लिने वा दिने, बढी, कम वा गलत मूल्यांकन तथा वित्तीय विवरण तयार गर्ने । | बिगो भराई बिगो बमोजिम जरिवाना र चार वर्षसम्म कैद । |
| दफा १२ क. बैंक वा वित्तीय संस्था वा सहकारी संस्था वा संघलाई झुक्याई काम कारोवार गर्ने, दफा १४ क. ढुकुटीको कारोवार गर्नेः, १४ख. गैर कानुनी रूपमा बैकिङ्ग कारोबार गर्ने । | कसूरको मात्रा अनुसार देहाय बमोजिमको कैद र बिगो भराई बिगो बमोजिम जरिवाना (१) पचास लाख रूपैयाँसम्म बिगो भए एक वर्षदेखि तीन वर्षसम्म कैद, (२)पचास लाख रूपैयाँदेखि पाँच करोड रूपैयाँसम्म बिगो भए तीन वर्षदेखि पाँच वर्षसम्म कैद, (३) पाँच करोड रूपैयाँदेखि पचास करोड रूपैयाँसम्म बिगो भए पाँच वर्षदेखि सात वर्षसम्म कैद, (४) पचास करोड रूपैयाँभन्दा माथि जतिसुकै बिगो भए तापनि सात वर्षदेखि नौ वर्षसम्म कैद । |
| दफा ५. अनधिकृत रूपमा रकम निकाल्ने वा भुक्तानी दिने, दफा ६. विद्युतीय माध्यमको दुरूपयोग वा अनधिकृत प्रयोग गरी भुक्तानी लिने वा दिने, दफा ७ घ) आफूलाई प्राप्त भएको अख्तियारी वा स्वीकृत सीमाभन्दा बाहिर गई कर्जा, सुविधा वा सहुलियत प्राप्त गर्न वा उपलब्ध गराउने, च) व्यवसाय सञ्चालन गर्न सक्ने वित्तीय हैसियत नभएकोले कर्जा लिने वा दिने, (छ) ग्राहकको कारोबारको तुलनामा आवश्यकताभन्दा बढी कर्जा दिने, (ज) कर्जा सुविधा उपलब्ध गराए बापत कुनै किसिमको अनुचित लाभ लिने वा दिने । झ)नक्कली ऋणी खडा गरी त्यस्तो ऋणको पुरै वा आंशिक रकमको भुक्तानी लिने वा दिने, ञ)ऋण प्रवाह गर्ने अख्तियार प्राप्त व्यक्तिले आफ्नो वित्तीय स्वार्थ गाँसिएको कुनै व्यक्ति वा संस्थाको नाममा कुनै प्रकारको ऋण प्रवाह गर्ने, दफा ८. कर्जाको दुरूपयोग गर्ने, दफा ९. बैंकिङ्ग स्रोत, साधन र सम्पत्तिको दुरूपयोग गर्ने, दफा १०. ऋणीले रकम झिक्ने र सम्पत्ति प्राप्त गर्ने, दफा १२. कागजात वा खाता बही सच्याई कीर्ते वा जालसाजी गरी हानी नोक्सानी पुऱ्याउने, दफा १४.अनियमित आर्थिक तथा वित्तीय कारोबार गर्ने गराउने । | कसूरको मात्रा अनुसार देहाय बमोजिमको कैद र बिगो भराई बिगो बमोजिम जरिवाना<br>(क) दश लाख रूपैयाँसम्म बिगो भए एक वर्षसम्म कैद,<br>(ख) दश लाख रूपैयाँभन्दा बढी पचास लाख रूपैयाँसम्म बिगो भए दुई वर्षदेखि तीन वर्षसम्म कैद,<br>(ग) पचास लाख रूपैयाँभन्दा बढी एक करोड रूपैयाँसम्म बिगो भए तीन वर्षदेखि चार वर्षसम्म कैद, ।<br>घ) एक करोड रूपैयाँभन्दा बढी दश करोड रूपैयाँसम्म बिगोभए चार वर्षदेखि छ वर्षसम्म कैद,<br>(ङ) दश करोड रूपैयाँ भन्दा बढी पचास करोड रूपैयाँसम्म बिगो भए छ वर्षदेखि आठ वर्षसम्म कैद,<br>(च) पचास करोड रूपैयाँभन्दा बढी एक अर्ब रूपैयासम्म बिगो भए आठ वर्षदेखि दश वर्षसम्म कैद,<br>(छ) एक अर्ब रूपैयाँ भन्दा बढी जतिसुकै रूपैयाँ बिगो भए दश वर्षदेखि बाह्र वर्षसम्म कैद । |

यसरी उल्लेखित कसूर गरेमा बिगो भराई बिगो बमोजिमको जरिवाना तथा कसूरको मात्रा अनुसार तीन महिना देखि १२ वर्षसम्म कैद सजायहुने व्यवस्था ऐनमा गरिएको छ । जस अनुसार अनाधिकृत रूपमा खाता खोल्ने वा रकम भुक्तानी माग गर्नेलाई बिगो खुलेकोमा विगो भराई बिगो बमोजिम जरिवाना र तीन महिनासम्म कैद हुनुका साथै कसूरको प्रकृति अनुसार बिगो भराई बिगो बमोजिमको जरिवाना का साथै दश वर्षदेखि बाह्र वर्षसम्म कैद सजाय हुने व्यवस्था रहेको छ । साथै कसूर गर्ने व्यक्ति सम्बन्धित संस्थाको अध्यक्ष, सञ्चालक, प्रमुख कार्यकारी अधिकृत भएमा यस ऐन बमोजिम हुने सजायमा थप एक वर्ष कैद हुने व्यवस्था रहेको छ ।

कसूर भएको कुरा थाहा पाएको मितिले एक वर्षभित्र जाहेरी दिन सकिने तर बैंक वा वित्तीय संस्थाको कर्मचारी वा पदाधिकारीले आफू कुनै पदमा बहाल रहेको अवस्थामा बैंक वा वित्तीय संस्थाको सम्पत्ति हिनामिना वा हानी नोक्सानी गरी बैंकिङ्ग कसूर गरेको सम्बन्धमा त्यस्तो कर्मचारी वा पदाधिकारी उपर जहिलेसुकै पनि मुद्दा चलाउन सकिने र यस्तो कर्मचारी वा पदाधिकारीले आफ्नो पदबाट अवकाश प्राप्त गरेपछि पनि मुद्दा चलाउन सकिने व्यवस्था ऐनमा रहेको छ ।

**निष्कर्ष**

बैकिङ्ग कसूर तथा सजाय ऐन तथा यसमा भएको व्यवस्थाले नेपालको बैकिङ्ग तथा वित्तीय प्रणालीप्रति विश्वसनीयता अभिवृद्धि गर्न सफल हुने कुरा ऐनको प्रभावकारी रूपमा कार्यान्वयन तथा त्यसमा भएको व्यवस्थाप्रति सम्बद्ध पक्षहरू र सर्बसाधारणहरूमा हुने चेतनाको अभिवृद्धि मा भर पर्दछ । हाम्रा जस्ता अल्पबिकशित मूलुकहरूमा कानुन प्रभावकारी बन्ने तर त्यसको कार्यान्वयन पक्ष फितलो हुने प्रवृत्ति रहेकाले यस्ता कसुर बैंक तथा वित्तीय संस्थाहरूमा समय समयमा दाहोरिने गरेको पाइन्छ ।

यस्ता विषयहरू राज्य तथा सरोकारवाला संस्थाहरूको प्राथमिकताको विषय हुनुपर्ने आवश्यकता रहेको छ । नियमनकारी निकायहरूले पनि यस्तो विषय आफ्नो प्राथमिकता तथा अनुसन्धानको विषयको रूपमा मानी बैकिङ्ग तथा वित्तीय प्रणाली स्वस्थ, पारदर्शी, सुरक्षित, भरपर्दो र बिश्वसनीय बनाउनेतर्फ लाग्नु आजको आवश्यकता रहेको छ । ●●

*(लेखक कृषि विकास बैंकमा शाखा प्रमुख हुनुहुन्छ ।)*

# बजेटको परिभाषा, विशेषता र यसका प्रकारहरू

■ भोला नेपाल

**विषय प्रवेश**

बजेट एक महत्वपूर्ण वित्तीय एवं वित्तीय दस्तावेज आँकलन हो, जसमा कुनै निश्चित अवधिको आय र व्ययको अनुमान गरिएको हुन्छ । यो एक आर्थिक वर्षका लागि सरकारले गर्ने आर्थिक योजना सम्बन्धी नीति र कार्यक्रमको रूपरेखा र सोको स्पष्ट व्याख्या भएको विवरण पनि हो । बजेटमा सरकारका नीति र कार्यक्रमहरूको सञ्चालन र कार्यान्वयन गर्न आवश्यक पर्ने स्रोत र साधनको प्रबन्ध गरिएको हुन्छ । साथै बजेट व्यवस्थापनसँग सम्बन्धित काम आर्थिक व्यवस्थापनमा सर्वप्रथम प्रारम्भ हुने हुँदा यसको मद्दतबाट सरकारले भविष्यका सबै कार्यहरूको नियन्त्रण गर्दछ ।

सामान्य रूपमा बजेट भनेको आय र व्ययको दस्तावेज हो । यसले आम्दानी तथा खर्च कति गर्ने भन्ने कुराको निर्धारण गर्दछ । साथै बजेटलाई संवैधानिक तथा राजनीतिक दस्तावेजको रूपमा पनि लिने गरिन्छ किनकि बजेटमा सरकारको नीति तथा आय व्यय सम्बन्धी विषयहरू समावेश गरिएको हुन्छ र बजेटले आम जनताको रूचि र सरकारका नीतिहरूको संयोजन गर्ने काम गर्दछ ।

विगतमा गरेका कार्यहरूको समीक्षा र वर्तमान स्थितिको आँकलन गरी भावी कार्यक्रम र कार्यदिशासहितको आय र व्ययको अनुमानित योजना नै बजेट हो । आगामी वर्षमा के गर्ने ? कसरी गर्ने ? कहिले गर्ने ? कुन कुन क्षेत्रमा गर्ने ? आदि विषयमा आम्दानी र खर्चसहितको विस्तृत विवरण यसमा समावेश गरिएको हुन्छ । यसकारण सरकारले विगतमा गरेका उपलब्धिको समीक्षा गरी वर्तमानमा सरकारको क्षमता विश्लेषण गरी भावी कार्यक्रम र कार्यदिशाको स्पष्टता नै बजेट हो ।

**विगतमा गरेका कार्यहरूको समीक्षा र वर्तमान स्थितिको आकलन गरी भावी कार्यक्रम र कार्यसदिशा सहितको आय र व्ययको अनुमानित योजना नै बजेट हो ।**

शाब्दिक रूपमा हेर्ने हो भने Budget शब्द ल्याटीन भाषाको Bauge र फ्रेन्च भाषाको Bougetteबाट आएको हो जसको अर्थ छालाको सानो थैली भन्ने बुझिन्छ । विश्वमा बजेट प्रणालीको शुरूवात सन् १७३३ मा बेलायतबाट भएको पाइन्छ जति बेला बेलायतका तत्कालीन प्रधानमन्त्री रर्वट वालपोलले कालो छालाको झोलामा राखी बजेट पेश गरेका थिए । नेपालमा भने बजेटको शुरूवात जहानियाँ राणा शासनको अन्त्य पछि वि.सं. २००८ सालबाट भएको पाइन्छ ।

बजेटले भविष्यको लागत अनुमान, श्रम, साधन र अन्य स्रोत तथा साधन प्रयोगको लागि क्रमबद्ध योजनाको रूपमा काम गर्ने संयन्त्रको रूपमा विकास गर्दछ । यसको मुख्य उद्देश्य बार्षिक आय र व्ययको विस्तृत विवरणको प्रक्षेपण गरी सोही अनुरूप कार्यक्रम सञ्चालन गर्नु रहेको हुन्छ । बजेट साधारणतया एक वर्षको आय व्ययको अनुमानित विवरण मात्र नभई विगतको यर्थाथ समीक्षा, चालु आर्थिक वर्षको संशाधित अनुमान र भविष्यको आय र व्ययको अनुमानित विवरण समेटिएको एक महत्वपूर्ण दस्तावेज समेत हो ।

- बजेटलाई विभिन्न तह र तप्काका मानिसहरूले आ–आफ्नै आवश्यकता र क्षमताका आधारमा बुझ्ने बुझाउने गर्दै आएका छन् जस्तोः
- सर्वसाधारणका लागि बजेट उनीहरूको आवश्यकता पूरा गर्ने माध्यम हो ।

- विधायिकाको लागि बजेट सरकारी साधनमाथि नियन्त्रण गरी आर्थिक अनुमान कायम गराउने आधार हो ।
- अर्थ मन्त्रालयको दृष्टिकोणमा बजेट विभिन्न निकायमाथि नियन्त्रण गर्ने शाक्तिशाली हतियार हो ।
- योजना आयोगको दृष्टिमा बजेट रणनीतिक प्राथमिकतामा साधन सुनिश्चित गर्ने उद्देश्यात्मक आधार हो ।
- अर्थशास्त्रीका आँखामा भने बजेट समष्टिगत आर्थिक विश्लेषणको संयन्त्र हो ।
- विकास साझेदारका अनुसार सरकारको नीति, सामर्थ्य र खर्च गुणस्तरीयताको कसी जाँच्ने माध्यम हो ।

संक्षेपमा बजेट मुद्रा व्यवस्थापनको एक आधुनिक विज्ञान हो । जसमा राज्यको एक वर्षको आय र व्ययको खाका तयार गरिएको हुन्छ । त्यसैगरी यो सरकारको वित्तीय गुरूयोजना हो जसमा अनुमानित आय, प्रस्तावित खर्चका आधारमा गर्नुपर्ने कार्यहरू र त्यसका लागि आवश्यक साधन स्रोतको आवश्यक व्यवस्था गरिएको हुन्छ । बजेटमा राजश्व संकलन गर्न करका दरहरूको व्यवस्था गरिएको हुन्छ । त्यसैगरी सरकारी खर्चहरूको लागि नपुग स्रोतको व्यवस्था ऋण असुल गर्ने ऐनबाट आन्तरिक एवं वैदेशिक ऋण प्राप्त गरिन्छ । संसदबाट पारित विनियोजन ऐन तथा आर्थिक ऐनद्वारा बजेटलाई कानुनी मान्यता प्रदान गरिएको हुन्छ ।

**बजेटका विशेषताहरू**

- बजेटले योजना, कार्यक्रम नीति निमार्णको तथा विकल्प निर्धारणको खाका तयार गर्दछ ।
- नीति तथा कार्यक्रमको संयन्त्र
- नियन्त्रण र जवाफदेहिताको बैधानिक आधार
- यसले विगतको अनुमानको आधारमा भविष्यको सूचना प्रदान गर्दछ ।
- नीति तथा कार्यक्रमको अनुमान
- वित्तीय नियन्त्रण
- बजेट सरकारी साधनमाथि नियन्त्रण गरी आर्थिक अनुमान कायम गराउने आधार हो ।

**बजेटका प्रकारहरू**

**१. साधारण र विकास बजेट**

- राज्यको दैनिक गतिविधि सञ्चालनको लागि साधारण बजेट र विकास क्रियाकलाप सञ्चालन गर्नका लागि विनियोजन गरिएको रकमनै विकास बजेट हो ।
- विकास बजेट उत्पादनमुलक हुन्छ, साधारण बजेट उपभोग एवं चालु खर्च मात्र व्यहोर्ने भएकोले उत्पादनशील हुँदैन ।

**२. सन्तुलित र असन्तुलित बजेट**

- सरकारी आय र व्ययको अनुपात समान भएको बजेट सन्तुलित र आयभन्दा व्यय बढी भई न्यून वित्त परिचालन गर्नुपर्ने अवस्थाको बजेट असन्तुलित बजेट हो ।
- बजेट सधैं सन्तुलित हुनु राम्रो मानिन्छ तर ३० को दशकको मन्दीपछि असन्तुलित तथा घाटा बजेटलाई वित्तीय नीतिको प्रमुख औजारको रूपमा लिन थालिएको छ ।

**३. आर्थिक तथा कार्यमुलक बजेट**

- आर्थिक क्षेत्र अनुसार आय र व्ययको वर्गीकरण गरिएको बजेट आर्थिक बजेट हो भने कार्यका आधारमा आय र व्ययको वर्गीकरण गरिएको बजेट कार्यमुलक बजेट हो ।

**४. कार्यक्रम बजेट**

- परम्परागत बजेट प्रणालीमा कार्यक्रम र विश्लेषणमा ध्यान नदिने भएकोले २० औं शताब्दिको मध्यतिर बजेट प्रणालीमा सुधारको प्रयास शुरू भयो र त्यसको उपज स्वरूप कार्यक्रम बजेटको शुरूवात भयो ।
- दोश्रो हुवर आयोगको सिफारिस अनुरूप सन् १९५५ तिर कार्यक्रम बजेट प्रयोगमा ल्याईयो ।
- यसमा उद्देश्य र कार्यक्रम समावेश गरी योजना र कार्यक्रमलाई बजेटसँग आबद्ध गर्ने प्रणालीको शुरूवात भयो ।
- योजना, कार्यक्रम तथा बजेटिङ कार्यक्रम बजेटका प्रमुख तत्वहरू हुन ।
- कार्यक्रम बजेटले नतिजा, असर र विकल्पहरूमा जोड दिन्छ ।

- यसले विभिन्न प्रतिस्पर्धी नीति तथा कार्यक्रमप्रति ध्यान दिन्छ । त्यसैगरी राष्ट्रिय अर्थतन्त्रमा प्रभावकारी योगदान दिने वातावरणको सृजना गर्दछ । यसले बजेट र कार्यक्रमलाई एकीकृत गर्दछ ।

### ५. शून्यमा आधारित बजेट

- शुन्यमा आधारित बजेट कार्यक्रम बजेटको विकशितरूप हो । यसप्रकारको बजेटको शुरूवात अमेरिकी राष्ट्रपति जिमि कार्टरको पालाबाट भएको पाइन्छ ।
- उद्देश्यमुखी व्यवस्थापनमा यस प्रकारको बजेटलाई सजिलै अवलम्बन गर्न सकिन्छ ।
- यसअन्तर्गत प्रत्येक कार्यक्रमको आवधिक रूपमा मूल्याङ्कन गरी लगानी गर्न उपयुक्त छ कि छैन भन्ने आधारमा प्रतिबर्ष साधनको विनियोजन गरिन्छ ।
- साधन लगानकिो मूल्याङ्कन गर्दा शून्य मान्यता स्थापित गरिन्छ, चाहे त्यो यसअघि लगानी गरिसकेको आयोजना नै किन नहोस ।
- कुनै कार्यक्रमलाई निरन्तरता दिनुको सट्टामा प्रत्येक वर्ष नयाँ कार्यक्रमका रूपमा मूल्याङ्कन गरी निर्णयमा पुगिन्छ ।

### शून्यमा आधारित बजेट प्रक्रिया

- संगठनको उद्देश्य र लक्ष्य निर्धारण
- संगठनको निर्णय ईकाईको पहिचान
- प्रत्येक निर्णयको विश्लेषण
- निर्णयको प्राथमिकता निर्धारण
- साधनको स्वीकृति र विनियोजन
- अनुगमन र मूल्याङ्कन
- मापनयोग्य अनुगमन सूचक स्थापना
- लक्ष्य प्राप्त गर्ने उपयुक्त क्रियाकलाप
- उपयुक्त साधनको उपलब्धता
- क्रियाकलाप सञ्चालनको ढाँचा
- मूल्याङ्कन र प्रतिवेदनको ढाँचा

### ६. लैंगिक बजेट

राज्यको सम्रग बजेटलाई लैंगिक दृष्टिकोणबाट विभाजन गर्ने कार्य नै लैंगिक बजेट हो । लैंगिक समानता तथा लैंगिक सशक्तीकरण हासिल गर्नु र मानव अधिकार तथा लैंगिक समानताप्रतिको प्रतिबद्धताको कार्यान्यन गर्नु नै यस बजेटको मुख्य उद्देश्य हो । यसको अर्थ यो महिलामुखी बजेट भने पक्कै होइन र यसले कुनै कार्यक्रमको सिफारिस पनि गर्दैन केवल सरकारी कार्यक्रमहरूलाई लैंगिक रूपमा तुलना गरी कार्यक्रम सञ्चालन गर्न सरकारलाई नैतिक दवाव दिन्छ । नेपाल सरकारले CEDAW (Convention on the Elimination of all forms of Discrimination aganist Women), MDG (Millennium Development Goals), बेईजिङ कार्यक्रम प्रतिकको प्रतिबद्धता स्वरूप यस अवधारणलाई विकास गरेको पाइन्छ ।

### ७. गरिवोन्मुख बजेट

गरिव र गरिवी बढी भएको क्षेत्रलाई लक्षित गरी सो लाई न्यूनीकरण गर्न तथा देशको समग्र क्षेत्रलाई समान विकास गर्ने उद्देश्यबाट केन्द्रित बजेटलाई गरिवोन्मुख बजेट भनिन्छ । सरकारलाई गरिवि निवारणमा केन्द्रित बजेट तर्जुमा गर्न दवाव दिनु यस बजेटको मुख्य उद्देश्य हो । अर्थात बजेटमा परेका सम्पूर्ण कार्यक्रमहरूलाई गरिवि निवारणको सापेक्षता नाप्नको लागि यस बजेटको अवधारणा ल्याइएको पाइन्छ । ग्रामीण क्षेत्रमा लगानी हुने सरकारी बजेट, ग्रामीण क्षेत्रमा आय आर्जनमा सघाउ पुऱ्याउने कार्यक्रमहरू, ग्रामीण क्षेत्रमा क्षमता विकासका कार्यक्रमहरू, सामाजिक परिचालनको निमित्त गरिने सरकारी खर्चहरू, स्थानीय निकायमा जाने अनुदानहरू, गरिवि निवारणमा केन्द्रित सरकारी खर्चहरू आदि गरिबोन्मुख बजेट निर्माणका महत्वपूर्ण आधारहरू हुन् ।

### नेपाल परिवेश

विश्वमा बजेटको सुरूवात तथा यस विषयको प्रयोग धेरै लामो समयदेखि भएको पाइन्छ । त्यसैगरी सरकारी बजेटमा जनप्रतिनिधिको नियन्त्रण कायम रहनु पर्दछ भन्ने अवधारणाको विकास पनि धेरै अघिदेखि भएको पाइन्छ । बजेट योजनाबद्ध रूपमा खर्च गरिनु पर्दछ भन्ने मान्यता सन् १२१५ जुन १५ को Magna Carta, बेलायत संसदमा पेश भएको Bill of Rights (१६८९ आदिबाट आएको पाइन्छ । संसदमानै आय र व्ययको अनुमान गरी बजेट पेश गर्ने कार्य सर्वप्रथम बेलायती अर्थमन्त्री रर्वट वालपोलले सन् १७३३ मा गरेको हुँदा त्यसै समयदेखि सरकारको वार्षिक आय र व्ययको अनुमानलाई बजेट भनिन थाल्यो । नेपालमा भने बजेटको इतिहास खासै लामो छैन । जहानियाँ राणा शासनको अन्त्य पश्चात

वि.सं २००८ सालमा नेपालमा पहिलो पटक बजेट पेश भएको पाइन्छ । तत्पश्चात नेपालमा बजेटका लागि निम्न प्रयासहरू भएको पाइन्छ ।

- वि.सं २००८ सालमा पहिलो पटक बजेट पेश
- वि.सं २०१३ बजेटलाई साधारण र विकास बजेट गरी विभाजन
- वि.सं २०१६ मा सरकारी रूपैया खर्च सम्बन्धी नियम पारित
- वि.सं २०२५ मा सरकारी रकम असुल फर्छौट ऐन पारित
- वि.सं २०२६ देखि कार्यक्रम बजेट तर्जुमा गर्न थालिएको
- वि.सं २०३८ मा सरकारी आय व्यय सञ्चालन कार्यविधि नियमावली
- वि.सं २०३८ मा ७५ जिल्लामा कोष तथा लेखा नियन्त्रण कार्यालयको स्थापना
- वि.सं २०४२ मा आर्थिक प्रशासन नियमावलीको व्यवस्था
- वि.सं २०५१/५२ मा चालु कोष निकाशा प्रणालीको शरूवात
- वि.सं २०५५ मा आर्थिक कार्यविधि ऐन जारी
- वि.सं २०५६ मा आर्थिक प्रशासन सम्बन्धी नियमावली लागु
- वि.सं २०५९/६० मध्यकालीन खर्च योजना लागु
- वि.सं २०६१/६२ देखि चालु, पुँजीगत र साँवा भुक्तानी व्यवस्था
- आर्थिक कार्यविधि नियमावली २०६४ तर्जुमा गरी लागु गरिएको ।

नेपालमा वि.सं २००८ साल माघ २१ गते सर्वप्रथम राष्ट्रिय बजेट तयार गरी प्रस्तुत गरिएको थियो । नेपालमा बजेटलाई व्यवस्थित रूपमा कार्यान्वयन गर्न संबैधानिक र कानुनी व्यवस्था एवं सम्बन्धित मन्त्रालयको जिम्मेवारी प्रस्ट गरिएको छ । त्यसैगरी बजेट निर्माण गर्ने सवालमा अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, अन्य सम्बन्धित मन्त्रालयहरू, जिल्ला समन्वय समिति, महानगरपालिका, उप महानगरपालिका, नगरपालिका, गाउँ पालिका सबैको सहभागिता हुने गर्दछ । यसरि तयार गरिएको बजेटमा आर्थिक स्थायित्व कायम गर्ने, वित्तीय पारदर्शिता र उत्तरदायित्व, वित्तीय क्रियाकलापको मार्ग दर्शन, सरकार माथि नियन्त्रण, आवधिक योजनालाई कार्यान्वयन, स्रोतको कुशल परिचालन र प्रयोग, पूजी निर्माण, आयको समान वितरण, गरिवि निवारण, रोजगारी सिर्जना, भुक्तानी सन्तुलन कायम गर्ने आदि महत्वपूर्ण उद्देश्यहरू रहेका हुन्छन । अन्तयमा राष्ट्रिय योजना आयोगको उपाध्यक्षको अध्यक्षतामा गठित बजेट तथा स्रोत समितिले बजेट तर्जुमा सम्बन्धी निम्न खाकाहरू तयार गर्दछ र यसैको आधारमा हाम्रो देशको बजेट तयार गरिन्छ ।

- नेपाल सरकारको आगामी वर्षको बजेट प्रक्षेपण गर्ने
- बजेट कार्यान्वयन, अनुगमन एवं मूल्याङ्कन विषयहरूमा निर्णय गर्ने
- आर्थिक परिसूचकहरूको विश्लेषण गर्ने
- समष्टिगत आर्थिक संरचना तयार गर्ने
- आगामी ३ आर्थिक वर्षको बजेटको कुल सीमा निर्धारण गर्ने
- मध्यकालीन खर्च संरचना निर्धारण गर्ने
- राजश्व, वैदेशिक अनुदान र ऋण तथा आन्तरिक ऋणको प्रक्षेपण गर्ने
- कुल बजेटमा चालु बजेट, पुँजीगत बजेट र वित्तीय क्षेत्रको हिस्सा निर्धारण गर्ने आदि ।

त्यसैगरी सार्वजनिक कोषको नियन्त्रण, सरकारी खर्चमा पारदर्शिता ल्याउनु, खर्च प्राथमिकताको आधार तयार गर्नु, सरकारी नीति तथा कार्यक्रमका लागि स्रोतको पहिचान गर्नु, जनउत्तरदायित्व प्रवर्द्धन गर्नु, आय र व्यय विच उचित तालमेल ल्याउनु, सरोकारवालाहरूको लागि आवश्यक जानकारी उपलब्ध गराउनु आदि बजेटका महत्वपूर्ण उद्देश्यहरू हुन् ।

नेपालको संविधान २०७२ को धारा ११९ देखि १२५ सम्म राजश्व र व्ययको अनुमान र बजेटसम्बन्धी अन्य विषय वस्तुको बारेमा उल्लेख गरिएको छ । जसमा नेपाल सरकारको अर्थमन्त्रीले प्रत्येक आर्थिक वर्षको सम्बन्धमा संघीय संसदका दुवै सदनको संयुक्त बैठकमा देहायका विषयहरु समेत खुलाई वार्षिक अनुमान पेश गर्नुपर्नेछ :- (क) राजस्वको अनुमान, (ख) संघीय सञ्चित कोषमाथि व्ययभार हुने आवश्यक रकमहरु, र (ग) संघीय विनियोजन ऐन बमोजिम व्यय हुने आवश्यक रकमहरु । त्यसैगरी वार्षिक अनुमान पेश गर्दा अघिल्लो आर्थिक वर्षमा प्रत्येक

मन्त्रालयलाई छुट्याइएको खर्चको रकम र त्यस्तो खर्च अनुसारको लक्ष्य हासिल भयो वा भएन त्यसको विवरण पनि साथै पेश गर्नुपर्नेछ । नेपाल सरकारको अर्थमन्त्रीले राजस्व र व्ययको अनुमान प्रत्येक वर्ष जेठ महिनाको १५ गते संघीय संसदमा पेश गर्नेछ भन्ने व्यवस्था रहेको छ । राजश्व र व्ययको अनुमान गर्दा निम्न बुँदाहरूमा रहेर गर्नुपर्ने प्रावधान नेपालको संविधान २०७२ ले गरेको छ ।

- विनियोजन ऐन
- पूरक अनुमान
- पेश्की खर्च
- उधारो खर्च
- संघीय आकस्मिक कोष
- आर्थिक कार्यविधि सम्बन्धी ऐन

बजेट देशको आर्थिक दस्तावेज हो जसमा समग्र आर्थिक तथा वित्तीय परिदृश्यहरूको आँकलन गरिएको हुन्छ । साधारणतया बजेट तर्जुमा गर्दा निम्न पक्षलाई ध्यान दिइन्छ ।

- देशको समग्र आर्थिक स्थिति परिसूचकहरू
- देशको दिर्धकालीन सरकारी नीति तथा कार्यक्रमहरू
- राज्यका निर्देशक शिद्धान्त तथा नीतिहरू
- आवधिक योजनाका लक्ष्य तथा प्राथामिकताहरू
- गत वर्षको बास्तविक तथ्याङ्क तथा उपलब्धिहरू
- आन्तरिक राजश्व परिचालनको अवस्था
- वैदेशिक साहायता तथा ऋणको अवस्था
- अन्तर्राष्ट्रिय प्रतिबद्धता तथा सन्धि सम्झौता अनुरूपको दायित्व
- आर्थिक वृद्धि, आर्थिक स्थिरता तथा सामाजिक न्यायको पक्ष
- बजेटको उद्देश्य, नीति तथा प्राथमिकताहरू
- बजेट कार्यान्वयन गर्ने संस्थागत सक्षमता
- सालवसाली गर्नुपर्ने कार्यहरू
- चालु अवस्थाका परियोजना र त्यसमा गर्नुपर्ने खर्च
- भविष्यमा हुन मूल्य परिवर्तनको अवस्था विगतको Trend Analysis
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशमा आउनेसक्ने परिवर्तन आदि ।

*(लेखक कृषि विकास बैंक लि.मा शाखा प्रमुख हुनुहुन्छ ।)*

**सन्दर्भ सामग्री**


- नेपालको संविधान २०७२
- भोला नेपाल तथा अन्य, कृषि विकास बैंक लि., सहायकस्तर परीक्षा दर्पण, मकालु प्रकाशन गृह, डिल्लीबजार, काठमाडौ ।
- बैंकिङ्ग दिग्दर्शन, मकालु प्रकाशन गृह, डिल्लीबजार, काठमाडौ ।
- गोरखापत्र राष्ट्रिय दैनिक मिति २०७५/०६/३१
- उपसचिव, सहसचिव प्रथम पत्र विशेष तथा द्वितीय पत्र विशेष, मकालु प्रकाशन गृह,डिल्लीबजार, काठमाडौ ।
- https://www.karobardaily.com/index.php/news/idea/4929
- http://www.loksewaguide.com/subjective-etails/231/464/5031/5036.html
- Google search

# कृषि विकास बैंक लि. मा साना तथा लघुउद्यम विकास कार्यक्रम

■ प्रेम प्रसाद खनाल

**बैंकको परिचय**

देशको अर्थतन्त्र कृषिमा आधारित भएको हुँदा कृषि विकासमा गतिशीलता ल्याई नेपाली जनताको आर्थिक हित र सुविधा कायम गर्न कृषि क्षेत्रमा सुलभ तथा सरल ढंगले पुँजी तथा ऋण उपलब्ध गराउने जसले गर्दा उत्पादन र उत्पादकत्व वृद्धि भई राष्ट्रिय अर्थतन्त्रमा टेवा पुग्दछ भन्ने उद्देश्यका साथ वि.सं. २०२४ सालमा "कृषि विकास बैंक ऐन २०२४" अनुसार कृषि विकास बैंकको स्थापना भएको हो । बैंकले २०४१ साल देखि सीमित बैंकिङ्ग सेवा समेत सञ्चालन गरी हाल "बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३" अनुसार "क" वर्गको वाणिज्य बैंकको रूपमा रूपान्तरण भई मुलुकका ७७ वटै जिल्लाका करिब २७३ कार्यालयहरू मार्फत आधुनिक प्रविधिले सु-सज्जित हुँदै आधुनिक बैंकिङ्गका सबै सेवा सुविधाहरू उपलब्ध गराउँदै आइरहेको छ । बैंकले बजारमुखी रणनीति अवलम्बन गर्दै गुणस्तरीय बैंकिङ्ग सेवा उपलब्ध गराई प्रतिस्पर्धात्मक दिगो प्रतिफल प्राप्त गर्ने उद्देश्यका साथ बैंक अगाडि बढिरहेको छ ।

**लघुउद्यम विकास कार्यक्रम**

कृषि विकास बैंकले विगत पाँच दशकदेखि राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउन, उत्पादन र उत्पादकत्व वृद्धि गरी देशको गरिबी निवारणका लागि आफ्नो स्रोत साधन र क्षमताको अधिकतम परिचालन गरी राष्ट्रका लागि महत्वपूर्ण योगदान दिदै आएको कुरा सर्वबिदितै छ ।

एकातिर बैंकले साना तथा ठूला उद्यमी व्यवसायी सेवाग्राही एवं कर्जाग्राहीहरूलाई सरल एवं सुलभ ढंगले आफ्ना वस्तु तथा सेवाहरू प्रदान गर्दै वाणिज्य बैकिङ्ग कारोवार गर्दै आइरहेको छ भने अर्को तर्फ सरकारी तथा गैह्रसरकारी क्षेत्रबाट समेत वित्तीय सहयोग र स्रोतहरू जुटाई यस बैंकले साना किसान विकास कार्यक्रम, लघुउद्यम कार्यक्रमहरू लगायत नेपाल सरकारको बजेट वक्तव्य, नीति तथा कार्यक्रम अन्तर्गत प्राथमिकता प्राप्त कार्यक्रमहरूलाई समेत बैंकले उच्च प्राथमिकताका साथ सन्चालन गर्दै आइरहेको छ । ग्रामीण गरीवहरूको समस्या समाधान नगरेसम्म ग्रामीण विकास सम्भव नहुने र जसले गर्दा राष्ट्रिय अर्थतन्त्रमा नकारात्मक प्रभाव पर्न सक्ने भएकोले यस बैंकले अत्यन्तै जिम्मेवार बनी ग्रामीण विकास र गरिबी निवारणका क्षेत्रमा ठूलो हिस्सा कर्जा लगानी गरेको छ । बैंकले खाद्यान्नवाली, नगदेवाली, कृषि, पशुपालन, मत्स्यपालन, कृषि उपज बेचबिखन, घरेलु उद्योग व्यवसाय, सिंचाइ, कृषियन्त्र, गोवरग्याँस, कृषि तथा पशुजन्य उद्योग आदिमा सुलभ कर्जा प्रवाहका साथै प्राविधिक ज्ञान र सीप विकासमा समेत सहयोग गर्दै आएको छ । विगतमा बैंकले ग्रामीण विकास र गरिबी निवारण अभियानलाई अझ प्रभावकारी बनाउन २०३२ सालबाट 'साना किसान विकास' कार्यक्रम समेत सञ्चालन गरी लाखौं किसान एवं विपन्न वर्गका समुदायको आर्थिक उत्थानमा सहयोग पुऱ्याएको थियो । व्यवस्थित एवं प्रभावकारी सञ्चालनका हिसाबले यो कार्यक्रमलाई नेपालको लघुवित्त क्षेत्रको पहिलो कार्यक्रम मान्न सकिन्छ । यस कार्यक्रम अन्तर्गत मुख्यतया आय आर्जनका कार्यक्रमहरू, समूह निर्माण र परिचालन, बचत संकलन र परिचालनका साथै सामूहिक जमानीमा विनाधितो विभिन्न किसिमका कर्जाहरू प्रदान गर्नुका साथै शिक्षा, स्वास्थ्य, खानेपानी, पाटीपौवा, विद्यालय आदिको भौतिक संरचना निर्माण एवं मर्मत संभार लगायतका सामाजिक तथा सामुदायिक कार्यक्रम सञ्चालन गर्दै आयो । यो कार्यक्रम आ.व. २०५२/०५३ सम्म आईपुग्दा ६५२ गा.वि.स.मा ४२२ वटा आयोजनाहरू स्थापना गरी २ लाख १० हजार भन्दा

बढि विपन्न परिवारलाई ६ अर्ब ४९ करोड लगानी गरी गरिबीको रेखामुनी रहेका जनताहरूको समग्र अवस्थामा सुधार गर्न सफल भएको थियो ।

आ.व. ०५१/०५२बाट साना किसान विकास आयोजनाहरूलाई जि.टि.जेड.मार्फत आर्थिक तथा प्राविधिक सहयोगमा क्रमशः साना किसान सहकारी संस्थाहरूमा रूपान्तरणगरी स्वायत्त संस्थाको रूपमा संस्थागत विकास गराई व्यवस्थापन हस्तान्तरण गर्ने नीति बमोजिम २०५६/०५७बाट हस्तान्तरण शुरू गरी आ.व.२०६५/०६६ सम्ममा २२८ वटा आयोजनाहरू हस्तान्तरण गरियो । उक्त साना किसान सहकारी संस्थाहरूलाई आवश्यक सहयोगार्थ यस बैंकको सक्रियता र प्रारम्भिक व्यवस्थापनमा २०५८ सालमा साना किसान विकास बैंक लि. को स्थापना गरी हाल यसै बैंक मार्फत वित्तीय कारोबार लगायतका सेवाहरू उपलब्ध गराउने व्यवस्था गरेको छ ।

कृषि विकास बैंक कम्पनीमा रूपान्तरण भएपछि बदलिँदो परिस्थिति अनुसार बैंकको व्यवसाय र सेवाग्राहीको हितलाई ध्यानमा राखी सम्पूर्ण आर्थिक क्षेत्रलाई समेटेर कृषि विकास बैंकले ग्रामीण तथा शहरी क्षेत्रमा बसोवास गर्ने साना तथा मध्यम वर्गीय समुदायको जीविकोपार्जन तथा आयस्तरमा वृद्धि गर्न उद्यमीको रूचि, श्रम, सीप र क्षमताका आधारमा सञ्चालन गर्न सक्ने साना तथा लघुउद्यम व्यवसायलाई प्रोत्साहित गर्दै अएकोछ । उद्यमी व्यवसायीहरूलाई आवश्यक ज्ञान, सीप र क्षमताको विकास गराई वित्तीय सहयोग समेत गर्दै आएको छ । राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउन ग्रामीण तथा शहरी क्षेत्रमा प्रशस्त रोजगार र स्वरोजगारको अवसर सृजना गर्न आवश्यक रहेकोले बैंकले आ.व.०६४/०६५ देखि साना तथा लघु उद्यम विकास कार्यक्रम सञ्चालन गर्दै आएको र यस कार्यक्रलाई अझ प्रभावकारी ढंगबाट अघि बढाउन साना तथा लघुउद्यम विकास विभागको स्थापना गऱ्यो । विभिन्न काल खण्डमा यस विभागको नाम परिवर्तन हुँदै हाल कृषि तथा लघुद्यम विभागको रूपमा रहेको छ । यसले आफ्नो दायरालाई अझ बढी फराकिलो तुल्याई अझ प्रभावकारी ढंगबाट कार्यक्रमहरू सञ्चालन गर्दै आएकोछ ।

**उद्देश्य** :

नेपालका साना तथा लघुउद्यम व्यवसायमा संलग्न उद्यमीहरूको सीप, क्षमता र दक्षता अभिवृद्धि गरी उनीहरूको सीप अनुसारको व्यवसाय सञ्चालन गर्न सरल एवं सुलभ रूपमा संस्थागत एवं व्यक्तिगत कर्जा उपलब्ध गराई आय वृद्धि एवं स्वरोजगारको अवसर सृजना गर्नु यस कार्यक्रमको मूल उद्देश्य रहेको छ ।

**लघु उद्यम कार्यक्रमको आवश्यकता तथा औचित्य** :

नेपालको अर्थतन्त्रको मेरूदण्ड ग्रामीण क्षेत्रलाई मानिन्छ । ग्रामीण अर्थतन्त्रको विकास बिना नेपालको समग्र विकासको कल्पना गर्न सकिदैन । तसर्थ यस क्षेत्रमा आर्थिक गतिविधिहरूलाई सकृय तुल्याउन बैंकले साना तथा लघुउद्यम कार्यक्रमलाई प्रभावकारी ढंगबाट सञ्चालन गर्नु अपरिहार्य हुन्छ । देशको ग्रामीण एवं शहरी क्षेत्रका साना तथा लघुउद्यम क्षेत्रमा आवश्यक संस्थागत तथा व्यक्तिगत कर्जाको सम्भाव्यता तथा माग प्रशस्त मात्रामा रहेको छ । तर प्रशस्त सम्भावना र माग हुँदाहुँदै पनि संस्थागत एवं व्यक्तिगत कर्जा तथा सहुलियत कर्जामा गरीब र न्यून आय भएका जनताको पहुँच कम भएकाले यस्ता जनताहरूको रूचि अनुसार सीप क्षमता र दक्षता अभिवृद्धि गरी व्यक्तिगत तथा संस्थागत थोक कर्जा तथा सहुलियत पूर्ण कर्जा आपूर्तिद्वारा उद्यमशीलता अभिवृद्धि गरी देशको समग्र अर्थतन्त्रको विकासमा टेवा पुऱ्याउन र जोखिम न्यूनीकरण गरी सुरक्षित तथा प्रभावकारी दिगो कर्जा सेवा उपलब्ध गराउन यो कार्यक्रमको आवश्यकता रहेको छ ।

**सञ्चालन विधि तथा प्रक्रिया** :

ग्रामीण तथा शहरी क्षेत्रमा रहेका न्यून आय भएका मानिसहरू जसले आफ्नो आय आर्जन बढाउन साना तथा लघुउद्यम सञ्चालन गर्न चाहन्छन् त्यस्ता व्यक्तिहरूलाई छोटो समयमा आम्दानी लिन सकिने उद्यमहरूमा उनीहरूको रूचि, श्रम, सीप र क्षमताको प्रयोग हुने गरी बैंक वा संस्थागत कर्जा लगानीबाट साथै उद्यमीको स्वलागत समेत जुटाई प्रति ग्राहक / परियोजनामा समय सापेक्ष सीमा निर्धारण गरी उद्यमीहरूलाई सहयोग तथा प्रोत्साहित गर्दिदै आएको छ ।

यस कार्यक्रम अन्तर्गत बैंकले थोक तथा व्यक्तिगत कर्जा गरी दुई किसिमले कर्जा प्रवाह गर्ने गर्दछ । साना तथा लघुउद्यमीहरू बैंकसँग खुद्रा कर्जा कारोवार गर्दछन् भने थोक कर्जा कारोवार कानुनी रूपमा स्थापित साना तथा लघुउद्यमीहरूलाई कर्जा प्रदान गर्न वित्तीय रूपले सक्षम विकास बैंक, वित्तीय संस्था, वित्तीय रूपले सक्षम संघ संस्था र समूहहरू हुनेछन् । यस कार्यक्रम अन्तर्गत छोटो तथा मध्यम अवधिको कर्जा हुन्छ । कर्जाको व्याज दर बैंकले निर्धारण गरे बमोजिम हुने व्यवस्था गरिएको छ । कर्जाको लागि उद्यमीले बैंक नियमानुसार आवश्यक कागजातहरू संलग्गन गरी कर्जा माग पत्र भरी बैंकको

नियमानुसार कर्जा सुरक्षणका लागि आवश्यक धितो दिनु पर्ने छ ।

थोक कर्जाका लागि कानुनी रूपमा सक्षम बैंक तथा वित्तीय संस्था, संघ/संस्था तथा समूहले आफ्ना साना तथा लघुउद्यमी ग्राहक वा सदस्यहरूलाइ कर्जा लगानी गर्नकालागी कर्जा माग भएमा थोक कर्जा (वित्तीय अन्तरमध्यस्थ कर्जा) उपलब्ध गराउन सकिने छ । यसरी प्रदान गरिने कर्जा संघ संस्था अनुसार सीमा निर्धारण गरिएको हुन्छ । व्याज दर बैंकले निर्धारण गरेबमोजिम हुन्छ । संघ संस्थाले कर्जा लिएपछि आ-आफ्ना ग्राहकहरूलाई नियमानुसार तोकिएको उद्देश्यमा तोकिएको सीमासम्म मात्र आवश्यक प्रक्रिया पूरा गरी कर्जा उपलब्ध गराउनु पर्दछ । यसरी थोक कर्जाका लागि सम्बन्धित संस्थाले कर्जा माग पत्र भरी बैंक नियमानुसार आवश्यक कागजातहरू संलग्न गरी आवश्यक धितो समेत उपलब्ध गराउनु पर्दछ ।

**प्रदान गरिने सेवा र सम्वन्धित निकाय :**

साना तथा लधु उद्यम कार्यक्रमसँग सम्वन्धित कार्य लगायत विभिन्न कार्यक्रमलाई व्यवस्थित रूपमा सञ्चालन गर्न कृषि विकास बैंक लि. मा हाल कृषि तथा लघुउद्यम विभाग सञ्चालनमा रहेको छ । यस विभागद्वारा बैंकले आफ्नै र नेपाल सरकार तथा अन्य सहयोगी संघ संस्थाहरूबाट प्राप्त सहयोग र स्रोतको आधारमा साना तथा लघुउद्यमीहरू, बैंक तथा वित्तीय संस्थाहरू र समूहहरूलाई सीप दक्षता र क्षमता अभिबृद्धि सम्वन्धि तालिमहरू समेत प्रदान गर्ने गरेको छ । बैंकले सामाजिक दायित्वलाइ समेत ध्यानमा राख्दै समुदायको सहभागितामा विभिन्न स्थानीय संघ संस्था मार्फत संचालित सडक, खाने पानी निर्माणका परियोजना, विद्यालय, मठ मन्दिर, प्रतीक्षालय, हाटबजार सेड, सामुदायिक भवन, ट्राफिक आईल्याण्ड निर्माण र सामुदायिक अस्पताल मर्मत संम्भार लगायत सामाजिक सामुदायिक क्रियाकलापहरूमा भौतिक एवं आर्थिक सहयोग समेत गर्दै आएको छ । हाल कृषि विकास बैंकको कृषि तथा लघुउद्यम विभागद्वारा सञ्चालन हुने कार्यक्रमहरू निम्नानुसार रहेका छन् :-

- कृषि तथा पशुपालन व्यवसायमा कर्जा लगानी
- कृषि तथा पशुजन्य उद्योगहरूमा कर्जा लगानी
- अनुदानमा आधारित कृषि तथा पशुपंक्षी कर्जा लगानी
- थोक कर्जा कार्यक्रम
- लघुउद्यम कर्जा
- युवा स्वरोजगार कार्यक्रम
- कोल्ड स्टोर (शीतघर) निर्माण कर्जा
- पशुधन सुरक्षण (बीमा) कार्यक्रम
- वाली सुरक्षण (बीमा) कार्यक्रम
- नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकले समय समयमा तोकेका लघुउद्यम प्रकृतिका तथा सहुलियतपूर्ण कार्यक्रमहरूमा कर्जा लगानी
- सामाजिक उत्तरदायित्वका सामाजिक सामुदायिक कार्यक्रम
- साना तथा लघुउद्यम व्यवसाय सञ्चालन एवं प्रवर्द्धनका लागि आवश्यक तालिम, प्रशिक्षण कार्यक्रम

उल्लेखित कार्यक्रमहरूका साथै नेपाल सरकारको प्राथमिकता प्राप्त कार्यक्रमहरूलाई यस बैंकले उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्दै आएको छ । ●●

*(लेखक कृषि विकास बैंक लि. मा शाखा प्रमुख हुनुहुन्छ ।)*

# बढ्दो प्रौढ जनसंख्या: बढ्दो आर्थिक भार

■ पुरु रिसाल

देशमा प्रौढ जनसंख्या बढ्दै गएको देखिन्छ । यसको उचित व्यवस्थापन नगरे प्रौढहरूको अनुपातले सम्पूर्ण आर्थिक र सामाजिक क्षेत्रमा चुनौतीहरू थपिदै जाने निश्चित देखिन्छ ।

देशको जनसंख्या तीब्र गतिले बढ्दै गएको छ । तथ्यांक विभागले हालै आफ्नो जनगणना मापनको शताब्दी मनाएर प्रकाशित गरेको पुस्तिकामा साल १९६८ मा देशको कुल जनसंख्या ५६ लाखबाट पछिल्लो जनगणना, साल २०६८ मा आउँदा करिब २ करोड ७० लाख भएको जनाएको छ । यो करिब ५ गुणाको वृद्धि हो । स्वतन्त्रताको उदय भएको तीन दशकमा मात्रै, अर्थात २०३८ साल पछि, गएको करिब तीन दशकमा मात्रै अर्थात साल २०४८बाट अहिले सम्ममा देशको जनसंख्यामा औसत २ प्रतिशत भन्दा माथिको बार्षिक वृद्धि हुने गरेको तथ्यांकले देखाउँछ । यसै अनुमान अनुसार हेर्दा मुलुकको जनसंख्यामा तीब्र वृद्धि भएको र अझै यसै अनुरूपको वृद्धि हुँदैजाने अनुमान गर्न सकिन्छ । जनसंख्याको चाप देशको भौगोलिक फैलावट र आर्थिक क्षमतामा समेत भरपर्ने कुरा हो। भारत, चीन या अमेरिका जस्ता देशको भौगोलिक फैलावट र आर्थिक सम्वृद्धिले उनीहरूको देशमा खपत हुनसक्ने जनसंख्यामा केही वृद्धि हुँदा पनि ठूलो संकट आइहाल्ने देखिन्न भने, दुवै दृष्टिकोणबाट नेपाल, जनसंख्या वृद्धि धेरै झेल्न नसक्ने स्थितिमा देखिन्छ। पछिल्लो तथ्यांकअनुसार अमेरिकाको बार्षिक जनसंख्या वृद्धिदर ०.७ प्रतिशत, भारतको १.११ प्रतिशत, चीनको ०.३९ र नेपालको १.३५ प्रतिशत रहेको छ । अर्थात् नेपालको जनसंख्या वृद्धिदर विकसित र विकासोन्मुख दुवै भन्दा तीब्र छ । त्यसैगरी भौगोलिक फैलावट अनुसार हेर्दा जनसंख्याको घनत्व, प्रति वर्ग किलोमिटरमा, चीनमा १४९ र अमेरिकामा ११६ मात्र छ । भने, नेपालमा १८० रहेको छ । यसरी हेर्दा हाम्रो देशमा जनसंख्याको चाप बिस्फोटनको संघारमा पुगेको स्थितिमा देखिन्छ, अत्यधिक रक्तचाप भएको रोगीको जस्तै।

एकातिर कुल जनसंख्यामा यस्तो वृद्धि देखिन्छ भने अर्कोतिर देशका युवाशक्ति ठूलो संख्यामा विदेशिने क्रम जारी छ । देशबाट दैनिक करिब १५ शयको संख्यामा युवाहरू कामको खोजीमा त्रिभुवन विमानस्थलबाट बाहिरिने तथ्यांकले देखाउन्छ, अर्थात् करिब साढे पाच लाख प्रतिवर्ष । यो संख्यामा सडकको बाटो हुँदै दैनिक भारत पस्ने असंख्य युवाहरू र विदेश पढ्न जानेको संख्या समेत थप्दा १० देखि ११ लाख हुन आउँछ । यसरी देशमा उद्योग र आययार्जन गर्ने युवाहरूको ठूलो संख्या हरेक वर्ष देश बाहिरिदै गएको देखिन्छ ।

**देशमा उद्योग र आययार्जन गर्ने युवाहरूको ठूलो संख्या हरेक वर्ष देश बाहिरिदै गएको देखिन्छ ।**

अत्यधिक जनसंख्या वृद्धि र युवा पलायन मात्र हाम्रो समस्या होइन, पछिल्लो अध्ययन र अनुसन्धानले कुल जनसख्यामा प्रौढहरूको अनुपात लगातार वृद्धि हुँदैगएको समेत देखिन्छ । विविध ज्ञानसँगै हामीमा पारिवारिक स्वास्थ्य र आय आर्जनका ज्ञान, चेतना र आर्थिक प्राविधिक क्षमताहरू बढेका छन। शुद्ध पिउने पानी, सरसफाई र प्रदूषण बारे चेतना बढेको छ। त्यसैगरी स्वास्थ्य क्षेत्रमा हरेक दिन भइरहेको विश्वव्यापी आविस्कार र औषधि उत्पादनले मानिसको औसत आयु बढाउँदै

लागेको छ। हाम्रो देशमा भएको उल्लेखनीय स्वास्थ्य क्षेत्रको प्रगतिले सन् १९७० मा नेपालीको औसत आयु ४० वर्षको हाराहारीमा रहेकोमा अहिले करिब ७० वर्ष पुगेको छ। यो राम्रो प्रगति हो । तर यसले सामाजिक र जनसांख्यिक क्षेत्रमा उथलपुथल ल्याउने छ। एकातिर बच्चा जन्मिने दरमा बिस्तारै कमी आयेको छ भने आर्को तिर औषधि र स्याहार बढेर जन्मेका बच्चाहरू ज्यादै कम मात्र बालकैमा मर्ने गरेका छन् । प्रत्येक हजार ज्युँदै जन्मेका बच्चा मध्ये सन् १९९० मा करिब १०० बच्चाहरू पाँच वर्ष नपुग्दै मर्थे भने अचेल त्यो दर झरेर २० मा पुगेको छ ।

यसरी जन्मेका प्राय लामो समय बाच्ने हुँदा बुढाबुढीहरूको जनसंख्याको अनुपात कुल जनसंख्यामा बढेको छ । स्वास्थ्य विज्ञान प्रतिष्ठान लगायतका संस्थाहरूले गरेको अनुसन्धान अनुसार आउँदो दश वर्षमा नेपाल प्रौढतातिर लागेको देश हुनेछ भने आउने ३६ वर्ष भित्र, अर्थात् सन् २०५४ तिर, प्रौढ बाहुल्य जनसंख्या भएको देश बन्नेछ। जुन रफ्तारमा नेपाल प्रौढ बाहुल्य देश हुँदै छ त्यो जापानभन्दा पनि छिटो हुँदै गरेको देखिन्छ। यो तीब्र गतिको परिवर्तनले हाम्रो सामाजिक, आर्थिक र न्यायिक सबै क्षेत्रमा असर पारिने निश्चित छ। यसले हाम्रो विकासको लक्ष्य र मार्गमा समेत असर पर्ने देखिन्छ जसको प्रतिरक्षाको लागि हाम्रा योजना र सोच त्यही अनुरूप हुनु आवश्यक छ ।

अर्थशास्त्रमा परनिर्भर जनसंख्याको आंकलन गरिन्छ, जसको अर्थ हुन्छ एक जना ६५ वर्ष माथिको उमेरका प्रौढ पाल्ने जिम्मेवारी कतिजना कामगर्ने उमेरका, अर्थात् १५ देखि ६५ वर्षसम्मका, व्यक्तिको भागमा पर्छ। यो केवल उमेर अनुसारको जनसंख्यालाई भाग गरेर निकालीने गणना हो । यस आंकलन अनुसार, नेपालमा सन् १९८० मा एकजना प्रौढ पाल्ने जिम्मेवारी लिने १६.८ कामगर्ने उमेरका थिए भने, सन् २०१५ मा यो जिम्मेवारी लिने घटेर ११.१ पुगेको छ, जुन संख्या अनुमानत सन् २०१५ सम्ममा ५.६ मा खुम्चिने देखिन्छ । यो उमेरको परनिर्भरताको मापनमा, नेपालको तुलना अन्य विकासोन्मुख देश सँग गर्दा पनि हाम्रो परनिर्भरता अरूको भन्दा बढी देखिन्छ । सन् २०१५ मा उमेरको परनिर्भरताको यो मापन विकासोन्मुख देशहरूमा २१ पर्छ भने विश्वको दर ३१ जना को देखिन्छ ।

यसको अर्थ हो, नेपालमा आउँदो दिनमा कामगर्ने व्यक्तिले आफ्नो कमाइको ठूलो हिस्सा प्रौढको लागि काट्नु पर्ने छ। यो सरकारले कर बढाएर या अन्य प्रावधान मार्फत गर्ने छ जस्तो अहिले प्रचुर प्रौढ भएका जापान, कोरिया या स्कान्डेनेभियन देशहरू स्विडेन, नर्वे जस्ता देशमा गरिन्छ, कमाइको ५० प्रतिशत भन्दा बढीसम्म आयकर लिएर । तर ती देशहरूमा आय नै बढी छ जसले गर्दा काटिएर बाँकी रहेको कमाईले पनि बजार भाउ अनुसार स्वस्थ र खुशी जीवन बाँच्न पुग्छ। तर हामी नेपालिको आय स्तर हेर्दा अहिले नै जीवन धान्न गारो अनुभव हुन्छ भने कर थपिएमा त्यो झन् कठिन हुनेछ । नेपालको प्रतिव्यक्ति प्रतिवर्षको आय अमेरिकी डलरमा करिब एक हजार हुँदा जापानको झन्डै ५० हजार र स्विडेनको झन्डै ५७ हजार छ । फेरि बाजारको मुद्रास्फीतिको दर नेपालमा दक्षिण एसिया कै तुलनामा बढी छ, ६ प्रतिशत जब कि जापान र स्विडेन जस्ता विकसित राष्ट्र मा मुद्रास्थीति केवल २ प्रतिशतको हाराहारीमा छ। निम्न आर्थिक वृद्धि दर, निम्न आय र अत्यधिक मुद्रास्फीतिको चपेटोमा परेको नेपाल जस्तो देशले आफ्नो कमाउने जनसंख्यामा कमी हुँदै जाँदा र प्रौढ जनसंख्यामा वृद्धि हुँदैजादा निकै अप्ठेरोमा पर्ने देखिन्छ । तथ्यांक विभागको जनगणना प्रक्षेपण अनुसार २०७५ सालमा देशमा करिव ९ लाख ७० वर्ष नाघेका छन भने आउँदो २०६८ को जनगणनामा यो संख्या १९ लाख पुग्ने देखिन्छ । सरकार ले घोषणा गरेको रू २००० को बृद्ध भत्ताको हिसाबले हाल झन्डै २ अर्बको दायित्व छ सरकारलाई, जो २०६८ मा पुग्दा झन्डै ४ अर्ब नाघ्ने छ , दुई हजारमै राख्दा । तर सरकारले यो भत्ता बढाउनै पर्ने बाध्यता छ ।

**निष्कर्ष**

प्रौढ जनसंख्या बढ्नु र नयाँ बच्चा जन्मिने दर घट्नु नराम्रो लक्षण पक्कै होइन, यसलाई देश र समाजको परिपक्वताको लक्षण समेत मानिने गरिन्छ । तर त्यसको साथै भविष्यको योजना हुनु जरूरी छ। हरेक वर्ष हुँदै गएका यस्ता जनसंख्याको स्थिति सँग देशको आर्थिक प्रगति जोडेर हेर्नुपर्छ । तथ्यांकले नेपालमा प्रौढ र कामगर्ने उमेरकाको स्थिति विकसित देशको नजिक पुग्न लागेको देखाए पनी विकसित देशमा जस्तो प्रौढहरूका लागि सरकारी क्षेत्रले हाम्रोमा जीवनयापन र स्वास्थ्यको जिम्मेवारी लिएको छैन। अहिले सरकारले ७० वर्ष नाघेका प्रौढहरूलाई रू २००० मासिक भत्ता पाउने व्यवस्था गरेको छ, जुन प्रौढहरूको जीवनयापनको लागि पर्याप्त छैन। विदेश तिर यस्ता उमेरका जनताले निशुल्क औषधि उपचार पाउँछन, बस्ने घर या परिवार नभएकाहरूलाई प्रौढगृहको व्यवस्था गरिएको हुन्छ । त्यस्तै, निजी क्षेत्र लगायत अन्य धनाड्यहरूले पनि यस्ता काममा सरकार

या संस्थामार्फत सामाजिक जिम्मेवारी ठानी सहयोग गर्ने गर्छन । यस्ता प्रावधानको हाम्रो देशमा अभाव देखिन्छ ।

प्रौढहरूलाई समाजले हेर्ने दृष्टिकोण पनि सुधार्नु आवश्यक देखिन्छ। प्रौढताले शारीरिक क्षमतामा कमी देखाउछ तर उनीहरूसँग अनुभव र ज्ञान प्रसस्त हुन्छ। उनीहरूको यो क्षमताको समाज र देशले सदुपयोग गर्न सम्भव उपाय खोजिनु पर्छ । सरकारी या अर्धसरकारी सेवामा काम गर्ने उमेर अनुसार सेवानिबृत्त हुन्छन तर मानसिक क्षमता बाँकी हुन्छ जसलाई समाजले उपयोग गर्न सक्छ। यस्ता धेरै व्यक्तिहरू विश्वविद्यालयहरूमा आफ्ना अनुभव बाड्न सक्छन् । लेखन या पत्रकारिता आदिमा लाग्न सक्छन् । केही ब्यबसायमा सामेल हुन सक्छन् । नेपालिको औसत उमेर लगातार बढेको छ । बितेको एक दशकमा नेपालीहरू को करिब २० वर्ष उमेर बढेको देखिन्छ । तर सरकारी प्रशासनले सेवानिबृत्त हुने उमेर यथावत नै राखेको छ। यसलाई सरकारी सेवाहरू मा सेवानिबृत्त हुने उमेर सँग समायोजन गर्न सकिन्छ । अर्थात् , ५८ को ठाउमा ६० वर्षमा मात्र सेवानिबृत्त हुने। त्यसैगरी विश्वविद्यालयहरूमा पनि सेवानिबृत्तिको उमेरमा केही समायोजन गरेमा निबृत्तीभरणको सरकारी दायित्वमा केही चाप घट्ने छ।

तर मूलमा देशको आर्थिक क्षमता यो जनसंख्याको प्रौढतासँगै बढोत्तरी हुनु अत्यावश्यक छ । देशमा बेरोजगारी घट्नु पर्‍यो, जनताको आय आर्जनको क्षमता बढ्नु पर्‍यो, महंगी या मुद्रास्फीति घट्नु पर्‍यो, सामाजिक सुरक्षाको लागि निजी तथा सरकारी सेवामा अनिवार्य बचतको योजना आउनु पर्‍यो । यसको साथै देशबाट युवा पलायन हुने प्रवृत्ति रोकिनु आवश्यक छ। अन्यथा देश केवल प्रौढहरू थुप्रिने थलो र युवाहरू सबै विदेशमा आफ्नो सेवा दिने भएमा आउँदो दिन आर्थिक र सामाजिक रूपमा देशको लागि अझै भयावह हुनसक्ने देखिन्छ। त्यसैले समयमा नै यसको प्रभाव मूल्यांकन र समाधानका बाटोहरू बारे छलफल र योजना आउनु र उपयुक्त नियम कानुन बन्नु जरूरी देखिन्छ । उत्पादन गर्न सक्ने शक्ति बाहिरिने, शारीरिक क्षमता घटेकाहरू बढ्दै जाने भएमा विकासको सन्तुलन बिग्रने छ । ●●

*(लेखक वरिष्ठ पत्रकार हुनुहुन्छ ।)*

# आप्रवासी आयले धानेको अर्थतन्त्र

■ गजेन्द्र बुढाथोकी

पछिल्लो समयमा विश्वभरि नै कामदारहरूले पठाउने विप्रेषण आय (रेमिट्यान्स) लाई गरिबी निवारणको माध्यम मान्ने गरिएको छ । नेपालको हकमा विप्रेषण आयले गरिबी न्यूनीकरणमा गरेको योगदानलाई हेर्ने हो भने यस तर्कमाथि विमति राख्ने अवस्था छैन । विदेशिएका आप्रवासी कामदारले आर्जन गरेर आफ्नो मूलभूमिमा घर खर्च वा बचतका लागि पठाउने आय रकम नै विप्रेषण हो । नेपालको शोधनान्तर खातामा यसलाई 'कामदारको विप्रेषण'का रूपमा उल्लेख गरिएको छ । विगत दुई दशकदेखि विप्रेषण आय बढ्दै गएको देखिए पनि नेपाल राष्ट्र बैंकको स्थापनाकालदेखि नै शोधनान्तर खातामा 'विप्रेषण आय' शब्द उल्लेख हुनुले वैधानिकरूपमा विगतमा समेत यस्तो आय प्राप्त भइरहेको देखिन्छ ।

वास्तवमा पहिलो विश्वयुद्धपछि नेपालीहरु बेलायती गोर्खा सैनिकका रूपमा सहभागी हुन थालेयता नै नेपालमा विप्रेषण भित्रन थालेको पाइन्छ । जुन नेपाल राष्ट्र बैंकको स्थापनापछि संस्थागत भएको हो । पछि विप्रेषण आयलाई पनि 'वर्कर्स रेमिट्यान्स' र पेन्सनका रूपमा वर्गीकरण गर्न थालिएको देखिन्छ । वैधानिकरूपमा ०४४ सालपछि नेपालीलाई सीमित रूपमा विदेश जान अनुमति दिने व्यवस्था गरिएको र ०४९ सालपछि पासपोर्ट पाउने व्यवस्थामा उदारीकरण गरिएपछि बिदेशिने नेपालीको संख्या बढेको हो ।

सन् २०१८ मा विश्वभरि प्रवाह हुने रेमिट्यान्स आय बढेर ५ खर्ब २८ अर्ब अमेरिकी डलर बराबर पुगेको अनुमान छ, यो सन् २०१७ को तुलनामा १०.८ प्रतिशतले बढी हो । विश्वका ६ वटै महादेशमा रेमिट्यान्सको आप्रवाह बढेको भए पनि, युरोप र मध्य एसियामा २० प्रतिशत र दक्षिण एसियामा १४ प्रतिशतले वृद्धि भएको विश्व बैंकले उल्लेख गरेको छ ।

नेपालजस्ता विकासशील राष्ट्रहरूमा प्रवाह हुने औपचारिक विकास सहयोगभन्दा बढी विप्रेषणको अंश रहने गरेको छ । कुल गार्हस्थ्य उत्पादनको तुलनामा सर्वाधिक रेमिट्यान्स भित्र्याउने मुलुकहरूको सूचीमा नेपाल चौथो स्थानमा छ (चार्ट-१) । रकमगत आधारमा सर्वाधिक रेमिट्यान्स भित्र्याउने उत्कृष्ट १० मुलुकहरूमा

(चार्ट-१)



भारत (७९.५ अर्ब अमेरिकी डलर), चीन (६७.४ अर्ब डलर), मेक्सिको (३३.७ अर्ब डलर), फिलिपिन्स (३३.७ अर्ब डलर), इजिप्ट (२५.७ अर्ब डलर), नाइजेरिया (२५.१ अर्ब डलर), पाकिस्तान (२०.९ अर्ब डलर), युक्रेन (१६.५ अर्ब डलर), बंगलादेश (१५.९ अर्ब डलर) र भियतनाम (१५.९ अर्ब डलर) रहेका छन्) ।

विश्व बैंकका अनुसार सन् २०१८ मा नेपालले ८.२ अर्ब अमेरिकी डलरबराबरको रेमिट्यान्स भित्र्याएको छ, अर्थात् यो वर्ष नेपालले झन्डै साढे ८ खर्ब रूपैयाँबराबरको रेमिट्यान्स भित्र्याएको देखिन्छ । यो सन् २०१७ को तुलनामा झन्डै १ खर्ब रूपैयाँ बढी हो । (चार्ट-२)

विश्व बैंक र राष्ट्रिय तथ्यांकका बीचमा बेमेल देखिन्छ । केन्द्रीय तथ्यांक विभागका अनुसार हाल कुल गार्हस्थ्य उत्पादन (जीडीपी)को २५ प्रतिशत हिस्सा बराबरी विप्रेषण भित्रने गरेको छ, यो केही वर्षअघि जीडीपीको ३२ प्रतिशतसम्म पुगिसकेको थियो । विप्रेषणको आकार घटेको नभइ अर्थतन्त्रको आकार नै बढेका कारणले विप्रेषणको अनुपात घटेको जस्तो देखिएको मात्र हो ।

नेपाल राष्ट्र बैंकका अनुसार गत आर्थिक वर्ष २०७४/७५मा कुल ७ खर्ब ५५ अर्ब रूपैयाँ विप्रेषण भित्रिएको छ । यो औपचारिक अर्थात बैंकिङ्ग वा वित्तीय प्रणालीबाट भित्रने रकममात्र हो । नेपाल अनौपचारिक माध्यमबाट थप कति रकम भित्रन्छ भन्ने विषयमै विवादहरु छन् । नेपाल राष्ट्र बैंकले केही समयअघि सार्वजनिक गरेको एक अध्ययन प्रतिवेदनमा ९० प्रतिशत रकम वैध माध्यमबाट आउने गरेकोमा १० प्रतिशतमात्र अनौपचारिक माध्यमबाट भित्रने गरेको उल्लेख गरिएको छ भने विश्व बैंकसहितका विभिन्न निकायले नेपालजस्ता विकासशील राष्ट्रहरुमा कम्तिमा ३० प्रतिशत रकम अनौपचारिक माध्यमबाट भित्रने गरेको उल्लेख गरेका छन् ।

नेपालमा मुख्य विप्रेषण कम्पनी र म्यानपावर एजेन्सीहरुले पनि लभभग यही हाराहारीमा अनौपचारिक माध्यमबाट भित्रने गरेको अनुमान गरेका छन् । अनौपचारिक माध्यममा पनि दुई वटा विधि छन्, व्यक्ति-व्यक्तिले बोकेर ल्याउने र अर्को हो- हुन्डी ।

अर्थतन्त्रका आधारस्तम्भ मानिने कृषि तथा औद्योगिक क्षेत्रको योगदान कुल गार्हस्थ्य उत्पादन (जीडीपी)मा लगातार खुम्चँदै गइरहेको बेला सेवाक्षेत्रको योगदान बढाउन विप्रेषणले प्रमुख भूमिका खेलिरहेको छ ।

विदेश जाने जनशक्ति वार्षिक ५ लाख र एक नेपालीले औसत रुपमा खर्च गर्ने कम्तीमा १ लाख रूपैयाँलाई आधार मान्दा पनि कम्तिमा वार्षिक ५० अर्बदेखि १ खर्ब रूपैयाँसम्म यसका लागि चलायमान हुन्छ । यसले नेपालको भुक्तानी सन्तुलन (बीओपी)लाई सन्तुलित बनाइरहेको छ, विदेशी विनियम सञ्चितिलाई सकारात्मक बनाइरहेको छ । नेपालको बैंकिङ्ग प्रणालीलाई धानिदिएको छ ।

(चार्ट-२) **सन् २०१८ मा सर्वाधिक विप्रेषण भित्र्याउने मुलुकहरू**




स्रोत: विश्व बैंक-२०१८

**विप्रेषण प्रवाह**

| आर्थिक वर्ष | रकम, रु दश लाख | जीडीपीको प्रतिशत |
|---|---|---|
| २०५७/५८ | ४७२१६.१ | १०.७ |
| २०५८/५९ | ४७५३६.३ | १०.३ |
| २०५९/६० | ५४२०३.३ | ११.० |
| २०६०/६१ | ५८५८७.६ | १०.९ |
| २०६१/६२ | ६५५४१.२ | ११.१ |
| २०६२/६३ | ९७६८८.५ | १४.९ |
| २०६३/६४ | १००१४४.८ | १३.८ |
| २०६४/६५ | १४२६८२.७ | १७.५ |
| २०६५/६६ | २०९६९८.५ | २१.२ |
| २०६६/६७ | २३१७२५.३ | १९.४ |
| २०६७/६८ | २५३५५१.६ | १८.५ |
| २०६८/६९ | ३५९५५४.४ | २३.५ |
| २०६९/७० | ४३४५८१.७ | २५.६ |
| २०७०/७१ | ५४३२९४.१ | २७.७ |
| २०७१/७२ | ६१७२७८.८ | २९.० |
| २०७२/७३ | ६६५०६४.३ | २९.६ |
| २०७३/७४ | ६९५४५२.४ | २६.३ |
| २०७४/७५ | ७५५०५८.६ | २५.१ |

*स्रोतः नेपाल राष्ट्र बैंक*

विगत १५ वर्षमा विप्रेषण प्राप्तगर्ने परिवारहरूको अनुपात उच्चदरमा बढ्दै गएको नेपाल जीवनस्तर मापन सर्वे र जनगणनाको तथ्यांक विश्लेषणले नै देखाइसकेको छ । केहीअघि गरिएको नेपाल जीवनस्तर मापन सर्वे नतिजाअनुसार ५६ प्रतिशत घरपरिवारले विप्रेषण प्राप्त गर्ने गरेका छन्, हाल यो संख्या ६४ प्रतिशत पुगिसकेको स्वतन्त्र अर्थशास्त्रीहरूले अनुमान गरेका छन् । वैदेशिक रोजगारीमा जाने युवाहरूको बढ्दो संख्या र उनीहरूले श्रम गन्तव्यमा प्राप्त गर्ने आयमा भइरहेको वृद्धिले जुन ढंगले देशभित्र भित्रने विप्रेषणको अनुपात बढ्दै गएको छ, त्यसको तुलनामा यो आयको व्यवस्थित उपयोगका सन्दर्भमा पहल हुन नसकेकै हो । यसका पछाडि दुई कारणहरु छन् । सरकारले विप्रेषण आर्जक र तिनका परिवारलाई औपचारिक प्रणालीबाट विप्रेषण प्रवाह गर्दा र बैंकिङ्ग प्रणालीबाट कारोबार गर्दा के लाभ हुन्छ भन्ने बुझाउन अहिलेसम्म कुनै ठोस पहल नै गर्न सकेन भने त्यसपछि विप्रेषणलाई औपचारिक प्रणालीबाट भित्र्याउनका लागि प्रभावकारी नीतिगत र कानुनी व्यवस्था गर्न नसक्दा र भएका व्यवस्थासमेत पालना गराउन नसक्दा अहिले पनि झन्डै ३० प्रतिशत रकम अनौपचारिक प्रणालीबाट आउने गरेको छ ।

आर्थिक वर्ष ०५८/५९ देखि गत आर्थिक वर्षसम्म झन्डै ५५ खर्ब रूपैयाँ विप्रेषणबापत मुलुकमा भित्रिइसकेको नेपाल राष्ट्र बैंकले तथ्यांकले देखाउँछ । यो केबल औपचारिक माध्यमबाट भित्रिएको विवरण हो । सुरूका केही वर्षसम्म हुन्डीबाट कुल औपचारिक विप्रेषणको आधाजति भित्रन्थ्यो, अहिले पनि यसमा कमी आएको छैन । अनौपचारिक माध्यमबाट भित्रने विप्रेषणसमेत जोड्दा विगत दुई दशकमा करिब ७० खर्ब रूपैयाँबराबरको विप्रेषण भित्रिएको आकलन गरिएको छ । त्यो रकम चक्रीय रूपमा नेपाली अर्थतन्त्रमा नै प्रवाहित भइरहेको छ । अर्थात्, नेपालको बैंकिङ्ग क्षेत्रले यही दुई दशकमा नेपालमा भित्रिएको विप्रेषण रकमलाई नै यताउति गरेर आफ्नो औपचारिक कारोबार धानिरहेको छ । यसको अर्थ के हो भने बितेको तीन दशकमा विप्रेषणमार्फत गाउँ गाउँमा ठूलो अनुपातको नगद पुगेको छ, यसले आर्थिक क्रियाशीलता बढाएको छ, उपभोग बढाएको छ, जसका कारण समग्रमा गरिबीको अनुपात घटेको छ । प्रति परिवार आम्दानी बढेको छ । यसले देशमा आयात पनि बढाएर देशको व्यापार घाटा चुलिएको छ, बढ्दो मागले बजारमा मूल्यवृद्धि गराएको छ ।

विप्रेषण आर्जकको ८० प्रतिशतभन्दा बढी रकम अनुत्पादक ढंगले खर्च भइरहेको छ, उनीहरूसँग आयको सानो अंश पनि बचतमा छैन । यसले ती विप्रेषण आर्जक वैदेशिक रोजगारीबाट फर्केर नेपालमा आउँदा के गर्ने भन्ने विषय भविष्यमा ठूलै समस्या बन्ने देखिन्छ । विश्व बैंकका अनुसार दक्षिण एसियाबाट खाडी मुलुक (गल्फ कोअपरेसन काउन्सिल-जीसीसी मुलुकहरू) मा रोजगारीका अवसर खुम्चिएको छ, विशेषगरी साउदी अरबमा । यसको असरले भारतमा सन् २०१७ मा २५ प्रतिशत र सन् २०१८को पहिलोदेखि तेस्रो १२ प्रतिशतले विदेशिने कामदारमा कमी आएको छ, यस्तै पाकिस्तानमा सन् २०१७ मा ४१ र सन् २०१८ को जनवरीदेखि अगस्तमा २६ प्रतिशतले कमी आयो । यो अनुपात बंगलादेशमा २५ प्रतिशत रह्यो भने नेपालमा ५ प्रतिशतले कमी आयो ।

नेपालबाट विदेशिने कामदारको संख्यामा लगातार कमी आइरहेको छ । विगतमा यहाँबाट विदेशिने कामदारको अनुपात ५ लाख पुगिसकेकोमा अहिले ३ लाखको हाराहारीमा झरिसकेको छ । कतारको संकट, मलेसियाको रोजगारीमा सरकारले लगाएको प्रतिबन्धले आउँदा दिनमा यो संख्यामा अझ कमी आउने प्रक्षेपण गरिएको छ ।

सामान्यतयाः एक जना नेपाली औसतमा २ वर्षको प्रारम्भिक करारमा मध्यपूर्व तथा मध्य एसियाका देशहरूमा रोजगारीका लागि जाने गरेका छन्, तर पहिलो २ वर्ष उनीहरूले वैदेशिक रोजगारीका लागि लिएको ऋण चुक्ता गर्नमा नै खर्च हुने गरेको छ । त्यसले गर्दा पनि फेरि दोहोऱ्याएर ती नेपालीहरु वैदेशिक रोजगारीमै जानुपर्ने बाध्यता छ ।

वितेका दुई दशकमा नेपालको आर्थिक वृद्धिदर ४ प्रतिशतको हाराहारीमा घुमिरहेको भए पनि नेपालीहरूको प्रतिव्यक्ति आयमा भने यसबीचमा उल्लेख्य वृद्धि भएको देखिन्छ । सन् १९९०को दशकमा २ सय ५० अमेरिकी डलरको हाराहारीमा रहेको प्रतिव्यक्ति आय चालू आर्थिक वर्षसम्म आइपुग्दा १०१७ अमेरिकी डलर पुगेको छ । नेपालीहरूको प्रतिव्यक्ति आय खासगरी वैदेशिक रोजगारमा जाने क्रम वृद्धि भएको आव २०५८/५९ पछि वृद्धि भएको अध्ययनले देखाएको छ । आव २०५९/६० मा ५४ अर्ब रूपैयाँ बिदेशिएका कामदारहरूले नेपालमा विप्रेषण पठाएका थिए भने सो वर्ष नेपालको प्रतिव्यक्ति आय २ सय ५५ डलर थियो । आव २०६२/६३ मा आइपुग्दा विप्रेषण आय ९७ अर्ब पुग्यो भने सो वर्ष प्रतिव्यक्ति आय ३ सय ५० डलर पुग्यो । ०६४/६५ मा विप्रेषण १ खर्ब ४२ अर्ब पुगेकोमा प्रतिव्यक्ति आय पनि ४ सय ९१ डलर पुग्यो । ०६६/६७ मा आइपुग्दा वार्षिक विप्रेषण २ खर्ब ३१ अर्ब पुगेकोमा उता प्रतिव्यक्ति आयमा पनि वृद्धि भइ ६ सय १० अमेरिकी डलर पुग्यो । गत आर्थिक वर्षमा विप्रेषण रकम ७ खर्ब ५५ अर्ब पुगेकोमा यता प्रतिव्यक्ति आय पनि १०१७ डलर पुगेको देखियो।

नेपाल जीवनस्तर मापन सर्वेले नेपालका ५६ प्रतिशत परिवारले विप्रेषणको रकम प्राप्त गर्ने गरेको देखाएको छ, अझ आप्रवासनसम्बन्धी गैरसरकारी संस्थाहरूले गरेका पछिल्लो अध्ययनले हरेक चारमा एक घरबाट कम्तीमा १ जना वैदेशिक रोजगारमा गएको देखाएको छ । यसरी वैदेशिक रोजगारबाट पठाइएको आय अर्थात विप्रेषणको रकम विस्तारित हुँदै जाँदा त्यसले सहरदेखि गाउँसम्म आर्थिक गतिविधि विस्तार गराएको छ, यो नै नेपालीहरूको आय विस्तारको कारण हो ।

विप्रेषण देशको अर्थतन्त्रका लागि स्थायी आयको स्रोत हुन नसक्ने भएकाले बेलैमा विदेशी मुद्रा आर्जनका अन्य वैकल्पिक स्रोतहरूको विस्तारमा ध्यान दिनुपर्ने समय भइसकेको छ । विप्रेषणसँग जोडिएको मुख्य सबाल हो, यसको उत्पादनमूलक क्षेत्रमा प्रयोग कसरी बढाउने र विप्रेषण आर्जनकर्ताहरूको बचतको दर कसरी बढाउने । अर्थतन्त्रमा विप्रेषणको योगदान बढ्दै गएको लामो समय बितिसक्दा पनि सरकारले यसको व्यवस्थापनबारे उचित राष्ट्रिय नीति तर्जुमा गर्न नसक्नु अहिलेको विडम्बना भएको छ ।

फिलिपिन्स, मेक्सिको, चीनसहितका अत्यधिक विप्रेषण आर्जन गर्ने केही मुलुकहरूले विप्रेषणको व्यवस्थापन र अर्थतन्त्रमा त्यसको परिचालनका लागि विशिष्टीकृत नीतिहरु बनाएका छन् ।

**विप्रेषण र गरिबी निवारण**

देशको गरिबी निवारणमा विप्रेषणले नै महत्वपूर्ण योगदान दिँदै आएको नेपाल जीवनस्तर मापन सर्वेक्षणको नतिजाले देखाएको छ ।

देशभित्र गरिबीको अनुपात विगत ३ दशकमा झन्डै २२ प्रतिशत बिन्दुले घटेर २१ प्रतिशतमा कायम भएको छ । विश्व बैंकको 'मुभिङ अप द ल्याडरः पोभर्टी रिडक्सन एन्ड सोसियल मोबिलिटी इन नेपाल' प्रतिवेदनअनुसार मध्यमवर्गीय नेपालीहरूको संख्या सन् १९९५/९६ को ७ प्रतिशतबाट बढेर सन् २०१०/११ मा आइपुग्दा २२ प्रतिशत पुगेको छ, जुन् सन् २००३/४ मा १४ प्रतिशत थियो । यसैअनुसार सन् १९९६ ताकाका कुल जनसंख्याको १ प्रतिशत धनाढ्यहरूले ओगट्थे भने अहिले यो अनुपात २ प्रतिशत पुगेको छ । यसरी गरिबीको अनुपात घटाउनमा र मध्यम वर्गको संख्या बढाउनमा विप्रेषणले महत्वपूर्ण योगदान गर्दै आएको छ ।

विश्व बैंकको एक अध्ययनअनुसार नेपालमा भित्रने कुल विप्रेषणको ८१ प्रतिशत ग्रामीण क्षेत्रमा प्रवाह हुने गरेको छ । दक्षिण एसियाका अन्य मुलुकहरूको अवस्था हेर्ने हो भने श्रीलंकामा ८२ प्रतिशत, भारतमा ६७ प्रतिशत, बंगलादेशमा ६५ प्रतिशत र पाकिस्तानमा ६१ प्रतिशत रहेको छ । यो रकम नगदकै रूपमा गाउँमा पुग्छ, यसले ग्रामीण अर्थतन्त्रलाई चलायमान बनाएको छ । गाउँका हरेक चारमध्ये एक परिवारको हातमा विप्रेषण पुग्दा त्यससँगै ग्रामीण क्षेत्रमा अन्य आर्थिक गतिविधि पनि फष्टाएको छ । यो नै गरिबीको अनुपात घट्नुको मुख्य कारण हो ।

**व्यापार घाटासँग अन्तरसम्बन्ध**

देशमा विप्रेषण बढ्दै गएसँगै देशमा उपभोग उच्चदरले बढ्दै गएको र त्यसले आयातको अनुपातमा वृद्धि गर्दै लगि व्यापार घाटा पनि उच्च बनाएको छ । आर्थिक वर्ष ०५७/५८ मा व्यापार घाटा ६० अर्ब रूपैयाँबराबर रहेकोमा यो ०६२/६३ मा आइपुग्दा १ खर्ब १३ अर्ब रूपैयाँ पुग्यो भने आव ०७४/७५ मा आइपुग्दा ११ खर्ब ६१ अर्ब रूपैयाँ पुगेको छ । यसलाई विप्रेषणसँग दाँजेर हेरौं, आव ०५७/५८ मा ४७ अर्ब रूपैयाँबराबर विप्रेषण भित्रिएकोमा आव ०६२/६३ मा ९७ अर्ब रूपैयाँ पुग्यो भने गत आर्थिक वर्षमा आइपुग्दा यो बढेर ७ खर्ब ५५ अर्ब रूपैयाँ पुगेको छ । यसरी विप्रेषण र उच्च व्यापार घाटाबीच नजिकको सम्बन्ध देखिन्छ ।

विप्रेषण, प्रतिव्यक्ति आयवृद्धि र व्यापार घाटासँग जसरी अन्तरसम्बन्ध छ, ठीक त्यसरी नै मूल्यवृद्धिको पनि सम्बन्ध छ । उत्पादन कम हुँदै जाने तर उपभोग बढी हुँदै जाँदा त्यसको माग बढ्छ । जब माग बढ्छ र आपूर्ति कम हुँदै जान्छ अनि मूल्यवृद्धि हुन्छ भन्ने सामान्य अर्थशास्त्रीय सिद्धान्त छ । यसबाहेक उच्च आयातका कारण स्वदेशी मुद्राको विनिमय दरमा पर्ने प्रभावले आन्तरिक बजारलाई महँगो बनाउँछ र यसले गरिबीको रेखामुनि रहेका जनसंख्यालाई सोझै प्रभाव पार्ने गर्छ ।

**भविष्यको बाटो**

केही आर्थिक विश्लेषकहरूले नेपाल विप्रेषणको पासो (ट्र्याप) मा फँस्दै गइरहेको टिप्पणी गर्दै आएका छन् । विप्रेषणमाथि मात्रको अत्यधिक निर्भरताले देशमा डच डिजिजको जोखिम बढाउँदै लगेको छ । वैदेशिक मुद्रा आर्जनमा कुनै एक स्रोतमाथिको अत्यधिक निर्भरता रहँदा त्यो स्रोतमाथि कुनै कारणवश संकट आउनेबित्तिकै समग्र भुक्तानी सन्तुलनको अवस्था नै बिग्रने अवस्था आउनु नै डच डिजिजको संकेत हो ।

नेपालको विप्रेषण आय वैदेशिक सहायताभन्दा १० गुणा बढी र कुल निर्यात आयभन्दा अढाइ गुणा बढी भएको विश्व बैंकको प्रतिवेदनले देखाएको छ । वार्षिक विप्रेषण आय झण्डै सम्पूर्ण विदेशी मुद्रा सञ्चितिको हाराहारीमा पुगिसकेको छ ।

विप्रेषणको बढ्दो प्रवाहले नेपालको श्रमशक्ति व्यवस्थापनमा पनि महत्वपूर्ण भूमिका खेलेको छ, तर यदि विश्व बजारमा नेपाली श्रमशक्तिको माग घट्दै गयो भने त्यसको असरले गर्दा यहाँ प्राप्त हुने विप्रेषण आय त घट्ने छ नै यहाँ उत्पादन हुने वार्षिक ५ लाखजति श्रमशक्तिको व्यवस्थापन नेपालले कसरी गर्ने हो भन्ने विषयसमेत राज्यका लागि मुख्य चुनौती बन्नेछ ।

नेपालले पनि भविष्यमा विप्रेषण व्यवस्थापनका लागि बलियो नीतिगत र कानुनी व्यवस्था बनाएर अघि बढ्ने हो भने यसले देशको अर्थतन्त्र नै चलायमान पार्नमा योगदान दिनेछ । विदेशबाट प्राप्त हुने आय बढ्नु एक दृष्टिले सकारात्मक भए पनि यसरी एकल स्रोतमाथिको बढ्दो निर्भरताले नेपाललाई 'विप्रेषण ट्र्याप'मा फसाउँदै लगेको छ । यदि बेलैमा सावधान भएर विदेशी मुद्रा आर्जनको स्रोत विविधिकरण गर्ने र आन्तरिक उत्पादन क्षमता बढाउने रणनीति अख्तियार नगर्ने हो भने 'विप्रेषण ट्र्याप'मा फँस्दै गएको नेपाल त्यसका प्रतिकूल असरबाट निकट भविष्यमै गम्भीररूपमा प्रभावित नहोला भन्न सकिँदैन ।

**सन्दर्भ सामग्री**


- माइग्रेसन एन्ड रेमिट्यान्स पोलिसी ब्रिफ- द वर्ल्ड बैंक, २०१८
- मासिक आर्थिक स्थिति प्रतिवेदन, नेपाल राष्ट्र बैंक/विभिन्न अंक


*(बुढाथोकी समकालीन नेपाली अर्थतन्त्र पुस्तकका लेखक तथा आर्थिक पत्रकार हुनुहुन्छ । )*

# राजस्व परिचालनका समस्याहरू

■ सुकदेव भट्टराई खत्री

प्रत्येक वर्ष बढ्दै गएको राज्यको आर्थिक स्रोतलाई पूरा गर्न तथा दिगो समावेशी र उच्चदरको आर्थक वृद्धि हासिल गरी राष्ट्रिय अर्थतन्त्र सुदृढीकरण गर्न आन्तरिक राजस्व परिचालनको महत्वपूर्ण स्थान रहन्छ । यतिखेर आयातमा वृद्धि र डलरको भाउ बढेकोले राजस्व वृद्धि भएको अवस्था छ । मुलुकको सर्वाङ्गीण उन्नति हासिल गर्न हालको भन्दा अझ विस्तारित, दिगो र भरपर्दो करको आधार आवश्यक पर्दछ । राजस्व तथा करको क्षेत्रमा आएका नयाँ अवधारणा र विश्वव्यापीकरणले व्यापार व्यवसायमा हाम्रो पहुँचको दरकार पर्दछ । राजस्वमा संरचनात्मक समस्या, कर्मचारीमा बढ्दो अनुशासनहीनता, राजनीतिक विसंगति र निजी क्षेत्रमा फस्टाउँदो विचौलिया प्रवृत्तिले यस क्षेत्रलाई गाँजेको हुँदा राजस्व अभिवृद्धि थप चुनौतीपूर्ण बनेको छ ।

**नेपालसँग दोहोरो कर मुक्ति सम्झौता भारत, थाइल्यान्ड, श्रीलंका, अष्ट्रिया, चीन, कोरिया, कतार, नर्वे लगायत १० मुलुकसँग भए तापनि कार्यान्वयन पक्ष शुन्य हुँदा कर राजस्वमा बञ्चित हुन परेको अवस्था छ ।**

हालसम्म सरकारले करिव १७ लाख करदाता करको दायरामा ल्याएको छ । कर प्रशासनले मुलुकभित्रका साना करदातालाई करको दायराभित्र ल्याउन जोड दिएको पाइन्छ । जबसम्म मुलुकले बहुराष्ट्रिय कम्पनीहरूलाई करको दायराभित्र ल्याउन सक्दैन, आर्थिक रूपमा समृद्धि हासिल गर्न कठिनाइ हुन्छ । एनसेल जस्तो ठूला करदाताले आयकर कानुन अनुसार तिर्नुपर्ने राजस्वका सन्दर्भमा दलका शीर्ष नेताहरू मौन रहेका छन् भने सर्वोच्च अदालतमा अर्बौं अर्ब कर तिराउन परेको रिटका सन्दर्भमा लामो समयसम्म टुंगो लागेको छैन । कर रकम बढी उठाउन बहुराष्ट्रिय कम्पनीहरूलाई नै बढी ध्यान दिनु जरूरी छ । यसै सन्दर्भमा नेपालसँग दोहोरो कर मुक्ति सम्झौता भारत, थाइल्यान्ड, श्रीलंका, अष्ट्रिया, चीन, कोरिया, कतार, नर्वे लगायत १० मुलुकसँग भए तापनि कार्यान्वयन पक्ष शुन्य हुँदा कर राजस्वमा बञ्चित हुन परेको अवस्था छ । यसैगरी कर प्रशासनले ट्रान्सफर प्राइसिङ्ग गाइडलाइन कार्यान्वयनमा ल्याउन नसक्दा र बहुराष्ट्रिय कम्पनीहरूका बारेमा सूचना आदानप्रदान सम्बन्धी सम्झौता हुन नसक्दा राजस्व परिचालनमा कठिनाइ परेको छ । विदेशी कम्पनीहरू नेपालमा कारोबार संचालन गरेको ३ महिनापछि स्थायी रूपमा संचालन अनुमति लिनुपर्नेमा सो हुन नसक्दा राजस्वमा प्रभावकारिता आउन सकेको छैन ।

विदेशी मुलुकको कम्प्युटर सफ्टवेयर अनुसार नेपालमा कार्यक्षेत्र गरी संचालित कम्पनीहरूको परामर्श वापतको भुक्तानी विदेशस्थित हेड अफिसबाटै हुँदा एकाउन्ट वेसका कारणले नेपालले कर गुमाउन परिरहेको छ । उदाहारणार्थ यसमा एनसेल, स्ट्यान्डर्ड चार्टर बैंक तथा अन्य विदेशमा प्रधान कार्यालय रहेका ठूला कम्पनीहरूबाट नेपालमा हुने कारोबार पर्न आउँछ । यसैगरी होलसेल व्यवसाय गर्ने कम्पनीका प्रतिनिधिले नेपालमा काम गरे तापनि पारिश्रमिक लगायतका सुविधा सामान उत्पादन गर्ने मुलुकबाटै लिने हुँदा त्यस्तो भुक्तानीमा सरकारलाई कर प्राप्त हुन सकेको छैन । जसमा विश्वविख्यात टोयटा कम्पनी, सामसुङ्ग कम्पनी, पानी तान्ने क्रम्टन मेसिनजस्ता विदेशी सामान विक्रेताका प्रतिनिधिलाई सामान उत्पादनकर्ता मुलुकले भुक्तानी गरेको कारोबार रकम करको दायराभित्र आउन सकेको छैन । यसैगरी विदेशी संधसस्था एवं आइएनजिओमा कार्यरत विदेशी प्रतिनिधि तथा सल्लाहकारले नेपालमा बसेर काम गरी आएका तर पारिश्रमिक र सुविधा वापत भुक्तानी विदेशबाटै लिनेहरू पनि करको दायरामा ल्याउन बाँकी नै छ । कतिपय सडक सिंचाइ जस्ता ठूला आयोजनामा कार्यरत विदेशी परामर्शदाताले ठूलो मात्रामा पारिश्रमिक

र सेवा वापत भुक्तानी लिँदा दातृ सस्थाको ऋण तथा अनुदान सम्झौतामा कर छुट पाउने बारेमा उल्लेख नहुँदा पनि नेपाल सरकारलाई कर बुझाएको पाइँदैन ।

सरकारले समय समयमा नीति परिवर्तन गर्दा पनि राजस्व गुम्न गएको पाइन्छ । उदाहारणार्थ संचार क्षेत्रको नीतिका कारण प्रशारण शुल्क, फ्रिक्वेन्सी दस्तुर, दुरसंचार रोयल्टी र सोमा लाग्ने जरिवाना लगायतका शुल्कहरू राजस्वका रूपमा प्राप्त गर्नुपर्ने भनी वर्षेनी महालेखाको प्रतिवेदनले उल्लेख गरेकोमा अझै पनि अन्यौलको स्थिति छ । जसमध्ये ठूला २ कम्पनी एनसेल र टेलिकमलाई मात्र लिने हो भने पनि यिनको शुरू स्थापना हूँदा १० वर्षका लागि इजाजत अनुमति दिइएको र पुनः नवीकरण गर्दा प्रत्येकले २० अर्ब रूपैयाँ शुल्क तिर्नुपर्ने हुन्छ । विगतमा यस्तो शुल्क बुझाउँदा तत्कालिन संचार मन्त्रीको सिफारिसमा मन्त्रिपरिषद्ले २०६९ असोज १४ मा कानुनी व्यवस्था अनुरूप कम्पनीलाई एकमुष्ट नवीकरण शुल्क नबुझाई सो विपरित ८ किस्तामा बुझाउने सुविधा दियो । अब पुनः निकट भविष्यका दुवै कम्पनी नवीकरण गर्नुपर्ने भएको छ । यसमा सरकारले कुनै मोलाहिजा नगरी शुल्कहरू कानुन अनूसार नै उठाउने हो भने ठूलो मात्रामा राजस्व प्राप्त हुनेछ ।

बहुराष्ट्रियस्तरका कम्पनी हुन् वा विदेशी परामर्शदाता तथा व्यापारिक प्रतिनिधि सबैलाई वर्तमान आयकर कानुनले समेटेको छ । तर यति हुँदाहुँदै पनि कतिपय करको दायराभित्र आएका छैनन् । आयकर कानुनले बहुराष्ट्रिय स्तरका कारोबार गर्नेहरूले लभांशमा कर र किनबेचमा पुँजीगत लाभकर लगाउने व्यवस्था गरेको छ । साथै गैरवासिन्दाको नेपालमा रहेको विदेशी स्थायी संस्थापन, ९० दिनभन्दा बढी व्यक्तिमार्फत परामर्श सेवा प्रदान गरेको, नेपालमा संचालित क्रियाकलाप सम्बन्धमा गरिएका भुक्तानी, करमुक्ति योजनाको प्रबन्ध, पुन चारित्रीकरण गर्ने प्रावधान, निसर्गबाट प्राप्त हुने लाभ जस्ता विभिन्न प्रावधानले पुँजीगत लाभकर लगाउने पर्याप्त आधार वर्तमान आयकर कानुनले नै गरेको छ ।

अघिल्लो वर्ष एनसेल कम्पनीको पुँजीगत लाभकर यथासमयमै कर निर्धारण गर्नु पर्नेमा सो नगरी कर प्रशासकबाटै यो अफसोर कारोबार भएकोले लाभकर लगाउन मिल्दैन भनी लभिङ्ग गरेको, संसदीय समितिहरूबीच हानथाप भएको, पूर्व प्रशासकहरू करका बारेमा स्पष्ट हुन नसकेको, विज्ञ टोलीले राय निर्धारित समयमा नबुझाएको र सोही अवस्थामा तत्कालीन मन्त्रिपरिषद्बाट पनि कर नलगाउने गरी निर्णय गर्न प्रस्ताव समेत गरियो । महालेखा परीक्षकको कार्यालयले यसमा गम्भीरतापूर्वक लिई आयकर कानुन बमोजिम पुँजीगत लाभकर लगाउने गरी बेरूजु कायम भयो । यो विषय सार्वजनिक भएपछि मन्त्रिपरिषद्ले पूर्व निर्णय उल्टायो । पछि यस पंक्तिकारबाटै सो विषयलाई महालेखाको वार्षिक प्रतिवेदनमा समावेश गरी राष्ट्रपतिसमक्ष प्रस्तुत गरियो र यसमा २३ अर्ब ५६ करोड राज्यकोषमा दाखिला भएको छ र व्याज, जरिवाना र शुल्क सबै गरेर यतिखेर कर रकम ७० अर्ब रूपैयाँ नाघिसकेको अवस्था छ । यस बारेमा हाल सर्वोच्च अदालतमा मुद्दामा रहेको र पेशी मुद्दा करिब १० महिनादेखि लम्बिरहेको छ भने अर्कोतर्फ मलेप प्रतिवेदन, २०७३ संसदीय समितिमा अझै छलफल हुन बाँकी नै छ । सर्वोच्च अदालतले नै लाभांश रकम विदेश लैजान नपाएकोले कम्पनीलाई अपुरणीय क्षति पुगेको भनी लाभांश लग्न पाउनेगरी अघिल्लो वर्ष आदेश गरेकोले एनसेलले ठूलो रकम २३ अर्ब विदेशिएको छ । साथै अन्तरिम आदेशबाट ६१ अर्ब राजस्व प्रभावित भएको कुरा अघिल्लो वर्षदेखि सार्वजनिक हुँदै आएको छ । हालै अर्थ मन्त्रालयले यतिखेर ढिलै भए तापनि सम्पूर्ण एनसेल कर असुलीका लागि सम्पत्ति र दायित्व वा डीडीएको लेखापरीक्षण गर्न परामर्शदाता कम्पनी छनौटको क्रममा रहेको छ । सरकारले सुरूमा यसबारेमा स्पष्ट हुन नसक्दा नै यो समस्या पैदा भएको छ । अत राजस्व परिचालन गर्ने बारेमा कार्यकारी, व्यवस्थापिका र न्यायपालिका कुनै निकाय पनि राज्यप्रति संवेदनशील हुन सकेको देखिँदैन ।

संसद्को अर्थ समितिले २०७४ श्रावण महिनामा कर फछ्र्यौट आयोग ऐन, २०३३ तत्काल खारेज गर्ने तथा उक्त ऐन खारेजी प्रक्रिया अगाडि बढाउन र सोको जानकारी अर्थ समितिलाई दिन नेपाल सरकारलाई निर्देशन दिने भनी निर्णय भएको थियो । हाल लामो समय हुँदा समेत यस कामको कुनै प्रगति देखिएको छैन । कर फछ्र्योट आयोगको कामकारवाही वर्तमान आयकर ऐन, २०५८ लागु भएपछि नियमसंगत नभएको भनी अघिल्लो वर्ष महालेखाले राष्ट्रपतिसमक्ष पेश गरेको प्रतिवेदनमा विस्तृत तबरमा उल्लेख गरेको थियो । वर्तमान आयकर कानुनले करदातालाई विगतको आयकर ऐन, २०३१ जस्तो कर कार्यालयले कर निर्धारण नगरी स्वयं कर निर्धारण गर्ने अधिकार करदातालाई नै दिएको छ । यसैगरी हालको आयकर कानुनमा प्रशासकीय पुनरावलोकनको व्यवस्था, राजस्व न्यायाधीकरणमा पुनरावलोकन गर्न पाउने, यसपछि सर्वोच्च अदालतसम्म जान पाउने व्यवस्था छ । यसर्थ चार दशक पुरानो आयकर कानुनको परिवेशमा रहेको आयोगको कुनै औचित्य रहँदैन । यसैगरी व्यवसायीको सुविधाका लागि राजस्व छुट दिन प्रत्येक वर्षको बजेट

वक्तव्यको क्रममा संसदमा पेश हुने आर्थिक विधेयकले समेत आवश्यक राजस्व दस्तुर र शुल्क मिन्हा गर्न सक्ने व्यवस्था गरकै छ । यसरी व्यवसायी तथा करदातालाई चित्त नबुझ्दा कानुनी उपचार पाउने पर्याप्त व्यवस्था गरेको छ । विगतमा १२ वटा कर फछ्र्यौट आयोग गठन गरी सरकारी अधिकारीबाटै राजस्व चुहावटलाई मद्दत पुगेको छ ।

राजस्व सम्बन्धी बेरूजु रकम प्रत्येक वर्ष बढ्दो मात्रामा छ । तर यस सम्बन्धी असुल उपर तथा फछ्र्यौट गर्ने कामकारवाहीमा निकै शिथिलता रहने गरेको छ । यस्त बेरूजु असुल उपरमा संसदको सार्वजनिक लेखा समितिको ठूलो भूमिका हुने गर्दछ । तर समितिको पूर्ण वैठकमा बेरूजुले महत्व नपाई केवल उपसमितिमा मात्र छलफल गर्ने प्रचलन रहेकोले विषयवस्तुको गाम्भीर्यता रहने गरेको छैन । विगतमा कर तथा भन्सारका ठूला असुल उपर गर्नु पर्ने रकम कलम पनि उपसमितिका छलफल क्रममा सुधार गर्ने, केही गर्नु नपर्ने, कार्ययोजना वनाउने, ३ महिनाभित्र टुंगो लगाई सम्परीक्षण गर्ने जस्ता निर्णय भएको पाइन्छ । यस्ता निर्णयले राजस्व असुलीमा प्रभावकारिता हुन सकेन । उपसमितिबाट केही निर्णय भए तापनि त्यस उपर के कस्तो कारवाही भयो भनी अनुगमन हुन नसक्दा समितिको काम कारवाही नै छायाँमा परेकोछ । विगतमा कतिपय अवस्थामा  असुल गर्नुपर्ने तथा कर कट्टी नगरेको दफा समेत मिन्हा दिएको पाइन्छ । तर यसरी मिन्हा दिने अधिकार समितिलाई नभई केवल मन्त्रिपरिषद्लाई मात्र रहेको छ ।

राजस्व चुहावट नियन्त्रण गर्न विगतको जस्तो मुलुकभित्रका करदातालाई करको दायरामा मात्र ल्याएर हुँदैन । कौटिल्यको अर्थशास्त्रमा कर संकलन शासनको आनन्दकालागि नभई राज्यको हितमा माहुरीले रस संकलन गरेझै गर्नुपर्ने र यदि कसैले लुकीछिपी कर छलेमा त्यस्तालाई ८ गुणा बढी शुल्क लगाउनुपर्ने उल्लेख छ । विगतमा सम्पूर्ण राजस्व परिचालन गर्ने सिंगो राजस्व प्रशासन, सार्वभौम संसद, वित्तीय नियमनकारी निकाय, न्यायपालिकाका पदाधिकारीबाट जुन भूमिका निर्वाह गर्नुपर्ने थियो सो पटक्कै हुन नसकेकोले सो क्रियाकलापको आत्मसमीक्षा गर्दै अब राज्यको हितमा काम गर्नुपर्ने समय आएको छ । ●●

*(लेखक पूर्व कार्यवाहक महालेखापरीक्षक हुनुहुन्छ ।)*

# कृषिको पुनरुत्थानमा व्यावहारिक विमर्श आवश्यक

■ रत्न प्रजापति

नेपालको कृषि दिनप्रतिदिन खस्किँदो अवस्थामा छ । एकातिर कृषिमा युवा आकर्षण कम हुँदै जानु र अर्कोतिर कृषिमा विद्यमान विभिन्न समस्याले कृषिको अवस्था खस्किँदै गएको हो । जमिन बाँझो छोड्ने प्रवृत्तिमा बढोत्तरी, कृषिमा कम मेहेनत, सिँचाइ, मल तथा बिउबिजनको अभाव आदि कारणले कृषि उत्पादन घटिरहेको छ । जमिनमा किसानको कम स्वामित्व, व्यावसायिकताको कमी, आवश्यक लगानीको अभाव आदि कारणले कृषि पेशा जीवन निर्वाहमा मात्रै सीमित भएको छ । कृषिबाट जीवन निर्वाह पनि कठिन हुँदै गएपछि जमिन बाँझै छोडेर अन्य पेशातर्फ विस्थापित हुने क्रम पनि पछिल्लो समय ह्वात्तै बढेको छ । कृषि उत्पादनको लागत बढ्नु र सोअनुरूप मूल्य नपाउनु, वास्तविक किसानले भन्दा बिचौलियाले बढी लाभ लिनु, सरकारी नीति, योजना र कार्यक्रमले वास्तविक किसानलाई हित गर्न नसक्नु आदि कारणले कृषिप्रतिको लगावमा कमी आएको छ र राष्ट्रिय अर्थतन्त्रमा कृषिको योगदान क्रमशः घटिरहेको छ । यस्तो अवस्थामा कृषिको पुनरूत्थान गर्ने उपाय पत्ता लगाउन बौद्धिकभन्दा व्यवहारिक विमर्शको आवश्यकता देखिएको छ ।

**कृषिसँग जमिन, नदी र सिँचाइको सम्बन्ध**

कृषिको कुरा गर्दा जमिन र नदीबीचको अन्योन्याश्रित सम्बन्धलाई हेर्नु जरूरी हुन्छ । जमिनका लागि नदी अपरिहार्य छ भने नदीका लागि पनि जमिन अपरिहार्य छ । आकाशबाट परेको पानी जमिन हुँदै नदीसम्म पुग्छ र नदीको आकार र बहावले पूर्णता पाउँछ । अनि त्यही नदीको पानी कुलो हुँदै जमिनसम्म पुग्छ र जमिन सिँचित हुन्छ । यसरी सिँचित भएको जमिनबाट गुणस्तरीय अन्न उत्पादन हुन्छ । यस अर्थमा जमिन र नदीबीच अन्योन्याश्रित सम्बन्ध भएजस्तै कृषि र सिँचाइबीच पनि उस्तै सम्बन्ध रहेको मान्न कर लाग्छ । किनभने कृषिका लागि सिँचाइ अपरिहार्य छ । पर्याप्त सिँचाइ सुविधा भए मात्रै कृषि उत्पादन वृद्धि सम्भव हुन्छ ।

हाम्रो देशमा प्रकृतिले नै जमिन र नदी अनि कृषि र सिँचाइको सम्बन्धलाई व्यवस्थित गरिदिएको छ । हाम्रा लागि यो प्रकृतिको वरदान नै हो । काठमाडौं उपत्यकालाई मात्रै हेर्ने हो भने पनि जमिन र नदी अथवा कृषि र सिँचाइबीचको प्राकृतिक सम्बन्ध छर्लंग देख्न सकिन्छ । काठमाडौं उपत्यकाका सहर आसपास जहाँ प्रशस्त खेतीयोग्य जमिन छन्, त्यहींबाट नदी बगेका छन् । हाम्रा पुर्खाले तिनै नदीबाट कुलो बनाई जमिनसम्म पानी पुऱ्याएर सिँचाइको व्यवस्था गर्दै आएका हुन् र आफ्ना लागि पर्याप्त अन्न उत्पादन गर्दै आएका हुन् । कालान्तरमा जनसंख्या बढ्दै गयो । खाने मुख बढ्दै गयो र बस्नका लागि बासको आवश्यकता पनि बढ्दै गयो । एउटा घरले पुगेन । दुइटा वा तीनवटा घर चाहिने भयो । सानो घरले पुगेन । ठूलो घर चाहिने भयो । अनि घर बनाउनलाई त्यही उब्जाउ जमिन प्रयोग गर्न थालियो । यतिमात्रै होइन, व्यावसायिक दृष्टिकोणले आवास निर्माणका लागि पनि तिनै नदी छेउछाउका उब्जाउ जमिन प्रयोग गर्न थालियो । परिणामतः अन्न फल्ने खेतहरूमा घर फल्न थाले । सहर वरपरका फाँटहरू घरैघरले भरिए ।

**हाम्रो देशमा प्रकृतिले नै जमिन र नदी अनि कृषि र सिँचाइको सम्बन्धलाई व्यवस्थित गरिदिएको छ । हाम्रा लागि यो प्रकृतिको वरदान नै हो ।**

जमिन र नदी तथा खोलानालालाई आवास, कृषि र खानीका लागि छुट्टाछुट्टै क्षेत्रको रूपमा व्यवस्थापन गर्नुपर्नेमा जथाभावी आवास योजना र बालुवाखानी सञ्चालन गरेर जमिन र नदी दुवैको दोहन गर्ने प्रवृत्ति बढ्यो । उब्जाउ जमिन घरले भरिन थाले । नदीलाई अतिक्रमण गरेर पनि घरहरू बने । अत्यधिक दोहन र अतिक्रमणको चपेटामा परेर नदी र खोलो कुलोमा परिणत भए । त्यही नदी र खोलोमा पनि पानीको सट्टा ढल बग्न थाले । यसरी सहरको सौन्दर्य मासियो भने नदी र खोलाहरूको अस्तित्व पनि संकटमा पर्‍यो । हामीले प्रकृतिले नै दिएको वरदानलाई पनि बचाइराख्न सकेनौं । अनि आफ्नै उत्पादन पर्याप्त हुने सहरमा खाद्यान्नको माग बढ्यो र बढेको मागलाई पूर्ति गर्न खाद्यान्नको आयात बढ्यो । अनि तीसको दशकसम्म खाद्यान्न निर्यात गर्ने मुलुक अहिले ठूलो परिमाणमा खाद्यान्न आयात गर्ने मुलुक बन्यो । भन्सार विभागको प्रारम्भिक तथ्यांकअनुसार आर्थिक वर्ष २०७४/७५ मा मात्रै हामीले रू. ४४ अर्ब ५२ करोडको खाद्यान्न आयात गर्‍यौं भने रू. २२ अर्ब ६७ करोडको तरकारीजन्य वस्तु आयात गर्‍यौं । समग्रमा रू. २ खर्ब २ अर्ब १६ करोडको कृषिजन्य वस्तु आयात गर्‍यौं । कृषिप्रधान मुलुकका लागि यो लज्जाजनक स्थिति हो । नेपालबाट आर्थिक वर्ष २०३५/३६ मा रू. २४ करोड ३८ लाख ६३ हजारको चामल निर्यात भएको तथ्यांक सम्भिने हो भने अहिलेको खाद्यान्न आयातको तथ्यांक कहालीलाग्दो छ र चिन्ताजनक छ ।

कृषि र सिँचाइबीचको सम्बन्धलाई कायम गर्न नसक्दा अहिले कृषि उत्पादनमाथि चुनौती थपिएको छ । सिँचाइका लागि पर्याप्त नदी र खोलानाला हुँदाहुँदै पनि कृषिका लागि सिँचाइ अपरिहार्य छ भन्ने कुरामा राज्य गम्भीर नबन्दा र सिँचाइका पर्याप्त परियोजनाहरू सञ्चालन हुन नसक्दा देशको कुल खेतीयोग्य जमिनमध्ये २५ प्रतिशतमा मात्रै बाह्रै महिना सिँचाइको सुविधा पुग्न सकेको छ । अन्य ठाउँमा अझै पनि इन्द्रदेउताकै कृपामा खेती गर्नुपर्ने बाध्यता छ । सिँचाइका ठूला परियोजनाहरू सरकारी कर्मचारी र नेता तथा कार्यकर्ताको कमाइखाने भाँडो बनेका छन् । कृषि र किसानको समस्याप्रति कसैलाई चासो छैन । कृषिबाट समृद्धिको सपना देख्ने र त्यस्तो सपना बाँड्नेहरूले नै कृषिलाई उपेक्षा गर्दै आएका छन् ।

**भूस्वामित्व**

कृषिको विकासमा भूस्वामित्वले अहम् भूमिका खेल्दछ । कृषिमा व्यावसायिकताको कुरा गर्दा भूस्वामित्वले गहन अर्थ राख्छ । जमिन जोत्ने किसानको स्वामित्वमा जमिन नै नहुने र प्रशस्त जमिनमा स्वामित्व हुनेले जमिन नै नजोत्ने अथवा आफ्नो जमिन नै नचिन्ने अवस्थाले कृषिको उत्पादकत्व वृद्धि हुनसक्दैन । तर विडम्बना नै भन्नुपर्छ, अहिले नेपालमा जसले जमिन जोत्न पसिना बगाउँछ, उसको त्यो जमिनमा स्वामित्व नै छैन । अनि जसको स्वामित्वमा धेरै जमिन छ, उसले आफ्नो जमिन नै चिन्दैन । पछिल्लो पटक जारी गरिएको २० वर्षे 'कृषि विकास रणनीति २०१५-२०३५' मा उल्लेख गरिएअनुसार अहिले प्रतिपरिवार कृषिभूमि ०.६ हेक्टर मात्रै रहेको छ भने ०.५ हेक्टरभन्दा कम जमिनमा खेती गर्ने किसानहरू ५१.१ प्रतिशत रहेका छन् । वर्षौंअघि नै बिर्ताप्रथाको अन्त्य भए पनि अझै पनि जीवित रहेको आभास हुन्छ । २०५४ सालमा जमिनमाथिको द्वैध स्वामित्व अन्त्य गर्ने कानुन आए पनि मोहियानी समस्या अहिले पनि ज्युँकात्युँ नै छ । जमिन जोत्ने अधिकांश किसानको आफ्नो स्वामित्वमा कम जमिन छ अथवा जमिन नै छैन । २०५४ सालमा जमिनमाथिको द्वैध स्वामित्व अन्त्य गर्ने कानुन आए पनि मोहियानी समस्या अझै पनि ज्युँकात्युँ नै छ । जमिनमाथिको द्वैध स्वामित्वको अन्त्य गरी किसान स्वयंलाई जमिनको मालिक बनाउनसके किसानहरूमा जमिनप्रति अपनत्व बढ्ने र थप मेहनतका लागि हौसला बढ्ने निश्चित छ । यो हौसलाले कृषि उत्पादनमा वृद्धि गरी कुल गार्हस्थ्य उत्पादनमा कृषिको योगदान वृद्धि गर्न र अन्ततः कृषिबाटै आर्थिक समृद्धि हासिल गर्नमा मद्दत पुग्नेछ । सहरीकरण र जग्गा प्लटिङले खेतीयोग्य जमिन मासिँदै गरेको अवस्थामा खेतीयोग्य जमिन बचाउन भूउपयोग नीति २०७२ पूर्णरूपमा कार्यान्वयन गर्नु पनि उत्तिकै आवश्यक छ ।

हाल कृषियोग्य भूमिको गैरकृषि प्रयोजनमा प्रयोग बढेको छ । यसैगरी ठूलो परिमाणमा कृषियोग्य भूमि बाँझो रहने गरेको छ भने अनियन्त्रित खण्डकीरण पनि बढ्दै गएको छ । यसले गर्दा कृषि उत्पादन र उत्पादकत्वमा ह्रास आउँदा खाद्य सुरक्षामा समेत प्रतिकूल प्रभाव परेको छ । नेपालको कुल खेतीयोग्य जमिन ४१ लाख २१ हजार हेक्टरमध्ये हाल ३० लाख ९१ हजार हेक्टरमा मात्रै खेती हुँदै आएको छ । हाल खेती भइरहेको जमिनमा पनि विभिन्न कारणले बाँझो छोड्ने प्रवृत्ति बढेको छ । करिब २० देखि २५ प्रतिशत खेतीयोग्य जमिन बाँझो रहेको अनुमान छ । अतः जमिनको संरक्षण र उचित वितरण गरी कृषि उत्पादन र उत्पादकत्वलाई कायम राख्न आवश्यकताअनुसार भूमिको वर्गीकरण गर्नु पनि आवश्यक छ । भूउपयोग नीति २०७२ मा उल्लेख गरिएझैं कृषि क्षेत्र,

आवासीय क्षेत्र, व्यावसायिक क्षेत्र, औद्योगिक क्षेत्र, खानी तथा खनिज क्षेत्र आदिमा भूमिलाई वर्गीकरण गरी त्यसको अधिकतम उपयोग गर्ने हो भने जमिनको संरक्षण हुनुका साथै कृषि उत्पादन र उत्पादकमा सकारात्मक वृद्धि हुने अपेक्षा गर्न सकिन्छ ।

**कृषि उत्पादनको मूल्य निर्धारण र बजारीकरण**

कृषि उत्पादनको मूल्यनिर्धारण र बजारीकरण सहज नहुँदा किसान मर्कामा पर्दै आएका छन् । मूल्यनिर्धारणमा किसानको सहभागिता नहुने र बजार व्यवस्थापनको अभावले बिचौलियाले किसानलाई ठग्ने प्रवृत्तिले गर्दा किसानले आफ्नो लागतमूल्य पनि पाउन सकेका छैनन् । फलतः कृषिमा लगानी प्रवर्द्धनले प्रोत्साहन पाउने सकेको छैन ।

हामीकहाँ प्रशस्त उत्पादन हुँदै आएको चियाको हरियो पत्ति र अदुवा हामी बिनाप्रशोधन सस्तो मूल्यमा निर्यात गर्छौं । अनि त्यही प्रशोधित चिया र अदुवा महँगोमा आयात गर्छौं । तराईका उखु किसान हरेक वर्ष उखुको उचित मूल्य नपाएर तड्पिन्छन् र छटपटिन्छन् । सरकारले त्यसको केही वास्ता गर्दैन । किसानले दुख गरीगरी धान उत्पादन गर्छन् । सरकारले त्यसको समर्थन मूल्य तोक्न विलम्ब गर्छ । अनि बिचौलियाले सस्तोमा त्यो धान उठाउँछ र किसान मर्कामा पर्छन् । हामी वर्षमा अर्बौंको धूलो दूध आयात गर्छौं । तर यहीं उत्पादन भएको दूध नबिकेर 'मिल्क होलिडे' मनाउन बाध्य छन् किसानहरू । सरकारले त्यही दूधबाट धूलो दूध बनाउने र किसानलाई लाभान्वित गर्ने योजना अघि सार्न सक्दैन । सिजनमा प्रशस्त गोलभैँडा फल्छ । त्यही गोलभैँडा सहरबजारसम्म पुऱ्याउने माध्यम नहुँदा खेतबारीमै कुहाउन बाध्य छन् किसानहरू । हुम्लाजुम्लामा प्रशस्त स्याउ फल्छन् । तर बजारसम्मको पहुँच नहुँदा गाईभैंसीलाई खुवाउनुपर्ने अवस्था छ । थुप्रै श्रम र लगानी गरी ठूलो परिमाण उत्पादन गरेको वस्तु त्यसरी खेर फाल्नुपर्दा किसानलाई कति मर्का परेको छ भन्ने कुरामा सरकारलाई वास्ता छैन ।

सरकार कृषिबाट आर्थिक समृद्धिको सपना देख्छ र करोडौं खर्च गरेर विदेशी परामर्शदाता ल्याएर कृषि विकास रणनीति बनाउँछ । अंग्रेजीमा लेखिएको त्यस्तो रणनीतिको दस्तावेज न किसानले बुझ्छन्, न त्यस्तो रणनीतिले किसानको समस्यालाई सम्बोधन गर्छ । न त त्यसले किसानको हित नै गर्छ । सरकार त्यस्तै नचाहिने आडम्बरमा करोडौं खर्च गर्न तम्तयार छ, तर वास्तविक किसानको समस्या पहिचान गर्न र त्यसको समाधान गर्न उदासीन छ । कृषि र किसानको पछौटेपनको मुख्य कारण यही आडम्बर र यही उदासीनता नै हो । कृषिमा युवा आकर्षण बढाउन र किसानलाई लाभान्वित तुल्याउन कृषि उत्पादनको उचित मूल्यनिर्धारण र बजारीकरणमा राज्यले सहयोग गर्नुपर्छ ।

**कृषिको श्रम उत्पादकत्व**

सरकारले पछिल्लो पटक लागु गरेको २० वर्षे 'कृषि विकास रणनीति २०१५-२०३५' मा उल्लेख गरिएअनुसार नेपालको कृषि न्यून विकासको चरणमा छ । कृषिले श्रमशक्तिको ठूलो हिस्सा ग्रहण गर्दै आएको छ । रणनीतिमा उल्लेख गरिएअनुसार ६१.० प्रतिशत कृषिमा स्वरोजगार छन् भने ३.० प्रतिशत ज्यालामा काम गर्छन् । तर बाँकी अर्थतन्त्रको तुलनामा यो श्रमशक्तिको उत्पादकत्व निकै कम छ । नेपालको कृषिक्षेत्रको श्रम उत्पादकत्व ७९४ अमेरिकी डलर रहेको अनुमान गरिएको छ भने गैरकृषिक्षेत्रको श्रम उत्पादकत्व ३,६७० अमेरिकी डलर रहेको अनुमान गरिएको छ । यही आँकडाबाट पनि कृषिको पछौटेपन प्रस्ट हुन्छ । कृषिको श्रम उत्पादकत्व न्यून भएकै कारण अधिकांश युवा जनशक्ति विदेशमा रोजगारी खोज्न उत्प्रेरित हुँदै आएका छन् । अहिले पनि दैनिक १,५०० सय देखि २,००० को संख्यामा नेपाली युवा रोजगारीको खोजीमा विदेशिइरहेका छन् ।

**कृषि नीति, योजना र कार्यक्रम**

हरेक वर्ष सरकारी नीति तथा कार्यक्रम पारित हुन्छ । कृषि नै अर्थतन्त्रको मेरूदण्डको रूपमा रहेको भन्दै कृषिबाटै आर्थिक समृद्धिको सम्भावना रहेको उल्लेख गरिन्छ । यसका लागि निर्वाहमुखी कृषिलाई रूपान्तरण गरी कृषिमा आधुनिकीकरण, व्यावसायीकरण र यान्त्रिकीकरणको आवश्यकता रहेको औंल्याइन्छ । तर कृषिलाई आधुनिकीकरण, व्यावसायिकरण र यान्त्रिकीकरणका लागि आवश्यक नीति, योजना र कार्यक्रम बनाउने अनि त्यसका लागि आवश्यक बजेट विनियोजन गर्ने कुरामा भने राज्यले कन्जुस्याइँ गर्छ । खेतीका बेला रासायनिक मल र बीउ नपाएर भौँतारिएका किसानको पीडा र वेदनालाई राज्यले बेवास्ता गर्छ । बरू त्यही मल र बीउका लागि कृषि सामग्री कम्पनीका बिक्री केन्द्रको प्रांगणमा लामबद्ध किसानलाई भीड नियन्त्रणको निहुँमा लाठी बर्साउन राज्य उद्यत हुन्छ । यस्तो कार्यशैलीले कसरी हुन्छ कृषिको विकास ? अनि कसरी हुन्छ कृषिबाट आर्थिक समृद्धि ? कृषिबाट विमुख लाखौं युवालाई पुनः कृषिमा आकर्षित गरी कृषिको पुनरूत्थान गर्न नसकिएसम्म कृषिबाट आर्थिक समृद्धि सम्भव हुनै सक्दैन ।

कृषि र किसानका नाउँमा धेरै योजनाहरू नबनेका पनि होइनन् । विगतमा २० वर्षे दीर्घकालीन कृषि योजनादेखि हालको २० वर्षे कृषि विकास रणनीति पनि बनेको छ । राष्ट्रिय कृषि नीति २०६१ पनि बनेको छ । खेतीयोग्य बाँझो जग्गालाई उपयोग गर्ने सम्बन्धी कार्यविधि २०७२ पनि बनेको छ । विदेशी दाताहरूबाट कृषि र किसानको विकासका लागि भन्दै ठूलो परिमाणमा आर्थिक सहयोग नआएको पनि होइन । देशीविदेशी गैरसरकारी संघसंस्थाहरू कृषि र किसानको हित गर्न भन्दै गाउँगाउँ नपसेका पनि होइनन् । बर्सेनि कृषि र किसानको नाउँमा करोडौं बजेट विनियोजन नभएको पनि होइन । हरेक वर्ष कुल बजेटको सरदर ३ प्रतिशतको हाराहारीमा कृषिमा बजेट विनियोजन पनि नभएको होइन । मौद्रिक नीतिले नै वाणिज्य बैंकहरूको कुल लगानीको २० प्रतिशत कृषिमा लगानी गर्नुपर्ने प्रावधान पनि नबनाइएको होइन । वर्षैपिच्छे कृषिसम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका गोष्ठी र सेमिनारहरू पनि नभएका होइनन् । तैपनि नेपालको कृषि र किसानको अवस्था किन माथि उठ्नुको सट्टा झन्झन् गिर्दै गइरहेछ ? अहिलेको ज्वलन्त प्रश्न यही नै हो ।

**कृषिमा पछौटेपनका कारण**

विभिन्न प्रयासको बाबजुद पनि कृषिमा पछौटेपन विद्यमान रहनुको कारण यसरी पहिल्याउन सकिन्छ - सरकारको नीति, योजना र कार्यक्रम कागजमै मात्र सीमित भयो । विदेशी दाताले दिएको सहयोग परामर्श र सरकारी पदाधिकारीको विदेश भ्रमणमै सकियो । विनियोजित सरकारी बजेट पनि रकमान्तर गर्दै अन्य शीर्षकमा खर्च गरेर सकियो । सरकारले निर्देशित गरेको कृषिमा अनिवार्य लगानीको प्रावधानलाई धेरै वाणिज्य बैंकहरूले पालना गरेनन् वा पालना गर्ने वातावरण नै बनेन । कृषिसम्बन्धी गोष्ठी र सेमिनारमा कृषि पढेका विज्ञहरूकै मात्र सहभागिता हुँदै आयो । कृषि कर्म गरेर अनुभव हासिल गरेका किसानहरूले सहभागिता जनाउने र आफ्नो अनुभव पोख्ने अवसर नै पाएनन् । देशीविदेशी गैरसरकारी संघसंस्थाहरूले स्थानीय, सीप, प्रविधि र बीउबिजनलाई निखार्दै र तिखार्दै त्यसैको प्रयोग गर्नुको सट्टा आयातित विकासे सीप, प्रविधि र बीउबिजनको प्रयोगमा किसानहरूलाई बाध्य पारे । जसले स्थानीय सीप र प्रविधिलाई निकम्मा सावित गर्‍यो र स्थानीय बीउबिजनलाई विस्थापित गर्‍यो । तर किसानहरूले न पूर्णरूपमा आधुनिक प्रविधि प्रयोग गर्नसके, न त पूर्णरूपमा आफ्नै प्रविधिको प्रयोग गर्न सके । यस्तो वर्णशंकर प्रविधिले गर्दा कृषि उत्पादन घरको न घाटको स्थितिमा पुग्यो । त्यस्तै स्थानीय वातावरणको प्रतिकूलतासँग जुझ्न नसक्ने विदेशी हावापानीमा परीक्षण गरिएका बीउबिजनले सोचेअनुसारको उत्पादन पनि दिन सकेन । यस्तो स्थितिले गर्दा स्थानीय सीप र प्रविधि मात्रै लोप हुने स्थितिमा पुगेन, स्थानीय जातका गुणस्तरीय बीउबिजन पनि लोप हुने स्थितिमा पुगे ।

**स्थानीय बिउबिजन, सीप र प्रविधिको संरक्षण**

नेपाली किसानमैत्री हुन नसकेका र महँगा विदेशी प्रविधि र स्थानीय वातावरणसँग अनुकूल नभएका विकासे बीउबिजनका कारण उत्पादन घट्दै जाने प्रवृत्तिले गर्दा किसानहरूको आयआर्जनमा मात्रै असर गरेन, मुलुककै समग्र कृषि उत्पादन समेत प्रभावित हुँदै आयो । परम्परागत प्रांगारिक मलको सट्टा अत्यधिक रासायनिक मलको प्रयोगले जमिनको उर्बराशक्ति नै क्षय भएर जमिनको उत्पादकत्वमा वृद्धि हुनै सकेन । विगत ३० वर्षको अवधिमा नेपालको प्रमुख खाद्यान्न बालीको औसत उत्पादकत्व २.२८ मेट्रिक टन प्रतिहेक्टर मात्रै रहेको छ भने उत्पादकत्वको वृद्धिदर १.८३ प्रतिशत मात्रै रहेको छ । यसैगरी सोही अवधिमा प्रमुख खाद्यान्न बालीको औसत उत्पादन वृद्धिदर २.३६ प्रतिशत मात्रै रहेको छ । यी तथ्यांकले पनि नेपालमा जेजस्तोसुकै नीति, योजना तथा कार्यक्रम बने पनि, कृषिका लागि जतिसुकै विदेशी सहायता आए पनि, जतिसुकै लगानी गरे पनि, जतिसुकै कृषिविज्ञहरू भए पनि जतिसुकै गैरसरकारी संघसंस्थाहरूले गाउँ पसेर कृषिकर्म सिकाए पनि नेपालको कृषिमा उल्लेख्य सुधार आउन नसकेको देखिन्छ । बरू यति प्रयासका बाबजुद पनि नेपालको कृषि र किसानहरूले अझै पनि पछौटेपनको सिकार हुनुपरेको अवस्था छ । कृषिबाट जीवनमा आर्थिक उन्नति हुन नसक्दा कृषि पेशामा लाग्नेहरू गरीब हुनुपरेको छ र कृषि गरिबकै मात्र पेशा बनेको छ । कृषिमा लागे पनि गरीब बन्नुपर्दैन भन्ने मान्यता अझै सही सावित हुनसकेको छैन । त्यसैले नयाँ पुस्ताले कृषिप्रति रूचि नै देखाउन छोडेका छन् । बरू कृषियोग्य जमिन बेचेर अथवा बन्धकी राखेर अरु पेशाव्यवसायमा लाग्ने वा कामका लागि विदेसिने क्रम पछिल्लो समय ह्वात्तै बढेको छ । यसले गर्दा उल्लेख्य परिमाणमा रेमिट्यान्स भित्रिने गरेको छ । पछिल्लो समयमा आएर कुल गार्हस्थ्य उत्पादनमा कृषिको सर्वाधिक योगदानलाई उछिन्दै रेमिट्यान्सको योगदान सर्वाधिक हुने सम्भावना बढेको छ । आर्थिक वर्ष २०७४/७५ मा कृल गार्हस्थ्य उत्पादनमा कृषिको योगदान २७.१ प्रतिशत छ भने रेमिट्यान्सको योगदान २५.१ प्रतिशत रहेको छ ।

**कृषिमा युवा सहभागिता**

कामका लागि विदेशिने युवामध्ये धेरैले कृषि क्षेत्रमा ज्ञान र अनुभव हासिल गर्ने गरेका छन् । त्यस्ता युवाले स्वदेश फर्केर आफूले हासिल गरेको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्दै त्यसैगरी कृषिलाई आधुनिक र व्यावसायिक ढंगबाट अपनाउने हो भने कृषिमा क्रमशः अरु युवाको पनि आकर्षण बढ्नेछ । अन्ततोगत्वा नेपालको कृषिलाई पुनरूत्थान गर्न युवा सहभागिताले महत्वपूर्ण भूमिका निर्वाह गर्ने छ । कृषिलाई पुनरूत्थान गर्न कृषिमा युवा सहभागिता अपरिहार्य पनि छ । ऊर्जावान युवापाखुरीको बल र पसिना पाए मात्रै कृषिको पुनरूत्थान सम्भव हुनसक्छ । त्यसैले अबका दिनमा युवालाई कृषिमा रमाउने र कृषिबाटै यथेष्ट कमाउने वातावरण सिर्जनामा राज्यको नीति र लगानी केन्द्रित हुनु आवश्यक छ ।

विगत पाँच वर्षयता प्रत्येक वर्ष पाँच सय युवा इजरायल गएर 'लर्न एण्ड अर्न' नामक ११ महिने कार्यक्रममार्फत् कृषिमा पढाई र अनुभव सँगालेर नेपाल फर्कने गरेका छन् । ११ महिनाको अवधिमा ती युवाले ज्ञान र अनुभवसँगै ११ देखि १६ लाख रूपैयाँभन्दा बढी बचतसमेत गर्ने गरेका छन् । (अन्नपूर्ण पोस्ट, १३ भदौ २०७५) यही समाचारको आधारमा भन्ने हो भने हालसम्म २५ सय युवाले सो अवसर प्राप्त गरेको देखिन्छ । ती युवाले देशको विभिन्न भागमा छरिएर इजरायलमा आफूले हासिल गरेको कृषिसम्बन्धी ज्ञान र अनुभवलाई उपयोग गर्ने हो भने नेपालको कृषिप्रणालीमा केही सुधार र परिवर्तन गर्न पनि मद्दत पुग्ने विश्वास गर्न सकिन्छ । युवालाई कृषिमा आकर्षित नगरी कृषिको पुनरूत्थान हुनैनसक्ने अहिलेको यथार्थलाई मनन गर्ने हो भने यस्तो ज्ञान र अनुभव हासिल गरेका युवालाई परिचालन गर्न राज्य आफैंले पनि चासो लिनुपर्ने आवश्यकता छ ।

**अबको बाटो**

कृषिको उत्थानमा भनाइ र गराइको तादाम्त्यता कहिल्यै भएन र कृषिको पुनरूत्थानका लागि व्यवहारिक विमर्श पनि भएन । त्यसैले कृषिको उत्थानका लागि धेरै प्रयास भए, तर कृषिको पछौटेपन हटेन । कृषिको उत्थानको प्रयासलाई कर्तब्यबोधभन्दा कर्मकाण्डको रूपमा मात्रै लिइयो । देशी विदेशी गैरसरकारी संघसंस्थाहरूका किसानलाई हिनताबोध गर्न बाध्य पार्ने विकासे परियोजनाहरू, किसानको घरदैलासम्म पनि नपुगी बनाइएका कृषि विकासका रणनीतिहरू, कृषि र किसानका वास्तविक समस्या र आवश्यकताहरू नै पहिचान नगरी तर्जुमा गरिने सरकारी नीति, योजना र कार्यक्रमहरू, अनि कृषिको सवालमा सरकारको भनाइ र गराइमा देखिएको भिन्नता कृषिमा विद्यमान पछौटेपनका जिम्मेवार पक्ष हुन् । आयातित प्रविधि र विकासे बीउबिजनलाई भन्दा परम्परागत स्थानीय सीप र प्रविधिलाई समयानुकूल रूपान्तरण गर्ने र नेपालको स्थानीय माटो र हावापानी सुहाउँदो बिउबिजनलाई संरक्षण र प्रवर्द्धन गर्ने नीतिलाई केन्द्रबिन्दुमा राखेर सरकारी नीति, योजना र कार्यक्रम बनाउनु अहिलेको आवश्यकता हो । कृषिवस्तु निर्यातको ठूलो सपना देख्नुअघि स्थानीय उत्पादनलाई बजारीकरण गर्ने र व्यावसायिक उत्पादनलाई गुणस्तरीय बनाउनेतर्फ राज्यको ध्यान केन्द्रित हुनुपर्छ । वास्तविक किसानभन्दा बिचौलिया मोटाउने परिस्थिति विद्यमान रहेसम्म कृषि र किसानको उत्थान हुनैसक्दैन । सरकारकै संरक्षणमा बिचौलिया हाबी रहुन्जेल किसानले वास्तविक मूल्य पाउन नसक्ने यथार्थलाई सरकारले मनन गर्नैपर्छ ।

कृषिको पुनरूत्थान गर्ने हो भने कृषिमा आधुनिकीकरण, व्यावसायीकरण र यान्त्रिकीकरणको कुरा गर्नुभन्दा पहिला यसलाई स्थानीयकरण गर्नु जरूरी छ । कृषिमा उपयोग हुँदै आएको सीप र प्रविधि अनि बिउबिजनमा पनि स्थानीयताको ठूलो महत्व हुन्छ । कृषिको स्थानीय सीप र प्रविधि तथा बिउबिजनमा स्थानीय माटो र हावापानी अनुकूलको गुण निहित हुन्छ । यही गुणमा उत्पादन निर्भर हुन्छ । यही गुणअनुसारको बिउबिजनको विकास गर्न सके र स्थानीय परम्परागत सीप र प्रविधिलाई परिमार्जन गर्नसके मात्रै दीर्घकालीन उत्पादन वृद्धि सम्भव हुन्छ । विदेशमा परीक्षण गरिएका विकासे बिउबिजनले एक साल बढी उत्पादन दिए पनि अर्को साल उत्पादन शून्य हुने विगतका केही उदाहरणहरूले पनि प्रष्ट पारिसकेकाले हाम्रै कृषि अनुसन्धान परिषदलाई क्रियाशील र प्रभावकारी बनाएर आफ्नै देशको स्थानीय माटो र हावापानी सुहाउँदो बिउबिजनको विकास र विस्तार गर्नु आवश्यक छ । निष्क्रिय रहेको र सरकारको समेत उपेक्षामा परेको कृषि अनुसन्धान परिषदलाई क्रियाशील र प्रभावकारी बनाई स्थानीय बीउबिजनको अनुसन्धान तथा परीक्षण गरी त्यसको विकास र विस्तार गर्ने हो भने विकासे बिउबिजनको भर पर्नुपर्ने अवस्थाको पनि अन्त्य हुनेछ र दाताको सहयोगमा चल्ने विकासे संघसंस्थाहरूको अनावश्यक सक्रियतामा पनि कमी आउने छ । ●●

*(लेखक स्वतन्त्र पत्रकार हुनुहुन्छ ।)*

# तरलता संकट र कर्जा प्रवाहका प्रगतिशील क्षेत्र

■ रिसव गौतम

वित्तीय क्षेत्रमा फेरि लगानीयोग्य पुँजी अभाव (तरलता समस्या) सिर्जना हुन थालेको समाचारहरू आउन थालेका छन् । विगत १० वर्ष यतादेखि तरलता समस्या मौसमी रूपमा नै देखा परेको छ । असोज-कार्तिक महिनामा पर्ने ठूला चाडपर्वहरू जब सकिन्छन् तब तरलता समस्या सुरू हुने गरेको अवस्था छ । जसकारण अर्थतन्त्र प्रभावित हुने र सरकारले लिएको आर्थिक वृद्धिको लक्ष्य-उद्देश्य समेत पूरा नहुने हुँदै आएको छ । यसमा सरकार र बैंकिङ्ग-वित्तीय क्षेत्र दुवै दोषी देखिन्छन् ।

पहिलो त सरकारले पुँजीगत खर्च बढाउनै सकेको देखिदैन । चालु आर्थिक वर्ष ०७५-०७६ को पहिलो चार महिनामा सरकारले ८ प्रतिशत मात्रै पुँजीगत खर्च गर्न सकेको छ । दोश्रो संघीय ढाँचाको शासन व्यवस्था सुरू भएसँगै करका दायराहरू फराकिला बनाइएका छन् । फलस्वरूप कर मार्फत जम्मा भएको ठूलो रकम ढुकुटीमा थन्किन थालेका छन् । यसरी सरकारले एकातिर पुँजीगत खर्च गर्न नसक्नु र अर्कोतिर बढाइएको करको रकम ढुकुटीमा थन्किनुले तरलता समस्या निम्तदैछ ।

अर्कोतर्फ बैंक वित्तीय क्षेत्रहरूले पनि आयात प्रतिस्थापन र उत्पादनमुलक क्षेत्रमा पटक्कै लगानी बढाउन सकेका छैनन् । अर्थतन्त्र त लगभग विदेश गएका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूले पठाएको रेमिटयान्स्ले नै अड्एिको छ । हालका वर्षहरूमा वार्षिक ७ खर्बभन्दा ज्यादा रेमिट्यान्स भित्रने गरेको छ । यसरी ठूलो संख्यामा रेमिटयान्स भित्रिएसँगै नेपालीहरूको उपभोगको प्रवृत्ति पनि विस्तार भएको छ । खर्च गर्ने प्रवृत्तिको विकास भएको छ । त्यसकारण भित्रिएको अधिकतम रकम उपभोगमा खर्च हुने गरेको तथ्याङ्क राष्ट्र बैंकले बारम्बार जारी गर्दै आएको छ । यस हिसाबले अर्थतन्त्र चलायमान एवं प्रगतिशील हुन सक्ने देखिँदैन ।

जस्तो कि कृषि क्षेत्रमा अनिवार्य रूपमा १० प्रतिशत लगानी बैंक तथा वित्तीय संस्थाहरूले गर्नैपर्ने प्रावधान केन्द्रीय बैंकले मौद्रिक नीतिमार्फत् ल्याएको छ । गएको आर्थिक वर्षको तथ्याङ्क हेर्ने हो भने बैंकहरूले कृषि क्षेत्रमा १ खर्ब ३५ अर्ब लगानी गरेका छन् । जब कि २८ ओटा वाणिज्य बैंकहरूको हालका वर्षहरूमा कुल कर्जा प्रवाह २०-२१ खर्ब बराबर छ । यसरी कृषिमा ताकिएको १० प्रतिशत लगानीसम्म पनि बैंकहरूले गरिरहेका छैनन् । औसतमा ५ प्रतिशत कृषिमा लगानी गरे जस्तो देखिए पनि २ प्रतिशत त सरकारी स्वामित्वका कृषि विकास बैंक, राष्ट्रिय वाणिज्य बैंक र नेपाल बैंकले गरेको तथ्याङ छ ।

क्षेत्रका बैंकहरूले बाहिर भनिरहेका छन् कि कृषि कर्जा लिनै आउँदैनन् । फेरि जनताको गुनासा चाँही के छ भने बैंकहरूको कृषि क्षेत्रमा कर्जा प्रवाह गर्ने प्रक्रिया नै अत्यन्तै झन्झटिलो र दिनै नपरे हुन्थ्यो भने जस्तो हुने गरेको छ । यसरी उत्पादनमुलक एवं आयात प्रतिस्थापन गर्ने क्षेत्रको रूपमा रहेको र आधा जनङ्ख्या निर्भर रहेको क्षेत्रमा बैंकहरूले लगानी नै बढाउन सकेको देखिँदैन । फलस्वरूप देशको पैसा कृषिजन्य वस्तुहरूको आयातमै खर्च हुने गरेको छ । जसले गर्दा बर्षेनी दोहोरिने तरलता समस्या फेरि देखा पर्दैछ ।

अहिले पनि बैंकहरूले अटोमोबाइल, इलेक्ट्रोनिक्स वस्तुहरू जस्ता आयात बढाउने, व्यापार घाटा बढाउने व्यवसायहरूमा लगानी बढाइरहेका देखिन्छन् । किनकि यस्ता क्षेत्रमा गरिएको लगानी नडुब्ने, ऋण उठाउन सजिलो हुने र नाफा बढाएर शेयरधनी महानुभावहरूलाई खुशी पार्ने गरी काम गरिरहेका छन् । जसको घाटा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा बैंकहरूलाई नै परिरहेको छ । जस्तो काठमाडौं उपत्यकाकै कुरा गर्दा गाडी, मोटर कर्जामा बैंक वित्तीय संस्थाहरूले सहजीकरण गरेकै कारण सवारी साधनको सङ्ख्या बढेर सडकमा यति जामहरू छन् कि साध्य छैन । कुल आर्थिक गतिविधिको ५० प्रतिशत भन्दा बढी आर्थिक गतिविधि केन्द्रित रहेको काठमाडौं उपत्यकामा जामकै कारण कार्य उत्पादकत्व घटिरहेको छ । कम्तीमा प्रतिदिन ३-४ घण्टा जस्तो समय मानिसहरूले यहाँको जाममा खेर फालिरहेका छन् । जसले गर्दा एक दिनमा सम्भव हुने काम ३ दिनमा पनि हुनसक्दैन । त्यसले उत्पादन घट्ने, जामका कारण सिर्जित धुलोधुवाका रोगीहरूको सङ्ख्या बढाउने आदि हुन्छ । जसको कारण मानिसहरू राम्ररी काम गर्न नसक्ने भएर उत्पादकत्व घटाउने र आर्थिक गतिविधि कमजोर हुने हुन्छ । मानिसहरूको आर्थिक गतिविधि नै कमजोर भएपछि बैंकहरूको निक्षेप बढ्ने, स्थिर गतिमा प्रगति हुने कुरामा पनि ब्रेक लाग्छ । त्यसकारण आवश्यकताभन्दा ज्यादा अटोमोबाइल्सको क्षेत्रमा बैंकहरूले लगानी गर्नु दिर्घकालमा उनीहरूलाई नै घाटा हो । बरू त्यस्तो पैसा जनतालाई उर्जा क्षेत्रमा लगानी गर्न प्रोत्साहन

गर्ने गरी कार्यक्रमहरू बैंक वित्तीय क्षेत्रले ल्याउने हो भने त्यसले दीर्घकालमा बैंकहरूलाई नै दरिलो बनाउँदछ र अहिलेको जस्तो तरलताको संकट निम्त्याउन पनि दिँदैन ।

कुनै हाइड्रोपावरमा बैंकहरूको लगानी भयो भने अटोमोबाइल्समा लगानी गरे जसरी सबै पैसा विदेश जाँदैन । बरू त्यसले त स्वदेशी स्तरमा रोजगारी सिर्जना गर्छ । अहिले देश सिमेन्ट उधोगहरूमा आत्मनिर्भर जस्तै भएको छ । त्यस्तो पैसा स्वदेशी सिमेन्ट तथा छड उधोगहरूमा खरिदमा खर्च हुन्छन् । जसकारण पैसा नेपालमै घुम्छ । र, ५-७ वर्षको अन्तरालमा ती आयोजनाहरू बनिसक्छन् । जसबाट उत्पादित विद्युत विदेश निर्यात गरी विदेशी मुद्रा आर्जन गर्न सकिने अवस्थाको सिर्जना हुन्छ । जसले तरलता सहजताको लागि दिर्घकालका लागि टेवा दिन्छ ।

त्यसैगरी सरकारले केही वर्षयता शैक्षिक कर्जा प्रवाह गर्न पनि बैंकहरूलाई भनेको छ । तर शैक्षिक कर्जा कार्यक्रम पनि प्रभावकारी हुनै सकेको छैन । यदी बैंकहरूले आफनो फैलावट जसैगरी अर्थतन्त्रको आकार, बजारको आकार बढाउने हो भने शैक्षिक कर्जा कार्यक्रममा लगानी बढाउन जरूरी छ । किनकी यस्तो कार्यक्रमबाट युरोप अमेरिका मात्र नभएर छिमेकी भारतकै अर्थतन्त्रमा पनि टेवा पुगेको देखिन्छ । शैक्षिक जनशक्तिमा व्यवस्थापन शिक्षा, प्राविधिक शिक्षा एवं तालिम र फराकिलो दृटिकोण समेत बनेको हुन्छ । त्यस्तो सिर्जनात्मक जनशक्तिमा हुने लगानीले निश्चत रूपमा अर्थतन्त्र तन्किने हुन्छ । जसले तरलता संकटलाई दिर्घकालीन निवारण गर्न सहजता पुग्छ ।

केही बैंक तथा वित्तीय संस्थाहरूले शैक्षिक कर्जा दिन थालेको एक दुइ वर्ष हुन थालिसकेको छ । तर, शैक्षिक कर्जा कसरी प्राप्त गर्ने ? के कस्ता कागजपत्र र योग्यता चाहिन्छ ? यसको प्रक्रिया के हो ? लगायत बारे स्पष्ट नहुँदा र कुन बैंकले दिइरहेको छ भन्ने पनि राम्रो प्रचार नहुँदा शैक्षिक कर्जा ओझेलमा परेको छ । यसरी ओझेलमा पार्नुमा बैंक तथा बैंकरहरूको नै बढी भूमिका छ । किनकी नेपालमा पढेका विधार्थीहरूको क्षमता तथा योग्यतामा नै बैंकहरूले राम्रो विश्वास गर्न सकिरहेका छैनन् । फलस्वरूप पनि यो कार्यक्रम प्रति उनीहरूको चासो छैन ।

अघिल्लो आर्थिक वर्षमा २१ खर्ब ऋण प्रवाह गर्न सक्ने हैसियत बनाएका बैंकले शैक्षिक कर्जा शीर्षकमा जम्मा १३ अर्ब लगानी गरेका थिए । त्यो पनि शैक्षिक स्वरोजगारीका लागि नभइ युरोप, अमेरिका वा अन्यन्त्र पढ्न जाने विधार्थीहरूका लागि ।

यसरी राष्ट्र बैंकले मौद्रिक नीति मार्फत बैंकहरूलाई शैक्षिक कर्जा दिन भने पनि बैंकहरू यसप्रति सकारात्मक देखिदैनन् । उनीहरू शैक्षिक प्रमाणपत्र धितोमा राखेर शैक्षिक कर्जा दिने पक्षमा छैनन् । तर सरकारले बैंकहरूले आवश्यक ढाड्स दिएर, आवश्यक सहयोगहरू गरेर यस क्षेत्रमा कर्जा प्रवाहलाई जोड दिन जरूरी छ । यसबाट ठूलो मात्रामा ब्याप्त शैक्षिक बेरोजगारी हल हुनेछ । देशले आत्मनिर्भरताको गति समात्नेछ । नेपाल राष्ट्र बैंकले यस क्षेत्रमा कर्जा प्रवाह गर्न वाणिज्य बैंकहरूलाई निर्देशन नै जारी गरिसकेको छ । राष्ट्र बैंकले यस्तो ऋण सम्बन्धी कार्यविधि नै बनाइसकेको छ । जस अनुसार उच्च शिक्षा हासिल गरेका युवालाई प्रदान गरिने शिक्षित युवा स्वरोजगार कर्जाका लागि बैंक तथा वित्तीय संस्थामा ऋणीले सक्कल शैक्षिक प्रमाणपत्र धितो स्वरूप राख्नु पर्छ । यसका लागि आफूले गर्ने कामको विवरण सहित राष्ट्र बैंकका मान्यता प्राप्त बैंक तथा वित्तीय संस्थामा आवेदन दिनुपर्ने, प्यान नम्बर लिनुपर्ने र कालो सूचीमा नपरेको हुनुपर्नेछ कार्यविधि छ ।

यसबाट स्वदेशमै केही व्यवसाय गर्न चाहने शैक्षिक प्रमाणपत्रधारी युवाहरूले ऋण पाउन सक्छन् । यसरी बडो वैज्ञानिक र यर्थातपरक कार्यक्रम शैक्षिक कर्जा कार्यक्रम सरकारले ल्याएको हो । यसको कार्यान्वयन जरूरी छ । बैंकहरूले यसमा लगानी बढाउनु पर्छ । जसको दिर्घकालीन प्रतिफल बैंकहरूले नै लिने हुन् ।

अन्त्यमा, नेपालको बैंकिङ्ग वित्तीय क्षेत्र अन्य क्षेत्रहरू भन्दा प्रगतिशील नै देखिदै आएको छ । अन्य क्षेत्रहरू भन्दा बैंकिङ्ग वित्तीय क्षेत्र पारदर्शी, सिस्टमबद्ध एवं प्रणालीबद्ध रहँदै आएको छ । जसकारण यस क्षेत्रको विकास र फैलावट पनि चामत्कारिक रूपमै अघि बढेको देखिन्छ । नेपाल राष्ट्र बैंकको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७४-७५ सम्ममा बैंक-वित्त तथा फाइनान्स कम्पनीहरूको शाखा ४२ सय नाघिसकेको छ । यधपी नेपाल राष्ट्र बैंकले निर्देशन गरेको ७ सय ५३ स्थानीय तहमै बैंकहरू पुगिसकेका त छैनन् । अझै ८० स्थानीय तहमा बैंकहरूको शाखा पुग्न बाँकी छ । तर पनि बैंकिङ्ग क्षेत्रले स्थापनाको यस दौरानमा गरेको यो प्रगतिलाई कमजोर मान्न सकिदैन । अन्य क्षेत्र भन्दा प्रगतिशील र स्टममा चलेको हिसाबले पनि बैंकहरूले अव लगानीका सही क्षेत्रहरू पहिचान गर्न सक्नु पर्छ । मुलुकको आर्थिक विकास र सम्वृद्धिमा टेवा पुग्ने गरी दीर्घकालीन लाभ हुने क्षेत्रहरूमा लगानी गर्नुपर्छ । अर्थात् बैंक तथा वित्तीय संस्थाहरूले सवारी कर्जा, शेयर कर्जा, घर जग्गा कर्जा होइन कृषि, उर्जा, शैक्षिक स्वरोजगारी कर्जा, निर्यात प्रर्बद्धन तथा आयात प्रतिस्थापन गर्ने उद्योगहरूका लागि कर्जा उपलब्ध गराउन प्रतिस्पर्धा गर्न जरूरी छ । अनि मात्र अर्थतन्त्रले दोहोरो आर्थिक वृद्धिको बाटो समात्ने छ । ●●

**सन्दर्भ सूची**

- नेपाल राष्ट्र बैंकका प्रकाशनहरू
- कृषि विकास बैंकका प्रकाशनहरू
- कारोबार, कान्तिपुर, अभियान लगायत पत्रपत्रिकाहरू
- बिजमाण्डु, मेरो लगानी, आर्थिक न्युज, बिजनेसपाटी लगायत अनलाइनहरू

*(गौतम स्वतन्त्र आर्थिक लेखक एवं पत्रकार हुनुहुन्छ ।)*

# ऐतिहासिक परिवेश र अर्थतन्त्रमा प्रभाव

■ जुनारबाबु बस्नेत

१. **विषय प्रवेश**

विदेशमा गई काम गर्ने नेपालीको लामो परम्परा छ । इतिहासतिर फर्कदा झण्डै दुइसय वर्षअघि पुग्नुपर्छ । अहिले पाकिस्तानमा रहेको लाहोरमा रणजी सिंहको सेनामा नेपाली युवा भर्ती हुने पुगे । नेपालमा सिपाहीको पाँच रूपियाँ हाराहारी तलब हुँदा त्यहाँ १२ देखि १५ रूपियाँ थियो । त्यो तलब आकर्षक बन्यो । लाहोरबाट दाम पनि ल्याए र केही सिकेर पनि आए । देश पनि हेरियो मुख पनि फेरियो भन्ने चलन बस्यो । लाहोरबाट आउनेलाई लाहुरे भन्न थालियो । आज पनि वैदेशिक रोजगारीप्रतिको आकर्षण र बाध्यता उस्तै छ । विदेश गएर आएकालाई लाहुरे भन्ने चलन छ । वैदेशिक रोजगारी रहर र कहरको दोसाँधमा छ र नेपाली अर्थतन्त्रलाई वैदेशिक रोजगारीको प्रभाव र दबाब गहिरो छ ।

वैदेशिक रोजगारीको संस्थागत आकर्षण भने सुगौलीसन्धिपछि नै भयो । सन् १८१५।१६ मा नेपाल र भारतमा औपनिवेशिक शासन गरिरहेको भारतबीच लडाइँ भयो । त्यस अघि नेपालको सीमाना विस्तार पूर्वमा तिष्टा र पश्चिममा सुतलज तथा काँगडासम्म भइसकेको थियो । भारतमा राज गरिरहेको बेलायती औपनिवेशिक शासकले नेपाल आँक्न सकेका थिएनन् तर काठमाडौँमा दरबार आपसी मनमुटाव र भाइभारदारबीच नै वैरभाव बढेपछि नेपाली सिमाना विस्तार गर्दै जाने सेनालाई बल पुगेन । समयमै रसदपानी नपुग्ने आदि कारणले नेपाल सम्झौता गर्न बाध्य भयो ।

**वैदेशिक रोजगारी रहर र कहरको दोसाँधमा छ र नेपाली अर्थतन्त्रलाई वैदेशिक रोजगारीको प्रभाव र दबाब गहिरो छ**

बेलायती औपनिवेशिक शासनसित सुगौली सन्धि भयो । नेपालले दुइतिहाई भूभाग गुमायो । मेची नदी र महाकाली नदीको बीचमा नेपाल सीमित भयो । पश्चिम तराईका भूभाग पनि गुमेका थिए तर सन् १८५७ मा श्री ३ जङ्गबहादुर राणाले आफै सेनाको नेतृत्व गरी भारतमा सिपाइ विद्रोह दबाउन औपनिवेशिक अङ्ग्रेस शासकलाई सहयोग गरे । सोही सहयोगको फलस्वरूप अहिलेका बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जङ्गबहादुरले फिर्ता गरे । राणा शासनमा भएका राम्रा कामहरूमध्ये भूगोल फिर्ता गराउने त्यो अब्बल काम थियो । सुगौली सन्धिपछि नेपाली युवालाई औपनिवेशिक बेलायती सेनामा काम गर्ने अवसर मिल्न थाल्यो । सानो सङ्ख्या नेपाली काम गर्न थाले । बिदेसी सेनामा आकर्षण बढ्यो ।

२. **महायुद्धमा रोजगारीको आयाम र प्रभाव**

वैदेशिक रोजगारीको सबैभन्दा ठूलो आकर्षण र बाध्यता भने पहिलो महायुद्धमा नै भयो । राणा शासन आरम्भ भएपछि भारतमा रहेको औपनिवेशिक शासकसँग दुस्मनी होइन, दोस्ती गरेरमात्र काठमाडौँमा आफ्नो शासन चल्ने कुरामा राणाहरु ढुक्क थिए । अङ्ग्रेजको प्रभाव विस्तारै बढ्दै गयो । त्यसैक्रममा सन् २०१४ मा पहिलो विश्वयुद्ध आरम्भ भएपछि नेपाली युवालाई बेलायती सेनामा अझ धेरै प्रवेश गराउने बाटो खुल्दै गयो । राणा प्रधानमन्त्री चन्द्र शम्शेरको शासनकाल भएको त्यस बेला नेपालको अर्थतन्त्र पूरापूर कृषिमा अडेको थियो । नेपालको कृषि क्षेत्रै ठप्प हुने गरी दुई लाख नेपाली युवा बेलायती सेनामा भर्ना हुने पुगे ।

वैदेशिक रोजगारीले नेपाली अर्थतन्त्रको परिवेश सोही महायुद्धपछि नयाँ दिशामा मोडिदियो । सरदार भीमबहादुर पाँडेको त्यतिबेलाको नेपाल पुस्तक अनुसार नेपालमा कृषि र पशुपालन फस्टाएको थियो । नेपालले खाद्यान्न र घीउ निर्यात गरेर दक्षिणा र उत्तरतिर व्यापार फैल्याएको थियो । घरेलु कुटिर उद्योग मौलाएका थिए । देशभित्र चाहिने लत्ताकपडा नेपाल आफैले उत्पादन गर्न

सक्ने सामर्थ्य राख्थ्यो । कपास देशभित्रै उत्पादन हुन्थ्यो भने नपुगेको भारतबाट कपास वा धागो ल्याएर पनि घरबुना कपडाले नेपालीको आङ ढोकेको थियो । खाद्यान्न, घीउ आदि ल्हासा पठाएर त्यहाँबाट सुन र भोटे नुन ल्याएर नेपालीको धन र जीविका चलेको थियो । मुना मदन त्यसै परिवेशमा लेखिएको थियो । ठूलो मात्रामा वैदेशिक रोजगारी जाने चलन भने थिएन । बनारस बढ्ने जाने र यदाकदा मुग्लान पस्ने चलन थियो । कोही अभावमा र कोही गाउँघरमा बिगार गरेर मुग्लान भासिने चलन थियो । कोही फर्कर आउँथे । कोही उतै बस्थे ।

राज्य अर्थात् राणाहरूलाई समेत राजस्व आउने गरी पहिलो महायुद्धमा दुइ लाख नेपाली सेना पठाइयो । दुइ लाख नेपाली युवा वैदेशिक रोजगारीमा एकै पटक गएपछि नेपालको कृषि अर्थतन्त्र भने धराशयी भयो । बलिया पाखुरा भएका युवा बाहिर गएरपछि महिलाको काँधमा जिम्मेजारी आयो । खेतीपाती घट्यो । कृषि उपज घट्यो । पशुपालनमा पनि असर प्रतिकूल पऱ्यो । जनसङ्ख्या गणना आरम्भ भइसकेको त्यस बेला जन्मदर बढाउने उमेरका युवा बाहिर गएपछि नेपालको जनसङ्ख्या पनि घट्यो । कृषि, पशुपालन र कपडा उद्योग आदिमा देशको आन्तरिक उत्पादन नराम्ररी घट्यो । त्यस बेलासम्म नेपालको वैदेशिक व्यापारका ९० प्रतिशत हाराहारी निर्यातले ओगटेको थियो र आयात लगभग १० प्रतिशत मात्रै थियो ।

### ३. आयातमा लाहुरे प्रभाव

पहिलो महायुद्धमा बाहिर गएका सबै युवा फर्किएनन् । भर्सेलिजको सन्धिमा जर्मनीलाई घुँडा टेकाएपछि पहिलो महायुद्ध (१९१४-१८) समापन हुँदा विश्वभर बेलायती प्रभाव उत्कर्षमा पुगेको थियो । कहिल्यै सूर्य नअस्ताउने देश भन्ने गरी बेलायती साम्राज्य विस्तार भइसकेको थियो । हुन त त्यसको एक सय वर्ष अघि नै संयुक्त राज्य अमेरिकाबाट बेलायती उपनिवेश हटिसके पनि बेलायती प्रभाव एसिया, अफ्रिकामा व्यापक बनेको थियो । औद्योगिक क्रान्तिपछि मानिसले गरिरहेको काममा यन्त्रउपकरणको प्रयोग हुन थालेपछि मालवस्तु उत्पादन अचाक्ली बढेको थियो । उपनिवेश त्यही व्यापारिक प्रयोजन थियो । भारतमा पनि इष्ट इण्डिया कम्पनीका माध्यमबाट व्यापार गर्न आएका अङ्ग्रेजले अफनानिस्तानदेखि बर्मासम्म एकछत्र औपनिवेशिक शासन चलाएका थिए । घरेलु सरसामान प्रयोग गरिरहेका लागि कलकारखानामा उत्पादन भएका सरसमान र लुगाकपडा प्रयोग गर्न पाउनु ठूलै शानशौकात बनेको थियो ।

महायुद्ध सकिँदा बेलायती सेनामा पुगेका दुई लाख नेपाली तितरवितर भइसकेको थिए । तीमध्ये एक तिहाई रणभूमिमै प्राण त्याग गरे । तिनको खोजीनीति गर्न राणा सरकारलाई दरकार परेन । उनीहरूका लागि राजस्व आएकै थियो । 'जम्मा नजोड्नू, कच्चा नछोड्नू' भन्ने राणा शासनको लेखाप्रणालीको मूल मन्त्र थियो । कति ? कहाँबाट आयो कसैलाई हिसाब बुझाउनु पर्ने थिएन । यतिउति हरहिसाब भयो भन्ने ढुकुटीको कुरा राणा प्रधानमन्त्री बाहेक अरूलाई थाहा हुँदैन थियो । कसैसित हिसाव भने छोड्न मिल्दैन थियो । भानुभक्त आचार्यदेखि कृष्णप्रसाद कोइरालासम्म सबैलाई हिसाब किताबकै माध्यमबाट तह लगाइएको थियो । सात सालको परिवर्तनपछि २००८ सालमा सुवर्ण शम्शेरले पहिलो बजेट ल्याएपछि मात्र नेपालको आयव्ययको हिसाब बाहिर आउन थालेको हो ।

लडाइँमा गएका अर्को एक तिहाइ बाँचेर पनि नेपाल फर्किएनन् । उनीहरु भारतका विभिन्न प्रदेश खास गरी आसाम, देहरादुन, हिमाञ्चल, दार्जिलिङदेखि बर्मा र दक्षिण पूर्वी एसियाका विभिन्न देशमा त्यतै बसोबास गर्न पुगे । विशेष गरी घरजम नगरी गएका नेपाली कम फर्किए, बाँकी धेरै उतै बसे । बेलायती सेनामा काम गरेको लर्के युवा दाम पनि भएको भएपछि घरजम गर्न जोडी पाउनु कुनै समस्या थिएन । सँगैका साथी युद्धमा मारिएका जापानी र जर्मनी सेनाले युद्ध बन्धक बनाएका आदि कारण र त्यस्तो नराम्रो खबर गाउँघरमा सुनाउन पनि नराम्रो हुने ठानेर पनि बाँचेको कतिपय घर नफर्की उतै घरब्यवहारमा रत्तिएको अध्येताहरूको आँकलन छ । मरेका खोजी गर्ने नेपाल सरकारको सामर्थ्य र रूचि बढी थिएन भने बेलायती सरकारले बढी खोजी गर्दा बढी दायित्व भुक्तानी गर्नुपर्ने भएकोले पनि बेपत्तेमा नाम हाल्ने चलने थियो भन्ने पुराना लाहुरेहरूको भनाइ छ ।

युद्ध सकिएपछि वा छुट्टीमा फर्किएको लाहुरेहरूको शान र मान नेपालमा बढ्तै थियो । लाहुरे पस्ने भारतीय सीमामा शहरहरूको विकास त्यतिखेरै सुरू भयो । थकालीहरूले व्यापारका जग लाहुरेहरु आउने जाने नाकाहरूमै बसाले । लाहुरेले भरियाको लर्कोसहित गाउँ पस्ने भएपछि रमिता हुन थाल्यो । विदेशी सरसमान, शृंगार, लुगाकपडाको शानले लाहुरको सरसंगत देखेका युवालाई अब खेतबारीमा काम गर्न मन लाग्न छोड्यो । फर्किएका सेनासँगै भारतीय व्यापारीहरु पनि नाका नाकामा बस्न थाले । त्यस अघिसम्म केही राणाा खानदानी परिवारमा मात्र विदेशी सरसमानको प्रभाव थियो भने जनस्तरमा लाहुरे प्रभावसँगै विदेशी मालवस्तुको आकर्षण र बजार बढ्न थाल्यो । मारवाडीको प्रवेशको इतिहास

पनि लाहुरेसँगै जोडिएको छ ।

विदेशी मालवस्तुको आकर्षण र प्रभाव क्रमिकरूपमा बढ्दै गएपछि देशभित्र कुटिर उद्योगमा बनेका घरबुना कपडाप्रति विकर्षण हुनु स्वभाविक थियो । उत्पादनमै प्रतिकूल प्रभाव परेका कारण निर्यात घट्दै जानु स्वभाविक थियो भने आयात क्रमशः बढ्दै गयो । त्यो आयात बढ्ने क्रम निरन्तर नै उकालो लागेको लाग्यै छ । नेपाल राष्ट्र बैंकका अनुसार गएको आर्थिक वर्ष २०७४।७५मा नेपालको निर्यात ८१ अर्ब १९ करोड रूपियाँ मात्र रहेको छ । सोही वर्ष आयात भने १२ खर्ब ४२ अर्ब ८३ करोड रूपियाँ रहेको छ । एकसय वर्ष अघिको वैदेशिक व्यापारको अवस्था ठिक उल्टो भएको छ । अब नेपालले ९० प्रतिशत हाराहारी आयात गर्छ भने निर्यात १० प्रतिशत हाराहारीमा सीमित भएको छ ।

### ४. के हो वैदेशिक रोजगारी

वैदेशिक रोजगारीलाई आप्रावासी कामदार अर्थात् माइग्रेन्ट वर्कर पनि भनिन्छ । अन्तर्राष्ट्रिय श्रम सङ्गठनका अनुसार विश्वमा अहिले २३ करोड २० लाखको हाराहारीमा आप्रवासी कामदार रहेका छन् । आफ्ना थातथलो छोडेरे अर्को थातथलोमा गई काम गर्नुलाई आप्रवासी कामदारका रूपमा परिभाषित गरिन्छ । आप्रवासी कामदार अर्थात् वैदेशिक रोजगारीका लागि अन्तर्राष्ट्रिय श्रम सङ्गठनले एक देशबाट अर्को मुलुकमा काम गर्न जानुलाई लिइन्छ । आप्रवासी कामदारको हक हितका लागि विश्वभर काम गर्ने धेरै संस्थाहरु भए पनि विश्वभर नै आप्रवासी कामदारहरूको अवस्था नाजुक नै रहेको छ ।

आप्रवासी कामदारका सम्बन्धमा संयुक्त राष्ट्र संघीय महासन्धिले आफ्ना मुलुक छोडेर अर्को मुलुकमा अस्थायी बसोबास गरिरहेको मानिस आप्रवासी कामदार हो र त्यही वैदेशिक रोजगारी पनि हो । अन्तर्राष्ट्रिय श्रम सङ्गठनले भने कम्तीमा एक वर्ष विदेशमा बसेका कामदारलाई आप्रवासी कामदार मान्छ । त्यस्ता कामदार कतिपयले श्रम स्वीकृति लिएका हुन्छन् भने कतिपयले स्वीकृति पनि लिएका हुँदैनन् । राजनीतिक विचार, आस्था वा द्वन्द्व लगायतका कतिपय कारण पनि मानिसहरू थातथलो छोडरे जान बाध्य हुन्छन् ।

नेपालको सन्दर्भमा पनि २०५२ सालपछि नेपालको वैदेशिक रोजगारीको प्रवृत्ति एक्कासी बढेको पाइन्छ । सो सम्बन्धमा अध्येता डा. शम्भुराम सिंखडाले सरकार र तत्कालीन माओवादीबीच उत्पन्न द्वन्द्वले शान्ति सुरक्षाका लागि राज्यको ठूलो लगानी हुँदा अर्थतन्त्रमा लगानी घट्न गई वैदेशिक रोजगारीको प्रवृत्ति बढेको उल्लेख गर्नुभएको छ । हिंसात्मक राजनीति, राजनीतिक अस्थिरताले निजी लगानीको प्रतिकूल अवस्था आदिले उद्योगधन्दामा आएको शिथिलताले बेरोजगार बनेको ठूलो नेपाली युवा समूह वैदेशिक रोजगारीतिर आकर्षित भयो । सरकारको उदारनीतिले राहदानी सजिलो भयो ।

पञ्चायत कालमा भने नेपालीलाई राहदानी लिन पनि सजिलो थिएन । छयालीस सालपछि पुनःस्थापित प्रजातान्त्रिक कालमा राहदानी सजिलो भयो भने वैदेशिक रोजगारीका लागि सरकारलेनै ढोका खोलिदियो । माओवादी द्वन्द्व आरम्भ भएपछि वैदेशिक रोजगारीको बाटो तीव्र भयो । सरकारले नै श्रम स्वीकृति लिएर मलेसिया खाडीका देशहरु, कोरिया आदि देशहरूमा श्रमिक आपूर्ति गर्ने बाटो खोलिदियो ।

### ५. लाहुरे क्रमको निरन्तरता

पहिलो महायुद्धमा बेलायती सरकारले नेपाली सेनालाई उसको साम्राज्य फैलावटका लागि असाध्यै प्रयोग गर्‍यो । नेपालका लागि गोर्खा पल्टननै खडा गर्‍यो । नेपालीको बहादुरी गोर्खा अर्थात् गुर्खाका नामबाट प्रसारित भयो । पृथ्वीनारायण शाहले गोरखाबाट थालेको एकीकरण प्रभावकै आधारमा, सोही बहादुरीका आधारमा दुइ महायुद्धमा नेपाली युवाले अरूको मुलुकको सार्वभौमसत्ता जोगाउन लडाइँ लडे । बेलायती साम्राज्यले अनेक मान पदवी दिएर गोर्खा सैनिकलाई हौसला बढायो । त्यसको प्रभाव भने नेपाली अर्थतन्त्रमा गहन र दीर्घकालमा प्रतिकूल पनि देखिएको छ । आत्मनिर्भर अर्थतन्त्रमा बाधक पनि देखिएको छ ।

हुन पनि वीर गोर्खाका नामले विश्वभर नेपालीलाई चिन्छन् । भारत स्वतन्त्र भएपछि बेलायती औपनिवेशिक सरकार मातहत भर्ना भएका नेपाली सेनालाई भारत वा बेलायत रोज्ने मौका दिइयो । त्यस्ता कतिपय सेनाले स्वेच्छाले अवकास पनि पाउन सक्थे, पाए पनि । द्वितीय महायुद्ध लडेका सेनाहरूकै बलमा राणाशाही विरूद्ध आन्दोलन गर्न मुक्ति सेनाको गठन भएको थियो । राणा शासकहरूले विदेशी फौजमा भर्ना हुन पठाएर आखिर आफै शासनसत्ताबाट हट्ने कारण पनि तिनै सैनिक बने । बेलायती साम्राज्य अन्तरगत विश्वभर विचरण गरेका सेनामा प्रजातन्त्र र खुलापनले मात्र मानिसले विकास गर्न सक्छ भन्ने विश्वास र अनुभव थियो ।

लाहुरे हुने क्रमले निरन्तरता पाएको पायै छ । भारत स्वतन्त्र भएपछि बेलायतमा र भारतमा पनि नेपाली युवाले सेनामा काम गर्न थाले । भारतले चाहे भारत-चीन युद्ध(१९६२) होस् वा भारत र पाकिस्तानबीचका पटक

पटकका लडाइँमा भारतीय सेनामा काम गरेका नेपालीलाई अग्रमोर्चामा खटाउँछ । अहिले पनि ६० हजार हाराहारी नेपाली भारतीय सेनामा छन् भने झण्डै चार लाख नेपालीले अर्बौ रूपियाँ विप्रेषणका रूपमा भारत सरकारबाट बुझ्ने गर्छन् । बेलायी सेनामा पनि निरन्तरता छँदैछ भने बेलायती सेनासरह पेन्सन आदि सुविधा मागेका कारण बेलायतमै बस्ने सुविधा दिएर नेपाल आउने ठूलो विप्रेषण अहिले लण्डनकै आय भएको छ । लाहुरे संस्कृतिबाट आरम्भ भएको वैदेशिक रोजगारी गैर सैनिक क्षेत्रमा व्यापक भएको छ । रहरले भन्दा पनि कहर र बाध्यताले ठूलो सङ्ख्यामा नेपाली अहिले वैदेशिक रोजगीमा छन् । अनौपचारिक तथ्यांकले ५० लाख नेपाली अहिले नेपाल बाहिर रहेका छन् । वैदेशिक रोजगारी बिना अर्थतन्त्रको मुहार कल्पना गर्न पनि कठिन भएको छ ।

**६.प्रजातन्त्र पुनःस्थापनापछि तीव्र**

वैदेशिक रोजगारीको चरम रूपमा भने नेपालमा द्वन्द्व आरम्भ भएपछि नै भयो । गैर सैनिक क्षेत्रमा बाहिर गएर रोजगारी गर्ने प्रवृत्ति २०४६ सालको प्रजातन्त्र पुनस्थापनापछि आरम्भ भएको हो तर द्वन्द्वका १० वर्षले नेपालको उत्पादनमूलक क्षेत्र तहसनहस भयो र त्यो अझै उठ्न सकेको छैन । केन्द्रीय तथ्यांक विभागका अनुसार नेपाली श्रम बजारमा वर्सेनि पाँच लाख युवा प्रवेश गर्ने गर्छन् । नेपाली श्रम बजारले एक लाख पनि थप रोजगारी दिने अवस्था छैन । त्यसैले पनि वैदेशिक रोजगारीको विकल्प अझै देखिन सकेको छैन । त्यसो त सरकारले आगामी पाँच वर्षभित्र देशभित्र रोजगारी सिर्जना गर्ने र वैदेशिक रोजगारीको विकल्प खडा गर्ने वचन दिएको छ । चालु आर्थि वर्षको नीति,कार्यक्रम र बजेटमा त्यसको व्यवस्था भए पनि देशभित्रै पर्याप्त रोजगारी सिर्जना हुने सम्भावना भने देखिन सकेको छैन ।

नेपालबाट अध्ययनका लागि भन्दै अमेरिका, अष्ट्रेलिया, जापान र युरोपमा पनि ठूलो सङ्ख्यामा युवाहरु बाहिरिने गरेका छन् । छात्रवृत्ति नपाएका धेरैजसो युवाहरु भने केवल काम गर्नका लागि विद्यार्थी भिषाको माध्यम बनाइरहेका छन् । अध्ययनका लागि पैसा पनि बाहिरिने श्रमशक्ति पनि बाहिरिने दोहोरो क्षतिको अवस्थामा विद्यमान छ । जुनसुकै मुलुकमा नेपाली पुगे पनि धेरैजसो नेपाली सीप र दक्षता न्यून भएका कारण बढी कठिन काम गर्न बाध्य छन् । अध्ययन अनुसार नेपालबाट बाहिर जाने युवाहरूमा ७० प्रतिशत अदक्ष कामदार रहेको छन् भने ३० प्रतिशतमात्र दक्ष कामदार रहेका छन् । तीन प्रतिशत अर्धदक्ष कामदार रहेका छन् । अदक्ष कामदार बाहिर जानु भनेको न्यून पारिश्रमिकमा काम गर्नु हो ।

वैदेशिक रोजगारीमा ठगी, बेइमानी र छलछामको साम्राज्य नै खडा भएको छ । सरकारले निरन्तर प्रयास गरे पछि ठगी र बेइमानीमा कमी आउन सकेको छैन । अदक्ष कामदार वैदेशिक रोजगारीमा गएका कारण नेपाली श्रमिकको असुरक्षा पनि निरन्तर बढ्दो छ । अन्तर्राष्ट्रिय श्रम सङ्गठनका अनुसार नेपाली कामदार विदेशमा मर्ने क्रम पनि ठूलो सङ्ख्या छ ।

सङ्गठनका अनुसार प्रति हजार कामदारमा एक दशमलव आठ प्रतिशत कामदारले वैदेशिक रोजगारीमा ज्यान गुमाउने गरेका छन् । विगत सात वर्ष प्रत्येक दिन औसतमा दुइजनाको शव नेपाल आउने गरेको छ । वैदेशिक रोजार प्रवर्द्धन बोर्डका अनुसार बिगत सात वर्षमा पाँच हजार ८३२ जनाले वैदेशिक रोजगारीका सिलसिलामा ज्यान गुमाएका छन् । त्यसमध्ये १२२ जना महिला रहेका छन् । ज्यान गुमाउनमध्ये पनि ४५ प्रतिशत ह्रदयघातका कारण ज्यान गएको छ भने २५ प्रतिशतको सडक दुर्घटनामा ज्यान गएको छ । स्वास्थ्य जोखिम उच्च रहेको वैदेशिक रोजगारीबाट मुलुकका अर्थतन्त्र र खास गरी सम्वद्ध परिवारको आर्थिक अवस्था सुधारमा महत्वपूर्ण योगदान छ ।

**७. अर्थतन्त्रमा प्रभाव**

नेपालको अर्थतन्त्रमा वैदेशिक रोजगारीको प्रभाव गहनरूपमा पर्न थालको छ । अर्थतन्त्रका सबैजसो आयामहरु वैदेशिक रोजगारीको दबाब र प्रभावबाट मुक्त छैन् । नेपाल राष्ट्र बैंकका अनुसार गत आर्थिक वर्षमा सात खर्ब ५५ अर्ब ६ करोड रूपियाँ बिप्रेषण प्राप्त भएको छ । यो तथ्यांकको आधारमा कूल गार्हस्थ उत्पादनमा वैदेशिक रोजगारीका योगदान २५.६ प्रतिशत रहको छ । अघिल्लो आर्थिक वर्षमा यस्तो योगदान २६.३ प्रतिशत रहेको छ ।

झण्डै तीन दशक अघि कूल गार्हस्थ उत्पादनमा यस्तो योगदान १० प्रतिशतमात्र रहेको थियो । प्रजातन्त्र पुनस्थापनापछिको यो तीन दशक वैदेशिक रोजगारीको आयमा अर्थतन्त्र निर्भर हुँदै गएको देखिन्छ । यो तीन दशकमा कृषिको योगदान भने घट्दै गएको छ । अर्थतन्त्रको सबै भन्दा ठूलो हिंस्सा ओगट्ने कृषिको कुल गार्हस्थ उत्पादन प्रतिशतभन्दा बढीले घटेर ३० प्रतिशतभन्दा तल आइपुगेको छ । कृषि क्षेत्रको योगदान निरन्तर घट्दो क्रममा छ भने कृषि क्षेत्रपछि कूल गार्हस्थ उत्पादनमा दोस्रो बढी योगदान रहेको विप्रेषण आयको योगदान भने निरन्तर बढ्दै गइरहेको छ ।

नेपाल भित्रिने औपचारिक अर्थात् बैंकिङ्ग च्यानलबाट भित्रिएको रकममात्र केन्द्रीय बैंकको हिसाबकिताबमा आउने गर्छ । कूल गार्हस्थ उत्पादनमा पनि सोही लेखा प्रणाली मात्र प्रयोग हुने गर्छ । विदेशबाट हुण्डी वा अन्य कारोबारको नाममा पनि ठूलो रकम मुलुक भित्रने गरेको छ । यसरी हेर्दा नेपाली युवाले विदेश गएर आर्जन गरेको धन औपचारिक लेखा प्रणालीभन्दा अझै बढी रहेको छ ।

निर्यातको तुलनामा अकासिँदो आयातलाई धान्ने वैदेशिक मुद्राको आर्जन पनि विप्रेषण आयबाट सम्भव भइरहेको छ । वैदेशिक रोजगारीबाट प्राप्त आय भने सानो अंशमात्र बचत भई पुनः लगानी भएको छ । अध्ययन अनुसार वैदेशिक रोजगारीबाट प्राप्त आयको महत्वपूर्ण अंश अर्थात् २५ प्रतिशत ऋण चुक्ता गर्नमै ठिक्क हुन्छ । अनौपचारिक क्षेत्रबाट साहुमहाजनसँग चर्को व्याजमा ऋण काँडेर वैदेशिक रोजगारीमा गएकाहरु नै ठूलो संख्यामा रहेका छन् । त्यस्तै १५ प्रतिशत खानपान र बाँकी ५० प्रतिशत जग्गा जमीनमा लगानी भइरहेको हुन्छ । जग्गा जमीनको भाउँ अकासिनुमा वैदेशिक रोजगारी र त्यसबाट प्राप्त आय पनि जिम्मेवार रहेको छ । बाँकी १० प्रतिशतमात्र बचत हुँदै आएको छ भने त्यसबाट पुनः लगानीको अवस्था भने अति नै न्यून छ ।

**८. निष्कर्ष**

उर्बर श्रमशक्ति वैदेशिक रोजगारीमा आर्थिक समृद्धि हासिल गर्नु भने कठिन छ । कुनै पनि मुलुक बाह्य ऋण र विप्रेषणबाट मात्र समृद्धि हासिल गर्न सकेको छैनन् । विप्रेषणले फिलिपिन्सका अर्थतन्त्र नाजुक भयो भने लगानीमा आधारित मलेसिया औद्योगिक राष्ट्रमा पुगेको छ । दक्षिण कोरियाले पनि आरम्भमा वैदेशिक रोजगारीबाट आएका आयलाई लगानीमा रूपान्तरण गरेको थियो । अहिले दक्षिण कोरिया औद्योगिक राष्ट्र बनेको छ ।

नेपालको बिडम्बना भन्नु नै वैदेशिक रोजगारीबाट प्राप्त आय आयातका नाममा फेरि विदेश नै पुगेको छ । घरजग्गामा जस्तो अनुत्पादक क्षेत्रमा लगानी भई जमिन महँगो भएको छ । जमिन महँगो भएको मुलुकमा लगानी आकर्षित हुन कठिन हुन्छ । दलाली धन्दा मात्र फस्टाएको छ । जमिनको धितो कर्जामा ठूलो लगानी भइरहेकोले बैंक तथा वित्तीय क्षेत्रको लगानी पनि जोखिममा जान सक्छ । उत्पादनमूलक लगानी अर्थतन्त्रको मुख्य आधारशीला हो । आय, उत्पादन र रोजगारी अभिवृद्धि हुने खालका नीति, योजना र कार्यक्रममा प्रभावी नहुँदासम्म समृद्धि सपनामात्र हुन सक्छ । बाह्य रोजगारीले अझै अर्थतन्त्र फस्टाएको छ । नेपालीको सस्तो श्रम उतै उपयोग भएको छ । आय पनि विदेशकै मालवस्तु किन्न ठिक्क भएको छ । यो अवस्थालाई गम्भीर अध्ययन गरी तत्कालीन, मध्यकालीन र दीर्घकालीन नीति र योजना बनाएर काम गर्नु बाञ्छनीय छ । नविन प्रयासबिना अहिलेकै प्रवृत्तिमा आर्थिक समृद्धि असाध्य दुरुह देखिन्छ । ●●

*(लेखक गोरखापत्रपत्र दैनिकका प्रमुख समाचारदाता हुनुहुन्छ ।)*

# ग्राहक संरक्षण तथा वित्तीय साक्षरता आजको आवश्यकता

■ खेटराज दाहाल

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त 'क' वर्गका बैंक तथा वित्तीय संस्थाहरूले आफ्नो संस्थाले प्रदान गर्ने सेवा तथा सुविधाका बारे सर्वसाधारणलाई सुसूचित पार्नुपर्ने र त्यस्ता सेवा तथा सुविधा वापत लिइने शुल्कहरू समेत पारदर्शी हुने गरी वित्तीय साक्षरता सम्बन्धि ज्ञान अभिवृद्धि गर्न आवश्यक देखिएको हुँदा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंकले वित्तीय ग्राहक संरक्षण तथा वित्तीय साक्षरता सम्बन्धी निर्देशन जारी गरेको छ । इजाजतपत्रप्राप्त संस्थाहरूले आफ्ना ग्राहकहरूलाई प्रदान गर्ने सेवा शर्तसंग सम्बन्धित सबै प्रकारका विवरण नागरिक वडापत्रको माध्यमबाट सार्वजनिक रूपमा जानकारी गराउनुपर्नेछ । यस्ता वित्तीय सेवा तथा सुविधा सो सँग सम्बन्धित शुल्क, कमिशन, व्याजदर, जरिवाना, हर्जाना एवं शर्तहरू समावेश गरेको हुनु पर्नेछ । आफूले प्रदान गर्ने वित्तीय सेवा, सबै प्रकारका खाता एवं कर्जा र वित्तीय उपकरण सम्बन्धी जानकारीको संक्षिप्त विवरण नागरिक वडापत्रको रूपमा तयार गरी संस्थाले प्रदान गर्ने सेवाहरूका बारेमा प्रष्टसँग खुल्ने गरी सरल एवं स्पष्ट भाषामा लेखी आफ्ना कार्यालयहरूमा ग्राहक एवं सर्वसाधारणले देख्ने स्थानमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

ग्राहकलाई प्रदान गरिने वित्तीय सेवामा लाग्ने शुल्क, बैंकिङ्ग कारोवारका लागि निर्धारित प्रक्रिया, खाता बन्द गर्दा अवलम्बन गरिने प्रक्रिया, व्याजदर, अग्रिम भुक्तानी शुल्क,कर्जाग्राही ग्राहकले समयमा कर्जा भुक्तानी नगर्दा बैंकले गर्ने कारवाही, विलम्ब शुल्क, जरिवाना तथा हर्जाना विभिन्न प्रकारका विद्युतीय कार्ड सम्बन्धी सेवा,बैंकिङ्ग कारोवारमा हुन सक्ने सजाय तथा जरिवाना र ग्राहकले अवलम्बन गर्नुपर्ने सतर्कता सम्बन्धी व्यवस्था समेत खुलाई राख्नु पर्ने छ । साथै ग्राहकले आफ्नो कारोवार सम्बन्धी जानकारी निःशुल्क रूपमा लिन सक्ने व्यवस्था गरी कारोवारमा प्रयोग हुने कागजातहरू नेपाली भाषामा उपलब्ध गराउनु पर्नेछ । नागरिक वडापत्रमा सर्वसाधारणमा भ्रम सिर्जना हुन सक्ने कुनै प्रकारको सामग्री राख्नु हुँदैन । ज्येष्ठ नागरिक, फरक ढंगले सक्षम र साक्षर नभएका व्यक्तिलाई विशेष प्राथमिकता दिई विशेष काउण्टर तोकी सहज रूपले बैंकिङ्ग सेवा तथा सुविधा उपलब्ध गराउनु पर्दछ । फरक ढंगले सक्षम ब्यक्तिसंग आपसमा समन्वय गरी सम्भव भएसम्म सरल हुने किसिमको एटिएम सेवा प्रदान गर्ने व्यवस्था मिलाउनु पर्नेछ । वित्तीय सेवामा लाग्ने शुल्क, ब्याजदर र शर्तहरू परिवर्तन हुँदा संस्थाले सम्बन्धित ग्राहकलाई जानकारी गराउनु पर्नेछ ।

खाता सञ्चालन तथा बन्द गर्दा चेक जारी गर्दा, खाता खोलेको ६ महिना पछि खाता बन्द गर्दा, स्टेटमेन्ट दिंदा वा प्राकृतिक ब्यक्तिलाई रू. दुई लाखसम्मको एबीबीएस सेवा प्रदान गर्दा, ग्राहकको निष्क्रिय खाता सक्रिय गराउँदा समेत कुनै किसिमको सेवा शुल्क लिनुहुँदैन तर ग्राहकले कुनै एक अवधिको स्टेटमेन्ट एक पटक भन्दा बढी माग गरेको अवस्थामा त्यस्तो शुल्क लिन सकिने छ । खाताको रकम न्यूनतम मौज्दात भन्दा कम भएका कारणले रकम कट्टा गरी मौज्दात घटाउन र विद्युतीय कार्डहरू जारी गर्दा लाग्ने शुल्क बाहेक कार्डको अवधि समाप्त नहुञ्जेलसम्म नवीकरण शुल्क लिन पाइने छैन । कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले आफनो कारोवारको क्रममा प्राप्त चेकहरू आफनो खातामा जम्मा गर्दा त्यस्तो चेक खिच्ने व्यक्ति, फर्म, कम्पनी वा संस्थाको खातामा मौज्दात अपर्याप्त भई रकम जम्मा हुन नसकेको अवस्थामा चेक प्रस्तुत गर्ने ग्राहकको खाताबाट कुनै पनि शुल्क वा

रकम नलिई आफ्ना ग्राहकहरूको संरक्षण गर्नु पर्दछ ।

विगत वर्षदेखि नेपाल सरकारको बजेट बक्तब्यमा उल्लेख "एक घर एक खाता" अभियानलाई प्रभावकारी रूपमा सञ्चालन गर्न हरेक बैंक तथा वित्तीय संस्थाले वित्तीय साक्षरता सम्बन्धी कार्यक्रम सञ्चालन गर्नु आवश्यक रहेको छ । कृषि विकास बैंकले देश भरिनै आफ्नो बृहत कार्यसञ्जालको माध्यमबाट वित्तीय सेवा प्रदान गर्दै आएको भएता पनि ग्रामीण क्षेत्रमा अभै सेवा बिस्तार गर्नु जरूरी छ किनकि ग्रामीण भेगको समाजका पिछडिएका कमजोर र न्यून आयवर्ग बिशेषका ब्यक्तिहरू अभैपनि औपचारिक वित्तीय सेवामा सरिक हुन सकेका छैनन् । जस्ले गर्दा अनौपचारिक वित्तीय कारोबारलाई संस्थागत बैंकिङ्ग मध्यस्थाताले द्रुत गतिमा प्रतिस्थापन गर्न सकिरहेको छैन । यसै कारण कृषि विकास बैंक लि.ले वित्तीय साक्षरताको आवश्यकता र महत्वलाई दृष्टिगत गरी वित्तीय चेतना अभिबृद्धिलाई आफ्नो नीति तथा कार्यक्रममा उच्च प्राथमिकता दिंदै एक कार्यालय एक वित्तीय साक्षरता कार्यक्रमलाई वार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्दै बजेट तथा कार्यक्रम तर्जुमाका आधारभूत सिद्धान्तहरू निम्न अनुसार तयार गरेको छ ।

- विस्तारित एवं सघन बैंकिङ्ग सेवा
- दिगो बैंकिङ्ग सेवा
- नियमन परिपालनसहितको बैंकिङ्ग सेवा
- सामाजिक अभिमुखीकरणसहितको बैंकिङ्ग सेवा

बैंकिङ्ग क्रियाकलापको विकास एवं विस्तारको लागि वित्तीय मध्यस्थता सहित अनौपचारिक वित्तीय कारोबारमा रहेका ग्रामीण जनतालाई बैंकिङ्ग कारोबारमा अभ्यस्त गराउन प्रत्येक कार्यालय एवं क्षेत्रीय कार्यालयबाट न्यूनतम एक कार्यालय एक वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्न आवश्यक महशुस गरिएको छ । वित्तीय साक्षरतालाई वित्तीय चेतना तथा वित्तीय शिक्षा जस्ता नामले पनि बुझ्न सकिन्छ । यसले पैसाको महत्व बुझ्न र त्यसको उचित व्यवस्थापन गर्ने शिक्षा प्रदान गर्दछ । पैसाको सदुपयोगबाट आर्थिक तथा सामाजिक सुरक्षा हासिल गर्ने, सीमित साधनको अधिकतम उपयोग गरी असीमित आवश्यकताहरूलाई प्राथमिकताको आधारमा पूरा गर्न व्यबस्थित बजेट बनाउने तथा सीमित साधनको उच्चतम सदुपयोग गर्ने कला, सिप र ज्ञान प्रदान गर्दछ । वित्तीय साक्षरता कार्यक्रमले सेवाग्राही तथा आम जनसमुदायलाई बैंकिङ्ग सेवाहरू र गतिविधिहरूका बारेमा जानकारी गराई जनचेतनामा अभिबृद्धि गरी सुसूचित गराउने काम गर्दछ । यसले बैंकिङ्ग सेवामा पहुँच नपुगेका सेवाग्राहीहरूलाई आफ्नो आवश्यकता बमोजिमको बैंकिङ्ग सेवा/सुविधाहरूको बारेमा जानकारी गराई ती सेवाहरूबाट फाइदा लिन प्रेरित गर्दछ । वित्तीय साक्षरताले नागरिकहरूमा बैंकको पहुँच वृद्धि गराउदै बैंकिङ्ग कारोबार गर्न सहज बनाई बैंकिङ्ग कारोवारमा समाहित गराउने उद्देश्य रहेको छ । बैंकिङ्ग प्रणालीबाट कारोबार गर्दा साहु महाजन तथा अनौपचारिक क्षेत्रबाट हुने वित्तीय कारोबारको ठगीहरूबाट बचाउनुका साथै बैंकिङ्ग कारोबार गर्ने क्षमताको समेत विकास गराउँछ । बैंकिङ्ग सेवाको विश्वसनीयतालाई दिगो र भरपर्दो बनाउन समेत मद्दत गर्दछ । वित्तीय साक्षरताले बैंकिङ्ग ज्ञान तथा वित्तीय साक्षरताको अभावका कारण बैंकिङ्ग सेवा लिनबाट बन्चित समुदायहरूलाई सेवा लिने अवसर प्रदान गर्दछ । वित्तीय संस्थाहरूबाट प्रदान गरीने औपचारिक वित्तीय सेवाहरूमा आम समुदायको पहुँच पुऱ्याउनुनै वित्तीय साक्षरताको प्रमुख कार्य हो । यो व्यवसाय गर्दा हुन सक्ने जोखिमको न्यूनीकरण गर्ने साधन/माध्यम (बीमा/सुरक्षण, नीतिगत कानुनी व्यवस्था) आदिका बारे समग्रमा जानकारी गराउने माध्यम हो ।

वित्तीय साक्षरताको माध्यमबाट वित्तीय तथा बैंकिङ्ग सेवाको पहुँचमा नपुगेका ब्यक्तिहरूमा भएको सीमित साधन र स्रोतको अधिकतम उपयोगबारे जानकारी दिने,सानो सानो बचतका लागि प्रेरित गर्ने आयमुलक क्षेत्रमा लगानीका लागि ज्ञान र शिप प्रदान गर्नु नै वित्तीय साक्षरताको लक्ष्य हो । ग्रामीण तथा गरीब आम जनताहरूले वित्तीय ज्ञान र सिपको माध्यमबाट नै आफूलाई रूपान्तरण गर्न सक्दछन् । वित्तीय साक्षरता अन्तर्गत वित्तीय ज्ञान र वित्तीय सिपलाई समावेश गर्न सकिन्छ । वित्तीय चेतना गरिबबाट मुक्ति दिलाउन मात्र आवश्यक छ भन्ने बुझ्नु हुँदैन । यो शिक्षा समाजका हरेक व्यक्तिलाई आवश्यक छ । उचित वित्तीय शिक्षाले मात्र उद्यम व्यबसायका सम्भावित जोखिमबाट बच्च वा जोखिमलाई न्यूनीकरण गर्न सम्भव हुन्छ । वित्तीय ज्ञानले वित्तीय विषयवस्तुका विचारहरू, सचेतना, सूचना र जागरूकता प्रदान गर्दछ । जस्तै : कर्जा, बचत, खर्च, लागत, नाफा तथा नोक्सान आदीका बारेमा गरिने हिसाब किताबहरू । वित्तीय मामिलामा निर्णय गर्न सक्ने क्षमता वा कला वित्तीय साक्षरताको माध्यमबाट विकास हुन्छ । वित्तीय साक्षरता कार्यक्रमको माध्यमबाट आम नागरिकहरूलाई बैंकका बस्तु तथा सेवाको बारेमा जानकारी प्रदान गरी बैंकिङ्ग कारोबारको विश्वसनीयता अभिवृद्धि गर्दै संस्थाको छबी उच्च बनाउनुका साथै ग्राहकको बैंकिङ्ग कारोबारको पहुँचमा अभिबृद्धि गराउनु पर्दछ । कर्जा, बचत, विप्रेषण लगायतका बैंकिङ्ग सेवा

सुविधाहरूमा पहुँच नपुगेका समुदायहरूलाई कारोबारका माध्यमबाट बैंकसँग जोड्न सकेको खण्डमा यसबाट उपलब्धि हासिल गर्न सकिन्छ । यो कार्यक्रम जुनसुकै वर्ग र समुदायमा लैजानु र त्यसबाट संस्थागत उपलब्धि हासिल गर्नु आजको आवश्यकता रहेको छ । चेतनाको स्तर केही हदसम्म न्युन भएका वर्ग वा समुदाय जुनसुकै वर्गलाई पनि यो कार्यक्रम लक्षित गर्न सकिन्छ । मुलत : यसको प्रभावकारिता भनेको वित्तीय पहुँच कमी भएको क्षेत्र र समुदायमा वित्तीय साक्षरता कार्यक्रम लैजान सकिन्छ । स्कूल / उच्च मा.वि./कलेजका विधार्थीहरू तथा शिक्षकहरू, स्थानीय स्तरमा रहेका क्लबका सदस्यहरू, महिला समूहहरू, ज्येष्ठ नागरिकहरू संगठित संस्थाहरू साथै स्थानीयतहका पदाधिकारीहरूलाई समेत समावेश गर्न सकिन्छ । वित्तीय साक्षरता कार्यक्रममा बैंकका बस्तु तथा सेवाहरूको बारेमा जानकारी दिने, बैंकसंगको आबद्धता यसबाट भविष्यमा हुन सक्ने फाइदा, जोखिम न्यूनीकरण र सुरक्षा जस्ता विषयमा जानकारी गराउनु पर्दछ । कारोबारमा लाग्ने विभिन्न शुल्क प्रक्रिया आवश्यक कागजात, ग्राहकमा हुनुपर्ने योग्यता, बैंकिङ्ग कारोबार गर्दा अपनाउनुपर्ने सावधानीहरू, बैंकका बस्तु तथा सेवाहरूको तुलनात्मक लाभ, बैंकका गतिविधि उत्कृष्ट परियोजना, ग्राहकका सफलताको कथा बैंकिङ्ग सेवा बारे सैद्धान्तिक जानकारी दिंदा विभिन्न उदाहरणहरू एंव सन्दर्भ उल्लेख गर्ने आदि यस्तो कार्यक्रममा समावेश हुन सक्ने विषयहरू पर्दछन् । लक्षित वर्गले जिज्ञासा राखेमा बैंकका गतिविधिहरूको बारेमा जानकारी गराउन सकिन्छ ।

कृषि क्षेत्रमा वित्तीय सेवा प्रवाह गर्ने मुख्य उद्देश्य सहित स्थापित बैंकले परिवर्तित बैंकिङ्ग प्रतिस्पर्धामा सवल र सक्षम बैंकको रूपमा प्रस्तुत हुँदै आफ्नो कार्यक्रम बिस्तार गरी देशको ग्रामीण दूरदराजसम्म सेवा बिस्तार गर्नु आजको आवश्यकता रहेको छ । यसै सन्दर्भमा बृहत कार्य सञ्जाललाई ब्यावसायीकरण र गरिबी निवारण कार्यको लागी योगदान दिदै आफुसंग भएका ग्राहकको हित संरक्षण गर्नु पनि बैंकको दायित्व हुनेछ । देश संघीय संरचनामा गइसकेको सन्दर्भमा आम जनताको संवृद्धिका लागि स्थानीय तहमा समेत बैंकिङ्ग प्रतिस्पर्धात्मक स्थिति सृजना भएको हुँदा सो अबस्थाको मुल्यांकन गर्दै आफु र आफ्नो संस्थामा रहेका ग्राहकको संरक्षण गर्नु अत्यन्तै जरूरी रहेको देखिन्छ । नया ग्राहक ल्याउने सोचको अलावा पुराना ग्राहकलाई आधुनिक प्रविधिमैत्री सुविधा दिई उनीहरूको संरक्षण गर्नु समेत बैंकको दायित्व रहेको छ । आजको सन्दर्भमा ग्रामीण दुरदराजसम्म वित्तीय पहुँच पुग्न सकिरहेको छैन् । वित्तीय पहुँच पुर्‍याउन बैंक सक्षम रहँदारहँदै पनि विविध कारणले हामी निम्न, विपन्न, सीमान्तकृत वर्गका जनता सम्म पुग्न सकिरहेका छैनौं । त्यसैले गाउनै गाउले भरिएको हाम्रो देशको कुना कन्दरामा आफ्नो शाखा बिस्तार गरी थप वित्तीय स्रोत र साधनको सन्तुलित वित्तीय पहुँच पुर्‍याउन सक्नु पर्दछ । यसरी दूरदराजसम्म पुग्न आफ्नो सवल वित्तीय स्थिति कायम गर्दै संस्थागत सुशासन एंव उच्च कार्य दक्षता मार्फत उत्पादनशील क्षेत्रमा कार्य सञ्जाल अझै बिस्तार गरी त्यस भेगका जनतालाई वित्तीय पहुंचभित्र ल्याउनको लागि नै वित्तीय साक्षरताको आवश्यकता देखिन्छ । संस्थाको बृहत्तर कार्य सञ्जाल हुँदाहुँदै पनि स-साना निक्षेप कर्तासम्म विज्ञापनका माध्यमहरू जस्तै रेडियो तथा टेलिभिजनको पहुँच पुगेको हुँदैन । ग्रामीण अर्थतन्त्रको विकास, रोजगारी सृजना ग्रामीण क्षेत्रका विपन्न एंव सीमान्तकृत वर्गमा वित्तीय सेवाको पहुँच पुर्‍याई सो क्षेत्रका नागरिकको विश्वास जिती उनीहरूको वित्तीय पहुंच अनौपचारिक क्षेत्रबाट बैंकिङ्ग क्षेत्रमा समाहित गर्नका लागि नै वित्तीय साक्षरताको आवश्यकता रहेको महसुस गर्न सकिन्छ । ●●

*(लेखक कृषि विकास बैंक लि.मा शाखा अधिकृत हुनुहुन्छ ।)*

# Implementation of Fiscal Federalism in Nepal: Issues and Challenges

■ Janak R Shah

The constitution of Nepal 2015 has formally adopted the globally accepted principles of fiscal federalism. Now, the country is on the process of implementation of fiscal federalism by sharing powers between the central government, provincial and local governments. Fiscal federalism is concerned with the division and sharing of public sector powers and responsibilities among different tiers of governments with proper alignment of fiscal instruments among these governments.

In Nepalese case, as provisioned in the constitution, the central government is assigned to collect revenues from various sources like customs duty, Value Added Tax (VAT), excise duty, corporate income tax, and personal income tax which comprise around 80 per cent of the total tax revenue. Likewise, the major sources of revenue for province and local level governments are entertainment tax, advertisement tax and registration charge for land and house simultaneously whereas property tax, land revenue, vehicle tax, business tax and house rent tax come under the jurisdiction of the local level. Similarly, all three levels of government can collect certain service charges and fines and penalties concurrently.

As provisioned in Article 228 of the constitution, the local government is empowered with the authority to impose tax for generating income and has access to loans from fiscal institution prescribed by the law. There is also a provision of Local Consolidated Fund in every Village Council and Municipality in which revenues received from various sources, grants and loans received from the federal government and province government shall be deposited.

Thus, fiscal federalism deals with the fiscal powers and responsibilities like expenditure, tax and revenue assignment, inter-governmental fiscal transfers and sub-nationals government borrowing that are shared among central, state and local governments.

However, the most critical issue is the management of equitable distribution resources from the federal government. As per constitutional provisions (Article 60) the Government of Nepal shall make necessary arrangements to equitably distribute the revenue generated by it from its sources, transparency in distribution of fiscal equalization grants to province and local level entity on the basis of their expenditure need, their capacity in generating revenue and the efforts made by them.

It is apparent that Nepalese economy is highly dependent on indirect taxes, international trade

taxes, external grants and persistent fiscal deficits. In this regard, it is a very challenging issue to devolve the concentration of fiscal decision-making power from the federal government to province and local governments. Thus, allocation and distribution of adequate financial resources to every level of government in federal structure would be considered as major challenges.

There are some other controversial issues also, which yet to be discussed and agreed among. The sharing of revenues generated from hydropower would be a tough controversial issue in Nepal. Hydropower resources are highly concentrated in a small number of hill and mountain areas of the country and uneven distribution of availability in respect of the provincial geographical territory. It may create conflict if the revenues generated from hydropower will not be shared by wide discussion and after national consensus. The modality of sharing royalties and profits of hydroelectricity and charging taxes needs to be developed. In universal practice, the royalties of hydroelectricity is generally shared by the sub-national governments and local level and profits and taxes of hydropower go to the federal government.

Therefore, all three major aspects such as tax point transfers, grant equalization and distribution of natural resources among the provinces-involve larger number of difficult issues which need to be resolved wisely with wider level of acceptance from the stakeholders.

Furthermore, Nepal is a country having some chronic issues of poor governance and there is difference in understanding about fiscal federalism even at the top running of political leadership. This would make the country to be making emotional than natural jump to real sense of fiscal federal structure. At the same time, in the juncture of new fiscal scenario, the administrative machinery that is geared toward running a unitary government will need considerable and revolutionary restructuring. In particular, new capacities are required for provincial-level administration. Some new institutions such as the National Natural Resources and Financial Commission at central level, provincial level accounting and auditing, and additional mechanisms for data collection and compilation are required for the execution of fiscal federalism.

The new fiscal system in Nepal should also take into account the changing face of modern economies characterized by socialist orientation (as per new constitution), localization, globalization, liberalization, widespread use of information technology, a significant role of market and private sector, and the cooperative sector, and the remarkable growth of the service sector. At the same time the new governance structure should be conducive to boost up the steady and slow growth of the Nepalese economy by harnessing the massive hydropower potential, tourism development, forest resources, agricultural potential, infrastructure development, etc.

In execution of fiscal federalism, resource conflict is a natural phenomenon. However, it can be minimized if the political leadership at every level is able to manage the situation and the people's sentiments. The central government will have to play an important role in taking adequate responsibility in the management and use of natural resources, on the one hand, and in setting up appropriate dispute resolving mechanisms, on the other.

Local governments have a weak revenue base relative to their expenditure responsibilities. Therefore, the local governments highly depend on transfers from the centre so that the provinces have the fiscal capacity to provide reasonably comparable levels of public services at reasonably comparable levels of taxation. Therefore, Allocation of means and resources of the country should be done on the basis of equal

justice theory of the states, fair and transparent through autonomous and professional agencies.

Thus, federalism is system of governance, with fiscal federalism as its key component, which provides a new fiscal framework for the country. Within this framework, government at different level work toward providing a more equitable and efficient supply of public goods and services such as judiciary, administration, education and health, etc. The vehicles of execution of fiscal federalism are the fiscal institutions which are non-partisan public bodies, other than central bank and the government or parliament. They distribute or share the intergovernmental grant to central, state or local level government rationally either by vertical or horizontal way.

Up to now, on the course of execution of fiscal federalism, in Nepal, there are many issues and challenges still to address towards executing fiscal federalism and federalizing arrangements. These are fiscal equalization, administrative and executive capacity, lack of technical knowledge and technical overheads, treatment of natural resources and issue of sustainability, lack of facilitating infrastructure, intergovernmental fund transfer mechanism, etc. ●●

*-Former Member National Planning Commission*

*-Former Chief Executive Officer and Member, Board Director, ADBL*

# Natural Resources and Financial Revenue Sharing in Nepal: Current Issues and Policy Implications

■ Dr. Chandra Bahadur Adhikari

Regime for resource revenue allocating to sub-national governments differs from country to country depending on the socio-politico-economic conditions of the country. The increase in federal governance model and their substantial impacts on the quality of public spending demands for a well-thought-out study for designing and implementing a resource revenue allocating system. In many countries across the globe, natural resource revenue sharing leads to wasteful public spending, exacerbation of regional inequalities, or even escalation of violence. There is no one-size-fits-all explanation for resolving these problems.

Nepal recently embraced federal setup. The government of Nepal, by dissolving centralized governance structure, replaced with 753 local and 7 province governments, with the aim of empowering these governments. The NNRFC is given full responsibility for allocating the natural resource and government revenue between the federal, province, and local governments. This paper reviews and analyzes international experiences and practices with regard to resource revenue sharing system across the globe and explores a scientific resource revenue sharing system from among various alternative options. Based on the analysis, this paper recommends important policy provisions for designing and implementing an efficient, fair, and stable resource revenue sharing system for Nepal.

**Key Words:** Federal-governance, Natural-Resource, Revenue-sharing, Nepal

## 1. Introduction

In this modern era, almost all countries around the globe comprise at least two levels of government-central and local. Some countries also contain a third level of government. The distribution of powers between these levels is an important aspect of the constitutional organization. Riker (1964: p. 11) spells out that a constitution is federal "if (i) two levels of government rule the same land and people, (ii) each level has at least one area of action in which it is autonomous, and (iii) there is some guarantee of the autonomy of each government in its own sphere." This notion refers to the constitutional features of a political entity, not necessarily its administrative or fiscal arrangements. In contrast, a polity unitary means that constitutional power vested in the central government. The fundamental distinction between unitary and federal system is that power delegated from national to subnational bodies in a unitary polity may be retrieved at any time while in a federal system political power of subnational government is inherent rather than delegated. In a federal system, regional authorities enjoy constitutional status without any hitch. So, the term 'federalism' is generally used to describe a system of the government in which sovereignty is divided between a central governing authority and constituent political units.

Majority of countries across the globe depend heavily on natural resources to meet their development objectives. Natural resources are the important components for economic transformation. It is well documented that the deployment of natural sources in general and non-renewable natural sources in particular have considerable impacts on our environment because these resources run out or are not replenished easily. Every citizen should have the right to live in a healthy and clean environment. So, the world needs to work together to preserve natural resources and find appropriate solutions to leave behind a fit for human habitation planet for our future generations. In this regard, different countries across the globe are creating special systems for utilizing natural resources and at the same time allocating revenues generated from the utilization of these natural resources to subnational governments[1]. These systems vary from country to country depending on the socio-politico-economic conditions of their own.

Obviously, the regions from where natural resources are extracted demand for more benefits. Thus, in some countries, revenue sharing regimes have been employed as a way to address local claims over resource ownership (Bauer et el., 2016). In others, revenue sharing is considered as compensation for environmental degradation and other negative effects of extraction. In others still, the distribution of resource revenues has been operated to resolve violent resource-related conflicts.

The increase of sub-national system of governance across the globe in recent years and their significant impact on the quality of public spending calls for an in-depth assessment of their design and implementation. This is because in many countries around the world, systems of natural resource revenue sharing were confronted with inefficient public spending, increase in regional inequalities and even escalation of violence (Patrick, 2012). Poverty, disparity, and deprivation are repeatedly found in those economies with the abundant natural resource endowments. The abundant resources have time and again brought autocracy, unhappiness, and anxiety to these nations, rather than contributing to liberty, development and social harmony.

Nepal is currently undergoing a transition in terms of broader political, economic, and social development. After the promulgation of the new Constitution in 2015, Nepal witnessed a crucial political move from a unitary governance system into a federal setup. Given these circumstances, designing a scientific natural resource and fiscal revenue sharing is therefore, likely to be a central issue in discussions over the country's future. A vast literature exists on how to manage natural resources but which models are most efficient with regard to natural resource revenue sharing in different contexts and conditions has received much less consideration. Against this background, the principal aim of this paper is to explore a scientific resource revenue sharing system and suggest policy implications for designing and implementing efficient, fair and stable system in Nepal based on the review and analysis of international experiences and practices. It is hoped that this paper will help policymakers, negotiators, academics and public finance, resource governance and conflict experts to establish a revenue sharing regime that achieves sustainable development in Nepal and other countries around the world with similar context and conditions.

This paper proceeds as follows. Section 2 provides characteristics of natural resources followed by government motivation in Section 3. Section 4 reviews of international practice while revenue sharing regime in Nepal is discussed in Section 5. Section 6 recommends provisions for efficient and stable resources revenue sharing system. The last section (Section 7) consists of conclusions and policy recommendations. A list of references is given at the end of the paper.

1 In this paper the terms subnational government, region, state, and territory are used interchangeably.

## 2. Characteristics of Natural Resources

Natural resources are location-specific and immobile (Boadway and Shah, 2008).Taxing on natural resource is regarded as the public sector share of the rents generated from resources. Although special taxes could be imposed on other sectors, the argument is strongest for resource industries since these are the entities where economic rents are most likely to reside (Boadway and Flatters, 1993). Natural resources are distributed unevenly between regions (Shah, 1994). Consequently, resource revenues show significant regional inequality for almost all countries across the planet.[2]

Non-renewable natural resources will be depleted in course of time. Their extraction often damages the local and regional environment. Regional entitlement to resource revenues may include compensation for the negative externalities from resource exploitation (Shah, 1994). The negative externalities not only come from the degrading of the environment from resource exploitation, but may also include the cost of economic adjustment when resources are exhausted. Resource revenues are volatile across time. Specifically, natural resources are typically traded on international markets, and resource prices fluctuate widely. This situation generates price uncertainties and volatile revenues (Boadway and Shah 2008).

The literature suggests that revenues from natural resource exploitation should generally flow to the national budget rather than sub-national budget. National government budgets are seen to be less volatile resource revenues than those of sub-national governments. If the national government plays the role of resources revenue redistribution between regions, it ensures horizontal equity and minimizes distortions from fiscal capacity differences. Thus, central government is assigned responsibility for natural resources revenue distribution in many countries, including India, Indonesia, Russia, China, Brazil, and Nigeria (Bahl, 2004).

## 3. Government Motivation

As stated earlier, many countries across the globe are creating special regimes for allocating non-renewable natural resource revenues to sub-national governments but there is no consistency about the government motivations for establishing these regimes (Bahl, 2004; Boadway and Shah, 2008). In some countries, revenue sharing systems have been used as a way to address local claims over resource ownership and demands for more benefits from resource extraction. In other countries, they are viewed as compensation for environmental degradation and other negative effects of extraction. In some cases, the distribution of resource revenues has been employed to help defuse violent resource-related conflicts. The rising concern of these sub-national systems in recent years and their considerable impacts on the quality of public spending by resource rich sub-national governments calls for an in-depth examination of their design and implementation.

The literature substantiates that in several countries natural resource revenue sharing led to wasteful public spending, exacerbation of regional inequalities, or even escalation of violence (Boadway and Flatters, 1993). Fiscal federalism is a system where certain functions and instruments of the national government are decentralized to sub-national bodies. Sub-national governments generally receive public funds through a combination of direct tax collected and transfers from the national government. In most countries, non-renewable natural resource revenues are allocated no differently than other revenues. However, in more than 30 resource-rich countries across the globe, distribution of non-renewable natural resource revenues is governed by a set of rules

2 For example, in Indonesia, fiscal capacity among the regions varies widely and much of this variation results from uneven receipt of resource revenues (Hofman and Kai Kaiser, 2002). In Russia, natural resource endowments vary greatly across regions, and resource-poor regions would be hard pressed to fund their mandated expenditures without federal sharing of resource revenues (Bosquet, 2002).

that are different from those governing allocation of general revenues (Bauer et al., 2016). In these countries, the national government collects revenues from natural resources and transfers back to their area of origin.[3]

Sub-national governments of some resource-rich countries are heavily dependent on these kinds of transfers. For instance, in Nigeria and Peru, more than 80% of the budgets of some sub-national governments come from the central government as resource revenue transfers (Bahl, 2004). Some national governments transfer natural resource revenues to sub-national governments using an indicator-based formula based on a set of objective indicators. These indicators include population, revenue generation, poverty level, and geographical characteristics, irrespective of where the natural resources are extracted. Ecuador, Mongolia, Mexico and Uganda are examples of countries that use indicator-based resource revenue sharing formulas.

In another set of countries including Argentina, Australia, Canada, China, India, the United Arab Emirates and the United States, sub-national governments collect substantial revenues directly from natural resource companies as a direct tax, which constitutes a significant fraction of local budgets. For instance, more than 25% of all fiscal revenues were collected in Alberta, Canada from direct petroleum taxation during 2012-2014. In the US, direct tax collection from the oil segment contributed 72% of total fiscal revenues in Alaska, 54% in North Dakota, and 39% in Wyoming in 2014 (Brosio, 2003).

Resource revenue sharing systems can have a tremendous effect to raise standards of living by reducing poverty in resource-rich regions. The system also provides additional financing for resource-poor regions and reimburses affected areas for the social and ecological impacts of utilization and exhaustion of natural resources. In Newfoundland province of Canada, economic prosperity was restored in the mid-2000safter years of recession following the collapse of the fisheries as a large share of the revenues generated from offshore oil. It was done mainly as a result of an accord that guaranteed the province.

The US state of California levies a volume-based fee on oil and natural gas (Brosio, 2006). This fee is transferred to the Department of Conservation as an ecological recompense. Resource revenue sharing can respond to local groups' special claims on natural resources. It also contributes to lasting peace in areas suffering from resource-related aggression. In some countries including Argentina, Colombia, Malaysia and South Sudan, local rights to a share of resource revenues have been codified in constitutions or legislation to maintain peace and order in the country. In Aceh and West Papua regions of Indonesia, special resource revenue sharing agreements helped in ending years of violent conflict.

## 4. Review of International Practices

Natural resource revenue sharing has been defined in many different, sometimes contradictory, ways. It is usually treated as the subset of natural resource revenue management or fiscal decentralization. Nevertheless, it can be defined as an arrangement through which government revenue from extractive activities is shared with sub-national government (Bauer, 2014). The main reasons for natural resource sharing in most countries lie in the political economy dominance (Qiao and Shah, 2008). Inhabitants by and large expect to obtain a share of the revenue that is generated in their territories. Indeed, centrifugal forces are generated when natural resource rich regions lag behind others as in the case of Southern Sudan and Biafra.

---

3. Angola, Bolivia, Brazil, Cameroon, Canada (some regions), Chad, China, Colombia, the Democratic Republic of the Congo (DRC), Ecuador, Ethiopia, Ghana, Guinea, India, Indonesia, Iraq, Italy, Kyrgyzstan, Madagascar, Malaysia, Mexico, Mongolia, Niger, Nigeria, Papua New Guinea, Peru, the Philippines, South Sudan, Uganda, the United States (some regions) and Venezuela each have a derivation based intergovernmental transfer system for all or part of their natural resource revenues.

Countries across the globe can benefit considerably from their accessible natural resources. However, there are many resource-rich countries across the globe that accounts for disappointing growth results (Sachs and Warner, 2000). The presence of natural resources obviously increases the probability of civil conflict if not managed properly (Collier and Hoeffler, 2004). Key governance issues are mainly related to the geographical allocation of resources and the arrangements around resource revenues. This is of particular relevance in federal counties like Nepal, where sharing rules between tiers of governments exists.

